एकीकृत साक्षेस सञ्जालको लागि साझा प्रविधि

नेफ्स्कून स्मारिका

२०७८-२०८४



को अवसरमा प्रकाशित

नेफ्स्कून स्मारिका

२०४५-२०८०

गौरवपूर्ण इतिहास र संघको बढ्दो कार्यभार

सम्पादकीय

आज भन्दा ठीक पैंतीस वर्ष अगाडि नेपालमा समुदायमा आधारित सहकारी अभ्यास थिएन । सहकारी ऐन, २०१६ कोमामा परेको थियो भने साझा संस्था ऐन, २०४१ को आधारमा राज्य नियन्त्रित साझा सहकारीहरु सञ्चालनमा थिए । आर्थिक वितरण प्रणालीमा असमानता र वर्गीय विभेद बढ्दो थियो । त्यहि समय विभिन्न मन्त्रालयको जिम्मेवारी सम्हालेका एकजना स्वप्नद्रष्टाले देखेको समुदायमा आधारित बचत सहकारी अभियानको सपना २०४५ साल श्रावण ३२ गते सार्थक हुँदै जन्मियो नेफ्स्कून ।

समाजमा छरिएर रहेको पुँजी संकलन गरी सामाजिक आवश्यकतामा परिचालन मार्फत विपन्न नागरिकहरुलाई सामन्ती चंगुलबाट बाहिर निकाल्ने र आत्मनिर्भर समाज निर्माणको सपना बोकेको उक्त अभियान अहिले जति जति फैलिंदो छ त्यति नै समस्याका श्रृंखलाहरु पनि नयाँ नयाँ तरिकाले देखापरेका छन् ।

समुदायबाट पुँजी संकलन गरेर कालान्तरमा राज्यलाई नै आर्थिक संकटमा सापटी दिन सक्ने अभियान बनाउने सोच राख्नुभएका नेफ्स्कूनका संस्थापक स्वर्गीय भोजराज घिमिरे हाल जिवित नरहे पनि उहाँसँग हातेमालो गरेका नेतृत्वकर्ताहरु आज पनि सहकारी अभियानमा क्रियाशिल त हुनुहुन्छ तर राज्यलाई आर्थिक संकटमा सापटी दिने सोचले स्थापित नेपालको बचत सहकारी अभियान आफ्नो समस्या ठार्न राज्यसँग सापटी माग्नु पर्ने अवस्था छ ।

सैद्धान्तिकरुपमा सहकारी संस्थाहरु स्वावलम्बनमा आधारित स्वायत्त व्यवसायिक संस्थाहरु हुन् । बचत तथा ऋण सहकारीहरु सञ्चालकीयरुपमा स्वयंसेवी र व्यवस्थापकीय रुपमा व्यवसायिक हुन्छन् । स्वनियमनमा सञ्चालित हुने भएकोले सुशासन र आन्तरिक नियन्त्रण ज्यादै महत्वपूर्ण हुन्छ । महत्वपूर्ण पद वा जिम्मेवारीमा रहेको व्यक्तिले सुशासनको अभ्यासमा सामान्य चुक्दा संस्था नै धरासायी हुन सक्ने भएकोले यसमा नीतिगत निर्णय र कार्यान्वयन दुबैतर्फ संलग्न नहुने गरी स्वायत्त निकायकोरुपमा लेखा सुपरिवेक्षण समिति रहेको हुन्छ ।

नेपालको विद्यमान सहकारी प्रणाली भित्र हेर्दा तीस हजार भन्दा बढी संस्थाहरु सञ्चालनमा छन् भने ग्रामीण क्षेत्रमा कमजोर बुझाई एवम् सहरी क्षेत्रमा कमजोर सुशासन हावी भएको छ । आफैं निर्णयकर्ता र आफैं कार्यान्वयनकर्ता भई निजी स्वार्थमा सहकारी संस्था सञ्चालन हुँदा सबैभन्दा ठूलो समस्या सिर्जना भएको छ । लेखा सुपरिवेक्षण समिति मानार्थ जस्तो मात्र हुने र सदस्यहरु ब्याजदर हेरेर संस्थामा कारोबार गर्ने, साधारणसभा लगायतका कार्यक्रमहरुमा सहभागी नहुने, पूर्णसमय नबस्ने, निर्णयको जानकारी नलिने गर्दा सहकारी क्षेत्रमा संकलित पुँजी घरजग्गा र विभिन्न कम्पनीहरुमा लगानी गर्ने प्रवृत्ति बढ्दा सर्वसाधारणको बचत समयमा फिर्ता नहुने अवस्था आयो । केही सहकारी संस्थाको यस्तो गलत अभ्यासका कारण सिङ्गो सहकारी क्षेत्रप्रति आमजनमानस र राज्यको दृष्टिकोण सकारात्मक बन्न सकेको छैन ।

अभियानको यस्तो चुनौतिपूर्ण अवस्थामा सदस्य जागरण र अभियानको नेतृत्व पुनःजागरण जस्ता अभियान सञ्चालन गरी छवि संरक्षणमा ध्यान केन्द्रित गर्नुपर्दछ । त्यसका लागि नीतिगत व्यवस्था र मापदण्डहरु केन्द्रले जारी गर्ने र मातहतका संघ संस्थाहरुले असल मनका साथ कार्यान्वयन गर्नु जरुरी देखिन्छ ।

नेफ्स्कून

प्रकाशक
नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेड (नेफ्स्कून)

संरक्षक
परितोष पौड्याल
अध्यक्ष, नेफ्स्कून

स्मारिका प्रकाशन कार्यदल संयोजक
दामोदर अधिकारी
महासचिव, नेफ्स्कून

सदस्यहरु
गोमा नेपाल
जिवराज खड्का
कमला देवी गिरी

सम्पादक
सञ्जयराज तिमिल्सीना

सह-सम्पादक
राधा पौडेल

लेआउट डिजाइन
निबास डंगोल

© नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून)

यस स्मारिकामा प्रकाशित सबै धारणाहरु लेखकका निजी धारणा हुन् । -सम्पादक

मा. रन्जिता श्रेष्ठ चौधरी
मन्त्री
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

Hon'ble Ranjeeta Shrestha Chaudhary
Minister
Ministry of Land Management,
Cooperatives and Poverty Alleviation
Singhadurbar, Kathmandu, Nepal

पत्र संख्या/Let.No :
चलानी नं. /Ref .No.:

मिति: २०८०/०३/२४

शुभकामना



नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेड (नेफ्स्कून) ले आफ्नो ३६औं स्थापना दिवसको अवसरमा नेपालको वित्तीय सहकारी अभियानको उपलब्धि र अनुभवको संग्रह गरी नेफ्स्कून स्मारिका प्रकाशन गर्न लागेकोमा खुशी लागेको छ ।

सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो विकास गर्ने तथा प्राप्त उपलब्धिहरूको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण र राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउदै समाजबाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य हुने कुरा हामीले संविधानमा निर्देशक सिद्धान्तको रूपमा आत्मसात गरेका छौ । यस सहकारी संघले संविधानको उक्त मर्म र भावनालाई पूरा गर्न बढी भन्दा बढी योगदान गर्नेमा र सहकारी क्षेत्रमा देखिएका समस्या समाधान गर्न ठोस पहल कदमी लिनेमा म विश्वस्त छु ।

साकोस अभियानको जागरण, विकास, व्यवसायिकीकरण, गुणस्तर सुनिश्चितता र सञ्जाल व्यवस्थापनका कार्यमा योजनाबद्ध रूपमा लाग्दै अन्तर्राष्ट्रिय सम्बन्धलाई विस्तार गर्नका लागि एसियाली ऋण महासंघ, विश्व ऋण परिषद् र अन्तर्राष्ट्रिय सहकारी महासंघको सदस्यता लिई उत्कृष्ट अभ्यासहरूलाई नेपालको साकोस अभियानमा प्रयोग गर्न यस संघले नेपालको सिङ्गो सहकारी अभियानकै नेतृत्व गरेकोमा धन्यवाद व्यक्त गर्दछु । नेफ्स्कूनले संघमा आबद्ध बचत तथा ऋण सहकारी संघ/संस्थाहरूको प्रर्वद्धन गर्दै ग्रामीण क्षेत्रमा वित्तीय आवश्यकता परिपूर्ति गर्न र गरिबी न्यूनीकरणमा खेलेको भूमिका प्रशंसनीय रहेको छ । संघको ३६औं स्थापना दिवसको अवसरमा प्रकाशोन्मुख नेफ्स्कून स्मारिका, २०८० संग्रहणीय सामग्री बनोस् भन्दै संघ स्थापना दिवसको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

रन्जिता श्रेष्ठ चौधरी

मन्त्री

फोन: ९७७-१-४२००६३१ | फ्याक्स: ९७७-१-४२११६४५ | वेभसाइट: www.molcpa.gov.np
Phone: 977-1-4200631 | Fax: 977-1-4211645 | Website: www.molcpa.gov.np

International Cooperative Alliance

Global Office:

Alliance Coopérative Internationale – AISBL
Avenue Milcamps 105
1030 Brussels
Belgium
VAT: BE 0535 539 869
T: +32.2.743.10.30
ica@ica.coop
www.ica.coop

Office of the President
Dr. Ariel E. Guarco
Ecuador 374
1214 – CABA
Argentina
T : +54 11 2113 2107
president.guarco@ica.coop
www.arielguarco.coop

Regions:

Africa
Nairobi – Kenya
www.icaafrica.coop

Americas
San José – Costa Rica
www.aciamericas.coop

Asia and Pacific
New Delhi – India
www.icaap.coop

Europe
Brussels – Belgium
www.coopseurope.coop

Sectors :

Agriculture (ICAO)
www.icao.coop

Banking (ICBA)
www.icba.coop

Consumers (CCW)
www.ccw.coop

Fisheries (ICFO)
www.icfo.coop

Health (IHCO)
www.ihco.coop

Housing
www.housinginternational.coop

Insurance (ICMIF)
www.icmif.org

Industry and Services (CICOPA)
www.cicopa.coop

24 July, 2023

I want to give you a cordial and warm welcome to the International Cooperative Alliance, the Common House of more than one billion people associated with 3 million cooperatives on all continents.

It always fills us with pride to receive one more member. On this occasion, I want to convey to you the joy that comes from knowing that an organization with as much experience and recognition as yours enters our house.

We know that your role is essential to provide financial tools to more than 3.5 million people linked to Savings and Credit Cooperative Societies and Credit Unions in 76 districts of your country.

From the ICA, we hope that you can find in the global integration the necessary energy to continue promoting cooperative financing and local development in each community in Nepal where cooperatives are present.

At the same time, we celebrate that the international cooperative movement can have among its members an organization with the vast and successful experiences of the Nepali Savings and Credit Cooperatives, represented by NEFSCUN.

Both our office and our Board are available to work together.

Welcome!



Ariel Guarco
President

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सिंहदरबार, काठमाडौं

फोन नं. ४२११०००
४२११६३२
४२११८४२
४२११८४३
४२००२३०
४२११६६४
फ्याक्स:- ४२३२२६२
४२११६४४
सिंहदरबार, काठमाडौं

मितिः २०८०/०४/१२

विषय : शुभकामना ।



नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेड (नेफ्स्कून) ले आफ्नो ३६औं स्थापना दिवसको अवसरमा नेपालको वित्तीय सहकारी अभियानको उपलब्धि र अनुभवको संग्रह गरी स्मारिका प्रकाशन गर्न लागेकोमा खुशी लागेको छ । यसले वित्तीय सहकारी अभियानलाई थप सार्थक बनाउने विश्वास लिएको छु ।

सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो विकास गर्ने तथा प्राप्त उपलब्धिहरुको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य हुने कुरा हामीले संविधानमा नै निर्देशक सिद्धान्तको रूपमा आत्मसात गरेको सन्दर्भमा यस संघले पनि संविधानको उक्त मर्म र भावनालाई पूरा गर्न यथासक्य योगदान दिने नै छ ।

साकोस अभियानको जागरण, विकास, व्यवसायिकीकरण, गुणस्तर सुनिश्चितता र सञ्जाल व्यवस्थापनका कार्यमा योजनाबद्धरूपमा लाग्दै अन्तर्राष्ट्रिय सम्बन्धलाई विस्तार गर्नका लागि सम्बद्ध क्षेत्रका अन्तर्राष्ट्रिय संघ महासंघका उत्कृष्ट अभ्यासहरूलाई नेपालको साकोस अभियानमा समेत प्रयोग गर्न संघलाई थप सफलता मिल्ने नै छ । संघको ३६औं स्थापना दिवसको अवसरमा प्रकाशित नेफ्स्कून स्मारिका-२०८० संग्रहणीय सामग्री बनोस् ।
स्थापना दिवसको हार्दिक शुभकामना ।

गोकर्णमणि दुवाडी
सचिव
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सहकारी विभाग
(.....शाखा)

नयाँ बानेश्वर, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
चलानी नं. :- ९८
प्राप्त पत्र संख्या र मिति :-

मिति :- २०८०/०४/०३

शुभकामना



नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) ले आफ्नो ३६औं स्थापना दिवसको अवसरमा पठनीय एवं संग्रहणीय सामग्रीको रूपमा स्मारिका प्रकाशन गर्न लागेको जानकारी पाउँदा खुशी लागेको छ ।

सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागितामा समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको उद्देश्य हाँसिल गर्न बचत तथा ऋण सहकारी संस्था, जिल्ला र प्रदेश तहका बचत तथा ऋण विषयगत संघहरूको छाता संघको रूपमा रहेको नेफ्स्कूनको भूमिका स्वभाविकै रूपमा अपेक्षित छ । सहकारीका मूल्य, मान्यता र सिद्धान्तको पालना, सदस्यको हित प्रवर्द्धन, शिक्षा, तालिम र सूचना प्रदान, पारस्परिक सहयोग अभिवृद्धि, सेवाको गुणस्तर सुधार, आर्थिक स्थायित्व र जोखिम व्यवस्थापन, आन्तरिक नियन्त्रण प्रणाली शुद्धीकरण, व्यवसायिक प्रवर्द्धन तथा विकासका कार्यमा संघ नियमित रूपमा क्रियाशील रहन आवश्यक हुन्छ । सर्वसाधारण उपभोक्ता माझ छरिएर रहेको पुँजी, प्रविधि र प्रतिभालाई स्वावलम्बन र पारस्परिकताका आधारमा एकीकृत गर्दै सदस्यहरूको आर्थिक, सामाजिक तथा साँस्कृतिक उन्नयन गर्न समुदायमा आधारित, सदस्य केन्द्रित स्वायत्त र स्वशासित संगठनको रूपमा बचत तथा ऋण सहकारी संघ संस्थाको विकास गर्न जरूरी छ ।

खासगरी संघमा आबद्ध बचत तथा ऋण सहकारी संस्थाहरूले लाखौं सदस्यहरूको अरबौ रकम शेयर तथा बचतको रूपमा परिचालन गरिरहेका छन् । कतिपय सहकारी संस्थाहरूमा सदस्यहरूको लोकतान्त्रिक नियन्त्रण कमजोर रहेको र कतिपय संस्थाका सञ्चालकमा कार्यक्षमताको अभाव छ । तर सहकारीमा सहकारीका सदस्यहरूको स्वनियन्त्रण, स्वनियमन र स्वशासन हुने हुँदा यसमा कुनै समस्या आउनुहुँदैन ।

उपर्युक्त विषय र सन्दर्भको मनन गरी सहकारी संस्थामार्फत आफ्नो उन्नयनको अपेक्षा राखेका सदस्यहरूको समृद्धिको बाटो तय गर्न र विकृतिमुक्त तथा सुशासनयुक्त सहकारी परिपाटीको स्थापनामा लागिपर्न संघलाई सफलता मिलोस् भन्ने शुभेच्छा व्यक्त गर्दछु साथै स्थापना दिवस सफलताको शुभकामना दिन चाहन्छु ।

नमराज घिमिरे
रजिष्ट्रार

रजिष्ट्रार

फोन नं. : ४-४६५३६२, ४-४६११७७, फ्याक्स : ४-४६५५१७
Email: sahakaribivag@gmail.com, Website: www.deoc.gov.np
(नोट: कपया पत्राचार गर्दा प.सं.. च. नं. र मिति अनिवार्य रुपमा उल्लेख गरिदिन होला ।)

स.वि.द.नं.: ३१०/०४९/०५०

NCF NATIONAL COOPERATIVE FEDERATION OF NEPAL LTD.
राष्ट्रिय सहकारी महासंघ लि. नेपाल

शुभकामना



मुलुकले आर्थिक समृद्धि, सामाजिक न्याय तथा गरीवी न्यूनीकरणका लागि सार्वजनिक, निजी र सरकारी क्षेत्र सहितको तीन खम्वे अर्थनीतिलाई प्राथमिकतामा राखेकाले सहकारी क्षेत्रको महत्व उजागर भएको व्यहोरा विदितै छ । समाजवाद उन्मुख अर्थतन्त्र निर्माणका लागि सहकारी क्षेत्रको भूमिका अपरिहार्य भएको हुँदा केन्द्रीय सहकारी संघहरुबाट सरोकारवाला निकायहरु बीच समन्वयकारी भूमिका निर्वाह हुने अपेक्षा राखेका छौं ।

यस सन्दर्भमा नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.(नेफ्स्कून) ले खेलको भूमिका महत्वपूर्ण छ । यस केन्द्रीय संघको २०८० साउन ३२ गते आयोजना हुने ३६ औं नेफ्स्कून स्थापना दिवसको पूनित अवसरमा नेफ्स्कून स्मारिक २०८० प्रकाशन गर्न लागेको जानकारी पाउँदा खुसी लागेको छ ।

आफ्नो मातहतका सदस्य सहकारी संघ/संस्थाहरूको विकास र प्रबर्द्धनमा क्रियाशील नेफ्स्कून स्थापना दिवसको अवसरमा संघका पदाधिकारी, कर्मचारी तथा आबद्ध सदस्यहरुमा राष्ट्रिय सहकारी महासंघ लि. नेपालको तर्फबाट हार्दिक वधाई ज्ञापन गर्न चाहान्छौं । साथ, संघले विषम परिस्थितिमा समेत आफ्ना सदस्यहरूको उत्थानमा कार्य गरेको र सहकारी अभियानको सुदृढीकरणका लागि खेलेको महत्वपूर्ण भूमिकाको स्मरण गर्दै हार्दिक धन्यवाद ज्ञापन समेत गर्न चाहन्छु । संघले प्रत्येक ५ वर्षको अन्तरालमा प्रकाशन गर्ने नेफ्स्कून स्मारिका २०८० ले नेपालको सहकारी अभियान र त्यस संघको विषयमा महत्वपूर्ण जानकारी हासिल हुने विश्वास लिएको छु ।

आबद्ध सहकारी संघ/संस्थाहरुको कारोबारलाई व्यवस्थित रूपमा सुसञ्चालन गर्न/गराउन त्यस संघले गरेका प्रयासहरु प्रशंसनीय रहेका छन् । सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरुप सहकारी संस्थाहरूलाई आबद्ध गर्दै सु-सञ्चालनका लागि क्षमता अभिवृद्धिका कार्यक्रमलाई अझ ब्यापक रूपमा सञ्चालन गरी सहकारीको गुणात्मक विकासमा योगदान दिन नेफ्स्कूनले महत्वपूर्ण भूमिका निर्वाह गर्ने छ भन्ने विश्वासकासाथ एकीकरण अभियान प्रभावकारी रूपमा सञ्चालन गर्ने अपेक्षा गर्दछु ।

अन्त्यमा, सहकारी सिद्धान्तको पूर्णपालना र सुशासन कायम गर्दै सदस्यमुखी कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गर्न विगतका अनुभवहरूले दिशानिर्देश गर्ने अपेक्षाकासाथ संघको उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछु ।

जय सहकारी तथा धन्यवाद !

(मिनराज कडेल)
अध्यक्ष

Pulchok, Lalitpur, Nepal
G.P.O. Box: 11859, kathmandu
+977-1-5010116, 5010033, 5010089
ncf@wlink.com.np, ncfcoop@gmail.com
www.ncf.nepal.com.np

World Council

A Message from World Council of Credit Unions' President and CEO Elissa McCarter LaBorde



It is my great privilege to be included in this issue of Smarika 2023 on behalf of the Nepal Federation of Savings & Credit Cooperative Unions, Ltd. (NEFSCUN). Cooperative principles are the building blocks for credit unions and cooperative financial institutions, and we are fortunate have NEPAL as a member of our organization.

The mission of World Council of Credit Unions (WOCCU) is to promote more equitable and resilient communities through the unique model of member-owned, democratically-controlled financial institutions that maximize benefits to the member. We represent more than 50 national and regional credit union associations with 75,000+ member credit unions. WOCCU members account for over 70% of all credit unions, credit union members and credit union assets worldwide.

Our 14-member Board of Directors is comprised of credit union national association board members from the United States, Canada, Australia, South Korea, Brazil, Ireland, Poland, Kenya, the Caribbean and Latin America. We, too, are seeking new ways to improve governance, invite diverse voices, and encourage more members to join this global network of people with a common passion for cooperative finance.

In my first year and a half as CEO of WOCCU, I have seen huge potential for credit unions to reach more underserved populations across the globe – ensuring that women, youth, rural populations, refugees and migrants have equal access to financial products and services that help them growth their savings, build assets and secure livelihoods. Going forward, our focus will be on expanding the membership base, developing shared solutions to create greater efficiencies, and delivering better services through credit unions that are digital forward, climate smart, and resilience focused. Our goal is to reach one billion people worldwide through credit unions. Together, we are making financial systems work for everyone.

Sincerely,

Elissa McCarter LaBorde
President and CEO
World Council of Credit Unions

World Council of Credit Unions, Inc.
99 M Street SE, Suite 300, Washington, DC 20003 +1-202-638-0205
www.woccu.org

ACCU Message



Dear Board of Directors, Management and Members,

Warm greetings from the Asian Confederation of Credit Unions (ACCU)! We are thrilled to congratulate you on the 36th anniversary of the Nepal Federation of Savings and Credit Unions (NEFSCUN). This momentous achievement marks a significant milestone in Nepal's credit union movement and paves the way for a more robust, inclusive, cooperative financial sector.

ACCU is honored to have collaborated with dedicated individuals and organizations in Nepal to promote and strengthen credit unions through NEFSCUN. Our shared vision of fostering financial empowerment, promoting cooperative principles, and advancing financial inclusion has come to fruition through this partnership. NEFSCUN plays a pivotal role in shaping Nepal's future of credit unions.

NEFSCUN opens new avenues for collaboration, learning, and growth within the credit union community. It provides a platform for credit unions across Nepal to unite, share experiences, and collectively address common challenges. By working together, we can amplify our impact and create lasting change in the lives of our members and communities.

ACCU is committed to supporting the NEFSCUN in its journey toward excellence. We will provide comprehensive assistance, knowledge sharing, and capacity-building initiatives to empower the NEFSCUN and its member credit unions. We aim to strengthen the credit union movement in Nepal and enhance its ability to serve the financial needs of the people, especially those who are underserved or marginalized.

We extend an open invitation to all savings and credit unions in Nepal to support and collaborate with NEFSCUN and be part of this exciting movement. Together, we can build a resilient, member-focused credit union sector that promotes sustainable development, social impact, and financial inclusion for all.

We congratulate the founding members, supporters, and partners who have contributed to the establishment of NEFSCUN. Your dedication, vision, and commitment to cooperative principles have laid a solid foundation for a prosperous future.

Once again, congratulations to the Nepal Federation of Savings and Credit Unions on this remarkable achievement. Let us embark on this journey together, driven by the spirit of cooperation and a shared vision of building a brighter future.

Elenita V. San Roque
Chief Executive Officer

5th Floor, FSCT Building, 199 Nakornin,
Bangsrithong, Nonthaburi 11130, Thailand
Tel: +662-496-1262 and +662-496-1264 Fax:+662-496-1263
Email: accumail@aaccu.coop Website: www.aaccu.coop

Member: International Co-operative Alliance; International Cooperative Banking Association; International Raiffeisen Union; United Nations Special Consultative Status; PROXFIN

अनन्त विरासत



भोजराज घिमिरे
संस्थापक अध्यक्ष
२०४५/०४/३२ - २०५०/११/०३

"नेफ्स्कूनले देशभरका बचत सहकारीहरूको आफैं अनुगमन गर्नुपर्छ । छाता संगठन भएको हैसियतले पनि आफू निकटका सहकारीहरूलाई व्यवस्थित गर्ने दायित्व उसैको हो । सहकारीहरूमा लाखौं व्यक्तिहरूले रकम जम्मा गरेका छन् । त्यसको सुरक्षा गर्नु र अनुगमन गर्नु नेफ्स्कूनको दायित्व हो ।"



कैलाश भक्त प्रधानाङ्ग
अध्यक्ष
२०५०/११/०४ - २०६४/०८/१५



मिनराज कडेल
अध्यक्ष
२०६४/०८/१६ - २०७०/०२/०५



ऋषिराज घिमिरे
अध्यक्ष
२०७०/०२/०६ - २०७३/०२/०२



डी.बी. बस्नेत
अध्यक्ष
२०७३/०२/०३ - २०७६/०२/०५

नेफ्स्कून सञ्चालक समिति



श्री परितोष पौह्याल
अध्यक्ष



श्री चन्द्रप्रसाद ढकाल
वरिष्ठ उपाध्यक्ष



श्री शान्ति अधिकारी
उपाध्यक्ष



श्री दामोदर अधिकारी
महासचिव



श्री दिपक पनेरु
कोषाध्यक्ष



श्री यज्ञप्रसाद ढकाल
सञ्चालक सदस्य



श्री माधवप्रसाद जोशी
सञ्चालक सदस्य



श्री गोमा नेपाल
सञ्चालक सदस्य



श्री घनश्याम अधिकारी
सञ्चालक सदस्य



श्री चण्डिप्रसाद शर्मा पौडेल
सञ्चालक सदस्य



श्री रिना आचार्य
सञ्चालक सदस्य



श्री न्हुच्छेनारायण श्रेष्ठ
सञ्चालक सदस्य



श्री कमलादेवी गिरी
सञ्चालक सदस्य



श्री जिवसराज खड्का
सञ्चालक सदस्य



श्री मन्दरा मिश्र
सञ्चालक सदस्य



श्री विद्या कोइराला
सञ्चालक सदस्य



श्री सन्दिप सापकोटा
सञ्चालक सदस्य



श्री हरेराम प्रसाद
सञ्चालक सदस्य



श्री जनक खत्री
सञ्चालक सदस्य

लेखा सुपरिवेक्षण समिति



श्री नबराज सापकोटा
संयोजक



श्री शुभद्रादेवी महतो
सदस्य



श्री शुसिल कुमार बस्न्यात
सदस्य

सल्लाहकार



श्री मिनराज कडेल



श्री ऋषिराज घिमिरे



श्री डी.बी. बस्नेत

विषयसूची



नेपालको सहकारी अभियानमा नेफ्स्कून



वित्तीय सहकारी अभियानको अबको यात्रा सुशासन र सुरक्षा




सहकारीको विश्व सञ्जाल र नेपालको सहकारी अभियान




अन्तर्राष्ट्रिय सहकारी मञ्चबाट नेपालले आन्तरिकीकरण गर्नुपर्ने विषयहरु



सहकारीको वर्तमान समस्याः कारण र समाधानका उपायहरू




सहकारिता : विकासक्रम, सम्बद्ध कानून र मुद्दाहरू



बचत तथा ऋण सहकारी अभियानमा नीतिगत बहस पैरवी, संघको भूमिका र उपलब्धिहरु



नेपालको वित्तीय सहकारी सञ्चालनमा आगामी कार्यदिशा



साकोस अभियानका व्यवसायिक चुनौति र अवसरहरू



साकोसको सुशासन व्यवस्थापन लेखा सुपरिवेक्षण समितिको भूमिका र असल अभ्यास



अन्तर्राष्ट्रिय क्षेत्रसँग आत्मीय सम्बन्ध विकास गर्नुपर्छ




सहकारी अभियान विद्यमान कानूनको कार्यान्वयनमा केन्द्रित हुनुपर्छ




सहकारीले उत्पादन र बजारीकरणमा सहजकर्ताको भूमिका खेल्नुपर्छ



बचत ऋण सहकारी सुधारका लागि क्रेडिट युनियन ऐन अन्तिम विकल्प



सहकारी ऐन, २०७४ र नियामवली, २०७५ कार्यान्वयनका अवस्था तथा सवालहरु




विश्व परिवेश, नेपाली अर्थतन्त्र र वित्तीय क्षेत्र


८९

सहकारी अभियानमा नेतृत्व विकास र समावेशीकरण


९९

राज्यको सहकारीप्रतिको दृष्टिकोण कहिल्यै सकारात्मक पाईन


१०१

क्रेडिट युनियन ऐन त्याउन सरकार र अभियानबीच ऐक्यबद्धता जरुरी छ


१०५

सहकारीमा सशक्त अनुगमन संयन्त्र आवश्यक छ


१०९

सहकारीमार्फत उत्पादनमा जान राज्यले सहजीकरण गर्नुपर्छ


१११

सहकारीको पुँजी सदस्यहरुको हितमा केन्द्रित हुनुपर्छ


१२७

आर्थिक समृद्धिका लागि उद्यमशीलता र महिलाहरुको आर्थिक सशक्तिकरण


१३३

कर्णालीको समृद्धिमा सहकारीको साझेदारी


११३

सञ्जाल साझेदारीको आवश्यकता र चुनौति


१३७

वित्तीय सहकारीमा स्मार्ट व्यवस्थापन


१४१

नेपालमा नेफ्स्कून साकोस म्यानेजर्स क्लब



१४५

साकोसको वस्तु तथा सेवा विकास


१४९

दिगो विकास लक्ष्य प्राप्तिमा सहकारी


१५५

Credit Union Principles and the Importance of Good Board Governance


१५७

Integrated SACCOS Movement: **Challenges and Opportunities**

साकोस गान

सहकारी अभियान उन्नतिको आधार हो
सबै अट्ने साझा थलो सिङ्गो परिवार हो ।।

थिए धर्म भकारी र गुठी लाखौ लाख देशमा
संस्कार थियो मिलापको एकता र विकासमा ।।

अमूल्य मूल्य देशको सगर्व सँधै रही रहोस्
मिलाई हातमा हात यी विचार एक रही रहोस् ।।

हजार गौँथली र यहाँ करोडौँ मौरी बन्नु छ
सँगाली बुँद बुँदले जिन्दगी यो बदल्नु छ ।।

साकोस क्रान्ति अघि बढोस् अघि अघि बढी नै रहोस्
हिमाल पहाड तराईमा सबैतिर फैलिरहोस ।।

सिद्धान्त हाम्रा अमर रहून्, स्वप्नद्रष्टा अमर रहून्
वसुधैव कुटुम्बकम्, आदर्श अमर रहून् ।।

रचना: प्रकाश भूर्तेल
सम्पादन: प्रा.डा. सुधन पौडेल र प्रा. केशव सुवेदी

नेपालको सहकारी अभियानमा नेफ्स्कून

सम्पादक मण्डल

विपतको सच्चा साथीको रूपमा सहकारीको जन्म भएको विश्व इतिहासले प्रमाणित गरेको छ । चाहे त्यो बेलायतको म्यान्चेष्टरस्थित टोड लेनमा सन् १८४४ को डिसेम्बर २१ मा स्थापना भएको विश्वको पहिलो सहकारी रोचडेल पायोनियर्स एक्विटल सोसाईटी (उपभोक्ता सहकारी) होस् वा जर्मनीको आहाउसेनमा बचत ऋण सहकारीका पिता एफ डब्लु राइफाइसनले सन् १८६२ मा स्थापना गरेको पहिलो क्रेडिट युनियन (बचत ऋण सहकारी) होस् वा नेपालमा चितवनमा बाढीपिडित र विस्थापितहरूलाई पुनर्बासको योजनाका लागि सरकारी प्रयासस्वरूप राप्तीदून विकास परियोजनामार्फत सन् २०१३ साल चैत २० गते स्थापित बखान ऋण सहकारी लगायत सबैको स्थापना मानव सिर्जित वा प्रकृति प्रदत्त विपत्तिहरूको सामूहिक शक्तिका आधारमा सामना गर्ने शसक्त माध्यमको रूपमा सहकारीले आफ्नो छवि स्थापित गर्दै आएको छ । सहकारी गरिबी विरूद्ध लड्ने शक्तिशाली र प्रभावशाली अस्त्रको रूपमा विश्वभर परिचित हुँदै आएको छ । रोचडेली अगुवाहरूले सहकारीका पिता रोबर्ट ओवेनेको सैद्धान्तिक जगलाई आधार बनाएर गरिबी, असमानता, श्रम शोषण, लैङ्गिक विभेद, समान कामका लागि असमान ज्याला, आदि मानव अधिकारसँग सम्बन्धित विषयहरूलाई सामूहिक स्वामित्वका आधारमा एउटै उपायबाट समाधान खोज्ने सर्वोत्तम विकल्पको रूपमा सहकारी प्रणाली सुरू गरे । जर्मनीमा मेयर बनिसकेका राइफाइसनले भने भोकमरी र अनिकालसँग जुध्न सहकारीको आड लिए । यस्तै, नेपालको सहकारीको अभ्युदयपनि दुःखमा परेकाहरूलाई जीउने आधारको रूपमा भएको हो ।

सहकारीको विकासात्मक चरण

सहकारीको शैशवास्थामा पञ्चायती अभिष्ट पूरा गर्ने साधनको रूपमा सहकारीलाई दुरूपयोग गर्दै राज्य नियन्त्रित संस्थाहरू स्थापना गरिएपनि ३ दशकको एकतन्त्रीय शासनको अन्त्यसँगै जनआहुतिको बलमा बहुदलीय प्रजातन्त्रको पुनरागमनपछि २०४८ सालमा ल्याइएको सहकारी ऐन पश्चात भने स्वतन्त्र र स्वायत्तरूपमा सहकारी संस्थाहरु खुल्ने क्रमले तिब्रता पायो । उक्त ऐनले विभिन्न विषयका संस्थाहरु खोल्न सक्ने

रोचडेली अग्रुवाहरुले सहकारीका पिता रोबर्ट ओवेनेको सैद्धान्तिक जगलाई आधार बनाएर गरिबी, असमानता, श्रम शोषण, लैङ्गिक विभेद, समान कामका लागि असमान ज्याला, आदि मानव अधिकारसँग सम्बन्धित विषयहरुलाई सामूहिक स्वामित्वका आधारमा एउटै उपायबाट समाधान खोज्ने सर्वोत्तम विकल्पको रुपमा सहकारी प्रणाली सुरु गरे ।

प्रावधानलाई खुला गरे पनि सहकारी भनेको बचत र ऋणको कारोबार गर्ने नै हुन् भन्ने आम बुझाई सर्वसाधारणको रह्यो । ५० को दशकको सुरूवात तिरै ग्रामीण क्षेत्रमा सहकारी संस्थाहरु खुल्ने क्रम सुरू भयो । सहरी क्षेत्रमा सहकारी दर्ता हुने क्रमले तिब्रता पायो । त्यस समयमा सुरू भएको सशस्त्र बिद्रोहका कारण ग्रामीण क्षेत्रमा सहकारीहरुको संख्यात्मक विकास खासै हुन सकेन भने खोलिएका संस्थाहरु पनि स्वभाविक रूपले विस्तारित हुन सकेनन् । त्यस समयमा बैंकहरुको उपस्थिति ग्रामीण क्षेत्रमा कम थियो भने द्वन्दका कारण बैंकहरु ग्रामीण क्षेत्रबाट करीब पूर्णरूपले नै विस्थापित हुन पुगेकाले स्थानीय स्तरमा वित्तीय सेवा दिने काम सहकारी संस्थाले नै धान्न पुगे । सहकारी संस्थाहरु वित्तीय सेवाका दृष्टिले मात्र नभइ ग्रामीण क्षेत्रका जनताको जीवनका विभिन्न सामाजिक र साँस्कृतिक पाटोसँग पनि जोडिन पुगे । त्यसै समयमा सहरी क्षेत्रमा भने सहकारीको संख्यात्मक विकासले तिब्रता पायो । संस्था सञ्चालन गर्ने व्यवस्थापकीय ज्ञान र सीपको अभावमा र प्रभावकारी नियमन तथा अनुगमन नहुँदा छोटो समयमै संस्थाहरु समस्यामा समेत पर्न गए र कतिपय बन्द समेत भए । सहकारी ऐन २०४८ को व्यवस्था बमोजिम सहकारी संघहरु स्थापित भए तापनि संघहरुमा प्रारम्भिक संस्थाको आबद्धता तथा सहभागिता असाध्यै न्युन रह्यो । ऐनले सहकारी संघहरु व्यवसायिक हुनुपर्ने परिकल्पना गरेको भएता पनि त्यस किसिमको सोच विकसित हुन सकेन । ऐनको प्रावधान अनुरूपको न्युनत्तम संख्यामा संस्थाहरु जम्मा भई संघ खोल्ने र वर्षौं सम्म सदस्यता विस्तार नगरी संकूचित राख्ने क्रम जिल्ला स्तरीय र केन्द्रीय संघहरुमा देखियो । यसले गर्दा संघहरुको उद्देश्य के हो र प्रारम्भिक संस्थाहरु किन संघमा आबद्ध हुने भन्ने प्रश्नहरु उब्जिए । त्यस समयमा आफ्नो औचित्य पुष्टि गर्न सक्ने संघहरुमा प्रारम्भिक संस्थाको आकर्षण बढ्दै गयो र आबद्धता पनि स्वाभाविक रूपले विस्तार हुँदै गयो ।

संख्यात्मक वृद्धिले निम्त्याएको चुनौति

२०६० को दशकमा सहकारीहरु धेरै खुलिसकेका र राज्यको कानूनी तथा नीतिगत प्रबन्धहरूको अधिक लचकता, सहकारी अभियानको कमजोर अनुगमन, सरोकारवालाहरूको नजरअन्दाज र सञ्चारक्षेत्रको खोज र खबरदारी अभाव आदि कारण संस्थाहरु समस्यामा पर्न समेत थालिसकेका थिए । सहरी क्षेत्रमा केही संस्था बन्द समेत भैसकेका थिए । केही वर्ष पश्चात सहकारी संस्थाको दर्ता खुल्दा पुनः तिब्र रूपमा संस्था दर्ता हुन गए र सहकारी संस्थाहरुको संख्या सहरी क्षेत्रमा अस्वाभाविक रूपमा बढ्न गयो । यो अवधिमा संख्या मात्र बढेन, सहकारी संस्थामा विचलन र विकृतिहरु पनि प्रशस्तै देखिन थाले । केही ठूला संस्थाहरु अकस्मात धरासायी हुन पुगे र ती संस्थामा सर्वसाधारणको अरबौं रूपियाँ जोखिममा पऱ्यो । राज्य र सहकारी अभियानले केही सहमति र केही विमति बीच सहकारी क्षेत्रको स्थायित्व, सुधार र सुशासनका लागि प्रयास गरे । सहकारीको नियमन र अनुगमन पूर्ण रूपमा राज्यकै जिम्मेवारी भित्र थियो । सहकारी संघहरुले राज्यसँग अनुगमन र नियमनको काममा सहकार्य गर्न सक्ने संकेत गरे तापनि राज्य संयन्त्र त्यसको लागि तयार थिएन र कानूनी रूपले पनि त्यस कसिमको व्यवस्था थिएन । अनुगमन र नियमनमा अभियान र राज्यका बीचमा कार्यगत एकता समेत हुन सकेन । तर पनि त्यस समयमा नीतिगत विषयहरुमा राज्य र अभियानको बीचमा छलफल र बहसको भने प्रारम्भ भने भयो । राजनीतिक पार्टीहरुले सहकारीलाई आफ्नो मूल एजेन्डामा समावेश गरे । यसैको परिणाम स्वरूप तीन खम्बे अर्थनीतिलाई राज्यले अबलम्बन गर्यो । सरकारी, नीजि र सहकारी क्षेत्रलाई अर्थतन्त्रको मुल खम्बाको रूपमा स्वीकार गरि राज्यले त्यसै अनुरूपको नीतिहरु निर्माण गर्ने कार्यको प्रारम्भ भयो ।

सामूहिकतामा समाधानको खोजी

२०७० को दशकमा आइपुग्दा सहकारी अभियान र राज्यका बीचमा सहकारी क्षेत्रको प्रवर्द्धन, विकास र सुशासनका विषयमा केही सामुहिक सोच विकसित हुन थाल्यो । सहकारी अभियान, कर्मचारी वृत्त र व्यवस्थापिकामा लामो छलफल र बहस पश्चात सहकारी ऐन २०७४ संसद्बाट पारित भइ लागु भयो । यस ऐनले सहकारी ऐन २०४८ ले बोकेको सहकारी मार्फत विपन्न र पिछडिएका बर्गको उत्थान गर्दै उनीहरूलाई आर्थिक, सामाजिक र साँस्कृतिक पक्षमा सशक्तिकरण गर्ने मूल मर्मलाई कायम राख्दै सुरक्षित र सुदृढ सहकारी संस्थाहरु मार्फत राष्ट्रिय अर्थतन्त्रमा सहकारी क्षेत्रको योगदान महत्वपूर्ण हुने स्वीकार गरेको छ । यस ऐनले सहकारीको प्रवर्द्धन, विकास र नियमनका लागि राज्य र सहकारी अभियानको सामुहिक प्रयासको अवधारणा लिनुका साथै सहकारी अनुगमनका लागि संघहरूलाई समेत जिम्मेवार बनाएको छ । मुलुक संघीय संरचनामा गएसँगै सहकारीलाई राज्यको तीन तह अर्थात केन्द्र, प्रदेश र स्थानीय तहले हेर्ने गरि प्रशासकीय व्यवस्था कार्यान्वयनको अवस्थामा रहेको छ ।

सहकारी अभियानको जेठो संघ नेफ्स्कून

नेपालको सहकारी अभियानमा विगत देखि बर्तमानसम्म बचत अभियान एउटा महत्वपूर्ण हिस्साको रूपमा रहिआएको छ । नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. सहकारी ऐन २०४८, सहकारी नियमावली २०४९ आएपश्चात २०५० साल भाद्र २९ गते स्थापना भएता पनि बचत समूह तदर्थ समितिको हैसियतले २०४५ साल साउन ३२ गते स्थापना भएको हो । उर्वर प्रजातान्त्रिक व्यवस्थाको पुनर्बहाली पछि बनेको सहकारी ऐन, २०४८ को दफा ५ अनुसार वि.सं २०५० भाद्र २९ गते बिधिवत रूपमा नेपाल बचत तथा ऋण सहकारी संघ लि.को नामबाट दर्ता भएको र २०५३ फागुन ९ गते सहकारी बिभाग बाट केन्द्रीय शब्द थप गरी नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. को नाममा नेफ्स्कूनले कानूनी मान्यता प्राप्त गऱ्यो । नेफ्स्कूनको स्थापना नेपालको सहकारी अभियानको ' ब्रेक थ्रु' घटना थियो । जम्मा २९ सय ५० रूपैयाँबाट बचत अभियान अघि बढेको थियो । प्रारम्भिक अवस्थामा नेपालका बचत तथा ऋण सहकारी संस्थाहरूलाई संगठित र सशक्तिकरण गरी बचत ऋण मार्फत पुँजी निर्माण र पुँजी परिचालन गरि जनताको

जीवनस्तर उकास्ने उद्देश्य बोकेको यस केन्द्रीय संघ उमेर र आबद्धताको हिसाबले सहकारी क्षेत्रमा नेपालकै जेठो संघ हो ।

नेफ्स्कून विकासका चरणहरु

नेफ्स्कून विकासक्रमलाई विभिन्न कालखण्डमा विभक्त गरेर अध्ययन गर्न सकिन्छ । प्रारम्भिक चरण विजारोपण तथा जागरणको थियो । यो समय नेफ्स्कूनको जन्म र बचत ऋण सहकारीका सम्बन्धमा देशभर जागरण ल्याउने कामले तदारूकता पाएको थियो । प्रवर्द्धन र विकासको दोस्रो चरणमा नेफ्स्कूनको जोड सदस्य विस्तारमार्फत परिपक्वता पुष्टि गर्नेतर्फ केन्द्रित रह्यो भने स्तरीकरणको तेस्रो चरणमा अन्तर्राष्ट्रिय मान्यता प्राप्त स्तरीकरण कार्यक्रम एक्सेसमा संस्थाहरूलाई सहभागी गराउनेदेखि विस्तारै राष्ट्रिय ब्राण्डिङ कार्यक्रम प्रोबेशनको विकास हुँदै साकोसहरूको जोखिमको मापन, मूल्याङ्कन र आवश्यक पृष्ठपोषण गर्ने कर्ब्स कार्यक्रमको सुरूवात भयो । यसले साकोसहरूको संस्थागत क्षमता अभिवृद्धिको वैज्ञानिक विधि र प्रणालीमार्फत मापन तथा स्तरीकरण गर्दै संस्थाहरूलाई स्वस्थ्य प्रतिस्पर्धाबाट श्रेष्ठता हासिल गर्ने अवसर सृजना गर्यो । यसै बेला अन्तरलगानी कार्यक्रममार्फत सदस्यहरूको वित्तीय आवश्यकताको सम्बोधन पनि भयो । त्यसपछिको व्यवसायिकताको चरणमा आफ्ना उत्पादन र सेवालाई बढ्दो सदस्यको माग र चाहनाअनुरूप थप्दै, परिस्कृत र परिमार्जित गर्दै वित्तीय अवस्थालाई बलियो बनाउने कामको थालनी भयो भने सञ्जालीकरणको पछिल्लो चरणमा साझा प्रविधिमार्फत दिगो र सुशासनयुक्त साकोस सञ्जाल निर्माणमा संघले रणनीतिक योनजामार्फत काम गर्दै आएको छ ।

अभ्यास र अनुभवबाट खारिँदै यस संघले साकोस (साकोस) सञ्चालनका विधि र औजारहरु विकसित गर्नुका साथै बचत तथा ऋण सहकारी संस्थाहरुमा बहुआयामिक सेवाहरु विस्तार गरेको छ । छरिएर रहेको ससानो पुँजी संकलित गरी राष्ट्रिय पुँजी निर्माणमार्फत अर्थतन्त्रमा प्रत्यक्ष र परोक्ष योगदान गर्दै आएको नेफ्स्कूनले खासगरी गाग्रीण र बैंक तथा वित्तीय संस्था नपुगेको अन्धकार ठाउँमा प्रारम्भिक बचत ऋण संस्थाहरू स्वतस्फूर्त गठन गर्ने अनुकूल वातावरण निर्माण, प्रवर्द्धन, प्राविधिक सहजीकरण एवम् निरन्तर परिस्कृत तालिम र शिक्षामार्फत मानव संशाधन एवम् सहकारीका सदस्यहरूको दक्षता अभिवृद्धि गर्दै सहकारीको दिप प्रज्ज्वलित गर्ने काम गर्दै आएको छ ।

२०५२ सालको पहिलो रणनीतिक योजना, इन्डेकूवा कार्यक्रम, २०५३ सालबाट सुरू भएको अन्तरलगानी कार्यक्रम, २०७० सालमा काठमाडौंमा सम्पन्न आकूको ३२ औं साधारणसभा, लेखा सुपरिवेक्षण समितिको राष्ट्रिय गोष्ठी २०७३, राष्ट्रिय महिला गोष्ठी २०७४, पहिलो, दोस्रो र तेस्रो साकोस शिखर गोष्ठी, प्रदेशस्तरीय सहकारी युवा सम्मेलन, लघुवित्त एवम् उद्यमशिलता विकास कार्यशाला गोष्ठी, साकोस एकरूपता प्रणाली २०७१ लगायत थुप्रै सफल प्रयासहरू 'नेफ्स्कून माइलस्टोनहरू' हुन् । २०५३ सालमा एसियाली ऋण महासंघले सुरू गरेको Institutional Development Credit Union in Asia (इन्डेकूवा) कार्यक्रम र सो कार्यक्रम सँगै पर्ल्स अनुगमन प्रणालीको अवलम्बनले ल्याएको संस्थागत सुधारले बचत ऋण सहकारीहरूको विकासमा पुऱ्याएको टेवाले अन्ततः नेफ्स्कूनको उचाइ ह्वात्तै बढाएको थियो । नेफ्स्कूनको सदस्यता विस्तार नभइसकेको र आन्तरिक श्रोत बलियो भइनसकेको अवस्थामा नेपाल सरकार सहकारी विभाग, क्यानिडियन कोअपरेटिभ एशोसियसन, (CCA) एग्रिटेरा निदरल्याण्ड, यू एस सि क्यानडा, यूएनएफपिए, कोडी ईन्टरनेशनल, सेसी एशिया, सेसी यूनिटेरा, यूएनएफपिए, सामी हेल्वेटास, प्रमिस परियोजना, जिटीजेड, एक्सन एड लगायतका अन्तर्राष्ट्रिय दातृ संस्थाहरूले संघलाई आर्थिक र प्राविधिक सहायता उपलब्ध गराएका थिए । यसैका कारण नेफ्स्कून विस्तारै श्रोत, शक्ति र सामर्थ्यमा बलियो हुँदै गएको हो ।

एसियाली ऋण महासंघ (आकू) को सहयोगमा नेपालमा पर्ल्स अनुगमन प्रणालीको जग बसाल्न १५ वटा साकोसको सहभागितामा लागु गरिएको इन्डेकूवा

कार्यक्रम २०५८ सालमा लघुवित्त कार्यक्रम, २०६० सालमा भित्राइएको इन्डेसाकोस र प्रोफेसनलाईजेशन २०६४ साल पछि तालिम र शिक्षाको क्षेत्रमा आकूको सहयोगमा साकोसका सञ्चालक, व्यवस्थापक, ऋण अधिकृतहरूको क्षमता अभिवृद्धि तालिमहरू सीयूडीसीसी, सीयूएमसीसी, सीयूएलसीसी आदि सुरूवात भएको पाइन्छ । त्यस्तै, २०६४ देखि आकूको प्राविधिक सहयोगमा साकोसहरूको गुणस्तर सुनिश्चितता सम्बन्धी एशिया प्रशान्तस्तरीय एक्सेस् ब्रान्डिङ कार्यक्रम, साकोस ऐन र स्थिरीकरण कोषका सम्बन्धमा बहस पैरवी जसमा आर्थिक एवं प्रमविधिक सहयोग सिसिएले पनि गरेको थियो, आर्थिक वर्ष २०६९/२०७० सालबाट राष्ट्रिय स्तरको मौलिक ब्रान्डिङ कार्यक्रम प्रोबेशन, २०७५ सालमा एकीकृत सुपरिवेक्षण मार्गनिर्देशिका जारी गरी लागु गरिएको जोखिममा आधारित साकोस सुपरिवेक्षण अर्थात् कर्ब्स कार्यक्रम, जिल्ला संघ साझेदारी कार्यक्रम, ३३ औं स्थापना दिवसको अवसर पारेर २०७७ साल साउन ३२ गतेबाट लागु गरिएको आधारशिला कार्यक्रम जस्ता सदस्य, समुदाय र समग्र सहकारी अभियानमैत्री कार्यक्रमहरूमार्फत नेफ्स्कूनले आफ्नो छुट्टै पहिचान कायम गर्न सफल भएको छ ।

नेपालको बचत तथा ऋण सहकारी अभियान आज सबल बनेको छ । समयानुकूल नवीन प्रविधि, पहुँच बिस्तार र वित्तीय साक्षरताका अभियानसँग संस्था, सञ्चालक र खासगरी सदस्य जोडिदै गएका छन् । मुलुकको कुल वित्तीय क्षेत्रमा २० प्रतिशत बढीको योगदान सहकारीको रहेको छ ।

सहकारीमा दक्ष जनशक्ति उत्पादनमा समेत नेफ्स्कूनको अग्रसरतामा सीटीईभीटी मान्यताप्राप्त छोटो अवधिको प्रमाणीकृत पाठ्यक्रमहरू विकास गरी लागु गरिएको छ । सरकारी मान्यताप्राप्त प्रमाणीकृत सहकारी जनशक्ति उत्पादनले यस क्षेत्रमा देखापरेको जनशक्ति अभावलाई केही हदसम्म पूरा गरेको छ । नेपालको वित्तीय सहकारीहरूलाई अन्तर्राष्ट्रिय ब्राण्डिङ (एक्सेस) कार्यक्रममा सहभागी गराइ स्तरीकृत गर्न सफल बनाउने श्रेयको हकदार पनि नेफ्स्कून हो ।

नेपाललाई चिनाउने नेफ्स्कून

कतिपय अवस्थामा नेफ्स्कूनले नेपालको परिचयलाई विदेशी सामू थप बलियो रूपमा प्रस्तुत गर्दछ जसले गर्दा गैह्र नेपालीहरूलाई नेपालको बारेमा जान्नेबुझ्ने अभिलाषा बढ्छ । नेफ्स्कूनसँग जोडिएपछि नेपालको बारेमा थप जान्ने बुझ्ने गैह्र नेपालीहरूको संख्या पनि उल्लेख्य छ । सहकारी र साकोस अभियानकै क्रममा क्यानाडा, अमेरिका, आयरल्याण्ड, दक्षिण कोरिया, फिलिपिन्स, इन्डोनेसिया, थाइल्याण्ड, केन्या लगायत थुप्रै एसियाली मुलुकहरू र अन्य विभिन्न मुलुकमा पुगेका नेफ्स्कूनका प्रतिनिधिहरूमार्फत नेपालको विशिष्टता, पृथक पहिचान, प्राकृतिक बैभव र सहकारी इतिहासबारे ती देशका सहकारीकर्मीहरूले जानकारी हासिल गरेर आफ्नो गन्तव्य सूचीमा नेपाललाई पारेका छन् । यस्तै एसियाली ऋण महासंघ (आकू) को द्वितिय र प्रथम उपाध्यक्ष हुँदै अध्यक्षसम्म नेफ्स्कूनको अध्यक्ष निर्वाचित हुनु समग्र मुलुककै लागि उच्च गौरवको कुरा हो । यस्ता अन्तर्राष्ट्रिय फोरमहरूमा नेफ्स्कूनसँगै नेपालको नाम पनि जोडिएर आउने हुँदा मुलुककै परिचयको आयातन फराकिलो बन्न जान्छ ।

सहकारी ब्रान्डिङको कुरा चल्दा अहिले पनि विश्वले नेपालका सहकारीहरू वित्तीय स्वस्थ्यता, सबलता, सुशासन, दिगोपना र सदस्य केन्द्रीयताका दृष्टिले अरू विकसिति मुलुकका क्रेडिट युनियनहरूसँगको दाजोमा पुगेका छन् । एक्सेस ब्रान्डले नेपाली संस्थाहरूले प्राप्त गरेको उपलब्धिको चर्चा गर्दछन् । यो नेपालको चर्चा हो, नेपाली विशेषता, सीप र दक्षताको चर्चा हो अनि नेपाली सहकारी र साकोस अभियानको प्रतिष्ठाको चर्चा हो । देशव्यापी बनेको नेपालको बचत तथा ऋण अभियान विश्वका कूना सम्म पनि पुगेको छ । नेपालको सहकारी अभियानको विकास र विस्तारलाई विश्वको अभियानले सुक्ष्मरूपमा हेरिरहेको छ ।

क्रेडिट युनियनको अन्तर्राष्ट्रिय सञ्जालसँग जोडिएर यस संघले विश्वमा भईरहेका असल अभ्यासहरूबाट सिक्ने र नेपालको परिवेश अनुकुलका औजारहरु विकसित गरि प्रयोग गर्ने काम गरिरहेको छ । बचत ऋण सहकारीहरूको महादेशीय सञ्जाल एसियाली ऋण महासंघ सँग सन् १९९८ र विश्वस्तरीय सञ्जाल विश्व ऋण परिषद्सँग सन् २०१८ मा जोडिएको नेफ्स्कून सन् २०२३ मा संसारभरका सहकारीहरूको एकमात्र सञ्जाल अन्तर्राष्ट्रिय सहकारी महासंघ सँग आबद्ध भएको छ । नेपालको सहकारी अभियानलाई एशियादेखि उत्तर अमेरिका, दक्षिण अमेरिका, युरोपदेखि अष्ट्रेलियासम्म पुऱ्याउने काम नेफ्स्कूनले गरेको छ । यी महादेशका कुनै न कुनै सहकारीका माथिल्ला निकायसँग नेफ्स्कूनले सहकार्य गरेको छ । अन्तर्राष्ट्रिय सञ्जालीकरणमा नेफ्स्कूनले आफ्नो श्रेष्ठता कायम गरेको यो उदाहरण हो । यसले विश्व साकोस र सहकारी अभियानका कुनै पनि नवीवनत ज्ञान, सीप र प्रविधि साक्षरताको अवसरबाट नेफ्स्कून बञ्चित नरहने प्रष्ट पारेको छ । नेफ्स्कूनको यो उपलब्धि यसका सदस्य संघसंस्थाहरूको सामूहिक उपलब्धि हो, मुलुकको उपलब्धि हो ।

सहकारी सिकाइको पाठशाला नेफ्स्कून

नेपालको सहकारी र पछि बिस्तारै साकोस अभियानलाई प्रारम्भिक दिनमा व्यवस्थापकीय ज्ञान र सीप सिक्ने अवसर थिएन । सहकारी सञ्चालनको मुख्य आधार भनेकै निरन्तर शिक्षा हो भन्ने अवधारणा नेफ्स्कूनले विकसित गर्यो । आफ्नै अभ्यासबाट सिक्ने, अरु देशहरुमा भईरहेका अभ्यासहरुबाट सिक्ने र सिकाईलाई विशिष्टिकृत गर्ने काम भयो । यसै क्रममा सहकारी शिक्षामा विविधिकरण गर्दै सदस्य शिक्षा, व्यवस्थापन तालिम, सञ्चालकहरुको तालिम, लेखा सुपरिवेक्षणको तालिम लगायतका तालिम पाठ्यक्रमहरु पनि विकसित भए । अन्तर्राष्ट्रिय सम्बन्ध विकसित हुँदै जाँदा सिकाईका अवसरहरु पनि प्रशस्तै सिर्जना भए । थोरै संख्यामा भए पनि यस स्कूलिङ भित्रका संस्थाहरुका गतिविधिहरु साकोसहरुका लागि संस्कारको रुपमा विकसित हुँदै गयो । नेफ्स्कूनको सिकाइबाट अन्य विषय र प्रकृतिका सहकारीहरू पनि लाभान्वित भए । नेफ्स्कूनने विश्व क्रेडिट यूनियनबाट सिकेका असल अभ्यासहरू र



आफ्नै बुतामा विकास गरेका विधि र प्रक्रियालाई अन्य सहकारीहरूले पनि अवलम्बन गर्दै आए ।

नेफ्स्कूनले अन्तर्राष्ट्रिय सम्बन्धहरूमार्फत विभिन्न देशमा सहकारीले अवलम्बन गरेका विधि र पद्धति अनि परीक्षण गरिएका प्रविधिहरूलाई साकोस सञ्चालनका नविनतम औजारको रूपमा प्रवेश गराईयो । विश्वमा नै बचत तथा ऋण सहकारी संस्थाहरु सञ्चालन हुने छुट्टै दर्शन, विधि र प्रक्रियाहरु छन् र संस्थाको स्थायित्व, विकास र सुशासनको लागि त्यो अनुरूप नै संस्था सञ्चालन हुनुपर्ने रहेछ भन्ने कुराको मनन भयो । क्रेडिट युनियनका स्थापित पद्दतिहरूलाई साकोसहरूमा अबलम्बन गरियो । विधायकी, कार्यपालिकीय र व्यवस्थापकीय क्षेत्राधिकार हरुको चर्चा चल्यो र साधारणसभा, सञ्चालक समिति र व्यवस्थापनले सहि रूपमा यसको अभ्यास गर्ने तर्फ साकोस अभियानलाई नेफ्स्कूनले अग्रसर गरायो । साकोस स्थापना भएको केही वर्षसम्म सञ्चालकहरूले नै आंशिक समयमा त्यस भित्रको व्यवस्थापकीय कामहरु गर्ने परम्परा थियो । सानो आकार र सानो कारोबार भएका संस्थाहरूमा त्यसो हुनु स्वाभाविक पनि थियो । तर संस्थाहरु सक्षम हुँदै जाँदा यस्ता आन्तरिक पक्षहरूलाई सुदृढ गरेर जानुपर्छ भन्ने कुराको पक्षपोषण नेफ्स्कूनले गरि नै रह्यो । जुन बेलामा गुणस्तर सुनिश्चितताको कार्यक्रम नेफ्स्कूनले सञ्चालन गर्यो त्यो बेला मात्र वास्तविक रूपमा सञ्चालक समिति र व्यवस्थापन बीच कस्तो भिन्नता हुँदो रहेछ र यिनीहरु किन आ-आफ्नो क्षेत्राधिकार भित्र रहेर काम गर्नुपर्दो रहेछ भनेर साकोस अभियानले बुझ्ने अवसर पायो । नेफ्स्कूनले एसियाली ऋण महासंघको एक्सेस ब्रान्डिङ कार्यक्रम सञ्चालन गरेपछि यसमा सहभागी हुने संस्थाले आफूलाई अन्तर्राष्ट्रिय अभ्यास अनुरूप ढाल्न थाले । पर्ल्स अनुगमन पद्धति लगायत विभिन्न सूचकाङ्कका आधारमा संस्थाको वित्तीय स्वास्थ्य परीक्षण गर्ने प्रविधिको प्रयोग हुन थाल्यो । जुन संस्थाहरूले यि प्रविधिहरूको प्रयोग गर्न थाले स्वभाविक रूपमा ती संस्था अन्य संस्था भन्दा पृथक देखिन थाले । एक्सेस ब्रान्ड प्राप्त संस्थाहरूलाई नमूना संस्था मानेर अध्ययन भ्रमणमा विभिन्न संस्थाहरु जाने र त्यहाँबाट सिक्ने क्रमको समेत सुरूवात भयो । यस क्रममा संस्थाहरूले तजविजी अधिकारले नभई नीतिले संस्थालाई बलियो बनाउने रहेछ भन्ने प्रत्यक्ष अनुभव गर्न पाए ।

यस्ता प्रयासहरूले साकोसहरु एउटै नीति, एउटै विधि र उस्तै स्वरूपमा सञ्चालन हुनुपर्छ भन्ने मान्यता विकसित भयो । सुरक्षित साकोसको लागि सञ्जालीकरण एउटा अनिवार्य सर्त हो भन्ने सत्यलाई नेफ्स्कूनले मनन् गर्यो र साकोसहरूलाई पनि यो विषय बुझाउने अविश्रामित यत्न भयो । सहकारी ऐन २०४८ बमोजिम बचत तथा ऋण विषयका प्रारम्भिक सहकारी संस्था र जिल्ला स्तरीय संघहरु दर्ता भएका थिए । उनीहरूको स्वतन्त्र अस्तित्व छ र स्वायत्त पनि छन् । तर नीति र विधि भित्र रहेर संस्थाहरु सञ्चालन हुनु पर्छ, त्यो नीति र विधिमा एकरूपता हुनुपर्छ भन्ने विषयमा लामो समय बहस भयो र त्यसै अनुरूपको अभ्यास पनि हुन थाल्यो । यहि क्रममा

साकोसमा एकरूपता प्रणालीको अवधारणा विकसित भयो । संस्थाहरु सानो वा ठूलो जस्तो आकारको भए पनि तिनीहरूमा दृश्यमा एकरूपता, आन्तरिक नीतिमा एकरूपता, ब्याजदरमा एकरूपता हुनुपर्छ भन्ने विषयलाई नेफ्स्कूनको स्कूलिङ भित्रका संस्थाहरूले स्वीकार गरिसकेका छन् । गुणस्तर सुनिश्चितताको एकमात्र कार्यक्रम एक्सेस ब्रान्ड सम्म पुग्नका लागि सबै संस्थाहरु तयार नभएको अवस्थामा संस्थाहरु सुपरिवेक्षण भन्दा बाहिरै रहने भए । सानो कारोबार र थोरै सदस्य संख्या भएको संस्थालाई पनि नेफ्स्कूनको सुपरिवेक्षण भित्र ल्याउनका लागि नेपालस्तरको ब्रान्ड भन्दा अर्थात 'प्रोवेशन' को सुरूवात भयो । यसमा राज्यको तर्फबाट पनि समर्थन प्राप्त भयो र सहकारी विभाग र नेफ्स्कूनबाट प्रमाणिकरण हुने गरी प्रोबेशन ब्रान्ड प्रदान गर्न सुरूवात भयो । प्रोबेशन प्राप्त गर्न पनि संस्थाहरूले केही वर्ष आन्तरिक सुधारको प्रयास गर्नुपर्ने अवस्था देखिए पछि जोखिममा आधारित साकोस सुपरिवेक्षण कार्यक्रममा साकोसहरूलाई सहभागी गराई संस्थाहरूलाई विकास र सुशासनको अभ्यास गराउने क्रमको थालनी भयो । प्रोबेशन स्तरीकरण कार्यक्रममा निरन्तर हस्ताक्षरसहित सरकारी मान्यतासहितको दिगो र विश्वासीलो ब्राण्डिङ कार्यक्रमको रूपमा मुलुकको सीमा भित्र र बाहिर व्यापक परिचित गराउने नेफ्स्कूनको सत् प्रयासमा केही वर्ष अल्पविराम लागेपनि यो वर्षबाट फेरि त्यो विश्वास फर्काउन संघ पूर्ण रूपमा सफल भएको छ । यसले पनि बजारका अनावश्यक टिका टिप्पणीहरू र प्रश्नचिन्हहरूलाई पूर्णविराम लगाइदिएको छ ।

नेफ्स्कूनले पाएको अन्तर्राष्ट्रिय अवसर

नेफ्स्कूनलाई शुरूवाति दिनमा एसियाली ऋण महासंघ, कोडि इन्टरनेशनल ईन्स्टिच्यूट, सिसिए, एग्रिटेरा, आइएलओ, युसएड लगायतबाट र पछिल्ला दिनमा आकू, सिक्ट्याव लगायतका निकायहरूबाट वर्षमा नेफ्स्कून र आबद्ध सहकारी संघ/संस्थाका प्रतिनिधिहरू गरी करिव २०० जना भन्दा बढीले यो अवसर पाउनु भएको छ । बंगलादेशको बचत तथा ऋणको केन्द्रीय संघ सिसियूएलबी बीच बिगत २ दशक देखिको आपसी सद्भावना भ्रमण, थाईल्याण्ड क्रेडिट यूनियन एक्सपोजर भिजिट, आकू फोरममा उल्लेख्य सहभागिता, कोरियाको केन्द्रीय संघको भ्रमण अवसर लगायतका थुप्रै अवसरहरू प्राप्त भएका छन् । आगामी दिनमा विदेश तालिम, गोष्ठी र अवलोकन भ्रमणलाई अझ फलदायी बनाउन नेफ्स्कून दृढताका साथ लागि परेको छ ।

सामूहिकता र सञ्जालीकरणको नमूना अभ्यास

सहकारी मूल्य, मान्यता र सिद्धान्तमा अडिग नेफ्स्कूनले सामूहिकता र सञ्जालीकरणमा विशेष जोड दिदै आएको छ । सामूहिकताको बलमा जस्तै र जत्रै समस्याको पनि गाँठो फुकाउन सकिन्छ त्यसका लागि साना देखि ठूला सहकारी र माथिल्लोदेखि तल्लोतहसम्मक सबै सहकारीहरूलाई एकताबद्ध गराउनुपर्छ भनेर सञ्जालीकरणको अभ्यासमा आफुलाई उतार्दै आएको छ । फलतः आज साकोसहरू नेफ्स्कूनको छातामूनि गोलबद्ध हुनुपर्छ भनेर थपिदै आएका छन् । नेफ्स्कूनले पनि साकोस शुद्धीकरण र सुदृढीकरणको रणनीति सञ्जालीकरणमा जोड दिएको छ । यस क्रममा देखिएका केही समस्याहरूलाई फेरि सामूहिकताकै बलमा समाधान गर्दै पनि आएको छ । यो गैर सहकारी क्षेत्रका लागि प्रेरणा हो भन्नेमा दुइमत छैन । जिल्ला बचत संघहरु र नेफ्स्कूनबीच केही समय अन्तरविरोध देखिए पनि साकोस अभियानलाई सुधार गर्ने कुरामा यसको रचनात्मक भूमिकानै रहन गयो । साकोसहरु सञ्जाल बाहिर रहनु हुँदैन भन्ने विषयमा सबै बचत संघहरु र नेफ्स्कूनको एउटै आवाज रह्यो । नेफ्स्कूनले विभिन्न जिल्लाहरूमा सदस्य सेवा कार्यालय स्थापना गरेर सदस्यहरूलाई सेवा दिने क्रममा ती सदस्य सेवा कार्यालयहरु सञ्चालनमा बचत संघको भूमिका महत्वपूर्ण हुने महसुस गरि सदस्य सेवा कार्यालय व्यवस्थापन उपसमितिमा बचत संघहरूलाई सहभागी गराएको छ । हाल नेफ्स्कूनका प्रदेश र जिल्ला स्तरका कार्यक्रमहरूमा सम्बन्धित जिल्ला बचत संघकै अग्रसरता रहने अवस्था छ । यसमा जिल्ला बचत संघहरूको भूमिका प्रशंसनीय रहेको छ । मुलुक तीन तहको संघीय संरचनामा गईसकेको र जिल्लामा राज्यको प्रशासकीय निकाय समेत नरहने अवस्थामा जिल्ला संघहरूका विषयमा विभिन्न बहस र चर्चा नचलेका होइनन् । कानूनी आधारमा स्थापित स्वायत्त संस्थाहरु कानूनकै आधारमा अन्य स्वरूपमा रूपान्तरित हुनु स्वाभाविक हुनसक्ला तर सहकारी ऐन २०७४ ले जिल्ला स्तरीय संघहरूलाई यथावत मान्यता प्रदान गरेकोले यस विषयमा तत्काले कुनै फरक सोच्नुपर्ने अवस्था छैन । हाल नेफ्स्कूनले लिएको 'सवल र दिगो वित्तीय सहकारीहरूको साझा सञ्जाल' को परिकल्पनामा नेफ्स्कूनका सबै सदस्य संघसंस्थाहरु सहमत छन् र नेफ्स्कूनका कार्यक्रमहरूमा आआफ्नो ठाउँबाट सहयोग पुऱ्याईरहेका छन् ।

नेफ्स्कूनले सहकारीसम्बन्धी नीति नियमहरु निर्माणका विषयमा निरन्तर रूपमा राज्य पक्षसँग छलफल गर्ने र सुझाव दिने काम गर्दै आएको छ । साकोस ऐन, सहकारी अनुगमन र नियमन, स्थिरीकरण कोष, करसम्बन्धी व्यवस्था, सम्पत्ति शुद्धीकरणका विषयमा स्पष्ट रूपमा संस्थागत सुझावहरु राख्नुका साथै आवश्यक बहस पैरवी भएको छ । सहकारी ऐनमा स्थिरीकरण कोषको व्यवस्था गरिएता पनि साकोस अभियानलाई सुरक्षित गर्नका लागि यो व्यवस्था मात्र पर्याप्त छैन, हाल यो कोष पूर्णतः सञ्चालनमा आई योगदानमा क्रमिक बढोत्तरीमात्र होइन यसका लाभग्राहीहरू पनि थपिएका छन् । तर पनि यसको चुस्तता र साकोस अभियानको थप अपनत्वका लागि संरचनागत सुधारको विषयलाई नेफ्स्कूनले उपलब्ध सबै फोरमहरूमा उठाउने र सरोकारवालाहरूसँग घनिभूत बहस गर्दै आएको छ । यसमा राज्यसँग थप छलफल गरि निकास निकाल्न जरूरी छ र सो अनुरूप छलफलको प्रारम्भ समेत नेफ्स्कूनले गरिसकेको छ । संघहरूले आबद्ध संस्थाहरूको निरीक्षण तथा अनुगमन गर्ने भन्ने व्यवस्था ऐनमा नै भएको छ । नियमन र अनुगमनको जिम्मेवारी राज्य र सहकारी अभियान दुबैको हो भन्ने कुरा महशुस गरिएको छ र यसलाई सहकार्य र साझेदारीमा गरिनुपर्छ भन्ने धारणा

स्पष्ट रूपमा नेफ्स्कूनले अगाडि सारेको छ । प्रोबेशन र कर्ब्स कार्यक्रमहरूमार्फत संस्थाहरूको क्षमता अभिवृद्धि र सुपरिवेक्षण तथा अनुगमन एकसाथ हुने भएकोले यी कार्यक्रमहरूमा राज्यको सहयोग आवश्यक हुने तर्क नेफ्स्कूनले राखेको छ । संघीय, प्रदेश र स्थानीय तीनै तहका सरकारसँग यसमा सहकार्यको प्रस्ताव राख्नुका साथै केही कार्यक्रमहरूमा यसको कार्यान्वयन समेत हुन थालेको छ ।

उपसंहार

नेपालमा सुरक्षित, दिगो र विश्वसनीय साकोसहरु मार्फत समुदायका व्यक्तिहरूको जीवनस्तर सुधार गर्ने ध्येय नेफ्स्कूनले लिएको छ । यो नेफ्स्कूनको मात्र एजेण्डा नभई सम्पूर्ण साकोस अभियानको सोच हो । यस अनुरूप नेफ्स्कूनले लिएका उद्देश्यहरु प्राप्त गर्नका लागि साकोस अभियानमा एउटा खाका तयार भइसकेको छ । यसमा सबै सम्बन्धित पक्षहरूको इमान्दार प्रयासको खाँचो छ । काम गर्ने क्रममा आएका सैद्धान्तिक तथा कार्यगत विमति र समस्याहरूको गाँठो फुकाउँदै अगाडि बढ्नु पर्ने हुन्छ । अबको दिनमा नेपालको बचत तथा ऋण सहकारी संस्थाहरूले नविनतम प्रविधिहरूको प्रयोग गरि उत्कृष्ट वित्तीय सेवा प्रदान गर्नु पर्ने अवस्था आईसकेको छ । अबको केही वर्ष भित्रै सञ्जाल भित्र नआएका संस्थाहरूलाई सञ्जाल भित्र ल्याउने, प्रविधिको प्रयोग गरेर नेपालका जुनसुकै साकोसका सदस्यहरूलाई जहाँसुकैबाट सहज वित्तीय सेवा उपलब्ध हुने अवस्था सृजना गर्ने र वित्तीय सेवालाई पूर्ण रूपमा डिजिटलाइज्ड गर्नु आवश्यक छ । अब छुट्टै साकोस ऐनमार्फत वित्तीय सहकारीहरूलाई सुशासित, मर्यादित, दिगो र सञ्जालीकृत गर्ने अभियानमा नेफ्स्कून लागेको छ । यस्तै, अन्तर्राष्ट्रिय सहकारी महासंघ (आईसीए) ले घोषणा गरेको दोस्रो सहकारी दशक -सन् २०२०-२०३०) को जनता केन्द्रित मार्ग', संयुक्त राष्ट्र संघले सन् २०१५-२०३० सम्मका लागि घोषणा गरेको दिगो विकास लक्ष्य, विश्व ऋण परिषद् (ओकू) ले घोषणा गरेको 'सन् २०२५ सम्मका चुनौती' जसअन्तर्गत विश्वव्यापी क्रेडिट युनियनहरूको डिजिटाइजेशनको लक्ष्य, एसियाली ऋण महासंघको रणनीतिक लक्ष्यहरूलाई पनि आत्मसात् गर्दै अघि बढ्नुपर्ने हुन्छ । त्यसका लागि एकल प्रयासले मात्र पुग्दैन । साकोस अभियानका सम्पूर्ण सरोकारवालाहरूले यसमा सामुहिक सोच बनाई अघि बढ्नु पर्छ ।

साराशंमा भन्नुपर्दा नेफ्स्कूनका संस्थापक अध्यक्ष स्वर्गीय भोजराज घिमिरेको भनाइ 'नेफ्स्कूनले देशभरका बचत ऋण सहकारीको आफै अनुगमन गर्नुपर्छ । छाता संगठन भएको हिसाबले पनि आफु निकटका सहकारीहरूलाई व्यवस्थित गर्ने दायित्व उसैको हो" र नेफ्स्कूनको विनियममा पनि सोही बमोजिम संशोधन गरिएको छ । सहकारीमा लाखौं व्यक्तिहरूले रकम जम्मा गरेका छन् । त्यसको सुरक्षा गर्नु र अनुगमन गर्नु नेफ्स्कूनको दायित्व हो । यसलाई संघले सधै शिरोधार्य गर्दै आएको छ ।

एवम् रीतले गरिरहने पनि छ । हाल नेफ्स्कूनले लिएको एकीकृत साकोस सञ्जालको लागि साझा प्रविधिको विकास, स्तरीकरण र स्थिरीकरण कोषको प्रभावकारी कार्यान्वयन, निरन्तर बहस पैरवी, शिक्षा, तालिम र सशक्तिकरण, व्यवसायिकरण, सुशासन र जोखिममुक्त साकोस अभियानको मार्गदर्शन हो ।

अबको केही वर्ष भित्रै सञ्जाल भित्र नआएका संस्थाहरूलाई सञ्जाल भित्र ल्याउने, प्रविधिको प्रयोग गरेर नेपालका जुनसुकै साकोसका सदस्यहरूलाई जहाँसुकैबाट सहज वित्तीय सेवा उपलब्ध हुने अवस्था सृजना गर्ने र वित्तीय सेवालाई पूर्ण रूपमा डिजिटलाइज्ड गर्नु आवश्यक छ ।



हार्दिक शुभकामना

नेपालका बचत तथा ऋण सहकारीहरुको एक मात्र शीर्ष संघ
नेफ्स्कूनको गरिमामय

३६औं स्थापना दिवस

३६औं स्थापना दिवसको अवसरमा स्मारिका प्रकाशन गर्न गईरहेकोले संघको उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

बाग्लुङ
जिल्ला बचत तथा ऋण सहकारी संघ लि.
बा.न.पा. २, बागलुङ, गण्डकी प्रदेश
फोन: ०६८-५२१७७९
इमेल : bdscu779@gmail.com

हाम्रो सुपर
बचत तथा ऋण सहकारी संस्था लि.
बर्दघाट २, चिसापानी नवलपरासी
फोन: ०७८-५८०६२७/५८०६२८
इमेल : supersaccos067@gmail.com

श्री गंगामाला स्वावलम्बन विकास
बचत तथा ऋण सहकारी संस्था लि.
भेरीगंगा नगरपालिका १२, छिन्चु, सुर्खेत
फोन: ०८३-५४००१७, ५४०२७७
इमेल: gangamala2055@gmail.com

हाम्रो एकीकृत
बचत तथा ऋण सहकारी संस्था लि.
काठमाडौं महानगरपालिका १५, स्वयम्भू
फोन: ०१-५२४७२१८, ५२४७२५४
इमेल: hekikritsaccos@gmail.com
वेवसाइट: www.hamroekikrit.org.np

श्री माँ मनकामना
बचत तथा ऋण सहकारी संस्था लि.
भरतपुर १, चितवन
फोन: ०५६-५९६२६४
इमेल: shreemaamanakamana@gmail.com

प्रभात दिदीबहिनी
बचत तथा ऋण सहकारी संस्था लि.
भरतपुर महानगरपालिका-१२, मालपोतचोक
फोन: ०५६-४९०७६५, ४९००७६
इमेल: pravatwomensaccos@gmail.com

वित्तीय सहकारी अभियानको अबको यात्रा सुशासन र सुरक्षा

लेख



परितोष पौड्याल

अध्यक्ष, नेफ्स्कून

विषय प्रवेश

स्तरीकरण कार्यक्रम मार्फत बचत तथा ऋण सहकारी संस्था (साकोस) को सुशासन र स्थिरीकरण कोष मार्फत सहकारी संस्थाको सुरक्षा नै वर्तमान साकोस अभियानका अनिवार्य र महत्त्वपूर्ण आयाम हुन् । स्तरीकरण कार्यक्रम र स्थिरीकरण कोष साकोस अभियानले गौरवपूर्ण इतिहासको ३५ वर्षको पहलकदमी र सक्रियाताले प्राप्त गरेको आधारभूत र मुख्य उपलब्धिहरू हुन् । यसलाई संस्थागत गर्ने क्रममा सहकारी ऐनको दफा १०३ को भावना अनुरूप सहकारी विभाग र नेफस्कूनको समझदारीमा संस्थाहरूको स्तरीकरण कार्यक्रम **पूर्ण तथा व्यवसायिक साकोस विकास कार्यक्रम (प्रोबेशन)** सञ्चालन गर्ने समझदारी पत्रमा मिति २०८०।०१।२६ गते हस्ताक्षर भएको छ । नेपाल सरकार मन्त्रीस्तरीय निर्णय अनुसार २०७९।०२।२७ गतेदेखि औपचारिक रूपमा स्थिरीकरण कोष स्थापना भएको छ ।

१. स्तरीकरण कार्यक्रम :

अविभाजित बचत तथा ऋण अभियानको सञ्चालन प्रणालीको प्रभावकारिता, संस्थागत छविमा निर्माण, व्यवस्थापन र विकास एकरूपता कायम गर्न केन्द्रीयतामा अधिनस्तताको आधारमा संस्थाहरूलाई स्तरीकृत गर्नु पर्दछ । स्तरीकरणको लागि प्रारम्भिक संस्थामा प्रभावकारी कार्यसम्पादन मार्फत सदस्यको सन्तुष्टिलाई ध्यान दिनु पर्दछ । सञ्जालले अन्य वित्तीय प्रदायकको बीचमा प्रतिस्पर्धात्मक स्थान कायम राख्न एकरूपता प्रणाली, साझा वुझाई र नियामक मापदण्डहरूको निर्माण गर्नु पर्दछ । प्रारम्भिक संस्थाको नियामक मापदण्डको आधारमा प्रणालीमा स्तरीयता कायम राखी अभियानलाई उच्च स्तरमा लानु पर्दछ । नियामक मापदण्डमा कठोर केन्द्रीयता मार्फत वित्तीय सहकारीको सञ्चालन गर्नु पर्दछ । स्वतन्त्र प्रतिस्पर्धी नेटवर्कमा सबै तहका संघ संस्थाहरू आफ्नै ढंगले सञ्चालित हुन्छन् । ती संस्थाहरूको छवि निर्माण, प्रणाली सम्भार, नीति र प्रविधिमा एकरूपता कायम हुन्छ । अविभाजित साकोसमा केन्द्रीय सञ्जालमा आबद्ध साकोसका हरेक सदस्यहरूले सबै साकोसमा अपनत्व र स्वामित्वको अनुभूति गर्दछन । फरक बजारमा पनि अविभाजित सञ्जाल भित्र रहेका साकोसका सबै सेवा र उत्पादनमा, विधि, नीति र प्रविधिमा उस्तै

> स्तरीकरण कार्यक्रम र स्थिरीकरण कोष साकोस अभियानले गौरवपूर्ण इतिहासको ३५ वर्षको पहलकदमी र सक्रियताले प्राप्त गरेको आधारभूत र मुख्य उपलब्धिहरु हुन् । यसलाई संस्थागत गर्ने क्रममा सहकारी ऐनको दफा १०३ को भावना अनुरुप सहकारी विभाग र नेफस्कूनको समझदारीमा संस्थाहरुको स्तरीकरण कार्यक्रम पूर्ण तथा व्यवसायिक साकोस विकास कार्यक्रम (प्रोबेशन) सञ्चालन गर्ने समझदारी पत्रमा मिति २०८०।०१।२६ गते हस्ताक्षर भएको छ ।

फेसन, प्रभावकारी सञ्चालन, सिर्जनात्मक प्रविधि र कुशल व्यवस्थापमा उस्तै कार्यकुशलता बीचमा प्रतिस्पर्धात्मक प्रर्दशन गर्दछन् ।

रणनीतिक व्यवस्थापनका चार पक्षहरु

एसियाली स्तरको साकोस गुणस्तर सुनिश्चितताको कार्यक्रम एक्सेसले रणनीतिक व्यवस्थापनका चार पक्षहरू संलग्न गरि सूचकहरु विकास गरेको छ । यसबाट संस्थाको समग्र विकास र गुणस्तर सुधारमा योगदान पुगेको छ ।

- वित्तीय दृष्टिकोण (Financial Perspective)
- सदस्य दृष्टिकोण (Member Perspective)
- आन्तरिक व्यवसाय दृष्टिकोण (Internal Business Perspective)
- सिकाई र वृद्धि दृष्टिकोण (Learning & Growth Perspective)

अविभाजित अभियानका आधारभूत पक्ष

१.१. सञ्चालन प्रणालीमा एकरुपता

१.२. नीति, विधि र प्रविधिमा एकरुपता

१.३. उत्पादन र सेवामा एकरुपता

१.४. संस्थागत छविमा एकरुपता

नीतिगत केन्द्रीयताको आधारमा प्रत्येक संघ संस्थाहरूले केन्द्रीय संघको साधारण सभामार्फत प्रतिनिधिमूलक सहभागितामा नीतिहरू निर्माण गर्दछन् । पारित गरिएका नीतिलाई संघ/संस्थाले अनिवार्य रूपमा अवलम्वन गर्दछन् र संघ/संस्थाहरू यसलाई पालना गर्न प्रतिवद्ध रहन्छन् ।



प्रारम्भिक संस्थाले बजारको आवश्यकताको आधारमा प्रतिस्पर्धात्मक स्तरलाई कायम राख्नु पर्दछ । यसरी प्रतिस्पर्धात्मक स्तरलाई कायम राख्दा अविभाज्यताको आधारभूत मान्यतालाई आत्मसात गर्नु पर्दछ ।

१.१. सञ्चालन प्रणालीमा एकरुपता

सञ्चालनको लागि अभियानका वित्तीय संस्थाको कार्यालयको ब्राण्ड रङ, तथा नीति, विधि र प्रविधिमा एकरूपता कायम गर्नु पर्दछ । पहिलो प्रभाव पार्ने पक्ष बचत तथा ऋणका उत्पादनहरूले नै हो । यसले लेखा प्रणाली, कार्यविधि, आवेदन फारम, नियन्त्रण प्रणाली र सूचना व्यवस्थापन प्रणाली, हार्डवेयर र सफ्टवेयर प्रणाली, वित्त र मानव संशाधन प्रणालीमा एकरूपता कायम गरी सञ्चालान प्रणालीमा समेत एकरूपता ल्याउनु पर्दछ ।

१.२. विधि, नीति र प्रविधिमा एकरुपता :

वित्तीय सहकारीलाई सञ्चालन गर्न विश्व ऋण परिषद्ले विधि अर्थात सिद्धान्तहरू प्रतिपादित गरेको छ । ती विधिहरूमाः सदस्य सुरक्षा सिद्धान्त, सुशासनको सिद्धान्त, सञ्चालन, सिद्धान्त र सुरक्षा र स्वस्थताको सिद्धान्त छन्, जसको आधारमा संस्थाहरू निर्देशित हुन्छन्, जसको आधारमा राज्यका कानून र नियमावलीहरू बन्दछन् । संस्थाको लक्ष्य र उद्देश्य प्राप्त गर्न यी प्रस्तुत सिद्धान्तको माताहतमा केन्द्रीय संघले आन्तरिकीकरण गरेका र स्वीकृत गरेका आधारभूत नीतिहरू वित्तीय सहकारी संस्थाले अनिवार्य र आधारभूत रूपमा अभ्यास गर्नु पर्दछ । प्रस्तुत सिद्धान्तलाई व्यवहारमा लैजान नीतिहरूले सिद्धान्तको सेवा गर्नु पर्दछ । संस्थाहरूको लागि एकीकृत मार्गदर्शन र अवस्थामा नेफ्स्कून नीतिहरू कार्यान्वयनको लागि उत्तरदायी हुनु पर्दछ । नीतिगत केन्द्रीयताको आधारमा प्रत्येक संघ संस्थाहरूले केन्द्रीय संघको साधारण सभामार्फत प्रतिनिधिमूलक सहभागितामा नीतिहरू निर्माण गर्दछन् । पारित गरिएका नीतिलाई संघ/संस्थाले अनिवार्य रूपमा अवलम्वन गर्दछन् र संघ/संस्थाहरू यसलाई पालना गर्न प्रतिवद्ध रहन्छन् ।

१.३. उत्पादन र सेवाको स्तरीयता

उत्पादन र सेवाको स्तरीयता अविभाज्य अभियानको एक प्रक्रिया हो । प्रारम्भिक संस्थाले बजारको आवश्यकताको आधारमा प्रतिस्पर्धात्मक स्तरलाई कायम राख्नु पर्दछ । यसरी प्रतिस्पर्धात्मक स्तरलाई कायम राख्दा अविभाज्यताको आधारभूत मान्यतालाई आत्मसात गर्नु पर्दछ । अविभाज्य सञ्जालका सदस्यले सबै साकोसबाट समान स्तरका सेवा र उत्पादन पाउन सकून् भन्ने विषयमा केन्द्रीय संघ सजग हुनु पर्दछ । प्रारम्भिक संस्थाले आफ्ना उत्पादन र सेवा सदस्यको उपयोगी छ यकिन गर्नुपर्दछ । सो विषयमा उत्पादन र सेवालाई विकास गर्न सञ्जाललाई सूचित गर्नु पर्दछ भने अविभाज्य सञ्जालले उत्पादन र सेवा वितरणमा अनुकूलताको आधारमा स्रोतको उपयुक्त बाँडफाँड गर्नु पर्दछ ।

१.४ संस्थागत छवि :

छवि निर्माण कुनै संगठित संस्थाको प्रस्ट र विस्तारित कल्पना मात्रै होइन यो हरेक व्यक्तिमा संस्था प्रतिको अवधारणा र अनुभूति हो । छवि मानिसको चेतनामा वास्तविकताको प्रतिविम्बको त्यो स्वरूप हो जुन संगठनात्मक चरित्रको माध्यमले प्रकट हुन्छ । छविले आम नागरिकमा विश्वसनियता, आचरण, गुणस्तरीय सेवाको प्रत्याभूतिको प्रस्तुति गर्दछ । अविभाज्य संघीय संरचनामा छविले आफ्नो संगठनको विशिष्ट व्यानर र राष्ट्रिय बजारीकरणको रणनीतिलाई सम्वोधन गर्दछ । अविभाज्य संरचनामा कानूनी दृष्टिकोणबाट हरेक प्रारम्भिक संस्था एउटा हुन्छ र बजारको छविको रूपमा एकरूपता प्रणालीलाई स्वीकार गरेको हुन्छ । केन्द्रीय संघ संस्थाको छवि कायम राख्न र नागरिकहरूमा प्रभाव पार्न र धारणा बनाउन महत्वपूर्ण भूमिका खेल्दछ । नेफ्स्कूनको ऐक्यवद्धता लोगो प्रयोग गर्दा एकीकृत साकोस सञ्जाल विकास कार्यक्रममा समाविष्ट संस्थाले मात्र प्रयोग गर्न पाउनेछन् । ऐक्यवद्धता लोगो प्रयोग गर्दा एकरूपता सम्बन्धी कम्तिमा तोकिए बमोजिमका सञ्चालन विधि पुरा गरेको हुनुपर्नेछ । कुनै संघ संस्थाहरूमा प्रतिनिधित्व गर्दा अर्थात सद्भाव भ्रमणमा जाँदा योग्यता पुरा गरेका व्यक्तिले मात्र सहभागी हुन पाउने व्यवस्था मिलाउनुपर्नेछ । समुदाय प्रति चासो र वातावरण सहित कम्तिमा संस्थाको वर्गीकरण अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । सदस्य कल्याण कार्यक्रम अन्तर्गत संस्थाको वर्गीकरण अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । ब्राण्ड व्यवस्थापनमा एकरूपता ल्याउन कार्यालय व्यवस्थापन, रङग रोगन, साइनवोर्ड, शेयर प्रमाण पत्र, परिचय पत्र, लेटर प्याड, कागजात र उच्चस्तरीय प्रविधि (मिरा इआरपी) का सवै आयामहरू लगायतका विषयलाई एकरूपता ब्राण्डमा स्तरीयता कायम गर्नुपर्नेछ ।

समाज विकासको क्रममा मानिसले अधिकतम सुविधा र सहुलियतको माग गर्दै जान्छन् र वित्तीय सहकारीले पनि प्रतिस्पार्धात्मक गुणस्तरीय सेवाको सुविधा दिनु अत्यावश्यक हुदै जान्छ । यस्तो सुविधा छ भन्ने कुराको पुष्टि भावनात्मक रूपमा र संस्थालाई आफूलाई लागेको आधारमा हुँदैन यसलाई केन्द्रीय निकाय तथा अन्तर्राष्ट्रिय निकायले प्रमाणिकता दिनु पर्दछ । यस्तो गुणस्तरीय सुनिश्चताको आधारमा व्राण्ड र वेञ्चमार्कहरू : **ACCESS**[1], **PROBATION**[2] र जोखिममा आधारित सुपरिवेक्षण, वित्तीय सहकारी ऐन, सदस्यसँग सम्बन्ध विस्तार र व्यवस्थापन एवम् फेडरेटेड प्रणाली अनेकौं विषयहरू विश्वभरि प्रचलित छन् । वित्तीय सिद्धान्तको जगमा उभिएका अभ्यास र व्यवहारवाट खारिएका यी सिर्जनात्मक प्रविधिहरूलाई आन्तरिकीकरण गरी नेपालको समाज विज्ञानसंगै सापेक्षित विकास गर्नु आजको अपरिहार्य सर्त हो । सञ्जालिकृत एकीकृत साकोस प्रणालीको विकासमा अभियानको नेतृत्व, वहस र पैरवीमा नेफ्स्कून लागिरहेको छ ।

नेपाली साकोस अभियानले विधि, नीति र प्रविधिलाई संस्थागत गर्न फड्को मारिसकेको छ । बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरुको वित्तीय सक्षमतामा भएको वृद्धिसँगै साकोसमा देखा पर्न सक्ने वित्तीय संकट समाधानका लागि संस्थाको आफ्नो आन्तरिक कोष र संस्था सम्बद्ध संघहरूले नियमानुसार प्रदान गर्न सक्ने सीमित सापटी सहयोग बाहेक सरकारी वा केन्द्रीय स्तरमा कुनै आर्थिक सुविधाको व्यवस्था भइसकेको छैन । सहकारी संस्थाहरुको कारोबार बढ्दै गएको र केही सहकारी संस्थाहरु असफल भई सहकारी क्षेत्रप्रति जनविश्वास घट्दै गएको अवस्थालाई मध्यनजर गर्दै सहकारी संस्थाहरुमा वित्तीय संकट आईपर्दा सापटी प्रदान गर्न र जनमानसमा सहकारी संस्थाहरु जोखिममुक्त, दिगो र भरपर्दा छन् भन्ने सन्देश दिन नेपालमा पनि स्थिरीकरण कोष (Stabilization Fund) को अवधारणा लागु गरिएको छ । सहकारी संस्थाहरु वित्तीय संकटमा परे उक्त संकट समाधान हेतु वित्तीय स्रोत उपलब्ध गराउने उद्देश्यले स्थिरीकरण कोषको अवधारणा अघि सारिएको हो । हाल बचत तथा ऋण सहकारी संस्थाहरु मात्र सहभागी हुन सक्ने

1 **A**1 **C**ompetitive **C**hoice for **E**xcellence in **S**ervices and **S**oundness
2 **PRO**gram for **B**uilding **A**bsolute and Professionaliza**TION**

गरी व्यवस्था गरिएको स्थिरीकरण कोषको सुरूवातलाई नेपाली सहकारी अभियानको नयाँ अध्याय नै मान्नु पर्छ ।

इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरूलाई वित्तीय संकटको बेला केन्द्रीय बैंकबाट अन्तिम ऋणदाता सुविधा (Lender of the Last Resort) प्राप्त भए जस्तै सहकारी संस्थाहरु वित्तीय संकटमा पर्ने बेला यस्तै सुविधा प्रदान गर्ने ध्येयले स्थिरीकरण कोषको अवधारणा विकास गरिएको हो । स्थिरीकरण कोषलाई सहकारी संस्थाको स्थायित्व र विश्वासिलो सुरक्षा कवच एवं वित्तीय स्वास्थ्य र साख सिर्जनाको भरपर्दो आधार मानिएको छ । नेपालमा स्थिरीकरण कोष स्थापना र सञ्चालन सम्बन्धमा सहकारी ऐन, २०७४, सहकारी नियमावली, २०७५ र बचत तथा ऋण सहकारी संस्था सम्बन्धी स्थिरीकरण कोष स्थापना तथा सञ्चालन कार्यविधि, २०७६ मा विभिन्न व्यवस्थाहरू गरिएका छन् । सोही अनुसार स्थिरीकरण कोषको कार्यालय स्थापना भई कार्य अघि बढिरहेको छ ।

२. स्थिरीकरण कोष

२.१ स्थिरीकरण कोष

नेफस्कूनको अथक पैरवी पश्चात स्थिरीकरण कोष देहायका ४ वटा विषयः संस्थाको बचाउ, विकास, संरक्षण र व्यवस्थापनमा मात्र उपयोग गर्न पाइने व्यवस्था छ ।

(क) बचाउ : सहभागी सहकारी संस्थाको तरलता कायम राख्न र समस्याग्रस्त सहकारी संस्थाको बचाउको लागि सापटी दिन,

(ख) विकास : सहभागी सहकारी संस्था समस्याग्रस्त घोषणा भएको अवस्थामा त्यस्तो संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धी कार्य गर्न गठन भएको व्यवस्थापन समितिको खर्च व्यहोरी संस्थागत विकास गरि संस्था सञ्चालनको प्रत्याभूति दिन,

(ग) संरक्षण : सहभागी सहाकारी संस्था समस्याग्रस्त घोषणा भई सम्बन्धित संस्था सदस्य रहेको केन्द्रीय विषयगत सहकारी संघ वा राष्ट्रिय सहकारी महासंघले समस्याग्रस्त संस्था पुनर्सञ्चालनको विश्वसनीय कार्ययोजना पेश गरी पुनर्सञ्चालनको जिम्मेवारी लिएमा त्यस्तो संस्थाको दायित्व भुक्तानी लगायत पुनर्सञ्चालनमा उपयोग गरि संस्थालाई संरक्षण प्रदान गर्नु,

(घ) व्यवस्थापन : स्थिरीकरण कोष सञ्चालन समितिको खर्च व्यहोर्न र तोकिए बमोजिम अन्य कार्यमा उपयोग गरि संस्थाको व्यवस्थापनलाई सुरक्षित र सुदृढीकरण गर्न ।

योगदान वापतको रकम अभियानकै तर्फवाट न्यूनतम रू.१० करोड पुगे पश्चात कोष खडा भइसकेको छ आवश्यकता अनुसार कानून बमोजिम कोषको उपयोग पनि गरिदै आएको छ ।

पछिल्लो समयमा नेपालमा बचत तथा ऋण सहकारी संस्थाहरु समस्यामा पर्ने, सदस्यहरुको बचत फिर्ता गर्न नसकी सञ्चालकहरु फरार हुने र कारोबार सञ्चालन गर्न नसकी बन्द नै गर्नु पर्ने अवस्था बढ्दै जाँदा यो कोषको औचित्यता र आवश्यकताको अनुभुति भएको छ । यसले गर्दा सहकारी क्षेत्रप्रति सर्वसाधारणको जनविश्वास घट्दै पुनर्जागरण ल्याउने र सहकारी संस्थासँग बचत तथा ऋणको कारोबार गर्न विश्वसनीयता वृद्धि हुनेछ । विद्यमान सहकारी अभियानको साख जोगाउने विषम स्थितिलाई मत्थर गर्ने उपायको रूपमा स्थिरीकरण कोष कार्यान्वयनमा ल्याइएको छ । स्थिरीकरण कोष सहकारी संस्थालाई आर्थिक संकटको कारण टाट पल्टिनबाट जोगाउने सहकारी अभियानको जगेडा कोषको रूपमा रहेको छ । यो सहकारी संस्थाको जोखिम व्यवस्थापनको पूर्व तयारी र संस्थागत बीमाको अवधारणामा आधारित वित्तीय सेवा हो । स्थिरीकरण कोषको असल अभ्यास आयरल्याण्ड, ब्राजिल, लाओस, मलेसिया जस्ता देशहरुमा सफलतापूर्वक भइरहेको छ भने दक्षिण कोरिया, संयुक्त राज्य अमेरिका, क्यानाडा, पोल्याण्ड, बहामास, जमैका, ट्रिनिदाद एण्ड टोबागो, लिथुवानिया, फिलिपिन्स आदि मुलुकमा फरक फरक नामबाट सञ्चालनमा रहेको छ । त्यसैले ती देशको सहकारी अभियान धेरै अगाडि बढेको र सर्वसाधारण बीच सहकारी क्षेत्र लोकप्रिय रहेको छ ।

२.२. स्थिरीकरण कोष अवधारणा

स्थिरीकरण कोषमा योगदान गरिएको रकम पहुँचवालाहरूले मात्र आफुखुशी प्रयोग गर्छन् र यसबाट सहभागी सहकारी संस्थालाई कुनै आर्थिक लाभ हुँदैन भन्ने भ्रम केही सहकारीकर्मीहरुमा रहेको पाइन्छ । स्थिरीकरण कोषको अवधारणा नै योगदानमा आधारित सेवा भएकोले यसमा योगदान नगरी सुविधा प्राप्त गर्ने भन्ने हुँदैन । कोषमा योगदान गरिएको रकमको उपयोगको सम्बन्धमा ऐन कानूनमै स्पष्ट व्यवस्था गरिएको र कोष सञ्चालनको निमित्त सहकारी मन्त्रालय, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, सहकारी विभाग, राष्ट्रिय सहकारी





विकास बोर्ड, राष्ट्रिय सहकारी महासंघ, राष्ट्रिय सहकारी बैंक र सहभागी सहकारी संस्थाहरूका प्रतिनिधि समावेश रहेको स्वायत्त सञ्चालन समिति रहने भएकोले कोषमा जम्मा भएको रकमको उपयोग आवश्यकताका आधारमा न्यायोचित रूपमा हुने प्रत्याभूति प्रदान गर्दछ । नियमानुसार योगदान गरेपछि मात्र कोषबाट उपलब्ध हुने सुविधा प्राप्त हुने भएकोले कोषमा योगदान नै नगरी कोषमा जम्मा भएको रकम दुरूपयोग हुने र सहकारी संस्थालाई कुनै आर्थिक लाभ हुन्न कि भनी शंका गर्नु संकट नपर्दासम्म नचेत्ने र संकट आइपर्दा पश्चाताप गर्ने सहकारीकर्मीको अदूरदर्शी सोच मात्र हुन्छ ।

२.३ स्थिरीकरण कोषको कानूनी संहिता



नेपालको नयाँ सहकारी ऐन, २०७४ मा स्थिरीकरण कोष सम्बन्धी व्यवस्था गरिएको छ । उक्त ऐन अन्तर्गत बनेको सहकारी नियमावली, २०७५ र उक्त ऐन तथा नियमावली बमोजिम तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको बचत तथा ऋण सहकारी संस्था सम्बन्धी स्थिरीकरण कोष स्थापना तथा सञ्चालन कार्यविधि, २०७६ मा स्थिरीकरण कोष स्थापना र सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको छ । नेपालमा स्थिरीकरण कोषको अवधारणालाई व्यवहारिक र प्रभावकारी रूपमा कार्यान्वयनमा लैजानको लागि ती ऐन, नियमावली र कार्यविधिमा हाल गरिएका व्यवस्थाहरु अन्य मुलुकमा लागु गरिएको व्यवस्थाको तुलनामा पर्याप्त र पूर्ण छैनन् । स्थिरीकरण कोषमा सहभागिता वृद्धि गर्न तथा अनिवार्य गर्न र कोषमा गरिने योगदानलाई न्यायोचित बनाउन योगदान विधि लगायतका विषयमा परिमार्जन गर्दै अगाडि बढ्नु पर्ने देखिन्छ । यद्यपि नेपाली सहकारी अभियानको लामो बहस र छलफलपछि ऐन कानूनमा समेटिएको व्यवस्थालाई अत्याधिक उपयोग गर्दै स्थिरीकरण कोषलाई थप प्रभावकारी बनाउँदै लैजानुको विकल्प छैन ।

कोषमा सहभागिताको विषय ऐच्छिक नभई अनिवार्य गर्नु पर्ने अन्य देशमा लागु गरिएको स्थिरीकरण कोषको अनुभवले भन्छ भने कोषमा गरिने योगदान नाफाको आधारमा नभई जोखिम सम्पत्ति सिर्जनाको आधारमा तोकिनु पर्छ । यसले कोषमा सहभागिता व्यापक बन्छ र सबै क्षेत्रका सहकारी संस्थालाई को षले समेट्न सम्भव हुन्छ । कोषमा सहभागिताका लागि केही योग्यता तोकिनु उपयुक्त हो तर अप्ठेरो योग्यता राखेर सहभागी हुन बन्देज लगाउनु उपयुक्त हुँदैन । सुरू सुरूमा सुविधाको रूपमा कोषबाट प्रदान गरिने सापटी रकममा सीमा तोकिनु उपयुक्त भए पनि सयम परिस्थिति अनुसार यसमा परिमार्जन गर्दै लैजानु पर्ने देखिन्छ ।

स्थिरीकरण कोषमा सहभागी संस्थाहरूले जम्मा गरेको रकमलाई लगानी गरेको अर्थमा बुझ्ने गरेको पाइन्छ । यस्तो रकम कुनै लगानी नभई भविष्यमा कुनै वित्तीय संकट पर्दा कोषबाट सापटी सुविधा प्राप्त गर्ने मूल आधार मात्र हो । यस्तो योगदान रकममा कोषले ब्याज दिन मिल्दैन भने पछि एकमुष्ट फिर्ता पनि हुँदैन । सहभागी सहकारी संस्थाहरूले प्रचलित कानून अनुसार कोषमा गर्नु पर्ने योगदान रकमबाट नै कोषको आकार वृद्धि हुँदै जाने भएकोले सहकारी अभियानको मजबुत कोष निर्माणका लागि सबै सहकारी संस्थाहरूले योगदान रकम तोकिए बमोजिम समयमै जम्मा गर्नु जरूरी छ । हालको लागि यस्तो योगदान वापतको रकम सहकारी संस्थाहरूको खर्च पनि होइन र लगानी पनि होइन । यो समग्र सहकारी अभियानको जगेडा कोष हो । संस्था सञ्चालनबाट भएको नाफाको थोरै अंश योगदान गर्ने मात्र हो, जसले भविष्यमा आर्थिक संकट पर्दा कोषबाट सापटी सुविधा प्राप्त हुने प्रत्याभूति प्रदान गर्दछ ।

२.४ निस्कर्ष

वित्तीय सहकारी अभियानमा जोखिम जहिले पनि विद्यमान रहन्छ जोखिमलाई न्यून गर्न ढिलै भए पनि नेपालको सहकारी क्षेत्रमा स्थिरीकरण कोषको अवधारणाले मूर्त रूप लिएको छ । यसको माध्यमबाट सहकारी अभियानलाई जोखिममुक्त, दिगो र भरपर्दो बनाउँदै लैजाने जिम्मेवारी सहकारी अगुवाहरूकै हो, सञ्चालन समिति त निमित्त मात्र हो । कोष स्थापनाले मात्र सहकारी क्षेत्र जोखिममुक्त, दिगो र भरपर्दो हुने होइन, यो त सहकारी क्षेत्रको एक भरोसा र विश्वासको आधार हो । सहकारी क्षेत्रमा अग्रसर सबैले आआफ्नो सहकारी संस्थाहरु, सहकारी सिद्धान्त र मूल्य मान्यतालाई आत्मसात गरी स्वनियमनमा रही सञ्चालन गर्नु पर्दछ । अभियान जति ठूलो बन्दै जान्छ त्यति नै जोखिम थपिँदै जान्छ । संकट नआउने गरी सहकारी संस्था सञ्चालन गर्न सक्नुमा नै सहकारीकर्मीको दक्षता र सक्षमता झल्किन्छ । त्यसैले सबै सहकारीकर्मीहरूले आआफ्नो दक्षता र क्षमता देखाऔं र नेपाली सहकारी क्षेत्रलाई जोखिममुक्त, दिगो र भरपर्दो बनाउनु पर्दछ । स्तरीकरण कार्यक्रम मार्फत संस्थामा सुशासन र स्थिरीकरण कोष मार्फत संस्थाको सुरक्षा नै सहकारी अभियान विकासको दिशा र दृष्टि हो ।

हार्दिक शुभकामना

नेपालका बचत तथा ऋण सहकारीहरुको एक मात्र शीर्ष संघ
नेफ्स्कूनको गरिमामय

३६औं स्थापना दिवस

३६औं स्थापना दिवसको अवसरमा स्मारिका प्रकाशन गर्न गईरहेकोले संघको उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

मन्थली
बचत तथा ऋण सहकारी संस्था लि.
मन्थली न.पा. १, रामेछाप
फोनः ०४८५४००३१, ५४०४८५
इमेलः manthali.coop@gmail.com
वेबसाइटः www.manthali.com.np

ॐ साईराम
बचत तथा ऋण सहकारी संस्था लि.
बालाजु १६, काठमाडौं
फोन : ०१-४९८२१२१, ४९८९०८१
इमेलः saccosomsairam30@gmail.com

टुगा आस्था
बचत तथा ऋण सहकारी संस्था लि.
ओमसतिया गा.पा. १, रूपन्देही
फोनः ०७१-४२९०३९
इमेलः info@tabsaccol.com.np
वेबसाइटः www.tabsaccol.com.np

कर्मशील
बचत तथा ऋण सहकारी संस्था लि.
पोखरा ८, सभागृहचोक
फोनः ०६१-५८०७९६, ५४४७९५
इमेलः karmashilcooperative@gmail.com

नयाँपाटी
बचत तथा ऋण सहकारी संस्था लि.
गोकर्णेश्वर नगरपालिका २, काठमाडौं
फोनः ०१-४८००८८१
इमेलः info@nayapatisaccos.com.np
वेबसाइटः www.nayapatisaccos.com.np

सुभप्रभा
बचत तथा ऋण सहकारी संस्था लि.
चुच्चेपाटी, चावहिल
फोनः ४५६१३२७, ४५६१७५६
इमेलः shubhaprava.cop@gmail.com
वेबसाइटः www.shubhaprava.com.np

सहकारीको विश्व सञ्जाल र नेपालको सहकारी अभियान

लेख



केशव प्रसाद बडाल

निवर्तमान अध्यक्ष

राष्ट्रिय सहकारी महासंघ

आजको विश्वमा जति पनि विज्ञान र प्रविधिको विकासले गति लिँदै गएको छ, त्यही मात्रामा नयाँ नयाँ समस्याहरू पनि आइरहेका छन् । विगतमा कल्पना मात्र गरिएको विषय, अहिले वास्तविकतामा भोग्न र उपयोग गर्न मानव समाज सफल भइरहेको छ । ढुङ्गे युग, जंगली युग, कृषि र पशुपालनबाट गुज्रँदै आएको मानव सभ्यता आज पृथ्वी र समुन्द्रभित्रको खोज अनुसन्धान मात्र होइन, चन्द्रमा, मंगल ग्रहसम्म पुगेर नयाँनयाँ खोजमा सफलता हासिल गरिरहेका छन् । पृथ्वीको ७१ प्रतिशत भाग ओगटेको समुन्द्र मुनि पनि पन्डुबीको सञ्जालले विभिन्न देशबीच टकरावको प्रतिस्पर्धा भइरहेको छ । सामान्य स्वचालित यन्त्रबाट विकसित हुँदै आएको औद्योगिक क्रान्तिहुँदै अब विज्ञान प्रविधिको चौथो क्रान्तिको स्तरमा पुगिसकेको छ । आज काठमाडौंबाट क्यामरून, बुर्किनाफासो, न्यूजील्याण्ड र क्यानडा कुनै टाढाको विषय बनेको छैन । जमिन भित्रका कोइला, पेट्रोल र युरेनियम मात्र होइन अनेक अनेक नयाँ नयाँ धातु र आविष्कार प्रयोगमा आइरहेका छन् । हिजोका घना जंगलहरु भएका ठाउँमा आज विशाल सहर बसाईएका छन् । विशाल हवाई मैदान बनाईएका छन् । सडक सञ्जाल, रेलवे सञ्जाल निर्माण गर्ने क्रममा वातावरणीय विनास हुँदै गएका छन् । जंगलको विनास, कोइला र जैविक इन्धनको अत्याधिक दोहनले गर्दा वायुमण्डलमा अरबौ टन कार्बन उत्सर्जन भएर ओजोनतहको कारण पृथ्वीको वातावरणीय सन्तुलनमा भयानक गडबडी हुँदै गएको छ ।

यी सबै कारणले पृथ्वी र जीवनको रक्षा गर्ने सवाल पेचीलो बन्दै गएको छ । यहि रफ्तारले प्रकृतिको विनास हुँदै जाने हो भने मानव मात्र होइन सम्पूर्ण प्राणी र बनस्पतिकै विनास हुने खतराबारे वैज्ञानिकहरूले चेतावनी दिइरहेका छन् । यस्तो अवस्थामा पनि सिङ्गै पृथ्वी मानव सभ्यता र विज्ञान र प्रविधिले गरेको सकारात्मक विकासको रक्षा गर्न समेत कठिन हुँदै जाने खतरा भएको कुरा वैज्ञानिकहरूले बताईरहेका छन् । अत्याधिक कार्बन उत्सर्जन, ओजोन तहको विनास, जलवायु परिवर्तन, खेतीमा विषाधिको व्यापक प्रयोग, उपादन वृद्धिका लागि बढ्दो रासायनिक मलको प्रयोगका कारण आकाशमा, जमिनमा र समून्द्र भित्रको वातावरण दिनदिनै प्रदुषित हुँदै गएको छ । यस्तो अवस्थामा यसलाई रोक्न संयुक्त राष्ट्रसंघले सन् २०१५ सेप्टेम्बरमा

सामान्य स्वचालित यन्त्रबाट विकसित हुँदै आएको औद्योगिक क्रान्ति हुँदै अब विज्ञान प्रविधिको चौथो क्रान्तिको स्तरमा पुगिसकेको छ । आज काठमाडौंबाट क्यामरुन, बुर्किनाफासो, न्यूजील्याण्ड र क्यानडा कुनै टाढाको विषय बनेको छैन । जमिन भित्रका कोइला, पेट्रोल र युरेनियम मात्र होइन अनेक अनेक नयाँ नयाँ धातु र आविष्कार प्रयोगमा आइरहेका छन् ।

दिगो विकासका लागि सत्रवटा लक्ष्य पारित गरि विश्वका सबै देश र सबै देशका सबै संघसंस्थालाई आव्हान गरेको छ । अन्तर्राष्ट्रिय सहकारी महासंघको महासम्मेलनमा संयुक्त राष्ट्रसंघ र विश्वभरिका सहकारी संघका सम्पूर्ण प्रतिनिधिहरूले दिगो विकास लक्ष्य हासिल गर्न संयुक्त प्रतिबद्धता जाहेर गरेका छन् । जसमा नेपालले पनि त्यसमा भाग लिएर प्रतिबद्धता जाहेर गरेको छ । यस्तो अवस्थामा सहकारीका विश्भरिका सञ्जाल र नेपालको सहकारी अभियानले त्यसमा प्रतिबद्धता जनाएसँगै दोस्रो सहकारी महासम्मेलनले यसबारे सम्पूर्ण ध्यान केन्द्रित गरि अघि बढ्ने अठोटका साथ घोषणापत्र समेत जारी गरेको छ ।

विश्वमा पर्यावरणको विकासमा कार्वन उत्सर्जन गर्ने कोइला, पेट्रोलियम पदार्थ र विषादीको व्यापक प्रयोगका कारण वातावरण विनास गर्छ भने यसले उत्पन्न गर्ने समस्या सँगै मानवीय भावनामा ह्रास, द्वन्द, हिंसा आतंक र विभेदलाई प्रोत्साहन गर्छ । गरिबी, अभाव, भोकमरी शोषण, रोगव्याधिले विश्वलाई नै आतंकित पारेको हुन्छ । अहिले पनि विश्वमा सबैभन्दा धेरै हतियारमा खर्च भैरहेको छ, दोस्रोमा औषधिको र तेस्रोमा खाद्यान्नमा खर्च भईरहेको छ । यो अवस्था विश्व वातावरणका लागि खतराको संकेत हो । हतियारले विध्वंश गर्छ, त्यसमै विश्वले सबैभन्दा धेरै लगानी र खर्च गर्छ । यस्तो अवस्थाबाट मानव समाज र पृथ्वीको रक्षाका लागि सहकारीको ज्यादै ठूलो भूमिका रहन्छ । सहकारी सिद्धान्तले, सहकारी दर्शनले कुनै जात, भाषा, धर्म, क्षेत्र, लिङ्ग र आस्थाका आधारमा विभेद नगर्नेहुँदा सहकारीले सामाजिक व्यवसायको विकासमा जोड दिने मात्र होइन, सम्पूर्ण मानवलाई समान दृष्टिले हेर्ने हुँदा मानव र पृथ्वीको रक्षाका लागि र पर्यावरण सुरक्षाका लागि अत्यन्त महत्वपूर्ण भूमिका सहकारीले खेल्न सक्छ । यस अर्थमा सहकारीको विश्व सञ्जाल र नेपालको सहकारी अभियान सामाजिक न्याय, सामाजिक सद्भावको लागि मात्र होइन विश्व वातावरणको रक्षा र सिङ्गो पृथ्वीको रक्षाका लागि पनि महत्वपूर्ण योगदान गर्ने सामाजिक व्यवसाय हो ।

आज विश्व सहकारी सञ्जालमा अन्तर्राष्ट्रिय सहकारी महासंघ, विश्व ऋण परिषद्, अन्तर्राष्ट्रिय सहकारी महासंघको एशिया प्रशान्त क्षेत्रको सहित क्षेत्रीय संघहरू एसियाली ऋण महासंघ लगायतसँग नेपालको सहकारी महासंघ र केन्द्रीय संघ तथा राष्ट्रिय सहकारी बैंक आबद्ध भएका छन् । नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) नेपालकै जेठो संघ हो । नेफ्स्कूनको ६५ जिल्ला संघ, प्रदेश संघहरू सहित ४ हजार ६ सय भन्दा बढि केन्द्रमा र ६५ जिल्ला संघहरूमा समेत गर्दा १० हजार भन्दा बढि संघ संस्थाहरू आबद्ध भएका छन् । ३० लाखभन्दा बढि सदस्यहरू सामेल छन् । हाम्रो देशका सबै प्रदेश प्राय सबै जिल्लाहरू र लगभग सबै पालिकामा सञ्जाल विस्तारित भएका छन् । हाम्रो नेपालको सहकारी आन्दोलन पनि विश्व सहकारीकै अंग भएको छ । यसले विश्वका ८ अर्ब जनतासँग हामी पनि गाँसिएका छौं । विश्वका सहकारी क्षेत्रका अनुभवबाट सिक्दै र विश्व सहकारी विकासमा नेपालको सहकारी अनुभव अन्य देशमा समेत पुऱ्याउन हामीले महत्वपूर्ण भूमिका निभाउनुपर्दछ । यो विशाल क्षेत्र भएकाले राम्रा नराम्रा, सकारात्मक नकारात्मक अनुभवहरू छन् । यसमा सकारात्मक अनुभवबाट सिक्ने र नकारात्मक अनुभवलाई नकार्नेगरि अघि बढ्नु आवश्यक छ ।

वित्तीय सहकारी सञ्जाल विस्तार अझै पनि सबै गाउँ वस्तिमा पुगिसकेको छैन । अहिलेपनि कतिपय गाउँ वस्तिमा साहु महाजनको भरपर्नुपर्ने अवस्था छ । यस्ता मिटरब्याजी पीडितहरू आन्दोलित भएका पनि छन् । यसको तात्पर्य सहकारी दर्शन र सिद्धान्तमा आधारित भएर सञ्चालित सहकारी संस्था र संघले आफ्नो कार्यक्षेत्र विस्तारित गर्न थप सक्रिय हुनुपर्ने देखिएको छ । हाम्रो देशका ६ हजार ७४२ वटै वडामा ७५३ वटै स्थानीय तहमा सहकारीको विस्तार गरेरआफ्नो आवश्यकताको लागि हाम्रो सहकारी छ भनेर विश्वास दिलाउनको लागि काम गर्न बाँकी देखिन्छ ।



वित्तीय क्षेत्रको नगद मौज्दातलाई तरलता भन्ने गरिन्छ । नगद भनेको तरल पदार्थजस्तै सानो छिद्रबाट पनि चुहिने भएकाले यसको व्यवस्थापन सजगता पूर्वक गर्नुपर्ने हुन्छ । तरल पदार्थलाई आवश्यक मात्रामा सुरक्षित रूपमा व्यवस्थापन गरिएन भने यस्ले विस्तारै संकटतर्फ लाने खतरा हुन्छ ।

नेपालमा बैंक तथा वित्तीय संस्थाबाट

सबैभन्दा धेरै ऋण लिनेमा करिब १०० वटा ठूला घरानाका छन् । विश्वका धनी देशले र नेपालका सबैभन्दा धनी सय धनाढ्यले सम्पूर्ण ऋणको ५० प्रतिशत लिएका छन् । अहिले ३० हजार सहकारीमध्ये सय वटाले धेरै ऋण परिचालन गरेका छन् । तर त्यसरी निक्षेपकर्ताबाट संकलन गरेको तरलता सीमित व्यक्तिमा, सीमित क्षेत्रमा सीमित आकांक्षा पुरा गर्न ऋणको दुरूपयोग गरेका कारण समस्या सृजना भएको छ । वित्त तरल हो । तरल चिजलाई आवश्यक मात्रामा सुरक्षित गर्ने काम गरिएन भने बैंकको लगानी साना साना संस्थामा गर्दा खर्चको भार कम पर्छ भनेर सीमित व्यक्ति वा संस्थामा लगानी गरियो, त्यसकारण समयमा सही तरिकाले फिर्ता हुन सकेन भने संस्था डुवेका घटना विश्वमा अनगिन्ति छन् । अहिले हाम्रो देशका केही सहकारी संस्थाले संस्थाको रकम आफ्नै जस्तो ठानेर मनलाग्दो व्यक्ति र संस्थामा लगानी गरेका कारण समस्या सृजना भएको हो । यस्तो नहोस् भनेर समयमै थोरै सतर्कता अपनाउनुपर्ने हुन्छ । यस्तो नहोस् भनेर वित्तीय संघ संस्था र बैंकको जिम्मा लिनुभएका सहकारीका सञ्चालक र व्यवस्थापकहरूले आफ्नो संस्थाको रकम संस्थाका शेयर सदस्यहरूले दुःख कष्ट गरेर कमाएर जम्मा गरेका हुन् । तिनको अनुहार सम्झेर तिनको भावना बुझेर सहकारीको दर्शन सिद्धान्तलाई सम्झेर संस्थाको हित अनुकुल क्रियाकलाप गर्नुपर्दछ । सहकारी सामाजिक व्यवसाय भएकाले सामाजिक न्याय र उत्पादन बृद्धिमा सँगसँगै समानान्तर रूपले अघि बढ्दै जानुपर्ने व्यवसाय हो । यो केवल वित्तीय सहकारी मात्र होइन । सबैखाले सहकारीका लागि अनिवार्य सर्त हो । अहिले सहकारी क्षेत्रमा समस्याहरू देखिएका छन्, यसका पछाडि केही गम्भीर कारणहरू रहेका छन् ।

संविधानले समाजवादउन्मुख समाजको निर्माण गर्ने अठोट गरेको छ । यस्को मुख्य आधार सहकारी हो । संविधानले तीन खम्बे अर्थनीति अपनाउने अठोट गरेको छ, एक्ला एक्लै राज्य, नीजि क्षेत्र र एक्लै सहकारीले पनि सक्दैन । तीन वटै क्षेत्रले सशक्त भूमिका निभाउनुपर्छ भनेको छ । सहकारीको क्षेत्रको स्वायत्तता र स्वतन्त्रतालाई प्रोत्साहन गर्दै राज्यले खेल्नुपर्ने भूमिका पनि त्यतिकै गहन रहेको छ । संविधानले गरेको अठोट पुरा गर्न सम्बद्ध सबै पक्ष उत्तिकै जिम्मेवार हुन सकेमा मात्रै सफलता हासिल गर्न सकिने हो । अहिले देखिएका समस्याको मुख्य कारण पत्ता लगाउने र समाधान निकाल्नतर्फ जानुपर्दछ । राज्यपक्ष कहाँ चुक्यो ? सहकारी मन्त्रालय र विभाग कहाँ चुक्यो ? सहकारी विकास बोर्ड, महासंघ र नेफ्स्कून लगायत केन्द्रीय संघसंस्थाहरू कहाँ चुके ? सहकारीका सञ्चालक, व्यवस्थापक र सदस्यहरू कहाँ चुके ? यी सबैमध्ये कुनै एक पक्षमात्रै पनि दह्रोसँग उभिन सकेको भए अहिलेको विकराल समस्या आउने थिएन ।

राज्यले तालिम, प्रशिक्षण पूर्वाधारका लागि के कति लगानी गर्नुपर्ने थियो, त्यो गरेन । पहिले भएका ५ विकास क्षेत्रमा प्रशिक्षण केन्द्र समेत परिचालन भएनन् । सहकारी मन्त्रालय विभाग र बोर्डका जिम्मेवार व्यक्तित्वहरू छिटो छिटो परिवर्तन हुँदा सहकारीको मर्म बुझ्नै नपाई सरूवा हुने अवस्थाले राज्यको जुन गहन भूमिका हो, त्यो हुन सकेन । ऐनमा व्यवस्था भएका कर्जा सुरक्षण कोष, कर्जा सूचना केन्द्र, कर्जा असुली न्यायाधीकरणको समेत व्यवस्था हुन सकेन । सहकारी क्षेत्रको छाता संघ राष्ट्रिय सहकारी महासंघ समेतको क्षमता अभिवृद्धिका लागि आवश्यक स्रोतको व्यवस्था भएन । सहकारीको अनुगमन तथा मूल्यांकनका लागि सहकारी विभाग, राष्ट्रिय सहकारी महासंघ र सम्बन्धित विषयगत केन्द्रीय संघको संयुक्त अनुगमन गर्न आवश्यक स्रोत साधन र दक्ष जनशक्ति व्यवस्था हुन सकेन । सहकारी संघ संस्था र राष्ट्रिय सहकारी बैंकबाट भए गरेका कामहरू पनि सहकारीको आधारभूत दर्शन, सिद्धान्त, मूल्य मान्यता अनुरूप हुन सकेन । सहकारीका सञ्चालक, लेखा समिति, व्यवस्थापकको क्षमता वृद्धिमा पर्याप्त प्रशिक्षणको व्यवस्था भएन । देशभरिमा सञ्चालक र लेखा समिति सदस्यमात्रै २ लाख ४७ हजार छन्, तिनको क्षमता वृद्धिका लागि नियमित प्रशिक्षण आवश्यक छ । तर त्यो हुन सकेन । सहकारीका शेयर सदस्य भएर पनि सहकारीका न्यूनतम दर्शन सिद्धान्त मूल्य मान्यताको बारेमा जानकारी आवश्यक हुँदा सदस्यले आफु आबद्ध भएको संस्था ठीकठाक ढंगले सञ्चालन भएको छ कि छैन, गलत ढंगले सञ्चालन भएको छ भने सच्याउने क्षमता विकास हुन जरूरी छ । किनकी सहकारीका शेयर सदस्य ग्राहक हैनन् मालिक हुन् । कुनै पनि सहकारी संस्थाका सदस्य सार्वभौम अधिकारको हुन्छन् । तिनले संस्था ठीकसँग सञ्चालन भएको छ कि छैन त्यसको जानकारी राख्ने र गलत नेतृत्व भए साधारणसभा वा विशेष साधारणसभाबाट परिवर्तन गर्न सकिने कुराको चेतना हरेक शेयर सदस्यमा विभिन्न माध्यमबाट पुऱ्याउनुपर्ने हुन्छ । हाल केही दर्जन सहकारी संस्थामा देखिएका समस्या सहकारीको मर्म र भावना विपरित परिचालन भएका कारण उत्पन्न भएको छ । यस्तो अवस्था हुन नदिन तालिम प्रशिक्षण र पूर्वाधारको विकास गर्दै माथि भनेजस्तै मन्त्रालय, विभाग, बोर्ड महासंघ, सम्बन्धित विषयगत केन्द्रीय संघका प्रतिनिधि समेतको नियमित अनुगमनबाट धेरै हदसम्म समाधान गर्न सकिन्छ ।

तरल चिजलाई आवश्यक मात्रामा सुरक्षित गर्ने काम गरिएन भने बैंकको लगानी गर्दा खर्चको भार कम पर्छ भनेर सीमित व्यक्ति वा संस्थामा लगानी गरियो, त्यस समयमा सही तरिकाले फिर्ता हुन सकेन भने संस्था डुवेका घटना विश्वमा अनगिन्ति छन् ।

विद्यमान समस्या हलगर्न उक्त बाहेक सहकारीका गतिशिलताका लागि बाधक भएका 'केही नेपाल ऐन' को संशोधन ऐन जुन सहकारीको गतिशिलतामा ४७ वटा अन्य ऐन बाधक छन्, त्यसलाई हटाउन 'केही नेपाल ऐन' संशोधन गर्न आवश्यक छ । सहकारी क्षेत्रको आवश्यकता र महत्वबारे जसरी संविधानको प्रस्तावनादेखि अन्त्यसम्म महत्वबोध गरेको छ, सोही अनुसार राज्यका सबै जिम्मेवार अंगहरू, संघीय सरकार, प्रदेश र ७ सय ५३ वटै पालिकाले गम्भीरताका साथ ग्रहण गरेर सहकारी भित्रको विकास र गतिशिलता विना संविधानको लक्ष्य हासिल गर्न सकिदैन । यसका लागि संघीय सरकार, त्यसको विभागीय मन्त्रालय, अर्थ मन्त्रालय, राष्ट्र बैंक समेत सम्बद्ध मन्त्रालयहरूले यसको महत्व र जिम्मेवारी ग्रहण गर्नुपर्दछ ।

निर्वाचित जनप्रतिनिधिमात्र होइन । स्थायी सरकारका रूपमा रहेका मन्त्रालय, विभाग, प्रदेशका मन्त्रालय, विभाग र स्थानीय तहका जनप्रतिनिधि र विभागका राष्ट्रसेवक कर्मचारीले पनि सहकारी क्षेत्रको महत्वलाई ग्रहण गर्नेकार्यलाई महत्वका साथ लिनुपर्छ ।

सहकारी केबल आर्थिक विषयमात्रै होइन । आर्थिक सामाजिक, साँस्कृतिक र वातावरणीय विकासको महत्वपूर्ण पक्ष भएको हुनाले यसलाई त्यही स्तरबाट ग्रहण गर्नु जरूरी छ । सहकारीको सिद्धान्तले जात, भाषा, धर्म, संस्कृति रितिरिवाज, रूपरङ्ग, पोशाक र कुनै पनि आस्थाको आधारमा विभेद गर्दैन । हाम्रो देश अनेक जात, भाषा, धर्म, संस्कृतिका हिसाबले अत्यन्त विविधतायुक्त भएकाले अनेकता बीचको एकताका लागि सहकारी क्षेत्रले ठूलो काम गरेको छ र गर्दै जानेछ । अहिले पनि नेपालका सहकारीमा सबै जात, भाषा, धर्म, संस्कृति र क्षेत्रका नागरिकहरू आबद्ध छन् । नेपालको सहकारीका ७५ लाख शेयर सदस्यहरूमा ५६ प्रतिशत महिला सहभागी हुनुहुन्छ । त्यसमा पनि सबै समुदायका सामेल हुनुहुन्छ । यसले समाजवाद उन्मुख नेपाल निर्माण गर्न समृद्ध नेपाल सुखी नेपाली निर्माण गर्न ठूलो योगदान गर्नेछ र गर्दै पनि आएको छ । देशभरिका ३० हजार सहकारीमध्ये बढीमा २/३ सयले सिद्धान्त विपरित काम गरेका भएपनि बाँकीले अत्यन्त महत्वपूर्ण योगदान गरेका छन् । हाल सहकारी क्षेत्रको विकास र विस्तारका लागि राज्यको नगण्य योगदान हुँदा पनि कुल ग्राहस्थ उत्पादनमा सहकारी क्षेत्रले ५ प्रतिशत भन्दा बढी योगदान गरेको छ । वित्तीय क्षेत्रमा २० प्रतिशत भन्दा बढी योगदान गरेको छ । सामाजिक सद्भाव निर्माणमा अतुलनीय योगदान गरेको छ । महिला जागरणमा दक्षिण एशियामा अब्बल स्थानमा पुऱ्याउन सफल भएको छ । देशको सबै जिल्ला, प्रदेश र पालिकामा सहकारी सञ्जालको विस्तार भैसकेको छ । यस क्षेत्रमा हाम्रोभन्दा ८८ वर्ष पहिलेबाट सहकारी अभियान शुरू भएको भारतको भन्दा नेपाल उन्नति स्तरमा पुग्न सफल भएको छ । विश्व सहकारी सञ्जालको यथार्थ व्यवस्था हाम्रो देशको सहकारी सञ्जालको अवस्थालाई तुलना गर्दा मुलत नेपालको सहकारी क्षेत्रको विकास आशाजनक छ । उक्त अवस्थाहुँदा हुँदै पनि नेपालको सहकारी क्षेत्रको अगुवा र नेतृत्वमा रहनुभएका व्यक्तिहरूले आत्म समिक्षा गर्न, सिंहावलोकन गर्न र कहाँ कहिले कसरी कमजोरी भएर केही ठूला भनिएका सहकारी संस्थाले गर्दा प्रश्न उठेको हो, यसबारे गम्भीर भएर सोच्न र आफु सच्चिन साथै सच्याउन जरूरी छ भन्ने कुरालाई महसुस गर्नैपर्छ । अहिले केही दर्जन संकटग्रस्त र संकट देखिनमा सहकारीका केही नेताहरू सहकारी विभाग, सहकारी विकास बोर्ड, सहकारी महासंघ, संघहरूको उदारता र हेलचक्रयाईका कारण यस्तो भएको हो भन्न हिच्किचाउनु पर्दैन । दर्शन र सिद्धान्तबाट अलिकति विचलित भयौं भने ज्यामितिको रेखामा एक डटमात्रै टेडो हुँदा अन्तै पुगेजस्तो हुन्छ । त्यसकारण गल्तिलाई बेवास्ता गर्नु, गल्तिलाई ढाकछोप गर्नु, अलिअलि त भइहाल्छ नि भन्नु, विमारिलाई ढाकछोप गर्नु र उपचार नगर्नु जस्तैमात्र हो । सहकारीका सदस्य र सहकारीको नेतृत्व लिनेहरूलाई गल्ति गर्ने छुट हुँदैन । एकजना अगुवाले गरेको गल्तिले हजारौं लाखौं सदस्यको जीवनमा असर गर्छ । त्यसकारण सहकारी संघ संस्थाका सञ्चालक लेखा समिति र व्यवस्थापक कसैलाई पनि उदार हुने, हेलचक्रयाई गर्ने, लापरवाही गर्ने छुट छैन । सहकारीको दर्शन र सिद्धान्त विपरित आचरण र व्यवहार गर्नेले सहकारीमा एकदिन पनि बस्न मिल्दैन । यो संसारभरिका सहकारीकर्मीका लागि अनिवार्य सर्त हो । अन्तार्राष्ट्रिय सहकारी महासंघ विश्व ऋण परिषद् लगायतले प्राप्त गरेको अनुभव हो यो ।

अन्तमा, संयुक्त राष्ट्र संघले सन् २०१५ मा पारित गरेको दिगो विकास लक्ष्यका १७ बुँदा अन्तर्राष्ट्रिय सहकारी महासंघ र संयुक्त राष्ट्र संघले अघि सारेका लक्ष्य बीच सामन्जस्य छ । हाम्रो संविधानका मौलिक अधिकारमा भएका धेरै विषय उक्त संयुक्त राष्ट्र संघले अघि सारेका १७ बुँदा भित्रका अधिकांश विषय मेल खान गएको छ । यसकारण पनि नेपालको सहकारी आन्दोलनको मुलभूत रूपमा अठोट गरेका लक्ष्य, दिगो विकास लक्ष्य, अन्तर्राष्ट्रिय सहकारी महासंघले अघि सारेका लक्ष्य, विश्व ऋण परिषद् र एसियाली ऋण महासंघका लक्ष्यलाई नेपालको ठोस परिस्थिति अनुकुल व्यवस्थापन गरेर अघि बढ्न जरूरी छ । यसका लागि नेपाल सरकार सम्बन्धित मन्त्रालय, योजना आयोग, राष्ट्रिय सहकारी महासंघ, नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ, राष्ट्रिय सहकारी बैंक, नेपाल कृषि सहकारी केन्द्रीय संघ लगायत सबै केन्द्रीय संघहरूको साझा दृष्टिकोणको आवश्यकता छ । १९९० को दशकबाट सबै समस्याको समाधान बजार अर्थतन्त्र हो भन्ने गलत धारणालाई संयुक्त राष्ट्र संघका १९३ देशले खण्डित गरेको छ ।

अब विश्वव्यापी रूपमा सहकारीको सञ्जाल विस्तार गरेर सहकारी दर्शन, सिद्धान्त, मूल्य, मान्यता, आचरण, कार्यशैलीलाई राज्य र सहकारीबीचको एकताबद्ध प्रयास गरेर नै दिगो विकास लक्ष्य हासिल गर्न सक्छ । अब सहकारीको साइनबोर्ड झुण्ड्याएर सहकारी सिद्धान्त विपरित क्रियाकलाप गर्ने प्रवृत्तिलाई निस्तेज पार्न र सामाजिक न्याय र उत्पाकत्व वृद्धिका लागि आवश्यक प्रशिक्षण तालिम, पूर्वाधारको लागि राज्यको भूमिका सशक्त हुनुपर्छ । सहकारीका सबै सञ्चालक, लेखा समिति र व्यवस्थापक सबैले सहकारी दर्शन र सिद्धान्तलाई आत्मसात गर्दै निरन्तरता र धैर्यता साथ अघि बढ्न आवश्यक छ । राज्यले पनि नियन्त्रण होइन प्रोत्साहन पक्षबारे ध्यान दिनुपर्छ । सहकारीको स्वायत्तता र स्वतन्त्रतालाई अघि बढाउँदै सिद्धान्तनिष्ठ अनुशासित, व्यवस्थित ढंगले सहकारीको विकासमा हातेमालो गर्दै अघि बढ्न गति दिने नीति र व्यवस्थाको अवलम्बन गरेर मात्र विश्व सहकारी सञ्जालसँग नेपालको सहकारी अभियान सफल हुन्छ ।

सन्दर्भ ग्रन्थहरु

१. द हिडेन अल्टरनेटिभ कोअपरेटिभ भ्यालु पास्ट, प्रिजेन्ट एण्ड फ्यूचर
२. द रोल अफ कोअपरेटिभ मुभमेन्ट इन इन्स्ल्कूसिभ डेभलपमेन्ट अफ इण्डिया
३. फिफ्टीइयर्स अफ इन्टरनेशनल कोअपरेटिभ एलाइन्स इन एशिया प्यासिफिक
४. सहकारी ? केशव वडाल, प्र. २०७०
५. सहकारी स्वायत्तता र स्वतन्त्रता, २०७६

अन्तर्राष्ट्रिय सहकारी मञ्चबाट नेपालले आन्तरिकीकरण गर्नुपर्ने विषयहरू

कुराकानीमा आधारित



ओमदेवी मल्ल

बरिष्ठ उपाध्यक्ष
राष्ट्रिय सहकारी महासंघ
निवर्तमान बोर्ड मेम्बर, अन्तर्राष्ट्रिय सहकारी महासंघ (आईसीए) ग्लोबल

विश्व सहकारी इतिहासमा हामी धेरै पछाडि छौं । अन्तर्राष्ट्रिय सहकारी महासंघ (आईसीए) को जन्म सन् १८९५ मा भएको हो । आईसीए स्थापनाको १ सय २ वर्षपछि सन् १९९७ मा मात्रै राष्ट्रिय सहकारी महासंघले यसको सदस्यता लिएको हो । छिमेकी भारतको सहकारी इतिहास पनि हाम्रो भन्दा करिब १ सय वर्ष पुरानो छ । विश्वमा लबिङको पुरै काम गर्ने एउटै मात्र निकाय आईसीए हो ।

सन् २०१७ नोभेम्बर १७ मा मलेशियाको क्वालालम्पुरमा भएको आईसीएको निर्वाचनबाट म ग्लोबल बोर्ड सदस्य निर्वाचित भएकी हुँ । त्यसबाट विश्व सहकारी आन्दोलन नजिकबाट नियाल्ने मौका पाएँ । हामीले संविधानमा सहकारी लेख्न सफल भएपनि, विश्व मञ्चमा हाम्रो उपस्थिति दह्रो हुन नसकिरहेको अवस्थामा नेपालको सहकारी अभियानलाई पनि विश्व सामु चिनाउन सके भन्ने लाग्छ ।

नेपालमा भएका महत्वपूर्ण सहकारी अभियानका बारेमा मैले महत्वपूर्ण बैठकहरूमा विश्व सहकारी अभियानलाई जानकारी गराएकी छु । संघीय संरचना र त्यसअनुरूप विकेन्द्रित सहकारी अभियान र गतिविधिका बारेमा 'अपडेटेड' गराएकी छु । त्यो नै महत्वपूर्ण कुरा हो भन्ने लाग्छ । नेपालका बचत तथा ऋण सहकारीहरू एशिया प्रशान्त क्षेत्रीय 'ब्रान्डिङ' कार्यक्रममा आबद्ध भई स्तरीकृत भएका छन् भन्ने कुराहरू विश्वलाई बुझाएकी छु । सरकारसँग मिलेर काम गरेका छौं भनेर 'बिफ्रिङ' गराएकी छु । अमेरिका, ब्राजिल र चीनका सहकारी निकायहरूसँग महासंघको सम्पर्क स्थापित गराएकी छु ।

आईसीए ग्लोबल बोर्डमा अध्यक्षसहित १६ जना प्रत्यक्ष निर्वाचित सञ्चालकहरू हुन्छन् । ४ वटै महादेशका अध्यक्षहरू त्यहाँ पदेन उपाध्यक्ष रहन्छन् । 'महिला तथा लैङ्गिक' अनि 'युवा समिति' बाट गरी २ जना र बैंकिङ्ग, आवास, कृषि तथा मत्स्य, बीमा, स्वास्थ्य, उद्योग कला तथा सेवा, आदि गरी विभिन्न विषयगत ८ वटा समितिहरू बाट छानिएर ४ जनाको प्रतिनिधित्व हुन्छ । आईसीएले प्रत्येक बैठकमा एक महिना अगाडि सदस्यहरूलाई बैठकमा राखिने 'एजेण्ड' पठाएको हुन्छ । प्रत्येक

सन् २०१७ नोभेम्बर १७ मा मलेशियाको क्वालालम्पुरमा भएको आईसीएको निर्वाचनबाट म ग्लोबल बोर्ड सदस्य निर्वाचित भएकी हुँ । त्यसबाट विश्व सहकारी आन्दोलन नजिकबाट नियाल्ने मौका पाएँ । हामीले संविधानमा सहकारी लेख्न सफल भएपनि, विश्व मञ्चमा हाम्रो उपस्थिति दह्रो हुन नसकिरहेको अवस्थामा नेपालको सहकारी अभियानलाई पनि विश्व सामु चिनाउन सके भन्ने लाग्छ ।

एजेण्डमाथि सदस्यले बैठकमा बोल्ने मौका पाउँछ र सदस्यले राखेको सम्पूर्ण विचार तथा सुझाव माइन्यूटमा सदस्यको नामसहित लिपिबद्ध गरिएको हुन्छ । त्यो अभ्यास पनि मलाई अत्यन्त राम्रो लागेको हो । हामीले त्यो अभ्यासलाई नेपालमा भित्र्याउनुपर्छ भन्ने लागेको छ । बैठकमा निर्णय लिदाँ प्रत्येक एजेन्डामा ३ पटक हात उठाउने व्यवस्था हुन्छ, पक्षमा हुनेले 'हुन्छ', विपक्षमा हुनेले 'हुन्न' र अनुपस्थित रहने वा मत दिन नचाहनेले 'एस्क्यूज' भन्न पाउने व्यवस्था छ । त्यसैकारण, आईसीए साँच्चिकै प्रजातान्त्रिक निकाय लाग्छ । सहकारीलाई किन प्रजातान्त्रिक संस्था भन्दो रहेछ भन्ने कुराको खास अनुभूति आईसीएबाट थाहा पाएँ ।

सहकारी नियम, कानुन सिद्धान्त, मूल्य मान्यता आदि निर्माण गर्ने ठूलो प्लेटफर्म हो आईसीए । मैले बारम्बार भन्दै आएकी छुँ, 'नेपाल आईसीए ग्लोबलमा पुग्ने बेला भएको छैन ।' म संविधान सभा सदस्य भएको कारण, देशको मुल कानूनमा सहकारीको महत्व स्थापित गर्ने भूमिकामा प्रत्यक्ष संलग्न भएको कारण त्यहाँ पुग्न सफल भएँ भन्ने लाग्छ ।

बीचको दुईवर्ष कोभिडले हामीलाई असहज तुल्यायो । २ वर्षअघि रूवान्डाको किगालीमा पनि समापन समारोहमा ' पीस एन्ड ह्युमानिटिजको विषयमा १२

> **बैठकमा निर्णय लिदाँ प्रत्येक एजेन्डामा ३ पटक हात उठाउने व्यवस्था हुन्छ, पक्षमा हुनेले 'हुन्छ', विपक्षमा हुनेले 'हुन्न' र अनुपस्थित रहने वा मत दिन नचाहनेले 'एस्क्यूज' भन्न पाउने व्यवस्था छ ।**

मिनेटको सम्बोधन गर्ने अवसर मैले पाएँ । त्यसबेला मैले माओवादी द्वन्दकाल र सहकारी अभियानको भूमिका विषयमा बोलेर नेपालको सहकारी अभियानलाई विश्वमाझ चिनाउने काम गरैं भन्ने लाग्छ ।

विगतमा आईसीएले महिला समानताको कुरालाई बिशेष जोड दिएको थियो । पछिल्लो समय युवालाई पनि आईसीएले जोड दिएको छ । सन् २०२० मा पहिलोपटक 'इन्टरनेशनल युथ फोरम' मलेसियामा भयो । अब युवासँग सहकारी आबद्ध हुनुपर्छ भन्ने सन्देश दिन त्यो फोरम आयोजना गरिएको थियो । त्यसअघि पनि आईसीएले प्रत्येक देशका आफ्ना सदस्य सहकारीका निकायहरूलाई 'युथ कमिटी' बनाउन लगाएको थियो ।

अहिले सहकारीमा सबैभन्दा बढी युवाहरू सहभागी भएको देश सिङ्गापुर र इटाली हो । इटालीमा पर्यटन सहकारी सबैभन्दा बढी फस्टाएको छ । त्यहाँ लथालिङ्ग अवस्थामा रहेका ऐतिहासिक, साँस्कृतिक र पुरातात्विक महत्वका स्थानहरूलाई अहिले अधिकांश युवा र महिलाहरू सहभागी



सहकारीहरूले 'हायर' गरेर पुनर्निर्माण गरी व्यवसायिक पर्यटनका नयाँ आयामहरू खोज्ने काममा जुटेका छन् । यस्ता कामहरू यहाँ पनि गर्न सकिन्छ भनेर मैले पूर्व पर्यटन मन्त्री योगेश भट्टराईसँग पनि कुरा राखेकी थिएँ, यस विषयमा छलफल गर्ने भन्दाभन्दै सरकार परिवर्तन भयो । पछि

त्यतिकै भयो ।

नेपालमा पनि हामीले महासंघ हाम्रो अभिभावक हो, हामी एकै धारमा जानुपर्छ भन्ने कुरा सबै केन्द्रीय संघहरूले बुझेर



एकसाथ अगाडि बढ्नुपर्छ भन्ने लाग्छ । महासंघको सञ्चालक समिति एक ढिक्का भएर पुरै मुभमेन्टलाई नेतृत्व दिनसक्नुपर्छ । त्यसमा केही कमी भएको हुनसक्छ तर

महासंघ प्रयासरत छ । कोभिडले पनि हामीलाई काम गर्न केही कठिनाई भयो । जति सक्रियतापूर्वक कामहरू हुनुपर्ने हो हुन सकेन ।

अन्तर्राष्ट्रिय परिवेशलाई हेर्ने हो भने त्यहाँ सहकारी मार्फत व्यवसाय गर्न पाईन्छ । सहकारीले नै कम्पनी खोल्छ, त्यसकारण विश्व समुदायमै सहकारीको वित्तीय योगदान बढी देखिएको छ । नेपालमा त्यो सुविधा छैन । त्यहाँ बाह्य कम्पनी र सहकारी कम्पनीमा के फरक हुन्छ भने जब आईसीएका दशवटा मूल्यलाई पूर्णतः आत्मसाथ गरेर चलाउनुपर्छ तबमात्र सहकारीको कम्पनी र अन्य कम्पनी छुटिन्छ भन्छ । त्यसको परिक्षणका लागि एउटा आइडिन्टीटी कमिटि बनेको थियो । म त्यसमा बसेर काम गर्ने अवसर पनि पाएकी थिएँ । मैले एशिया महादेशभरिनै त्यसको मिटिङ राख्ने जिम्मा पाएकी थिएँ । म र

> **अन्तर्राष्ट्रिय परिवेशलाई हेर्ने हो भने त्यहाँ सहकारी मार्फत व्यवसाय गर्न पाईन्छ । सहकारीले नै कम्पनी खोल्छ, त्यसकारण विश्व समुदायमै सहकारीको वित्तीय योगदान बढी देखिएको छ । नेपालमा त्यो सुविधा छैन ।**

जापानको एउटा साथीलाई त्यो कमिटीको विज्ञको रूपमा छनोट गरिएको थियो । हामीले एशियाका देशहरूमा आइडेन्टीटीको भर्चुअल कक्षा पनि लिएका थियौं । यदि तेरो कम्पनी सहकारीका कोर भ्यालूजहरूको पालना गरेर चलाएको छ भने अन्य कम्पनीभन्दा तेरो कम्पनी फरक हुन्छ, भन्छ आइसिएले ।

नेपालमा यो कहिले सम्भव होला ? यहाँ लोन लिने, सहकारीका सदस्यका पैसा अध्यक्ष लगायत बोर्डका मान्छेले घर जग्गामा लगानी गर्ने जस्ता मनलाग्दी काम गरेका कारण अगाडि बढ्न नसकेको जस्तो लाग्छ ।

आईसीएले पनि देशको कानून पूर्णत पालना गरेको हुन्छ । जुन देशमा तेरो सहकारी छ, त्यो देशको ऐन कानून मान्नुपर्छ भन्छ । आईसीएको कार्यालय जुन देशमा छ, त्यो देशको कानून उसमा लागु हुन्छ । तर देशको कानूनमात्रैले सहकारी पूर्ण हुँदैन, सहकारीमा के कुरा पृथक हो भने हामीले अन्तर्राष्ट्रिय निकायको सदस्यता लिइसकेपछि अन्तर्राष्ट्रिय सिद्धान्त र मूल्य फलो' नै गर्नुपर्छ भन्ने हो । अन्तर्राष्ट्रिय सिद्धान्त र मूल्य पालना गरेको सहकारी कहिल्यै पनि धरासायी हुँदैन भन्ने सिद्धान्त आईसीएको हो ।

आईसीएमा एउटा यस्तो यूनिटी सपोर्ट पनि छ । हामीले त्यहाँबाट सिक्नुपर्ने कुरा नै त्यहि हो । महासंघमा किन सबै आबद्ध

हुनेत भन्दा भोलि कुनै पनि केन्द्रीय संघ संस्थाहरूमा समस्या पऱ्यो भने त्यसको आवाज सरकारसँग पुऱ्याउन महासंघले लविङ गर्छ । आईसीएले पनि भोलि आफ्ना सदस्य राष्ट्रहरू जस्तै नेपालमा केही समस्या पऱ्यो भने आवाज उठाउँछ । नेपालमा समस्या परेको समय जस्तै भूकम्प र कोभिडको समयमा पनि आईसीए मार्फत सहकारी उत्थानका लागि आर्थिक सहयोग पठाएको थियो ।

अन्तर्राष्ट्रिय जगतमै आईसीएलाई सरकारले सहयोग गर्छ । आईसीए त लविङ र एड्भोकेसी गर्ने निकाय मात्रै हो । विश्वभरिकै सहकारीलाई ऐन कानून बनाइदिने र विश्व समुदायमा नै सहकारी क्षेत्रको लविङ गर्ने निकाय हो । यसले प्रत्यक्ष व्यवसाय वा अन्तरलगानी गर्दैन । आईसीएलाई युरोपेली युनियन (इयू) ले कुल बजेटको २० प्रतिशत रकम उपलब्ध गराउँछ, ६० प्रतिशत खर्च सदस्यताबाट उठ्छ र बाँकी २० प्रतिशत सरकारको अनुदानबाट चल्छ ।

दिगो विकास लक्ष्य प्राप्त गर्न फण्ड क्रियट गरेको छ । भोलि हामीले दिगो विकास लक्ष्य हासिल गर्ने सन्दर्भमा केही कार्यक्रम गऱ्यो भने पनि उनीहरूको सहभागिता त्यसमा रहनसक्छ । सदस्य राष्ट्रहरूबाट पनि आईसीएलाई राम्रो सहयोग रहेको हुन्छ । त्यो कोषमा सबैभन्दा थोरै बजेट ३ हजार डलर सहयोग गर्न सकिने थियो, मैले नेपालबाट त्यो पनि उपलब्ध गराउन सक्ने स्थिति रहेन । कोरियाले १ लाख २० हजार डलर सहयोग गऱ्यो, इफ्कोले र चाइनाले १०/१० हजार डलर दियो । यसरी १०/२० हजार डलर आईसीएका सञ्चालकहरू धेरैबाट योगदान भयो । त्यहाँ भएका कुरा हामीले आफ्नो देशमा लागु गर्नसक्नुपर्छ । पहिला महासंघले त्यहाँको प्रजातान्त्रिक नियन्त्रण प्रणाली र सुशासनको पाटोलाई कत्तिको अवलम्बन गर्न सकेका छौं र हामीले प्रारम्भिक सहकारीलाई कसरी सिकाउँछौं भन्ने कुरा अत्यन्त महत्वपूर्ण कुरा हो । यतिबेला नेपालमा सहकारी संघ संस्थाहरू कठिन परिस्थितिको सामना गर्नुपरिरहेको छ । तर हामीले नेपालमा सहकारीको अवस्था र भोग्नुपरेका समस्याका बारेमा आईसीएमा अहिलेसम्म कुनै त्यस्तो जानकारी गराएका छौं जस्तो लाग्दैन । यहाँको समस्याका बारेमा जानकारी गराउनेहो भने पक्कै पनि आईसीएले समाधानका लागि केही सहजीकरण गर्छ अर्थात केही सुझाव पठाउँछ भन्ने लाग्छ ।

साच्चिकै सहकारीमा 'डेमोक्रेसी' के हो भन्ने कुरा मैले आइसीमा पुगेर मात्रै फिल गरैं । नेपालका सहकारीहरूमा पनि आईसीएको सिद्धान्त हुवहु लागु गरेर अगाडि बढ्न सक्ने हो भने कुनै दिन पनि सहकारी धरासायीमा पर्छन् जस्तो मलाई लाग्दैन । आईसीए विश्वमै सहकारी सिकाइका लागि एक अत्यन्त ठूलो प्लेटफर्म हो । आईसीए नेपालको सहकारी उत्पादनलाई विश्वसमुदायमा पुऱ्याउन ठूलो नेटवर्क स्थापित गर्ने संस्था पनि हो । तर हामीले नेपाल र नेपालको सहकारी क्षेत्रलाई पहिले राम्रो बनाउनतर्फ लाग्नुछ । विश्व सहकारीको तुलनामा नेपालको सहकारी अभियान भर्खर बामे सर्न लागेको अवस्थामा छ । सहकारीमा हामीले धेरै गर्नुपर्नेछ । आईसीए एउटा सिक्ने ठाउँ हो, त्यसबाट हामीले धेरै कुराहरू आत्मसाथ गरेर सहकारी अभियानलाई सुधार्नुपर्छ भन्ने लाग्छ ।

आफ्नो देशमा भएको ऐन कानून र अन्तर्राष्ट्रिय सहकारीका सात सिद्धान्त र दश मूल्यलाई आत्मसाथ गरेर अगाडि बढ्न नसक्नुनै आजको दुर्भाग्य हो भने सरकारले पनि सहकारीलाई सकारात्मक दृष्टिकोणले नहेरिदिनुको परिणाम आजको सहकारीले भोग्नुपरेको समस्या हो ।



सुशासनका आधारभूत पक्षहरू र सहकारीमा सुशासन

लेख



डा. दामोदर रेग्मी

सचिव

नेपाल सरकार

राज्यको हरेक संयन्त्रलाई जनमुखी बनाई जनताको आवश्यकता अनुसार सेवा प्रवाह गर्नु तथा राज्य प्रणालीमा सरोकारवालाहरूको सक्रिय एवं सार्थक सहभागिता गराई राज्यले नागरिकलाई उपलब्ध गराउनु पर्ने सेवाहरु छिटो छरितो सरल एवं न्यायिक रूपमा उपलब्ध गराई आम नागरिकलाई शासनको सुखद अनुभूति दिलाउने प्रक्रिया सुशासन हो । जनमुखी शासन प्रणाली, सार्वजनिक सेवा प्रवाहमा प्रभावकारिता, कानूनी राज्य, जवाफदेहीता, पारदर्शीता, नागरिकका न्यूनतम अधिकारहरूको प्रत्याभूति, शान्ति सुव्यवस्था सुशासनका न्यूनतम शर्तहरू हुन् । सुशासनको सही प्रयोगले आर्थिक तथा भौतिक समृद्धि, सामाजिक प्रगति मार्फत सामाजिक एकीकरणमा योगदान दिने काम गर्दछ । जनसहभागिता पूर्वानुमान योग्यता, जवाफदेहिता र पारदर्शीता सुशासनका चार आधार स्तम्भ हुन् । सुशासनले शासन प्रणालीमा जनताको अपनत्व कायम गर्न सहयोग पुग्दछ ।

नेपालको संविधान, २०७२ ले जनताको सार्वभौम अधिकार, विविधतायुक्त विशेषताका बीच एकता, समतामूलक समाजको निर्माण, लोकतान्त्रिक मूल्य र मान्यताको प्रवर्द्धन, दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न सक्ने दरिलो औजारको रूपमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको परिकल्पना गरेको छ र यसले शासकीय प्रणालीलाई सुशासनयुक्त वनाउनमा उत्प्रेरकको भूमिका निर्वाह गरेको छ ।

- नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण्ण राखी जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकारको प्रत्याभूति
- एकात्मक राज्यव्यवस्थाले सृजना गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्ने
- बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधताबीचको एकता, सामाजिक साँस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्द्धन गर्दै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक

जनमुखी शासन प्रणाली, सार्वजनिक सेवा प्रवाहमा प्रभावकारिता, कानूनी राज्य, जवाफदेहीता, पारदर्शीता, नागरिकका न्यूनतम अधिकारहरुको प्रत्याभूति, शान्ति सुव्यवस्था सुशासनका न्यूनतम शर्तहरु हुन् । सुशासनको सही प्रयोगले आर्थिक तथा भौतिक समृद्धि, सामाजिक प्रगति मार्फत सामाजिक एकीकरणमा योगदान दिने काम गर्दछ ।

समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने

- जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता तथा स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका र कानूनी राज्यको अवधारणा लगायतका लोकतान्त्रिक मूल्य र मान्यताको प्रवर्द्धन
- संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्ने

मुलुकको सार्वजनिक प्रशासनलाई जनमुखी, जवाफदेही, पारदर्शी, समावेशी तथा जनसहभागितामूलक बनाई त्यसको प्रतिफल सर्वसाधारणलाई उपलब्ध गराउने, कानूनको शासन, भ्रष्टाचारमुक्त र चुस्त प्रशासन, विकेन्द्रीकरण, आर्थिक अनुशासन तथा सार्वजनिक कार्य र स्रोतको कुशल व्यवस्थापन जस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसात् गरी सर्वसाधारणले पाउनु पर्ने सेवा छिटो, छरितो तथा कम खर्चिलो ढंगबाट पाउने अवस्था सृजना गर्ने, नागरिकको अधिकारलाई व्यवहारमा उतारी कार्यान्वयनमा ल्याउने र प्रशासन संयन्त्रलाई सेवाप्रदायक संयन्त्र तथा सहजकर्ताको रूपमा स्थापना गर्ने उद्देश्य लिएको सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ ले कार्यान्वयनमा आएको छ यसले निम्न दश विषयहरूलाई सुशासनका प्राथमिक कार्यक्षेत्र बनाउनु पर्ने कुराहरूमा जोड दिएको छ

- राष्ट्र र जनताको वृहत्तर हित,
- समन्याय र समावेशीकरण,
- कानूनको शासन,
- मानवअधिकारको प्रत्याभूति,
- पारदर्शिता, वस्तुनिष्ठता, जवाफदेहिता तथा इमान्दारिता,
- आर्थिक अनुशासन एवं भ्रष्टाचारमुक्त, चुस्त र जनमुखी प्रशासन,
- प्रशासन संयन्त्रको तटस्थता तथा निष्पक्षता,
- प्रशासनिक संयन्त्रमा र निर्णयमा सर्वसाधारणको पहुँच,
- विकेन्द्रीकरण तथा अधिकार निक्षेपण,
- जनसहभागिता तथा स्थानीय स्रोतको अधिकतम उपयोग ।

सहभागितामूलक विकास र समुदायमा आधारित विकासलाई सार्थकता प्रदान गर्ने व्यवहारिक अभ्यासमा सहकारी क्षेत्रले महत्वपूर्ण भूमिका निर्वाह गर्न सफल भएको छ । स्थानीय रूपमा छरिएर रहेका पुँजीको परिचालन द्वारा स्थानीय साधन स्रोत र प्रविधिको परिचालन गरि स्थानीय आवश्यकताको सम्बोधन गर्न सहकारी क्षेत्रको सदा सर्वदा महत्वपूर्ण योगदान रहदै आएको छ । करिब ७६ लाख सेयर सदस्य देशका कुनाकुनामा छरिएर स्वनियमका आधारमा निरन्तर काम गरिरहेका छन् । यसले मुलुकको उत्पादकत्वमा र रोजगारीको क्षेत्रमा महत्वपूर्ण योगदान गरिरहेको छ । नेपालको सहकारी क्षेत्रले ४०० अर्ब भन्दा बढी बचत, ४०० अर्ब भन्दा बढी ऋण लगानी र ९४ अर्ब सेयर रकमबाट मुलुकमा आर्थिक कारोबार गरेर मुलुकलाई योगदान गरिरहेको छ । नेपालमा सबै प्रकारका ३० हजारभन्दा धेरै सहकारी रहेका छन् । त्यसमध्ये बचत तथा ऋण सहकारी भने करिब १४ हजार रहेका छन् । देशको सामाजिक, आर्थिक रूपान्तरणमा सहकारीले महत्वपूर्ण योगदान पुऱ्याएको छ । सहकारी विस्तार भएका ठाउँमा आर्थिक, सामाजिक सुधार भएको छ । मानव विकास सूचांकमा सुधार ल्याउन पनि सहकारीले उल्लेख्य योगदान दिएको छ । सहकारी क्षेत्रले नेतृत्व विकासमा समेत टेवा पुऱ्याएको छ । स्वरोजगार, उद्यमशीलतामा समेत विशेष योगदान पुगेको छ । सहकारीको माध्ययबाट उत्पादन वृद्धि गरेर आयात कम गराउन पनि सहकारीले भूमिका खेलेको छ । अर्थतन्त्रमा सहकारी बलियो खम्बा र सुखी नेपाल सम्मृद्ध नेपाल निर्माणमा महत्वपूर्ण टेवा पुगेको छ । दिगो विकास लक्ष्य प्राप्ति र सामाजवाद उन्मुख अर्थतन्त्र निर्माणमा सहकारीको भूमिका प्रभावकारी रहेको देखिन्छ ।

सहकारी क्षेत्र सामजिक अर्थतन्त्रको सवलीकरणद्वारा राष्ट्रिय अर्थतन्त्रको सवलीकरण गर्ने र सामाजिक न्यायको प्रवर्द्धन गर्ने सामर्थ्य राख्ने बलियो संयन्त्र पनि हो । यसर्थ यो सामाजिक सौहार्दतामा आधारित अर्थतन्त्र निर्माण गर्ने संयन्त्र पनि हो । सहकारी क्षेत्रले विकासका नवीनतम अवधारणा विशेष गरि दिगो विकास लक्ष्य प्राप्ति र यसको स्थानीयकरण तथा आन्तरिकीकरणमा समेत महत्वपूर्ण योगदान दिने सामर्थ्य राख्दछ ।

देशका सवै भूभाग र क्षेत्रमा व्यापक सञ्जाल भएको सहकारी क्षेत्रको प्रभावकारिताका लागि सहकारी सुशासन अहिले बढी सान्दर्भिक बनेको छ ।

सहकारी संस्थामा सुशासनको अपरिहार्यता

- सहकारी संस्था सदस्यहरूको चाहाना, हित र आवश्यक्ता अनुसार सञ्चालित हुनु पर्ने
- सदस्यलाई केन्द्रविन्दुमा राखी संस्था सञ्चालन गर्नु पर्ने
- सुशासनका आधारभूत तत्वहरू सहकारी संस्थामा प्रत्याभूत गर्नु पर्ने
- संस्थाको कारण सदस्यको जीवनका बहुपक्षहरूमा गुणात्मक परिवर्तन, संस्थाप्रति सदस्य पूर्ण रूपमा सन्तुष्ट भएको हुनु पर्ने
- सदस्यले मेरो आवाज सुनिन्छ र सम्वोधन गरिन्छ भन्ने कुरामा विश्वास गर्न सकेको अवस्था हुनु पर्ने

सहकारी संस्थामा सुशासन कायम गर्नको लागि भएका केही व्यवस्थाहरु:

- सर्वाधिकार सम्पन्न साधरणसभा
- लेखापरिक्षण प्रतिवेदन र वार्षिक कार्यक्रम साधरणसभाबाट पारित गर्नुपर्ने व्यवस्था
- Watch Dog को रूपमा लेखा समिति
- आवधिक निर्वाचन
- उत्तरदायित्व श्रृंखलाको व्यवस्था
- एक व्यक्ति एक मत
- गणपुरक संख्याको निर्धारण
- वार्षिक, विशेष साधरणसभाद्वारा सञ्चालक समितिको सवै वा कुनै पदाधिकारीलाई हटाउन सक्ने व्यवस्था

सहकारी संस्थामा सुशासन कायम गर्न गर्नुपर्ने कार्यहरु

- सहकारीको मर्म, मूल्य, मान्यता र सिद्धान्तलाई आत्मसात गरी सहकारी संस्था सञ्चालन गर्ने ।
- सदस्यहरूमा चेतना वृद्धि गरी सहभागिता बढाउने
- प्रचलित कानूनको परिपालना गरी विधिको शासन चलाउने
- सूचना माग्ने र दिने संस्कारको विकास गर्ने
- साधरणसभालाई कम औपचारिक बढि उद्देश्य केन्द्रित गर्ने
- उत्तरदायित्व श्रृत्लाको कार्यान्वयन गर्ने
- सवै समिति उपसमितिहरूलाई समावेशी बनाउने
- वार्षिक प्रतिवेदनहरू प्रकाशन र सार्वजनिक गर्ने
- आन्तरिक नियन्त्रण प्रणालीलाई सवल बनाउने
- जसरीपनि मूनाफा कमाउने प्रवृतिको अन्त्य गर्ने
- निश्पक्ष निर्वाचनको सुनिश्चितता र त्यसको लागि उचित वातावरणको निर्माण गर्ने
- सदस्यको आवाज सुन्नेमात्र नभएर त्यसको सम्वोधनको सुनिश्चितता गर्ने
- वार्षिक कार्यक्रम, रणनीतिक व्यवसायिक योजना, साधारणसभाको निर्णयानुसार चल्ने ।
- सदस्यले उत्तरदायित्व वहन गर्ने (साधारणसभामा सक्रिय सहभागिता जनाउने, आफ्ना कुरा राख्ने र साधारणसभाले गरेको निर्णयलाई आत्मसाथ गरी कार्यान्वयनमा सहयोग गर्ने,
- संस्थाको निर्णय, कारोबारको सम्बन्धमा पारदर्शिता कायम गर्ने ।
- समुदायप्रति चासोका सिद्धान्त अनुसार, महिला जनजाती, समाजका न्यून वर्गको उत्थान एवं समूदायप्रति चासोका कार्यक्रम सञ्चालन गर्ने साथै सहकारीका अन्य सिद्धान्त साथै बचत तथा ऋण सहकारीका हकमा थप विश्व ऋण परिषदले जारी गरेका सिद्धान्तहरू तथा मूल्य मान्यतालाई संस्था सञ्चालनको आधार बनाउने,
- संस्थाका सञ्चालक साधारणसभा प्रति उत्तरदायि हुने, साधारणसभाले उठाएका प्रश्नहरूको सम्बोधन गर्ने सदस्यहरूप्रति उत्तरदायि रहने ।
- संस्थाले सम्पादन गर्ने कार्य छिटो गुणस्तरीय एवं प्रभावकारी तुल्याउने जसले प्रभावकारिता र कुशलतामा वृद्धि गरी सिर्नजी प्रभावलाई सहयोग गर्दछ ।
- संस्था स्वीकृत विनियम अनुसार सञ्चालन गर्ने गराउने, आवश्यकता अनुसार साधारणसभा र नियमन निकायको स्वीकृतिमा विनियम संशोधन गरी विद्यमान तथा उदीयमान सवाललाई सम्बोधन गर्ने ।
- कोपोमिस प्रणालीमा आबद्धता
- संस्थाको निर्णय, कारोबारको सम्बन्धमा पारदर्शिता कायम गर्ने
- प्रजातान्त्रिक रूपमा संस्थाको सञ्चालन गर्ने,
- पक्षपातविना उचित निर्णय गर्ने,
- समूदायप्रति चासोका कार्यक्रम सञ्चालन गर्ने,
- आर्थिक रूपले मित्तव्ययी हुने,
- सञ्चालक र सदस्यहरूको लागि व्यवस्थित आचार संहितको परिपालना गर्ने
- बचत र कर्जाको सीमा तोक्ने सो अनुरूप तरलता व्यवस्थापन गर्ने
- एक व्यक्ति एक सहकारीको अवधारणालाई कार्यान्वयनमा ल्याउने
- सदस्यको बचतको सुरक्षाको प्रत्याभूति गर्ने
- तत्काल बचत फिर्ता गर्न नसकेका सहकारीहरूले बचतको सुरक्षाको प्रत्याभूति हुने गरी पारदर्शी कार्ययोजना सार्वजनिक गर्ने
- वित्तीय सहकारी कानूनको निर्माण गर्ने
- बचत सहकारीहरूले परम्परागत बैकिंङको अवधारणामा नरहि बिशिष्ट बैकिंङको कार्यमा मात्र सीमित रहने
- सहकारीको मूल्य मान्यता प्रति प्रतिवद्ध रहने

सुशासन एउटा सकारात्मक अवधारणा हो । सुशासनले प्रक्रियामा शुद्धता र परिणाममा सकारात्मकताको परिकल्पना गरेको हुन्छ । यसले समग्र शासन प्रणालीमा शुद्धताको परिकल्पना गरेको हुन्छ र यस्तो शुद्धताको परीक्षण कानूनी संरचना, तोकिएका सूचकहरूको मूल्यांकन गर्ने प्रक्रिया र संस्थागत संरचनाको क्रियाशीलतावाट हुने गर्दछ । यो सुशासन मापनको मूर्त पक्ष हो । यसको अफ भित्रि तहमा गएर हेर्ने हो भने सुशासन शासकीय प्रणाली प्रति जन सन्तुष्टि सहित जनताको सकारात्मक अनुभूतिलाई ग्रहण गर्दै सकारात्मक क्षितिज तर्फ लम्किरहेको शासन प्रणालीको अर्को अमूर्त पक्ष पनि हो । मूर्त पक्ष मापनयोग्य हुन्छ अमूर्त पक्ष मापन गर्न कठीन हुन्छ । मापनयोग्य मूर्त पक्षको सूचकहरू सकारात्मक हुदै जानु अमूर्त पक्ष प्राप्तिका सम्भावनाहरूमा वृद्धि हुदै जानु हो । सुशासन प्रवर्द्धनका लागि भएका नीतिगत व्यवस्था, संघ, प्रदेश र स्थानीय तहवाट भएका आन्तरिकीकरणका प्रयासहरू यसै परिवेशमा संघीय सुशासनको अभिवृद्धि र दिगोपनाका सवल सम्वाहक बन्न सक्नु पर्दछ । सहकारी क्षेत्रको सुशासन पनि यिनै परिवेशमा रहनु आवश्यक हुन्छ ।

सन्दर्भ सामग्री

- *रेग्मी, दामोदर (२०७५), संघीय शासन प्रणाली, सुशासन र विकास, काठमाडौः ऐश्वर्य प्रकाशन*
- *रेग्मी, दामोदर (२०७५), नेपालमा संघीयताका अवसर र चुनौतीहरू, काठमाडौः ऐश्वर्य प्रकाशन*
- *रेग्मी, दामोदर (सन् २०२१), शासन प्रणाली र सार्वजनिक मामिलाको व्यवस्थापन, काठमाडौः अक्षरांक प्रकाशन*
- *रेग्मी, डा. दामोदर (सन् २०२२), शासकीय प्रबन्धका नवीनतम आयामहरू, काठमाडौः अक्षरांक प्रकाशन*
- *दिगो विकास लक्ष्य स्थानीयकरण स्रोत पुस्तिका नेपाल सरकार राष्ट्रिय योजना आयोग पुष २०७७*
- *स्थानीय तहको बजेट तथा कार्यक्रममा दिगो विकास लक्ष्यको साङ्केतीकरण स्रोत पुस्तिका, २०७९ नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल*
- *नेपालको सहकारी अभियानको लागि दिगो विकास लक्ष्यसम्बन्धी मार्गदर्शन, राष्ट्रिय सहकारी महासंघ पुल्चोक, ललितपुर, नेपाल*
- *वातावरणमैरी स्थानीय शासन प्रारूप, २०७८ नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार*

हार्दिक शुभकामना

नेपालका बचत तथा ऋण सहकारीहरुको एक मात्र शीर्ष संघ
नेफ्स्कूनको गरिमामय



३६औं स्थापना दिवसको अवसरमा स्मारिका प्रकाशन
गर्न गईरहेकोले संघको उत्तरोत्तर प्रगतिको
हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

सिको
बचत तथा ऋण सहकारी संस्था लि.
ठाकुरबाबा न.पा.-१, भुरीगाउँ, बर्दिया
फोन: ०८४-४०३०१३
इमेल: sikosaccos@gmail.com
वेवसाइट: www.sikosaccos.com.np

काठमाडौं
जिल्ला बचत तथा ऋण सहकारी संघ लि.
काठमाडौं ७, चावहिल
फोन: ०१-४५८२४५६, ४५९१८७४
इमेल: ktmfed@gmail.com
वेवसाईट: www.kasccun.com

सुदूरपश्चिम प्रदेश
बचत तथा ऋण सहकारी संघ लि.
धनगढी उप-महानगरपालिका, कैलाली
फोन: ९८४२८९२१२८
इमेल: saccossp7@gmail.com

डिलाईट
बचत तथा ऋण सहकारी संस्था लि.
ठेगाना: अनामनगर २९, काठमाडौं
फोन: ०१-४१०२८४६/४१०२८४७
इमेल: info@delightsaving.com.np
वेवसाईट: www.delightsaving.com.np

सृजना महिला
बचत तथा ऋण सहकारी संस्था लि.
पोखरा महानगरपालिका ८, सिमलचौर
फोन: ०६१-५७१८३२
इमेल: srijanasaccoos@gmail.com

चिनारी
बचत तथा ऋण सहकारी संस्था लि.
गोकर्णेश्वर ४, काठमाडौं
फोन: ०१-४८०१०२१
इमेल: chinari.saccos@gmail.com

सहकारीको वर्तमान समस्याः कारण र समाधानका उपायहरू

लेख



नमराज घिमिरे
रजिष्ट्रार, सहकारी विभाग

१. पृष्ठभूमि:

समाजवाद उन्मुख अर्थतन्त्र निर्माणको एक सशक्त माध्यम सहकारिता हो । खुलावजार केन्द्रित उदारवादी अर्थव्यवस्थाले पुँजीवादी आर्थिक सामाजिक संरचना निर्माणमा योगदान दिन्छ । नेपालको संविधानले यो सैद्धान्तिक आधारलाई आत्मसात गर्दै समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्ने राज्यको आर्थिक उद्देश्य लिएको छ । राज्यको अर्थतन्त्रका तीन खम्बा मध्ये सहकारीलाई एक खम्बाको रूपमा स्विकार गरेको छ । तर नेपालमा सहकारी अभियान नयाँ अवधारणा भने होईन । नेपाली समाज परम्परागत रूपमा नै सहकारितामा आधारित समाज हो । नेपाली समाजको प्रथा तथा परम्परा नै सहकारितालाई प्रवर्धन गर्ने किसिमका छन । नेपाली समाजको ढुकुटी, गुठी, पर्म, धर्म भकारी, मंका खःल जस्ता संस्कृतिहरू सहकारीकै स्वरूप हुन । औपचारिक रूपमा २०१० सालमा सहकारी विभागको स्थापना र नेपाल सहकारी समिति ऐन, २०११ जारी भएपश्चात २०१३ सालमा चितवनमा वखान ऋण सहकारी समितिको स्थापनालाई लिने गरिएको पाईन्छ । पञ्चायतकालमा सहकारीलाई पञ्चायती व्यवस्थाको विकास र प्रवलिकरणका लागि समुदायको परिचालनको माध्यमका रूपमा लिएको देखिन्छ । प्रजातन्त्रको पूनःस्थापना पछि सहकारी ऐन, २०४८ जारी गरी सहकारी अभियानलाई नेपाली समाजमा सामाजिक तथा आर्थिक रूपान्तरणको एक माध्यमको रूपमा विकसित गरिदै लगियो । सुरूका वर्षहरूमा सहकारी अभियानलाई विकसित र गतिशिल बनाउनका लागि राज्यबाट सवै किसिमका प्रोत्साहन एवं नीतिगत तथा कार्यक्रमिक प्रयासहरू गरिए । त्यसैको फलस्वरूप नेपालमा सहकारी अभियान अत्यन्त सशक्त रूपमा अगाडि बढ्दै संख्यात्मक हिसाबले अत्यन्त बृहत स्वरूपमा स्थापित भएको छ ।

संख्यात्मक वृद्धिसँगै सहकारीको गुणात्मक विकासमा पर्याप्त ध्यान दिन नसकिंदा पछिल्लो समय सहकारी अभियानप्रति प्रश्न उठ्न थालेको छ । सहकारी समाजवाद उन्मुख आर्थिक व्यवस्थाको सवलीकरण गर्न असफल भएको मात्र होईन कतिपय अवस्थामा वित्तीय अपचलनको माध्यम बनेको आरोप लाग्न थालेको छ । सहकारी संस्थाको साईन वोर्ड झुन्ड्याएर गैह्र सहकारी कार्य गर्ने र

> जनमुखी शासन प्रणाली, सार्वजनिक सेवा प्रवाहमा प्रभावकारिता, कानूनी राज्य, जवाफदेहीता, पारदर्शीता, नागरिकका न्यूनतम अधिकारहरुको प्रत्याभूति, शान्ति सुव्यवस्था सुशासनका न्यूनतम शर्तहरु हुन् । सुशासनको सही प्रयोगले आर्थिक तथा भौतिक समृद्धि, सामाजिक प्रगति मार्फत सामाजिक एकीकरणमा योगदान दिने काम गर्दछ ।

सहकारीको मूल्य मान्यताको विपरित विशुद्ध वित्तीय संस्थाको नक्कल तथा परम्परागत वैकिङ्ग कार्यप्रणालीको अवलम्वन गरेका सहकारी संस्थाहरूमा यो समस्या विकराल रहेको देखिएको छ । यसर्थ नेपालको सहकारी अभियानमा वर्तमानमा देखिएको समस्या सहकारीको असफलताको कारण नभएर यसको गलत र सिद्धान्त विपरितको अभ्यासको नतिजा हो भन्ने प्रमाणहरूले देखाई रहेको छ ।

२. सहकारी क्षेत्रको वर्तमान समस्या र तिनका कारणहरू

शहर केन्द्रित र समुदायमा आधारित नभई बचतकर्ता ग्राहकमा आधारित सहकारी संस्थाहरूमा पछिल्लो समय एकपछि अर्को समस्या देखिदै गएको छ । विशेषगरी विगत एक दशक अघि केही सहकारी संस्थाहरूले आफ्ना सदस्यहरू (खासमा सदस्य भनिएपनि बचतकर्ता ग्राहकहरू) को बचत भनेको समयमा फिर्ता गर्न नसक्दा वा सम्झौता बमोजिमको वित्तीय कारोबार गर्न नसक्दा सहकारीहरूमा समस्या आईपरेको आभाष भएको थियो । तत्कालिन अवस्थामा समस्यामा परेका सहकारी संस्थाहरूको अवस्थालाई विश्लेषण गर्ने हो भने ती सहकारी संस्थाहरूले सहकारीलाई पुँजी जम्मा गर्ने माध्यम मात्र बनाएको र यसरी संकलन गरिएको पुँजी आफ्ना सदस्यहरूको आयआर्जन तथा उत्पादन एवं व्यवसायिकरणमा उपयोग नगरी आफू र आफ्ना आफन्त एवं व्यवसायिक साझेदारका व्यवसाय प्रवर्धनमा प्रयोग गरेको देखिएको छ ।

वर्तमान अवस्थामा सहकारी क्षेत्रमा देखिएका समस्याको विश्लेषण गर्दा तीन किसिमको प्रवृत्ति देखिएको छ । पहिलो कोभिड-१९ महामारी र विश्वव्यापी आर्थिक मन्दीका कारण वित्तीय प्रणालीमा सिर्जित तरलताको समस्याले सहकारी क्षेत्रमा पर्न गएको प्रभाव र सहकारीको बलियो संस्थागत प्रणालीको अभावका कारण आम सर्वसाधारणमा यस क्षेत्रप्रति सिर्जना भएको अविश्वास नै हो । केही सहकारीहरूमा भएको संस्थागत सुशासनको कमजोरीका कारण समस्या उत्पन्न भएपछि जुन गतिमा सहकारीहरूमा समस्या छ र यी क्षेत्रमा गरिएको बचत सुरक्षित छैन भन्ने किसिमको समाचार तथा धारणा बाहिर आए त्यसबाट आम सर्वसाधारणमा अविश्वासको वातावरण सिर्जना हुन गयो । यस्तो अवस्थामा सहकारीका सञ्चालकहरू आफ्ना सदस्यहरूसँग अझ बढी सम्पर्कमा रही विश्वासको वातावरण निर्माण गर्नुपर्नेमा सदस्यहरूसँग सम्पर्क कम गर्दै जाने, सम्पर्क भएको अवस्थामा पनि सदस्यको मन जित्ने किसिमको व्यवहारको सट्टा हलुका र कतिपय अवस्थामा गैह्र जिम्मेवारपूर्ण व्यवहार गर्दा सदस्य तथा बचतकर्ताहरूमा झन ठूलो अविश्वासको अवस्था सिर्जना हुन पुग्यो । संघीय शासन प्रणाली अनुरूपको सहकारी

केही सहकारीहरूमा भएको संस्थागत सुशासनको कमजोरीका कारण समस्या उत्पन्न भएपछि जुन गतिमा सहकारीहरूमा समस्या छ र यी क्षेत्रमा गरिएको बचत सुरक्षित छैन भन्ने किसिमको समाचार तथा धारणा बाहिर आए त्यसबाट आम सर्वसाधारणमा अविश्वासको वातावरण सिर्जना हुन गयो ।



व्यवस्थापनको संवैधानिक एवं कानूनी प्रवन्धको कार्यान्वयनको संक्रमणकालीन अवस्थामै समस्यामा परेका वा पर्दै गरेका सहकारीहरूको समस्या समाधानको लागि नियामक निकायहरूको नियमनको सीमितताले जनतामा विश्वास कायम गर्ने वातावरण निर्माण गर्न नसकिएको तथ्यपनि स्वीकार्नु पर्दछ । सहकारी अभियान ऐन कानूनको केही व्यवस्था कार्यान्वयन नहुनु नै समस्याको मुल कारण हो भन्ने वुझाईमा रहेको देखियो । ऐन, कानूनका प्रावधान कार्यान्वयन निरन्तरको प्रक्रिया हो र यसले प्रणाली निर्माणमा भूमिका खेल्ने कुरामा दुईमत हुदैन । तर सहकारीको वर्तमान समस्या यही कारणबाट मात्र सिर्जित भने अवश्य होइन ।

दोस्रो र अत्यन्त सघन प्रवृति भने सहकारीको आधारभूत मूल्य, मान्यता र सिद्धान्तका सम्बन्धमा आम सर्वसाधारणमा रहेको सहकारी शिक्षाको कमी र त्यसको गलत फाइदा उठाउने तर्फ सहकारीलाई उपयोग गर्ने एक जमातको व्यवहार हो । सहकारी भनेको समुदायमा आधारित सदस्य केन्द्रित र सदस्य नियन्त्रित, स्वःनियमनमा सञ्चालन हुने स्वायत्त संस्था हुन । यस्तो संस्थाका सदस्यहरू सबै एक आपसमा परिचित हुने र आफूहरूबाटै यसका सञ्चालक छनौट हुने भएकोले सहकारीमा समस्या नै आउदैन भन्ने मान्यता राखिन्छ । तर नेपालमा सहकारीको विकास यसरी भयो कि सहकारी सदस्यहरूको सामूहिक

हितको संस्थाको विपरीत सहज रूपमा बचत परिचालन गर्ने, बिना धितो र चिनजान तथा सम्बन्धका आधारमा ऋण प्राप्त गर्न सकिने कोही व्यक्ति वा केही व्यक्तिहरूको वित्तीय कम्पनी जस्तो रूपमा बुझिन थालियो । सुदुरपश्चिमको व्यक्तिले सुदूर पूर्वमा गएर सहकारी संस्था खोलेको छ । आकर्षक ब्याज र अन्य लाभको लोभ देखाइ बजार प्रतिनिधि मार्फत बचत संकलन गरेको छ । वित्तीय तथा व्यवसायिक क्षमताको वैज्ञानिक तथा वास्तविक पहिचान नगरी ठूलो परिमाणमा ऋण लगानी गरिएको छ । वित्तीय कारोबारमा अपनाउनुपर्ने न्यूनतम सावधानिका उपायहरू समेत अवलम्बन गरिएको छैन । देशव्यापी रूपमा शाखा वा सेवा केन्द्र सञ्चालनमा ल्याएको छ । अझ अगाडि सहकारीको मर्म र भावना विपरीत घरजग्गा तथा शेयर खरिद जस्ता कारोबारमा सहकारीको बचत लगानी गरिएको छ । यसले गर्दा यी क्षेत्रमा स्वभाविक रूपमा आइरहने समस्याको दबाव थेग्न नसक्दा सहकारीहरू समस्यामा पर्दै गएका देखिन्छन् ।

तेस्रो केही सहकारी सञ्चालकहरूबाट भएका गल्ती, कमजोरी र लापरबाही हो । जानेर वा नजानेर केही सहकारीका सञ्चालकहरूले सहकारी सञ्चालनमा गम्भीर लापरवाही गरिएका सहकारीहरू नै पछिल्लो समय समस्याग्रस्त बन्दै गएको देखिएको छ । पछिल्लो समयमा समस्यामा परेका कतिपय सहकारीका सञ्चालकहरूले सहकारी ऐन तथा नियमावलीका कानूनी छिद्र पहिल्याउदै त्यसैको उपयोग गर्दै आफ्ना निहीत स्वार्थ पूर्तिका लागि सहकारीको उपयोग गरेको पाइएको छ । देशव्यापी रूपमा सहकारी सञ्चालनको अनुमति लिई अत्यन्त ठूलो



परिमाणमा बचत संकलन गर्ने र त्यस्तो बचत रकम आफ्नो वा आफ्ना नातेदार वा साझेदारका नाममा स्थापना गरिएका व्यवसायिक कम्पनीहरूमा लगानी गर्ने जस्तो अत्यन्त गैह्र सहकारी वित्तीय कारोबार गरेका सहकारीहरूमा विशेषगरी पछिल्लो समय समस्या देखिएको छ । अधिक तथा शीघ्र लाभको लोभमा घरजग्गामा सहकारीको बचत लगानी गर्ने र त्यस्तो सम्पतीको यथार्थ अवस्था थाह नहुँदा बचतकर्ताहरूमा आफ्नो बचत जोखिममा परेको त्रास सिर्जना भएको छ । नियामक निकायहरूको सीमित क्षमताका कारण सहकारीहरूले आवधिक रूपमा कार्यालयमा पेश गरेका कागज र प्रतिवेदनहरूकै आधारमा अनुगमन तथा नियमन गर्नेपर्ने बाध्यता छ । ठूलो संख्यामा सहकारीहरू स्थापना भएका तथा नियामक निकायको क्षमता विकास सोही रूपमा नहुदा नियमन प्रभावकारी नभएको हो । अझ पछिल्लो समय धेरै सहकारीहरू (२३ हजार भन्दा बढी) स्थानीय तहको नियमन क्षेत्राधिकारमा पर्ने तर स्थानीय तहमा नियमनको लागि आवश्यक कानूनी तथा प्रशासनिक प्रबन्ध प्रभावकारी बनीनसकेको कारण नियमन प्रभावकारी हुन सकेन । प्रदेशको अवस्था पनि उस्तै देखिन्छ । सहकारी विभागको नियमन क्षेत्राधिकारमा परेका सहकारीको संख्या तुलनात्मक रूपमा थोरै भएपनि सहकारीको कारोबारको ठूलो आकार र विभागको संस्थागत संरचनागत संकूचनले नियमन प्रभावकारी हुन नसकेको सत्य हो । सहकारी क्षेत्रको राज्य तहको यही सीमितता र संक्रमणकालको उपयोग गर्दै सहकारीलाई गलत रूपमा प्रयोग गर्नाले समस्या सिर्जना भएको हो । तर आम जनमानसमा यी कुरा सहजै र समयमै बुझाउन नसक्दा सहकारीप्रतिको विश्वासमा ह्रास आउने क्रम वृद्धि भएको हो।

३. सहकारीका वर्तमान समस्या समाधानका उपायहरु:

वास्तवमा भन्ने हो भने सहकारीमा धेरै ठूला वित्तीय समस्या आईपर्दैन भन्ने विश्वास गरिन्छ । समुदायमा आधारित र सदस्य केन्द्रित तथा सदस्य नियन्त्रित सहकारीहरूमा समस्या सिर्जना हुने वातावरण नै निर्माण हुदैन । कथमकदाचित कुनै समस्या सिर्जना भएमा सहकारीका सदस्यहरूबीच तत्काल छलफल र विचार विमर्श एवं सामुहिक प्रयत्नबाट समस्याको समाधान निकालिन्छ र समस्यालाई गहिराईमा पुग्न दिईदैन । सहकारी ऐन, २०७४ को प्रस्तावना र हाल सहकारी क्षेत्रमा भएको अभ्यासको विश्लेषण गर्ने हो भने सहकारीका समस्याको जड पहिचान गर्न कठिन हुदैन ।

सहकारीको समस्या समाधानको प्रभावकारी उपाय भनेको सदस्यहरूबाटै आफ्नो संस्थाको बारेमा समयमै प्रभावकारी नियमन र नियन्त्रण कायम गर्नु हो । तर नेपालको सहकारी अभियानलाई नजिकबाट नियाल्दा आम जनमानसमा सहकारी शिक्षाको अत्यन्त कमी रहेको देखिन्छ । सहकारी के हो र के होइन भन्ने नबुझी बढी ब्याज र लाभको लागि मात्र सहकारीमा आफ्नो ठूलो बचत जम्मा गर्ने तर सहाकारीको संस्थागत सुशासनको अवस्था कस्तो छ ? भन्ने बारेमा कुनै चासो नराख्ने बचत कर्ताको संख्या अत्याधिक भएकोले सहकारीहरू सहकारी कम वित्तीय संस्था बढी भएका छन । अधिकांश सेवाग्राहीहरूले आफूलाई सहकारीको सदस्य भन्दा बचतकर्ताको रूपमा परिचय गराउने र आफूले रकम जम्मा गरेको सहकारीको सञ्चालक कसैलाई पनि नचिन्ने बरू विशुद्ध बैंकिङ्ग स्वरूपको कारोबार गरेको भन्ने भनाईबाट पनि सहकारीको वर्तमान अवस्था छर्लङ्ग हुन्छ । अझ बचत तथा ऋणको कारोबार गर्ने सहकारीको बाहुल्यता रहेको र बहुउद्देश्यीय सहकारी तथा अन्य सहकारीहरूको पनि मुख्य ध्येय बचत संकलन र ऋण लगानीमै रहेकोले सहकारीको मर्म नै नसमातिएको देखिन्छ । उत्पादन र सदस्यहरूले गरेको उत्पादनको बजारीकरण गर्ने कार्यमा अति थोरै सहकारीहरू लागेका छन् । कतिपय सहकारीहरू सरकारी अनुदान प्राप्त गर्ने उद्देश्यले मात्र सञ्चालनमा रहेको पनि देखिएको छ ।

तत्कालका लागि सहकारी संस्थाहरूमा देखिएका समस्या समाधानका लागि उल्लिखित कारणहरूलाई नै ध्यानमा राखी

समाधानका उपाय अपनाउनु आवश्यक छ । आर्थिक एवं वित्तीय क्षेत्रमा आएको समस्याको प्रभावका कारण समस्यामा परेका सहकारीहरूको समाधानका लागि सहकारीको दायित्व र सम्पत्तिको यकिन गरी संस्थागत सुशासन राम्रो रहेका सहकारीहरूका लागि केही समय तरलता व्यवस्थापनका लागि उपलब्ध गराउनु उपयुक्त हुने देखिन्छ । यस प्रकृतिका सहकारी संस्थाका सदस्य बचतकर्ताहरूलाई आफ्नो संस्थाको बारेमा बढीभन्दा बढी जानकारी लिई संस्थाका सञ्चालकहरूसँग नियमित सम्पर्कमा रही समस्या समाधानमा साझेदारी गर्नु जरूरी छ । संस्था सञ्चालकहरूलाई पनि आफ्नो सहकारी संस्थाको दायित्व र सम्पत्तिको यथार्थ विवरण सहितको श्वेत पत्र जारी गरी सदस्यहरूमा विश्वासको वातावरण निर्माण गर्नु पर्दछ । यस्ता सहकारीका विषयमा सघन अनुगमन गरी सञ्चालक र सदस्यहरूका बीचमा मध्येस्थता गर्दै विश्वासको आवश्यक वातावरण तयार गर्न नियामक निकायको दायित्व रहन्छ ।

जुन सहकारीहरूको सम्पत्ति र दायित्वको हिसाब सकारात्मक रहेको छ तर संस्थाको बचत लगानी घर जग्गा, व्यवसाय वा शेयर खरिदमा लगाएको छ भने त्यस्ता सहकारीका सञ्चालकहरूले संस्थाको दायित्वको व्यक्तिगत वा सामूहिक जिम्मेवारी लिई क्रमशः त्यस्ता सम्पतिको बिक्री वा अन्य तरिकाले व्यवस्थापन गरी सदस्यको बचत फिर्ता गर्दै जाने ठोस कार्ययोजनासहितको समस्या समाधान गर्दै जानु जरूरी छ । ऋण असुलीलाई प्रभावकारी बनाई सदस्यहरूलाई विश्वासको वातावरण तयार गर्नु पर्दछ । यसका लागि सञ्चालकहरूबाट सहकारीको दायित्व वहनको कानूनी प्रबन्ध गराउन र सदस्यहरूलाई आफ्नो बचतको सुरक्षा रहेको प्रत्याभूत गराउनु जरूरी छ

केही सञ्चालकहरूको बदनियत तथा लापरबाहीपूर्ण काम कारवाहीका कारण समस्यामा परेका सहकारीहरूको हकमा सञ्चालकहरूलाई प्रचलित कानूनको अधिनमा रही हदैसम्मको कारवाही गरी नियमनको वास्तविक महत्व स्थापित गर्नु पर्दछ । यस्ता सहकारीका सञ्चालकहरूको सम्पत्ति रोक्का राख्ने देखि सञ्चालकहरूलाई कानूनको दायरामा ल्याई सदस्यहरूको बचत फिर्ताको लागि जस्तोसुकै कानूनी कारवाही गराउन नियामकले कुनै कसुर बाँकी राख्नु हुन्न । सहकारीलाई समस्याग्रस्त बनाई सदस्यहरूको सम्पर्कमा नआउने वा वर्तमान समस्यालाई आफ्नो कुत्सित उद्देश्य पूर्तिको अवसरको रूपमा प्रयोग गर्न उद्यत रहने सहकारी सञ्चालक तथा व्यवस्थापकहरूलाई आवश्यक परेको अवस्थामा प्रहरीको सहयोग लिई बचतकर्ताको बचत फिर्ता गराउन समेत नियामक निकायहरू हदैसम्मको कारवाही गर्न पछि पर्नु हुदैन । सहकारीका सम्पूर्ण बचतकर्ताको बचत तथा शेयरको सुरक्षा र फिर्ताको ग्यारेन्टीको लागि सहकारी ऐन, २०७४, सहकारी नियमावली, २०७५ तथा अन्य प्रचलित ऐनको व्यवस्था प्रति आम सर्वसाधारण र सहकारीका सदस्यहरूलाई सुसूचित गराउने र कानूनको प्रभावकारी कार्यान्वयनप्रति विश्वास कायम राख्नु जरूरी छ । दीर्घकालमा सहकारीमा बचत गर्ने बचतकर्ता शेयर सदस्यहरूको निश्चित परिमाण सम्मको बचतको सुरक्षा र निश्चित परिमाण सम्मको ऋणको समेत सुरक्षाको प्रत्याभूति गर्न बचत तथा कर्जा सुरक्षण कोष खडा गर्नुपर्दछ जुन सहकारी ऐन, २०७४ तथा सहकारी नियमावली, २०७५ ले व्यवस्था समेत गरेको छ ।

केही सञ्चालकहरूको बदनियत तथा लापरबाहीपूर्ण काम कारवाहीका कारण समस्यामा परेका सहकारीहरूको हकमा सञ्चालकहरूलाई प्रचलित कानूनको अधिनमा रही हदैसम्मको कारवाही गरी नियमनको वास्तविक महत्व स्थापित गर्नु पर्दछ ।

४. निष्कर्ष:

सहकारी सामुदायिक भावनाको जगमा निर्माण भएको हुन्छ । जवसम्म सहकारीका सदस्यहरूमा सामुदायिक सोच तथा सर्वजना हितायः र सर्वजना शुखायको भावना रहन्छ तवसम्म सहकारीमा समस्या आउदैन । सहकारीको संरचना निर्माण यसरी भएको हुन्छ कि कुनै समस्या आईहालेमा पनि सदस्यहरूको सकृयताले तत्कालै त्यसको समाधान हुन्छ । नेपालको सन्दर्भमा हेर्दा सहकारीको अभ्यास सहकारीको न्यूनतम मूल्य मान्यता र भावना तथा सिद्धान्तबाट विचलित भई परम्परागत वैकिङ्ग प्रणालीको नक्कल गर्ने र कतिपय अवस्थामा वाणिज्य वैकहरूसँगको प्रतिष्पर्धीको रूपमा आफुलाई प्रस्तुत गर्ने सहकारीमा ठूलो र गम्भीर प्रकृतिको समस्या रहेको देखिएको छ । नियामकीय क्षमताको सिमितता र कतिपय अवस्थामा नियमनभित्रको कमजोरी पनि समस्यालाई सघन बनाउन जिम्मेवार रहेको छ । यस्तो परिस्थितिमा सहकारी क्षेत्रको यो प्रतिकूल अवस्थालाई समयमै सम्बोधन गरी सहकारी अभियान मार्फत समृद्धि हासिल गर्ने र समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्ने संविधानको भावनालाई व्यवहारमा सफलीभूत पार्न सहकारीको सिद्धान्त र मूल्य मान्यताको प्रभावकारी कार्यान्वयन जरूरी छ । समस्यालाई मिहिन ढंगले विश्लेषण गरी कारण र कारक पत्ता लगाई सोही बमोजिमको समाधानको उपाय अवलम्वन गर्नु जरूरी छ । सहकारीले नेपालको आर्थिक विकास र नेपाली समाजको विकासमा ठूलो योगदान दिएको छ । केही नकारात्मक प्रवृति सवै क्षेत्रमा हुन्छन् । सहकारी क्षेत्रमा पनि छन् । अतः सहकारीका नकारात्मक प्रवृतिलाई समयमै पहिचान गरी समाधानका उपाय अवलम्वन गर्ने र दीर्घकालमा सहकारीका माध्यमबाट गरिवी निवारणको रणनीति अवलम्वन गर्दै सहकारी क्षेत्रको सुदृढीकरणमा यस सम्बद्ध सवै सरोकारवालाहरूको सामुहिक प्रयास जरूरी देखिन्छ ।

सहकारिता : विकासक्रम, सम्बद्ध कानून र मुद्दाहरू

लेख



टोलराज उपाध्याय

उप-रजिष्ट्रार, सहकारी विभाग

नेपालमा सहकारिताको विकासक्रम:


वि.सं. २०१३ सालमा चितवनको बखान सहकारी संस्था दर्तासँगै सहकारी संस्थाहरू खोल्नेक्रम शुरू भएको हो । वि.सं. २०४६ सालमा प्रजातन्त्रको पुनःस्थापन पश्चात् सहकारिताप्रतिको राज्यको नीतिमा मौलिक परिवर्तन आएको अनुभूत गर्न सकिन्छ भने वि.सं. २०४८ सालमा सहकारीको विश्वव्यापी सिद्धान्त, मूल्य, मान्यताहरू समाहित गरी पहिलो पटक सहकारी ऐन जारी गरिएको थियो ।

सहकारी ऐन, २०४८ जारी भएको समयमा नेपालभर करिव ८३० वटा सहकारी संस्थाहरू र ३० वटा जिल्ला सहकारी संघहरू मात्र अस्तित्वमा थिए । त्यो संख्या २०७९ फागुनसम्म आइपुग्दा ३१,३७३ वटा प्रारम्भिक सहकारी संस्थाहरू, जिल्लास्तरका सहकारी संघहरू (विषयगत संघ समेत), प्रदेशस्तरका सहकारी संघहरू, १८ वटा केन्द्रीय सहकारी संघहरू, १ वटा राष्ट्रिय सहकारी बैंक र केन्द्रमा सहकारी अभियानको छाता संगठनको रूपमा राष्ट्रिय सहकारी महासंघ समेतको फराकिलो सञ्जालको स्थापना भएको छ ।

सहकारी संस्थामा सेयर सदस्य संख्या ७३ लाख ८१ हजार २ सय १८ पुगेको छ । जसमा महिला सहभागिता ५६ प्रतिशत रहेको छ । सहकारी अभियानको नेतृत्वमा पनि महिलाहरूको उपस्थिति वृद्धि हुँदै करिब ३९ प्रतिशतको हाराहारीमा पुगेको छ । यस क्षेत्रबाट रू. ४ खर्व ७८ अर्ब ३ करोड बचत परिचालन भई रू. ४ खर्व २६ अर्ब ३५ करोड ऋण लगानी भएको छ । वि.सं. २०७९ फागुन सम्ममा सहकारी क्षेत्रले ९३,७७१ व्यक्तिहरूलाई प्रत्यक्ष रोजगारी र लाखौंको संख्यामा अप्रत्यक्ष रोजगारीको अवसर सिर्जना गरेको छ ।

सहकारीको प्रभाव धेरै भएका प्रदेशहरूमा वहुआयामिक गरिबीको अवस्था न्यून रहेको तथ्यांकले देखाउँछ । यसबाट यो पुष्टि हुन्छ कि नेपालको सामाजिक तथा आर्थिक विकासका साथै गरिबीको दर घटाउन सहकारी क्षेत्रको महत्वपूर्ण योगदान रहेको छ । हो, यसो भन्दै गर्दा सहकारी क्षेत्रका केही मुद्दाहरू थप पेचिला बन्दै गइरहेका पनि छन् ।

“सहकारी ऐन, २०४८ जारी भएको समयमा नेपालभर करिव ८३० वटा सहकारी संस्थाहरु र ३० वटा जिल्ला सहकारी संघहरु मात्र अस्तित्वमा थिए । त्यो संख्या २०७९ फागुनसम्म आइपुग्दा ३१,३७३ वटा प्रारम्भिक सहकारी संस्थाहरु, जिल्लास्तरका सहकारी संघहरु (विषयगत संघ समेत), प्रदेशस्तरका सहकारी संघहरु, १८ वटा केन्द्रीय सहकारी संघहरु, १ वटा राष्ट्रिय सहकारी बैंक र केन्द्रमा सहकारी अभियानको छाता संगठनको रुपमा राष्ट्रिय सहकारी महासंघ समेतको फराकिलो सञ्जालको स्थापना भएको छ ।”



- नेपालको संविधान, २०७२
- सहकारी ऐन, २०७४
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- वार्षिक बजेट (आ.व.२०८०/०८१)

(क) नेपालको संविधान, २०७२

नेपालको संविधान, २०७२ को धारा ५० उपधारा (३) मा "सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्न तथा प्राप्त उपलब्धिहरूको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशिल बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य हुनेछ" भनी उल्लेख गरिएको छ । यसैगरी "सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्दै राष्ट्रिय विकासमा अत्यधिक परिचालन गर्ने" राज्यको नीति रहेको विषय संविधानमै लेखिएको छ ।

नेपालको संविधानको भाग २० मा संघ प्रदेश र स्थानीय तहबीच अन्तर सम्बन्ध अन्तर्गत तीन तहहरूबीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुनेछ भन्ने उल्लेख गरिएको छ । यसै अनुरूप नेपालको संघीयता आफैमा सहकारी संघीयता हो भनी विश्लेषण पनि भएको छ । संविधानको अनुसूचीहरूमा संघको अधिकार सूची अन्तर्गत "सहकारी नियमन"(क्र.सं.२८), प्रदेशको अधिकार सूची अन्तर्गत "सहकारी संस्था" (क्र.सं.२), संघ र प्रदेशको साझा अधिकार सूचीमा "सहकारी" (क्र.सं.७), स्थानीय तहको अधिकार सूची "सहकारी संस्था" (क्र.सं.२), यसै गरी संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा "सहकारी" (क्र.सं.१), मा राखिएको छ ।

(ख) सहकारी ऐन, २०७४

सहकारी ऐन, २०७४ ले सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरूप देशका कृषक, कालिगड, श्रमिक, न्यून आय समूह एवं सिमान्तकृत समुदाय वा सर्वसाधारण उपभोक्ता माझ छरिएर रहेको पुँजी, प्रविधि तथा प्रतिभालाई स्वावलम्बन र पारस्परिकताको आधारमा एकीकृत गर्दै सदस्यहरूको आर्थिक, सामाजिक तथा साँस्कृतिक उन्नयन गर्न, समूदायमा आधारित, सदस्य केन्द्रित, लोकतान्त्रिक, स्वायत्त र स्वशासित संगठनको रूपमा सहकारी संस्थाहरूको प्रवर्द्धन, नियमन गर्न, सहकारी खेती, उद्योग, वस्तु तथा सेवा व्यवसायको माध्यमबाट आत्मनिर्भर, दिगो एवं समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्रको विकास गर्न ऐन ल्याइएको विषय प्रस्तावनामा उल्लेख गरिएको छ । सो अनुरूपका विभिन्न प्रावधानहरू ऐन तथा नियमावली, कार्यविधि, निर्देशिका,

मापदण्डहरूमा व्यवस्था गरेर कार्यान्वयनलाई सरल र सहज बनाउने कार्य भैरहेको छ ।

(ञ) स्थानीय सरकार सञ्चालन ऐन, २०७४

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-३ मा गाउँपालिका र नगरपालिकाको काम कर्तव्य र अधिकार हरूका बारेमा उल्लेख गरिएको छ । जस अनुसार सहकारी क्षेत्र सम्बन्धी देहाय अनुरूपका कार्यहरू सम्बन्धित पालिकाले गर्नेसक्ने उल्लेख गरिएको छ ।

१ सहकारी संस्था सम्बन्धी स्थानीय नीति, कानून, मापदण्डको निर्माण, कार्यान्वयन र नियमन,
२ सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको भौगोलिक क्षेत्रभित्र सञ्चालन हुने सहकारी संस्थाको दर्ता, अनुमति, खारेजी र विघटन,
३ सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी स्थानीय मापदण्ड निर्धारण र नियमन,
४ सहकारी सम्बन्धी राष्ट्रिय, केन्द्रीय, विषयगत, प्रादेशिक र स्थानीय संघ संस्थासँग समन्वय र सहकार्य,
५ सहकारी सम्बन्धी स्थानीय तथ्यांक व्यवस्थापन र अध्ययन अनुसन्धान,
६ स्थानीय सहकारी संस्थाको क्षमता अभिवृद्धि,
७ स्थानीय सहकारी क्षेत्रको प्रवर्द्धन, परिचालन र विकास ।

संघीय ढाँचा अन्तर्गत प्रदेश र स्थानीय सरकारहरूलाई आ-आफ्ना क्षेत्राधिकार भित्र रहने गरी सहकारी सम्बन्धी नीति तथा ऐन, नियमहरू जारी गर्ने तथा सहकारीको विकास र प्रवर्द्धन गर्ने स्वायत्तता समेत प्रदान गरेको छ । एउटा स्थानीय तहभित्र मात्र कार्यक्षेत्र भएको सहकारी संस्थाहरू सम्बन्धित स्थानीय तह र एक भन्दा बढी स्थानीय तहहरूमा कार्यक्षेत्र भएका तर एक प्रदेशभित्र मात्र कार्यक्षेत्र रहेको सहकारी संस्थाहरू प्रदेश सरकारको नियमन क्षेत्राधिकार भित्र रहने व्यवस्था गरिएको छ । त्यसैगरी एक प्रदेश भन्दा बढी कार्यक्षेत्र भएको सहकारी संघसंस्थाहरू संघीय सरकारको नियमन क्षेत्राधिकारमा रहने गरी कार्यक्षेत्र तथा जिम्मेवारी किटान गरिएको छ ।

यसरी तीनवटै तहका सरकारहरूले कार्यक्षेत्रका आधारमा सहकारीहरूलाई नियमन गर्ने अधिकार प्राप्त गरेका छन् । संविधान र प्रचलित सहकारी ऐन, कानूनहरूको भावना अनुरूप नियमनको अधिकारलाई आत्मसात गरी सहकारी क्षेत्रको प्रवर्द्धन, विकास र नियमनको जिम्मेवारी ३ वटै तहका सरकारहरूले वहन गर्दै आइरहेको अवस्था छ ।

(ट) वार्षिक बजेट (आ.व.२०८०/०८१)

आर्थिक वर्ष २०८०/०८१ को बजेटमा सरकारी, निजी र सहकारी क्षेत्रको लगानी विस्तार गरी उत्पादन, उत्पादकत्व र रोजगारीका अवसर बढाउने, आर्थिक तथा सामाजिक पूर्वाधार निर्माण गरी उच्च आर्थिक वृद्धिको आधार तयार गर्नेतर्फ जोड दिइने उल्लेख गरिएको छ । यसैगरी सार्वजनिक स्रोतको समुचित परिचालन गर्ने, उपलब्ध अवसर तथा लाभको समन्यायिक वितरण गर्ने विषय उठाइएको छ ।

अर्थतन्त्रलाई गतिशील बनाई फराकिलो, दिगो र समावेशी आर्थिक वृद्धि हासिल गर्ने, गुणस्तरीय सामाजिक विकास, सुरक्षा र न्याय प्रत्याभूत गर्ने, लगानी मैत्री वातावरण निर्माण गरी निजी क्षेत्रको मनोबल उच्च पार्ने र आय तथा रोजगारीका अवसर सिर्जना गरी गरिबी न्यूनीकरण गर्ने, समष्टिगत आर्थिक स्थायित्व कायम गर्ने, संघीयताको सवलीकरण र सुशासन कायम गर्ने, बजेट प्रणालीमा सुधार गरी सार्वजनिक खर्चको प्रभावकारिता अभिवृद्धि गर्ने वार्षिक बजेटका उद्देश्यहरू निर्धारण गरिएको छ ।

आर्थिक वर्ष २०८०/८१ को बजेटको बुँदा नं १३२ र १३३ मा बचत तथा ऋण सहकारी संस्थाको कार्यक्षेत्र निश्चित भौगोलिक क्षेत्रमा केन्द्रित गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउने सरकारले घोषणा गरेको छ । यसैगरी, बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरुको नियमन तथा सुपरिवेक्षणलाई प्रभावकारी बनाउन विशिष्टीकृत नियामकीय निकाय स्थापना गरी सञ्चालनमा ल्याइने बजेटमा व्यवस्था गरिएको छ ।

यसबाट सहकारी क्षेत्रमा पारदर्शिता बढ्ने र सुशासन कायम हुन सहयोग पुग्ने विश्वास गरिएको छ । सहकारी क्षेत्रको बचतलाई उद्यम विकास तथा रोजगारी सिर्जना हुने क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिने, घरेलु तथा साना उद्योग सञ्चालन गर्ने सहकारी संस्थालाई उत्पादन, भण्डारण र बजारीकरणमा सहयोग उपलब्ध गराइने विषय बजेटमा उद्घोष गरिएको छ ।

समग्रमा धनी र गरिब बीचको खाडल कम गर्नुपर्ने आवश्यकता बोध गरी बजेटका उद्देश्य तथा प्राथमिकता निर्धारण गरिएका छन् । यसबाट बहुआयामिक गरिबी न्यूनीकरणमा रहेको सहकारी क्षेत्रको भूमिकालाई थप सशक्त पार्नुपर्ने आवश्यकता बजेटले उजागर गरेको देखिन्छ ।

सहकारीका क्षेत्रगत मुद्दाहरु

सहकारी संस्थाहरूको सञ्चालनमा लोकतान्त्रिक नियन्त्रण वा स्वनियमन र हाम्रो परिवेशका बीचमा रहेको फासलाका विषयहरू नै समस्याका कारकको रूपमा देखिएका छन् । सहकारी क्षेत्रमा रहेको संस्थागत सुशासनको विषय, सहकारी संस्थाहरूको नियमन, निरीक्षण र सुपरिवेक्षणलाई प्रभावकारी बनाउने एवं सोको लागि दोस्रो तहको नियमनकारी निकाय खडा गर्ने विषय, सहकारी संस्थाका सञ्चालकहरूले आचारसंहिता पालनाको विषय निरन्तर बहसमै छन् ।

यसैगरी वित्तीय कारोबार गर्ने संस्थाहरूमा आएको विकृति, उक्त विकृति अन्त्यका लागि उपयुक्त नियन्त्रणात्मक औजारहरूको विकास तथा अवलम्बन गर्ने विषय, नियामकको क्षमता अभिवृद्धिको विषय, सहकारी शिक्षामा व्यापक विस्तार गर्नुपर्ने विषय, सहकारी सिद्धान्त, मूल्य, मान्यताहरूको अवलम्बन र प्रणालीबाटै विकृति नियन्त्रणको विषय, संस्थाहरूको समस्याग्रस्तता पश्चात छानविन जाँचबुझको कामलाई सरल र छिटोछरितो बनाउने लगायतका बिषयहरूमा निरन्तर बहस उठिरहेकै छन् ।

तथापी समय समयमा यस क्षेत्रमा समस्याहरू दोहोरीरहेको अवस्था छ । मुलतः नियामक वा सरकार, सहकारी अभियान, सहकारीका सदस्यहरू नै यस क्षेत्रका सरोकारवालाहरू हुन् । यिनीहरूको

समग्र प्रयत्नबाटै समस्या/बहसलाई उचित समाधान/निचोडमा पुऱ्याउनुपर्दछ ।

संघीयता पश्चात तीनै तहका सरकारहरूमा सहकारी क्षेत्रको उन्नयनको जिम्मा रहेको छ । सहकारी नियमनको कार्य छरिएर जानु, तहगत सरकारका नियमन निकायहरू बीच बुझाईमा एकरूपता नहुनु, क्षमता न्यून रहनु, आपसी समन्वय कमजोर हुनु, क्षेत्रगत रूपमा खण्डिकृत तथ्यांक नहुनु आदि कारणले समस्या थप गहिरिएको छ । यसलाई नीतिगत, कार्यविधिगत, कार्यव्यवहारगत रूपमा सम्बोधन गरेर अघि बढ्नु जरूरी भएको छ ।

अन्त्यमा:

सहकारी शैलीले नेपाली परम्परासँग मेल खान्छ । वि. सं २०१३ सालदेखिको लिखित इतिहासयुक्त सहकारी क्षेत्र हाल विश्वासको संकटमा छ । देशको संविधान, ऐन, कानून एवं वार्षिक बजेटहरूमा क्षेत्रगत विषयले स्थान नपाएको पनि होइन । देशभरी रहेको सञ्जाल र क्षेत्रगत विद्वता लोभलाग्दो छ । नेतृत्व विकासको स्थानीय प्लेटफर्म एवं महिला सशक्तिकरण र उद्यमशीलताको औजारको रूपमा रहेको यो क्षेत्र संविधानमा समाजवाद-उन्मुख अर्थतन्त्रको निर्माण गर्ने विषय समेत लेखेर अघि बढिरहँदा समस्याले घेरिएको छ ।

सहकारी क्षेत्रको नियामक निकायहरूको क्षमता विकासमार्फत कार्यप्रभावकारिता अभिवृद्धि गर्नुपर्ने अवस्था छ भने कतिपय विषयहरूमा राज्यले स्पष्ट दिशानिर्देश गर्नुपर्ने देखिएको छ । सबै राजनीतिक दलहरूको क्षेत्रगत सदासयता रहँदारहँदै पनि यस क्षेत्रप्रति सशंकित हुने अवस्था कसरी आयो । राजनीतिकरण र स्वार्थको द्वन्दका विषयहरूले कार्यव्यवहार र क्षेत्रगत कानूनहरूमा स्थान पाएको त छैन प्रत्येकले चिन्तन गरी सुधार गर्न जरूरी भैसकेको छ ।

समुदायमा आधारित व्यवसायको रूपमा चिनिने सहकारी क्षेत्रमा पटक पटक समस्या आउनुले यस क्षेत्रको कमजोर क्षेत्रगत अवस्थाको बोध गराउँदछ । सदस्यकेन्द्रित व्यवसाय हुँदाहुँदै पनि सहकारी क्षेत्रमा आबद्ध केही व्यक्तिहरूले सहकारीका विश्वव्यापी सिद्धान्त, मूल्य, मान्यताहरूलाई आफु अनुकुल व्याख्या गरी गलत अभ्यासलाई प्रश्रय दिँदा समग्र स्थिती कमजोर र विवादित भई विश्वास धर्मराएको अवस्था छ ।

राष्ट्रिय सहकारी महासंघ, राष्ट्रिय सहकारी बैंक, केन्द्रीय विषयगत संघ, जिल्ला संघ तथा बचत संघहरूमार्फत देशभर सञ्जाल रहेको सहकारी अभियानले पनि समस्या समाधानको लागि अपेक्षित उपस्थिति देखाउन सकेको अवस्था देखिएन ।

उक्त कमजोर अवस्थाबाट उचित निकासका उपायहरूको खोजीको लागि राष्ट्रिय योजना आयोगका सहकारी क्षेत्र हेर्ने माननीय सदस्यको संयोजकत्वमा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८०।०१।२६ को निर्णयानुसार सहकारी क्षेत्र सुधार सुझाव कार्यदल, २०८० गठन भई विभिन्न अल्पकालिन र दीर्घकालीन सुधार सुझावहरू नेपाल सरकार समक्ष पेश भएका छन् ।

उक्त सुझावहरूको कार्यान्वयन गरेर सहकारी क्षेत्रबाट वास्तविक र दिगो लाभ लिनेगरी अघि बढ्न प्रत्येक सरोकारवालाले इमान्दार प्रयत्न गर्नुपर्ने समय आएको छ ।

लामो इतिहास रहेको नेपालको सहकारी क्षेत्रलाई यसको मर्म अनुरूप कार्यव्यवहारमा लैजानुपर्दछ । ऐन, कानूनमा रहेका प्रावधानहरूलाई आवश्यकता अनुरूप संशोधन/परिमार्जन र तिनको कठोर परिपालना, नियमनकारी निकायको क्षमता अभिवृद्धि, संस्थाका सञ्चालक तथा व्यवस्थापकलाई थप जिम्मेवार बनाउने र सदस्य शिक्षालाई प्रभावकारी बनाउनु नै सहकारी क्षेत्रका बर्तमान समस्या समाधानको पक्षहरू हुन् । जय सहकारी ।





नेतृत्व विकासको स्थानीय प्लेटफर्म एवं महिला सशक्तिकरण र उद्यमशीलताको औजारको रूपमा रहेको यो क्षेत्र संविधानमा समाजवाद-उन्मुख अर्थतन्त्रको निर्माण गर्ने विषय समेत लेखेर अघि बढिरहँदा समस्याले घेरिएको छ ।

राजनीतिकरण र स्वार्थको द्वन्दका विषयहरूले कार्यव्यवहार र क्षेत्रगत कानूनहरूमा स्थान पाएको त छैन प्रत्येकले चिन्तन गरी सुधार गर्न जरूरी भैसकेको छ ।

बचत तथा ऋण सहकारी अभियानमा नीतिगत बहस पैरवी, संघको भूमिका र उपलब्धिहरु

लेख



चन्द्रप्रसाद ढकाल
वरिष्ठ उपाध्यक्ष, नेफ्स्कून

पृष्ठभूमि

नेपालको संविधान २०७२ ले स्वीकार गरेको तीन खम्बे अर्थनीति र एक्काइसौं शताब्दीको सबै भन्दा छिटो विकास भएको व्यवसायिक कार्याढाँचा सहकारी सम्बन्धमा आजको दिनमा पनि सयौंको संख्यामा नीतिगत तथा सैद्धान्तिक सवालहरू कायम रहेको पाइन्छ । सहकारीहरू नाफाका लागि कि समाजिक उद्देश्यका लागि भन्ने विन्दुबाट शुरू हुने बहस पहिचान तथा दिगोपन सम्म पुग्न सक्छ । सहकारीहरूको व्यवसायिक ढाँचा र सफलता सदस्यहरूको सक्रियता र सक्षमतामा निर्भर भए पनि आधुनिक समाजमा आएको परिवर्तनले अवश्यनै सहकारीहरूको कार्यढाँचा र उपलब्ध नीतिहरूमा असर गरेको छ । सहकारी ऐन, २०७४ ले सहकारीलाई कानूनी व्यक्तिको रूपमा स्वीकार गरेको छ । समुदायमा आगामी दिनहरूमा हुने परिवर्तन तथा उपलब्ध कानूनी वातावरणको बीचमा अवश्य नै ठुलो खाडल रहनेछ । त्यसैले सहकारी व्यवसायको दिगोपन र समसामयीक स्तरीकरणका लागि एक मात्र सहज बाटो भनेको नै नीतिगत बहस पैरवी मार्फत अभियान मैत्री कार्यवातावरण बनाउनु अत्यन्त जरूरी विषय हो । नीतिगत बहसले मात्र सहकारीहरूलाई सिद्धान्त र मूल्यमा आधारित व्यवसायको आधार विकास गर्दछ । सफलताको सामुहिक स्वामित्व चुनौतिहरूको सामुहिक रूपमा सामना गर्न सक्षमता विकास गर्ने आधार नै पैरवी हो ।

सहकारी मूल्य मान्यता र सिद्धान्त अनुरूप देशका कृषक, कालिगढ, श्रमिक, न्यून आय समूह एवं सीमान्तकृत समुदाय वा सर्वसाधारण उपभोक्ता माझ छरिएर रहेको पुँजी, प्रविधि तथा प्रतिभालाई स्वावलम्बन र पारस्परिकताका आधारमा एकीकृत गर्दै सदस्यहरूको आर्थिक, सामाजिक तथा साँस्कृतिक उन्नयन गर्न, समुदायमा आधारित, सदस्य केन्द्रित, लोकतान्त्रिक, स्वायत्त र स्वशासित संगठनको रूपमा सहकारी संस्थाहरूको प्रवर्द्धन, नियमन गर्न, सहकारी खेती, उद्योग, वस्तु तथा सेवा व्यवसायका माध्यमबाट आत्मनिर्भर, दिगो एवं समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्रको विकास गरी राज्यको लक्ष्य हाँसिल गर्न सहयोगी बन्न पनि नीतिगत पैरवी आजको आवश्यकता हो । व्यवहारिक समस्याहरूको समाधान तथा सृजनात्मक उपायहरूको खोजीका लागि निरन्तर पैरवी संघको प्रधान कार्य हो ।

सहकारीहरु नाफाका लागि कि समाजिक उद्देश्यका लागि भन्ने विन्दुबाट शुरु हुने बहस पहिचान तथा दिगोपन सम्म पुग्न सक्छ । सहकारीहरुको व्यवसायिक ढाँचा र सफलता सदस्यहरुको सक्रियता र सक्षमतामा निर्भर भए पनि आधुनिक समाजमा आएको परिवर्तनले अवश्य नै सहकारीहरुको कार्यढाँचा र उपलब्ध नीतिहरुमा असर गरेको छ ।



आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने, संस्था वा संघको व्यवसायिक प्रवर्द्धन तथा विकास सम्बन्धी क्रियाकलापहरू सञ्चालन गर्ने, मन्त्रालय, रजिष्ट्रार, प्रदेश, स्थानीय तह वा कार्यलयको निर्देशन पालना गर्ने र विनियममा उल्लिखित कार्यहरू गर्ने भनी स्पष्ट रूपमा उल्लेख गरिएको छ ।

सहकारी ऐनले संघका कार्यहरूमा मुख्य गरी अभियानको दिगोपना तथा व्यवसायिक स्वार्थ संरक्षणका कार्यहरूलाई प्राथमिकतामा राखेको छ । अभियानमा विद्यमान जोखिम व्यवस्थापन गरी सवल र एकीकृत सञ्जाल विकास आजको आवश्यकता हो ।

सहकारी अभियान र संघहरु

समग्र सहकारी अभियानको चालक भनेको नै अभियानका संघहरू हुन् । सहकारी अभियानमा संघहरूको भूमिका र सक्षमताले महत्वपूर्ण अर्थ रहन्छ । प्रजातान्त्रिक अभियानको रूपमा स्थापित सहकारी अभियान विश्वको ठूलो परिवारको रूपमा विकास भएको छ । यो सहकारी परिवार हो । सहकारी सञ्चालन समुदायका सामान्य जनताहरूको सहभागितामा हुने र नियन्त्रण, स्व-नियन्त्रणमा आधारित विधिबाट गरिने तर समाजमा विद्यमान जटिलता तथा सदस्यहरूको आवश्यकतामा आएको परिवर्तनहरू एउटा मात्र सहकारीले पुरा गर्न कठिन हुने भएकोले भुगोल वा प्रशासनिक संरचनाका आधारमा सहकारीका संघहरूको पनि आकार स्थापित भएको पाइन्छ । सहकारी ऐन, २०७४ ले सहकारी अभियानमा संघहरूको आकार, कार्यक्षेत्र तथा जिम्मेवारी पनि स्पष्ट गरेको छ । सहकारीका संघहरू सदस्यमा आधारित सञ्जाल हो । अभियानको गतिलाई सही दिशा र निरन्तरता प्रदान गर्न संघहरूको आवश्यकता रहेको छ । अभियान र संघ अलग विषय होइन । अभियान र संघ भनेको सहकारीको सिद्धान्तको उपयुक्त कार्यान्वयनमा सहजिकरणको लागि हो । अभियान विनाको संघ र संघहरू विनाको अभियानको कल्पना गर्न सकिदैन ।

नेपालको सन्दर्भमा त सहकारी ऐन भन्दा संघहरू जेठो रहेको र ऐन बनाउने कार्यहरूमा पनि संघको योगदान रहनुले संघहरू भनेको सहकारी अभियानको महत्वपूर्ण हिस्साको रूपमा स्थापित भएको पाइन्छ । स्वनियमनको सुनिश्चितता गर्ने महत्वपूर्ण भूमिका संघको हो । अभियान र संघ एक अर्कामा जति परिपुरक बन्न सक्दछन्, सहकारी अभियान त्यती नै स्तरीय बन्न सक्दछ । सहकारी मार्फत व्यवसायिक अभ्यासका लागि संघ अभियानको अभिन्न अंग हो ।

सहकारी ऐनमा संघका कार्यहरु

सहकारी ऐन, २०७४ को दफा २५ ले संस्था तथा संघका कार्यहरू भनी सहकारीका मूल्य, मान्यता र सिद्धान्तको पालना गर्ने गराउने, सदस्य र आफ्नो व्यवसायको हित प्रवर्द्धन तथा सोको बजारीकरण गर्ने गराउने, सदस्यहरूलाई शिक्षा, सूचना र तालिम प्रदान गर्ने तथा सदस्य संस्था वा संघमा सुशासन प्रवर्द्धन गर्ने गराउने, संस्था वा संघ बीचको पारस्परिक सहयोग अभिवृद्धि गर्ने गराउने, संस्था वा संघले गर्ने उत्पादन तथा सेवाको मापदण्ड निर्धारण गरी गुणस्तर सुधार, आर्थिक स्थायित्व र जोखिम व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

नीतिगत पैरवीका स्वरुपहरु

बचत तथा ऋण सहकारी अभियानमा नीतिगत पैरवीका स्वरूपहरू समान्यतया दुई किसिमका भएको पाइन्छ । जसमा सदस्य संघ संस्थाहरू बीचको नीतिगत पैरवी र सरोवकारवाला तथा सरकारसँगको नीतिगत पैरवी । नीतिगत पैरवीको लागि सदस्यहरूसँगको पैरवी ज्यादै महत्वपूर्ण हुन्छ । यसले अभियानका सवालहरू तथा समाधानका विकल्प र प्राथमिकता प्रदान गर्दछ । अभियानमा जति धेरै पैरवी र परामर्श गर्न सकियो त्यति नै सरोकारवाला तथा सरकारसँगको सौदाबाजी गर्ने क्षमता बढाउँछ र अभियानको सहभागितामा भएको पैरवीले नीति कार्यान्वयन पनि सजिलो बनाउँछ । त्यसैले संघले पैरवीको तयारी गर्दा सदस्य सहभागितामा तयार गरिएका सवालहरूलाई प्राथमिकतामा

राखेको हुन्छ । सदस्यहरूको व्यवसायिक सफलताका लागि आवश्यक पर्ने र त्यसबाट व्यक्तिगत जीवनस्तर सुधारमा सहयोग पुग्ने सवालहरूमा संघले निरन्तर पैरवी गरिरहन्छ ।

नीतिगत बहस पैरवी संघको मुल काम हो । व्यवसायिक सफलता भन्दा पैरवीमा स्रोत साधन परिचालन गर्न संघ निरन्तर सक्रिय रहेको छ र रहनु पर्दछ ।

नीतिगत पैरवीका सवालहरु

नेफ्स्कूनको पाँचौ रणनीतिक व्यवसायिक योजनामा समावेश गरिएको नीतिगत बहस पैरवीका क्षेत्रहरू वास्तवमा बचत तथा ऋण सहकारीका लागि अति आवश्यक सवालहरू हुन् । योजनाले समावेश गरेको क्षेत्रहरू तपसिल बमोजिम रहेको छ ।

व्यवस्थापनमा तमाम सवालहरू रहेका छन् । सरकारहरू बीचको सम्बन्ध, कार्यक्षेत्र, विनियम संशोधन, साकोस एकरूपता प्रणाली कार्यान्वयन जस्ता विषयले बचत तथा ऋण सहकारीहरूको विकासमा अवरोध गरि रहेकोछ । आज पनि बचत तथा ऋण सहकारीहरू औपचारिक वित्तीय क्षेत्रको रूपमा राज्यले स्वीकार गरेको छैन । त्यसैले बचत तथा ऋण सहकारीहरूको सेवा स्तरीकरण गर्न बहस पैरवी सबै तहमा आवश्यक छ ।

नीतिगत पैरवीमा संघहरुको भूमिका

बचत तथा ऋण सहकारी अभियानका सवालहरूको पैरवीका लागि संघको भूमिका महत्वपूर्ण रहने कुरामा द्विविधा नभए पनि

घ. संघको स्रोत साधानको आधारमा समाधानको योजना तयारी गर्ने,
ङ. स्वयंसेवी तथा व्यवस्थापनको सहभागितामा योजना कार्यान्वयन गरी अभियान मैत्री समाधान दिने,
च. नीतिगत पैरवीको प्रभाव मूल्याङ्कन गर्ने र पुनः पैरवीका आधारहरू तय गर्ने ।

प्रभावकारी पैरवीका लागि गर्नुपर्ने कार्यहरु

नीतिगत पैरवीलाई थप प्रभावकारी बनाउन संघले तपसिलका कार्यहरू गर्नु पर्दछ ।

क. निरन्तर पैरवीका लागि स्थायी किसिमको उप-समिति गठन गरी कार्यविवरण दिने,
ख. व्यवस्थापन भित्र पैरवीका लागि अलग्गै क्षमतावान जनशक्ति व्यवस्थापन गर्ने,



क. वित्तीय सहकारी ऐन जारी,
ख. अभियानमैत्री कर,
ग. केन्द्रीय तरलता कोषको स्थापना,
घ. ऋण असुली न्यायाधीकरण स्थापना,
ङ बचत तथा कर्जा सुरक्षण कोषको स्थापना,
च. स्थिरीकरण कोष सञ्चालन,
छ. सहकारी प्रवर्द्धन कोष सञ्चालन,
ज. अन्तर सहकारी कारोबार तथा भुक्तानी फछर्यौट प्रणाली ।

पाँचौ योजनाले समावेश गरेका बाहेक पनि बचत तथा ऋण सहकारीहरूको पैरवीका प्रगतीहरू अभियान समक्ष लैजान कठिन छ । नीतिगत बहस पैरवीका लागि संघहरूको भूमिका देहाय बमोजिम हुन सक्दछ ।

क. अभियानका सवालहरू अभियान कै सहभागितामा पहिचान तथा प्राथमिकीकरण गर्ने,
ख. पहिचान भएका सवालहरू र समाधानका विधिहरूको सूचना संकलन तथा प्रशोधन गरी पैरवीका लागि दस्ताबेजीकरण गर्ने,
ग. दस्तावेजका आधारमा सवाललाई अभियानको सवालको रूपमा निर्णय गर्ने,
ग. सरोकारवालाहरूको अद्यावधिक समिक्षा बैठकको सहजीकरण गर्ने,
घ. पैरवीका अभिलेखीकरणलाई व्यवस्थित गर्ने,
ङ. स्थानीय, प्रदेश तथा संघीय तहमा पैरवीका फरक ढाँचाहरूको विकास गर्ने,
च. पैरवीलाई नियमित कामको रूपमा स्थापित गर्ने,
छ. आवश्यक स्रोत तथा साधनहरूको व्यवस्थापन गर्ने,
ज. वार्षिक रूपमा नीतिगत पैरवी कार्यशाला आयोजना गर्ने र कार्ययोजना स्वीकृत गर्ने ।

हार्दिक शुभकामना

नेपालका बचत तथा ऋण सहकारीहरुको एक मात्र शीर्ष संघ
नेफ्स्कूनको गरिमामय

३६औं स्थापना दिवस

३६औं स्थापना दिवसको अवसरमा स्मारिका प्रकाशन गर्न गईरहेकोले संघको उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

दोलखा जिल्ला
बचत तथा ऋण सहकारी संघ लि.
भीमेश्वर नगरपालिका-३, चरिकोट, दोलखा
फोन: ०४९-४२१२०९
इमेल: dolkhadu@gmail.com

नालाछाप प्रगतिशील महिला
बचत तथा ऋण सहकारी संस्था लि.
चाँगुनारायण न.पा. ९, ताथली, भक्तपुर
फोन: ९८४११४१५०१
इमेल: nalachhappragatishil9@gmail.com

हिमाली ब्राह्मी महिला
बचत तथा ऋण सहकारी संस्था लि.
भरतपुर महानगरपालिका-११, चितवन
फोन: ०५६-५३३१३६, ०५६-५२३६३९
इमेल: himalisaccos@gmail.com
वेवसाईट: www.himalisaccos.com.np

लाली गुराँस
बचत तथा ऋण सहकारी संस्था लि.
वीरगंज २५, पर्सा
फोन: ९८४५१५९३४९
इमेल: laligurasbachat@gmail.com

सर सापट
बचत तथा ऋण सहकारी संस्था लि.
चाँगुनारायण न.पा. ८, सुडाल, भक्तपुर
फोन: ०१-६२०१५००
इमेल : sarsapat2014@gmail.com

सिन्धु
बचत तथा ऋण सहकारी संस्था लि.
कमलामाई-६, धुराबजार, सिन्धुली
फोन: ०४७-५२१०५२
इमेल: sacossindhu@gmail.com
वेवसाईट : www.sindhu.coop.np

नेपालको वित्तीय सहकारी सञ्चालनमा आगामी कार्यदिशा

लेख



दामोदर अधिकारी

संयोजक, स्मारिका प्रकाशन कार्यदल

महासचिव, नेफ्स्कून

सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा समन्वय मार्फत तीव्र आर्थिक वृद्धि हासिल गर्दै राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतशील बनाउँदै समाजवाद उन्मुख अर्थतन्त्रको विकास गर्ने उद्देश्य नेपालको संविधानले लिएको छ । नेपाल सरकारको पन्ध्रौं योजनाले पनि सहकारी क्षेत्रलाई प्राथमिकतामा राखि आर्थिक समृद्धि र सामाजिक रूपान्तरणका लागि गुणात्मक एवम् दिगो सहकारी सोचका साथ रणनीति तथा कार्यनीतिहरू तर्जुमा गरेको छ ।

वि.सं. २०४६ मा राज्य व्यवस्थामा भएको परिवर्तन पछि जारी गरिएको सहकारी ऐन २०४८ विशेष गरी सहकारीको प्रवर्द्धन र विकासमा केन्द्रित रह्यो । यिनै बीचमा संख्यात्मक रूपमा उल्लेख्य सहकारीहरू अस्तित्वमा आउनु र व्यक्तिको वित्तीय पहूँचलाई सहज बनाउनु सहकारी क्षेत्रको विभिन्न चरणको उपलब्धि मान्न सकिन्छ । जसले ३४ हजार भन्दा बढी सहकारीहरू संगठित हुने आधार तयार गऱ्यो । विभिन्न उद्देश्यमा गठन गरिएका सहकारी संस्थाहरू बचत तथा ऋणको कारोबारमा सीमित हुँदै गए । वि.सं. २०७४ सालमा नयाँ सहकारी ऐन जारी भयो । यो ऐन वित्तीय कारोबारमा केन्द्रित सहकारीहरूको व्यवस्थापनमा जोड दिने गरी बन्यो । समुदायमा संगठित हुनु, व्यक्तिहरूका आफ्ना आकांक्षाहरूलाई पुरा गर्ने थलोका रूपमा सहकारीमा संलग्न हुनु, नेतृत्व विकास र हक अधिकारका विषयहरू समुदायमा उठ्नुले व्यक्तिको जीवनपद्धतिका रूपमा सहकारी जोडिएको छ । यिनै सहकारीहरूले सदस्यहरूलाई वित्तीय एवम् गैरवित्तीय सेवा प्रवाह गरी समुदायको अभिन्न अंगको रूपमा आफुलाई स्थापित गर्दै लगेकाछन् ।

सन् १८४४ मा बेलायतका रोचडेल सोसाईटी मार्फत शुरूवात गरिएको सहकारीको अभ्यास पछि समुदायको वृहत्तर हितमा रहेको मोडेलको रूपमा उच्चतम प्रचार प्रसार र अनुशरण हुँदै हाल विश्वका अधिकांश मुलुकहरूमा गरी ३० लाखको संख्यामा सहकारीको संस्थागत विकास भईसकेकोछ । सहकारीका सात सिद्धान्तहरूमा आधारित रही सञ्चालन हुने सदस्य र समुदाय केन्द्रित उद्यम विश्वको एक उत्कृष्ट मोडेलको रूपमा पनि लिईन्छ ।

“सन् १८४४ मा बेलायतका रोचडेल सोसाईटी मार्फत शुरुवात गरिएको सहकारीको अभ्यास पछि समुदायको वृहत्तर हितमा रहेको मोडेलको रुपमा उच्चतम प्रचार प्रसार र अनुशरण हुँदै हाल विश्वका अधिकांश मुलुकहरुमा गरी ३० लाखको संख्यामा सहकारीको संस्थागत विकास भईसकेकोछ ।”

विश्वव्यापी विकासका दृष्टिकोणले हेर्ने हो भने समुदायमा वित्तीय पहुँच अभिवृद्धि, गरिबी न्यूनिकरण, महिला सशक्तिकरण, रोजगारी सृजना, समावेशी आर्थिक विकासमा गरेका अनेकौं उपलब्धिहरू लगायत सहकारी क्षेत्रलाई विशेषगरी संस्थागत दिगो सञ्चालनका लागि एसियाली क्षेत्रमा नभई विश्व सञ्जालमा समेत जोडिएर सहकारिताको असल अभ्यास स्थानान्तरण गर्न नेपालले लिएको अग्रसरतालाई उल्लेख्य मान्न सकिन्छ ।

हाल विश्वका ११८ देशहरूबाट करिब ८७ हजार संस्थाहरूमा आबद्ध ३८ करोड सदस्यहरूले बचत तथा ऋणको एकल कारोबार गर्ने सहकारीहरूमार्फत बैंकहरूको भन्दा राम्रो र स्तरीय सेवा उपयोग गरिरहेका छन् । त्यसको लागि विश्व ऋण परिषद्ले विभिन्न समाधान औजार सहितका प्रविधि विकास एवम् हस्तान्तरण गरिरहेको छ ।

विश्व ऋण परिषद्बाट प्रतिपादित सिद्धान्त, रणनीति र क्रियाकलापहरूलाई नेपालमा आन्तरिकीकरण गरी विद्यमान वित्तीय सहकारीहरूको क्षमता विकास, दिगो सञ्चालन र सदस्यको बचतको सुरक्षाको प्रत्याभूति दिनका लागि समय समयमा सन्दर्भका रूपमा जारी गरिएका प्रविधि र औजारहरूले नेपालको साकोस अभियानलाई नेतृत्व दिने कार्य विषयगत केन्द्रीय संघकोरूपमा नेफ्स्कूनले गरेको छ ।

नेफ्स्कून चरणवद्ध रूपमा स्थापनाकाल देखि सदस्यहरूको प्रवर्द्धन, संस्थागत विकास, स्तरीकरण र प्रविधि उपयोग/हस्तान्तरणको माध्यमबाट अनुशासित र मर्यादित सहकारीको संस्कृति स्थापित गर्न निरन्तर क्रियाशिल रहेको छ । शुरूवातका दिनदेखि एसियाली ऋण महासंघको प्रत्यक्ष मार्गनिर्देशनमा प्रवर्द्धन, विकास, व्यवसायिकीकरण, गुणस्तर सुनिश्चितता र सञ्जाल व्यवस्थापनका विभिन्न चरणका कार्यहरूलाई मार्ग पहिचान सहित निरन्तरता दिइरहेको छ । जसअन्तर्गत हालसम्म प्रवर्द्धन, विकास, व्यवसायिकीकरण, गुणस्तर सुनिश्चितता र सञ्जाल व्यवस्थापनका श्रृंखलामा कार्य गरेको छ ।





प्रवर्द्धन : यस चरणमा नेफ्स्कूनले बचत तथा ऋण सहकारी संस्थाको पहूँच नपुगेका स्थान र समुदायमा सहकारी शिक्षा, सदस्यता अभिमुखीकरण, गरिबी न्यूनिकरणमा साकोसको भूमिका विषयमा वकालत गऱ्यो । साकोस गठन गर्न र शुरूवाती सञ्चालन गर्न क्यानाडाली, आयरल्याण्ड, युरोपियन यूनियन, यूके एडको सहयोगमा प्रवर्द्धनात्मक कार्यहरू सम्पन्न गरियो र पहिलो चरणमा ५०० भन्दा बढि साकोस गठन भए । यद्यपी बचत तथा ऋण सहकारीको पहूँच नपुगेको स्थानमा प्रवर्द्धनको कार्य वर्तमान र भविष्यमा पनि निरन्तर रहने छ ।

संस्थागत विकास : यस चरणमा गठन भएका सहकारी संघ संस्थाहरूका लागि आवश्यक अनिवार्य नीतिहरू, पर्ल्स अनुगमन प्रणाली मार्फत बचत तथा ऋण सहकारीको वित्तीय एवम् आत्मनिर्भरता/दीगोपना परीक्षण, सुशासन मार्फत भूमिका र जिम्मेवारी विषयमा छलफल र वहस, सहकारी एवम् लेखा व्यवस्थापन मार्फत दैनिक सञ्चालनमा चुस्त एवम् दुरूस्तता कायम, साकोस सञ्चालनमा आवश्यक तालिम तथा शिक्षाका कार्यक्रमहरू सहजीकरण गर्ने कार्य गऱ्यो । एसियाली ऋण महासंघ, एग्रिटेरा नेदरल्याण्डस र क्यानेडियन सहकारी संघ सँगको सहकार्यमा नमूना नीतिहरू निर्माण तथा सहजीकरण, लेखा व्यवस्थापन तालिम, सहकारीमा नेतृत्वविकास तालिम, योजना निर्माण लगायतका कार्यक्रमहरू सञ्चालन गरियो ।

व्यवसायिकीकरण : यस चरणमा संस्थागत विकासको अभ्यास अंगिकार गरेका सदस्य संस्थाहरूमा बचत तथा ऋण सहकारीका अन्तर्राष्ट्रिय सिद्धान्त अनुरूप सदस्य सुरक्षाका कार्यक्रमहरू, वस्तु तथा सेवाको विविधिकरण र सञ्चालन, सुशासनका मापदण्डहरूको विकास र हस्तान्तरण, नविनतम प्रविधिको विकास र हस्तान्तरण, रणनीतिक व्यवसायिक योजना विकास र कार्यान्वयन, वित्तीय मापदण्डहरूको स्वीकारोक्ति जस्ता कार्यमा सहजीकरण गऱ्यो । मुख्य गरी एसियाली ऋण महासंघको प्राविधिक सहयोगमा पर्ल्स अनुगमन प्रणाली, कम्प्युटरीकृत लेखा प्रविधिको विकास, रणनीतिक व्यवसायिक योजना निर्माण, नमुना नीतिहरू विकास र प्रकाशन जस्ता कार्यहरू सञ्चालन गरियो । INDECUA र CUBSEA कार्यक्रम यसको मुख्य आधारशिला हो ।

गुणस्तर सुनिश्चितता (स्तरीकरण) : यस चरणमा गुणस्तर सुनिश्चितताको लागि अन्तर्राष्ट्रिय स्तरको मापदण्ड सहितको एक्सेस ब्राण्डिङ्ग कार्यक्रम कार्यान्वयन गरियो । उक्त कार्यक्रमको सिकाईको आधारमा सहकारी विभागको सहकार्यमा राष्ट्रिय स्तरको मापदण्ड सहितको प्रोबेशन ब्राण्डिङ्ग कार्यक्रम कार्यान्वयन गरियो । यी कार्यक्रमहरूले नेपालको साकोस अभियानलाई अन्तर र्राष्ट्रिय स्तरमा नमुनाको रूपमा प्रस्तुत गर्न सफल भयो । यस चरण अन्तर्गत वस्तु तथा सेवाको स्तरीकरण, नीति तथा कार्यविधिहरूको स्तरीकरण, नेतृत्व र व्यवस्थापनको क्षमता अभिवृद्धिको लागि एसियाली ऋण महासंघले विकास गरेका CUDCC, CUASCC, CUMCC, CULCC जस्ता स्तरीकृत तालिम पाठ्यक्रमहरूको सहजीकरण गरियो ।

सञ्जाल व्यवस्थापन : यस चरणमा साकोस अभियानको नीति, विधि र प्रविधिमा एकरूपता कायम गर्न करारीय ऐक्यबद्धताको आधारमा मात्र सदस्यता विस्तार, स्रोतहरूको दोहोरो बाँडफाँड, स्तरीय सञ्चालन एवम् सुशासन र स्वनियमन जस्ता विषयमा एकरूपता कायम गर्न केन्द्रीय संघले नीति, कार्यविधि र प्रविधि विकास गरी सञ्जालमा हस्तान्तरण गर्ने, सदस्य संस्थाहरूले तोकिएका मापदण्डको आधारमा कार्यान्वयन गर्ने कार्य प्राथमिकताका साथ गरिन्छ । हाल विश्वका सफल अभ्यास गरेका क्यानडा, अमेरिका, ब्राजिल, केन्या र दक्षिण कोरियामा यसको अवलम्बन गरिएको छ । जोखिम

सघन रूपमा वि.सं. २०७० देखि दोलखा जिल्लाका सबै बचत तथा ऋण सहकारी संस्थाहरूलाई एकै नीति, एकै विधि र एकै प्रविधिमा लैजान यसको अभ्यास सुरू गरिएको छ । जसले जिल्ला भित्रका ८८ प्रतिशत सदस्य र ९२ प्रतिशत पुँजी एकीकृत रूपमा सञ्जालीकृत भएकोछ ।



व्यवस्थापनको लागि संघ मार्फत नियमित अनुगमन र स्थिरीकरण कोष यसका मुख्य आयामहरू हुन् । यस चरणमा नेपालको साकोस अभियानलाई अझ वढि मर्यादित, अनुसाशित, सुरक्षित र जिम्मेवार बनाउने लक्ष्य लिएकोछ । सघन रूपमा वि.सं. २०७० देखि दोलखा जिल्लाका सबै बचत तथा ऋण सहकारी संस्थाहरूलाई एकै नीति, एकै विधि र एकै प्रविधिमा लैजान यसको अभ्यास सुरू गरिएको छ । जसले जिल्ला भित्रका ८८ प्रतिशत सदस्य र ९२ प्रतिशत पुँजी एकीकृत रूपमा सञ्जालीकृत भएकोछ । साकोस सञ्जाल व्यवस्थापनको लागि मुख्यरूपमा नमुना आन्तरिक कार्यविधि (नीति) विकास, एकीकृत प्रविधिकोरूपमा ERP (Enterprise Resource Planning) विकास, सदस्य आबद्धताको मापदण्ड कार्यान्वयन, नमुना विनियम विकास, लेखामान विकास, दृष्यमा एकरूपता, साकोस ऐनको नमुना विकास र हस्तान्तरण जस्ता कार्यहरू गरिएको छ ।

विश्वका सफल वित्तीय सहकारी व्यवस्थापन गरेका मुलुकहरूको सिकाईबाट सिद्ध एवम् केन्द्रीय संघको जिम्मेवारीका आधारमा नेपालको साकोस अभियानको आगामी कार्यभारलाई मुख्य गरी छ वटा क्षेत्रलाई नेफ्स्कूनले आफ्नो गन्तव्यको रूपमा लैजानु पर्दछ ।

नेफ्स्कून स्थापनाको ३६औं वर्षको अवसरमा प्रकाशन गर्न लागिएको साकोस स्मारिका २०८० मा यस संघले लिनुपर्ने नीतिगत पहलकदमीलाई स्पष्ट मार्गचित्र सहित यहाँ प्रस्तुत गर्न चाहन्छु ।

१) बहस तथा पैरवी

नेपालमा जनमैत्री सहकारीको गठन, व्यवस्थापन र सञ्चालनका लागि जारी सहकारी ऐन, २०४८ कार्यान्वयनको २६ वर्ष पछि प्राप्त नयाँ ऐनमा समयानुकुल व्यवस्थापन, प्राविधिक छलाङ्ग र उत्पादन तथा बजारीकरणको क्षेत्रमा सहकारीको संलग्नताको विषय उठान गरिए पनि स्वायत्त ढंगले सहकारी यी आवश्यकताहरूलाई सम्बोधन गर्न सक्ने तहमा प्राप्त नभएको र नेपालको संवैधानिक व्यवस्था अनुरूप राज्यको पूनर्संरचना अन्तर्गत सहकारीका क्षेत्राधिकारहरू पनि विभाजित भई विभिन्न तहहरूमा पुगेको सन्दर्भमा एकीकृत सेवा, बृहत आयोजना जस्ता विषयहरूलाई नीतिगत बाधा परेकोले आगामी दिनहरूमा साकोस अभियानलाई अझ स्वचालित, चलायमान र क्षेत्रगत फरक पहिचान र अग्राधिकारका लागि निरन्तर बहस पैरवीमा केन्द्रित हुनेछ । साकोसहरूका लागि छुट्टै कानूनी संरचना, केन्द्रीय संघको अनिवार्य अनुगमन, दर्ता, अनुगमन र कार्यक्षेत्र विस्तारमा स्पष्ट मापदण्ड, प्रविधिको स्तर निर्धारण, अनिवार्य आबद्धता र वर्गीकरण, वित्तीय एवम् कानूनी सुरक्षाका संरचना जस्ता विषय बहस तथा पैरवीका मुख्य विषयहरू हुनेछन् ।

२) प्राविधिक क्षमताको विकास

नेपालका सहकारी संस्थाहरूको सञ्चालनमा कुनै मापदण्डको व्यवस्था नगरिएको र क्षमता र उपयुक्तताका आधारमा कार्यालय सञ्चालन, जनशक्ति व्यवस्थापन र प्रविधिको उपयोग गरिँदै आइरहेको परिप्रेक्ष्यमा वित्तीय सहकारी सञ्चालनमा एक मापदण्ड निर्धारण गरी प्रविधिमा आधारित सेवा, कारोबार र भुक्तानीलाई वित्तीय संस्थाहरूको आन्तरिक सञ्जालमा जोड्ने आवश्यक पूर्वाधार तयार गरिनेछ । यसबाट समुदायका सदस्यहरूले बैंक वित्तीय संस्थाहरूले उपलब्ध गराएका सबै सेवा सुविधाहरूको उपयोग गर्न सक्नेछन् भने सहकारीको वित्तीय कारोबारको विश्वसनियता कायम गराईनेछ ।

३) शिक्षा, तालिम तथा श्रोत केन्द्र विकास

वित्तीय सहकारी सञ्चालन नितान्त प्राविधिक विषय भएकोले आबद्ध संघ संस्थाहरूका नेतृत्व, व्यवस्थापन र सदस्यहरूका लागि सहकारीका विश्वव्यापी मान्यता र सिद्धान्तका विषयका साथै अद्यावधिक ज्ञान, सीप, कौशल र धारणालाई निखार ल्याउन देशभरीकै श्रोतकेन्द्रको रूपमा यस संघलाई विकास गरिनेछ भने तयार गरिएका श्रोत सामाग्रीहरू वा समाधानका दस्तावेजहरूलाई आफ्ना सदस्यहरू मार्फत कार्यान्वयन गराई समुदायमा साकोस अभियानको छवी सुरक्षित गरिनेछ । विशेष गरी विश्व ऋण परिषदले सिफारिस गरेका ६ वटा समाधानहरू : वित्तीय अनुगमन प्रणाली (पर्ल्स), कृषि लगानी निर्देशिका, वित्तीय साक्षरता मार्गदर्शन, नमूना सहकारी विकास निर्देशिका, सहकारीमा महिला सहभागिता प्रवर्द्धन निर्देशिका, समुदाय परिचालनहरूको प्राविधिक औजारलाई आगामी दिनहरूमा स्तरीकृत रूपमा लागु गरिनेछ ।

४) सञ्जाल व्यवस्थापन

विश्वमा बचत तथा ऋण सहकारी अभियानको सञ्जालीकरणलाई सञ्जाल व्यवस्थापन, एकरूपता प्रणाली, एकीकृत व्यवस्थापन आदि नामहरूले चिनिन्छ । सफल बचत सहकारी अभ्यासकर्ता मुलुकहरूमा अवलम्बन गरिएको यस मोडेलले केन्द्रीकृत नीतिगत सर्वोच्चता, कार्यगत स्वायत्तताको आधारमा केन्द्रले तयार गरेको नीति एवम् मार्गदर्शनहरूको पालना गरी आफ्नो संस्थालाई एक सुरक्षित र कुनै निकायबाट निर्देशित एवम् संरक्षित वित्तीय सहकारीको रूपमा पहिचान दिलाउँछ । यस मोडेलमा केन्द्रीय संघका सदस्य संस्थाहरू सबै केन्द्रको नेटवर्कमा सामेल हुन्छन् र केन्द्रले जारी गरेको समयानुकुल नीति, कार्यविधि, वस्तु विविधिकरण एवम् मार्गनिर्देशनहरूलाई स्वीकार गर्दछन् । विशेषगरी सुशासनका नीतिहरू, लेखा अभिलेख, व्यवस्थापकीय क्षमता विकास, प्रविधि प्रयोगमा एकरूपता र वस्तु तथा सेवामा केन्द्रीय संघको नीतिगत सर्वोच्चता रहन्छ भने संस्थाले यसलाई आफ्ना सदस्यहरू सामुलैजाने तौर तरिका एवम् प्रजातान्त्रिक तवरले नेतृत्व चयन र सञ्चालनमा स्वायत्तता रहन्छ । यस यूनिफिकेशन मोडलमा साकोस अभियानको ऐक्यवद्धता प्रदर्शनका लागि केन्द्रीय संघको पहिचान संकेत प्रयोग गर्नुपर्ने

हुन्छ र अनिवार्य रूपमा संघको अनुगमनमा रहनुपर्ने साथै निश्चित अवधिमा संघले तोके बमोजिमको ढाँचामा व्यवस्थापन, पहुँच र वित्तीय प्रतिवेदन पेश गर्नुपर्ने हुन्छ ।

यसरी केन्द्रले तयार गरेको प्रविधिको उपयोग मार्फत एकै सञ्जालमा सदस्य साकोसहरू आइसकेपछि अभियानको पहुँच र क्षमता केन्द्रीय संघमा जानकारी हुन्छ र आफ्नो सञ्जालमा परिचालित मानव श्रोत, व्यक्तिगत सदस्यता, पुँजीको अवस्था र आर्थिक विकासमा साकोस क्षेत्रले पुऱ्याएको योगदानलाई मापन गर्न सकिन्छ । यसका अलावा यसको कार्यगत तहमा तत्काल जानकारीहरू केन्द्रमा पुग्ने भएकाले संस्थाको वित्तीय एवम् व्यवस्थापकीय जोखिमको स्थीति प्रति जानकार हुने र तत्काल सम्बोधन गरी निराकरणमा सहयोग पुग्नेछ जसले गर्दा वित्तीय क्षेत्रमा कार्यगर्ने साकोसहरू सुरक्षित हुनेछन् र समुदायमा साकोसको छवि उच्च हुनेछ ।

सञ्जाल व्यवस्थापनका सन्दर्भमा विश्व ऋण परिषद्ले जारी गरेका बचत तथा ऋण सहकारीका सैद्धान्तिक आधार समेत हेर्नुपर्ने हुन्छ । परिषद्बाट जारी सिद्धान्त मध्ये सञ्चालन सिद्धान्त अन्तर्गत सञ्जाल सहकार्य र विश्वव्यापी परिकल्पना जस्ता सिद्धान्तहरू समावेश गरिएको छ । जसले सञ्जालमा अनिवार्य आबद्धता, सिकाई आदान प्रदान, नियमित अनुगमन, मार्गदर्शन र निर्देशन जारी एवम् कार्यान्वयन अभियानको साझा धारणा विकास, एकीकृत बहस तथा पैरवी, मापदण्डहरूको विकास र कार्यान्वयन जस्ता विषय समेटिएका हुन्छन् ।

५) वित्तीय सहकारी व्यवस्थापनका लागि छुट्टै ऐन

यस संघले विगत १४ वर्ष देखि उठान गरेको वित्तीय सहकारीको गठन, सञ्चालन, व्यवस्थापन र नियमन वित्तीय सहकारी ऐन (बचत तथा ऋण सहकारी ऐन) मार्फत हुनुपर्ने र देशमा सञ्चालित बैंक वित्तीय संस्थाहरूको परिभाषा भित्र रही बैंक र साकोसहरूको अन्तरसञ्चालन प्रणाली एकै ठाउँमा रहने व्यवस्थालाई सम्बोधन गर्नुपर्ने माग राख्दै आएको छ ।

व्यक्तिको समयसापेक्ष परिवर्तित आवश्यकता र मागहरूलाई सम्बोधन गर्न अझ बढी प्रतिस्पर्धि र प्राविधिक क्षमतायुक्त संगठन निर्माणका लागि अनुगमन, नियमन र स्तरीकृत सेवालाई मध्य नजर गरी आवश्यकता अनुसार कानूनी संहिताको परिपालना, मापदण्डमा सञ्चालन र सेवाहरूमा प्रत्याभूतिको व्यवस्था लगायत नीतिगत सर्वोच्चता, सञ्चालनमा स्वायत्तता मर्म सहितको निर्देशक ऐनको आवश्यकता टड्कारो रूपमा महसुस भएकोले आगामी दिनमा रणनीतिक तबरबाट यस ऐन जारी गराउनका लागि संघ केन्द्रित रहनेछ ।

६) स्थिरीकरण कोष व्यवस्थापन

वित्तीय सहकारीहरूमा आईपर्न सक्ने वित्तीय विचलन, तरलता संकट र सञ्चालनमा प्रभावकारीताका विषयहरूलाई सम्बोधन गर्ने साकोस अभियानको मात्र स्वामित्वमा रहने परिकल्पनाको स्थिरीकरण कोष विद्यमान सहकारी ऐन २०७४ को व्यवस्था अस्पष्ट रहेको छ । अभियानको समग्र व्यवस्थापन, वित्तीय सूचकहरूमा सघन अनुगमन र निर्देशन, आवश्यक अवस्थामा वित्तीय सहयोग विश्वव्यापी स्थिरीकरण कोषको मर्म हो । यसर्थ सञ्जालमा आबद्धता, तालिम शिक्षा तथा क्षमता विकास, प्रविधिको हस्तान्तरण एवम् उपलब्धता, भण्डारको जिम्मेवारी र वित्तीय सूचकहरूको मिलान केन्द्रीय संघको जिम्मेवारीमा रहने गरी स्थिरीकरण कोषको परिचालन एवम् व्यवस्थापन गर्नका लागि आगामी पहलकदमी रहनेछ र आबद्ध साकोस सञ्जालमा जावफदेहीता वहनगर्ने वा जिम्मा लिने गरी केन्द्रीय संघले स्थिरीकरण कोषको सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ ।

अतः साकोस अभियानको दिगो संस्थागत विकासका लागि एकीकृत साकोस सञ्जालको रणनीतिक मार्गचित्रलाई पछ्याउँदै साझा प्रविधिको अवलम्बनबाट सुरक्षित र सुशासित बचत ऋण अभियान मार्फत आम सदस्यको जीवनमा सकारात्मक परिवर्तन ल्याउन साकोस सञ्जालमा थप ऐक्यवद्धता र साझा संकल्प आजको अपरिहार्यता रहेको छ ।



हार्दिक शुभकामना

नेपालका बचत तथा ऋण सहकारीहरुको एक मात्र शीर्ष संघ
नेफ्स्कूनको गरिमामय

३६औं स्थापना दिवस

३६औं स्थापना दिवसको अवसरमा स्मारिका प्रकाशन गर्न गईरहेकोले संघको उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

अजम्बरी
बचत तथा ऋण सहकारी संस्था लि.
काठमाडौं महानगरपालिका - ६, बौद्ध
फोन : ०१-४९१६२८८, ४१९१२४५५
इमेल: info@ajambari.coop.np

एट्लास
बचत तथा ऋण सहकारी संस्था लि.
कुलेश्वर, काठमाडौं
फोन: ५१६५१६५, ५३७१५०८
इमेल: info@atlassaving.com.np
atlas_saving@hotmail.com
वेवसाइट: www.atlassaving.com.np

एकीकृत फ्रेण्डसिप
बचत तथा ऋण सहकारी संस्था लि.
जिरी नगरपालिका-५, दोलखा
फोन : ०४९-४०००४४, ४०००९०
इमेल: info@ekikritfriendship.coop.np
वेवसाइट: www.ekikritfriendship.coop.np

वीरगाथा
बचत तथा ऋण सहकारी संस्था लि.
बुटवल-९, रूपन्देही
फोन: ०७१-५३९८७७
इमेल: birgathasahakari@gmail.com

जनउत्थान
बचत तथा ऋण सहकारी संस्था लि.
तिलोत्तमा १५, कोटिहवा, रूपन्देही
फोन: ०७१५१४०१०,
इमेल: janautthan@gmail.com
वेवसाइट: www.janautthan.com

लुम्बिनी
बचत तथा ऋण सहकारी संस्था लि.
रामन्दिर लाईन, बुटवल ४, रूपन्देही
फोन: ०७१५३२०७२
इमेल: lumbinicop@gmail.com
वेवसाइट: www.lumbinicop.com.np

साकोस अभियानका व्यवसायिक चुनौति र अवसरहरू

लेख



दिपक पनेरू

कोषाध्यक्ष, नेफ्स्कून

सहकारी न पूर्ण परोपकारी संस्था हो, न त विशुद्ध नाफामूलक संस्था हो । सहकारी सामाजिक व्यवसाय हो जुन मूल्य, मान्यता र सिद्धान्तद्वारा सञ्चालित भएको हुन्छ । त्यसैले सहकारीलाई लागतका आधारमा सेवा दिने संस्था भन्न सकिन्छ । यो व्यवसाय सञ्चालन गर्दा वित्तीय विश्लेषण र वित्तीय सन्तुलन कायम गर्नुपर्ने हुन्छ । त्यसैले सहकारी दर्ता जति सजिलो हुन्छ त्यति नै सजिलोसँग सञ्चालन हुँदैन किनकी सहकारी सञ्चालन विशुद्ध प्राविधिक विषय हो । सहकारी सञ्चालनका लागि नीति, विधि र प्रविधि प्रति पूर्ण जानकार हुनु पर्दछ ।

वि.स. २०७२ सालको विनाशकारी भुकम्प, सन् २०१९ को कोरोना महामारी जस्ता प्राकृतिक विपत्ति आदिले सहकारीको बचत, ऋण लगायतका सेवाहरूमा प्रत्यक्ष रूपमा प्रभाव पारिरहेको छ । त्यस्तै कोरोना पछिको आर्थिक मन्दी र रूस युक्रेन युद्धले नेपाल लगायत विश्व नै आक्रान्त छ जसले सहकारी मेरूदण्ड 'ऋण' लाई प्रत्यक्ष प्रभाव पारिहेको छ । सहकारी आम्दानीको मुल स्रोत 'ऋण' नै हो जसले सहकारीका वित्तीय खर्च, सञ्चालन खर्च र ऋण जोखिम कोष खर्च पुऱ्याएर संस्थागत पुँजी कम्तिमा १० प्रतिशत पुऱ्याउन पुग्ने गरी आय आर्जन गर्नुपर्दछ । अहिले आर्थिक मन्दीले त्यही ऋणमा प्रभाव पारिरहेकोले पुँजी चलायमान भइरहेको छैन । त्यस्तै नेपाल आयातमुखी अर्थतन्त्र भएको हुँदा वस्तु तथा सेवाको मूल्य वृद्धिले गर्दा नेपाल राष्ट्र बैकले मुद्राको आपुर्ति मागको आधारमा प्रवाह गर्न सकिरहेको छैन ।

साकोस अभियानका व्यवसायिक चुनौति निम्नानुसार छन् :

१) प्रविधिकरण, कृत्रिम बौद्धिकता र साइबर अपराध

कुनै समय धन सम्पत्तिको रूपमा हाम्रो खाद्यान्न, महत्वपूर्ण धातुहरू, जवाहरतहरू आदिलाई लिइन्थ्यो । त्यसपछि धनलाई नगद, सिक्का आदिमा लिइयो । तर अहिले हाम्रो सम्पत्ति हावामा छ । हामी त्यही हावाका माध्यमबाट त्यो पैसालाई सजिलै पठाउन र निकाल्न सक्छौ । त्यसरी हावामा रहेको पैसामा पर्याप्त नियन्त्रण गर्न

"सहकारी आम्दानीको मुल स्रोत "ऋण" नै हो जसले सहकारीका वित्तीय खर्च, सञ्चालन खर्च र ऋण जोखिम कोष खर्च पुऱ्याएर संस्थागत पुँजी कम्तिमा १० प्रतिशत पुऱ्याउन पुग्ने गरी आय आर्जन गर्नुपर्दछ । अहिले आर्थिक मन्दीले त्यही ऋणमा प्रभाव पारिरहेकोले पुँजी चलायमान भइरहेको छैन ।"

सकिएन भने जो सुकैले पनि हाम्रो पैसामा नियन्त्रण गर्न सक्दछ । अहिलेको समय पूर्ण प्रविधिमय समय हो । प्रविधिमा नजाने हो भने हाम्रो सहकारी व्यवसायलाई अगाडि बढाउन सकिदैन । तर त्यही प्रविधिमा हामी पूर्ण जानकार र प्रशस्त नियन्त्रण कायम गर्न सकिएन भने हामी साइबर हमलाको शिकार बन्न पुग्दछौ । प्रविधि हाम्रो माध्यम हो । आधुनिक समयको महत्वपूर्ण आधार हो साथसाथै प्रविधि हाम्रो लागि ठूलो चुनौति पनि हो ।

२) तथ्याङ्क सुरक्षा र गोपनीयता

सहकारीको व्यवसाय सञ्चालनको मुख्य आधार विश्वास हो । त्यहि विश्वासको कारणले सदस्यले सहकारीमा पैसा राखिरहेका हुन्छन् । परिवारको प्यारो मानिसलाई जानकारी नदिएको पैसा सहकारीमा राखिएको हुन्छ । तर त्यहि सहकारीमा गरिएको कारोबार, तथ्याङ्कको सुरक्षा गर्नु अहिलेको ठूलो चुनौति बनिरहेको छ । साथै संस्थागत र व्यक्तिगत सूचना तथा तथ्याङ्कको सुरक्षा र गोपनीयता कायम राख्नु अहिलेको मुख्य चुनौति हो ।

३) व्यवसाय निरन्तरता योजना र विपद् व्यवस्थापन

सहकारी व्यवसायलाई विभिन्न ठूला साना प्राकृतिक विपत्तिले समस्या पारिरहेको हुन्छ । कहिले भुकम्प, कहिले कोभिड जस्ता विपत्तिले संस्थाको सेवा प्रवाहमा समस्या पारिरहेको हुन्छ भने कहिले आगलागी, बाढि पहिरो जस्ता विपत्तिले समस्या पारिरहेको हुन्छ । त्यसैले यस्ता विपद् व्यवस्थापन, विपद्मा सेवा प्रवाह तथा प्रभावकारिता वृद्धि गर्नु अहिलको अर्को चुनौति हो ।

४) प्रतिभा व्यवस्थापन र उत्तराधिकार योजना :

सहकारी धेरै व्यक्तिको सिक्ने थलो मात्र बनिरहेको छ । सहकारी सिक्ने तर दक्ष भइसके पछि त्यस्ता जनशक्ति अन्य बैक तथा वित्तीय संस्थामा जाने प्रवृत्ति हालको लागि ठूलो चुनौति हो । सहकारीमा दक्ष कर्मचारी टिकाउन र सहकारीलाई आकर्षित पेशाको रूपमा विकास गर्नको लागि पनि सहकारीले प्रतिभा व्यवस्थापन आन्तरिक कार्यविधि नै बनाएर जानुपर्ने अवस्था छ ।

त्यस्तै धेरै सहकारी व्यक्ति केन्द्रित भएर सञ्चालित भएको अवस्था छ । कुनै सहकारीमा एक व्यक्तिले छोड्ने वित्तिकै उसले गरेको काम बुझ्ने तथा जिम्मेवारी लिने व्यक्ति तयार गरिएको हुदैन । सहकारीमा उत्तराधिकारी योजना नबनाउनु अर्को चुनौति हो ।

५) सञ्चालन प्रक्रिया, रणनीतिक योजना र उद्देश्यहरुमा तादत्म्यता नहुनु

सहकारीमा कार्यगत एकरूपता र नीतिगत सर्वोच्चता कायम गर्न सकिएको छैन । कतिपय सहकारीमा अझै पनि व्यक्ति केन्द्रित भएर सञ्चालन भएका छन् । त्यस्तै सहकारीमा आन्तरिक कार्यविधिहरू त बनेका छन् तर व्यवहारमा कार्यान्वयन भएका छैनन् । त्यस्तै आन्तरिक कार्यविधिहरू



सहकारीको व्यवसाय सञ्चालनको मुख्य आधार विश्वास हो । त्यहि विश्वासको कारणले सदस्यले सहकारीमा पैसा राखिरहेका हुन्छन् ।

समयानुकुल परिमार्जन भएका छैनन् । त्यस्तै सहकारी उद्देश्य एकातिर छ भने योजना एकातिर रहेको छ । त्यस्तै सञ्चालन प्रक्रिया, उद्देश्य र रणनीतिक योजना बीच तालमेल नहुनु अर्को ठूलो चुनौति हो ।

६) कानूनी परिपालना तथा सरकारको असमान व्यवहार

सहकारीले परिपालना गर्नुपर्ने दर्जनौं कानूनहरू छन् । कानूनहरू एक आपसमा बाझिने पनि छन् । देवानी संहिता ऐन, २०७४ अनुसार कानूनको अज्ञानता क्षम्य नहुने भनिएको छ । तर त्यहि कानून एक आपसमा विरोधाभाष छन् । त्यस्तै कानून व्यवहारिक छैनन् । जसले गर्दा कानूनको पूर्ण पालन गर्नु फलामको चिउरा चपाउनु सरह छ ।

खुला अर्थव्यवस्थामा पैसाको मूल्य बजारले निर्धारण गर्ने गर्दछ । तर नेपालमा सहकारीको नियामक निकाय सहकारी विभागले सहकारीलाई ऋण लगानीमा अधिकतम सीमा स्वरूप सन्दर्भ ब्याज १६ प्रतिशत तय गरेको छ । त्यस्तै सहकारीका प्रतिस्पर्धी बैक तथा वित्तीय संस्थालाई आधार दरका आधारमा ब्याजदर तय गर्ने व्यवस्था गरिएको छ । सरकारले सहकारीलाई पनि आधार दरको आधारमा रहेर ब्याज तय गर्ने व्यवस्था गर्नुपर्नेमा त्यसो हुन सकिरहेको छैन । त्यसैले सहकारीको सन्दर्भ ब्याजदर नेपाल सरकारले तय गरेको खुला अर्थव्यवस्था माथि गिज्याईएको अवस्था हो । जुन व्यवहारिक र वैज्ञानिक छैन ।

त्यस्तै सरकारले सहकारी अभियानको लागि अत्यावश्यक कर्जा सूचना केन्द्र, कर्जा असुली न्यायाधीकरण, सहकारी प्रवर्द्धन कोष आदि अहिले सम्म सञ्चालक हुन सकिरहेको छैन । तर बैंक तथा वित्तीय संस्थाको लागि कर्जा सूचना केन्द्र, कर्जा असुली न्यायाधीकरण, बचत सुरक्षण कोष आदि सञ्चालनमा छन् । नेपालको संविधान, २०७२ ले सहकारीलाई तेस्रो खम्बाका रूपमा सम्बोधन गरेपनि सहकारी नियामक, नेपाल सरकारको प्राथमिकतामा पर्न सकेको छैन । सहकारी अभियानलाई असफल बनाउनका लागि सहकारीका प्रतिस्पर्धी तथा नियामकद्वारा नदेखिँदो पारामा नीतिगतरूपमा हिलो छेप्ने काम भइरहेको छ । सहकारी गाउँ गाउँको पहिलो बैक हो, तर सरकारले असमान व्यवहार गर्नु सहकारी अभियानको लागि गम्भीर चुनौति हो ।

७) जोखिम व्यवस्थापन

सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी संघ संस्थालाई जारी निर्देशिकाको तेस्रो संशोधन मिति २०७९।०२।२३ को दफा १३ को अनुसूची ३ बमोजिमको जोखिम मूल्याङ्कन प्रतिवेदन नियमनकारी निकाय र सहकारी विभागमा प्रत्येक वर्ष श्रावण मसान्त भित्र पठाउने भनिएको छ । त्यस्तै सहकारीले वित्तीय जोखिम, ऋण जोखिम, सञ्चालन जोखिम, रणनीतिक तथा बजार जोखिम, आन्तरिक नियन्त्रण प्रणाली जोखिम, कानूनी तथा सुशासन जोखिम आदिको व्यवस्थापन गर्नुपर्दछ ।

त्यस्तै सहकारीमा आन्तरिक नियन्त्रणका लागि लेखा सुपरिवेक्षण समितिको निर्माण भएता पनि लेखा सुपरिवेक्षण समितिले नियमित आन्तरिक लेखा परीक्षण गरि सञ्चालन समिति समक्ष नियमित प्रतिवेदन दिन सकिरहेका छैनन् । सहकारीमा जोखिम व्यवस्थापन र अनुगमन नियन्त्रण अर्को एक चुनौति हो ।

८) पर्यावरणीय एवं सामाजिक उत्तरदायित्व

सहकारीको सातौं सिद्धान्त अनुसार सहकारीले समुदाय प्रति चासो राख्नुपर्दछ । त्यस्तै दिगो वित्तमा आधारित हुन पर्यावरणीय दिगोपन, सामाजिक दिगोपना तथा सुशासन कायम गर्नु आवश्यक छ । वातावरणीय दिगोपनाका लागि जलवायु परिवर्तन न्यूनीकरण, जलवायु परिवर्तन अनुकूलन, पानी र सामुद्रिक स्रोतहरुको दिगो उपयोग र संरक्षण, चलायमान अर्थतन्त्रमा सामन्जष्यता, प्रदूषण रोकथाम र नियन्त्रण, जैविक विविधता र पारि स्थितिकीय प्रणालीको संरक्षण र पुनर्स्थापना जस्ता उद्देश्य प्राप्त हुनुपर्दछ । त्यस्तै समाजिक दिगोपनाका लागि मर्यादित काम, गुणस्तरीय स्वास्थ्य सेवा तथा जीवनस्तर पर्याप्तता, समावेशी र दिगो समुदाय तथा समाजहरु जस्ता उद्देश्यहरू पुरा हुनुपर्दछ । त्यसैले वातावरणीय दिगोपना र सामाजिक दिगोपनाका कुराहरूलाई नीतिगतरूपमा शासन पद्धतिमा समावेश गर्नुपर्दछ । जुन अर्को एक चुनौति हो ।

९) अस्वस्थ प्रतिस्पर्धा

सहरबजार केन्द्रित सहकारीहरु स्वरोजगारीको सिर्जना, व्यवसायिक खेती, उद्योग र बजारमुखी उत्पादन गरी स्थानीय आर्थिक क्रियाकलाप सञ्चालन गर्नुको सट्टा सेयर सदस्यहरुको बचत संकलन गर्ने र उनीहरुको गर्जो टार्ने काममा मात्र सीमित भइरहेका छन् । मुलुकको स्थानीय उत्पादनलाई बजारसम्म पहुँच पुऱ्याउन भौतिक पूर्वाधार, स्थानीय/क्षेत्रीय/राष्ट्रिय स्तरको सहकारी बजार, विचौलिया प्रथाको अन्त्यको पहल, विद्युत गृहनिर्माण, विद्युत प्रसारण लाइन, आदि काममा लगाउन सक्थ्यो । यसले आयात प्रतिस्थापन र निर्यातमा विस्तार गरी मुलुकको अर्थतन्त्रमा ठूलो योगदान गर्न सकिन्थ्यो । सहकारीहरू सहकारी बीच अस्वस्थ प्रतिस्पर्धा गर्ने तथा सबै विषयका सहकारीहरू बचत तथा ऋणको कारोबारमा मात्र आकर्षित हुनु अर्को एक चुनौति हो ।

१०) सहकारीमा नीतिगत व्यवस्था तथा आवधिक योजना नहुनु

नेपालको बचत तथा ऋण सहकारीको सर्वोच्च निकाय नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ (नेफ्स्कून) ले सहकारीको लागि आवश्यक पर्ने आधारभूत आन्तरिक कार्यविधिहरूको संगालोको नमूना प्रकाशन गरिरहेको छ । तर सहकारी संस्थाले आवश्यकताको लागि भन्दा पनि देखासिकी र नियामक निकायको लागि आन्तरिक कार्यविधिहरू बनाइरहेका पाइन्छ । अधिकांश संस्थामा एक पटक बनाएको आन्तरिक कार्यविधि पुनरावलोकन हुने गरेको पाइएको छैन । त्यस्तै, आन्तरिक कार्यविधिको व्यवस्था एकातिर र कार्यान्वयन अर्कोतिर रहेको अवस्था छ । सहकारीका सञ्चालक समिति, उपसमिति र व्यवस्थापनले निर्णयहरू गर्दा विनियम,

आन्तरिक कार्यविधि उल्लेख गर्ने गरेका छैनन् । जसले गर्दा सहकारी सर्वोच्च संरचना साधारण सभाद्वारा पारित विनियम तथा आन्तरिक कार्यविधिहरू कार्यान्वयन हुन नसक्नु ठूलो चुनौति हो ।

त्यस्तै नेफ्स्कूनले सहकारी आवधिक योजनाहरू जस्तै वार्षिक योजना तथा बजेट, रणनीतिक व्यवसायिक योजना, व्यवसाय निरन्तरता योजना आदि बनाउनको लागि प्रोत्साहन तथा आवश्यकताका आधारमा प्राविधिक सहयोग पनि प्रदान गरिरहेको छ । सहकारीले वार्षिक योजना तथा बजेट झारो टार्ने गरी साधारण सभाको अघिल्लो दिन बनाउने व्यवहारिकता धेरै सहकारीमा पाइन्छ । सहकारीमा रणनीतिक व्यवसायिक योजनाहरू बनाउने गरिएको पाईंदैन । त्यस्तो कठिन अवस्थामा सदस्य सेवा अभिवृद्धिका लागि व्यवसाय निरन्तरता योजना पनि बनाइएको पाइदैन् । अतः सहकारीमा योजनाबद्ध काम नहुनु, योजनामा आधारित भएर व्यवस्थापनलाई लक्ष्य सहित कार्यविवरण दिने व्यवस्था नहुनु अर्को ठूलो चुनौति हो ।

साकोस अभियानका व्यवसायिक अवसरहरू:

१) प्रविधिमा आधारित सेवा

कोभिड भन्दा पहिले हामी नेपालीले घरमा बसेर कार्यालयको काम गर्ने, अनलाइन शिक्षा तथा तालिम लिने कुराको कल्पना गरेका थिएनौ । तर कोभिड १९ ले गर्दा हामी घरमा बसेर पनि काम गर्न सक्छौ साथै अभौतिक माध्यमबाट सीकाई गर्न सक्छौ भन्ने व्यवहारिकता सिकायो । त्यस्तै कोभिडले गर्दा सदस्यहरूमा विद्युतीय प्रणालीहरू मोवाइल बैङ्किङ, क्यूआर स्क्यान आदि जस्ता प्रविधिको अपरिहार्यता तथा महत्व देखियो । त्यसैले अहिलेको समय कर्मचारी उत्पादकत्व वृद्धि गर्ने, छिटो छरितो सेवा प्रवाह गर्ने अवसर हो ।

२) समुदायमा छवि निर्माण

पैसा सबैको प्रिय चिज हो । जीवनका हरेक मोडमा मानिसलाई पैसाको आवश्यकता पर्दछ । सहज अवस्था भन्दा असहज अवस्थामा मानिसलाई पैसाको महत्व बढि हुन्छ । सहकारी सहज समयभन्दा असहज समयमा सेवा दिन सक्यो भने त्यसको महत्व अझ बढि हुन्छ । हाल विश्व आर्थिक मन्दिको चपेटामा गुज्रिरहेको छ । त्यसैले यो अवस्थामा सहकारी संस्थाले वित्तीय विश्लेषण गरेर वित्तीय व्यवस्थापन गर्न सक्यो भने त्यसले सहकारी महत्व र छवि वृद्धि गर्दछ । त्यसैले सहकारीको लागि यो समय आफ्नो महत्व र छवि वृद्धि गर्ने अवसर हो । सहकारीले आफ्नो सेवा मार्फत आफुलाई अब्बल साबित गर्ने यो अवसर हो ।

३) रोजगारीका क्षेत्र वृद्धि

सहकारीका व्यापकताले ग्रामीण किसानहरूलाई आफ्ना उत्पादनको उचित मूल्य प्राप्त हुनु साथै सहकारी संस्थाले प्रवन्ध गर्ने जोखिम व्यवस्थापनबाट कृषिमा विद्यमान जोखिम हटेर जाने भएकाले स्वरोजगार तथा प्रत्यक्ष रोजगारीको अवसर र आकर्षण बढेर जान्छ । त्यस्तै सहकारीमा आबद्ध भएर पनि व्यक्तिहरूले रोजगारी प्राप्त गर्न सक्दछन् । सहकारीले प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सदस्य मार्फत रोजगारी अवसरहरू सिर्जना गरिरहेका हुन्छन् । त्यसैले सहकारी बेरोजगारी समस्या समाधानको लागि अवसर हो ।

४) नेतृत्व विकास

सहकारी ऐन, २०७४ को दफा ४ र ५ मा जिल्लामा विषयगत सहकारी संघ र जिल्ला सहकारी संघहरू गठन गर्न सक्ने कानूनी व्यवस्था छ । त्यस्तै दफा ६ र ७ मा प्रदेश विषयगत सहकारी संघ र प्रदेश सहकारी संघहरू गठन गर्न सक्ने कानूनी व्यवस्था छ । त्यस्तै दफा ८ मा केन्द्रीय विषयगत सहकारी संघ, दफा ९ मा विशिष्टगत विषयगत सहकारी संघ र दफा १० मा राष्ट्रिय सहकारी महासंघको गठन सम्बन्धी कानूनी व्यवस्था छ । त्यस्तै दफा १२ मा सहकारी बैंकहरूको गठन सम्बन्धी व्यवस्था छ । यो भन्दा बाहेक बचत तथा ऋण सहकारीको लागि एशिया महादेशमा एसियाली ऋण महासंघ, विश्व भरिका लागि विश्व ऋण परिषद् गठन भएका छन् भने समग्र सहकारी अभियानको सर्वोच्च निकाय अन्तर्राष्ट्रिय सहकारी महासंघ पनि रहेको छ । यी सहकारी सञ्जालहरूमा प्रारम्भिक सहकारीमा प्रतिनिधित्व गर्ने व्यक्तिहरूले नै नेतृत्व गर्ने हो । नेपालबाट एसियाली ऋण महासंघमा नेफ्स्कूनका पूर्व अध्यक्ष श्री ऋषिराज घिमिरे अध्यक्षको रूपमा काम गरिसक्नु भएको छ भने अन्तर्राष्ट्रिय सहकारी महासंघमा राष्ट्रिय सहकारी महासंघ कि उपाध्यक्ष ओमदेवी मल्लले ग्लोबल बोर्ड मेम्बरका रूपमा काम गरिसक्नु भएको छ । त्यसैले सहकारी अभियान नेतृत्व विकास गर्ने प्रशस्त सम्भावना भएको सञ्जाल हो । यहि सहकारी सञ्जालमा आबद्ध व्यक्तिहरूले नै नेपालको व्यवस्थापिका तथा कार्यपालिकामा प्रशस्त काम गरेको हामीले देख्न र सुन्न पाउछौं । अतः मानिसमा इच्छा शक्ति भएमा सहकारीमा विश्व अभियानको पनि नेतृत्व गर्न सक्ने ठाउँ छ ।

५) विश्व आर्थिक मन्दीको सामना

कठिन अवस्थाको सामना फुटेर होइन जुटेर गर्न सकिन्छ भन्ने भनाई हाम्रो समाजमा हाल पनि व्याप्त छ । त्यस्तै असहज अवस्थाको समाधान विस्तारै हुन्छ एकै पटक हुदैन । अहिले हामी विश्व आर्थिक मन्दीको चपेटामा छौ । अहिलेको अवस्थामा आर्थिकरूपमा राज्य नै कमजोर हुदै गइरहेको छ ।

त्यसैले यो अवस्थाको सामाना सहकारीमार्फत गर्न सकिन्छ । गाउँ गाउँमा रहेको सानो सानो पुँजीको परिचालन गर्ने, सहकारीमार्फत उद्यमशिलता प्रवर्द्धन गर्ने, सदस्यहरूलाई नियमित सदस्य शिक्षा प्रदान गर्ने आदि काम सहकारी मार्फत गर्न सकिन्छ । परिवर्तन साना साना कामबाट हुन्छ भने झै विश्व आर्थिक मन्दीको सामना गर्न सक्ने माध्यम नै सहकारी अभियान नै हो । किनकी सहकारीहरू विश्व आर्थिक मन्दीको पुनरूत्थानको संवाहक हो । सहकारीले नै विश्व सहकारी अभियानलाई वित्तीय स्थीरता र दिगो वित्त तर्फ अघि बढाउन सक्छ ।



निष्कर्ष

साकोस अभियान नेपालको लागि गरिबी न्यूनीकरण, आर्थिक समृद्धि, दिगो विकास लक्ष्य प्राप्ति, बेरोजगारी न्यूनीकरण, उत्पादनमा वृद्धि आदि कुराहरू प्राप्तिको मुख्य आधार हो । त्यस्तै प्रविधि आधुनिक समयको आधारभूत आवश्यकता हो तर प्रविधिमा आउने साईबर अपराधको लागि पूर्व तयारीका साथमा प्रविधिको उच्चतम प्रयोग गर्नु आजको अपरिहार्यता हो किनकी सहकारीले प्रदान गर्ने वित्तीय तथा गैर वित्तीय सेवा प्रविधिमा आधारित भएन भने त्यो सदस्य माझ पहुँचयोग्य, सहज र सर्वसुलभ बन्न सक्दैन । हालको विषम समय सहकारीहरूको परीक्षण समय हो । हालको आर्थिक मन्दीको अवस्थामा जुन सहकारी संस्थाले सदस्यमा आधारित भएर सेवा प्रदान गर्न सक्दछ त्यो संस्थाले जीवन्तता प्राप्त गर्न सक्दछ । त्यसैले हालको समयमा सहकारी आफुलाई अब्बल साबित गर्नको लागि महत्वपूर्ण समय भएको हुँदा सदस्य, सहकारी, सहकारी सञ्जाल एकतावद्ध भई सेवा प्रदान गर्नको लागि कटिवद्ध हुनु पर्दछ । त्यसैले सहकारी अभियानमा केही चुनौति, केही अप्ठ्यारो, केही असहजता र केही दुःख भएता पनि स्वर्णिम इतिहास कायम गर्ने सुनौलो अवसर पनि साथसाथै रहेको छ ।

साकोस अभियान नेपालको लागि गरिबी न्यूनीकरण, आर्थिक समृद्धि, दिगो विकास लक्ष्य प्राप्ति, बेरोजगारी न्यूनीकरण, उत्पादनमा वृद्धि आदि कुराहरू प्राप्तिको मुख्य आधार हो ।

हार्दिक शुभकामना

नेपालका बचत तथा ऋण सहकारीहरुको एक मात्र शीर्ष संघ
नेफ्स्कूनको गरिमामय

३६औं स्थापना दिवस

३६औं स्थापना दिवसको अवसरमा स्मारिका प्रकाशन गर्न गईरहेकोले संघको उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

गण्डकी
बचत तथा ऋण सहकारी संस्था लि.

गैंडाकोट नगरपालिका २, नवलपुर, फोनः ०७८-५०३३२१
इमेलः gandakisaccos@gmail.com
वेबसाइटः www.gcos.coop.np

परिकल्पना: समुदायको उत्कृष्ट वित्तीय सहकारी संस्था

सदस्यलाई उपलब्ध सेवा :
आधुनिक प्रबिधि युक्त बित्तिय सेवा, १७ प्रकारका बचत सेवा, १६ प्रकारका ऋण सेवा, रेमिट्यान्स सेवाहरू

सम्मान तथा पुरस्कारहरू
अक्कूबाट : सन् २०१७ देखि लगातार ४ वर्ष एक्सेस ब्रोञ्ज ब्राण्ड प्राप्त
नेफ्स्कूनबाट : पश्चिमाञ्चल विकास क्षेत्र उत्कृष्ट साकोस सम्मान २०७२ गण्डकी प्रदेश, उत्कृष्ट व्यवस्थापक पुरस्कार-२०७८
राष्ट्रिय सहकारी महासंघबाटः ४ नं प्रदेश उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार २०७२

वित्तीय अवस्था	
कुल सम्पती	१ अर्ब ८९ करोड
सदस्य संख्या	१५९७४ जना
कुल बचत	१ अर्ब ४० करोड
सेयर पुँजी	१९ करोड २० लाख
लगानीमा रहेको ऋण	१ अर्ब २९ करोड
संस्थागत पुँजी	१६ करोड
तरलता	३७ करोड

ज्योतिपुञ्ज
बचत तथा ऋण सहकारी संस्था लि.

नयाँ बानेश्वर, काठमाडौं, फोनः ०१४७९०९८५
इमेलः info@jyotipunja.coop.np
वेवसाईटः www.jyotipunja.coop.np

परिकल्पना: समृद्धिका लागि सफलता
शेयर सदस्य संख्या: ३८१२
बचतका प्रकारहरू:
नियमित बचत, अग्रज सम्मान बचत, नारी उन्नती बचत, मेगा प्लस बचत, आवधिक (मुद्दती) बचत, बाल भविष्य बचत, बिशेष बचत, पत्रेदार बचत, फ्यूचर बचत
ऋणका प्रकारहरू:
उद्यमी कर्जा, शैक्षिक कर्जा, कृषि कर्जा, आवास कर्जा, नियमित बचत धितो कर्जा, आवधिक (मुद्दती) रसिद धितो कर्जा, सामुहिक बचत धितो कर्जा

वित्तीय अवस्था	
शेयर पुँजी	८,८५,२०,६००
कुल बचत रकम	८६,०८,७८,१९०
जगेडा कोष	१०,७५,२०,१८६
कुल सम्पत्ति	१,३६,५३,०८,५१६।६०

साकोसको सुशासन व्यवस्थापनः लेखा सुपरिवेक्षण समितिको भूमिका र असल अभ्यास

लेख



नबराज सापकोटा

संयोजक, लेखा सुपरिवेक्षण समिति, नेफ्स्कून

सहकारीले सामान्य अर्थमा सहकार्य अर्थात मिलेर काम गर्ने भन्ने जनाउँछ । समान उद्देश्य, पेशा, व्यवसाय भएका मानिसहरू मिलेर आफ्नो आर्थिक, साँस्कृतिक तथा सामाजिक विकास गर्न गरिने कार्य नै सहकारी हो । त्यसैले सहकारीलाई सामान्यतया समुदायमा आधारित र सदस्यको स्वामित्वमा रहेको व्यवस्थित र नियन्त्रित प्रजातान्त्रिक संस्था भनेर भनिन्छ ।

समुदायमा आधारित भएर सदस्य केन्द्रित ढाँचामा व्यवसायिक क्रियाकलाप गर्ने विधि नै सहकारी हो । सहकारीले नै उत्पादन, प्रशोधन, वितरण र रोजगारीका माध्यमले संविधानमा कल्पना गरिएको समाजवादको यात्रालाई मार्ग प्रशस्त गर्ने कार्य गरिहेकोमा कसैको दुई मत छैन ।

सहकारीको मूल्य मान्यता भनेको स्वावलम्बन, स्वउत्तरदायित्व, लोकतन्त्र, समानता, समता र ऐक्यवद्धता हो । यसैगरि सहकारीका मूल्य, मान्यतामा सदस्यहरूको इमान्दारीता, खुलापन र समाजिक उत्तरदायित्व अर्को ख्याल गनुपर्ने विषय हुन् । प्रत्येक सहकारीकर्मीले आफ्नो दैनिक जीवनमा यस्को पालना गर्नु जरूरी छ । सरकारी संस्थाले आफूलाई सुशासनका दृष्टिले सर्वाधिक उच्च ठाउँमा राख्नु पर्दछ । संविधान सभाबाट जारी भएको संविधानमा समेत सहकारीलाई महत्व दिइएको छ । संविधानले ३ खम्बे अर्थ नीति अवलम्बन गरेको छ । जसअनुसार सहकारी क्षेत्र मुलुकको अर्थतन्त्र निर्माणमा एउटा महत्वपूर्ण खम्बा रहेको छ ।

१५औं योजनामा देशको आर्थिक वृद्धि स्थिर मूल्यमा १०.५% पुऱ्याउन सहकारी क्षेत्रले योजना अवधिको ५, १०, १५, २० र २५ वर्षमा प्राप्त गर्न सक्ने उपलब्धिको व्याख्या गरिएको छ । योजना अवधिको शुरूवातमा ३% मा रहेको गार्हस्थ उत्पादनलाई ५ गुणा वृद्धि गरी १५% पुऱ्याउने लक्ष्य छ । कुल जनसंख्याको ३१ प्रतिशतमा पहूँच

समुदायमा आधारित भएर सदस्य केन्द्रित ढाँचामा व्यवसायिक क्रियाकलाप गर्ने विधि नै सहकारी हो । सहकारीले नै उत्पादन, प्रशोधन, वितरण र रोजगारीका माध्यमले संविधानमा कल्पना गरिएको समाजवादको यात्रालाई मार्ग प्रशस्त गर्ने कार्य गरिहेकोमा कसैको दुई मत छैन ।



> सदस्यले संस्थामा सहज पहूँच पुऱ्याउन सकेको छ छैन, नीति, विधि र प्रविधिको अनुशरण भएको छ छैन भनी विस्तृत रूपमा अध्ययन, अनुसन्धान, अनुगमन र सुपरिवेक्षण गरि आवश्यक सुझाव प्रस्तुत गर्नको लागि सहकारीमा लेखा सुपरिवेक्षण समितिको गठन गरिएको हुन्छ ।

रहेको सहकारी अभियानलाई ७५ प्रतिशत जनसंख्यामा पुऱ्याउने सदस्यता वृद्धि गरी १ करोड ४० लाख पुऱ्याउने र सहकारीको गुणस्तर वृद्धि गरी अहिलेको संख्यालाई एकीकरण मार्फत १५ हजारको संख्यामा सहकारीलाई सीमित गर्ने लक्ष्य पनि लिइएको छ । त्यसैले सहकारीले आफुलाई सर्भिटाइजेसन र डिजिटाइजेशनलाई कार्यदिशा बनाउँदै आम सदस्यको जीवन पद्धति बन्ने गरी स्तरीकरण गर्न सकेमात्र आर्थिक समृद्धिको आधार बन्नेछ । यथार्थमा सहकारी एउटा अभियान हो र मुलुकभरिका सहकारीहरूले आर्थिक समृद्धिमा सघाउन जरूरी छ ।

लेखा सुपरिवेक्षण समितिको भूमिका र अभ्यास

सहकारी सम्बन्धी शिक्षा र चेतनाको विस्तार अपेक्षित रूपमा हुन सकेको छैन । अहिले सबै प्रकृति र उद्देश्यका सहकारीहरुको क्रियाकलाप, सामान्यतया उत्पादन तथा स्वरोजगारको क्षेत्रमा नभै बचत तथा ऋणको कारोबार मै बढी केन्द्रित गरेको पाइन्छ । केही सहकारी संस्थाहरूमा सहकारी सिद्धान्त, मूल्य, मान्यताको अनुशरण अत्यन्तै कमजोर रहेको देखिन्छ । सहकारी संस्थाहरूमा सुशासनको अभावले वित्तीय जोखिम समेत सृजना भईरहको छ । आर्थिक समृद्धिमा प्रत्यक्ष रूपमा सघाउने सहकारी सुशासनका लागि कुनै कसर बाँकी राख्नु हुँदैन । त्यसैले सहकारी संस्थाले गर्ने काम कारोबार पूर्णत सुशासनयुक्त हुनुपर्दछ ।

सहकारीलाई नियमनमा राख्न सदस्यनै जागरूक हुनु पर्दछ । आफ्नो सहकारी कसरी सञ्चालन भैरहेको छ । सञ्चालक र व्यवस्थापनले कसरी कार्यसम्पादन गरिरहेका छन् । संस्थाले प्रचलित ऐन, नियम संस्थाको आफ्नै विनियम र साधारणसभाले निर्माण गरी दिएका कार्यविधिहरूको कत्तिको पालना भैरहेको छ । सदस्यले संस्थामा सहज पहूँच पुऱ्याउन सकेको छ छैन, नीति, विधि र प्रविधिको अनुशरण भएको छ छैन भनी विस्तृत रूपमा अध्ययन, अनुसन्धान, अनुगमन र सुपरिवेक्षण गरि आवश्यक सुझाव प्रस्तुत गर्नको लागि सहकारीमा लेखा सुपरिवेक्षण समितिको गठन गरिएको हुन्छ । सुशासन भनेकै असल पद्धति भएकोले बनाइएका कार्यविधि अनुरूप संस्था सञ्चालन गर्न उत्प्रेरित गर्न पनि लेखा सुपरिवेक्षण समितिको भूमिका महत्वपूर्ण छ ।

सहकारीमा लेखा सुपरिवेक्षण समितिले स्वनियमनमा ल्याउन महत्वपूर्ण भूमिका खेलेको उदाहरण पनि छन् । सञ्चालक समितिले प्रचलित ऐन नियमावली र संस्थाको विनियमले दिएको अख्तियार प्रयोग गर्दै कार्यकारी भूमिका निर्वाह गर्नुपर्छ । कार्यक्रम र बजेट साधारणसभाले स्वीकृत

गर्दछ । विभिन्न कार्यविधि र नीति पनि स्वीकृत गर्दछ । लेखा सुपरिवेक्षण समितिले प्रचलित ऐन, नियम, विनियम र निर्माण भएका कार्यविधि अनुसार सञ्चालन भए नभएको, सदस्य सेवाको सहजता र पहूँच उपयोग कसरी भइरहेको छ, सो को परीक्षण गरी पृष्ठपोषण दिनु लेखा सुपरिवेक्षण समितिको कार्य हो ।

संस्थाको कारोबारलाई पारदर्शी बनाउन जरूरी छ । लेखा सुपरिवेक्षण समितिले कारोबार पारदर्शी बनाउन भूमिका खेल्न सक्नुपर्दछ । लेखा सुपरिवेक्षण समितिले गलत काम कारबाहीलाई खबरदारी गरेर सुशासन कायम गर्न सक्नुपर्छ । अर्कोतर्फ सहकारी मार्फत कति उद्यमशिलता बढ्यो ? उत्पादन कति भयो ? कुल ग्राहस्थ उत्पादनमा सहकारीको योगदान कति बढ्यो ? गरिबी निवारणमा सहकारीको योगदान कति छ ? सदस्यको जीवनस्तर उकास्न के कस्तो योजना निर्माण गरे की गरेनन् ? यी सबैको जवाफ सुशासनमा खोजिन्छ ।

विश्व ऋण परिषद्ले प्रतिपादन गरेका ४ सिद्धान्त मध्ये सुशासन सिद्धान्त एउटा हो । नेफ्स्कूनले सुशासनलाई प्राथमिकतामा राख्दै पर्ल्स अनुगमन प्रणालीको आन्तरिकीकरण एवम् हस्तान्तरण, एक्सेस, प्रोबेशन र कर्ब्सको माध्यमबाट सुशासनयुक्त सहकारी निर्माणको काम गरिरहेको छ ।

सुशासनमा लेखा सुपरिवेक्षण समितिको कार्य

स्वनियमनको माध्यमबाट सुशासन कायम गर्नु लेखा सुपरिवेक्षण समितिको प्रमुख कार्य हो । त्यसैले आन्तरिक लेखा परिक्षणका क्षेत्रहरू व्यवसायको प्रकृति अनुसार फरक फरक हुन्छन् । वित्तीय सहकारीका लागि वित्तीय क्षेत्र र सञ्चालन क्षेत्र गरी क्षेत्रहरू छुट्याउन सक्छन् । क्षेत्रहरू फरक फरक किसिमको हुने हुनाले तिनीहरूको प्रकृति अनुसार फरक फरक विधिद्वारा लेखा समितिले आन्तरिक लेखा परीक्षण गर्नुपर्दछ ।

वित्तीय क्षेत्र तर्फको आन्तरिक लेखा परीक्षण गर्दा सदस्यले जम्मा गरेको बचत, सदस्यलाई लगानी भएको ऋण, सदस्यको शेयर, वित्तीय तथा गैह्र वित्तीय क्षेत्रमा गरिएको लगानी संस्थाले वार्षिक बजेट अनुरूप गरिने प्रशासनिक र पुँजीगत खर्च, संस्थाको आम्दानी, संस्थाले तर्जुमा गरेको बजेट र योजनाको उपलब्धि तरलताको अवस्था र खुद बचतको बाँडफाड हेर्नुपर्दछ भने सञ्चालन क्षेत्रले सहकारीका मूल्य, मान्यता र सिद्धान्तको पालना, सहकारीका असल अभ्यासहरूको अनुशरण र कानूनी परिपालना संस्थागत सञ्चालनका लागि कार्यविधिहरूको निर्माण र परिपालना सदस्य सेवाका कार्यहरूलाई परीक्षण गर्नुपर्ने हुन्छ ।

आन्तरिक लेखापरिक्षण गर्न केही विधिहरू अपनाउन सकिन्छ । जस्तै निरीक्षण, अवलोकन, सोधपुछ, भौतिक गणना र अवस्था अनुपात विश्लेषण, संस्था सञ्चालनका लागि समय सापेक्ष नीति, कार्यविधि र प्रविधिको उपयोग जस्ता विधिले वास्तविक यथार्थमा पुग्न सकिन्छ र यसले संस्थामा सुशासन कायम गर्न सघाउ पुऱ्याउँदछ ।

सहकारी संघ संस्थामा सुशासन कायम गर्न बाधा परिरहेका क्षेत्रहरु

- सहकारी संस्थाहरू सहकारी सिद्धान्त, मूल्य मान्यताबाट विचलित हुनु,
- सहकारीका सदस्यहरूमा वित्तीय अनुशासनको कमि देखिनु,
- सहकारी क्षेत्रमा संकलित पुँजीलाई उत्पादन केन्द्रित गर्न नसक्नु,
- सहकारी संस्थामा सीमित सदस्यहरूले मात्रै ठूलो पुँजी परिचालन गर्नु,
- दोहोरो सदस्यका कारण कर्जा सूचना अभावले ऋण लिनका लागि मात्रै सदस्य बन्नु,
- कार्यालयको लागि आवश्यक रूपमा स्थाई सम्पत्ति निर्माण गरी संकलित पुँजीको ठूलो अंश भौतिक सम्पत्तिमा खर्च गर्नु ।
- व्यवस्थापनमा सञ्चालक समितिले दक्ष, इमान्दार, कर्तव्यनिष्ठ कर्मचारीभन्दा नाता गोता र भनसुनले प्राथमिकता पाउनु
- मानव संशाधन विकास योजना नबनाउनु,
- सञ्चालक समितिको नेतृत्वमा रहेकाले नीति, विधिलाई पन्छाएर स्वार्थ केन्द्रित निर्णय गर्नु,
- केन्द्रीय संघले सञ्चालन गरेका स्तरीकरण कार्यक्रममा सहभागिताको लागि चासो नदेखाउनु,
- जोखिम व्यवस्थापनको योजना निर्माण गर्न नसक्नु ।

विश्व ऋण परिषद्ले प्रतिपादन गरेका ४ सिद्धान्त मध्ये सुशासन सिद्धान्त एउटा हो । नेफ्स्कूनले सुशासनलाई प्राथमिकतामा राख्दै पर्ल्स अनुगमन प्रणालीको आन्तरिकीकरण एवम् हस्तान्तरण, एक्सेस, प्रोबेशन र कर्ब्सको माध्यमबाट सुशासनयुक्त सहकारी निर्माणको काम गरिरहेको छ ।

अन्त्यमा,

सहकारी अभियानमा संलग्न सदस्यहरू सुशासनको वाहक बन्नुपर्दछ र आमजनताको बीचमा सहकारी संस्थाहरू सुशासनको पर्याय ठहरिनुपर्दछ । उच्च नैतिकता र सदाचारमा रहँदै सदस्यको जीवनस्तर परिवर्तनका लागि सहकारी संलग्न नेतृत्व र व्यवस्थापनले कार्य सम्पादन गर्नसके मात्रै सहकारीले संविधानले कल्पना गरेको समाजवाद सम्म पुग्ने गरी आफूलाई लोकप्रियता र विश्वसनीयताको माध्यमबाट र सदैव सदस्यको अपरिहार्य भरपर्दो साधन बन्न सक्दछ । सहकारीले नै आयातलाई प्रतिस्थापन गर्ने गरी निर्यातलाई प्रवर्द्धन गर्दै राष्ट्रिय अर्थतन्त्रमा समेत योगदान गर्न सक्दछ भन्ने मुल मर्मबाट हामी कोही विचलित हुनुहुँदैन । हामीले सहकारी संस्थाको व्यवस्थापनलाई 'कर्पोरेट कल्चर' मा लैजान सहकारी ऐन, नियम र मापदण्डले लेखे बमोजिम कार्यसम्पादनका लागि सञ्चालक समिति र लेखा समितिले भूमिका खेल्न सके साकोसमा सुशासन कायम गर्न सकिन्छ ।

हार्दिक शुभकामना

नेपालका बचत तथा ऋण सहकारीहरुको एक मात्र शीर्ष संघ
नेफ्स्कूनको गरिमामय

३६औं स्थापना दिवस

३६औं स्थापना दिवसको अवसरमा स्मारिका प्रकाशन गर्न गईरहेकोले संघको उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

बागमती प्रदेश
बचत तथा ऋण सहकारी संस्था लि.
(प्रोस्कून)
बनेपा २, काभ्रेपलाञ्चोक,
फोन: ०११-६६५३६८
इमेल: info@bagmatiproscun.org.np
वेबसाइट: www.bagmatiproscun.org.np

ग्लोरी
बचत तथा ऋण सहकारी संस्था लि.
बुढानिलकण्ठ न.पा. ३, काठमाडौं
फोन: ०१-४३७५५३७
इमेल: glory.saving@gmail.com

पवित्र झ्यारुङ खस्योर
बचत तथा ऋण सहकारी संस्था लि.
का.म.न.पा.-६, बौद्ध काठमाडौं
फोन: ०१-४५८४०१३, ४५६८२०२
इमेल: pavitrasccl@hotmail.com
वेवसाइट: pavitracooperative.com.np

नव सृजनशील
बचत तथा ऋण सहकारी संस्था लि.
का.म.न.पा.-७, चावहिल, काठमाडौं
फोन: ०१-४५९७२८८, ४५७४९१४
इमेल: info@nawasrijanshil.com
वेबसाइट: www.nawasrijanshil.com

सिंगापुर गोर्खा
बचत तथा ऋण सहकारी संस्था लि.
का.म.न.पा.-४, महाराजगंज, काठमाडौं
फोन: ०१-४०१५५२६/२७
इमेल: singcoops74@gmail.com

सर्वोच्च विकास
बचत तथा ऋण सहकारी संस्था लि.
का.म.न.पा.-७, चाबहिल, काठमाडौं
फोन: ०१-४५६२३७७
इमेल: supremecooperative@gmail.com

‘अन्तर्राष्ट्रिय क्षेत्रसँग आत्मीय सम्बन्ध विकास गर्नुपर्छ’

कुराकानीमा आधारित



कैलाशभक्त प्रधानाङ्ग

पूर्व अध्यक्ष, नेफ्स्कून

नेफ्स्कूनको इतिहासमा सबैभन्दा महत्वपूर्ण पक्ष भनेको नेपालको बचत तथा ऋण सहकारी अभियानको विश्व पहिचान नै हो । आज नेफ्स्कून अन्तर्राष्ट्रिय सहकारी महासंघ, विश्व ऋण परिषद् र एसियाली ऋण महासंघमा प्रतिनिधित्व गर्नु भनेको बचत ऋण सहकारीको दिगो भविष्य निर्माणको आधार हो । अन्तर्राष्ट्रिय सम्बन्ध विकासले नेफ्स्कून पहिलेको भन्दा र कल्पना गरेभन्दा धेरै अगाडि बढेको छ । ओकू र आइसिएमा पुग्नु भनेको नेफ्स्कूनको प्रगतिको सूचक हो । नेफ्स्कूनले अहिले जुन किसिमबाट आफ्नो प्रगति गरेको छ, त्यो धेरै राम्रो छ । तर सदस्यता लिनुमात्र ठूलो कुरा होइन । यसबाट हामीले सहयोग लिन सक्नुपर्छ भने सदस्यता दिने आकू, आइसिएले पनि सोच्नुपर्छ कि, नेपालमा सहकारीमा संकट आयो भने के सहयोग गर्न सकिन्छ ?

२०५८ सालमा सरकारले सहकारीलाई कर लगायो । मैले आकूलाई अनुरोध गरें, त्यतिबेला कोरियाका व्यक्ति आकूको अध्यक्ष थिए, उनी नेपालमा आए, उनले करको विषयमा नेपाल सरकारका सम्बन्धित व्यक्तिहरूलाई भेटेर कोरियाको सहकारी अभियानबारे बुझाए र सहकारीमा कर लगाउनु हुँदैन भन्ने कुरा गरे । अभियानमा तरलता संकट भयो, व्यवस्थापनका लागि रकम सहयोग चाहियो भने सरकारको मात्रै मुख ताक्ने होइन, आकू, आइसिएले पनि त सहयोग गर्नुपर्छ । आकुले मात्रै पनि त सहयोग गर्न सक्छ । त्यस्तो कुरालाई हामीले लिनसक्नुपर्छ, त्यसतर्फ लविङ पुगेन भन्ने मलाई लाग्छ । हामी सदस्य बन्ने तर आत्मीय सम्बन्ध विकास गर्न नसक्ने यसले गर्दा सदस्यता पाउनु र नपाउनुको कुनै भिन्नता छैन भन्ने नै हो । सहकारीको मर्म भावना अनुसार आत्मीय सम्बन्ध विस्तार हुनुपर्छ । आत्मियताको अभाव छ । राष्ट्रिय अन्तर्राष्ट्रिय सम्बन्धभित्र हाम्रो भूमिका रहनुपर्‍यो । हामीलाई के को आवश्यकता छ र त्यसका लागि कसले सहयोग गर्छ भन्ने खोजी गरेर त्यसतर्फ लाग्नुपर्छ । नेपालको बचत ऋण सहकारी अभियानले दश अर्ब रूपैया नपाएर समस्यामा पर्ने भन्ने हुँदैन, हामीले यसका लागि अन्तर्राष्ट्रिय सम्बन्ध विकास र आत्मियता अभिवृद्धि गर्नुपर्छ ।

मेरो पालमा मलाई एसियाली विकास बैंकले एक करोड डरल दिन्छु भनेको थियो,

“सहकारीको मर्म भावना अनुसार आत्मिय सम्बन्ध विस्तार हुनुपर्छ । आत्मियताको अभाव छ । राष्ट्रिय अन्तर्राष्ट्रिय सम्बन्धभित्र हाम्रो भूमिका रहनुपर्‍यो । हामीलाई के को आवश्यकता छ र त्यसका लागि कसले सहयोग गर्छ भन्ने खोजी गरेर त्यसतर्फ लाग्नुपर्छ । नेपालको बचत ऋण सहकारी अभियानले दश अर्ब रुपैया नपाएर समस्यामा पर्ने भन्ने हुँदैन, हामीले यसका लागि अन्तर्राष्ट्रिय सम्बन्ध विकास र आत्मियता अभिवृद्धि गर्नुपर्छ ।”

त्यतिबेला डरलको भाउ ६७ रूपैंया थियो । फिलिपिन्स्मा त्यो कुरा भएको थियो । ४/५ करोड आवश्यक भए तपाईं आरएमबीसिमा कुरा गर्नुस्, १ करोड मात्र भए हामीसँग लिनुस् भनेका थिए । त्यसको ६७ करोड हुनेभयो, त्यो मैले लगानी गरेर उसलाई ब्याज त तिर्नुपऱ्यो । त्यसमा समस्या भएपछि ७ करोड हामीकहाँ राख्ने र ६० करोड प्राइमरी सोसाइटी र जिल्ला संघलाई दिने निर्णय गरेर पैसा मागेका थियौं । एसियाली विकास बैंक, युएसएआइडी जस्ता संस्थाले आफै दिन सक्छ । संघ अन्तर्राष्ट्रिय निकायबीच आत्मीय सम्बन्ध हुनुपर्ने, त्यो किन हुन सकिरहेको छैन ?

आज नेपालमा सहकारी बृहत भएको छ, असाध्यै मोटाएको छ । तर जसरी एउटा मान्छे टाउको मात्र ठूलो भएर ठूलो भएको, मोटाएको अथवा स्वस्थकर मान्न सकिँदैन, त्यसरी नै अहिले सहकारी पनि टाउको मात्रै ठूलो भएर जटिल संक्रामक रोग खेपिरहेको अवस्थामा छ । धेरै सदस्य बनाउने, धेरै पुँजी संकलन गर्ने र जथाभावी ऋण लगानी गर्ने रोगका कारण सहकारी कोमामा गएको हो भन्छु । धेरै पुँजी संकलन भएपनि निक्षेपको ब्याज त सदस्यहरूलाई दिनपऱ्यो । हामीले उत्पादनमा गरेको लगानीले भ्याएन, उत्पादन बढाउनुको सट्टा उत्पादनलाई घटाउने गरिकन सहकारीको पैसा जम्मै घरजग्गामा लगानी भयो ।

२०५४ सालमा म नेफ्स्कूनमा रहेकै बेला कार्यक्षेत्र बढि नदेउ, त्यसले समस्या आउँछ, ५ वटा गाउँ विकास समिति भन्दा बढि नदेउ भनेर निर्णय गरेको थिएँ । समुदायमा आधारित भनेको छ, कार्यक्षेत्र ठूलो गरेको छ, कसरी समुदायमा आधारित हुनसक्छ । एक जिल्ला भन्दा बाहिर गएपछि समुदायमा आधारित हुनै सक्दैन भन्ने मेरो मान्यता हो । सहकारीले कार्यक्षेत्र बढाउने, पुँजी संकलन धेरै गर्ने र लगानी गलत ठाउँमा गर्नु नै समस्याको कारण बनेको हो । अहिले सहकारीप्रति सदस्यको विश्वासमा कमी भएको छ । सदस्यहरूले सहकारीबाट पैसा झिक्ने मनासाय व्यक्त गरिरहेको पाइन्छ ।

सहकारीको जन्म सदस्यलाई सुख दिनको लागि भएको हो । यदि सदस्यले संकटका बेला सहकारीमा जम्मा भएको पैसा झिकेर आफ्नो गर्जो टार्न खोज्छ भने सहकारीले सदस्यलाई त्यो सुविधा दिन सक्नुपर्छ । सहकारी अभियानले सहकारीको पैसा सहकारीमा भन्यो । मैले मेरो संस्थाका सदस्यहरूमा त्यो कुरा पहिलोपटक राख्दा बुझाउन सकिन । हामीले नजिकको बैंकमा पैसा राख्ने काम गऱ्यौं । जब सदस्यलाई ऋणको आवश्यकता पऱ्यो, त्यो बेला बैंकले मैले माग गरेको ७० लाख पैसा दिएन । त्यसपछि भने सदस्यलाई कुरा बुझाउन सकें ।

राष्ट्रिय सहकारी महासंघको नेतृत्वमा आन्दोलन भयो, यो पनि सही भयो भन्ने मलाई लाग्दैन । मैले यसलाई त्यति ठीक ठानेको छैन । आन्दोलन गरेर सरकारसँग दश अर्ब रूपैंया माग्नु सहकारीका लागि ठीक होइन ।

धेरै जसो सहकारीमा राजनीति हाबी भएको छ । अहिले समस्यामा परेका सहकारी पनि कुनै न कुनै राजनीतिक पार्टीका व्यक्तिहरूबाट संस्थागत हाबी भएका कारण नै हो । आन्दोलनले १३ वटा मागहरू राखेको छ । त्यसमा ऐन कार्यान्वयन भएको खण्डमा धेरै मागहरू सम्बोधन हुने खालका पनि छन् । तर ऐनमा भएको सबै विषयहरू कार्यान्वयन भए भने फेरि अभियान चुप लागेर बस्न सक्छ ? सहकारीमा दुई ठाउँमा सदस्य हुन पाउँदैन भन्यो भनेर विरोध पनि

नेफ्स्कूनको इतिहासमा सबैभन्दा महत्वपूर्ण पक्ष भनेको नेपालको बचत तथा ऋण सहकारी अभियानको विश्व पहिचान नै हो । आज नेफ्स्कून अन्तर्राष्ट्रिय सहकारी महासंघ, विश्व ऋण परिषद् र एसियाली ऋण महासंघमा प्रतिनिधित्व गर्नु भनेको बचत ऋण सहकारीको दिगो भविष्य निर्माणको आधार हो ।



गर्ने, यदि त्यो कार्यान्वयन गर्न महासंघले जिम्मा लिन सक्छ कि सक्दैन । सहकारीले अनुत्पादक क्षेत्रमा लगानी गर्न हुँदैन भन्ने कुरा महासंघले जिम्मा लिन सक्ने आँट छ कि छैन ?

सहकारी सिद्धान्ततः राजनीतिबाट तटस्थ रहनुपर्छ, स्वयंसेवी र खुला सदस्य हुनुपर्छ भनेको छ, के राष्ट्रिय सहकारी महासंघ र केन्द्रीय संघहरूले त्यो सिद्धान्त कार्यान्वयन गर्न सक्छ कि सक्दैन ? सहकारीबाट कुनै पनि पार्टी परिचय आउनुहुन्न भन्ने हो । सहकारीहरूमा दुर्घटना निम्तिनुमा सरकार र अभियान दुवै जिम्मेवार छ । सरकारले दर्ता गरेपछि प्रत्येकमा एकपटक भएपनि निरीक्षण अनुगमनमा त जानुपऱ्यो नि । दर्ता गरिदिँए जे गरोस् गरोस् भनेर छाडिदिएर त भएन नि ! सरकारले त्यसको निरीक्षण गरेर जिल्ला संघ, केन्द्रीय संघ, महासंघलाई तपाईंहरू हेर्नुहोस् है भनेर जिम्मा दिइदिएको भए त समस्या बेलैमा समाधान हुनेथियो । ऐनले जनसंख्याको आधारमा सहकारी दर्ता गर्ने भनेको छ, अहिले पनि त्यसलाई हेरिराखेको छैन । कानून अनुसार ५ हजार जनसंख्या भएको ठाउँमा एक सहकारी प्रावधान अनुसार भएको छ कि छैन भनेर हेर्नुपर्छ । ऐन अनुसार कार्यान्वयन गर्ने हो भने अहिले भक्तपुरकै पनि सयौं संस्था खारेज गर्नुपर्ने वा एकीकरण गर्नुपर्ने हुन्छ ।

जब सरकारले सहकारीलाई संघीयतामा लग्यो, त्यो जनतासँग सम्बन्धित भएको भएर संघ र प्रदेश सरकारलाई भन्दा पालिकालाई धेरै अधिकार दिएको छ । संघीय सरकारको कार्यक्षेत्र कम छ भने प्रदेश सरकारले प्रदेश भरिका सहकारीको काम गर्ने भनेको छ । तर स्थानीय निकाय तहले भने प्रारम्भिक सहकारी सबै हेर्ने भनेको छ । नगरपालिका र गाउँपालिकामा अधिकार धेरै दिएको छ तर काम कम भएको छ ।

म नेफ्स्कूनमा भएकै बेलमा सहकारी नियमनका लागि दोस्रो तहको नियमन निकाय गठन गर्ने भनेर कुरा उठेको थियो । राष्ट्र बैंकले अनुगमन गर्न सक्दैन भनेर सेकेण्ड टायर इन्स्टिच्यूसन् (STI) गठन गर्ने भनेर आयो । त्यसका लागि राष्ट्र बैंकको तर्फबाट एसियाली विकास बैंकबाट एकजना कन्सल्ट्यान्ट पनि नियुक्त भएर आयो, तर पनि त्यो काम अगाडि बढेन । विभागसँग पनि दक्ष र पर्याप्त कर्मचारी भएनन् । विभागबाट अनुगमन भएपनि औपचारिकता पुरा गर्ने काम मात्रै भयो । म नेफ्स्कूनमा नरहेकै १५ वर्ष भयो, त्यो बेलादेखि उठेको कुरा बारम्बार बजेटमा आउने तर कार्यान्वयन नहुने भयो । यदि दोस्रो तहको नियमन निकाय गठन भएको भए सहकारीको नियमन समयमै हुन्थ्यो । राम्रा सहकारी मात्रै अगाडि बढ्ने अवस्था आउँथ्यो । त्यो भएन । यसपाली पनि गठन गर्ने भनेको छ, के हुन्छ ? फेरी मन्त्रालयमा कस्तो मन्त्री हुन्छ, सचिव सहकारी बुझेको हुन्छ हुँदैन त्यसले पनि फरक पार्छ । मन्त्रीको पनि सहकारी बुझ्न खोज्दा खोज्दै पद खुस्किने, सचिव, रजिष्ट्रार पनि सरूवा भइरहने । सहकारी सचिवहुँदा गोपीनाथ मैनालीले राम्रो काम गर्नुभएको थियो । सहकारी ऐन, २०७४ ल्याउनमा पनि उहाँको ठूलो भूमिका छ । तर उहाँलाई पनि त्यही भूमिकामा काम गर्न दिएनन् । मैले उहाँलाई ऐन, नियमावलीमा यो यो पक्षमा कमजोरी छ भन्दा उहाँले ऐन बन्दै नबन्नुभन्दा केही कुरा छोडिदिउँ भनेर सम्झौता गरेर ल्याएको हो भनेर प्रष्टै भन्नुभएको थियो । ऐनमा भएका ४ वटा कुरा मैलाई मन परेको छैन, बन्दै नबन्नुभन्दा बरू ल्याइहाल्यो भने पछि संशोधन गरौंला भनेर ल्याएको हो भनी भक्तपुरको एक कार्यक्रममा सचिव मैनालीले भन्नुभएको थियो । तर उहाँको कार्यजिम्मेवारी परिवर्तन गरिदिएपछि, त्यो कुरा पनि संशोधनको तहमा पुग्न सकेन । अभियानले पनि अलि दह्रो अडान लिन सकेन । सरकारसँग लविङमा पनि अभियान कमजोर भयो । अभियान र नेपाल सरकारको कर्मचारीबीच आत्मीय सम्बन्ध बन्न सकेन । अभियानले सरकारका कर्मचारीलाई कुरा बुझाउन सकेन वा उनीहरूले बुझ्न खोजेन त्यहाँ कमजोरी भएको हो भन्ने लाग्छ । अहिले फेरि सरकारले सहकारीमा आयकरको दरमा वृद्धि गरेको छ । अर्थमन्त्रीले पैसा कहाँबाट आउँछ ? तपाईहरूको सुझाव के छ ? भनेपछि कर्मचारीले सहकारीको आयकर बढायो भने पैसा आउँछ भनी देखाइदिन्छ । सरकारलाई पैसो कहाँबाट आउला भन्नेछ, उसलाई के टाउको दुखाई भयो र सहकारीको कर बढाइदियो । त्यसकारण व्यूरोक्रेसिलाई चित्त बुझाउन अभियानले सकेको छैन । अभियान र सरकारबीचको मत अन्तर छ ।

अन्तमा,

बचत सहकारीको आफ्नो छुट्टै सिद्धान्त छ । अन्तर्राष्ट्रिय कानून छ, त्यो कुरा यहाँका बचत संस्थाहरूलाई सिकाउनुपर्छ । अहिलेका बचत संस्थाहरू व्यापार गर्ने, मोज गर्नमै आनन्दित छन् । त्यो होइन भन्ने बुझ्नुपर्छ । सहकारीको सिद्धान्त भनेको निक्षेपमा बैंकले भन्दा बढि ब्याज दिनुपर्ने र बैंकभन्दा घटिमा सदस्यलाई ऋण दिनुपर्ने भन्ने हो । तर हामी सन्दर्भ ब्याज पुगेन भनेर हिँडिरहेका छौं । भक्तपुरमा कहिल्यै सन्दर्भ ब्याजको कुरा उठेन ।

नेफ्स्कूनले सरकारसँग गर्नुपर्ने लविङ मजबूद बनाउन जरूरी छ । नेफ्स्कून आज जुन ठाउँमा पुग्नुपर्ने थियो, त्यहाँ पुग्न अझ धेरै कसरता बाँकी छ । नेफ्स्कूनले धेरै अध्ययन र सरकारसँग वकालत गर्नुपर्ने म देख्छु ।

सहकारी सिद्धान्ततः राजनीतिबाट तटस्थ रहनुपर्छ, स्वयंसेवी र खुला सदस्य हुनुपर्छ भनेको छ, के राष्ट्रिय सहकारी महासंघ र केन्द्रीय संघहरूले त्यो सिद्धान्त कार्यान्वयन गर्न सक्छ कि सक्दैन ?

हार्दिक शुभकामना

नेपालका बचत तथा ऋण सहकारीहरुको एक मात्र शीर्ष संघ
नेफ्स्कूनको गरिमामय



३६औं स्थापना दिवसको अवसरमा स्मारिका प्रकाशन
गर्न गईरहेकोले संघको उत्तरोत्तर प्रगतिको
हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

गुडविल
बचत तथा ऋण सहकारी संस्था लि.
का.म.न.पा.-७, चाबहिल, काठमाडौं
फोन: ०१-४४७८४१६, ४४८१७४६
इमेल: info@goodwillsaving.com.np
वेबसाइट: www.goodwillsaving.com.np

नेचुरल
बचत तथा ऋण सहकारी संस्था लि.
का.म.न.पा.-७, टुसाल, काठमाडौं
फोन: ०१-५९११८५१
इमेल: info@naturalcooperative.com.np
वेबसाइट: www.naturalcooperative.com.np

लक्ष्मीधारा
बचत तथा ऋण सहकारी संस्था लि.
कुलेश्वर १४, काठमाडौं
फोन: ०१-५१६५२२१, ५१६५१८०
इमेल: laxmidharasaccos@gmail.com

हसना भास्तिपुर
बचत तथा ऋण सहकारी संस्था लि.
चन्द्रागिरि न.पा. १२, बलम्बु
फोन: ०१-४३१६१७३, ४३१६१७४
इमेल: hbsaccosho@gmail.com

बालकुमारी
बचत तथा ऋण सहकारी संस्था लि.
शंखधरचोक, मध्यपुर थिमि ४, भक्तपुर
फोन: ५०९३३२३, ५०९३४५५
इमेल: basic@gmail.com.np
वेबसाइट: www.balkumarisaccos.com

पारिजात
बचत तथा ऋण सहकारी संस्था लि.
सूर्यविनायक न.पा. ५, कटुञ्जे, भक्तपुर
फोन: ०१६६१९४२९, ६६२०५९९
इमेल: parijatsaccos@gmail.com

‘सहकारी अभियान विद्यमान कानूनको कार्यान्वयनमा केन्द्रित हुनुपर्छ’

कुराकानीमा आधारित



मिनराज कडेल

पूर्व अध्यक्ष, नेफ्स्कून

अध्यक्ष, राष्ट्रिय सहकारी महासंघ

धर्म, भकारी, गुठी, पर्म नै सहकारीको ऐतिहासिक जन्म हो भन्ने गरिदैं आएको छ । औपचारिक रूपमा सहकारीको जन्म २०१३ साल चैत्र २० गते बखानपुर सहकारी ऋण समिति लगायत त्यसैदिन अन्य बचत ऋण सहकारी पनि स्थापना भएको दिन हो । त्यतिबेला एकैदिन १३ वटा संस्था स्थापना भएका थिए । हामी हरेक वर्ष चैत्र २० गते राष्ट्रिय सहकारी दिवस मनाउँछौं ।

२०१६ मा सहकारी ऐन आयो । तर २०१७ पछि फेरि राजा महेन्द्रले प्रजातन्त्र हटाएर सत्ता आफ्नो हातमा लिए । त्यसपछिका करिब ३० वर्ष पञ्चायती व्यवस्थाभरि निर्देशित प्रजातन्त्र र निर्देशित सहकारीहरू रहे । त्यो बीचमा वित्तीय सहकारी भन्दा पनि साझा सहकारीको रूपमा मोडलहरू विकास भए । जनताका आवश्यकताहरू परिपूर्ति गर्नको लागि साझा संस्थाबाट खाद्यान्न, मल, विऊ बिक्रीवितरण गर्ने काम भयो । साझा संस्थाबाट वितरित वस्तुहरू राम्रो गुणस्तर, उचित तौल भएको, भरपर्दो र विश्वसनीय सेवा दिँदै आयो । २०४६ को जनआन्दोलन पछि जब २०४८ सालको सहकारी ऐन आयो । त्यसपछि भने सहकारीहरूलाई पनि स्वायत्तता प्रदान भयो र यसले विषयगत संस्थाहरू खोल्ने अवसर पनि खोलिदियो । त्यसपछि बचत ऋण सहकारीको अवस्थामा पनि अलि राम्रो भएको देखिन्छ । त्योबेला अहिलेको राष्ट्रिय सहकारी विकास बोर्ड साझा केन्द्र थियो । यसको अध्यक्ष हुनुभएको हाम्रो पूर्व मन्त्री स्व. भोजराज घिमिरे जो नेफ्स्कूनको संस्थापक पनि हुनुहुन्छ, उहाँको नेतृत्वमा २०४५ साल साउन ३२ गते बचत समुहहरूको राष्ट्रिय संघ तदर्थ समिति गठन भयो । नेफ्स्कून र साकोस अभियानको पृष्ठभूमि त्यहिबाट शुरू भएको हामी मान्न सक्छौं ।

सर्वप्रथम त म आदरणीय स्व. भोजराज घिमिरेप्रति सम्मान व्यक्त गर्दछु । २०४८ को सहकारी ऐन, र २०४९ मा नियमावली जारी भएपछि विधिवत रूपमा नेपाल बचत तथा ऋण सहकारी संघ दर्ता भयो । आज हामी ३६औं नेफ्स्कून स्थापना दिवस मनाउने क्रममा छौं । यस अवसरमा म स्थापना दिवसको हार्दिक शुभकामना व्यक्त गर्दछु । यसले नेपालको साकोस

“२०१६ मा सहकारी ऐन आयो । तर २०१७ पछि फेरि राजा महेन्द्रले प्रजातन्त्र हटाएर सत्ता आफ्नो हातमा लिए । त्यसपछिका करिब ३० वर्ष पञ्चायती व्यवस्थाभरि निर्देशित प्रजातन्त्र र निर्देशित सहकारीहरु रहे । त्यो बीचमा वित्तीय सहकारी भन्दा पनि साझा सहकारीको रुपमा मोडलहरु विकास भए । जनताका आवश्यकताहरु परिपूर्ति गर्नको लागि साझा संस्थाबाट खाद्यान्न, मल, विऊ बिक्रीवितरण गर्ने काम भयो ।”

अभियानलाई सुव्यवस्थित ढंगले अगाडि बढाउनको लागि र वर्तमान समस्याको निराकरण गर्दै अगाडि बढ्न थप प्रेरणा मिलोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

नेफ्स्कून स्थापना सँगसँगै बचत तथा ऋण सहकारी संस्थाहरू दर्ताहुने क्रम तीब्र रूपले बढ्न थाल्यो । यसले ग्रामीण दुर दराज भित्र रहेका र सहरी क्षेत्रमा पनि छरिएर रहेका स-साना रकमहरू संकलन गरेर पुँजी निर्माण गर्दै बचतको स्रोतलाई पुँजीको रूपमा रूपान्तरण गरेर आयआर्जन र उत्पादन कार्य मार्फत जनताहरूको जीवनस्तर बदल्नको लागि र आर्थिक सामाजिक रूपान्तरणको लागि सामाजिक, साँस्कृतिक क्षेत्रमा योगदान पुऱ्याउँदै नेपालको सहकारी अभियानलाई एउटा उचाइमा पुऱ्याउन महत्वपूर्ण भूमिका खेलेको कुरा उजागर गर्न चाहन्छु ।

बचत तथा ऋण सहकारी संस्थाले हालसम्म आइपुग्दा अत्यन्त ठूलो संख्यामा सदस्यहरूलाई आबद्ध गर्ने, पुँजी निर्माण गर्ने, सदस्यहरूलाई व्यवसायिक बनाएर आर्थिक सामाजिक रूपान्तरणमा महत्वपूर्ण भूमिका खेलेको छ । करिब ३१ हजार सहकारीहरूमध्ये १४ हजार बचत तथा ऋण सहकारीका संस्थाहरू छन् । अन्य ४ हजारभन्दा बढी बहुउद्देश्यीय सहकारी संस्थाले पनि मुख्य गरि बचत ऋणकै काम गरिरहेका छन् । साना किसान कृषि सहकारीहरूले पनि वित्तीय कारोबारलाई प्राथमिकता दिँदै कृषि क्षेत्रमा केन्द्रित छ ।

खासगरी, साकोस अभियानले छरिएर रहेका पुँजी, श्रम, सीप, क्षमतालाई एकत्रित गर्दै सदस्यहरूको जीवनस्तर वृद्धि र आर्थिक सामाजिक रूपान्तरण गर्न अत्यन्त ठूलो भूमिका खेल्दै आएको छ । सहकारी क्षेत्रको समग्र उचाईलाई हेरेर नै नेपालको संविधान, २०७२ मा तीन खम्बे अर्थनीति मध्ये सार्वजनिक, निजी र सहकारीको माध्यमबाट मुलुकलाई समाजबादमा पुऱ्याउने जुन लक्ष्य संविधानमा उल्लेखित छ, नेपालको इतिहासमा सहकारी अभियानको तर्फबाट हामीले त्यसलाई अत्यन्त महत्वपूर्ण उपलब्धिको रूपमा लिएका छौं । त्यही ढंगमा सहकारीहरू जुन परिवेशबाट अगाडि बढिरहेको सन्दर्भमा यो पछिल्लो करिब साढे तीन वर्ष देखि यताको विश्वव्यापी रूपमा आएको कोभिडको कारण, युक्रेन रूस युद्धको कारण विश्व अर्थतन्त्रमै नराम्ररी प्रभाव परेको अवस्था छ । अहिले पछिल्ला दिनमा नेपालका बैंक वित्तीय संस्थाहरू र सहकारीहरूमा पनि नराम्रो असर पऱ्यो । विगत डेढ दुई वर्षदेखि बैंक वित्तीय संस्थाहरूले ऋण लगानी गर्न नसक्ने, तरलताको चाप आदि कारणले राष्ट्र बैंकले पनि पोलिसीमा केही परिवर्तन गऱ्यो । अहिले बैंक वित्तीय क्षेत्रमा तरलता सहज



भएको छ । अझै ऋण लगानी गर्न सक्ने अवस्था बनेको छैन । खासगरी शहरी क्षेत्रमा केन्द्रित वित्तीय कारोबार गर्ने सहकारीहरूमा एक खालको समस्या विद्यमान छ । यही बीचमा जुन बचत ऋणको नामबाट वा बहुउद्देश्यीयको नामबाट वित्तीय कारोबार गर्ने ठूला केही सहकारी संस्थाहरू जस्तै बराह बचत तथा ऋण सहकारी संस्था, तुलसी बहुउद्देश्यीय, शिवशिखर बहुउद्देश्यीय जस्ता केही संस्थाहरू सहकारीको मूल्य, सिद्धान्त अनुसार नचलेको कारणले गर्दा ठूलो परिमाणमा बचत फिर्ता गर्न नसकेर जनतामा यसको नराम्रो प्रभाव पर्न गयो, त्यसपछि सहकारीप्रतिको विश्वासमा संकट पैदा हुनथाल्यो । जसबाट धेरै सदस्यहरूले एकैचोटी बचत फिर्ता लिन खोजे, त्यसले गर्दा सामान्य रूपले चलिरहेका संस्थाहरूमा पनि तरलताको चाप तीब्ररूपले बढ्यो । केही सीमित संस्था जसले संस्थाको ठूलो पुँजी घरजग्गामा लगानी गरेको, त्यसैगरि संस्थाका सञ्चालक, व्यवस्थापकले चलाइरहेको र विना धितो ऋण लगानी गरिरहेको परिस्थितिले गर्दा समग्र वित्तीय क्षेत्रमा अत्यन्त नराकारात्मक प्रभाव परिरहेको छ ।

परिणामस्वरूप अहिले सहकारीका बचतकर्ता सदस्यहरू आफ्नो बचत फिर्ता नपाएर आन्दोलनमा उत्रिरहेको अवस्था छ । केही समय अगाडिदेखिनै खासगरि सञ्चालक र उच्च व्यवस्थापनमा धेरै प्रेसर र आक्रमण हुन थालेपछि, सञ्चालकहरू पनि आन्दोलनमा उत्रेका थिए । राष्ट्रिय सहकारी महासंघले यी विषयहरूको समाधानका लागि बरिष्ठ उपाध्यक्षको संयोजकत्वमा सहकारी समस्या समाधान सहजीकरण कार्यदल पनि बनाएका थियौं । देशभरिका सहकारीकर्मीहरू र स्टेकहोल्डरहरू सहितको सरसल्लाहबाट १३ बुँदे माग अगाडि सारेका थियौं । त्यसमा केही समय राज्यको ध्यानाकर्षण गर्ने काम गऱ्यौं । यिनै समग्र परिस्थितिलाई हेरेर राज्यले खासगरि वित्तीय क्षेत्रका सहकारीहरूको समस्या समाधान गर्नका लागि मन्त्रिपरिषद्को निर्णयसहित उच्चस्तरीय सहकारी क्षेत्र सुधार सुझाव कार्यदल-२०८० गठन गरेको छ ।

राष्ट्रिय योजना आयोगका माननीय सदस्य जयकान्त राउतको संयोजकत्वमा महासंघको प्रतिनिधित्वसहित केही विज्ञ सदस्यहरूको उपस्थिति छ ।

सहकारी अभियान यतिबेला विषम् परिस्थितिमै छ । खासगरी बचत ऋणको कारोबार गर्ने सहकारी संस्थाहरू जुन शहरी क्षेत्रमा सञ्चालित र सदस्यहरू पनि संस्थामा परिचित नभइरहेका संस्थाहरूमा धेरै समस्या छ । यस्ता संस्थाहरूमा बचतको चापले अत्यन्तै ठूलो रूप लिइरहेको

त्यो रहन्छ पनि । यसलाई सुव्यवस्थित ढंगले स्वनियमनमा, सुशासनमा चलाउन नसक्दा केही समस्याहरू उत्पन्न भएकै छन् । यो परिस्थितिमा नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) ले अत्यन्त गम्भीरताका साथ यो परिस्थितिबाट आफ्ना सदस्यहरूलाई जोगाउनको लागि महत्वपूर्ण भूमिका निर्वाह गर्नैपर्छ । नेफ्स्कूनले अगाडि सारिरहेको स्तरीकरण कार्यक्रम र स्थिरीकरण कोष छ, जुन अहिलेको अवस्थामा अत्यन्तै ठूलो सान्दर्भिकता छ । मूलतः संस्थाहरूलाई

निर्वाह गर्नुपर्ने परिस्थिति छ ।

नेफ्स्कूनले ३६औं स्थापना दिवसको अवसरमा आफ्नो दायित्वप्रति भूमिका खेल्न सकोस् भन्न चाहन्छु ।

यो वर्तमान परिस्थितिका कारणले गर्दा हामी कार्यदलमा पनि छलफल गरिरहेका छौं, विभिन्न वार्ता संवादलाई हेर्दा पनि यतिबेला सरकारका जिम्मेवार व्यक्तिहरूको सहकारीप्रतिको दृष्टिकोण केही नेगेटिभ भइरहेको पाएका छौं । सहकारी भनेका जनताका पैसा लिएर ठगी खानेपो हुन् कि



अवस्था छ । यो हुनुमा एउटा त वित्तीय संकटको अवस्था रह्यो, जहाँ वर्तमान राष्ट्रिय अन्तर्राष्ट्रिय परिस्थिति नै यो ठाउँमा आइपुगेको छ । केही औलामा गन्न सकिने संस्थाहरू, जसले सहकारीको मूल्य सिद्धान्त अनुसार राम्रोसँग चलाउन सकेनन्, तिनका कारणले गर्दा आम सदस्यहरूमा पनि अविश्वासको वातावरण पैदा भएको छ । आम जनसमुदाय, उच्च तहका राजनीति नेतृत्वमा होस् अथवा कर्मचारीतन्त्रभित्रको नेतृत्वमा पनि सहकारीप्रति हेर्ने दृष्टिकोणमा फरक पाइरहेको अवस्था छ ।

वास्तवमा राष्ट्र निर्माणमा सहकारी क्षेत्रको अत्यन्त महत्वपूर्ण योगदान छ । गरिबी न्यूनीकरण, दिगो विकास लक्ष्य प्राप्ति र समृद्ध नेपाल सुखी नेपाली भन्ने सरकारको थिमलाई पुरा गर्ने सन्दर्भमा सहकारी क्षेत्रको असाध्यै ठूलो भूमिका छ र भोलिका दिनमा

सुशासनमा ल्याउनको लागि, स्वनियमनमा सञ्चालन गर्नको लागि, स्तरीकरण कार्यक्रमहरू जुन अन्तर्राष्ट्रिय, राष्ट्रिय र स्थानीय लेभलका (एक्सेस, प्रोबेशन, कर्ब्स) कार्यक्रमहरू छन् । यी कार्यक्रममा धेरैभन्दा धेरै संस्थाहरूलाई आबद्ध गराएर सुशासित बनाउन र स्वनियमनमा चलाउन अझ धेरै पहलकदमीको जरूरी छ ।

बचत तथा ऋण सहकारी संस्था सम्बन्धी स्थिरीकरण कोष पनि सञ्चालन भइसकेको छ । यसमा सबै संस्थाहरूको योगदान बढाएर बलियो कोष निर्माण गर्नु जरूरी छ । आफ्ना सदस्य संघ संस्थाहरूको नियमित अनुगमन नियमन गर्नुको साथसाथै कारणबस समस्यामा परिहालेको खण्डमा पनि त्यसलाई 'सफ्ट लोन' वा विनाब्याजमा ऋण दिएर सहयोग गर्नुपर्ने बर्तमान चुनौति देखिएको छ । आफ्ना सदस्य संस्थाहरूलाई यो महामारीबाट बचाउनको लागि अत्यन्तै महत्वपूर्ण भूमिका

भन्ने दृष्टिकोणबाट यसलाई कडा नियमन गर्नुपर्छ, संकूचनको दायरामा ल्याउनुपर्छ भन्ने भूमिकामा पनि देखिएको अवस्था छ । यद्यपी हामी कार्यदलमा बसेर निरन्तर छलफल पनि गरिराखेका छौं । साच्चै अन्तर्राष्ट्रिय मूल्य, सिद्धान्त अनुसार सहकारीलाई सञ्चालन गर्नुपर्ने अवस्था एकातिर छ भने अर्को केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक जो सम्पत्ति शुद्धीकरण सँग सम्बन्धित छ, त्यसमा सहकारी ऐनको दफा, ५२ लाई संशोधन गरेर सहकारीमा २५ लाख भन्दा बढि बचत गर्न नपाउने गरि बचतको सीमा तोक्न खोजेको छ, त्यो सहकारी अभियानका लागि अत्यन्तै घातक कुरा हो, कुनै पनि हालतमा यो फिर्ता लिनुपर्छ । हामीले यसमा धेरै लविङ गर्यौं । विभिन्न दलसँग आबद्ध माननीयज्यूहरूले जो संशोधन प्रस्तावहरू राख्नुभएको छ । जुन संशोधनमा ल्याइएको

सहकारीमा २५ लाखको क्यापिङलाई संशोधन प्रस्तावमार्फत हटाउनुपर्छ भन्ने हाम्रो जोडदार माग रहेको छ ।

त्यसैगरि झण्डै २३ वर्षदेखिको 'इस्यु', २०७५ सालको आर्थिक ऐन मार्फत सहकारीमा जुन किसिमले कर लाग्ने व्यवस्था भयो । त्यो भन्दा अगाडि २०४८ को सहकारी ऐन अनुसार सहकारीमा कर लाग्दैनथ्यो । २०५७ सालदेखि सहकारी करमुक्त क्षेत्र हुनुपर्छ भन्दै नेफ्स्कूनको अगुवाइमा हामीले विभिन्न आन्दोलनका कार्यक्रमहरू अगाडि सारिरहेको अवस्थामा सरकारले गएको आर्थिक वर्ष २०७९/०८० पनि आयकरको दरमा ५० प्रतिशतले वृद्धि गरेको थियो । अभियानको विभिन्न चरणको छलफल र लविङबाट त्यसलाई हटाएर सहकारी ऐनकै आधारमा कायम गर्न सफल भएका थियौं । सरकारले पुनः चालु आर्थिक वर्षको बजेट बक्तव्य मार्फत पनि सहकारीको आयकरको दरमा शत् प्रतिशतले वृद्धि गऱ्यो । यसमा हाम्रो गम्भीर आपत्ति छ, यो कुरा हामीले वक्तव्य मार्फत पनि जारी गरिराखेका छौं । माननीय अर्थमन्त्रीज्यूलाई यो कुरामा लविङ गर्न विभिन्न क्षेत्रबाट पहल पनि गरिराखेको अवस्था छ । कुनैपनि हालतमा यसपाली बढेको संस्थागत करलाई हटाएर सहकारी ऐनमै व्यवस्था भएअनुसार लागु गर्नुपर्छ भन्ने हाम्रो जोडदार माग छ । यसमा हामी निरन्तर प्रयासरत छौं । सरकार र उच्च तहका व्यक्तिहरूको सहकारीप्रतिको दृष्टिकोण, बुझाइमा कमी हो भन्ने हामीलाई लागिरहेको छ । जब सहकारी ऐन, २०७४ जारी भयो र २०७५ मा नियमावली आयो । त्यो ऐन नियममा भएका कतिपय व्यवस्थाहरू समयमै कार्यान्वयनमा लान सकेको भए अहिलेका यी धेरै समस्याबाट उन्मुक्ति पाउनको लागि मद्दत पुऱ्याउँथ्यो । जस्तै, सहकारी कर्जा सूचना केन्द्र, कर्जा असुली न्यायाधीकरण, बचत तथा कर्जा सुरक्षण कोष जस्ता कोषहरू ल्याउन सकेको भए यो परिस्थिति आउँदैनथ्यो र केही सामान्य समस्याहरूलाई पनि यसले जोगाउन धेरै मद्दत पुग्थ्यो । यिनै ऐनहरू कार्यान्वयन नभएको विषयलाई पनि हामीले १३ बुँदे मागमा महत्वका साथ लिएका छौं ।

अर्को कुरा मुलुक संघीयतामा गइसकेपछि तीन तहको : संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहको सरकारको बुझाई, त्यसमाथि हेर्ने दृष्टिकोण र कामकारवाहीको कारणले पनि धेरै कुरामा समस्या भएको छ । संघीय ऐनसँग बाझिएका प्रदेश र स्थानीय ऐनहरू अनि संघ र प्रदेशसँग बाझिएका जुन स्थानीय ऐनहरू छन्, तिनलाई पनि एकरूपताका साथ सहकारीमैत्री बनाउनुपर्ने कुरामा अझ धेरै ऐनहरूको संशोधन गर्नुपर्ने विषयहरू पनि अहिले रहेका छन् । जुन तीनखम्बे अर्थनीति भन्ने हाम्रो संविधानको मर्म विपरित झण्डै करिब चार दर्जन ऐनहरूले निजी क्षेत्रलाई प्राथमिकतामा राखेको र सहकारीलाई प्राथमिकतामा नराखेका ऐनहरू छन् । यी ऐनहरू समेत संशोधन गर्दै सहकारीलाई साच्चै हाम्रो संविधानमा उल्लेख भएअनुसार नै तीन खम्बे अर्थनीतिमा एउटा खम्बाको रूपमा अगाडि लानको लागि अहिलेको जुन चुनौति छ, मुलतः त्यसको लागि बचत ऋण सहकारी अभियानमा भएका समस्याहरूलाई समाधान गर्नका लागि नेफ्स्कूनले नै यसको पहल गर्नुपर्छ । यसका लागि हिजोदेखि हामीले उठाउँदै आएको विषय साकोस ऐन (क्रेडिट युनियन ऐन) को अत्यन्तै महत्वपूर्ण भूमिका छ । तर त्यो ऐन पनि अन्तर र्ाष्ट्रिय दृष्टिकोण अनुरूपको उपयुक्त ऐन आउनुपऱ्यो । विश्वका धेरै मुलुक अमेरिका, क्यानडा, साउथ कोरिया, ब्राजिल जस्ता कतिपय देशमा क्रेडिट युनियन ऐन छुट्टै छ । त्यसको समग्र अवस्थामा संस्थाहरू सबै केन्द्रीय संघमा मात्र आबद्ध हुने, केन्द्रीय संघको सिफारिसमा मात्रै नयाँ संस्था दर्ता हुने र त्यसको अनुगमन नियमनको पाटो समेत केन्द्रीय संघले जिम्मेवारी लिएर अगाडि बढाउने, त्यसलाई स्तरीकरण पनि गर्ने र स्थिरीकरणको माध्यमबाट सहयोग पनि गर्ने जुन कार्यक्रम छ, त्यसअनुसारको ऐन आउन सक्यो भने भोलिका दिनमा अहिलेको जस्तो समस्या आउने छैन र केही समस्याहरू यदाकदा उत्पन्न भए भनेपनि समाधानको बाटोमा जान सकिन्छ । यसलाई अहिलेको अत्यन्तै चुनौतिको रूपमा हामीले लिएका छौं । सहकारी अभियानलाई साच्चै तीनखम्बे अर्थनीतिमध्येका एउटा खम्बाको रूपमा ल्याउनको लागि सहकारीमैत्री ऐन कानून निर्माणदेखि यसलाई कार्यान्वयनमा, व्यवहारमा उतार्न पनि ध्यान दिनुपर्छ । यसका लागि सहकारीका सदस्यहरू, सहकारीका सञ्चालन व्यवस्थापन पक्षका र सरकार तीनवटै पक्षको भूमिका अत्यन्तै महत्वपूर्ण रूपमा रहेको हुन्छ ।

सँगसँगै सहकारीलाई उत्पादनरत व्यवसायिक क्षेत्रमा जानको लागि पनि जोड गर्नुपर्नेछ । यद्यपी बचत ऋण सहकारीहरूमा बचतको पैसा सिधै
'लङ टर्म' व्यवसाय र उत्पादनमा लगानी गर्नुहुँदैन । तर सहकारीका शेयर र कोषका रकमहरूलाई उत्पादन र व्यवसायिकरणमा जोडेर संस्था आफैले पनि राष्ट्रिय अर्थतन्त्र जुन व्यापार घाटामा छ, ठूलो परिमाणमा कृषिजन्य वस्तु लगायतका वस्तुहरू आयात भैरहेका छन्, ती आयातलाई प्रतिस्थापन गर्न आफ्नै देशभित्र उत्पादन वृद्धि गर्न र निर्यात प्रवर्द्धन गर्न सहकारी क्षेत्रले ठूलो भूमिका खेल्न सक्छ र खेल्नुपर्छ । त्यसमा पनि ध्यान दिएर भोलिका दिनमा संस्था आफैले सहकारी क्षेत्रलाई उत्पादन र व्यवसायसँग जोडेर जाने र सदस्यहरूलाई पनि पुँजी, तालिम, शिक्षा र सीप विकासको माध्यमबाट व्यवसायिक बनाउँदै साच्चै नै आत्मनिर्भर राष्ट्र निर्माण गर्न, दिगो विकास लक्ष्य पुरा गर्न र समृद्ध नेपाल सुखी नेपालीको थिमलाई पुरा गर्नको लागि सहकारी अभियानले असाध्यै ठूलो भूमिका खेल्न सक्छ । त्यसमा खासगरी बचत ऋणको सहकारीहरूले पनि आफ्नो बचत/पुँजी परिचालन गरेर संस्थाहरूलाई सक्षम सबल बनाउँदै सदस्यहरूको जीवनस्तर माथी उठाउन र समृद्ध र समतामुलक समाज निर्माण गरेर समाजबादमा पुऱ्याउन ठूलो भूमिका खेल्न सक्छ । त्यसका लागि नेफ्स्कूनले सिङ्गो बचत ऋण अभियानको अभिभावकत्व ग्रहण गर्दै अभियानभित्र देखिएका कमी कमजोरीलाई सुधार गर्दै भोलिका दिनमा एउटा सिस्टममा लानको लागि महत्वपूर्ण भूमिका खेल्न सकोस् भनी शुभकामना व्यक्त गर्दछु ।

‘सहकारीले उत्पादन र बजारीकरणमा सहजकर्ताको भूमिका खेल्नुपर्छ’



डी.बी. बस्नेत

निवर्तमान अध्यक्ष, नेफ्स्कून

सहकारीको योगदान राष्ट्र निर्माण साथै आर्थिक विकासमा गणनायोग्य छ । सहकारीको योगदानको सही मूल्याकन गर्दै नेपालको संविधानले आर्थिक विकासका प्रमुख ३ खम्बामध्ये सहकारीलाई एउटा खम्बाको रूपमा राखेको छ । तर अन्य दुई क्षेत्रको तुलनामा मुलुकको आर्थिक तथा सामाजिक विकासमा सहकारीको योगदान सम्बन्धी एकिन तथ्यांक भने राज्यसँग नभएको अवस्था छ । सरकारले समृद्ध नेपाल सुखी नेपालीको परिकल्पना पुरा गर्न सहकारी एउटा महत्वपूर्ण आधार हुन्छ भन्दै आइरहेपनि सहकारीमार्फत उत्पादनको क्षेत्रमा के कति योगदान पुग्यो पुगेन भन्ने कुराको खोजी गर्नमा खासै चासो दिएन । सहकारी क्षेत्रमा विशेष गरेर कृषि सहकारी तथा साना किसान सहकारीलाई कृषि अनुदानको व्यवस्था गरेपनि बचत तथा ऋण सहाकारीहरूमा अनुदान दिन राज्य पछाडि हटेको अवस्था छ । सबैभन्दा धेरै पुँजी र स्रोत भएको क्षेत्र बचत तथा ऋण सहकारी हो तर राज्यले सहकारीमार्फत संकलित पुँजी परिचालनका लागि भने सहजीकरणको वातावरण नबनाएका कारण सहकारीको पुँजी उत्पादनशील क्षेत्रमा लाग्न नसकेको यथार्थ हाम्रा सामु छर्लङ्ग छ ।

सरकारको वार्षिक बजेटले होस् अर्थात् राजनीतिज्ञहरूको बोल्ने भाषामा होस्, विगतका धेरै वर्ष अगाडिदेखिनै अब सहकारी उत्पादनमा जोडिनुपर्छ भन्ने गरेको पाइन्छ । बचत तथा ऋण सहकारी अभियान मार्फत सदस्यहरूमा बचत गर्ने बानीको विकाससँगै धेरै ठूलो पुँजी निर्माण सम्भव भएको छ । नेपालमा सहकारीको बचत अर्थात पुँजीको अवस्था यस्तो छ भन्नमा नेपालको बचत तथा ऋण सहकारी अभियानको छाता संघ नेफ्स्कूनको योगदान पनि अत्यन्त महत्वपूर्ण छ ।

राज्यको आर्थिक विकास साथै आर्थिक नीतिको अस्पष्टताका कारणनै दैनिक हजारौंको संख्यामा युवाहरू बैदेशिक रोजगारमा जाने जुन अवस्था देखिएको छ, त्यो स्थितिलाई हेर्दा अब नेपालमा उत्पादनको काममा पनि हामी लाग्नुपर्छ । उत्पादन विशेष गरि स्थानीय कच्चा पदार्थमा आधारित उद्योगहरू सञ्चालन गर्न सक्नुपर्छ । स्थानीय कच्चा पदार्थमा आधारित उद्योग भनेको नै सबैभन्दा पहिले कृषि नै हो । हाम्रो कृषि प्रधान देश हो, कृषिका लागि यी क्षेत्रहरू

“सरकारले समृद्ध नेपाल सुखी नेपालीको परिकल्पना पुरा गर्न सहकारी एउटा महत्वपूर्ण आधार हुन्छ भन्दै आइरहेपनि सहकारीमार्फत उत्पादनको क्षेत्रमा के कति योगदान पुग्यो पुगेन भन्ने कुराको खोजी गर्नमा खासै चासो दिएन । सहकारी क्षेत्रमा विशेष गरेर कृषि सहकारी तथा साना किसान सहकारीलाई कृषि अनुदानको व्यवस्था गरेपनि बचत तथा ऋण सहाकारीहरुमा अनुदान दिन राज्य पछाडि हटेको अवस्था छ ।”



> नेपालमा कृषिमा अनुदान अत्यन्त नगन्य, सफ्ट लोनको व्यवस्था पनि पहूँचवालामा मात्र सीमित भएका कारणले कृषिमा समस्या भएको हो भन्ने लाग्छ । कृषि ऋणलाई आधुनिकीकरण गर्न पनि सकेको छैन र अनुदान पनि सिस्टममा लान नसकिरहेको कारणले गर्दा उत्पादन महङ्गो छ ।

उपयुक्त छन् भनेर जे जे देखाए पनि हाम्रो देशमा गत सालमात्रै १५ करोड भन्दा बढिको मकै भारतबाट आयात भएको अवस्था छ । त्यही दरमा धान, चामल, गहुँ साथै कोदोपनि बाहिरबाटै आएको स्थिति छ । त्यही आधारमा आलु, खुर्सानी, गोलभेंडा साथै अन्य तरकारीजन्य वस्तुहरू, पशुजन्य उत्पादित वस्तुहरू मासु, घ्यू, दूध, दहि पनि बाहिरबाटै आउने परिस्थिति बनिसकेको छ । भारतको, न्यूजील्याण्डको घ्यू नेपाली बजारमा आउन सुरू गरेको कुरा पनि हामीले अहिले सुनिरहेका छौं । यी सबै कुरालाई रोक्न पनि अब नेपालमा कृषि उद्यमशीलता बढाउनुको विकल्प छैन । कृषि उद्यमशीलता बढाउने सबभन्दा सजिलो माध्यम सहकारीका सदस्यहरूमार्फत नै हुन्छ । तर हामीले सहकारीका सदस्यहरूमा कृषि उद्यमशीलता बढाउन सकेको अवस्था छैन । भारतको तुलनामा नेपालमा कृषिमा लाग्ने लगानी आठ गुणाले बढि छ । भारतले कृषिका लागि राम्रो अनुदानको व्यवस्था गरेको छ । नेपालमा कृषिमा अनुदान अत्यन्त नगन्य, सफ्ट लोनको व्यवस्था पनि पहूँचवालामा मात्र सीमित भएका कारणले कृषिमा समस्या भएको हो भन्ने लाग्छ । कृषि ऋणलाई आधुनिकीकरण गर्न पनि सकेको छैन र अनुदान पनि सिस्टममा लान नसकिरहेको कारणले गर्दा उत्पादन महङ्गो छ । सरकारको कृषि अनुदान नीतिमा पनि केही परिवर्तन आवश्यक छ जस्तो देखिन्छ । हिजो म यो काम गर्छु भनेपछि अनुदान दिए, तर अनुदान लिनेले काम गरेनन् । अब कृषिका लागि अनुदान नभएर सरकारले उत्पादनमा अनुदान दिने नीति लिनुपर्छ । उत्पादनमा योगदान दिने हो भने कृषकले प्रतिष्पर्धा गर्न सक्छ । उत्पादन प्रणालीमा सहकारीलाई जोड्नको लागि एउटा त सरकारले बचत ऋणका सहकारीलाई पनि अनुदान दिने नीति अवलम्बन गर्नुपर्‍यो, जस्तोकि सरकारले एउटा सदस्यलाई एक हजार लगानी गरिदिन्छ भने सहकारीले पनि त्यो सदस्यलाई एक हजार लगानी गर्न सक्छ, त्यसले सदस्यहरू सस्तोमा पर्न जान्थे । अरू सहकारीसँग पुँजी छैन, बचत तथा ऋण सहकारीसँग पुँजी छ, उत्पादन पनि गरिरहेको छ र केही कमाएको पनि छ भने बचत तथा ऋणलाई अनुदान

नदिने भन्ने सरकारको जुन नीति छ, त्यो हटाउनुपर्छ । सबै प्रकारको सहकारीलाई अनुदान दिने र सहयोग गर्ने खालको कार्यक्रम सरकारले ल्याउनुपर्छ । अभियानको नेतृत्व तहमा बस्नेहरूले त्यस्तो नीति परिवर्तनका लागि लविङ गर्नुपर्छ ।

उद्योग बाणिज्य महासंघले पनि लामो समयदेखि कृषि क्षेत्रमा काम गरिरहेको छ । भर्खरै सम्पन्न निर्वाचनबाट म पनि उद्योग वाणिज्य महासंघको कार्यसमितिमा छु । महासंघमा कृषि क्षेत्रको जिम्मेवारी मलाई दिएको छ । हामी सहकारी र उद्योग वाणिज्य संघलाई सँगसँगै मिलाएर बजारीकरण र सरकारसँग गर्ने अनुदानको लविङमा सँगसँगै जान सक्छौं । राष्ट्रिय तहमै हामी केन्द्रीय स्तरका संघ महासंघमा बसेर तयारी गर्नुपर्ने के छ भने, अब उत्पादनमा जानका लागि कुन कुन वस्तु छनौट गर्ने हो ? विशेष गरि 'हाई भ्यालु' उत्पादनमा हाम्रो लगानी र सदस्यहरूलाई सहकारीले उपयुक्त बजारीकरणका लागि सहयोग गर्न सक्छ ।

सहकारीले दुई प्रक्रियाबाट गर्न सक्छ, एउटा त सहकारीले सदस्यहरूको जग्गा एकीकृत गरेर सहकारीमा ल्याउने र सहकारीका सदस्यमार्फत सामुहिक खेतीबाट उत्पादनमा जाने । यो खालको प्रक्रिया शुरू गर्न नेपालमा अझै केही समय लाग्छ । अर्को भनेको सहकारीकै सदस्यहरूमा लगानी गर्ने र सदस्यहरूले गरेको उत्पादनको बजारीकण सहकारीमार्फत गर्न सकिन्छ । कृषिका लागि आवश्यक लोन सहकारीले उपलब्ध गराउने गर्न सकिन्छ । सरकारले दिने सफ्ट लोन पनि सहकारीमार्फत सदस्यलाई दिने हुनुपर्छ । सहकारी आफ्ना सदस्यमार्फत उत्पादनमा जाने हो, त्यसमा सरकारले थोरै मात्र पनि सहजीकरण गरिदिने हो भने उत्पादनमा कठिनाई होइन तर 'डिमान्डवेस' र 'लार्ज स्केल' उत्पादन महत्वपूर्ण कुरा हो ।

उठाइरहेको विषयलाई पनि 'नेशनल लिडर'हरूले त्यति चासो दिनुभएन । हामीले त्यतिबेलादेखि उठाएको कुरा ठीक थियो कि थिएन भन्ने अहिले विस्तारै प्रमाणित हुँदै आएको छ । संस्था स्वःअनुशासनमा बस्नुपर्छ, नेफ्स्कूनले ल्याएका कार्यक्रमहरूमा सहभागी हुनुपर्छ, कम्तिमा 'पर्ल्स सिस्टमलाई फलो' गर्नुपर्छ भन्दा भन्दै पनि त्यो ठाउँमा सबैलाई लान सकेनौं । सहकारी ऐन, २०७४ ले त्यो विषयमा केही कुरा दिएको छ, तर जब तीन तहको सरकार आयो, तीन तहमा झर्ने वित्तिकै 'कन्ट्रोलिङ मेकानिजम' झन् 'फेलियर' भयो । त्यसकारण पनि अहिलेको स्थिति आएको हो । पहिलो कुरा त स्वःनियममा बसेर सहकारी ऐन कानूनलाई फलोअप गर्नुपऱ्यो, त्यो भित्र बसेर काम गर्नुपऱ्यो र संघले दिएका निर्देशनहरू र अन्तर्राष्ट्रिय अनुभवहरू अक्षरशः पालना गर्नुपऱ्यो ।



आकर्षण गर्ने साथै त्यसको बजारीकरणमा पनि उद्योग वाणिज्य महासंघलाई जोड्दै जान सकिन्छ । अहिले नेपालबाट अन्तर्राष्ट्रिय बजारमा कोषाजन्य ग्रीन भेजिटेवलहरू केही मात्रामा निर्यात भइरहेको छ । यसको निर्यात प्रवर्द्धनका लागि पनि उत्पादन वृद्धि गर्न सकिन्छ । अब निर्वाहमुखि कृषि उत्पादनबाट अगाडि बढेर एक गाउँ एक उत्पादन गर्न सकियो भने पछिल्लो समय वित्तीय कारोबार गर्ने सहकारीहरूमा जुन खालको समस्या आइरहेको छ, त्यसले सहकारी क्षेत्रमा विकराल स्थिति बनेको छ । नेफ्स्कूनले सुरूदेखिनै स्वःअनुशासनमा बस्नुपर्छ भनेर धेरै मेहनत गर्दै आइहरेको हो । देशैभरि अभियानलाई एकाकार बनाएर जान पनि सकेनौं । कतिपयले नेफ्स्कूनलाई प्रतिष्पर्धिको रूपमा हेरिरहे, नेफ्स्कूनले

सरकारले दिने सफ्ट लोन पनि सहकारीमार्फत सदस्यलाई दिने हुनुपर्छ । सहकारी आफ्ना सदस्यमार्फत उत्पादनमा जाने हो, त्यसमा सरकारले थोरै मात्र पनि सहजीकरण गरिदिने हो भने उत्पादनमा कठिनाई होइन तर 'डिमान्डवेस' र 'लार्ज स्केल' उत्पादन महत्वपूर्ण कुरा हो ।

हार्दिक शुभकामना

नेपालका बचत तथा ऋण सहकारीहरुको एक मात्र शीर्ष संघ
नेफ्स्कूनको गरिमामय

३६औं स्थापना दिवस

३६औं स्थापना दिवसको अवसरमा स्मारिका प्रकाशन गर्न गईरहेकोले संघको उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

श्री बाराही
बचत तथा ऋण सहकारी संस्था लि.
भनपा-४, भुलाँचा, भक्तपुर
फोनः ०१-६६११३६४
इमेलः sbarahisaccos@gmail.com
वेबसाइटः www.barahisaccos.com

शुभकामना
बचत तथा ऋण सहकारी संस्था लि.
भनपा-६, सूर्यविनायक
फोनः ०१-६६१९१४०, ६६११५४०
इमेलः subhakamanasaccos@gmail.com
वेबसाइटः www.subhakamanasaccos.coop.np

कैलाश
बचत तथा ऋण सहकारी संस्था लि.
मध्यपुर थिमी-६, भक्तपुर
फोनः ०१-६६१९१४०, ६६११५४०
इमेलः info@kailashsaving.com
वेबसाइटः www.kailashsaving.com

पवसा
बचत तथा ऋण सहकारी संस्था लि.
का.म.न.पा.-४, चण्डोल
फोनः ०१-४५४१५१६, ४५४३६००
इमेलः pabasasacc@gmail.com
वेबसाइटः pabasasacc.coop.np

कम्पास
बचत तथा ऋण सहकारी संस्था लि.
का.म.न.पा.-७, चावहिल
फोनः ०१-४४६१३११
इमेलः compasssahakari@gmail.com
वेबसाइटः compasssahakari.com

नव दीपज्योति
बचत तथा ऋण सहकारी संस्था लि.
का.म.न.पा.-७, मित्रपार्क
फोनः ०१-४५८७४८७
इमेलः nawadeepjyoti@gmail.com
वेबसाइटः compasssahakari.com

नेफ्स्कून जन्मावस्थाको प्रसव पीडा र आजको सुखानुभूति

अनुभव



अजेलिया रंजितकार

प्रथम प्रबन्धक, नेफ्स्कून

सलाम समय । सन् १९९१/९२ ताका नेपालका विभिन्न भूमिमा विरोध, विद्रोहको आन्दोलन भैरहेको थियो । काठमाडौं राजधानीमा प्रत्येक दिन कहिले कुनै अमूक स्थान त कूनै बेला बाटाघाटा मै यस्ता आन्दोलनका घटना भैरहेको हुन्थ्यो । सन्दर्भ नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) को जन्म भएकोले त्यसै तिर केन्द्रित हुन चाहें ।

नेपाल बचत तथा ऋण सहकारी संघ लिमिटेडको लागि प्रबन्धकको आवश्यकता विज्ञापनमा मैले निवेदन दिएँ । लिखित, मौखिक तथा व्यवहारिक परीक्षाको नतिजामा म पास भएँ । त्यति बेला मेरो उमेर २२ वर्ष मात्र थियो । प्रबन्धकको जिम्मेवारी लिन सक्छ र ? भन्ने प्रश्नवाचक आँखाहरू धेरै थिए ।

त्यति बेला ACCU (Asian Confederation of Credit Unions) ले नेपालको लागि विशेषज्ञको जिम्मेवारीमा पठाएका फ्रान्सिस जेभिएर हुनुहुन्थ्यो । नेपालमा बचत तथा ऋणको कुरा नौलो विषय थियो । सहकारीले ऋणको अवधारणा राखे तापनि बचत गर्ने कुरा थिएन ।

नेफ्स्कूनको जन्मथलो

फ्रान्सिस जेभिएर र मैले गहन अध्ययन र छलफल गरेपछि ऋण तथा बचत विषयमा लिफ्लेट बनाई मानिसको विभिन्न समूहलाई बोलाएर छलफल गर्न थाल्यौं । त्यति बेला प्रचार प्रसार गर्न त्यति सजिलो भएन । आफिसमा एउटा दराज, केही चकटी, चियाका कप, केही अफिस सम्बन्धी कागजपत्र मात्र थिए । फ्रान्सिस जेभिएर अफिसको माथिल्लो तल्लाको एउटा कोठामा बस्नु हुन्थ्यो । उहाँले सम्पूर्ण समय ऋण तथा बचत संस्थाको लागि दिनु भयो । अफिसको कोठा एउटैमा बैठक गर्ने, काम गर्ने, सामान राख्ने, प्रबन्धक र पियनका लागि थियो ।

बचत तथा ऋणको विषयमा अवधारणा स्पष्ट भएपछि र विधान तयार भएपछि यसको नामाकरण राष्ट्रिय बचत तथा ऋण सहकारी संस्था नेपाल रहने भयो । यसरी नेपालमा नेफ्स्कूनको जन्म, कमलादी गणेश स्थानसँगै भाडाको एउटा कोठामा, काठमाडौंमा १९९१/९२ मा भयो । विधानको छलफल हुँदा प्रत्येक पटक कार्यकारी सदस्यहरूले आफ्नो अनुभव र सुविधा अनुसार थप्ने र

“नेपाल बचत तथा ऋण सहकारी संघ लिमिटेडको लागि प्रबन्धकको आवश्यकता विज्ञापनमा मैले निवेदन दिएँ । लिखित, मौखिक तथा व्यवहारिक परीक्षाको नतिजामा म पास भएँ । त्यति बेला मेरो उमेर २२ वर्ष मात्र थियो । प्रबन्धकको जिम्मेवारी लिन सक्छ र ? भन्ने प्रश्नवाचक आँखाहरु धेरै थिए ।”

हटाउने कार्य निरन्तर भई नै रहेको थियो । फ्रान्सिस जेभिएरलाई धेरै पटक चित्त बुझेन आकूमा रिपोर्ट गर्छु, भनी रहे । यसरी नेफ्स्कून जन्मको रमाइलो पक्षहरू स्मरणमा आइरहन्छ ।

संस्थाको दर्ता

बचत तथा ऋण संस्थाको दर्ता आरम्भ गर्नु अति आवश्यक थियो । प्रचार प्रसार त्यति सजिलो थिएन । यद्यपि, फ्रान्सिस जेभिएर र मैले प्रयास गरि नै रह्यौं । आकूलाई प्रगति प्रतिवेदन पठाउनु पर्ने समय सीमा हामीले सधै स्मरणमा राख्नु पर्थ्यो ।

तथापी, आ-आफ्नो पहिचान परिचालन गरी सबैले स्थानीय तहको बचत तथा ऋण सहकारी संस्थाको दर्ता गर्न शुरू भयो ।

तनाव व्यवस्थापन तालिम

म र फ्रान्सिस जेभिएर बीच छलफल भैरहँदा एक दिन एकै पटक धेरैलाई बचत तथा ऋण विषयमा जानकारी दिन तनाव व्यवस्थापन तालिमको लागि आह्वान गर्ने तयारी गर्ने कुरा चल्यो । त्यति बेला तनाबको विषयमा धेरैले कुरा र कमेन्ट गर्ने तर त्यसको व्यवस्थापन विषयमा जानकारी कम मात्र हुन्थ्यो । फ्रान्सिस आफैले एक दिनको यो कार्यक्रम गर्ने र मेरो तालिम अधिकृतको अनुभव भएकोले तालिम सहयोगीको जिम्मेवारीमा काम गर्ने तय भयो । अर्थात, विशेषज्ञको खर्च नलाग्ने भयो । एक महिना अगावै गोरखापत्र दैनिकमा विज्ञापन गरियो । होटल अन्नपूर्णमा एक दिवसीय तनाव व्यवस्थापको तालिम भनेर गरेको विज्ञापनमा राम्रो संख्यामा सम्पर्क गर्न आए । असल, राम्रा, ठूला, नाम चलेका व्यक्ति र संस्थाबाट सहभागिताको लागि दर्ता गराए । रू. ५०० बाट खाना, तालिम सामाग्री, होटल सबैको खर्च धान्न सकिने थियो । तालिममा ६० भन्दा बढी व्यक्तिको सहभागिता थियो । तालिमको प्रमाण-पत्र सहित तनाव समाधानका उपाय पाएर सहभागी खुशी थिए । म र फ्रान्सिस जेभिएर सर्म्पक, सम्बन्ध तथा समन्वयको रफ्तार बढेकोमा र नेफ्स्कूनको नाम प्रचार प्रसार हुन सकेकोमा खुसी थियौं । यसरी क्रमिक रूपमा धमाधम बचत तथा ऋण सहकारी संस्था दर्ता हुन थाले ।

WOCCU का प्रतिनिधि नेपालमा

ACCU लाई नेफ्स्कून र तालिमबाट दर्ताको रफ्तार बढेको विषयमा प्रतिवेदन भई रहेको थियो । ACCU बाट यो प्रतिवेदन WOCCU मा पुग्यो (World Council of Credit Unions) त्यहाँबाट प्रतिनिधि नेपाल आई नेफ्स्कूनको प्रत्यक्ष प्रगति हेर्ने जानकारी हामीलाई प्राप्त भयो । त्यति बेला फ्रान्सिस जेभिएर घर विदामा थिए । WOCCU बाट Mr. Kang र Mr. Richard भन्ने दुई व्यक्ति नेपाल आए (पुरा नाम हाल स्मरण भएन) । वहाँहरूले विभिन्न व्यक्ति, संस्था, तथा पदाधिकारी भेटेर थप गर्न सक्ने सम्भाव्यता अध्ययन गरे । नेपालमा बचत तथा ऋणको उज्यालो भविष्य पनि देखे । साथै नेफ्स्कूनमा मा वित्तीय व्यवस्थापन, मानव श्रोत व्यवस्थापन, कार्यालय व्यवस्थापन, प्रचार प्रसार व्यवस्थापन, प्रशासनिक व्यवस्थापन, श्रोत व्यवस्थापनका लागि ACCU र WOCCU बाट हुन सक्ने प्राविधिक तथा आर्थिक सहयोग (Technical and Financial Assistance) को कुरा भयो ।

उहाँहरूको नेपालबाट थाइल्याण्ड जाने कार्यक्रम रहेछ, जहाँ एशिया प्यासिफिकका देशहरूका प्रबन्धकहरूको लागि कार्यशाला गोष्ठी रहेछ । गोष्ठी एक साता पछि नै रहेछ । अचानक उहाँहरूले मलाई उक्त गोष्ठीमा सहभागिताका लागि प्रस्ताव गर्नु भयो । मैले स्वीकार गरें । बोर्डले पदाधिकारीलाई सहभागिता गराउन भने तर उहाँहरूले 'प्रबन्धकको लागि हो' भने र सम्पूर्ण खर्च WOCCU ले व्यहोर्ने भयो ।

एशिया प्यासिफिक बचत तथा ऋण सम्बन्धी गोष्ठी

थाइल्याण्डको चियाङमाई प्रान्तमा गोष्ठी भयो । गोष्ठीमा विभिन्न विषय केन्द्रित छलफल भई निर्णय भए । मेरो अध्ययन यस अवधि अमेरिकामा भएको र थाइल्याण्डमा नै ६ महिनाको प्रशिक्षक प्रशिक्षण तालिम गरि सकेको हुँदा गोष्ठी मेरो लागि नौलो भएन । यद्यपि नौलो विषय बनें 'म आफैं' । सबै सहभागीले नेपालको प्रतिनिधित्व गर्ने प्रबन्धक 'महिला' भनेर पहिचान दिए र गोष्ठीमा ACCU र WOCCU को इतिहासमा नेपाल बचत तथा ऋण सहकारी संघ लिमिटेडको पहिलो महिला प्रबन्धक भनी पहिचान र सम्बोधन समेत गरे । त्यहाँ करिव ३० देशका प्रबन्धकहरू थिए । त्यस गोष्ठीबाट नेफ्स्कून, ACCU र WOCCU सँग नजिक हुने बाटो बन्यो । श्रीलंका, फिलिपिन्स, भियतनाम, बङ्गलादेश, भारतसँग सम्बन्ध र साथ विषयमा व्यापक चर्चा भयो । Mr. Richard र Mr. Kang मेरो सहभागिताबाट खुशी थिए ।

नेफ्स्कूनको प्रगति

नेफ्स्कूनमा संस्था दर्ताको प्रक्रिया चलिरहेको थियो । संस्थाका प्रतिनिधिले माग गर्ने तालिम र प्राविधिक सहयोग दिन नेफ्स्कूनसँग श्रोतहरू पर्याप्त थिएन । फ्रान्सिस जेभिएर आफ्नो कार्यकाल सकेर जाने बेला भैरहेको थियो । तालिम व्यवस्थापनका कुरामा सम्बन्धित पदाधिकारीले सहयोग पुऱ्याउन सकेन । WOCCU बाट आएको ५००० डलरको चेक पदाधिकारीलाई मैले बुझाएँ तर त्यो बैंकमा दाखिला भएको रहेनछ । यस्ता व्यवहारले संस्थामा अप्ठ्यारो परिरहेको थियो ।

नेफ्स्कूनको जन्म र यसको हुर्काइ राम्ररी गर्न सकेकोमा खुशी छु । वर्तमानमा बचत तथा ऋण सहकारी संस्थाको संख्या उच्च भैरहेको र आफ्नो पहिचानको दायरा बढाउन सकिरहेको सन्दर्भ सुखद् छ ।

अहिले नेफ्स्कूनको प्रगति देखेर यसको जन्मको प्रसव पीडा भुल्दछु ।

बचत ऋण सहकारी सुधारका लागि क्रेडिट युनियन ऐन अन्तिम विकल्प

कुराकानीमा आधारित



ऋषिराज घिमिरे

पूर्व अध्यक्ष, नेफ्स्कून

मलाई सोध्नु हुन्छ भने सहरी क्षेत्रका केही ठूलै कारोबार गर्ने सहकारी संस्थाहरूको र त्यसका सञ्चालकहरूको अवस्था सुन्दा, देख्दा विशेषतः सानो रकम जोहो गरेका ती बिचरा बचतकर्ता उपर ठूलै अन्याय भएको अनुभूति भइरहेकोछ । विशेषतः शहरका वित्तीय सहकारीको बजार खस्कँदो अवस्थामा छ । जो बिग्रेका सहकारी छन्, ती त बिग्रेर गैसके । बिग्रने चरणमा पनि बजारमा केही सहकारीहरू देखिएका छन् । बचेका सहकारीलाई पुनर्जीवन दिनुनि चुनौति देखियो । कोभिड पछिको आर्थिक मन्दीका कारण बजारमा पैसाको चल्ति कम भयो । यसबाट सहकारीका समस्या बाहिर उजागार हुँदै गयो भन्ने लाग्छ ।

मैले विभिन्न कार्यक्रमको अवसर पारेर काभ्रे र ललितपुरका सुशासनमा चलेका समुदायमा आधारित सहकारीका करिब ६ सय ३५ संस्थालाई प्रतिनिधित्व गर्ने ५१ जना नेतृत्वपंक्तिसँग १० वटा प्रश्नावली मार्फत सर्वेक्षण गरेको थिएँ । पहिलो प्रश्न थियो, बजारमा सहकारी संस्थाहरूको अवस्था देख्दा तपाईलाई कस्तो लागिरहेको छ ? यसमा क) केही पनि लागिरहेको छैन । ख) जो गल्ति गर्छ उही पर्छ । ग) त्रास लागिरहेको छ । र घ) के काममा हात हालिएछ भन्ने थियो । यसको परीक्षणमा ख) मा ७० प्रतिशतले चिनो लगाए छन् । जो गल्ति गर्छ उही पर्छ, भन्नेमा बहुमत थियो । नतिजाले जो संस्थाको सञ्चालक हो उहि जिम्मेवार हुनुपर्छ भन्ने देखायो ।

सहकारीको विद्यमान विचलित अवस्थालाई देख्दा यसको जिम्मेवार कसलाई ठान्नुहुन्छ ? यो दोस्रो प्रश्न थियो । विकल्प छनौटमा क) सहकारीका सञ्चालकहरू । ख) सहकारी विभाग । ग) यसका सदस्यहरू । यसमा ८५ प्रतिशतले (क) सहकारीका सञ्चालकरू जिम्मेवार छन् भन्नेमा चिनो लगाए । १० प्रतिशतले सहकारी विभाग भने । यसमा पनि नेतृत्व पंक्तिले नै सञ्चालकहरूलाई नै जिम्मेवार देखाए ।

भाखा नाघेको ऋण तपाईकोमा कति प्रतिशत छ ? भन्ने प्रश्नमा करिब करिब ५० प्रतिशत भन्दा माथिले ३० प्रतिशत भन्दा माथि भाखा नाघेको ऋण छ भन्ने देखाए ।

संस्थामा जगेडा कोषको अवस्था के छ,? भन्दा ७ प्रतिशतले ५ प्रतिशत भन्दा माथि छ भने । अधिकांश संस्थाले ५ प्रतिशत

सहकारीको विद्यमान विचलित अवस्थालाई देख्दा यसको जिम्मेवार कसलाई ठान्नुहुन्छ ? यो दोस्रो प्रश्न थियो । विकल्प छनौटमा क) सहकारीका सञ्चालकहरु । ख) सहकारी विभाग । ग) यसका सदस्यहरु । यसमा ८५ प्रतिशतले (क) सहकारीका सञ्चालकहरु जिम्मेवार छन् भन्नेमा चिनो लगाए ।

भन्दा तल अझ नकारात्मक अवस्था देखाए । यसले शहरी क्षेत्रका सहकारीहरूमा जोखिमको अवस्थामा छ भन्ने देखाएको छ । यसबाट सुशासनमा चलेका उपत्यकाका संस्थाहरूमा पनि समस्याको संकेत सुरू भएकोछ भन्ने देखिन्छ । अर्को एक प्रश्न थियो, जिल्ला सहकारी संघ, जिल्ला बचत सघ, केन्द्रीय संघ, प्रदेश बचत संघ यी सबैले जनताको पैसा चलाएर हिड्नु उपयुक्त हो ? विकल्प थियो क) हो ? ख) होइन ? ८५ प्रतिशतले होइन भन्नेमा चिन्ह लगाए ।

अर्को, जिल्ला भरिमा एउटा मात्रै संघ र विषयगत समन्वय समिति बनाउँदा कस्तो होला ? भन्ने प्रश्न थियो । त्यसमा ८५ प्रतिशतले यो ठीक हो भनेका छन् ।

बचत ऋण सहकारीको छुट्टै ऐन चाहिन्छ ? यो प्रश्नमा छिटो ल्याउनुपऱ्यो भन्नेमा ८५ प्रतिशतले आफ्नो राय व्यक्त गरे ।

के सहकारी संघ संस्थाहरूका सञ्चालकको योग्यता निर्धारण गर्नुपर्छ ? भन्ने प्रश्नमा क) यो अनावश्यक कुरा हो । ख) यो तुरून्तै गर्नुपऱ्यो । यसमा (ख) को तुरून्तै गर्नुपऱ्यो भन्नेमा ९० प्रतिशत भन्दा बढिले सञ्चालकको योग्यता निर्धारण गर्नुपर्छ भन्ने विचार राखे ।


बचत तथा ऋण सहकारीको कारोबार गर्ने संस्थाहरूको छाता संगठन नेफ्स्कूनलाई प्रारम्भिक अनुगमनको अधिकार प्रदान गरी जिम्मेवार बनाउँदा कस्तो होला ? भन्ने प्रश्न गर्दा क) नेफ्स्कूनले सक्दैन ख) अन्तिम उपाय यही हो । अन्तिम उपाय यही हो भन्नेमा ८० प्रतिशत भन्दा बढिले चिन्ह लगाएका छन् । यो जनभावना हो । मैले बोलेको होइन ।

बचत तथा ऋणको छुट्टै ऐनको सख्त आवश्यक छ भन्ने यसले देखाएको छ । नेपालमा बचत तथा ऋण ऐनको खाँचो भनेर मैले २०५३/०५४ तिर सानो लेख लेखेको थिएँ । जुन काभ्रे टाइम्स्ले त्यतिबेला छापेको थियो । त्यो भनेको आज २४/२५ वर्ष भइसक्यो । चाहिन्छ भन्ने त्यो बेलैमा थाहा थियो । तर संस्था बनिसकेका थिएनन् । तरपनि एकदिन यो नभइ हुँदैन भन्ने त्यतिवेलै लागेको थियो । विभिन्न ठाउँमा म भन्दै हिड्थ्ये । कसैले गाली गर्थे, महासंघका पूर्व अध्यक्ष बडालज्यूले त यो छुट्टिन खोजेको हो केलाई चाहियो ऐन भन्नुहुन्थ्यो । तर आज यसको आवश्यकता सबैले महसुस गर्नुभएको छ । निवर्तमान सचिव डा. दामोदर रेग्मीज्यूले पनि यो आवश्यक छ भन्नुभएको छ । रजिष्ट्रार नमराज घिमिरे ल्याउँनै पर्नेभए ल्याउँ भन्नुभएको छ । पूर्व सचिव गोपिनाथ मैनालीले त कतिपटक छुट्टै ऐनको आवश्यकता बारे लेखिसक्नु भएकोछ । पूर्व सचिव सुरेशमान प्रधान, पूर्व रजिष्ट्रार केशव रेग्मी लगयातले पनि क्रेडिट युनियन ऐनका बारेमा वकालत गर्नु भएकोछ । सहकारी नीति २०६९ र कार्की आयोगको प्रतिवेदनमा समेत छुट्टै ऐनको आवश्यक्ता उल्लेख गरिएकोछ । मलाई उदेक लागिरहेको छ, कहाँ के ले रोक्यो । अब यसका लागि वातावरण तयार भएको महसुस भएकोछ ।

बचत ऋण सहकारीमा छुट्टै ऐनको आवश्यकता किन ?



वित्तीय कारोबार गर्ने सहकारीलाई ठोस रूपमा आर्थिक अनुसाशनमा राख्न । यसलाई अंग्रेजीमा 'प्रोडेन्सियल स्ट्याण्डर्ड' भनिंदो रहेछ । यसले संस्थाको संस्थागत पुँजी पर्याप्त बनाउनुपर्छ । पारदर्शिता, चुस्त, दुरूस्त र प्रभावकारी अनुगमन सुपरिवेक्षण हुनुपर्छ भन्दछ । संस्था दर्ता गर्ने बेलामा संस्थागत पुँजी कति आवश्यक हुने भन्नेकुरा एकिन गरेरमात्र दर्ता गरिनु पर्छ । यहाँ सय सय रूपैयाको बचत गरेर पनि संस्था दर्ता गर्न सकिने चलन छ, यो अत्यन्तै गलत छ । सदस्यको बारेमा, पुँजीको बारेमा, बचतको अनुपातको बारेमा सोचेर शेयर सदस्यहरूले कति बचत गर्ने भन्नका लागि पनि ऐन चाहियो । अहिले भइरहेको अवस्थामा संस्थाहरू एकीकरण नगरिकन नहुने छ । अब फोर्स (बलात्) मर्ज अर्थात सरकारले तोकेको समय र तोकिएको क्षेत्रमा अनिवार्य एकीकरणमा जानुपर्ने र एकीकरणमा जान नसक्ने पारिवारीक हिसाबले सञ्चालित र कम्पनीको रूपमा सञ्चालित छन् भने आ-आफ्ना घर जग्गा बेचेर सदस्यका पैसा फिर्ता गर्ने र अवस्था हेरी खारेजी सम्म गर्नुपर्छ । यसमा अर्को उपाय छैन । यसका लागि पनि क्रेडिट युनियन ऐन चाहियो । सदस्यको एकीन वर्गिकरण गर्ने व्यवस्था अहिलेको ऐनमा छैन । सदस्यको कारोबारको, पुँजीको, सम्पत्तिको आधारमा संस्थाहरूलाई वर्गीकरण गरेर



मोनिटरिङ गर्नुपर्ने व्यवस्था गर्नुपऱ्यो । त्यसका लागि पनि यो ऐन चाहियो ।

स्थिरीकरण कोषको ठोस व्यवस्थाका लागि पनि साकोस ऐन चाहियो । स्थिरीकरण कोष सम्बन्धी अहिलेको ऐनमा भएको व्यवस्था मोही चिउरा मुछे जस्तो भएको छ । यो कता हो कता मिलेको छैन । हामीले त्यो बेला नेफ्स्कूनबाट लेखेर पठाएको त्यस्तो होइन । नाफा घाटा सम्बन्धी विभिन्न तर्क वितर्क गरेर कुल नाफाको ५ प्रतिशत भनेर राखियो त्यो नाफा जोगाउन, नाफाको लागि भनेर गरिएको होइन । संस्थाका सम्पत्तिहरू जोगाउन गरेको हुनाले सम्पत्तिकै निश्चित प्रतिशतमा हुनुपर्ने हो । कोषको सञ्चालक समिति पनि पटक्कै मिलेको छैन । रकमको श्रोत आफ्ना सदस्यहरूकै भएकोले नफेस्कून कै अध्यक्षको अध्यक्षतामा नेफ्स्कूनका प्रमुख कार्यकारी अधिकृत सदस्य सचिव रहने मौजुदा व्यवस्था कायम राखी गार्डको रूपमा रजिष्ट्रार र प्राविधिक कुरा सिकाउने राष्ट्र बैंकको प्रतिनिधि भए पुग्छ । बाँकी तीन जना अभियानकै व्यक्तिहरू सदस्यको रूपमा रहनुपर्छ किनकि यो पैसा सदस्यको हो र त्यसको अन्तिम जिम्मेवार पनि उनीहरूनै हुन् । सञ्चालन समितिमा अन्य धेरै थरि व्यक्तिहरूको आवश्यकतै छैन । यो व्यवस्थित गर्नका लागि पनि हामीलाई बचत ऋणको ऐन चाहियो । वित्तीय औजार तथा केन्द्रीय तरलताका प्राविधिक कुराहरू मिलाउन पनि साकोस ऐन चाहिएको छ ।

क्रेडिट युनियन ऐन आएर मात्रै पनि हुने होइन, ठोस अनुगमनको व्यवस्था त्यसमा हुनु जरूरी हुन्छ । प्रत्यक्ष अनुगमनको जरूरी छ । सञ्चालक समितिमा आउनको लागि सम्बन्धित क्षेत्रको ज्ञान भएको व्यक्ति आवश्यक छ । त्यसको लागि पनि ऐनमै संघ, संस्थाका सञ्चालकहरूको 'क्वालिफिकेसन' निर्धारण गर्न बाटो खुला गरेर जानुपर्नेहुन्छ । ऐनमा धेरै कुरा लेख्नु पनि पर्दैन, "तोकिएको योग्यता पुगेकाले मात्र लेखे पुग्छ । नियमावलीमा पदानुसारको संघ, संस्थाको विनियममा तोकिएको योग्यता" मात्र लेख्दा पुग्छ । शैक्षिक योग्यता, संस्थाको स्तर, सदस्य संख्या, संस्थागत पुँजी र सहकारीमा संलग्नताको अवधि एवम् सहकारी सम्बन्धी तालिम शिक्षा लिएको आदि विषयको योग्यता संघ, संस्थाको विनियममा व्यवस्था गर्ने हो ।

जस्तोसुकै व्यक्ति केन्द्रीय संघमा आउने, राजनीतिक भागबण्डाको आधारमा भित्रिइने, यो गलत कुरा हो । यसलाई निरूत्साहन गर्नको लागि पनि बचत ऋण सहकारीको छुट्टै ऐन आवश्यक भएको हो । म यसलाई क्रेडिट युनियन एक्ट नै भन्नुपर्छ भन्छु, त्यो किन भनेको भन्दा विश्व बजारमा चिनिनको लागि र विश्वबजारमा एकरूपता र समानताको लागि पनि हो । विश्व ऋण परिषद्द्वारा प्रतिपादित बचत तथा ऋण सहकारी संघ संस्था सञ्चालनका सिद्धान्तहरूको १०औं सिद्धान्तमा 'ग्लोवल भिजन' (विश्वव्यापी परिकल्पना) भनिएको छ । बचत तथा ऋण सहकारीको विश्वव्यापी पहिचान भनेको यही नै हो । त्यसका लागि क्रेडिट युनियन ऐन चाहिन्छ । हामी पृथक छैनौ ! विश्वभरका क्रेडिट युनियनहरूमा एकरूपता छ भन्न खोजेको हो । सँधै नेपालको माटो सुहाँउँदो भनेर जनता अल्मल्याउनु हुँदैन । बदलिंदो दुनियामा अब सँधै देशको माटो सुहाउँदो, देश सुहाउँदो, भाषा सुहाउँदो, जाति सुहाउँदो भनेर होइन, यो भन्दा पृथक रहेर संसारको टुल्स के हो ? संसारसँग मिल्ने के हो ? त्यसमा हाम्रा अभियन्ता र नियामकहरूलाई सम्झाउनु जरूरी छ । सँधै देश सुहाउँदो भनेर बस्ने हो भने कहिल्यै अगाडि बढिदैन ।

अर्कोकुरा क्रेडिट युनियन ऐन भित्र छुट्टै नियमनकारीको व्यवस्था 'एसटिआई' हुनुपर्छ । केन्द्रीय बैंक र सहकारी विभागको प्रतिनिधि सहित अन्य प्रतिनिधिहरू को को रहने, चार्टर एक्काउन्टेन्टहरू कतिजना राख्ने भनेर एउटा 'स्ट्रोङ' टिम बनाएर त्यही अनुसार प्रविधि निर्माण गरेर जानुपर्छ । त्यसैगरि प्रविधिमा एकरूपता पनि आवश्यक हुन्छ । सबै साकोसहरूले एकै प्रकृतिको सफ्टवेयर प्रयोग गर्नुपर्नेहुन्छ । सबै साकोस केन्द्रीय सफ्टवेअरमा लिंक हुनुपर्छ र 'लाईभ मोनिटरिङ' हुनुपर्छ । त्यसमा तत्काल कारवाहीको व्यवस्था सँगै राखेर जानुपर्छ । व्यक्तिलाई कारबाही गर्ने, संस्थालाई कारबाही गर्ने वा पऱ्यो भने संस्थानै खारेज गरेर जानसकिने व्यवस्था गर्नको लागि पनि क्रेडिट युनियन ऐन आवश्यक छ ।

क्रेडिट युनियन ऐन आएर मात्रै पनि हुने होइन, ठोस अनुगमनको व्यवस्था त्यसमा हुनु जरूरी हुन्छ । प्रत्यक्ष अनुगमनको जरूरी छ ।

केन्द्रीय संघ नेफ्स्कूनलाई जिम्मेवार बनाउने र संघलाई 'एसटिआई' ले सघन अनुगमन गर्ने व्यवस्था बनाउनुपर्छ । संघले आफ्ना प्रारम्भिक सदस्यहरूको अनुगमन गरेर 'एसटिआई' मा रिपोर्ट पेश गर्ने अधिकार सम्पन्न केन्द्रीय संघ बनाउनुपर्छ भन्नको लागि पनि क्रेडिट युनियन एक्ट चाहिएको छ । बचत संस्थाहरूको सुरक्षाको लागि ' डिपोजिट ग्यारेन्टी' को व्यवस्था पनि ऐनमा व्यवस्था गरेर जानुपऱ्यो । अहिले भइरहेको सहकारी प्रवर्द्धन कोष खारेज हुनुपर्छ । ऐनमा सहकारी प्रवर्द्धन कोष हुँदैन, त्यसको ठाउँमा 'डिपोजिट ग्यारेन्टी' को व्यवस्था हुनुपर्छ । त्यसका लागि पनि क्रेडिट युनियन ऐनको आवश्यकता छ ।

राष्ट्रवादी भावनाले ओतप्रोत भइ छातिमा वेदना छचल्किने हो भने सहकारीलाई बनाउन गाह्रो कुरा छैन । अभियानका अगुवाहरू, यसका नियमनकारी निकायहरू र अभियानका अभियन्ता हुँ भन्नेहरूको छाति धड्किनुपर्छ, रातारात काम हुनसक्छ, मैले त्यो कुरा 'फिल' गरेको छु । अब नेपालमा क्रेडिट युनियनहरूको भविष्य विश्व परिवेशसँगै समानान्तर गरेर अगाडि बढ्नुको विकल्प छैन । मैले बुझेको यहि हो । यो भन्दा पृथक परिकल्पना कसैको छ भने ल्याउनु होस् तर होस गरेर । अझै ढिलो गरे अभियान अझ धरापमा पर्न सक्छ । थप बिग्रने र सप्रनेको दोसाँधमा छ । यसका पक्षधरले मेरो संस्था, मेरो संघ, मेरो विभाग, मेरो मन्त्रालय, मेरो सरकार भनेर अब पनि सेखि गर्ने हो भने ती ती व्यक्तिहरू राष्ट्रवादि हैनन् भन्दा अतिशयोक्ति नहोला । त्यसैले अब सबै कुरा बिर्सेर ऐक्यवद्धता प्रदर्शन गरौं । यहाँ ठूलो वा सानो कोही पनि छैन, कोही एक्लै जान्ने पनि छैन । आवश्यक परे यस विषयका विश्व ज्ञातालाई आमन्त्रण गरी नेपालले सहयोग पनि लिनुपर्छ ।

हार्दिक शुभकामना

नेपालका बचत तथा ऋण सहकारीहरुको एक मात्र शीर्ष संघ
नेफ्स्कूनको गरिमामय

३६औं स्थापना दिवस

३६औं स्थापना दिवसको अवसरमा स्मारिका प्रकाशन गर्न गईरहेकोले संघको उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

बडहरा दुवौलिया आय आर्जन
बचत तथा ऋण सहकारी संस्था लि.
सरावल गा.पा.-५, बडहरा, नवलपरासी
ईमेलः bdsaving844@gmail.com

हरपुर आय आर्जन
बचत तथा ऋण सहकारी संस्था लि.
पाल्हीनन्दन, गा.पा.-२, हरपुर नवलपरासी
फोन नं. ०७८६९३३४४०, ९८१४४६६४९३
ईमेलः harpur.saving@gmail.com

जनकल्याण
बचत तथा ऋण सहकारी संस्था लि.
बर्दघाट न.पा.-९, भानुनगर, नवलपरासी
फोन नं. ०७८-४१२००५,४१२२३५
ईमेल : janakalyan2050@gmail.com

लक्ष्मी नारायण
बचत तथा ऋण सहकारी संस्था लि.
सरावल गा.पा.-१, बासाबसही, नवलपरासी
फोन नं. ०७८४१४००१
ईमेलः laxminarayansacos@gmail.com

माँ बनदेवी
बचत तथा ऋण सहकारी संस्था लि.
सुस्ता न.पा.-१, रूपौलिया, नवलपरासी
फोन नं.९८०६९६५३३१
ईमेलः mbscc.org.nawalparasi05@gmail.com

शुभेच्छा
बचत तथा ऋण सहकारी संस्था लि.
प्रतापपुर गा.पा.-७, सुर्यपुरा, नवलपरासी
फोन नं. ०७८-६९२०६६,९८५७०१३६१०
ईमेलः shubhechchhasaving@gmail.com

सहकारी ऐन, २०७४ र नियामवली, २०७५ कार्यान्वयनका अवस्था तथा सवालहरू

लेख



गोपीनाथ मैनाली

पूर्व सचिव, नेपाल सरकार

विषय प्रवेश

नेपाली समाज आपसी सहकार्यमुखी रहँदै आएको छ । औपचारिक तथा अनौपचारिक आर्थिक-सामाजिक गतिविधिमार्फत समुदायको सुखदुखमा आबद्ध हुने परम्परागत मूल्य संस्कृति नै हो । औपचारिक रूपमा सहकारी संस्था स्थापना गरी आफ्ना लागि आफै परिचालित हुने अभियान वि स २००० मा काभ्रेपलाञ्चोकका कृषकहरूको आर्थिक अवस्था सुधार गर्न बनेपामा राजदाश वादे श्रेष्ठको अगुवाइमा स्थापित ल्याण्ड मोर्टगेज बैंक तथा को-अपरेटिभ सोसाइटीबाट शुरूवात हुन पुग्यो । यो सहकारी संस्था धेरै समय क्रियाशील रहेन, २००६ जेठ १० गतेको खड्ग निशानाबाट खारेज हुनपुग्यो ।

समाजमा रहेको सहकारी भावनालाई संस्थागत रूप दिन २०१० मा योजना विकास तथा कृषि मन्त्रालय अन्तर्गत सहकारी कार्यक्षेत्रलाई समेटिएको थियो । २०१३ मा जारी पहिलो पञ्चवर्षीय योजनामा अभियानका रूपमा सहकारी संस्थाहरू स्थापना गर्ने रणनीति राखिएको थियो । यसै समय २०१३ चैत्र २० गते चितवनमा बखानसिंह गुरूङको अध्यक्षतामा बखान सहकारी संस्थाको स्थापना भयो । प्रजातान्त्रिक समाजवादको अभिष्टका साथ आर्थिक विकासको प्रक्रिया अघि बढाउने पहिलो निर्वाचित सरकारले सहकारी संस्था ऐन, २०१६ जारी गऱ्यो । विश्वेश्वरप्रसाद कोईरालाको जननिर्वाचित सरकारलाई राजा महेन्द्रले अपदस्थ गरी लोकतान्त्रिक व्यवस्था नै अपहरण गरेपछि पञ्चायती व्यवस्थाको आर्थिक दर्शन सामाजिकीकरण गर्ने उद्देश्यसाथ साझा अभियान शुरू भयो । ८३० जति साझा संस्थाहरू स्थापना भए । तर निर्देशित व्यवस्थामा निर्देशित क्रियाकलाप गर्ने यस्ता संस्थाहरूले सहकारीको वास्तविक रूप लिन पाएनन् । २०४१ मा साझा संस्था ऐन र २०४३ मा साझा संस्था नियमावली जारी गरी साझा अभियानलाई शासकीय दर्शनसँग निर्दिष्टीकरण गरिदै लगियो । लोकतन्त्रको पुर्नस्थापनापछि निर्वाचित सरकारले सहकारी ऐन, २०४८ तर्जुमा गरी सहकारी अभियानले विस्तृत भूमिका खेल्ने वातावरण निर्माण गऱ्यो । विगतका साझाहरू पनि सहकारीमा समाविष्ट भए । ऐन कार्यान्वयनको १५ वर्षमा

> २०४१ मा साझा संस्था ऐन र २०४३ मा साझा संस्था नियमावली जारी गरी साझा अभियानलाई शासकीय दर्शनसँग निर्दिष्टीकरण गरिदै लगियो । लोकतन्त्रको पुर्नस्थापनापछि निर्वाचित सरकारले सहकारी ऐन, २०४८ तर्जुमा गरी सहकारी अभियानले विस्तृत भूमिका खेल्ने वातावरण निर्माण गऱ्यो ।

सहकारीहरू जनस्तरसम्म पुगे ।

सहकारी ऐन, २०७४

सहकारी ऐन, २०४८ कार्यान्वयनको डेढ दशकमा सदस्यता विस्तार, संख्या, कार्यक्षेत्र र भौगोलिक रूपमा सहकारीहरू विस्तार भै केही समस्याहरू पनि देखिन शुरू भएको थियो । अभियानले विस्तारको चरण पूरा गरेपछि त्यसपछिको चरण गुणात्मक हो, त्यसका लागि सहकारी शिक्षा र नियमनको व्यापक आवश्यकता देखिएको थियो । नेपालको संविधान, २०७२ जारी हुँदा सहकारीलाई संवैधानिक भावना कार्यान्वयन गर्ने एउटा माध्यमका रूपमा लिइयो । शासकीय प्रणालीको पुनर्संरचनासाथ आर्थिक संरचना पनि पुनर्संरचना गरी आर्थिक गतिविधि बढाउन आवश्यक थियो भने परम्परागत तहसोपानीय सामाजिक अवस्थालाई समतामूलक बनाउन र साँस्कृतिक समावेशिता ल्याउन पनि सहकारी माध्य बन्न सक्दथे । अर्कोतर्फ सहकारी विस्तारका क्रममा देखिएका विसङ्गति निकारकरण गर्न पनि आवश्यक थियो । जसका लागि नेपाल सरकारले २०७१ मा सहकारी समस्या समाधानका लागि पूर्व न्यायाधिश गौरीबहादुर कार्कीको संयोजकत्वमा सहकारी जाँचबुझ आयोग गठन गरेको थियो । यसर्थ संविधानको भावना कार्यान्वयन गर्न र सहकारीमा देखिएका समस्या समाधान गर्न सहकारी ऐन २०७४ तर्जुमा गरी कार्यान्वयनमा ल्यायो ।

नयाँ ऐनका मुख्य प्रावधानहरु र कार्यान्वयन अवस्था

व्यवस्थापिका संसदबाट पारित भै २०७४ कार्तिक १ मा सम्माननीय राष्ट्रपतिबाट प्रमाणीकरणपछि कार्यान्वयनमा आएको ऐनका केही नयाँ प्रावधानहरू छन्, जसले सहकारी सिद्धान्त र मूल्यअनुरूप सहकारीलाई समुदायको हित र अर्थतन्त्रको सामाजिकीकरण गर्नमा सघाउ पुऱ्याउँदछ । ऐन विस्तृतता, न्याय, तर्कसङ्गतता, सान्दर्भिकता र परिवर्तनको सिद्धान्तमा निर्मित छ । साथै यो संविधानको धारा ५७ का अनुसूचीले शासकीय तहहरूलाई कार्यक्षेत्र विभाजन गरे अनुरूप सहकारी क्षेत्रको मार्गदर्शक सारभूत कानून पनि हो ।

यसले सहकारी शव्दावलीको विस्तृत परिभाषा र व्याख्या गरेको छ । सहकारी मूल्य, सहकारी सिद्धान्त, सहकारी व्यवसाय, सहकारी संस्था, संघ, संस्था, समिति, सभा, सञ्चालक समिति, परिवार, मुख्य कारोबार, कसुर आदि २५ (दफा २) गरेकोले सहकारीको बुझाइलाई अन्य कानूनसँग सामान्जस्यता ल्याएको छ । तर परिभाषा पूर्ण रूपमा कार्यान्वयनमा आएको छैन । सहकारी सञ्चालकहरूले कानूनलाई बाध्यात्मक मनोविज्ञानमा लिएका छन्, कतिपय प्रावधनहरू सहजताका आधारमा लिइएको छ न कि वास्तविकतामा ।

विषयको परिभाषा व्याख्या र सरल र

ऐनले सहकारी संस्था दर्ताको मानदण्ड निर्धारण गरेको छ । यसअघि २५ जना नेपाली नागरिक आवेदक भएर संस्था दर्ता हुनसक्थे भने अव श्रमिक, कालिगढ जस्ता सहकारीका लागि पन्ध्रजनाबाट नै संस्था दर्ता हुनसक्छ । महा/उपमहानगरपालिकामा बचत तथा ऋण कारोबार गर्ने संस्थाका हकमा सयजना र अन्य क्षेत्र र विषयसँग सम्वद्ध सहकारीका हकमा तीसजना सदस्य भएको सहकारी दर्ता गर्न सकिने वर्गिकृत व्यवस्था गरिएको छ । त्यस्तै बचत तथा ऋण सहकारी संस्थाको मानदण्ड तोक्ने व्यवस्था ऐनमा नै गरिएको छ । यसबाट सहकारी संस्थाहरू स्थापना गर्न थप सहज हुनुका साथै गुणात्मकता प्रवर्द्धनमा पनि सघाउ पुग्ने देखिन्छ । यो प्रावधानको आंशिक कार्यान्वयन छ ।

ऐनले व्यवस्था गरेको एउटा प्रावधान विशिष्टीकृत सहकारी संघको गठन हुनसक्ने व्यवस्था पनि हो । कम्तीमा पच्चिस समान कार्यआधार भएका सहकारीहरू मिलेर विशिष्टीकृत सहकारी संघ गठन गर्नसक्ने व्यवस्थाले सहकारीको इकोनोमी अफ स्केल र व्यवसयिकता प्रवर्द्धन गरी यसको सेवालाई राष्ट्रिय/अन्तर्राष्ट्रिय क्षेत्रमा ब्राण्डिङ गर्ने अवसरको ढोका खोलेको छ । सहकारी भनेको सानो क्षेत्र र कार्यमा सीमित हुने व्यवसाय नभै यसले मुलुकको आर्थिक विकासमा ठूलो


योगदान गर्नसक्छ भन्ने दृष्टिकोणका साथ विशिष्टीकृत सहकारी संघको प्रावधान आएको छ । जस्तो कि ऊर्जा, जलविद्युत, रासायनिक मल, दुग्ध व्यवसाय, बन तथा कृषि पैदावारका क्षेत्रमा सम्बन्धित सहकारी संस्थाहरू मिलरे विशिष्टीकृत संघ बनाउँदा उत्पादन, सेवा, बजार र वितरण विस्तार हुन गै व्यवसायिकता र प्रविधि पनि विस्तार हुनजान्छ । यस्ता विशिष्टीकृत संस्थाको विकासले अर्थतन्त्रको सामाजिक आधार खडा हुनजान्छ र अन्ततः संविधानले कल्पना गरेको आर्थिक समाजवाद स्थापना सम्भव हुन्छ । कतिपय मुलुकमा यस प्रकारको विशेषज्ञताको अभ्यास पनि भएको पाइन्छ । सहकारी आन्दोलनलाई थप व्यवसायिक र नवप्रवर्तनमुखी बनाउन विशिष्टीकरण एउटा माध्यम हो । विशिष्टीकृत सहकारी ऐनको प्रावधान अनुसार खुलेका छैनन् । यसतर्फ अभियानको थप सक्रियता चाहिने देखिएको छ ।

ऐनले संस्थाको कार्यक्षेत्र निर्धारणका प्रावधन राखेको छ । यसरी कार्यक्षेत्र निर्धारण हुँदा सहकारीहरूलाई भौगोलिक सीमामामात्र विस्तार नभै कार्यमूलक, व्यवसायिक र सहकारीका मान्य सिद्धान्त अनुसार क्रियाशील हुन सघाउ पुग्दछ । ऐन अनुसार दर्ता हुँदाका समयमा बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्था भए महा/उपमहानगरपालिकामा कारोबार गर्ने भए एक वडा, अन्यत्र भए एक स्थानीय तहसम्म र सेवा शुरू गरेको दुईवर्षपछि कार्यक्षेत्र विस्तार गर्न सकिने, यसअघि स्थापना भएका संस्था भए निर्धारित समयावधिभित्र कार्यक्षेत्र निर्धारण गर्नुपर्ने प्रावधान छ । त्यस्तै एक स्थानीय तहमा एकै प्रकृतिका एकभन्दा बढी संस्थाको सदस्य बन्न नपाउने र बनेको भए तीनवर्षभित्र एउटा संस्थाको मात्र सदस्य कायम हुने अवसर दिएको छ । यस व्यवस्थाले सहकारी आन्दोलनलाई स्वच्छ र मार्यादित बनाउन सघाउँछ । तर कार्य क्षेत्र सम्बन्धी प्रावधान कार्यान्वयन मात्र नभएका होइनन्, विपरीत कार्यान्वयन पनि गएका छन् । मुख्य कारोबार, कार्यक्षेत्र र सदस्यता प्रावधानप्रति सहकारी अभियानको रिजर्भेसन देखिएको छ । यी प्रावधान कार्यान्वयनमा नआउँदा अरू प्रावधान पनि किन कार्यान्वयन गर्नु पऱ्यो भन्ने प्रदर्शन प्रभाव परिपालनमा रहेका संस्थाहरूमा पनि विस्तार भएको छ ।

सावि‍क ऐनमा एकै व्यक्ति सञ्चालक र कर्मचारी बन्न पाउने वा नपाउने विषयमा स्पष्टता थिएन । एकै व्यक्ति सञ्चालक र कर्मचारीको दोहोरो भूमिकामा रहँदा सहकारी स्वार्थको द्वन्द हुन गै सहकारी सुशासन कायम हुन असजिलो स्थिति आउनसक्ने पनि देखिन्छ । सहकारी ऐन, २०७४ ले संस्थाको कर्मचारी र सञ्चालक एकै व्यक्ति बन्न नपाउने, दोहोरो भूमिकामा भए एकवर्षभित्र कर्मचारीको भूमिकाबाट अलग हुनुपर्ने र एकभन्दा बढी संस्थाको सञ्चालक पनि बन्न नपाउने व्यवस्था गरेको छ । तर वार्षिक दुई करोड रूपैयाभन्दा बढी कारोबार भएका ठूला संस्थामा भने सञ्चालक र कर्मचारीको दोहोरो भूमिकालाई ऐनले स्वीकारेको छ । यो प्रावधान कार्यान्वयन प्रभावकारी छैन । एक वर्षमा संयोजित भैसक्नुपर्ने प्रावधान सदस्यहरूबाट कार्यान्वयनमा छैन, नियामक निकायबाट नियमन भएको छैन भने विषयगत संघहरूबाट यसमा सहजीकरण पनि भएको छैन ।

मूल्य, मान्यता र सिद्धान्त अनुसार स्थापित भएका संस्था नै सहकारी हुन् । नाम एक र काम अर्कोप्रकृतिको भएमा संस्थाहरू सहकारी भावना र व्यावसाकियताबाट यिनीहरू विषयान्तर हुन पनि सक्छन् । त्यसैले कार्यान्वयनमा आएको ऐनले मुख्य कारोबारको परिभाषा गरेको छ । त्यस्तै बचत रकम सदस्यबीचमात्र लगानी गर्न पाउने र यसबाहेक सरकारी ऋणपत्रमा मात्र लगानी गर्न पाउने व्यवस्था गरिएको छ । यसबाट संस्थाको बचत परिचालन र सदस्यको हित प्रवर्द्धनमा सहजता आउने देखिन्छ । तर संस्थाहरू आफ्नै सङ्कल्प अनुरूप व्यवसायको सीमाभित्र छैनन् । त्यसो हुँदा कारवाही पनि भएको छैन ।

सहकारी संस्थाहरूले बचत तथा ऋण परिचालन गर्दा निश्चित प्रतिशतभन्दा फरक ब्याज लिन पाउँदैनन् । तर के कति ब्याज कसरी तोक्ने भन्ने विषयमा पनि दक्षता प्रणालीभित्र भित्रिनसकेको हुनसक्छ । संस्थाहरूले लिने ब्याजदर निर्धारणका लागि सन्दर्भ ब्याजदर तोक्ने व्यवस्था नयाँ ऐनको एउटा सुन्दर



पक्ष हो । यस व्यवस्थाले संस्थाहरूमा देखिनसक्ने विसङ्गति हट्न गई संस्थाहरूले वित्तीय दिगोपनामा उल्लेख्य भूमिका खेल्न सक्छन् भने समाजको विश्वास पनि जित्न सक्छन् । हाल पनि कतिपय सहकारीहरूले उच्च ब्याजदरमा कारोबार गरिरहेको गुनासोहरू आएको सन्दर्भमा सन्दर्भ ब्याजदर तोक्ने व्यवस्थाले ब्याजदरमा एकरूपता तथा अनुशासन पनि भित्रिने विश्वास गर्न सकिन्छ । सहकारी सञ्चालक र संघहरूले सन्दर्भ ब्याजदरको प्रावधानलाई आत्मिक सम्मति दिएका छैनन् । साथै सहकारीले बचत रकम (क) सदस्यबीच ऋणमा लगानी गर्न पाउने, (ख) नेपाल राष्ट्र बैंकले जारी गरेको ट्रेजरी बीलमा लगानी गर्न पाउने र (ग) सरकारले जारी गरेका ऋणपत्रमा लागनी गर्न पाउने व्यवास्था गरेको छ । यो व्यवस्था लगायत सदस्य केन्द्रीयताका सैद्धान्तिक प्रावधानहरू कार्यान्वयनमा नआएकाले संस्थाहरू जोखिममा परेका छन् ।

ऐनले समस्याग्रस्त सहकारी संस्था व्यवस्थापनको प्रावधान राखेको छ । विगतको व्यवस्थामा संस्था विघटन र लिक्वीडेशनको मात्र व्यवस्था थियो । तर अहिले सदस्यको हितविपरीत काम गर्ने वा पूरा गर्नुपर्ने दायित्व पूरा नगर्ने, कानून विपरीतका कार्य गर्ने जस्ता आधार र प्रक्रियामा समस्याग्रस्त सहकारीको घोषणा गर्ने त्यसको व्यवस्थापन, दायित्व फरफारक गर्ने कामका लागि शक्तिशाली व्यवस्थापन समिति गठन गर्ने नयाँ व्यवस्था गरिएको छ । यसबाट समस्यामा परेका सहकारीका सदस्य र सम्वद्ध सरोकारवालाको हितरक्षा हुनुका साथै समस्याग्रस्त संस्थाले पनि निकास पाउने हुन्छ । सहकारीको व्यवस्थापनमा सुशासन नहुँदा अहिले पनि केही संस्थाहरू आलोचित छन्, यी संस्थासम्वद्ध सदस्यको बचत डुवेको छ, कतिपय सदस्यहरू पीडाकै कारण मृत्यु भैसकेको छ । थोरै संस्थाभित्र देखिएको अनियमितता र अनुशासनहीन क्रियाकलापले राम्रा काम गर्ने धेरै संस्थाको छविमा समेत आँच आउने स्थिति छ । त्यसैले यस प्रकारको व्यवस्थापन समितिको व्यवस्थाले राम्रो काम गर्ने सहकारी संस्थालाई सकारात्मक प्रदर्शन प्रभाव पर्नेछ भने समस्याग्रस्त संस्थाको व्यवस्थापन सहज हुने स्पष्ट छ । समितिले प्रभावकारी काम गरेर समस्याग्रस्त संस्थाको व्यवस्थापन सुधार र सदस्यहित रक्षा गर्न सकेको छैन । सम्मानित अदालतको आदेशले पनि समितिको कार्यप्रणालीलाई साँघुऱ्यायो भने पीडित सदस्यहरूको नियामक संस्था र समितिप्रति आश्वस्त नभई प्रहरी प्रशासनमा जाने प्रवृत्ति बढेको छ ।

ऐनमा सहकारी संस्थाहरूको विकास तथा प्रवर्द्धनका लागि कर लगायत विभिन्न सहुलियत, छुट र सुविधाको व्यवस्था छ । साविकमा छुट भएका रजिष्ट्रेशन दस्तुर, निकासी कर, भन्सार महशुलका अतिरिक्त सहकारी प्रवर्द्धनका लागि व्यवस्था गरिएका कोषहरूमा छुट्याइने रकममा कर नलाग्ने व्यवस्था छ । तर बचत तथा ऋण कारोबार गर्ने संस्थालाई भने कर लाग्दछ । यो प्रावधान कार्यान्वयनमा छ ।

> सहकारीको व्यवस्थापनमा सुशासन नहुँदा अहिले पनि केही संस्थाहरू आलोचित छन्, यी संस्थासम्वद्ध सदस्यको बचत डुबेको छ, कतिपय सदस्यहरू पीडाकै कारण मृत्यु भैसकेको छ । थोरै संस्थाभित्र देखिएको अनियमितता र अनुशासनहीन क्रियाकलापले राम्रा काम गर्ने धेरै संस्थाको छविमा समेत आँच आउने स्थिति छ ।

सहकारी संस्था संरक्षण तथा प्रवर्द्धनका जगेडा कोष, संरक्षित पूँजी फिर्ता कोष र सहकारी प्रवर्द्धन कोष लगायतका कोषहरूको व्यवस्था गरिएको छ । सहकारी प्रवर्द्धन कोष सहकारीको प्रवर्द्धन, शिक्षा, क्षमता विकास लगायतका विषयमा मन्त्रालय र सहकारी संघहरूबीच सहकार्य गर्ने थप आधार दिएको छ । स्थिरीकरण कोषको व्यवस्थाले संस्थाहरू वित्तीय रूपमा संकटापन्न हुनु अघिनै त्यस्ता संस्थालाई सञ्जिवनी दिन सक्नेछ । यो कोष कार्यान्वयनले पूर्णता पाएको छैन । त्यस्तै कर्जा सूचना केन्द्र तथा कर्जा सुरक्षणको प्रावधान पनि कार्यान्वयनमा आएका छैनन् ।

सहकारी संस्थाहरूको सुशासनमा पनि ऐनले महत्वपूर्ण प्रावधानहरू राखेको छ । (क) निरीक्षण, नियमन र अनुगमन, (ख) सहकारी शिक्षा (संस्था, विद्यालय, शैक्षिक प्रतिष्ठान, समुदाय आदिमा), (ग) प्रतिवेदन, (घ) आन्तरिक कार्यविधि, (ङ) अभिलेख, लेखा परीक्षण, (च) दण्ड जरिवाना, (छ) नियामक मानदण्ड तथा कार्यविधि जारी गर्न सकिने, (ज) नेतृत्व तहमा ३३ प्रतिशत महिला सहभागिता, (झ) लगानी सीमा, लाभांश वितरण सीमा निर्धारण र (ञ) सामाजिक परीक्षण आदि सहारीको सुशासनका लागि महत्वपूर्ण हुन् तर यी प्रावधानमध्ये धेरैले आशय अनुरूप कार्यरूप पाएक छैनन् ।

सहकारी संस्था आफैमा समावेशिताको उदाहरण हो, तर पनि लैङ्गिक रूपमा पछि परेको महिलाहरूको सहभागिता बढाउन संस्थामा कम्तीमा ३३ प्रतिशत महिला हुनुपर्ने व्यवस्था गरिएको छ । यसबाट महिलाहरूलाई आर्थिक र सामाजिकरूपमा थप सक्षम बनाई समाजमा विद्यमान लैङ्गिक दूरी घटाउन सहयोग पुग्दछ ।

मुलुकमा संघीय संरचना क्रियाशील भएपश्चात संविधानको धारा ५७ अनुसार सहकारी तीनै तहका सरकारको शासकीय कार्यक्षेत्रमा रहेकोले यसको दर्ता, प्रशासन, प्रवर्द्धन तथा नियमनका काम पनि तीनै तहमा बाँडिएको छ । तदनुरूप ऐनले विभिन्न कार्यको विभाजन गरेको छ । नेपालको सन्दर्भमा सहकारीले धेरै प्राथमिकता पाएको छैन, सहकारी शिक्षा र जागरण पनि स्थानीय स्तरमा संस्थागत भैसकेको छैन । संवैधानिक दायित्व पूरा गर्न ऐनले राखेको प्रावधानहरू आफै कार्यान्वयन पनि हुने होइन । यसका लागि स्थानीय स्तरमा सहकारी शिक्षा, स्वस्फूर्त जागरण आवश्यक छ भने विशेषतः स्थानीय सरकार र सहकारी संघ एवं महासंघको भूमिका पनि महत्वपूर्ण हुन आउछ । सम्भावनाका हिसाबले कृषि र भौगोलिक हिसाबमा दुर्गम एवम् ग्रामीण इलाकामा यसको सम्भावना छ, आवश्यकता पनि त्यही छ । गरिबी गाऊँ र दुर्गम क्षेत्रमा बढी छ, सहकारी गरिबी घटाउने अभियान हो । तर शहर बजारमा सहकारीको विस्तार भएपनि ती स्थानमा अपेक्षित रूपमा सहकारीले कार्यक्षेत्र विस्तार

गर्न सकेका छैनन् । कतिपय सन्दर्भमा सहकारी विशुद्ध बचत र ऋणको कारोबार गर्ने वित्तीय मध्यस्थतकर्ता मात्र हो कि भन्ने सन्देश पनि गएको छ । यस सन्दर्भमा कृषि (उत्पादक र सेवा सहकारी), आवास, यातायात, विद्युत, सामाजिक सुरक्षा र बीमा सहकारीतर्फ अवको यात्रा विस्तार हुनु सान्दर्भिक देखिन्छ । जसका लागि राष्ट्रिय सहकारी महासंघ, संघहरू, राष्ट्रिय सहकारी विकास बोर्ड लगायत सम्बद्ध पक्षबाट सरकारको प्रयासलाई एककदम अघि बढेर साथ दिनु आवश्यक छ । साथै सहकारीको विशिष्टीकरण र एकीकरणतर्फ पनि सहकारी आन्दोलनले ध्यान दिनु आवश्यक छ । किनकी सरकार र निजी क्षेत्रको स्पेस पूरा गर्न सामाजिक व्यवसायको मर्मअनुरूप सहकारी परिचालित हुने हो । नेपालमा व्याप्त गरिबी, सामाजिक पदसोपान, सामाजिक बञ्चितीकरण र स्थानीय साधनको न्यून उपयोगको समस्या समाधान गर्ने एकल माध्यम सहकारी हुनसक्छ ।

सहकारी नियमावली, २०७५

सहकारी ऐनमा तोकिएबमोजिम हुने उल्लेख भएका प्रावधानहरू अधिनस्थ विधायिनी शक्तिमार्फत सरकारले नियामावली बनाएर कार्यान्वयनमा पूर्णता दिन सहकारी नियमाली, २०७५ जारी गरेको छ । ऐन र नियमावली कार्यान्वयनलाई छुट्टाछुट्टै भन्दा पनि एकै आँखामा हेर्नुपर्ने हुन्छ । यस सन्दर्भमा नियमावलीका प्रावधान, त्यसको अपेक्षित आशय र वर्तमान अवस्थाका विषयमा तलको तालिकामा उल्लेख गरिन्छ ।

प्रमुख व्यवस्था	अपेक्षा तथा अवसर	अवस्था
नियम ४: विशिष्टीकृत सहकारी संघ गठन र सञ्चालनलाई आधार प्रदान ।	सहकारीमार्फत ठूला व्यवसायिक आयोजना सञ्चालन हुने ।	आशय अनुसार प्रावधान क्रियाशील छैन ।
नियम ७ : बचत तथा ऋण सहकारी संस्थाको दर्तालाई जनसंख्याको अनुपातका आधारमा सीमित गर्ने व्यवस्था ।	आवश्यकताको आधारमा मात्र संस्था गठन हुने, अस्वस्थ प्रतिस्पर्धा, सदस्य र सञ्चालकमा दोहोरोपनाको अन्त्य हुने ।	प्रावधान कार्यान्वयनमा सहकारी अभियानले सम्मति दिएको छैन, नियामकले कार्यान्वयन गराउन सकेको छैन ।
नियम ७ र ३९ : एकीकरणलाई प्रोत्साहन (जनसंख्याको अनुपात सापेक्ष नभई बढी रहेका संस्थाहरू ३ वर्षभित्र एकीकरण गर्नुपर्ने) ।	पर्याप्त पुँजी, धेरै सदस्य र फराकिलो कार्यक्षेत्र भएका संस्था निर्माण भई सहकारीको गुणात्मक विकास हुने ।	केही कार्यान्वयन भएको छ । समयसीमामा भने कार्यसम्पन्न भएको छैन ।
नियम ९ को उपनियम (२) : कायम गरिने कार्यक्षेत्रका आधारमा तीनवटै तहका सरकारका कानून बमोजिम सम्बन्धित सरकारी निकायबाट संस्था दर्ताको व्यवस्था ।	संघीयताको कार्यान्वयनलाई बल पुग्ने एवम् सानो कार्यक्षेत्रमा स्थानीयस्तरमा संस्था गठनको प्रक्रिया सुदृढ हुने ।	कार्यान्वयनमा रहेको ।
नियम १० : विद्यमान कार्यक्षेत्र सीमितीकरणका आधार प्रदान (भिकिने कार्यक्षेत्रभरिको गरी जम्मा सदस्य संख्याको १५ प्रतिशतभन्दा कम सदस्य संख्या भएको तथा पाँच करोड रूपियाँ वा जम्मा कारोबारको १५ प्रतिशतमा जुन घटी हुन्छ सोभन्दा कम व्यवसायिक सेवा सञ्चालन भएको कार्यक्षेत्र भिकिने) ।	न्यून सदस्य र सीमित कारोबार भएको कार्यक्षेत्र घट्दा संस्थामा सदस्यको लोकतान्त्रिक नियन्त्रण सुदृढ हुन जाने ।	कार्यान्वयनमा चाख र तदारूकता छैन ।
नियम ११ : विषयगत आधारमा उत्पादक, उपभोक्ता, वित्तीय, श्रमिक र बहुउद्देश्यीय गरी ५ प्रकारले सहकारी संघसंस्थाको वर्गीकरण ।	विषयगत संघसंस्थाहरूको वर्गीकरणबाट एकरूपता कायम हुने, सहकारी सुशासन, व्याख्या विश्लेषण र नीति निर्माणका लागि सहयोग हुने ।	कार्यान्वयनको सैद्धातिक रूप छ तर व्यवहारमा त्यसो देखिदैन ।
नियम १२ : दर्ता हुँदाका बखतको विषय परिवर्तन सम्बन्धी व्यवस्था ।	सदस्यहरूको आवश्यकता र मुख्य कारोबारको आधारमा विषय कायम हुन जाँदा उद्देश्य बमोजिम कार्य गर्ने परिपाटी संस्थागत हुने ।	यो प्रवधान संस्थागत भएको छैन । सहकारी अभियान र संघहरूको जागरूकता चाहिने अवस्था छ ।
नियम १४ : सहकारी संघसंस्थाले गर्ने उत्पादनको उत्पत्तिको प्रमाणपत्र जारी गर्ने आधार र प्रक्रिया तोकिएको ।	सहकारीको उत्पादन प्रवर्द्धन एवम् बजारीकरण हुने । सहकारीको गुणात्मक विकासमा सहयोग पुग्ने ।	प्रावधान कार्यान्वयनमा आएको छैन ।
नियम २३ : सन्दर्भ ब्याजदर निर्धारणको लागि आधार उपलब्ध ।	बजारको अवस्था र अध्ययनका आधारमा ब्याजदर निर्धारण हुँदा सदस्य हित प्रवर्द्धन एवं ब्याजदरमा एकरूपता कायम हुने । जोखिम घट्ने, विश्वास बढ्ने ।	असहजतासाथ कार्यान्वयनमा छ ।

नियम २५ : संरक्षित पुँजी फिर्ता कोषबाट रकम वितरणको व्यवस्थामा स्पष्टता ।	सहकारीको मर्मबमोजिम संरक्षित पुँजी वितरणको प्रवन्ध भई सदस्यले नियमित संस्थामा कारोबार गर्ने अवस्था निर्माण हुने, लाभांशको अपेक्षामा कमी आउने ।	आंशिक कार्यान्वयनमा छ ।
नियम २६ : सहकारी प्रवर्द्धन कोष स्थापना र सञ्चालनको आधार निर्माण ।	सहकारी विकासका लागि कोषको व्यवस्था, संघहरूलाई सरकारले विभिन्न किसिमका कार्यक्रमका लागि अनुदान दिन नपर्ने अवस्था बन्ने ।	कार्यान्वयनमा आएको छैन ।
नियम २७ : सहकारी संघसंस्थामा कुन कुन कोष रहने भन्ने सम्बन्धमा किटानी व्यवस्था (ऐनमा उल्लेख बाहेक थप ८ कोषको व्यवस्था)	एकरूपता कायम भई एकीकृत तथ्याङ्क आधार सिर्जनामा समेत सहयोग पुग्ने । सहकारी प्रवर्द्धनमा सहयोग पुग्ने ।	सीमित कार्यान्वयन ।
नियम ३६ : लिलाम प्रक्रियाबाट संस्थाको नाममा आएको जेथा ६ महिनाभित्र सम्बन्धित धनीले फिर्ता लिन चाहेमा दिनुपर्ने व्यवस्था ।	सदस्यहरू घरबारविहीन बन्ने अवस्थाको अन्त्य हुने । सदस्यहित विस्तार हुने ।	कार्यान्वयन हुनुपर्ने ।
नियम ३७ : विशिष्टिकृत सहकारी संघको ढाँचामा कर्जा सूचना केन्द्र स्थापनाको व्यवस्था	कर्जा प्रक्रियामा सहजता आउने र कर्जामा गुणस्तरीयता कायम हुने । सहकारी जोखिम कम हुने ।	कार्यान्वयनमा आएको छैन ।
नियम ३८ : कर्जा सूचना केन्द्रले सहकारीबाट ऋण लिई अपचलन गर्ने वा फिर्ता नगर्ने व्यक्तिहरूको नामनामेसी सहितको कालोसूची प्रकाशन गर्ने व्यवस्था ।	सहकारीको रकम अपचलन गर्ने वा ऋण नतिर्ने परिपाटीमा कमी आउने । सहकारी सुशासनमा सहयोग पुग्ने ।	केन्द्र नै स्थावना नभएकोले त्यसभन्दा पछिको अवस्थामा काम हुने भएन ।
नियम ४२ देखि ५८ : कर्जा असुली न्यायाधीकरणको गठन, कार्यक्षेत्र र अन्य व्यवस्था	सहकारीबाट प्रवाह हुने कर्जा असुलीको सुनिश्चितता हुने ।	गठन भएको छैन ।
नियम ६४ देखि ६९ : विशिष्टिकृत सहकारी संघको ढाँचामा सहकारी बचत तथा कर्जा सुरक्षण कोषको गठन, बचत सुरक्षण र अन्य व्यवस्था	बचत सुरक्षणको व्यवस्थाले मूलतः सानो कारोबार गर्ने सदस्यहरूको हित प्रबर्द्धन हुने ।	स्थापना र क्रियाशीलताको पखाइ ।
नियम ७० : आपसी सुरक्षण सेवा सञ्चालन गर्ने संस्थाको मापदण्ड निर्धारित	सुरक्षण सेवा सञ्चालनमा सहजता आउने ।	कार्यान्वयनमा आएन ।
नियम ७१ : ५० करोड बढीको बचत ऋणको कारोबार भएका संस्थाको नेपाल राष्ट्र बैंकबाट निरीक्षण हुने व्यवस्था ।	ठूलो कारोबार हुने सहकारी संस्थामा वित्तीय अनुशासन कायम हुने ।	कार्यान्वयन भएन ।
नियम ७२ : बचत तथा ऋणको मुख्य कारोबार गर्ने र निश्चित रकमभन्दा बढीको बचत दायित्व भएका सहकारी संस्थाको स्थानीय र प्रदेश नियामक निकाय, सहकारी विभाग र नेपाल राष्ट्र बैंकले संयुक्त रूपमा तथा ५० करोडभन्दा बढी कारोबार भएका संस्थाको विभाग तथा नेपाल राष्ट्र बैंकले सघन अनुगमन गर्ने व्यवस्था ।	सहकारीमा वित्तीय अनुशासन कायम हुने ।	कार्यान्व्यन छैन ।
नियम ७२ : बचत तथा ऋणको मुख्य कारोबार गर्ने र ५ करोड बढी बचत दायित्व भएका संस्थाले नियमावली प्रारम्भ भएको एक वर्षभित्र र सोभन्दा घटी बचत दायित्व भएका संस्थाले तीन वर्षभित्र एकीकृत व्यवस्थापन सूचना प्रणालीमा आबद्ध हुनुपर्ने ।	कोपोमिसको पूर्ण कार्यान्वयन भई एकीकृत तथ्याँक आधार सिर्जना हुने एवं उपयुक्त नीतिगत व्यवस्था गर्न सजिलो पर्ने ।	कार्यान्वयन भएन ।
नियम ७४ : स्थिरीकरण कोष सम्बन्धी व्यवस्थामा स्पष्टता ।	स्थिरीकरण कोष स्थापना र सञ्चालन मार्फत समस्यामा पर्नसक्ने संस्थाको बचाउ गर्ने वातावरण निर्माण हुने	स्थापना र क्रियाशीलतको पर्खाइ ।

नियम ७७ : साझा सहकारी संस्थाको सञ्चालक समितिमा प्रतिनिधित्व सम्बन्धी किटानी, वार्षिक साधारणसभा नगरेको भए नियमावली जारी भएको ३ महिनाभित्र गरी सञ्चालक समिति र लेखा समिति निर्वाचन गर्नुपर्ने, सरकारी निकायलाई आवश्यक पर्ने मालसामान र सेवा साझा सहकारी संस्थाले उपलब्ध गराउने भए तिनलाई प्राथमिकता दिनुपर्ने व्यवस्था	सञ्चालक समितिमा सरकारतर्फका पदाधिकारीको बाहुल्यताले सरकारी सम्पत्तिको दुरूपयोग रोकिने, साधारणसभा नगरी लामो समय पद ओगटेर बस्ने प्रवृत्ति अन्त्य हुने र व्यवसाय प्रबर्द्धनमा टेवा मिल्ने । संस्थागत सुशासन कायम हुने ।	केही कार्यान्वयन ।
नियम ७९ : सहकारी संस्था वा निकायको लागि पाठ्यक्रम निर्धारण तथा त्यस्ता संस्थाको प्रमाणीकरण गर्न मन्त्रालयका सचिवको अध्यक्षतामा प्रमाणीकरण समिति रहने व्यवस्था ।	उपयुक्त शैक्षिक क्रियाकलाप प्रवर्द्धन मार्फत सहकारीको गुणात्मक विकासमा बल पुग्ने ।	प्रयास शुरू ।
नियम ८० : अन्तर सहकारी कारोबारमा संलग्न सहकारी संस्थाहरूले आफ्ना सदस्यहरूबाट उत्पादित उपज कुनै एक संस्थामार्फत संकलन, प्रशोधन एवं बजारीकरण गर्ने व्यवस्था मिलाउने गरी एकीकृत योजना सञ्चालन गर्न सक्ने व्यवस्था ।	सहकारी मार्फत उत्पादन अभिवृद्धि हुने ।	खासै कार्यान्वयन छैन ।
नियम ८१ : सहकारी संस्थाको दर्ता तथा नियमन सम्बन्धी कार्यमा प्रत्यक्ष रूपमा संलग्न निर्वाचित वा मनोनयन हुने सार्वजनिक पदमा बहाल रहेको पदाधिकारी वा तीन तहकै सरकारको निकाय वा कार्यालमा कार्यरत कर्मचारी सहकारी संस्थाको सञ्चालक तथा लेखा सुपरिवेक्षण समितिमा रहन नसक्ने र रहिरहेको भए नियमावली जारी भएको ६ महिनाभित्र अलग हुनुपर्ने व्यवस्था ।	नियामक निकायका पदाधिकारी र कर्मचारी संस्थाको पदाधिकारी नहुँदा नियमन प्रभावकारी भई सहकारीमा सुशासन कायम हुने ।	कार्यान्वनमा आएन ।
नियम ७६: रजिष्ट्रारको काम, कर्त्तव्य र अधिकार ।	सहकारी नियमन, प्रवर्द्धन र प्रतिवेदन लगायतका विषयमा राजिष्ट्राका काम कर्त्तव्य र अधिकार स्पष्ट पारेकोले द्विविधाको अन्त्य हुने ।	निस्क्रियता । व्यावसाकियता र संस्थात्मक सम्झनाको कमजोरी ।
नियम ८४ : निश्चित आधार तय गरी सहकारी संस्था, निकाय वा व्यक्तिलाई मन्त्रालयले सम्मान वा पुरस्कृत गर्न सक्ने व्यवस्था ।	सहकारीमार्फत सदस्यको हित, सामुदायिक विकास र राष्ट्र निर्माणमै टेवा पुग्ने कार्यमा खट्न सबैलाई उत्प्रेरित गर्ने ।	शुरूवात तर पछि अवरूद्ध ।
विभिन्न १३ अनुसूचीहरूको व्यवस्था ।	सहकारी दर्ता, सम्भाव्यता अध्ययन, आवेदक विवरण, व्यवसायिक योजना, भर्पाइ, स्व-घोषणाको ढाँचा अधिकार प्रत्यायोजन, संस्था दर्ता प्रमाण पत्र ढाँचा, विनियममा उल्लेख गर्नुपर्ने कुरा आदिको व्यवस्थाले कार्य सरलीकरण र एकरूपता कायम हुने ।	सावधानी र संवेदनशीलता छैन ।

उपसंहार

कानून आफै गतिशील विषय भएकोले सामाजिक गतिशीलतालाई टिप्दै परिमार्जित हुँदै जाने गर्दछ । कानूनका प्रावधानहरू त्यत्तिकै क्रियाशील हुँदैनन्, सरकार र सहकारी संस्थाहरूको जागरूक स्वच्छतामा मात्र ती कार्यान्वयन हुनेहुन् । परिमार्जन नभएसम्मका लागि घोषित कानूनहरूको कार्यान्वयनमा सम्वद्ध पक्षको कर्तव्य रहन्छ । कार्यान्वयनमा नियामक निकाय, सहकारी संस्था र संघहरूको वास्तविक प्रतिबद्धता नरहेकाले ऐन तथा नियमावलीका धेरैजसो सबल पक्षहरू निस्क्रिय छन् । परिणामतः जनस्तरसम्म पुगिसकेको सहकारी अभियान अहिले अस्तित्वको क्रसरोडमा छ । सहकारी अभियान र सरकार दुवै पक्षबाट कानूनका प्रावधान कार्यान्वयन नभएकोले अहिलेको अवस्था आएको साझा बुझाइ रहेको समयमा ऐनको कठोरताका साथ कार्यान्वयन गर्दै सहकारी अभियानको पुनर्वोध गर्नु अहिलेको एक मात्र विकल्प हो । यसलाई कुनै बहाना वा शर्तमा कार्यान्वयन गरिएन भने जनजीवनसम्म पुगिसकेको सहकारीले धेरै मूल्य चुकाउनु पर्ने निश्चित छ ।

(@mainaligopi)

सन्दर्भ

१ नेपालको संविधान
२ कार्यविस्तृतीकरणको प्रतिवेदन, २०७३
३ सहकारी सम्बन्धी ऐनलाई संशोधन र एकीकरण गर्न बनेको ऐन, २०७४
४ सहकारी संस्था दर्ता दिग्दर्शन (स्थानीय तह), २०७४
५ स्थानीय तहको निमित्त नमूना सहकारी ऐन, २०७४
६ स्थानीय तह सञ्चालन ऐन, २०७४
७. लेखकद्वारा यस अघि विभिन्न सहकारी भेलामा प्रस्तुत कार्यपत्रहरू ।

हार्दिक शुभकामना

नेपालका बचत तथा ऋण सहकारीहरुको एक मात्र शीर्ष संघ
नेफ्स्कूनको गरिमामय

३६औं स्थापना दिवस

३६औं स्थापना दिवसको अवसरमा स्मारिका प्रकाशन गर्न गईरहेकोले संघको उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

चेतना
बचत तथा ऋण सहकारी संस्था लि.
पोखरा ६, कास्की
फोनः ०६१-४६०८११८
ईमेलः chetanasaving@gmail.com

द गोर्खाज
बचत तथा ऋण सहकारी संस्था लि.
बुद्ध चोक, पोखरा-१०, कास्की
फोनः ०६१-५८१५९०, ५७४६८४, ५७६२५२
ईमेलः gscclpokhara2009@yahoo.com
gsahakari2066@hotmail.com

कोन सामुदायिक
बचत तथा ऋण सहकारी संस्था लि.
पोखरा १३, कास्की
फोनः ०६१-५३०५६७
इमेलः ccsccltd@gmail.com

डेभिज फल
बचत तथा ऋण सहकारी संस्था लि.
पोखरा १७, डेभिज फल, कास्की
फोनः ०६१-४६६३८३
ईमेलः dvfallcooperative@gmail.com

सेतो गुँरास महिला
बचत तथा ऋण सहकारी संस्था लि.
टोखा-१०, गोंगबु, काठमाडौं
फोनः ०१-५९०२६८३, ०१-५९०२६९३
९८६४१५४३५३

म्याग्दी
बचत तथा ऋण सहकारी संस्था लि.
गोंगबु-२६, काठमाडौं
फोनः ०१-४९६५१०५, ४९८०४६७
ईमेलः myagdicoop@gmail.com
वेवसाईटः www.myagdicoop.org.np

विश्व परिवेश, नेपाली अर्थतन्त्र र वित्तीय क्षेत्र

लेख



डा. प्रकाशकुमार श्रेष्ठ

कार्यकारी निर्देशक
आर्थिक अनुसन्धान विभाग
नेपाल राष्ट्र बैंक

१. विषय प्रवेश

भूमण्डलीकरण र विश्वव्यापीकरणको आजको युगमा विश्वमा आउने परिवर्तनले सबै देशहरू कुनै न कुनै रूपमा प्रभावित हुने गर्दछन । समयसँगै विश्व परिवेशमा परिवर्तन आइरहेको हुन्छ, जसबाट कहिले सकारात्मक त कहिले नकारात्मक प्रभाव पर्दछ । आजको समयमा कुनै पनि देश विभिन्न माध्यमबाट विश्वका अन्य देशहरूसँग जोडिएको हुँदा विश्वमा आइरहने विभिन्न खालका परिवर्तनबाट प्रभावित हुन पुग्दछ । विश्वको परिवेशमा आइरहने परिवर्तनले सिर्जना गर्ने अवसर र चुनौतिहरू पहिचान गरी देशहरू अगाडि बढ्नु पर्ने खाँचो रहन्छ । उत्पादन, बजार, वित्त, नाफा र समग्र आर्थिक समृद्धिको लागि देशहरू एक आपसमा कतै प्रतिष्पर्धा त कतै सहयोग गर्ने स्थितिमा रहेका छन् । खासगरी विकसित देशहरूका कारण विश्व परिवेश बढी परिवर्तनशील रहने गरेको छ जसबाट विकासशील देशहरू बढी प्रभावित हुने गरेका छन् । यसै सन्दर्भमा यस लेखले विद्यमान समसामायिक विश्व परिवेश र यसले नेपाली अर्थतन्त्रका लागि सिर्जित अवसर र चुनौतीहरू आँकलन गर्दै वित्तीय क्षेत्रको अवस्था र चुनौतीहरू केलाउने प्रयास गरेको छ ।

२. विश्व परिवेश

विश्वका देशहरूको एकआपसी आर्थिक र राजनीतिक गतिविधिहरूले विश्व परिवेश सिर्जना गर्दछ, जुन परिवर्तन भइरहन्छ । पछिल्लो समय विश्व परिवेशलाई हेर्दा कोभिड १९ को महामारी पछिको परिवेशलाई हेर्नु उपयुक्त हुने देखिन्छ । हालको विश्व परिवेशमा देखापरेका केही स्थितिहरू तल चर्चा गरिएको छ ।

(क) देशहरुबीच उच्च अन्तरसम्बन्ध र कोभिड १९ को नकारात्मक प्रभाव

देशहरू एक आपसमा जोडिएको हुँदा सन् २०१९ को डिसेम्बरमा चीनको वुहान शहरमा शुरू भएको कोभिड १९ भाइरस छोटो समयमा विश्वको सबै देशहरू फैलिन पुग्यो, जसले गर्दा सन् २०२० पुरै र सन् २०२१ को शुरूवाती समय विश्वका देशहरू कोभिड १९ को आक्रमणबाट ग्रस्त बने । सन् २०२३ को मध्यसम्म पनि संक्रमण पूर्णरूपमा रोकिएको छैन । सन् २०२३ को मे सम्म विश्वका करीब ६९ करोड मानिसहरू यस भाइरसबाट सक्रमित भए भने करीब ६९ लाख मानिसहरूको यस महामारीबाट मृत्यु भयो । कोभिड १९ को महामारीले मानवीय क्षति उल्लेखनीय रूपमा गर्‍यो भने विश्वको आर्थिक परिवेशमा उथलपुथल

> “विश्वको परिवेशमा आइरहने परिवर्तनले सिर्जना गर्ने अवसर र चुनौतिहरु पहिचान गरी देशहरु अगाडि बढ्नु पर्ने खाँचो रहन्छ । उत्पादन, बजार, वित्त, नाफा र समग्र आर्थिक समृद्धिको लागि देशहरु एक आपसमा कतै प्रतिष्पर्धा त कतै सहयोग गर्ने स्थितिमा रहेका छन् ।”

ल्याइदिएको छ । शुरूवाती समयमा आर्थिक कृयाकलापहरू करीब पूर्ण रूपमा ठप्प हुन गए । सन् २०२१ देखि नै केही देशहरू कोभिड १९ विरूद्धको खोप बनाउन सफल भए । यसले गर्दा सन् २०२२ फेब्रुअरीपछि यसको संक्रमण केही कम हुँदै नियन्त्रित अवस्था रहन गयो ।

कोभिड १९ का कारण विश्वमा उत्पादन, रोजगारी र व्यापार नराम्रोसँग प्रभावित हुन गयो । अन्तर्राष्ट्रिय मुद्रा कोषका अनुसार सन् २०२० मा विश्व अर्थतन्त्र २.८ प्रतिशतले ऋणात्मक हुन पुग्यो । त्यो समय विश्वका सबै देशहरूको आर्थिक वृद्धिदर नकारात्मक रहन गयो । विश्वको मुद्रास्फीतिमा शिथिलता आयो भने विश्व व्यापार आयतन पनि ७.८ प्रतिशतले घटन पुग्यो । ऋणात्मक आर्थिक वृद्धिदरले विश्वमा गरिवी बढ्न गएको अनुमान रहेको छ ।

कोभिड १९ महामारीले अहिले विश्व कति नजिक अन्तरसम्बन्धित रहेको छ स्पस्ट पारेको छ । विश्वमा सबै देशहरू एक आपसमा हवाइ सञ्जालमा जोडिएका र व्यापार तथा पर्यटनको लागि मानिसहरू एक देशबाट अर्को देशमा भ्रमण गरिरहने हुँदा विश्वको कुनै पनि स्थानमा देखापर्ने महामारी जस्ता रोगहरू छोटो समयमा नै विश्व भरी फैलिने स्थिति रहेको छ । अर्कोतर्फ कोभिड १९ विरूद्धको खोप अपेक्षा गरे भन्दा छिट्टै नै विकास हुन सक्यो । खोप निर्माण गर्न सकेका औषधि कम्पनीहरूले मनग्गे नाफा कमाउन पनि सफल भए । कोभिड १९ को उत्पति र विस्तारले आधुनिक स्वास्थ्य विज्ञानमा कमजोरी रहेको देखायो भने सँगसँगै यसको खोपको विकासले विश्वमा रहेको ज्ञान र क्षमतालाई देखाएको छ । तर यस्तो क्षमता केही सीमित देशहरूमामात्र रहेको देखियो ।

(ख) भूराजनैतिक द्वन्द

कोभिड १९ विरूद्धको खोप उपलब्ध भएसँगै विश्व अर्थतन्त्रको वृद्धिदर सन् २०२१ मा नै सुधार भै ६.३ प्रतिशत रह्यो । विश्व अर्थतन्त्र पुनरूत्थानतर्फ जाने क्रममा अवलम्बन गरिएका लचक वित्त र मौद्रिक नीतिका कारण मागमा वृद्धि भयो र कोभिड १९ को प्रभावका कारण आपूर्ति सहज नहुँदा सन् २०२१ मा नै केही मूल्यवृद्धि हुन शुरू गऱ्यो । यसै बीचमा सन् २०२२ को फेब्रुअरीमा रसिया युक्रेन युद्ध शुरू भयो । यसले गर्दा विश्व अर्थतन्त्रको पुनरूत्थानमा बाधा सिर्जना गऱ्यो । युद्धका कारण आपूर्तिमा थप व्यबधानहरू आए । इन्धनको, खाद्यान्न लगायत धातुजन्य वस्तुहरूका मूल्य उच्च दरले बढ्यो । एक वर्ष भन्दा बढी अवधि भैसक्दा पनि उक्त युद्ध अझै चलिरहेको छ, कहिले टुङ्गिने भन्ने टुङ्गो छैन । जसरी कोभिड १९ को संक्रमण विश्वका देशहरू प्रभावित भएका थिए त्यसैगरी रसिया युक्रेन युद्धले विश्वका प्राय सबै देशहरू प्रभावित भएका छन् । यस युद्धले विश्व भूराजनीति कति संवेदनशील छ भन्ने देखाएको छ । विभिन्न राजनैतिक स्वार्थका कारण विश्वका देशहरूबीच सौहार्द सम्बन्ध रहन सकेको छैन । केही शक्तिशाली देशहरू एक आपसमा टकराव आउँदा विश्वका सबै देशहरू, खासगरी साना विकासशील देशहरू बढी प्रभावित हुने गरेका छन् । सन् १९२० देखि १९९० सम्म चलेको शीतयुद्धको धङ्धङी अझै कायम छ । वास्तवमा विश्वमा कसले प्रभुत्व जमाउने भन्ने उद्देश्यले ठूला देशहरूले नै भूराजनैतिक द्वन्द बढाउने काम गरिरहेका छन् । पछिल्लो समय सयुंक्त राज्य अमेरिका र चीनबीच एक आपसमा द्वन्द बढीरहेको छ । जसले गर्दा आफ्नो-आफ्नो आर्थिक र राजनैतिक स्वार्थका लागि देशहरूबीच गुट बनाउने र उदारीकरण नीति विपरीत विश्व व्यापारमा व्यबधान सिर्जना गर्ने कामहरू भैरहेको छ । यसले विश्वको परिवेश भूराजनैतिक रूपमा ज्यादै संवेदनशील र जोखिमपूर्ण रहेको छ ।

(ग) प्रविधिको तीव्र विकास

विश्वमा प्रविधिको तीव्र विकास भइरहेको





यसै बीचमा सन् २०२२ को फेवअरीमा रसिया युक्रेन युद्ध शुरू भयो । यसले गर्दा विश्व अर्थतन्त्रको पुनरूत्थानमा बाधा सिर्जना गऱ्यो । युद्धका कारण आपूर्तिमा थप व्यबधानहरू आए । इन्धन, खाद्यान्न लगायत धातुजन्य वस्तुहरूका मूल्य उच्च दरले बढ्यो ।

छ । कोभिड १९ विरूद्धको खोप छोटो समयमा विकास गरेर केही देशहरूले प्रविधिको विकासमा अब्बल क्षमता रहेको देखाएका छन् । यससँगै अहिले सूचना र प्रविधि विकासले नयाँ नयाँ रूप लिएको छ । पछिल्लो समय कृत्रिम बौद्धिकता (Artifical Intelligence) ले उत्पादन, रोजगारी, मानव अस्तित्वमा ठूलै उथलपुथल ल्याउने सम्भावनाहरू देखिएका छन् । यस्ता प्रविधिको विकासमा विकसित र ठूला देशहरू नै अगाडि रहेकाले प्रविधि विकासको फाइदा बढी यी देशहरूले नै लिइरहेको देखिन्छ । नयाँ प्रविधिहरूले ल्याउने कतिपय नकारात्मक प्रभावहरू भने कमजोर विकासशील देशहरूमा पर्ने गरेको छ ।

(घ) जलवायु परिवर्तन

विश्वमा आर्थिक विकासको स्थिति असन्तुलित रहेको छ । केही देशहरू विकासको चरम सीमामा पुगेका छन् । उनीहरूको उत्पादन, उपभोग र जीवनस्तर ज्याँदै उच्चस्तरको रहेको छ । उच्च जीवनस्तरको लागि गरिने धेरै उत्पादन र



> सन् २०२२ वास्तवमा समग्रमा स्टागफेलशनको स्थिति रह्यो । सन् २०२३ मा पनि मूल्यवृद्धि नियन्त्रणको लागि अबलम्बन गरिएका कडा मौद्रिक नीति निरन्तरताको कारण विश्वको आर्थिक वृद्धिदर थप कमजोर हुने आंकलन रहेको छ ।

धेरै उपभोगले पृथ्वीको वातावरण तीव्रतर क्षयीकरण भएर तापक्रम बढेर जलवायु परिवर्तन विश्वकै अहिले समस्या र चुनौति भएको छ । यसको प्रभावबाट विकासशील र गरिब देशहरू बढी प्रभावित भएका छन् । जलवायु परिवर्तनले सिर्जित नकारात्मक प्रभावहरूले गर्दा खास गरी विश्वका विकासशील देशमा उत्पादन र जीवनस्तर नकारात्मक ढंगले प्रभावित भइरहेको छ । आफूले नगरेको गल्तीको दोषभागी विकासशील देशका बासिन्दाहरू भै रहेका छन् । जलवायु परिवर्तनले ल्याउने प्राकृतिक प्रकोपबाट गरिबहरू नै बढी प्रभावित हुने गरेका छन् ।

(ङ) नीतिगत प्रभाव

कोभिड १९ संक्रमणलाई केही नियन्त्रण गरी अर्थतन्त्रहरू पुनरूत्थान हुने क्रममा शुरू भएको रसिया युक्रेन युद्धका कारण मूल्यवृद्धि थप बढ्न गयो । जसले गर्दा विश्वका प्रायः सबै जसो देशहरूले कोभिड १९ को समयमा लिएका लचक वित्त र मौद्रिक नीतिहरूलाई फिर्ता लिने काम गरे । साथै, मौद्रिक नीतिलाई कडा बनाउन नीतिगत दरहरू बढाए । खासगरी संयुक्त राज्य अमेरिकाको फेडरल रिजर्भले आफ्नो नीतिगत दरलाई निरन्तर बढाएर ०.२५ प्रतिशतबाट ५.२५ प्रतिशत पुरायो । अमेरिकाले नीतिगत दर बढाएसँगै अमेरिकी मुद्रा विश्व बजारमा अधिमूल्यन हुन गयो भने भारत लगायत अधिकांश उदीयमान देशहरूको मुद्रा पनि अवमूल्यन हुन गए । अमेरिकाको नीतिगत दर बढेसँगै अमेरिकातर्फ पुँजी प्रवाह बढेकोले गर्दा अमेरिकी मुद्रा बलियो हुन गएको छ । विश्वको अधिकांश व्यापारहरू अमेरिकी डलरमा हुने हुँदा अमेरिकी डलर महँगो हुँदा विकासशील देशहरूको आयात पनि महँगो हुन गयो । यसरी विकसित र ठूला देशहरूले लिने नीतिको प्रभाव साना र विकासशील देशहरूमा पर्ने गरेको छ ।

(च) उच्च मूल्यवृद्धिसँगै आर्थिक शिथिलता

सन् २०१९ मा कोभिडको कारण मागमा आएको शिथिलताको कारण कम रहेको मूल्यवृद्धि अर्थतन्त्रहरूको पुनरूत्थानसँगै सन् २०२१ देखि बढ्न थाल्यो । त्यसमा पनि रसिया युक्रेन युद्ध शुरू भएपछि इन्धन, खाद्यान्न र अन्य धातुजन्य वस्तुहरूको मूल्य बढेसँगै सन् २०२२ मा विश्वका सबै देशहरूमा उच्च मूल्यवृद्धि हुन गयो । तर उक्त वर्ष विश्व अर्थतन्त्रको वृद्धिदरमा भने शिथिलता आउन गयो । सन् २०२२ वास्तवमा समग्रमा 'स्टागफ्लेशन' को स्थिति रह्यो । सन् २०२३ मा पनि मूल्यवृद्धि नियन्त्रणको लागि अबलम्बन गरिएका कडा मौद्रिक नीति निरन्तरताको कारण विश्वको आर्थिक वृद्धिदर थप कमजोर हुने आंकलन रहेको छ । अन्तर्राष्ट्रिय मुद्रा कोषका अनुसार सन् २०२३ को आर्थिक वृद्धिदर २.८ प्रतिशत मात्र रहने प्रक्षेपण रहेको छ । आर्थिक वृद्धिदरमा शिथिलता आएसँगै मूल्यवृद्धि सन् २०२३ मा सुधार हुने अपेक्षा रहेको छ । विश्वको न्यून आर्थिक वृद्धिका



कारण विश्वमा रोजगारी सिर्जना भने प्रभावित हुने सम्भावना छ ।

(छ) विकसित देशहरुमा श्रमिक अभाव

कोभिड १९ कारण संयुक्त राज्य अमेरिका र युरोप लगायतका धेरै जसो विकसित देशहरूमा ठूलो संख्यामा मानिसहरूको मृत्यु हुन गयो । ज्येष्ठ नागरिकहरू श्रम बजारबाट पलायन भए । कोभिड १९ पछिको आर्थिक पुनरूत्थानको क्रममा विकसित देशहरूको श्रमबजारमा श्रमिकहरू अभाव रहेको स्थिति छ । संयुक्त राज्य अमेरिकाको श्रम बजार अहिलेसम्म कै कम वेरोजगारी दर मापन भएको छ । यसले गर्दा विकसित देशहरूले विकासशील देशहरूबाट विभिन्न माध्यमबाट श्रमिकहरूको आपूर्ति गरिरहेको स्थिति छ । यसले गर्दा विकासशील देशहरूमा श्रमको अभाव भै ज्याला दरहरू बढ्न गई उत्पादन लागत र समग्र मुद्रास्फीति बढ्न जाने देखिन्छ ।

३. नेपाली अर्थतन्त्रको अवस्था र चुनौति

विश्वको अर्थतन्त्र झै नेपालको अर्थतन्त्र पनि कोभिड १९ बाट प्रभावित हुन पुग्यो । कोभिड १९ को संक्रमण शुरू भएको आर्थिक वर्ष २०७६।७७ मा नेपालको आर्थिक वृद्धिदर २.४ प्रतिशतले ऋणात्मक रह्यो । लचक मौद्रिक नीति र वित्त नीतिको केही सहयोगले गर्दा कोभिड १९ बाट शिथिल अर्थतन्त्र २०७७।७८ देखि पुनरूत्थान हुन थाल्यो र सो वर्ष नेपालको आर्थिक वृद्धिदर ४.८ प्रतिशत रह्यो । पुनरूत्थानको क्रमले निरन्तरता लिदै आर्थिक वर्ष २०७८।७९ मा नेपालको आर्थिक वृद्धिदर ५.६ प्रतिशत रह्यो ।


नेपाली अर्थतन्त्र पुनरूत्थान भै रहेको समयमा कर्जा र आयात उल्लेख्य रूपमा बढ्न गयो । माथि उल्लेख्य गरे झै खास गरी आर्थिक वर्ष २०७८।७९ मा विश्व परिवेश पनि सकारात्मक रहन गएन । विश्वमा नै मूल्यवृद्धि भयो भने नेपाली रूपैयाँ पनि अवमूल्यन हुन गयो । यसले गर्दा आयातको वृद्धिदर उच्च रहन गयो । सो आर्थिक वर्ष विप्रेषण आप्रवाह पनि राम्रो रहेन । फलस्वरूप, नेपालको वाह्य क्षेत्र दबाबमा पऱ्यो । चालु खाता घाटा अति उच्च रहन गयो, उक्त घाटा कुल गार्हस्थ्य उत्पादनको करीब १२.६ प्रतिशतसम्म पुग्यो । शोधनान्तर घाटा पनि अति उच्च अर्थात रू. २५५ अर्ब पुग्न गयो । शोधनान्तर घाटा बढेसँगै विदेशी विनिमय संचितिमा तीव्र गिरावट आएर २०७८ पुष तिर साढे ६ महिनाको वस्तु तथा सेवा आयात धान्न सक्ने स्तरमा मात्र पुग्यो । बढ्दो शोधनान्तर घाटाका कारण तीव्रदरमा खस्कदै गएको विदेशी विनिमय संचितिलाई रोक्न २०७८ पुष र माघमा नेपाल राष्ट्र बैंकले आयातको लागि प्रतितपत्र खोल्दा नगद मार्जिन राख्नुपर्ने व्यवस्था गऱ्यो भने २०७८ फागुनमा मध्यावधि समीक्षामा नीतिगत दरहरूलाई २ प्रतिशत विन्दुले बढायो ।

२०७९ असारमा आर्थिक वर्ष सकिदै गर्दा पनि उच्च शोधनान्तर घाटा रहेकोले आर्थिक वर्ष २०७९।८० को मौद्रिक नीतिले नीतिगत दरहरूलाई थप १.५ प्रतिशत विन्दुले बढायो भने अनिवार्य नगद अनुपातलाई १ प्रतिशत विन्दुले बढायो । कोभिड १९ को बेला दिइएको पुनरकर्जा सुविधा लगायत अन्य नियामकीय सुविधाहरू क्रमशः फिर्ता गरिए । मौद्रिक नीतिको कडाइको निरन्तरताले गर्दा अर्थतन्त्र ब्याजदरहरू बढ्न गए । शोधनान्तर घाटा भएसँगै विदेशी विनिमय संचिति घट्दै जाँदा स्वतः बैंकिङ्ग प्रणालीबाट तरलता कम हुन गयो । तरलता कम हुँदा पनि मौद्रिक नीतिले नीतिगत दर नबढाउँदै बजारमा ब्याजदरहरू बढ्न शुरू गरे ।

आर्थिक वर्ष २०७८।७९ को मध्यदेखि बढ्न थालेको ब्याजदरको बढ्ने क्रम २०७९।८० को मध्यसम्म नै कायम रह्यो । यसले गर्दा आर्थिक वर्ष २०७९।८० मा आर्थिक गतिविधिहरूका शिथिलता आउन गै यस वर्ष आर्थिक वर्ष न्यून अर्थात १.८६ प्रतिशत मात्र आर्थिक वृद्धिदर रहने राष्ट्रिय तथ्याङ्क कार्यालयको अनुमान रहेको छ । खास गरी उत्पादनमुलक उद्योग, निर्माण र थोक तथा खुद्रा व्यापारको वृद्धिदर ऋणात्मक रहन गएको छ भने कृषि बोहक अर्थतन्त्रका अन्य क्षेत्रहरूको वृद्धिदर पनि अघिल्लो आर्थिक वर्षको तुलना कम रहन गएको छ ।

आर्थिक वृद्धिदरमा शिथिलता आए पनि मूल्यवृद्धि भने २०७९।८० मा औसत ७ प्रतिशत भन्दा माथि रहन जाने देखिएको छ । पछिल्ला महिनाहरूमा मूल्य वृद्धि भने केही घट्ने क्रममा रहेको छ । विश्वको मूल्यवृद्धिमा आएको सुधार, पेट्रोलियम पदार्थको मूल्यमा कम हुँदै गएको र भारतको मूल्यवृद्धि पनि घट्दै गएकोले नेपालको मूल्यवृद्धि पनि सुधार हुने क्रममा भने रहेको छ ।

आर्थिक वर्ष २०७९।८० मा ब्याजदर बढेको, कर्जा प्रवाहमा कमी र आन्तरिक माग घटेको कारण अघिल्लो आर्थिक वर्षको तुलनामा आयातमा उल्लेख्य गिरावट



आएको छ । कोभिड १९ को समयमा वैदेशिक रोजगारबाट फर्केका र उक्त समय जान नपाएको कारण कोभिडको संक्रमण नियन्त्रणमा आएसँगै नेपालबाट वैदेशिक रोजगारीमा जाने संख्या उल्लेख्य रूपमा बढेको छ । आर्थिक वर्ष २०७८।७९ मा नयाँ र नवीकरण गरी ६ लाख ३७ हजार व्यक्तिहरू वैदेशिक रोजगारीमा गएका थिए जब कि अघिल्लो आर्थिक वर्ष जम्मा १

लाख ६७ हजारमात्र वैदेशिक रोजगारमा गएका थिए । आर्थिक वर्ष २०७९।८० मा पनि वैदेशिक रोजगारीमा जाने संख्या बढी रहेको छ । २०७९।८० को नौ महिनासम्म थप ६ लाख कामदारहरू नयाँ र नवीकरण गरी वैदेशिक रोजगारीमा गएका छन् । पछिल्ला वर्षहरूमा अध्ययनको लागि जाने नेपाली विद्यार्थीको संख्या पनि बढी रहेको छ । यसले गर्दा बसोवास गर्ने जनसंख्यामा नै कमी आएकोले पनि चालु आर्थिक वर्ष २०७९।८० मा आन्तरिक मागमा कमी आउन गएको छ । यसले आर्थिक गतिविधिमा शिथिलता ल्याउन सहयोग पुऱ्याएको छ ।

आर्थिक वर्ष २०७९।८० मा आयातमा आएको कमीसँगै सरकारको राजस्व संकलनमा घटेको छ । अर्कोतर्फ सरकारी खर्च निरन्तर बढिरहेको छ । यसले यस वर्ष सरकारको वित्त व्यवस्थापन दबाबमा परेको छ । यसले गर्दा सरकारले आर्थिक वर्ष २०८०।८१ को लागि ल्याएको बजेटले करको दायरा बढाएको छ भने करका दरहरू बढाएको छ । सहकारीहरूलाई लाग्ने आयकरको दरहरू पनि बढाएको छ । बढ्दो करका दर र दायराले शिथिल रहेको अर्थतन्त्र पुनरूत्थान हुन चुनौतीपूर्ण रहेको छ ।

४. नेपालको वित्तीय प्रणालीको अवस्था र चुनौति

अर्थतन्त्रको महत्वपूर्ण क्षेत्रको रूपमा वित्तीय प्रणाली रहेको हुन्छ । अर्थतन्त्रमा आउने उतारचढाबबाट वित्तीय क्षेत्र अछुतो रहन सक्दैन । अर्थतन्त्रमा आएको शिथिलता र उच्च ब्याजदरका कारणका आर्थिक गतिविधिहरू प्रभावित हुन जाँदा बैंक तथा वित्तीय संस्था र वित्तीय सहकारीहरूको कर्जा भुक्तानी कम भइरहेको छ । फलस्वरूप, नेपालको बैकिङ्ग प्रणालीको निष्कृय कर्जाको अनुपात बढी रहेको छ । सामन्यतया, लामो समयसम्म नेपालको बैकिङ्ग प्रणालीको निष्कृय कर्जाको अनुपात २ प्रतिशत भन्दा कम रहेकोमा पछिल्लो समय २०७९ चैतमा ३ प्रतिशत भन्दा बढी पुगेको छ र केही समय थप बढ्न सक्ने सम्भावना रहेको छ । ब्याजदर बढेको, आर्थिक गतिविधिहरूमा शिथिलता आएकोले ऋणीहरूले कर्जा भुक्तानी गर्न नसकिरहेको अवस्था छ । आर्थिक वर्ष २०७९।८० मा नेपाल राष्ट्र बैंकले चालु पुँजी कर्जा मार्गदर्शन लागु गरेको ऋण लिएर ऋण भुक्तानी गरी हरितकरण गर्ने अभ्यास रोकेकोले पनि कर्जा भुक्तानी कम हुन गएको छ । फलस्वरूप, ऋणीहरूले बैकिङ्ग प्रणाली विरूद्ध नाराजुलुस गर्ने कामहरू पनि गरे ।

कोभिड १९ को संक्रमणको समयमा लचक मौद्रिक नीति अबलम्बन गरेको र आर्थिक कृयाकलापहरू कमजोर रहेको समय बैकिङ्ग प्रणालीमा उच्च तरलता भै ब्याजदर ज्यॉदै कम भएको अवस्थामा प्रवाहित अधिकांश कर्जा कुनै न कुनै रूपमा घरजग्गा र सेयर बजारमा उपयोग हुन गयो । कोभिडको संक्रमणको समयमा अन्य आर्थिक गतिविधिहरू शिथिल हुँदा पनि सेयर बजार र घरजग्गा कारोबारमा उछाल आयो । सम्पतिको मूल्य बढोत्तरीले गर्दा आन्तरिक माग बलियो रहन गएकोले नै आर्थिक वर्ष २०७७।७८ र २०७८।७९ मा आयात उच्च दर बढ्न गएको थियो । जब, विदेशी मुद्राको संचितिमा कमी आई बैकिङ्ग प्रणालीमा तरलतामा कमी आइ ब्याजदरहरू बढ्न थाले सेयर र घरजग्गा बजारमा पनि शिथिलता आयो । यसले गर्दा यी बजारमा मूल्यमा गिरावट आयो भने कारोबार घट्यो । थप मूल्यवृद्धि भै नाफा गरौंला भनेर यी क्षेत्रमा लगानी गरेकाहरूले लगानी उठाउन सक्ने स्थिति हुन नसकेकोले पनि कर्जा भुक्तानीमा कमी आयो भने समग्र आर्थिक गतिविधिमा शिथिल हुन गयो ।

मुलतहः बैंकिङ्ग प्रणालीबाट मात्र होइन बचत तथा ऋण सहकारीहरूको कर्जा लगानी पनि घरजग्गा र सेयर बजार बढी प्रवाहित भएको र यी बजारहरू शिथिल हुँदा सहकारीहरूमा पनि ऋण भुक्तानी हुन नसकेकोले धेरै जसो वित्तीय सहकारीमा तरलता अभाव हुन गयो । नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैक तथा वित्तीय संस्थाहरूले जस्तो नेपाल राष्ट्र बैंकबाट तरलता सुविधा सहकारीहरूले पाउँदैन । यस्तो अवस्थामा कर्जा भुक्तानी समयमा नहुने र घरजग्गा जस्ता दीर्घकालिन प्रकृति लगानी गरेका बचत तथा ऋण सहकारी संस्थाहरूमा तरलता अभाव भै निक्षेप कर्ताको निक्षेप भुक्तानी गर्न नसक्ने स्थिति आयो । ययका कारण एक दर्जन भन्दा बढी बचत तथा ऋण सहकारी संस्थाहरू समस्याग्रस्त हुन पुगेका र थुप्रै निक्षेपकर्ताहरूले निक्षेप फिर्ता पाउन नसकिरहेको अवस्था छ। यसले बचत तथा ऋण सहकारी संस्थाहरूको विश्वसनीयता माथि प्रश्न चिन्ह उठाएको छ ।

पछिल्ला वर्षहरू वित्तीय सहकारी लगायत बैंक तथा वित्तीय संस्थाहरूको उल्लेख्य विस्तार भएको परिप्रेक्ष्यमा हाल आर्थिक गतिविधिमा देखा परेको शिथिलताले बैकिङ्ग प्रणाली लगायत समग्र वित्तीय क्षेत्र पनि दबाबमा रहेको स्थिति छ । कतै वित्तीय अस्थिरता सिर्जना हुने त होइन भने डर रहेको छ । अघिल्लो आर्थिक वर्ष २०७८।७९ को मध्यदेखि गरिएका मौद्रिक नीतिको कडाइले गर्दा चालु आर्थिक वर्ष २०७९।८० को तेस्रो महिना अर्थात असोजदेखि वाह्य क्षेत्र सुधार आई शोधनान्तर बचत रहने थालेको छ जुन थप वृद्धि हुँदै गएको छ । फलस्वरूप, विदेशी विनिमय संचिति बढ्दै गई बैकिङ्ग प्रणालीको तरलतामा सुधार हुँदै गएको छ । २०७९ माघदेखि ब्याजदर घट्ने दिशामा लागेको छ । वाह्य क्षेत्रमा आएको सुधारलाई मध्य नजर राखेर नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०७९।८० को मौद्रिक नीतिको तेस्रो समिक्षाबाट मौद्रिक नीतिको कार्यदिशालाई सजगता पूर्वक कसिलोका सट्टामा सजगता पूर्वक केही लचिलोमा रूपान्तरण गरेको छ । फलस्वरूप, उक्त समीक्षामा ब्याजदर कोरिडरको माथिल्लो सीमाको रूपमा रहेको बैंकदरलाई १ प्रतिशत बिन्दुले कम गरी ७.५ प्रतिशत बनाइएको छ ।

अव बैंकिङ्ग प्रणालीमा ब्याजदर र तरलतामा सुधार हुँदै जाने देखिएको छ । तर, अर्थतन्त्रमा उत्पादन र उत्पादकत्व बढाई दिगो आर्थिक वृद्धिदर कायम गर्नुपर्ने चुनौति कायमै रहेको छ । उत्पादन गर्न उच्च लागत लाग्ने र छिमेकी देशहरूको उत्पादनसँग प्रतिष्पर्धा गर्न नसक्दा उत्पादनशील अर्थतन्त्र निर्माण हुन सकिरहेको छैन । उत्पादनशील अर्थतन्त्र निर्माण हुन सक्दा वित्तीय प्रणालीको नाफा र दिगोपना कायम राख्न पनि त्यति कै चुनौतिपूर्ण रहेको छ ।

५. उपसंहार

विश्व परिवेश निरन्तर रूपमा परिवर्तन भैरहेको हुन्छ । आर्थिक उदारीकरण, सूचना प्रविधिको विकास, व्यापार विस्तार आदि कारणले गर्दा विश्व अर्थतन्त्रको प्रभाव

नेपाली अर्थतन्त्रमा पर्ने गर्दछ । विश्वका देशहरूको अन्तरसम्बद्धताले गर्दा महामारी जस्ता रोगहरू तुरून्तै विश्वभरि फैलिने गरेको छ भने मूल्य स्थितिको प्रसारण पनि सहजै हुने गरेको छ । साथै, अहिले महाशक्ति राष्ट्रहरूको भूराजनैतिक द्वन्दको शिकार विश्वका विकासशील देशहरू भैरहेका छन् । त्यस्तै, विकसित देशहरू चरम आर्थिक विकासका कारण सिर्जित तापमानको वृद्धिसँगै जलवायु परिवर्तनले पूरै विश्व नै आक्रान्त भै रहेको छ भने विकासशील गरिब देशहरू अझ बढी प्रभावित रहेका छन, जसभित्र नेपाल पनि पर्दछ ।

कोभिड १९ महामारीपछि अर्थतन्त्रको पुनरूत्थान हुने क्रममा विश्व परिवेशको प्रभावसँगै नेपाली अर्थतन्त्र पनि उतारचढाब भोग्दै अगाडि बढेको छ । पुनरूत्थान कै क्रममा विश्व परिवेश प्रतिकुल हुँदा नेपाली अर्थतन्त्र पनि हाल शिथिल हुन गएको छ, उच्च मूल्यवृद्धि सामाना गरेको छ र तरलता अभावबाट भोग्न पुगेको छ । अर्थतन्त्र शिथिल हुन पुग्दा वित्तीय प्रणाली पनि पछिल्लो समय दबाबमा रहेको छ । निष्कृय कर्जा बढ्दै गएको छ । सहकारी र लघुवित्त संस्थाहरू पनि ऋण असूलीको समस्यामा परिरहेका छन् ।

चालु आर्थिक वर्ष २०७९।८० को पछिल्ला महिनाहरूमा अर्थतन्त्रमा केही सुधार भएको छ । खासगरी वाह्य क्षेत्रमा सुधार आई बैंकिङ्ग प्रणालीको तरलतामा सुधार भैरहेको छ र ब्याजदर घट्ने क्रममा रहेको छ । ब्याजदर बढी घटेमा निक्षेप परिचालन प्रभावित हुने र अनुत्पादक लगानी बढेर आयात बढ्न गै शोधनान्तर खातामा दबाब पर्ने सम्भावनालाई ध्यान दिनु पर्ने अवस्था छ । विश्व परिवेशको प्रभावबाट बच्न आन्तरिक अर्थतन्त्रलाई दरिलो बनाउनु पर्दछ । यसका लागि नेपाली अर्थतन्त्रमा उत्पादन र उत्पादकत्व बढाई आयातमा रहेको अत्याधिक निर्भरतालाई कम गर्दै जानु पर्ने खाँचो छ । बचत तथा ऋण सहकारीका अतिरिक्त बैंक तथा वित्तीय संस्थाहरूले अर्थतन्त्रमा उद्यमशीलता प्रवर्द्धन गरी उत्पादन र बजारको विस्तार मार्फत परनिर्भरता कम गर्ने गरी कर्जा प्रवाह र वित्तीय कारोबार गर्नुपर्दछ । साथै निजी क्षेत्रसमेतले नेपाली अर्थतन्त्रको परनिर्भरता कम गर्ने गरी उद्योग व्यवसाय गर्नुपर्दछ ।



Our Services:

Interior Turnkey Contractor I Alminum Windows, Door, Partition I Structural Glazing (Cuttain Wall)
Alminum Composite Panel (ACP) I Stainless Steel (SS) Railing I Gypsum False Ceiling, Partition
Furniture & Parquet Suppliers I Electrical & HVAC Work I Designing & Consultancy and Many More.....

New Road, Pokhara, Lekhnath Marga, Email: akalainterior@gmail.com

हार्दिक शुभकामना

नेपालका बचत तथा ऋण सहकारीहरुको एक मात्र शीर्ष संघ
नेफ्स्कूनको गरिमामय

३६औं स्थापना दिवस

३६औं स्थापना दिवसको अवसरमा स्मारिका प्रकाशन
गर्न गईरहेकोले संघको उत्तरोत्तर प्रगतिको
हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

हाम्रो अभियान

बचत तथा ऋण सहकारी संस्था लि.

का.म.न.पा.-१६, बालाजु, फोन: ०१-४९६३२१३
इमेल: hamroabhiyansaving@gmail.com



शेयर पूँजी :
२२,६२,३१०००

बचत:
१४,८७,९८,९३०.३६

ऋण लगानी:
२०,३९,६६,२२४.११

कोषहरु:
१,३७,७०,२२७.२०

सम्पत्ती :
२६,९६,४६,१५७.२६

हार्दिक शुभकामना

नेपालका बचत तथा ऋण सहकारीहरुको एक मात्र शीर्ष संघ
नेफ्स्कूनको गरिमामय

३६औं स्थापना दिवस

३६औं स्थापना दिवसको अवसरमा स्मारिका प्रकाशन गर्न गईरहेकोले संघको उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

नव विकास
बचत तथा ऋण सहकारी संस्था लि.
चन्द्रपुर ४, चन्द्रनिगाहपुर, रौतहट
फोन ०५५-५४०७३४
इमेल: info@nawabikascoop.com
nawabikas@gmail.com

बर्दिवास
बचत तथा ऋण सहकारी संस्था लि.
बर्दिवास १, महोत्तरी
फोन: ०४४-५५००५६, ५५०७२८
इमेल: bsccob@gmail.com
वेबसाइट: www.bsccob.com.np

सुर्योदय
बचत तथा ऋण सहकारी संस्था लि.
बागमती न.पा. ६, सर्लाही
फोन: ९८४४०९०३७८
इमेल: suryodaya2063@gmail.com

स्वस्तिक
बचत तथा ऋण सहकारी संस्था लि.
ईश्वरपुर न.पा. ६, सर्लाही
फोन: ०४६-५७५२०३, ५७५१०३
इमेल: swasthik2057sahakariltd@gmail.com

सगुन
बचत तथा ऋण सहकारी संस्था लि.
हरिवन ११, सर्लाही
फोन: ०४६-५३०३८३, ५३०५७३
इमेल: sagunsaccos2016@gmail.com
बेवसाईट: www.sagun.coop.np

कनकलक्ष्मी
बचत तथा ऋण सहकारी संस्था लि.
सुन्दरहैंचा-७ मोरङ
फोन: ०२१-४३००६६, ९८६२३६०२३१
इमेल: knaklaxmisaccos2077@gmail.com

सहकारी अभियानमा नेतृत्व विकास र समावेशीकरण

लेख



गोमा नेपाल
सञ्चालक, नेफ्स्कून

नेपालको संविधानले सहकारीलाई आर्थिक विकासको तीन खम्वा मध्येको एउटा खम्बाको रूपमा स्विकार गरि सहकारी ऐनको प्रस्तावनामा नै कृषक, कालिगढ, श्रमिक, न्यून आय भएका समूह र सिमान्तकृत वर्गका लागि सहकारी स्थापना गरिने कुरा उल्लेख भएको छ । एउटै समुदायमा बस्ने समान उद्देश्य र सामुहिक भावना भएका व्यक्तिहरू स्वेच्छिक एवम् स्वस्फूर्त रूपमा आपसमा संगठित हुँदै सामुहिक नेतृत्व र प्रजातान्त्रिक विधिबाट सञ्चालन हुने स्वायत्त उद्यम नै सहकारी हो । समुदायका जुनसुकै वर्ग, धर्म, जाति र सम्प्रदायका मानिसहरू समान हैसियतमा एकै छानामुनी अटाउन सक्नु यसको विशेषता हो । आर्थिक सामाजिक रूपान्तरणको गतिलो माध्यमको रूपमा सहकारीको अभ्यास गरेका मुलुकहरूले द्रुत गतिमा आर्थिक विकास गर्न सफल भएका उदाहरण धेरै छन् ।

सहकार्य मानिसको जन्मजात गुण हो, समाजको विकास सँगै यो प्रचलन अझ बढ्दै गएको हो । राज्यको उत्पत्ति पनि सहकार्यबाटै भएको पाइन्छ । सहकार्यका स्वरूप विभिन्न प्रकारका हुन्छन् । सहकार्यका उद्देश्य पनि विभिन्न हुन्छन् । सांगठनिक रूपमा अघि बढाउन संस्था चाहिन्छ । सहकार्यका लागि विधिवत रूपमा स्थापना भएका संस्थाहरू नै सहकारी हुन्, सामान्य अर्थमा सहकारी भन्नाले सँगै मिलेर काम गर्नुलाई जनाउँदछ । कानूनी नजरमा सहकारी भन्नाले समान इच्छा आकांक्षा र अवस्था भएका व्यक्तिहरूको संस्था भन्ने बुझिन्छ तर त्यो संस्थाको पनि आफ्नै विशेषता हुन्छ, जुन संस्थाको सञ्चालन प्रजातान्त्रिक ढंगबाट हुनुपर्छ, संस्थाको सञ्चालकहरूमा इमान्दारीता र पारदर्शिता हुनुपर्छ । समानता एवं समन्यायमा आधारित कार्यसम्पादन हुनु पर्छ र संस्था विधि र कानूनको परिधि बाहेक स्वतन्त्र हुनु पर्छ ।

सहकार्य हाम्रो प्राचिन संस्कृति हो । एक हिसाबले भन्नु पर्दा सहकारीको उद्देश्य समाजवाद हो । हाम्रो समाजवादको बाटो समेत सहकारी श्रम, सामुहिक उद्यम र उत्पादन एवं नियन्त्रण नै हो । पुँजीवादी समाजमा एकल उत्पादन, एकल नाफा र नियन्त्रण हुन्छ । पुँजी लगानीको संस्कृति विकास नभइसकेको देशमा समाज निर्माणको आधार पनि सहकारी नै हो, जहाँबाट हाम्रा

“एउटै समुदायमा बस्ने समान उद्देश्य र सामुहिक भावना भएका व्यक्तिहरु स्वेच्छिक एवम् स्वस्फूर्त रुपमा आपसमा संगठित हुँदै सामुहिक नेतृत्व र प्रजातान्त्रिक विधिबाट सञ्चालन हुने स्वायत्त उद्यम नै सहकारी हो । समुदायका जुनसुकै वर्ग, धर्म, जाति र सम्प्रदायका मानिसहरु समान हैसियतमा एकै छानामुनी अटाउन सक्नु यसको विशेषता हो ।”

भावना अन्तर्घुलित हुन्छन् र त्यो भावनाले साझा संस्कृति र राष्ट्रियताको निर्माण गर्दछ ।

स्वभाविक र कुशल नेतृत्व विना कुनै पनि संस्था अघि बढ्न सक्दैन । यस्तो संस्थाले आफ्नो लक्ष्य तथा उद्देश्य हासिल गर्न सक्दैन । पहिलो कुरा नेतृत्व स्वभाविक हुनुपर्‍यो, दोस्रो कुरा नेतृत्व कुशल हुनुपर्‍यो । मेरो सहभागिता छ भन्ने कुरा सहकारी संस्थामा आबद्ध सबै सदस्यले महसुस गर्नुपर्‍यो । मानव समाज आधा हिस्सा पुरूष र आधा हिस्सा महिलाले बनेको छ । सहकारीको नेतृत्व अर्थात व्यवस्थापनमा पनि यही रूप छर्लङ्ग देखियो भने मात्रै स्वभाविक मानिन्छ । राज्यका अन्य क्षेत्रमा जस्तै सहकारीका प्रारम्भिक संस्था लगायत छाता संघहरूमा समेत नेतृत्वदायी भूमिकामा पुरूषहरू सँगसँगै महिलाको पनि सहभागिता रहन थालेको छ । आर्थिक सामाजिक रूपान्तरणको क्रममा राज्यका अन्य क्षेत्रहरूमा जस्तै सहकारीमा पनि समावेशिताको सवाल उठ्नु स्वाभाविक रहेको छ ।

अब रह्यो कुशल नेतृत्वको कुरा । कुशल नेतृत्व 'आफ्से आफ्' स्थापित हुने होइन अभ्यास र अनुभवद्वारा निर्माण गर्दै लैजाने हो । उदाहरणका रूपमा नेपाली समाजको सामाजिक संरचना वर्षौंदेखि चलिआएको साँस्कृतिक धार्मिक चालचलन, कामको वर्गीकरणजस्ता कारणले २१औं शताब्दीको अन्त्यसम्म पनि महिला र पुरूषबीच असमान व्यवहार गर्ने गरिएको पाइन्छ । शैक्षिक, बौद्धिक लगायत हरेक पक्षमा सक्षम हुँदाहुँदै पनि सामाजिक दृष्टिकोणमा पुरूष बलियो एवं मर्यादित र महिला कमजोर एवं अपहेलित अवस्थाबाट गुज्रनु परिरहेको छ । अझसम्म पनि अशिक्षा, कुरीति, गरिबी, अनमेल विवाह, बालविवाह, दाइजोप्रथा, बोक्सीको आरोपजस्ता कुप्रथाबाट पुरूषहरु छिटपुट रूपमा मात्र पीडित तथा प्रभावित छन् भने अधिकांश रूपमा महिलाहरु नै यी प्रथा एवं हिंसाको सिकार हुँदै आएका छन् । यस्तो अवस्थामा नेतृत्वका लागि महिलालाई पर्याप्त अभ्यास र अवसर दिइनुपर्छ ।

सहभागिताको मर्म

जनसहभागिताको मर्म भनेकै महिला पुरूष दुवैको न्यायोचित सहभागिता हो । जनसहभागिताको अभावमा सहकारी संस्थाहरु अगाडि बढ्न नसक्ने निर्विवाद छ । सहकारी संस्था सदस्यको लागि सदस्यद्वारा सञ्चालित सदस्यको आफ्नै संस्था भएकोले जनआकांक्षाको पूर्ति जनसहभागिता विना सम्भव छैन । विगत वर्षका अनुभव र अन्य विकसित मुलुकहरूले सहकारी अभियानबारे गरेका अनुभवको आधारमा सहकारी संस्थाहरूले ठूलो लाभ उठाउन सक्नु पर्छ । नेपाल जस्तो कृषिप्रधान मुलुक तथा भर्खर मात्र विकासको पथमा वामे सर्न जुर्मुराएको अर्थव्यवस्थामा सहकारिताको कार्यान्वयन पक्षले निकै महत्वपूर्ण भूमिका खेलेको हुन्छ ।

साना तथा घरेलु उद्योग व्यवसायहरूको विकास नगरी ग्रामीण महिलाको जीवनस्तर सुधार्न सकिँदैन । यी उद्योग व्यवसाय सञ्चालन गर्ने उत्तम माध्यम पनि सहकारिता नै हो । सहकारिता उत्पादनका आन्तरिक स्रोत साधन परिचालन गर्ने माध्यम पनि भएका कारण महिलाको समानुपातिक सहभागिता अपिरहार्य छ । उत्पादनका आन्तरिक स्रोत साधन परिचालन गर्ने सरकारको वित्तीय नीति रहेको छ ।

सहकारीको स्थापना हुने भनेको सबै सदस्यहरूबाट प्राप्त रकमका आधारमा साना साना रकमहरूले ठोस परिणामको आधार खडा हुन्छ । स्थानीय स्तरका मानिसहरु आपसमा संगठित हुने हुँदा स्थानीय आवश्यकताको परिपूर्तिका लागि साना तथा घरेलु उद्योगको सञ्चालन गर्न सक्ने हुनाले विकासमा टेवा पुग्दछ । सहकार्यमा उत्पादन, विनिमय, वितरण व्यवस्थापन र बजार आदिमा सबै सदस्यहरू लाग्ने हुँदा आफ्नो अहित हुने र नोक्सानी हुने स्थिति आउने सम्भावना कम हुन्छ । कार्यक्रम प्रभावकारी नियमित तथा दीर्घकालीन उद्देश्यपूर्ण रहने हुनाले योजनाबद्ध आर्थिक विकासका लागि सहयोगी हुन्छ ।

राष्ट्रिय जनगणना, २०७८ अनुसार कुल जनसंख्याको ५१ दशमलव ५ प्रतिशत जनसंख्या महिलाको छ । राज्यको आधाभन्दा बढी हिस्सा ओगटेका महिलाको राज्यका हरेक तह, निकाय तथा सामाजिक संघसंस्थाहरूमा न्यून सहभागिता छ । आर्थिक गतिविधिमा महिलाको पहूँच प्रभावहीन छ । आर्थिक विपन्नताका कारण महिलाहरूको जीवनस्तर अत्यन्तै कष्टप्रद रहेको छ । सामाजिक सुरक्षा, आत्मनिर्णयको अधिकार, शैक्षिक गतिविधिमा संलग्नता, राजनीतिक क्षेत्रमा पहूँच, घुमफिरको स्वतन्त्रता जस्ता कुराहरु सीमित मात्रामा सहर केन्द्रित रहेको पाईन्छ भने ग्रामीण क्षेत्रका महिलाहरु यी सुविधाबाट पूर्ण रूपमा वञ्चितीकरणमा परेका छन् । यसैको छाँया सहकारीमा परेको छ । तर सहकारीका माध्यमबाट नेतृत्व विकास भई राज्य तह तथा संयन्त्रमा महिलाको प्रभावकारी सहभागिता बढेको पनि छ ।

जुन देश तथा समाजमा महिलाहरूले उद्यम गर्नुपर्छ वा आर्थिक गतिविधिमा संलग्न हुनुपर्छ भन्ने कुरा महसुस गरिएन त्यस्ता देश तथा समाज निसन्देह सबै कुरामा पछाडि परेका छन् । नेपालमा पनि २००७ सालसम्म त महिलाले व्यवसाय किन गर्नुपर्‍यो भन्ने मात्रै होइन महिलाको हातमा किन आर्थिक अधिकार दिने भन्ने मान्यता समाजमा थियो । अझै सम्पन्न परिवारका महिला छन् भने बुबाको सम्पत्ति छ वा लोग्नेको कमाई छ, किन दुःख गर्नुपर्‍यो वा छोरीलाई आयआर्जनको आवश्यकता नै छैन भन्ने चलन थियो । सदियौंदेखि महिलाहरु घरायसी काममा मात्र सीमित भएको हुँदा उत्पादनमुखी आर्थिक क्रियाकलापमा पुरूष वर्चश्व रहँदै आएको छ । दैनिक रूपमा महिलाले गर्ने कार्यबोझलाई आर्थिक क्रियाकलापमा रूपान्तरण गर्ने हो भने घरेलु महिला पनि रोजगार छन् भन्न सकिन्छ । तर, पुरूषको तुलनामा महिलाहरु विभिन्न सुविधाहरूबाट वञ्चित रहेका हुनाले आर्थिक स्थिति नाजुक रहेको हुन्छ । न्यून संख्यामा रोजगारीमा रहेका महिलाले कमाएको पारिश्रमिक माथि पनि घरमुली अथवा पुरूषको प्रत्यक्ष अप्रत्यक्ष नियन्त्रण रहेको हुन्छ ।

सहकारीको मर्म भनेकै समानता हो । सहकारीको आर्थिक पाटो जति महत्वपूर्ण छ त्योभन्दा बढी महत्वपूर्ण सामाजिक पाटो छ । सहकारीको उद्देश्य भनेको महिला सशक्तिकरण पनि हो । हरेक ठाउँमा पुरूषको उपस्थिति देख्दा बुर्का र घुम्टोले

मुन्टो छोपेर नबसुन्, निर्धक्कसँग अन्तरक्रिया र कुराकानी गर्न सकुन्, शारीरिक हिंसाको त्रासबाट मुक्त होउन्, सुरक्षा महसुस गर्न सकुन्, पतिको गलत विचारलाई औंल्याउन सकुन् ।

समाजमा विद्यमान धनी र गरिबबीचको भेदलाई निर्मूल गर्नु नै आर्थिक समानता हो र यी दुईबीचको भेद अन्त्य नै समाजवाद हो । आर्थिक परिवेशमा देशका सम्पूर्ण अङ्गहरु समेटिएर रहेका हुन्छन् भन्दै देश र समाजको प्रत्येक कोण र प्रत्येक इकाईलाई नै उत्पादनले अठ्याइरहेको हुन्छ । सहकारिताको माध्यमबाट गरिएको उत्पादनले समानता ल्याउँछ, समाजवादलाई मद्दत पुऱ्याउँछ, निजी क्षेत्रबाट उत्पादन वृद्धि छिटो गर्न त सकिएला तर यसले असमानताको खाडल बढाउँदै लैजाने भएकोले समाजवादको लक्ष्यलाई टाढा धकेल्छ ।'

साना तथा तल्लोस्तरका मजदुरहरुदेखि अरुको जग्गा कमाउने मोहीसम्मको हक र हितको संरक्षणमा सहकारी जोडिनुपर्छ । सहकारी अवधारणाले पनि यिनै वर्गको समुत्थानमा विशेष जोड दिँदै आएको छ । जो समाजमा आर्थिक रुपले पिछडिएका साना तथा सीमान्त कृषक कालिगढ मजदुर आदि उत्पादकवर्गहरुले उसको उत्पादनको उचित मूल्य पाउनुपर्छ । अनि उत्पादनको निमित्त आवश्यक पर्ने श्रोत, साधन, सीप, बजार, प्राविधिक परामर्श सेवामा सहकारी संस्थाहरुको उल्लेखनीय सेवा आवश्यक हुन आउँछ ।

धरातलीय यथार्थता

आर्थिक सर्वेक्षण, आर्थिक वर्ष ०७९/८० मा उल्लेख गरिएअनुसार यस आर्थिक वर्षको ०७९ फागुनमा सहकारी संघ संस्थाको संख्या ३१ हजार ३ सय ७३, सेयर सदस्य संख्या ७३ लाख ८१ हजार २ सय १८ र सेयर पुँजी ९४ अर्ब १५ करोड रहेको छ । सहकारी क्षेत्रमा ४ खर्ब ७८ अर्ब ३ करोड बचत परिचालन मार्फत ४ खर्ब २६ अर्ब ३५ करोड रूपैयाँ कर्जा प्रवाह भएको छ । ०७९ असारसम्म सहकारी क्षेत्रमा ९१ हजार ३ सय प्रत्यक्ष रोजगार रहेकोमा ०७९ फागुनसम्म यस्तो रोजगार ९३ हजार ७ सय ७१ पुगेको छ । सहकारिताको मुख्य पाटो सामाजिक सशक्तिकरण हो । सामाजिक सशक्तिकरणको पहिलो शर्त आर्थिक सवलीकरण हो जबसम्म महिलाहरुको आर्थिक उन्नति हुन सक्दैन तबसम्म आधारभूत आवश्यकता परिपूर्ति हुनसमेत गाह्रो हुने, आम्दानी नहुँदा बचत सञ्चय गर्न सक्दैनन्, जसले गर्दा नेपाली महिलाको स्तर उन्नति हुन नसकिरहेको हो । सफल सहकारिताको विकाससँगै यो सोचमा परिवर्तन आइसकेको छ । अहिले समाजमा महिलाहरु पनि आर्थिक कार्यमा सक्रिय रहेर आत्मनिर्भर हुनुपर्छ भन्ने सोच आएको छ । तर, यतिले मात्रै पुग्दैन । सुरूदेखि नै महिला सीमित क्षेत्रमा मात्रै उद्यमीका रूपमा कार्यरत थिए । हस्तकला लगायत घरमै बसेर गर्न सकिने सानातिना कामहरु, कृषि क्षेत्र, परिकार बनाउनेजस्ता कामबाट महिला उद्यमशीलता विकास हुँदै आएको हो । पछि यसलाई व्यवसायिक बनाउनुपर्छ भन्ने सोच पनि आउन थालेको छ । बैंक





सामाजिक सशक्तिकरणको पहिलो शर्त आर्थिक सवलीकरण हो जबसम्म महिलाहरूको आर्थिक उन्नति हुन सक्दैन तबसम्म आधार भूत आवश्यकता परिपूर्ति हुनसमेत गाह्रो हुने, आम्दानी नहुँदा बचत सञ्चय गर्न सक्दैनन्, जसले गर्दा नेपाली महिलाको स्तर उन्नति हुन नसकिरहेको हो ।

वित्तीय, सहकारी संस्था र पर्यटनजस्ता सेवा क्षेत्रमा महिला थोरै थिए । अहिले उद्यम तथा व्यापारतिर पनि महिलाहरुको संख्या बढ्दै छ । अवसर पाए सबै क्षेत्रमा महिलाले सफलता हासिल गरेको देखिएको छ । इच्छा र आवश्यकता अनुसार क्षमता अभिवृद्धि गर्दै सीप, सूचना, प्रविधि र लगानी

गर्न सकियो भने आर्थिक रूपमा उनीहरु पनि आत्मनिर्भर हुन सक्दा रहेछन् । महिलाहरु सहकारीमार्फत बचत ऋण लगानी गर्दै सामाजिक कार्यमा पनि धेरै नै कार्य गरिरहेका छन् । सहरी क्षेत्रमा सञ्चारमा, होटेल व्यवसाय, पर्यटन क्षेत्रमा धेरै महिला उद्यमीहरु छन् । केही महिलाले व्यक्तिगत र सामूहिक रूपमा माछापालन, सामूहिक कुखुरापालन, पशुपालन र खुद्रा व्यापार, बुटिकमा राम्रो आम्दानी गरेका छन् । महिलाहरूमा प्रगतिशील सोच आइसकेको हुनाले विगतको जस्तो स्थिति रहेन र समय विस्तारै परिवर्तन हुँदै गएको छ ।



सहकारी अभियानलाई सहि दिशामा मोड्न, सक्षम नेतृत्वको आवश्यकता पर्छ । तर हाल नेपालमा तालिम प्राप्त दक्ष प्राविधिकहरूको कमी रहेको छ । अदक्ष व्यक्तिहरूद्वारा सञ्चालित सहकारी संस्थाहरूबाट ठोस परिणामको आशा राख्न सकिँदैन । नेपालमा साक्षर जनसंख्या कुल जनसंख्याको केवल ७० प्रतिशत पुगेको छ । सहकारी संस्थाहरूको नेतृत्व जहाँजहाँ सहि व्यक्तिको हातमा पुगेको छ, त्यहाँ प्रभावकारी रूपमा सञ्चालित देखिएको छ । नेतृत्वको कारणले गर्दा कतिपय सहकारी संस्थाहरू प्रभावकारी सुसञ्चालन हुन नसकेको र धरासायी हुन थालेका छन् । सहकारीको असफलताका कारणहरूमध्ये उद्देश्य विपरितका कार्य गर्नु, अपर्याप्त योजना, सदस्य केन्द्रियताको अभाव, समुदाय केन्द्रित नभई पारिपारिक रूपमा सञ्चालन हुनु, सक्षम व्यवस्थापनको अभाव, जोखिम पहिचान र न्यूनीकरणको अभाव, वित्तीय विश्लेषण नहुनु, सुशासनको अभाव आदि ।

समावेशीकरण केका लागि

नेपालको राजनीतिक परिवर्तनसँगसँगै मुलुकमा पनि महिला अधिकारका लागि विभिन्न परिवर्तनहरु भएका छन् । नेपालको संविधान २०७२ ले राज्यका हरेक निकायमा महिलाको सहभागिताका लागि ३३ प्रतिशत सिट सुरक्षित गरेको छ । कानूनत अधिकार प्राप्त भएता पनि व्यावहारिक रूपमा कार्यान्वयन गर्न अझ बाँकी नै छ । कानूनमा व्यवस्था भएअनुसार सहकारी क्षेत्रमा पनि समस्या उही रहेको छ । केही प्रतिशत आरक्षण गरेको सिटमा महिला रहँदारहँदै पनि निर्णायक बिन्दुमा आइपुग्दा महिलाको धारणा वा विचार गौण बन्ने गरेको छ । भाषण र बोलीमा महिला मैत्री भए पनि महिला महिलामा र अन्य राजनीतिक सहकर्मीका बीच व्यापक भेदभाव र हिंसा भएको पाइन्छ । जबसम्म राजनीतिक भेदभाव र हिंसा अन्त्य हुँदैन तबसम्म मुलुकमा चाहेर पनि समृद्धि हासिल हुन सक्दैन ।

पछिल्लो समयमा वैदेशिक रोजगारीका क्रममा देखिएका केही विकृतिका कारण पारिवारिक विखण्डन बढ्न गई हिंसामा पर्ने पुरूषको तुलनामा महिलाहरु नै बढी पीडित र शोषणमा परेको पाइन्छ । यी यावत समस्याका कारण निर्णायक तहमा महिलाको पहूँच पुग्न नसकेको देखिन्छ ।

जसको कारण निम्नानुसार उल्लेख गर्न सकिन्छ । महिलाहरूको बढी समय घरायसी काममा व्यतित हुँदा सहकारीमा समय दिन नसक्नु । प्राप्त हुने अवसरहरूमा तथा स्रोतसाधनमाथि महिलालाई कम महत्व दिइनु । महिलाका लागि राज्य स्तरबाट केही सकरात्मक विभेद गरी आरक्षणको व्यवस्था गरेता पनि त्यसको असर न्यून रहनु । आयआर्जनका क्षेत्रमा महिलाको पहूँच न्यून रहनु तथा नियन्त्रणको अवस्था न्यून रहेका कारण सहकारीमा महिला नेतृत्व स्थापित हुन नसक्नु । पितृसत्तात्मक सामाजिक संरचना एवं धार्मिक, साँस्कृतिक परम्परा र विभेदका कारण प्रमुख नेतृत्वमा महिला आउन नसक्नु । सामाजिक सुरक्षाका कारण महिलाहरु नेतृत्वमा आउन नसक्नु । प्रतिस्पर्धाबाट नेतृत्व चयन प्रक्रियामा महिलाहरु सहभागी हुन नचाहनु । आरक्षण गरेका स्थानमा बाहेक अन्य स्थानहरूमा महिला सहभागिता हुन नसक्नु । नीति निर्माणका समयमा महिलाको उपस्थिति अनिवार्य नठानिनु र महिला पनि यसका लागि तयार नहुनु लगायतका समस्या छन् ।

महिला सशक्तिकरण बढ्नासाथ बहुविवाह गर्न रोक लगाउने, छोरीलाई उमेर पुगेपछि मात्र विवाह गर्न प्रेरित गर्ने, दाइजो प्रथाको विरूद्धमा बोल्न सक्ने, आफ्नो घरपरिवारको समस्या र उपलब्ध समाधानको विकल्पका बारेमा जानकारी राख्ने, भविष्यको योजना निर्माण गर्नसक्ने, भविष्यमा प्रतिफलका कार्यहरु गर्न सक्षम हुने, सन्तानका लागि वा शरीरका लागि चाहिने पौष्टिकयुक्त खानेकुरा खुवाउने, छोराछोरीलाई समान शिक्षा दिने, ऐननियमका बारेमा जानकारी राख्ने, आवश्यकता अनुसार संघसंस्थासँग सरसहयोग लिन/दिन सक्ने, विभिन्न संस्थाका बारेमा, कार्यक्रम, जानकारीका बारेमा सचेत रहन र आवश्यक परेको खण्डमा अरूको मद्दत गर्न सक्ने गरी महिला सशक्त हुन्छन् । अनि मात्रै सहकारीले गति लिन सक्छ ।

विश्वव्यापीकरणको आजको युगमा महिलाको सर्वाङ्गिण पक्षको विकास

जरूरी छ । उनीहरु माथि हुने नीतिगत र व्यवहारगत भेदभाव र हेयको पात्रको दृष्टिकोण हटाईनुपर्छ । त्यसका लागि महिला शिक्षा जरूरी छ । जुन विनासर्त हरेक छोरीले प्रकृतिप्रदत्त हकको रूपमा पाउनै पर्छ । तब मात्रै वास्तविकतामा महिला सशक्तिकरण प्राप्त हुने वा भएको मापन गर्न सकिनेछ । त्यो सबै काम सम्पन्न गर्न महिलाको सक्दो बढी राजनीतिक सहभागिता जरूरी छ । निम्न तहदेखि उच्च तहसम्म महिलाको पहूँच जरूरी छ त्यो चाहे नीति निर्माण तहमा होस् वा शासन सत्ताको तप्कामा किन न होस्, महिला संख्या बढीभन्दा बढी हुनै पर्छ । हरेक महिलाहरु निसंकोच घरबाहिरको कामहरूमा संलग्न जनाउन सक्नु अर्थात अड्डा अदालत, बजार किनमेल, बैंकिङ्ग गर्ने, तालिममा सहभागी हुने, घुमफिर गर्ने, सामाजिक कार्यमा संलग्न हुने, विरोध जुलुस आदिमा भाग लिन सक्ने गतिशील एवं दृढविश्वास हुनु, नेतृत्वको विकास ऐक्यबद्धता कायम गर्न, हरेक क्षेत्रमा पहूँच राख्नु, सम्भावित उत्पीडनबाट बाँच्न सक्ने क्षमताको विकास गर्न सक्ने क्षमता सशक्तिकरणको सूचकका रूपमा लिन सकिन्छ ।

निष्कर्ष

समावेशी नेतृत्व विकासका लागि सहकारी संस्थाहरू अब्बल साबित हुँदै गएका छन् । नीतिगत रूपमै समावेशिताका लागि महिला तथा लक्षितवर्गलाई आरक्षणको व्यवस्था गरेर नेतृत्वमा स्थापित गर्न थालिएको छ । सहकारी संस्थाको सञ्चालक समितिमा रहेर काम गरेका धेरै महिलाहरू स्थानीय तह, प्रदेश तथा संघमा समेत जनप्रतिनिधिको रूपमा प्रत्यक्ष निर्वाचित भएका उदाहरण छन् । राज्यका हरेक क्षेत्रमा सहकारीबाट खारिएर आएका नेतृत्व स्थापित हुँदै अब्बल साबित भएका छन् । यसमा पनि अहिलेको संख्यालाई बढाएर लैजानुपर्ने देखिन्छ । सहभागिताको हिसाबले सहकारीमा महिला सहभागिता ५६ प्रतिशत रहेको भएतापनि नीतिनिर्माण तहमा अझै उल्लेख्य सहभागिता हुन सकिरहेको छैन । राज्यबाट प्राप्त सुविधा उपयोग गर्दै महिलाले मात्र सञ्चालन गरेका करिब ४ हजार सहकारी संस्थाहरू सुशासनमा रहेका, सञ्चालन खर्च कम रहेको र भागेका, ठगेका, हिनामिना गरेका समाचार सुनिएको छैन । यसबाट यो कुराको पुष्टि हुन्छ कि, महिलामा आफुले प्राप्त गरेको जिम्मेवारी बहनगर्ने अब्बल क्षमता हुन्छ, इमान्दारिता हुन्छ । आउने दिनमा प्रारम्भिक संस्था देखि छाता संघहरूमा पनि पहिलो पदमा महिला नेतृत्व स्थापित गर्न सहकारी लगायत सबै संघ संस्थाहरूले कन्जुस्याई गर्नुहुँदैन ।



हार्दिक शुभकामना

नेपालका बचत तथा ऋण सहकारीहरुको एक मात्र शीर्ष संघ
नेफ्स्कूनको गरिमामय



३६औं स्थापना दिवसको अवसरमा स्मारिका प्रकाशन गर्न गईरहेकोले संघको उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

भक्तपुर जिल्ला
बचत तथा ऋण सहकारी संघ लि.

सुर्यविनायक-८, भक्तपुर, ६६१४३०५, ६६१४६०५,
थिमि सेवा केन्द्र: ६६३०८६८,
वेबसाइट: www.bhaktapurdcu.coop.np,
इमेल bktsaccu@gmail.com

परिकल्पना : दिगो सहकारी विकासका लागि संघ

ध्येय : व्यवसायिक तथा प्रतिस्पर्धि वित्तीय तथा प्राविधिक सेवाको माध्यमबाट बचत तथा ऋण सहकारी संस्थाहरूको प्रवर्द्धन एवं सम्बर्द्धन गर्न समन्वयकारी भूमिका खेल्नु

३) उद्देश्यहरू :
- आबद्ध सदस्य संस्थाहरूको क्षमता वृद्धि
- अन्तर लगानी विस्तार
- संस्था प्रर्वद्धन तथा विकास
- समन्वय/पहलकदमी भूमिका
- संघको प्रभावकारी व्यवस्थापन
- जनचेतना अभिवृद्धि

४) सेवाहरू :
अन्तरलगानी सेवा, तालिम तथा शिक्षा सेवा, स्टेशनरी सेवा, प्रकाशन सेवा, परामर्श सेवा, समन्वय सेवा

नारी संकल्प
बचत तथा ऋण सहकारी संस्था लि.

उर्लाबारी ७, पशुपतिमार्ग, मोरङ
फोन: ०२१-५४१३९२
इमेल: narisankalpasaccos@gmail.com

परिकल्पना: आर्थिक रूपमा सवल, दिगो, गुणस्तरीय सेवा प्रदायक स्वास्थ्य प्रतिस्पर्धी वित्तीय सहकारी संस्था

ध्येय : सरहकारी मुल मर्मलाई आत्मासाथ गर्दै सम्पूर्ण वित्तइि सेवा मार्फत सदस्यहरूको आर्थिक, सामाजिक र साँस्कृतिक जीवनस्तरमा परिवर्तन ल्याउने ।

सदस्य संख्या : ३२५०

वित्तीय अवस्था	
शेयर पुँजी	१,३९,३३,७००
कुल बचत रकम	१०,९९,००,०००
कोषहरू	१,८५,९९,६०३
ऋण लगानी	१३,१९,८४०००
वित्तीय लगानी	१८,७८,८७६

नेफ्स्कूनसँगका अनुभव र अनुभूतिहरू

लेख



प्रकाश प्रसाद पोखरेल

निवर्तमान प्रमुख कार्यकारी अधिकृत

नेफ्स्कून

नेपालको सहकारी अभियानको अभ्युदयदेखि नै बचत अभियान सबैभन्दा महत्वपूर्ण हिस्साको रूपमा स्थापित हुँदै आएको छ । साँच्चै भन्ने हो भने बचत अभियान सहकारी अभियानको पर्याय बनेको छ । बचत अभियानको मियो नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. नेफ्स्कूनले सदस्य संघ संस्थाहरूको आर्थिक, सामाजिक, साँस्कृतिक उन्नयनसँगै नेतृत्व निर्माण एवम् विकासमा समेत स्थापनाकालदेखि नै भूमिका निर्वाह गर्दै आएको छ । यो संघ सहकारी ऐन २०४८ र सहकारी नियमावली २०४९ निर्माण पश्चात २०५० साल भाद्र २९ गते विधिवत् स्थापना भएता पनि बचत समूह तदर्थ समितिको रूपमा भने २०४५ साल साउन ३२ गते १६ वटा अनौपचारिक बचत समूहहरूलाई गोलबद्ध गरी आकार ग्रहण गर्न सफल भएको थियो । सोही कारण उमेर र आबद्धताको हिसाबले मुलुककै जेठो सहकारी संघले साउन ३२ गतेलाई स्थापना दिवसको रूपमा मनाउँदै आएको छ । यो वर्ष अर्थात् २०८० साल ३६औं स्थापना दिवस मनाउँदै गरेको नेफ्स्कून उमेर, अनुभव र कारोबारको दृष्टिले परिपक्वता तिर प्रवेश गरेको भन्दा अत्युक्ति नहोला ।

मुलुकभर छरिएर रहेका अनौपचारिक बचत समूह र अत्यन्त न्यून संख्यामा रहेका बचत ऋण सहकारीहरूलाई संगठित र सशक्तिकरण गरी बचत ऋण मार्फत पुँजी निर्माण र पुँजी परिचालन गरी जनताको जीवनस्तर उकास्ने यसको सुरूवाती उद्देश्य थियो । क्रेडिट युनियनको अन्तर्राष्ट्रिय सञ्जालसँग जोडिएर यस संघले विश्वका असल अभ्यासहरूबाट सिक्ने र नेपालको परिवेश अनुकूलका औजारहरूको आन्तरिकीकरण गरी सदस्य संस्थाहरूलाई हस्तान्तरण गर्ने काम गर्दै आएको छ । बचत ऋण सहकारीहरूको महादेशीय सञ्जाल एसियाली ऋण महासंघ (आकू) सँग सन् १९९८ र विश्वस्तरीय सञ्जाल विश्व ऋण परिषद् (ओकू) सँग सन् २०१८ मा जोडिएको नेफ्स्कून सन् २०८० मा संसारभरका सहकारीहरूको एकमात्र सञ्जाल अन्तर्राष्ट्रिय सहकारी महासंघ (आईसीए) सँग आबद्ध भएको छ भने अन्तर्राष्ट्रिय राईफाईसन यूनियन (आइआरयू) सँग पनि सदस्यताको लागि अन्तिम चरणमा पुगि सकेको छ । नेफ्स्कूनको अन्तर्राष्ट्रिय सञ्जाल हेर्दा नेपालको सहकारी अभियान एशियादेखि उत्तर, दक्षिण अमेरिका, युरोपदेखि अष्ट्रेलिया सम्म पुगेको छ । यी महादेशका सहकारीका कुनै न कुनै माथिल्ला निकायसँग नेफ्स्कूनले सहकार्य गरेको छ । अन्तर्राष्ट्रिय सञ्जालीकरणमा नेफ्स्कूनले आफ्नो श्रेष्ठता कायम गरेको छ जसले गर्दा विश्व साकोस र सहकारी अभियानमा

> बचत ऋण सहकारीहरुको महादेशीय सञ्जाल एसियाली ऋण महासंघ (आकू) सँग सन् १९९८ र विश्वस्तरीय सञ्जाल विश्व ऋण परिषद् (ओकू) सँग सन् २०१८ मा जोडिएको नेफ्स्कून सन् २०८० मा संसारभरका सहकारीहरुको एकमात्र सञ्जाल अन्तर्राष्ट्रिय सहकारी महासंघ (आईसीए) सँग आबद्ध भएको छ भने अन्तर्राष्ट्रिय राईफाईसन यूनियन (आइआरयू) सँग पनि सदस्यताको लागि अन्तिम चरणमा पुगि सकेको छ ।

भित्रिएका जुनसुकै नवीवनत ज्ञान, सीप र प्रविधि आन्तरिकीकरणमा सहयोग पुगेको छ । नेफ्स्कूनको यो उपलब्धि र यसमार्फत सदस्य संघसंस्थाहरूको सामूहिक उपलब्धिले समग्र साकोस अभियानको श्रीवृद्धिमा पनि सहयोग पुगेको छ ।

यसरी बलियो र बिशिष्ट पहिचान बनाउन सफल नेफ्स्कूनको व्यवस्थापकीय नेतृत्वमा रहेर काम गर्ने अवसर मैले प्राप्त गरेँ । व्यक्तिगत रूपमा यो मेरा लागि बाह्य चुनौतीहरू तथा आन्तरीक समस्याहरू मिश्रित अवसर थियो जसलाई मैले बोध गरेरै ग्रहण गरेको थिएँ । करिब २ दशकभन्दा लामो सहकारी क्षेत्रको अनुभव विषयगत केन्द्रीय संघमा आयात गरी ऊर्जामा परिणत गर्ने प्रबल चाहनाले लिइएको 'कन्सस डिसिजन' थियो त्यो । भनिन्छ 'जीवन एउटा रोलर कोष्टर राइड' हो । नायब कार्यकारी प्रमुखबाट प्रवेश गरी कायम मुकायम प्रमुख कार्यकारी अधिकृत हुँदै प्रमुख कार्यकारी अधिकृत सम्मको जिम्मेवारीका क्रममा बिताएको ४ वर्ष २ महिना पनि त्यस्तै मिश्रित भावहरूसहितको संक्षिप्त तर अविस्मरणीय यात्रा रह्यो । नेफ्स्कून प्रवेश गरेका १ महिनामै ३२औं स्थापना दिवस मनाउने अवसर पाएको म ३६औं वार्षिकोत्सवको एक महिनाअधि व्यवस्थापनको प्रमुखको जिम्मेवारी बाट अलग्गिएँ । प्रत्यक्ष भूमिकाबाट बाहिरिए पनि नेपालको साकोस र सहकारी अभियानसँग भने परोक्ष रूपमै भएपनि जोडिइरहने अदम्य साहस, समर्थन र सम्मान पाएको महसुस गरेको छु ।

नेफ्स्कूनको कार्यानुभवको 'रेट्रोस्पेक्ट' गर्दा आफ्नो व्यवस्थापकीय दक्षता क्षमतामा वृद्धि, सहकारी अभियान र सहकारिता मर्मको बुझाइमा थप निखारता, सहनशिलतामा बढोत्तरी, केही राष्ट्रिय र अन्तर्राष्ट्रिय अनुभव एवं सञ्जालमा वृद्धि, जुन सम्बन्धमा फैलावट तथा व्यवसायिक रणनीतिक योजनाको विश्लेषणमा गहिराइमा पुगको अनुभव गरेको छु । केही संस्थाहरूको नेतृत्व र थोरै संस्थाहरूको व्यवस्थापनमा सहकारी र सहकारिताको अर्थ र वास्तविकताको आत्मानुभूतिको अभाव देखेँ, सहकारी आवश्यकताका आधारमा स्थापित व्यवसायिक ईकाइ हो भने छरिएर रहेको पुँजीलाई एकीकृत गरी लगानीका लागि योग्य बनाउने सामाजिक व्यवसाय भएको बुझाइमा कमी पाएँ । सहकारी साधन हो साध्य होइन तर कतिपय नेतृत्वले यसलाई साध्यको रूपमा बुझेको पाईन्छ । सहकारी गरिबी निवारणको निर्विकल्प माध्यम वा औजार भएकोले किसान कालीगढ मजदुर र श्रमजिवीको साथी र सारथी अनि व्यवसाय गर्न आँट र हुटहुटि प्रदान गर्ने जनअनुमोदित संरचना हो, सहकारी र सहकारितामा अझै पनि व्यवसायिकता प्रर्वद्धनलाई प्राथमिकतामा कमि भएको देखिन्छ । यो निजी क्षेत्रभन्दा नितान्त भिन्न छ र सेवा सहितको नाफा, दीर्घकालिक सोच अनि विशिष्ट पद्धति, विधि र प्रणाली भएको संस्था हो । छुटै प्राज्ञिक विधाको रूपमा विकास भइरहेको क्षेत्र, स्वायत्त र स्वतन्त्र निकाय, स्वनियमनकारी निकाय हो तर स्वनियमनका नाममा र सहकारिताको भावना र सहकारीको उद्देश्यमा विचलन आएको अवस्था छ । सहकारीले उत्पादक उपभोक्ता र वितरक रूपमा काम गरी कुनै पनि विचौलियाको अन्त्यमा लाग्नु पर्ने देखिन्छ र सदस्य केन्द्रित सेवामा समर्पित हुन सक्नु पर्दछ जुन विषयमा सबैको बुझाइमा साझापन नभएको महसुस गरेँ ।

सहकारिताको अभ्यास एउटा जीवन दर्शन हो जहाँ विचार र बहसको साझा थलोको रूपमा विकास भईरहेको उदीयमान सवालहरूलाई सम्वोधन गर्न सक्ने एक अन्तर्राष्ट्रिय सिद्धान्त, मूल्य र पद्धति भएको संरचना हो । यसले दिगो विकासका लक्ष्य पुरा गर्ने साधनको रूपमा पनि कार्य गरिरहेको छ र यसलाई नेतृत्व विकास, आर्थिक, समाजिक, साँस्कृतिक रूपान्तरण र जीवन समृद्धिको पर्यवाची एवं जागरण र चेतना अभिवृद्धिको माध्यमका रूपमा लिनु पर्दछ । सहकारी क्षेत्रको उदीयमान सवालहरूमा डिजिटाइज, डिजिटलाईजेशन, डिजिटल इनक्लुजन, डिजिटल ट्रान्सफरमेशन, साईवर सुरक्षा, तथ्यांक र सूचनाको गोपनीयता तथा सो को व्यवस्थापन पनि रहेको छ, जसको लागि नेफ्स्कूनले इआरपी को अवधारणाको अध्ययन गरी कार्य प्रारम्भ भई पहिलो चरणको काम सम्पन्न भएको छ । जोखिम व्यवस्थापन, जसको लागि विभिन्न विपद् तथा महामारीमा विपद् तथा व्यवसाय निरन्तरता योजना प्रभावकारी कार्यान्वयन, संकट व्यवस्थापन जसका लागि कार्यशील पुँजी र तरलता, ट्रेजरी व्यवस्थापन जसका लागि वित्तीय जोखिमको विश्लेषण र कोषहरूको रणनैतिक प्रयोग जसले लागत, सञ्चालन तथा वित्तीय जोखिम कम गरी स्रोतको उच्चतम प्रयोग गर्न सक्नु पर्दछ जुन नेफ्स्कूनमा अलग्गै यूनिट तयार गरी जोखिम र ट्रेजरी व्यवस्थापन गर्नु पर्दछ जसको अवधारणा मैले व्यवस्थापन विज्ञहरूसँगको कन्सल्टेशन, अभियानको मर्म तथा उदयीमान आवश्यकतालाई सम्बोधनको आधारमा विकास गरी संघको संरचनात्मक ढाँचा समेत तयार गरिएको तर विडम्बना कार्यान्वयन हुन नसकेको तितो यर्थाथ छ ।

सहकारीमा दिगो व्यवस्थापन जसका लागि नेतृत्व छनौट प्रक्रिया जसको लागि फिट एण्ड प्रोपर टेष्टको व्यवहारिक अभ्यास आवश्यक छ । नेफ्स्कूनले गर्नुपर्ने धेरै छन्, प्रयत्न पनि धेरै गरिए, तर संघमा ऐक्यबद्धताको आवश्यकता छ, जसको लागि राजनीतिक विचारको आधारमा नभई साकोस अभियानमा पुऱ्याएको योगदान र संस्थामा गरेको असल अभ्यासका आधारमा सच्चा साकोसकर्मी नेतृत्वमा पुग्नुपर्दछ । सहि स्थानमा सहि व्यवस्थापन पदस्थापना, सदस्य सन्तुष्टि जसको लागि सदस्य सन्तुष्टि सर्वेक्षण र सोही अनुसारको वस्तु एवं सेवाको डिजाइन गर्नुपर्ने देखिन्छ । सहकारी संघ संस्थामा व्यवसायिक विविधिकरण तथा अवसरको विश्लेषण, सुशासन अभ्यास, सदस्यको अपनत्व र सहभागिता पनि सहकारीको दिगोपनाका विषयवस्तुहरू हुन जसलाई समयमा नै सम्बोधन गर्नुपर्ने देखिन्छ । जसका अतिरिक्त व्यवसायिक वातावरण स्कानिङका आधारमा व्यवसायिक अवसर पहिचानका साथै ट्यालेन्ट व्यवस्थापन, उत्तराधिकार योजना, बाह्य विज्ञको सदुपयोगिता (आफै जान्ने भन्ने प्रवृत्तिको अन्त्य गर्नुपर्ने देखिन्छ), र संघले अभ्यास गरिरहेको व्यवसायिक सोलुशनहरूको आईपिआर, ट्रेडमार्क, कपि राईट पनि लिनु पर्ने देखिन्छ र जसलाई दिगोपनाका लागि आम्दानीको स्रोतको रूपमा विकास गर्न सक्नुपर्ने देखिन्छ ।

सहकारीहरूले पालना गर्नु पर्ने नैतिक

आचरण तथा संस्थागत संस्कृतको पालना, नेतृत्व र व्यवस्थापनमा पनि पदीय, पेशागत र व्यक्तिगत आचरणको कमि भएको महशुस भएको देखिन्छ । सहकारी ऐन, नियमावली, कार्यविधिहरू तथा निर्देशनहरूको अक्षरस अनुपालना हुन नसक्नु पनि आजको चुनौतिको रूपमा देखा परेको छ जसको अनुपालनामा राज्य सँगको सहकार्यमा सञ्जालको नेतृत्वदायी भूमिका रहनु पर्दछ र सोही अवधारणालाई अभ्यास स्वरूप एकीकृत स्वयनियम मार्गदशन नियमित जारी गरिने असल अभ्यास रहेको छ भने सोलाई सदस्यहरूले अध्ययन गरी जारी मार्गदर्शनको पालनामा भने कमि देखिन्छ ।

मर्जर एक्युजिशन, जोखिम व्यवस्थापन, सुपरिवेक्षण, ई-गर्भनेन्स, सामाजिक उत्तरदायित्व वहन (समुदाय प्रति चासो), स्तरीकरण र स्थिरीकरण कोष, गुणस्तर सुनिश्चितता, केन्द्रीय तरलता कोष जसले ऐक्यवद्धता कोषको रूपमा कार्यान्वयन, संघ संस्थाले तयार गरेको रणनीतिक योजनामा उल्लेखित ध्येय, दुरदृष्टि, उद्देश्यहरू र क्रियाकलापहरूको तालमेल पनि आवश्यक देखिन्छ । खोज अनुसन्धान र विकास, मानव संशाधन बैंकको रूपमा विकास गरी विश्वविद्यालय सँगको सहकार्यमा सहकारी विषयको औपचारिक अध्यापन शुरूआत भएता पनि सो को नतिजामुखी सहकार्य र सक्षम मानव संशाधनको विकास र सहकारी क्षेत्रमा दक्ष मानव संशाधनको परिपूर्ति पनि सञ्जालको कार्य सूचिको प्राथमिकता हुनु पर्दछ । फलस्वरूप, सहकारीमा दक्ष जनशक्ति उत्पादनमा समेत नेफ्स्कूनको अग्रसरतामा सीटीईभीटी मान्यताप्राप्त छोटो अवधिको प्रमाणीकृत पाठ्यक्रमहरू विकास गरी लागु गरिएको छ । सरकारी मान्यताप्राप्त प्रमाणीकृत सहकारी जनशक्ति उत्पादनले यस क्षेत्रमा देखापरेको जनशक्ति अभावलाई केही हदसम्म पुरा गरेको छ । नेपालको वित्तीय सहकारीहरूलाई अन्तर्राष्ट्रिय एक्सेस ब्राण्डिङ कार्यक्रममा सहभागी गराई स्तरीकृत गर्न सफल बनाउने श्रेयको हकदार पनि नेफ्स्कून रहेको छ भने २०८० बाट सहकारी विभागसँग समझदारी विकास गरी नेफ्स्कून र विभागले संयुक्त रूपमा प्रोबेशन कार्यक्रमलाई अघि बढाईएको छ जसमा कार्यरत विभागीय अनुगमन अधिकृतहरूको कार्यदक्षता अभिवृद्धि र अद्यावधिकरण साथै प्राविधिक कर्मचारीहरूको संलग्नता बढाउनु पर्ने र निर्मम सुपरिवेक्षण गर्नुपर्ने र यदि समयमा दिइएको सुझाव कार्यान्वयन नभएमा कार्यक्रमबाट अलग गर्नुपर्ने देखिन्छ । संघले गरिरहेको व्यवसाय र सुपरिवेक्षणको सन्तुलन पनि चुनौति देखिन्छ, किनकी व्यवसाय गर्दा अनुगमन र सुपरिवेक्षणलाई प्रभावकारी बनाउनका लागि कठोर बन्न सक्नुपर्ने महसुस भएको छ ।

संघको व्यवस्थापकीय नेतृत्व जिम्मा लिदै गर्दा, अभ्यास र अनुभवबाट खारिँदै यस

भनिन्छ 'जीवन एउटा रोलर कोष्टर राइड' हो । नायब कार्यकारी प्रमुखबाट प्रवेश गरी कायम मुकायम प्रमुख कार्यकारी अधिकृत हुँदै प्रमुख कार्यकारी अधिकृत सम्मको जिम्मेवारीका क्रममा बिताएको ४ वर्ष २ महिना पनि त्यस्तै मिश्रित भावहरूसहितको संक्षिप्त तर अविस्मरणीय यात्रा रह्यो ।



संघले साकोस सञ्चालनका विधि र औजारहरु विकसित गर्नुका साथै बचत तथा ऋण सहकारी संस्थाहरुमा बहुआयामिक सेवाहरु विस्तार गरेको छ ।

छरिएर रहेको ससानो पुँजी संकलित गरी राष्टि«य पुँजी निर्माणमार्फत अर्थतन्त्रमा प्रत्यक्ष र परोक्ष योगदान गर्दै आएको यस संघले ४० वटा कार्यालयहरू मार्फत् २६ अर्ब भन्दा बढीको पुँजी परिचालन गरिरहेको नेफ्स्कूनले खासगरी गाम्रीण र बैंक तथा वित्तीय संस्था नपुगको अन्धकार ठाउँमा प्रारम्भिक बचत ऋण संस्थाहरू स्वतस्फूर्त गठन गर्ने अनुकूल वातावरण निर्माण, प्रवर्द्धन, प्राविधिक सहजीकरण एवम् निरन्तर परिस्कृत तालिम र शिक्षामार्फत मानव संशाधन एवम् सहकारीका सदस्यहरूको दक्षता अभिवृद्धि, गर्दै सहकारीको दिप प्रज्ज्वलित गर्ने काम गरेको छ भने २०७७ सालमा निर्माण गरिएको रणनैतिक योजना र उक्त योजनाले दिशानिर्देश गरेको ध्येय, लक्ष्य र उद्देश्यहरू उत्कृष्ठ छन् । संघको विश्वास अभिवृद्धिका लागि आफ्नै भवन निर्माणको कार्य थालनीले पनि वार्षिक रूपमा करोडौं घरवहाल स्वरूप आन्तरिक स्रोत बाहिरीनबाट बच्न सक्छ । उक्त रणनीतिक योजना अनुरूप राष्ट्रिय महिला गोष्ठी २०७४, पहिलो, दोस्रो र तेस्रो साकोस शिखर गोष्ठी, व्यवस्थापन प्रमुखहरूको राष्ट्रिय गोष्ठी, र प्रदेशस्तरीय सहकारी युवा सम्मेलन, लघुवित्त एवम् उद्यमशिलता विकास कार्यशाला गोष्ठी, साकोस एकरूपता प्रणाली २०७१ लगायत थुप्रै सफल प्रयासहरू 'नेफ्स्कून माइलस्टोनहरू' हुन् । नेफ्स्कूनको सदस्यता विस्तार नभइसकेको र आन्तरिक श्रोत बलियो भइनसकेको अवस्थामा नेपाल सरकार सहकारी विभाग, क्यानिडियन कोअपरेटिभ एशोसियसन, (CCA) एग्रिटेरा निदरल्याण्ड, यू एस सि क्यानाडा, यूएनएफपिए, कोडी ईन्टरनेशनल, सेसी

एशिया, सेसी यूनिटेरा, यूएनएफपिए, सामी हेल्वेटास, प्रमिस परियोजना, जिटीजेड, एक्सन एड लगायतका अन्तर्राष्ट्रिय दातृ संस्थाहरूले संघलाई आर्थिक र प्राविधिक सहायता उपलब्ध गराएका थिए भने पछिल्लो समयमा अन्तर्राष्ट्रिय दातृ निकायको सम्बन्ध स्थापित नभएकोमा २०८० सालमा आएर युएसएआईडी को सहकार्यले पनि थप हौसला भित्रिएको छ । नेफ्स्कूनको सिकाईबाट अन्य विषय र प्रकृतिका सहकारीहरू पनि फाईदा पुगेको देखिन्छ ।

नेफ्स्कूनले अन्तर्राष्ट्रिय सम्बन्धहरु मार्फत विभिन्न देशमा सहकारीले अवलम्बन गरेका विधि र पद्दति अनि परीक्षण गरिएका प्रविधिहरूलाई साकोस सञ्चालनका नविनतम औजारको रूपमा प्रवेश गराईयो । विश्वमा नै बचत तथा ऋण सहकारी संस्थाहरु सञ्चालन हुने छुट्टै दर्शन, विधि र प्रक्रियाहरु छन् र संस्थाको स्थायित्व, विकास र सुशासनको लागि त्यो अनुरूप नै संस्था सञ्चालन हुनुपर्नेमा जोड दिनुपर्दछ जसका लागि नेफ्स्कून भित्र पेशागत दक्षताको अभिवृद्धि हुन अझै खाँचो देखिन्छ । साकोसहरु एउटै नीति, एउटै विधि र उस्तै स्वरूपमा सञ्चालन हुनुपर्छ भन्ने अवधारणालाई नीतिगत व्यवस्था गरी प्रभावकारीता दिनुपर्नेछ भने सुरक्षित साकोसको लागि साझा सञ्जालीकरण एउटा अनिवार्य सर्त हो । सहकारी ऐन, २०४८ बमोजिम बचत तथा ऋण विषयका प्रारम्भिक सहकारी संस्था र जिल्ला स्तरीय संघहरु दर्ता भएका थिए । उनीहरूको स्वतन्त्र अस्तित्व छ र स्वायत्त पनि छन् । तर नीति र विधि भित्र रहेर संस्थाहरु सञ्चालन हुनु पर्छ, त्यो नीति र विधिमा एकरूपता हुनुपर्छ भन्ने विषयमा लामो समय बहस र अभ्यास भएको छ । संस्थाहरु सानो वा ठूलो जस्तो आकारको भए पनि तिनिहरूमा दृश्यमा एकरूपता, आन्तरिक नीतिमा एकरूपता, ब्याजदरमा एकरूपता हुनुपर्छ भन्ने विषयलाई नेफ्स्कूनको स्कूलिङ भित्रका संस्थाहरूले स्वीकार गरिसकेका छन् भने सहकारी ऐन, २०७४ मा उल्लेख गरिएको संघको अनुगमन र गुणस्तर सुनिश्चिततालाई मुख्य कार्यक्षेत्रको रूपमा विकास गर्नुपर्ने देखिन्छ ।

नेपालमा सुरक्षित, दिगो र विश्वसनीय साकोसहरु मार्फत समुदायका व्यक्तिहरूको जीवनस्तर सुधार गर्ने परिकल्पना नेफ्स्कूनले लिएको छ । यो नेफ्स्कूनको मात्र एजेण्डा नभई सम्पूर्ण साकोस अभियानको सोच हो । यस अनुरूप नेफ्स्कूनले लिएका उद्देश्यहरु प्राप्त गर्नका लागि साकोस अभियानमा एउटा खाका तयार भइसकेको छ । यसमा सबै सम्बन्धित पक्षहरूको इमान्दार प्रयासको खाँचो छ । काम गर्ने क्रममा आएका सैद्धान्तिक तथा कार्यगत विमति र समस्याहरूको गाँठो फुकाउँदै अगाडि बढ्नु पर्ने हुन्छ । अबको दिनमा नेपालको बचत तथा ऋण सहकारी संस्थाहरूले नविनतम प्रविधिहरूको प्रयोग गरि उत्कृष्ट वित्तीय सेवा प्रदान गर्नुपर्ने अवस्था आईसकेको छ । अबको केही वर्ष भित्रै सञ्जाल भित्र नआएका संस्थाहरूलाई सञ्जाल भित्र ल्याउने, सञ्जाल भित्र रहेको तर सुशासन अवस्था कमजोर भएकालाई कढाई गर्नुपर्ने, प्रविधिको प्रयोग गरेर नेपालका जुनसुकै साकोसका सदस्यहरूलाई जहाँसुकै बाट सहज वित्तीय सेवा उपलब्ध हुने अवस्था सृजना गर्ने र वित्तीय सेवालाई पूर्ण रूपमा डिजिटलाइज्ड गर्नु आवश्यक छ । अब छुट्टै साकोस ऐनमार्फत वित्तीय सहकारीहरूलाई सुशासित, मर्यादित, दिगो र सञ्जालीकृत गर्ने अभियानमा नेफ्स्कून लागेको छ । यस्तै, अन्तर्राष्ट्रिय सहकारी महासंघ (आईसीए) ले घोषणा गरेको दोस्रो सहकारी दशक (सन् २०२०-२०३०) को जनता केन्द्रित मार्ग, संयुक्त राष्ट्र संघले सन् २०१५-२०३० सम्मका लागि घोषणा गरेको दिगो विकास लक्ष्य, विश्व ऋण परिषद् -ओकू) ले घोषणा गरेको 'सन् २०२५ सम्मका चुनौति' जसअन्तर्गत विश्वव्यापी क्रेडिट युनियनहरूको डिजिटाइजेशनको लक्ष्य, एसियाली ऋण महासंघको रणनीतिक लक्ष्यहरूलाई पनि आत्मसात् गर्दै अघि बढ्नुपर्ने हुन्छ । त्यसका लागि एकल प्रयासले मात्र पुग्दैन । साकोस अभियानका सम्पूर्ण सरोकारवालाहरूले यसमा सामुहिक सोच बनाई अघि बढ्नु पर्छ ।

नेफ्स्कूनका संस्थापक अध्यक्ष स्वर्गीय भोजराज घिमिरेले 'नेफ्स्कूनले देशभरका बचत ऋण सहकारीको आफै अनुगमन गर्नुपर्छ । छाता संगठन भएको हिसाबले पनि आफु निकटका सहकारीहरूलाई व्यवस्थित गर्ने दायित्व संघले लिनु पर्दछ' भन्नु भएको थियो र विनियममा पनि सोही बमोजिम संशोधन गरि सकिएको छ । 'सहकारीमा लाखौं व्यक्तिहरूले बचत रकम जम्मा गरेका छन् व्यक्तिको बचतको सुरक्षा संस्थाले र संस्थामा रहेको बचतको सुरक्षा र सुपरिवेक्षण एवं अनुगमन गर्नु नेफ्स्कूनको दायित्व हो', भन्ने वित्तीय सहकारीका प्रणेता घिमिरेको भनाइको अन्तर्यलाई संघले सधै शिरोधार्य गर्नुपर्दछ । यसका लागि सञ्चालक र व्यवस्थापनले जिम्मेवारी एवम् दायित्वबोध गरी अभियानको श्रीवृद्धिमा समय र स्रोत सर्मपण गर्न सक्नुपर्दछ । नेपालको सहकारी अभियानलाई दिगो र व्यवस्थित गर्न सम्पूर्ण अभियानको एउटै आवाज हुनुपर्दछ । संघमा पेशागत दक्षता अभिवृद्धि, 'फिट एण्ड प्रोपर टेष्ट' प्रणालीमार्फत नेतृत्व छनौटमा बैज्ञानिकता र राजनैतिक तटस्थता आवश्यक पर्दछ । त्यस्तै, स्तरीकरण कार्यक्रम र स्थिरीकरण कोषको प्रभावकारी कार्यान्वयन, एकीकृत सञ्जाल निमार्णका लागि साझा प्रविधिको द्रुततर विकास, दक्ष जनशक्ति व्यवस्थापन, अध्ययन र अनुसन्धान, निरन्तर बहस पैरवी, सदस्य शिक्षा, तालिम एवं सहजीकरण, व्यवसायिकीकरण, सुशासन र जोखिम मुक्त साकोस अभियानका लागि सरोकारवालाहरूबीच साझा धारणासहितको अनुकरणीय ऐक्यबद्धताको अर्को विकल्प रहदैन ।



‘राज्यको सहकारीप्रतिको दृष्टिकोण कहिल्यै सकारात्मक पाईन’

कुराकानीमा आधारित



पम्फा राई
संस्थापक, नेफ्स्कून

बचत ऋण सहकारी अभियानको इतिहास

भारतको नयाँ दिल्लीस्थित अन्तर्राष्ट्रिय सहकारी महासंघको एसिया प्रशान्त कार्यालयको आयोजनामा सहकारीसम्बन्धी तालिमको लागि १ महिनाको फिलिपिन्स भ्रमणमा जाँदा त्यहाँको बचत तथा ऋण सहकारी अभियानबाट म निक्कै प्रभावित भएँ । त्यहाँ यो अभियान खुब फस्टाएको थियो । विभिन्न बचत तथा ऋण सहकारीहरूको भ्रमण अवसर मिलेको थियो । शिक्षण, सेना, कारखानाका मजदूर लगायत सबै क्षेत्रमा बचत तथा ऋण सहकारीमार्फत अभियानमा जोडिएको पाउँदा नेपालमा पनि यस्तो काम गर्न सकिने त्यतिबेला लागेको थियो । त्यहीबाट आएर बोर्डमा पनि कर्मचारीहरूको बचत समूह गठनको अगुवाइ गरैं । त्यसअघि दिल्लीमै आईसीए-एपीको कार्यालयमा ३ महिने सहकारी तालिम पनि लिएकी थिएँ । त्यसबाट पनि अभियानको बारेमा जान्ने बुझ्ने अवसर मिल्यो ।

त्यस समयमा हामीले आपसी सहायता समूह (सेल्फ हेल्प ग्रुप) को नाममा एक्सन् एड, यूएससी क्यानडा लगायत थुप्रै संस्थाहरूले नेपालमा बचत तथा ऋणको काम गरेको थाहा पायौं । एसियाली ऋण महासंघ आकूले पनि सरकारी कर्मचारीहरू लगायत धेरैलाई बचत तथा ऋण सहकारीसम्बन्धी तालिम दिएको थियो, तीनका बारेमा सोधीखोजी र अन्तरक्रिया गर्दै आफुहरू पनि बचत ऋण अभियानका बारेमा जानकारी जोड्दै गयौं, विनियमहरू खोजी गर्यौं, अध्ययन अनुसन्धान सामाग्रीहरू खोजी गर्यौं ।

आकूको वित्तीय सहयोगमा पूर्वदेखि पश्चिमसम्मका बचत तथा ऋण कारोबारमा संलग्न व्यक्तिहरू समेटेर पोखरामा साताव्यापी आवासीय तालिम आयोजना गर्यौं, तारा गाउँ होटलले पनि सहयोग गरेको थियो । तारा गाउँकै रिसोर्टमा तालिम आयोजना गरिएको थियो । उक्त तालिममा महिला विकास अधिकृतहरू, सहकारीकर्मीहरू, केही सीमित प्रारम्भिक संस्थामा आबद्धहरूको सहभागिता थियो ।

जसरी एउटा दीयोले अरू धेरै दीयो बाल्दै असंख्य दीयोहरू बाल्न सकिन्छ, त्यसरी नै बचत ऋण सहकारीको त्यो दीयोरूपी

> जसरी एउटा बतिले अरु धेरै दीयो बाल्दै असंख्य दीयोहरु बाल्न सकिन्छ, त्यसरी नै बचत ऋण सहकारीको त्यो दीयोरुपी समूहबाट आज देशभरि असंख्य दिग्रो बलेका छन् । २०४५ सालमा हामीले जुन दुरदृष्टि भिजुअलाईज गरेका थियौं, आज मुलुकमा त्यसको परिणाम अत्यन्त ऊर्जाशिल बनेर गाएको छ ।

समूहबाट आज देशभरि असंख्य दिगो बलेका छन् । २०४५ सालमा हामीले जुन दुरदृष्टि भिजुअलाईज गरेका थियौं, आज मुलुकमा त्यसको परिणाम अत्यन्त ऊर्जाशिल बनेर गएको छ । नेपाल जस्तो अर्थतन्त्र भएको मुलुकमा सहकारीको अवधारणालाई त्यतिवेलै पहिचान गरेर त्यसको उपयोगिता सवन्धी दृष्टि राखेका हौं । मुलुकलाई सघाउने 'सेक्टर' हो सहकारी । यो क्षेत्र विकास हुँदा सबै व्यक्ति र जनजीविकाको उन्नति प्रगति सम्भव छ भन्ने सुरूदेखि नै लाग्थ्यो । शुरूशुरूमा पनौतिमा भएको कार्यक्रममा पनि मैले दीयोरूपी सहकारी अभियानको प्रारम्भ गरेका छौं, अब यसबाटै हजारौ दीयोहरू बाल्दै जानुपर्छ भनेकी थिएँ । जुन मनसायले अभियानको सुत्रपात गरेका थियौं, आज अभियान फलेको फुलेको देख्दा अत्यन्तै खुसी लाग्छ ।


पछिल्ला केही समयमा सहकारीका विषयमा पत्रपत्रिकामा समेटिएका विषयले अलिकति चिन्त दुख्छ । राम्रो भित्र नराम्रो जहितहि पनि छ । तर सहकारीमाथि मात्रै किन सधै 'बायस' गरिन्छ भन्ने मेरो गुनासो पनि छ । सहकारीप्रति संसारै 'बायस' भएको जस्तो लाग्छ । ३५ हजार सहकारीमा २/५ सहकारीको बदमासी छ भन्दैमा ३४ हजार ९ सय ९५ सहकारी नै गलत हुन् भन्नु अत्यन्त अस्वभाविक हो भन्छु । जुनले बदमासी गरेका छन्, तीनलाई पोइन्ट आउट गरेर खोजेर दण्ड सजायको प्रक्रियामा ल्याउने हो ।

हरेक संस्थाका सञ्चालक, कर्मचारीले आ आफ्नो ठाउँबाट राम्रो गर्ने हो । केन्द्रीय, राष्ट्रिय लेभलका संस्थाले पनि त्यस्ता संस्थालाई सुधार्ने, प्रतिवाद गर्ने, सजाय गर्ने के गर्दा हुन्छ, त्यसमा लाग्नुपर्‍यो ।

सहकारीका हरेक सदस्य, सञ्चालक, कर्मचारी सहकारिताको विषयमा दत्तचित्त भएर लाग्नुपर्‍यो, सहकारीको मर्म के हो ? बास्तविक सहकारिता के हो ? त्यसको बाटो विरायर अन्यतिर मोडिनु भएन । सहकारीको नाममा व्यक्तिगत लाभका क्रियाकलाप सञ्चालन भए । राम्रो सहकारीलाई पनि त्यस्ता गतिविधिले नराम्रो प्रभाव पारेको छ । म आज पनि स्थानीय अन्नपूर्ण महिला बचत तथा ऋण सहकारी संस्थामा अध्यक्ष छु । जुन महिलाहरूद्वारा सञ्चालित थोरै पुँजी भएको संस्था हो, यसलाई हामीले सानो तर सुन्दर संस्था निर्माण गरेका छौं । संस्था ठूलो होस् अथवा सानो सहकारी सिद्धान्तमा चल्ने हो भने समस्या कहिल्यै आउँदैन भन्ने लाग्छ । केही सहकारीका गलत गतिविधिले राम्रो सहकारी संस्थाप्रति पनि सदस्यले हेर्ने दृष्टिकोणमा शंका उत्पन्न हुने गरेको पाएँ ।

म २०३२ सालदेखि
सहकारीमा काम गर्दै आएँ । त्यो बेलादेखिनै मैले सहकारीप्रति सरकारी कर्मचारीहरूको दृष्टिकोण सकारात्मक कहिल्यै पाइन । व्यूरोक्रेसिले कहिल्यै पनि सहकारीलाई सपोर्ट गर्ने, सहकारीलाई प्रमोट गर्ने दृष्टिकोण नै राखेन । सहकारी प्रवर्द्धनका लागि कुनै बजेट ल्यायो भनेपनि सहकारी प्रमोट गर्ने नाममा त्यो बेलामा पनि घोटालै भयो । अहिले पनि सरकारले सहकारीका लागि कुनै कार्यक्रम ल्यायो भने, सहकारी प्रमोसनको काम कम, अन्यतिर बजेट सकाउने नै काम गरेको छ ।

सहकारीले गाउँ गाउँमा धेरै योगदान गरेका छन् । वित्तीय संकटको बेलामा, कोभिडको समयमा सहकारीको योगदान अत्यन्तै ठूलो छ । तर सहकारीको योगदानलाई नजरअन्दाज गरेर सबैतिरबाट सहकारीलाई नै ठूँग्ने काम भएको छ । तरपनि यी सबै समस्या पार लगाएर आगोमा पोलेर सुन निकालेजसरी सहकारीलाई कुन्दन बनाएर निकाल्नु जरूरी छ । पछिल्लो समयमा सहकारीका तहगत संरचनाहरू पनि अत्याधिक धेरै भएका छन् । तिनीहरूलाई एकीकृत गर्दै अगाडि बढ्ने र विशेष गरि ग्रास रूटमा रहेका प्रारम्भिक सहकारीहरूको स्तर उठाउन विभिन्न प्रवर्द्धनात्मक तथा संरक्षणका कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ । सहकारीमाथि ऐन कानूनको थुप्रो लगायर मात्र होइन काम गर्न सहजीकरण गर्ने र नियमनलाई प्रभावकारी बनाउनुपर्छ भन्ने लाग्छ ।



क्रेडिट युनियन ऐन ल्याउन सरकार र अभियानबीच ऐक्यबद्धता जरुरी छ

कुराकानीमा आधारित



नेत्रप्रसाद अधिकारी

संस्थापक, नेफ्स्कून

मेरो जीवनमा बचत तथा ऋण सहकारी संस्थाको आवश्यकता अनुभूति मेरै कार्यालयमा सहायक तहमा कार्यरत कर्मचारीलाई परेको समस्याबाट भएको थियो । २०३८ सालको कुरा हो, म साझा प्रकाशनमा प्रशासन विभागको प्रमुख थिएँ । स्टोरमा काम गर्ने एक जना कार्यालय सहयोगी खैचा महर्जनको घरमा श्रीमती सुत्केरी भएकी रहिछिन् । सुत्केरीलाई खाना खुवाउने पैसा नभएपछि उनले कार्यालयका महाप्रबन्धकसँग पैसा सापटी माग्ने सोच बनाएछन् । कार्यालयकै अन्य कर्मचारीको सहयोगमा निवेदन लेखिमागेर पिएमार्फत महाप्रवन्धक समक्ष पेश गरेछन् । महाप्रबन्धकले पैसा छैन भनेर फर्काइदिनुएछ । मेरो विभागका कर्मचारीहरूले खैचा महर्जनलाई परेको समस्या, उसको गुनासो र दुख मनाउ मलाई सुनाए । मैले बोलाएर सोधें, उसले आफुलाई परेको दुख सबै कह्यो । मलाई स्राहै माया लाग्यो तर फेरि सोचे एकचोटी सहयोग गरेर त सँधै सँधैलाई हुँदैन । म पुन उसको निवेदन लिएर महाप्रवन्धककोमा पुगें । त्यो घटनाले साह्रै खड्क्यो । आफुलाई पर्दा २/४ सय पैसा सजिलै प्राप्त हुने ठाउँ नहुँदा कति दुःख पाइँदो रहेछ भन्ने सोचाइ राखेर त्यहि दिन वेलुका मेरो विभागका कर्मचारीहरूबीच बैठक राखें । हामीले अब हरेक महिना तलब बुझ्दा ५० रूपैया जम्मा गरौं, त्यो पैसा म संकलन गर्छु, जसलाई आवश्यक पर्छ उसलाई सापटी दिने हुँदैन ? भनेर प्रश्नगर्दा सबै साथीहरूले हुन्छ भन्नुभयो । हरेक कर्मचारीबाट महिनाको ५० रूपैया उठाएर आँफैले जिम्मा लिएँ । केही महिनापछि संकलित रकम बढ्दै गयो । त्यसपछि दुई जनाको नाममा बैंकमा खाता खोलेर पैसा राख्ने सल्लाह गऱ्यौं ।

त्यो पैसा राम्रो संकलन हुँदै गयो । अरू मान्छेहरूले पनि हामीलाई यिनीहरूले झगडिया कोष शुरू गरेका छन् भन्न थाले । हामीले त्यो विषयमा सबै कर्मचारीहरूलाई बुझायौं । ६/७ महिना पछि सय रूपैया संकलन गर्न थाल्यौं । खातामा पैसा बढ्यो, अन्य विभागका कर्मचारीहरूलाई पनि त्योप्रति आकर्षण बढ्यो । अरू कर्मचारीले पनि अनौपचारिक रूपमा बचतको यो प्रक्रिया शुरू गरे । २०४५ सालमा पुग्दा त हामीसँग एक लाख भन्दा बढि पैसा जम्मा भएको थियो । त्यही बीचमा नेपाल राष्ट्र बैंकका अधिकृत विष्णु प्रसाद श्रेष्ठ आप्रका भन्ने संस्थामा काजमा थाइल्याण्डमा जानुभएको थियो । बैंककमा बचत तथा ऋणको गतिविधि अलि बढि भएको कुरा थाहा पाएर उहाँले नेपालमा पनि त्यस्तो गर्न पाए हुन्थ्यो भन्ने सोच बनाउनुभएको रहेछ । नारायण शर्मा गजुरेलको उहाँ साथी

आफुलाई पर्दा २/४ सय पैसा सजिलै प्राप्त हुने ठाउँ नहुँदा कति दुःख पाइँदो रहेछ भन्ने सोचाइ राखेर त्यहि दिन वेलुका मेरो विभागका कर्मचारीहरुबीच बैठक राखें । हामीले अब हरेक महिना तलब बुझ्दा ५० रुपैंया जम्मा गरौं, त्यो पैसा म संकलन गर्छु, जसलाई आवश्यक पर्छ उसलाई सापटी दिने हुँदैन ? भनेर प्रश्नगर्दा सबै साथीहरुले हुन्छ भन्नुभयो ।


हुनुहुन्थ्यो । नारायणजी र म एउटै विभागमा काम गर्थ्यौं । विष्णुजीले नारायणजी र मलाई भेट्नुभयो । हाम्रो अध्यक्ष भोजराज घिमिरे हुनुहुन्थ्यो । उहाँ साझा केन्द्रमा, म साझा प्रकाशनमा थिएँ । नारायणजी पनि साझा प्रकाशनबाट साझा केन्द्रमै जानुभएको थियो । पम्फा राई पनि त्यहाँ हुनुहुन्थ्यो । हामीले बचत तथा ऋणको एउटा संस्था बनाऔं भनेर भोजराजजीलाई गएर भन्यौं । उहाँले केही मान्छेहरूलाई विश्वास गरेको भरमा हुन्छ, बनाऔं भन्नुभयो । हामीले साझा प्रकाशन, साझा यातायात, साझा भण्डार र साझा स्वास्थ्य सेवा सबैका दुई तीन जना, दुई तीन जनालाई समेटेर भोजराज घिमिरेको अध्यक्षतामा एउटा समिति बनायौं । त्यो समिति नै २०४५ साल साउन ३२ गते गठित बचत समूह राष्ट्रिय संघ तदर्थ समिति थियो । समितिमा भोजराजजीको अध्यक्षतामा २१ जना थियौं । त्यसको माइन्यूट स्वयं मैलेनै लेखेको थिएँ । समिति त बनायौं, अब कसरी गर्ने, त्यसको लागि केही नियम बनाउनुपऱ्यो, केही विधि बनाउनुपऱ्यो भन्ने भयो । मेरै संयोजकत्वमा एउटा विनियम समिति पनि बनाएर काम गऱ्यौं । पैसा अभावमा काम गर्न गाह्रो भयो । सावित्रि थापा साझा केन्द्रमा हुनुहुन्थ्यो । हामीले उहाँलाई पनि समितिको उपाध्यक्ष बनायौं, त्यसपछि साझा केन्द्रबाट पैसा लिएर काम गर्न केही सहज भयो । हामीले शुरूको पहिलो गोष्ठी पोखरामा गरेका थियौं । त्यहाँ हाम्रो बचत समूह राष्ट्रिय समितिले यो यो काम गर्छ भनेर समुदायलाई बुझाउने काम गऱ्यौं । त्यो गोष्ठी गर्न आर्थिक सहयोगका लागि भनेर आकूसँग त्यस्तै ५६ हजार रूपैयाको प्रस्ताव पठाएका थियौं । आउला नआउला दोधारमा थियौं । जुन स्वीकृत भएर आयो । त्यो बीचमा हामीलाई केही व्यक्तिहरूले सहयोगपनि गर्नुभएको थियो । विष्णु प्रसाद श्रेष्ठ हुनुहुन्थ्यो । अर्को चन्द्र सुवेदी, उहाँ यूएससी क्यानडाको कन्ट्री डाइरेक्टर हुनुहुन्थ्यो । श्रीराम श्रेष्ठ, उहाँ पछि यूएससी क्यानडाको कन्ट्री डाइरेक्टर पनि हुनुभयो । एक्सन एड भन्ने संस्थाबाट मैत्रीरत्न कंशाकार भन्ने हुनुहुन्थ्यो । तारागाउँ विकास समितिको सदस्य सचिव निर्मला पोखरेलले पनि हाम्रो त्यो अभियानमा सहयोगीको रूपमा सहयोग गर्नुभएको थियो । हामी सबै नै स्वयंसेवीको रूपमा त्यहीँ काम गर्थ्यौं । प्रशासन सम्बन्धी जे जति नियम, विनियम बनाउनुपर्ने काम मेरो नेतृत्वमा गर्थे । आर्थिक सम्बन्धी सबै काम हुमनाथ शर्माले गर्नुहुन्थ्यो । उहाँ त्यतिबेला कोषाध्यक्ष हुनुहुन्थ्यो । प्रोजेक्ट बनाउनुपर्ने, केही गर्नुपर्नेभयो भने अलि पछि श्रीराम श्रेष्ठले गर्नुभयो । कर्मचारी राखिएको थिएन । हाम्रो कार्यालय शुरूमा साझा केन्द्र पुल्चोकमै थियो । पछि सरेर कमलादी गयौं । सबैभन्दा पहिलो व्यवस्थापक अजेलिया रञ्जितकार हुनुहुन्थ्यो । उहाँ अलि कठोर स्वभावको हुनुहुन्थ्यो । पछि उहाँको सहयोगीको रूपमा हरि घिमिरेलाई ल्यायौं । अजेलियाले छोडेपछि हरि घिमिरे नै व्यवस्थापक हुनुभयो । समितिमा धेरैजसो त जागिर खाने मानिसहरूनै थियौं । कार्यालय समयपछि समितिमा बसेर काम गर्थ्यौं ।

म नेफ्स्कूनमा २०४५ देखि २०५३ सालसम्म निरन्तर सेवारत थिएँ । २०५३ सालपछि मैले नेफ्स्कून छोडें । त्यो बेला कैलाशभक्त प्रधानाङ्ज्यू अध्यक्ष हुनुहुन्थ्यो । त्यतिवेला संघको विनियममा सञ्चालक समितिले २ जना विशेषज्ञ नियुक्त गर्न सक्ने व्यवस्था थियो । कैलाशजीले मलाई र हाल स्वर्गीय श्रीराम श्रेष्ठजीलाई विशेषज्ञको रूपमा मनोनित गर्नुभयो । त्यसको समयावधि तीन वर्षको थियो । त्यही विचमा चुनाव आयो । चुनाव लागिसकेपछि हामी बसेनौं, राजनीतिमा पस्नु त्यति उपयुक्त नलागिसकेपछि पुनः राजीनामा दिएका थियौं ।

सहकारी यतिवेला अत्यन्त संकटको अवस्थामा भएको मैले पाएको छु । म जहाँ जहाँ सहकारीका कार्यक्रममा पुगेको छु, सबैभन्दा पहिले तपाईंहरू संस्था बँचाउने अभियानतिर लाग्नुहोस् भन्ने गरेको छु । बचत फिर्ता लिन आउने सदस्यहरूलाई फिर्ता दिने हरसम्भव प्रयास गर्नुस् भनेको छु । सदस्यहरूलाई संस्थाबारे राम्रो सँग कुरा बुझाएर सकेको बचत फिर्ता दिने प्रयास गर्नुभयो भने सदस्यको संस्थाप्रतिको विश्वास गुम्न पाउँदैन । एक दुई ठाउँमा सहकारीका सञ्चालकले वदमासी गरेर भागेका घटनाले सहकारी सदस्यहरूमाझ एकसाथ धेरैठाउँमा 'च्यूमर' फैलिएको छ । यतिखेर नेफ्स्कूनले अभिभावकीय भूमिका खेल्नुपर्छ । नेफ्स्कून स्थलगत रूपमा सदस्यहरूका संस्था संस्था पुगेर वास्तविक समस्या पहिचान गरी समाधानको भूमिकासहित ढाडस दिनुपर्ने अवस्था म देख्दछु ।

संस्था दिगो रूपमा सञ्चालन हुनुपर्छ । संघ सबल सक्षम हुनुपर्छ । जब संघ कमजोर हुन्छ, त्यसले अभिभावकीय भूमिका निर्वाह गर्न सक्दैन । नेफ्स्कून प्रवर्द्धनात्मक संस्था हो तर अब अनुगमन र नियमनको पाटोमा पनि नेफ्स्कून जानुपर्छ भन्ने लाग्छ ।

सहकारी भनेको स्वनियमनकारी संयन्त्र हो । विभागले सहकारी दर्ता गरेर मात्र छोड्ने काम भयो । यो डरलाग्दो अवस्था हो । त्यसकारण आज जे नहुनुपऱ्यो त्यो भयो । एकातर्फ नेफ्स्कूनमा आबद्धता विस्तार नहुनु, नेफ्स्कूनले शुरू गरेका स्तरीकरण कार्यक्रममा नआउनु र सुशासनको अवस्था कमजोर बन्दै जानु विद्यमान समस्याको जड हो । जो संस्था नेफ्स्कूनभन्दा बाहिर छन्, उनीहरू सहकारीको ऐन नियम अनुरूप सञ्चालित छैनन् । पछिल्लो समय सदस्यहरूले ऋण लिइसकेपछि नतिरेपनि हन्छ कि भन्ने धारणा बनाउनु अत्यन्त गलत भएको छ । सरकार पनि जिम्मेवार हुनुपर्छ । हामीले शुरूदेखि नै क्रेडिट युनियन ऐन चाहिन्छ भन्दै आएका हौं । धेरै ढिलो भइसकेको छ । अब क्रेडिट युनियन ऐन ल्याउन सरकार र सहकारी अभियान ऐक्यवद्धताका साथ अगाडि बढ्नुपर्छ ।



नेपालको बचत तथा ऋण सहकारी अभियानको उत्तराधिकारीः नेफ्स्कून

कुराकानीमा आधारित



नारायण शर्मा गजुरेल

संस्थापक, नेफ्स्कून

आज भोलि साझा/सहकारीको नाम सुन्नासाथ मानिस झस्किन्छन् । सहकारीको माध्यमबाट धेरै राम्रा काम पनि भएका छन् । लाखौं मानिसहरू स्वतस्फूर्त रूपमा यसमा आबद्ध छन् र लाभान्वित पनि बनेका छन् । हाम्रो समाजमा असल काम-कुराको चर्चा कम हुन्छ तर नकारात्मकताले चाँडो र ठूलो आयतन लिन्छ । केही सहकारी संस्थाहरू संयोगबस असफल भएका छन् । केही नियतबस बदनाम बन्न पुगेका छन् । गैर- जिम्मेवार पदाधिकारीहरूको बदनियतले हजारौं बचतकर्ताहरू हैरान र निराश छन् । सहकारी संस्थामा बचत गर्दा राम्रो प्रतिफल प्राप्त हुन्छ भन्ने आसले लगानी गरेका बचतकर्ता आफ्नो पैसा डुब्ने हो की भनेर भयवित र दुःखी छन् । यस्तो दूखत स्थिति उत्पन्न हुनुमा पदाधिकारीहरू बढी जिम्मेवार छन् भने ठूला बचतकर्ताहरू पनि दोषमुक्त छैनन् । केही ठूला भनाउँदा सहकारी संस्थाहरूको स्थापनाको मनसायनै खोटपूर्ण छ । बैक एवम अन्य वित्तीय निकायहरूले लिने दिने ब्याज दरको तुलानामा सहकारी संस्थाहरूले लिने दिने ब्याज डेढी जस्तो बढी छ । सहकारी संस्थाका पदाधिकारीले सोच्नु पर्दैन सहकारी सिद्धान्त अंगालेका सहकारी संस्थाले शोषक साहुकारले जस्तो महंङ्गो चक्रवर्ती ब्याज लिनदिन मिल्छ ? ठुला (लगानीकर्ता) बचतकर्ताहरूले पनि सोच्नु पर्थ्यो सहकारी सिद्धान्तबाट सञ्चालन हुनुपर्ने सहकारी संस्थाले कसरी चर्को ब्याज दिन सक्छ । अधिक भन्दा अधिक मुनाफा आर्जन गर्ने घोषित उद्देश्य बोकेका प्राइभेट कम्पनी ऐनअन्तर्गत सञ्चालन हुने बैंक एवं वित्तीय संस्थाहरूको भन्दा अधिक चर्को ब्याज लिनु दिनु कति बदनियत र अन्यायपूर्ण छ । सहकारी संस्थाका सञ्चालक र केही सीमित ठूला लगानीकर्ताहरूको भुलभुलैया र प्रलोभनमा परेर धेरै साना बचतकर्ताहरू पनि फसेका र आफ्नो बचत रकमनै क्षय हुने अझ डुब्ने सम्मकै जोखिम व्यहोर्न वाध्य छन् । सजिलै ऋण पाइने भएकोले सहकारी संस्थाबाट चर्को ब्याजमा ऋण लिने र दिने सहकारी संस्था र ऋणीहरूको अवस्था परिणाम, प्रकृति, परिवेश र विषमताले फरक भए पनि नियत र प्रकृतिको हिसाबले मिटरब्याजको धन्दासँग मिल्दोजुल्दो देखिन्छ ।

साझा सहकारीको वर्तमान अवस्था, यसका सकारात्मक र नकारात्मक पक्षहरू,

> सरकारी नियन्त्रणबाट मुक्त रही सहकारी सिद्धान्तको पूर्ण परिपालना गर्दै स्वायत, स्वशासनयुक्त र स्वनियमनमा आधारित सहकारी सञ्चालनको क्रम तीब्र बन्दै गयो । सहकारीको विकास विस्तारमा नेफ्स्कूनको भूमिका अत्यन्त महत्वपूर्ण रह्यो । देशव्यापी रुपमा सहकारी शिक्षा तथा तालिमका कार्यक्रमहरु सञ्चालन भए ।

आरोह-अवरोहको परिप्रेक्षमा नेपालमा साझा सहकारीको उत्पत्ति र विकासक्रमलाई हेरौं । समान हैसियत, उद्देश्य र आवश्यकता भएका मानिसहरू बीच कुनै न कुनै प्रकारको साझा सहकारी भावना र अभ्यास नेपाली समाजमा पहिलेदेखि नै थियो । गुठी, धर्मभकारी, पर्म, अैंचोपैंचो आदि सामाजिक अभ्यासलाई अहिलेको संगठित सहकारिताको विरासतका रूपमा लिन सकिन्छ । हाल प्रचलित साझा सहकारी संरचनाको निर्माण र थालनी भने २०१३ मा चितवनबाट भएको हो । पुनर्वास योजनाको एउटा अङ्गको रूपमा यसको सुरूवात भयो । विकसित र प्रजातान्त्रिक मुलुक वेलायत सहकारिताको जननी थियो । त्यहाँ सहकारिताको सिद्धान्त अनुरूप सञ्चालन भयो र छिटोछिटो र व्यापकरूपमा विकास र विस्तार भयो । यतिसम्मकी आधा दर्जन सहकारी अभियान्ताहरू वेलायती संसदको सांसद समेत चुनिए । नेपालमा धेरै अगाडि साझा सहकारी अभ्यासको थालनी भए पनि यसले धेरै अवरोध, अड्चन, आरोह अवरोह झेल्नु पऱ्यो र अपेक्षित गतिलिन सकेन साझा/सहकारी अभ्यास सार्थक र सफल हुन केही न्यूनतम पूर्वाधारहरू आवश्यक पर्दछ । प्रजातान्त्रिक आचरण, समानता, सहभागिता, साझा आवश्यकता, हित, पारदर्शिता, मितव्ययिता आदि उदात्त सिद्धान्तको अभ्यास र कठोर परिपालन सफलताका अनिवार्य पूर्वसर्त हुन् ।

नेपालमा यी कुराको अभाव थियो । जनताको स्वतःफूर्त चाहना, आकांक्षा, आवश्यकता, सहभागिता, नियन्त्रण र अगुवाइमा साझा/सहकारीको स्थापना र व्यवस्थापन हुनु पर्नेमा सरकारी निकायहरू हावी भए । सरकारी भूमिमा साझा/सहकारीको व्यवस्थापनमा होइन, सहकारी शिक्षा र तालिमलाई जनस्तरमा व्यापक विकास र विस्तार गरेर जनतालाई नै सहकारी संस्थाहरूको प्रवर्द्धन र सञ्चालनमा सक्रियरूपमा सहभागी बनाउने सरकारको दायित्व थियो । त्यस समय नेपाल लगायत विश्वभर नै कल्याणकारी राज्यको परिकल्पना प्रधान थियो । उनीहरूको सोच के थियो भने समाजमा जनकल्याणको प्रवर्द्धन र अभिवृद्धिको निमित्त साझा/सहकारी प्रभावकारी संयन्त्र हुन सक्दछ । यो सोचले नेपाल लगायत विश्वका धेरै विकासोन्मुख राष्ट्रहरूलाई आकर्षित गऱ्यो र साझा सहकारीलाई राष्ट्रय आर्थिक विकास योजनाको एउटा अङ्गको रूपमा सरकारी निकायकै लगानी नीति निर्माण, व्यवस्थापन र निर्देशनमा राष्ट्रिय अभियानको रूपमा सञ्चालन गरियो । कतिसम्म भने २००० सालको तेस्रो दशकको भूमिसुधार कार्यक्रम अन्तर्गतको अनिवार्य बचत कार्यक्रमका बचतकर्ताहरू आफुहरूलाई थाह नै नभई सरकारी घोषणाले रातारात सहकारीको सदस्य बन्न पुगे । कालान्तरमा सहकारी निकायहरू कृषि विकास बैंकको सेवा प्रदायक निकायको रूपमा सीमित भएर विलिन हुन पुगे । यस क्रममा राष्ट्र र जनताको धेरै साधन-स्रोत अपव्यय भयो र सहकारिता विफलताको मोडमा पुग्यो । नेपालमा सहकारिताको आरोह अवरोहको श्रृङ्खलामा २०१८ सालमा राजा महेन्द्रको अगुवाई र संरक्षकत्वमा साझा केन्द्र नामको समानान्तर सहकारी निकाय स्थापना भयो । त्यस समयका सर्वशक्तिमान राजा स्वयम् प्रधान संरक्षक रहेकाले नेपाल राष्ट्र बैंकका गभर्नर, सम्बन्धित विभागीय मन्त्री लगायत प्रायः सबै मन्त्रालयका सचिवहरू साझा केन्द्रको पदेन पदाधिकारी बने । साझा केन्द्रको मातहतमा साझा यातायात, साझा प्रकाशन, साझा स्वास्थ्य सेवा, साझा उपभोक्ता भन्डार क्रमशः स्थापना भए । ती अहिले पनि यनकेन सञ्चालनमा छन् । नेपालभर ठूलो संख्यामा नेपाली जनतालाई यसमा आबद्ध गर्ने, आर्थिक गतिविधिमा सरिक गराई उनीहरूको आर्थिक उत्थान गर्ने यसको महत्वकांक्षी उद्देश्य र योजना थियो । तर साझा केन्द्रको कार्यशैली र गतिविधि सहकारीका नीति, उद्देश्य, आदर्श, अनुकुल पटक्कै थिएन । २०३१/०३२ सालतिर साझा केन्द्रको अग्रसरता र अगुवाइमा सहकारीका सिद्धान्त, आदर्श, व्यवहार अनुरूप साझा संस्थाहरू प्रवर्द्धन र सञ्चालन गर्ने उद्देश्यले साझा कार्यक्रम विकास विभाग स्थापना भयो ।

यस लेखका पङ्तिकारलाई उक्त विभागको प्रमुख बनाएर सहकारी भावना, उद्देश्य नीति र सिद्धान्त अनुरूप साझा संस्थाहरूको प्रवर्द्धनको जिम्मेवारी दिइयो । यही बीचमा सहकारीको जननी एवं सहकारी निकायको सफल सञ्चालनमा अग्रणी भूमिकामा रहेको बेलायत सरकारले सहकारी सम्बन्धी अध्ययन अनुसन्धानको निमित्त नेपाललाई एउटा पूर्ण छात्रवृत्ति उपलब्ध गरायो र यो पङ्तिकार बेलायतको लखबरो स्थित सहकारी कलेजमा भर्ना भएको थियो । अध्ययन पश्चात नेपाल फर्केर साझा सहकारी भावना, मान्यता, सिद्धान्त र व्यावहार अनुकुल विविध प्रकृतिका साझा सहकारी संस्थाहरू प्रवर्द्धन गर्ने सत्प्रयास भए पनि जनचेतनाको स्तर, सामन्ती संस्कार, व्यवहार, सामाजिक एवम् आर्थिक परिवेश, अशिक्षा र नियन्त्रणकारी सरकारी नीतिका कारणले अपेक्षित उपलब्धि हासिल हुन सकेन ।

यही बीचमा यस पङ्तिकारका मित्र साझा सहकारी अध्ययन कार्यदलका सहकर्मी एवं नेपाल राष्ट्र बैंकका अधिकृत श्री विष्णु प्रसाद श्रेष्ठ थाइल्याण्डको बैंकक स्थित एसियाली सहकारी युनियनको सल्लाहाकार नियुक्त हुनुभयो । नेपालमा सहकारी संस्थाहरू सहीढङ्गले सञ्चालन हुन नसकिरहेको दुःखद अवस्थाप्रति जानकार उहाँले नेपालमा बेग्लै स्वायत्त बचत तथा ऋण सहकारी संस्थालाई प्रवर्द्धन गर्ने सुझाव दिनु भयो र त्यसको निमित्त आवश्यक पर्ने प्राविधिक र आर्थिक सहायता जुटाउन सहयोग पनि गर्नु भयो । साझा केन्द्रका तत्कालिन अध्यक्ष एंव मन्त्री श्री भोजराज घिमिरेको अध्यक्षतामा पङ्किार उपाध्यक्ष र विष्णु प्रसाद श्रेष्ठ सल्लाहाकार रहेको बचत तथा ऋण सहकारी संघ स्थापना भयो । अहिले देशभर फैलिएका बचत तथा ऋण सहकारी संस्थाहरू र ती संस्थाहरूको प्रवर्द्धन र सञ्चालनमा सहजीकरण गरिरहेको नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (Nepal Federation of Savings and Credit Cooperative Unions-NEFSCUN) त्यसको उत्तराधिकारी हो । यो अभियानको प्रवर्धक मध्ये पङ्किार पनि एक जना भएकाले देशभर फैलिएर सेवा पुऱ्याउन लागिपरेका अगुवाहरूले जनता माझ पुऱ्याएको योगदानको हार्दिक नमन गर्दछु र यस कमिकमजोरीहरूलाई सच्च्याएर अझै धेरै बचत तथा ऋण सहकारी संघ/संस्थाहरूलाई समेट्न सफल हुनुहोस् भन्ने हार्दिक कामना गर्दछु ।

सहकारीमा सशक्त अनुगमन संयन्त्र आवश्यक छ

कुराकानीमा आधारित



होमनाथ शर्मा

पूर्व कोषाध्यक्ष, नेफ्स्कून

नेपालमा बचत तथा ऋण सहकारी अभियानको प्रारम्भ विन्दु नै २०४५ साल श्रावण ३२ गते भएको हो । यद्यपी अपवादको रूपमा त्यस अगाडि अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्थाहरूले स-साना समुहमा गठन र सञ्चालन भएका समुहहरूको भिन्नो उपस्थिति नै नभएको भने होइन । बचत तथा ऋणको काम गर्ने गरी त्यो बेला गठन गरिएका अनौपचारिक बचत समुहहरूको योगदान अभियान स्थापनाका लागि कोशेढुङ्गा सावित भए । त्यसै अवस्थामा एसियाली ऋण महासंघ (आकू) का प्रतिनिधिहरु आएर नेपालमा गरिबी न्यूनीकरणको प्रयासमा बचत तथा ऋण सहकारीहरूको प्रवर्द्धन गर्नुपर्छ भन्दै तत्कालिन साझा केन्द्रका अध्यक्षको पहलमा साझा केन्द्र र अन्य साझा संस्थामा संलग्न कर्मचारी लगायतका अनौपचारिक बचत तथा ऋण सम्बन्धी कार्यमा संलग्न व्यक्तिहरूको भेला गराई बचत तथा ऋण अभियान बारे प्रशिक्षण दिने काम भयो । तत्कालिन साझा केन्द्रका अध्यक्ष तथा नेफ्स्कूनका संस्थापक अध्यक्ष भोजराज घिमिरेको पहलमा त्यो बेलाका साझा केन्द्र, साझा भण्डार, साझा यातायात, साझा प्रकाशन र साझा स्वास्थ्य सेवामा कार्यरत कर्मचारीहरूद्वारा आ-आफ्नो संस्थामा समुह निर्माण गरी विभिन्न अनौपचारिक बचत समुहहरु गठनको काम भयो । फलस्वरूप २०५० सालसम्म आइपुग्दा सयौंको संख्यामा स-साना अनौपचारिक बचत समुह साथै केही सहकारीहरू समेत दर्ता भइसकेका थिए ।

२०४८ सालपूर्व बचत तथा ऋणको कारोबार गर्ने बाहेकका सहकारी संस्थाहरु सरकारी नियन्त्रणमा गठन र सञ्चालित थिए । सहकारी ऐन, २०४८ आएपछि ऐनको दफा २६ ले बचत तथा ऋण सहकारी संस्थाहरूको संघ गठन गर्न पाउने व्यवस्था गऱ्यो । फलस्वरूप २०४५ साल श्रावण ३२ गते पश्चात् र त्यस अगाडि समेत गठन भएका प्रारम्भिक बचत समुहरु सहित बचत समुह राष्ट्रिय संघ २०५० सालमा सहकारी विभागमा दर्ता भए । त्यस नविन कार्यको अभियानमा तत्कालिन सहकारी विभागले निभाएको सहयोगी भूमिका स्मरणयोग्य रह्यो ।

त्यस समयमा म लगायत केही साथीहरू मिलेर मेरो अध्यक्षतामा २०४५ श्रावणमा गठन गरिएको सहकारी ऋण कोष बचत तथा ऋण सहकारी संस्था पनि २०५० सालमा अग्रपङ्तिमा दर्ता भएको थियो । ललितपुर कार्यालय रहेको यो संस्था हाल सम्म अत्यन्त राम्रोसँग सञ्चालन भइरहेको छ । नेफ्स्कून दर्ता गर्ने समयमा करिब

> सरकारी नियन्त्रणबाट मुक्त रही सहकारी सिद्धान्तको पूर्ण परिपालना गर्दै स्वायत्त, स्वशासनयुक्त र स्वनियमनमा आधारित सहकारी सञ्चालनको क्रम तीव्र बन्दै गयो । सहकारीको विकास विस्तारमा नेफ्स्कूनको भूमिका अत्यन्त महत्वपूर्ण रह्यो । देशव्यापी रुपमा सहकारी शिक्षा तथा तालिमका कार्यक्रमहरु सञ्चालन भए ।

१०० को संख्यामा बचत तथा ऋण सहकारी संस्थाहरू खुलिसकेको अवस्था थियो ।

अनावश्यक सरकारी नियन्त्रणबाट मुक्त रही सहकारी सिद्धान्तको पूर्ण परिपालना गर्दै स्वस्फूर्त, स्वायत्त, स्वशासनयुक्त र समुदायमा आधारित सहकारी गठन र सञ्चालनको क्रम तीव्र बन्दै गयो । बचत तथा ऋण सहकारीको विकास र विस्तारमा नेफ्स्कूनको भूमिका अत्यन्त महत्वपूर्ण रह्यो । देशव्यापी रूपमा सहकारी शिक्षा तथा तालिमका कार्यक्रमहरू सञ्चालन भए । मुलुकको गरिबी निवारणका लागि सहकारीको भूमिका महत्वपूर्ण बन्दै गयो ।

जति बेला बचत सहकारी गठनको उद्देश्य र नेफ्स्कूनको भूमिकाको परिकल्पना गरिएको थियो, त्यसमा तीव्रतर विकास सम्भव भयो । तर बचत तथा ऋण सहकारीहरूको छाता संघ नेफ्स्कूनको छातामुनी सबै सहकारीलाई समेट्न भने सकिएन । संघको सदस्यता अनिवार्य नभएर ऐच्छिक मात्रको व्यवस्था भएको कारणले यस्तो अवस्था विद्यमान रहन गएको हो । प्रारम्भिक तथा बीचका संघहरु अनिवार्य रूपमा विषयगत संघको सदस्य हुने व्यवस्था लागु गर्न र सम्पूर्ण सहकारीलाई सहकारीको मूल्य, मान्यता, आदर्श र सिद्धान्त अनुरूप हिडाउन सकेको भए आज सहकारीप्रति आमजनमानसको विश्वासमा कहि कतै आँच आउने थिएन भन्ने लाग्छ ।

नेपालको मुल कानून संविधानमा सहकारीलाई आर्थिक विकासमा मुख्य तीन खम्बामध्ये एक खम्बाको रूपमा राखिएको छ । तर सरकार आर्थिक विकासको एउटा खम्वा सहकारी मजवुद बनाउने दूर दृष्टिबाट पछाडि परेको अवस्था देखिन्छ । परिणामस्वरूप सहकारी अभियानको दिगोपनामा कतै आँच आउने त होइन भन्ने शंका अहिले सर्वत्र उब्जिएको छ ।

संघ तथा संस्था दर्ता तथा नियमन गर्ने जिम्मेवारी सरकारको भएपछि जनताको खरबौं रकमको जिम्मा लिईसकेका संस्थाको स्वयत्ततामा आँच नआउने, हिनामिना हुन नसक्ने गरी व्यवस्था मिलाउने सरकारको जिम्मेवारी हो । सहकारी विभागले सहकारीको नियमनमा कडाई गर्ने काम गर्नुपर्छ तर संघ संस्थाको स्वायत्ततामा अनावश्यक हस्तक्षेप भने हुनु हुँदैन । अब सरकारले जसरी नेपाल राष्ट्र बैंकले बैक तथा वित्तीय संस्थाहरुको सञ्चालनमा प्राविधिक र वित्तीय पक्षको संरक्षणकारी भूमिका निर्वाह गर्दछ त्यस्तै प्रकृतिको संरचना मार्फत जनताको सम्पत्तिको संरक्षण गर्ने गरी सहकारीको नियमनका लागि सशक्त संरचना बनाउन ढिलो भइसकेको छ । विभागले सहकारी ऐन नियम पालना भए नभएको र समय समयमा जारी गरेको निर्देशन तथा मार्ग दर्शन सहकारी संघ संस्थाले पालना गरे नगरेको अनुगमन गर्ने काम भएन । परिणामस्वरूप कतिपय सहकारीहरूमा नियत वस र अज्ञानता वस दुवै प्रकृतिका गैर जिम्वेवार काम कारवाही भएका तमाम घटनाहरु छरपस्ट सुन्नमा आइरहेका छन । वित्तीय कारोबार गर्ने सहकारीहरूले वित्त परिचालन र जोखिम नियन्त्रणमा विशेष ध्यानदिनुपर्ने हुन्छ । कडा अनुगमन तथा नियमन अभावका कारण सहकारीका सीमित व्यक्तिहरूले नियतवस व्यक्तिगत लाभका लागि गरेका गलत निर्णय र साथै यदा कदा अज्ञानतावस भएका गलत निर्णयका कारण सहकारी संस्था वित्तीय जोखिममा परेको अवस्था छ । यसबाट माथि उठ्ने प्रमुख उपाय भनेकै सहकारीमा अनुगमन तथा नियमनमा कडाई र सहकारी सिद्धान्तको परिपालना गर्ने गराउने कार्यहरु नै प्रमुख हुन ।

सहकारीको संरक्षण सरकारले गर्नुपर्छ । दर्ता गर्ने जिम्मेवारी सरकारको भएपछि सहकारी विभागले सहकारीको नियमनमा कडाई गर्ने काम गर्नुपर्छ ।



सहकारी संरक्षणका लागि दोस्रो तहको नियामक निकाय आवश्यक छ

कुराकानीमा आधारित



श्याम बहादुर श्रेष्ठ

पूर्व सञ्चालक, नेफ्स्कून

सहकारी अभियानको स्थापनाकालमा केही पूर्वाधारका कामहरू भए । भोलिका दिनमा यसको भविष्य राम्रो छ, हामीले विकास विस्तार गर्दै गएको खण्डमा यसको अझ बढोत्तरी गर्न सक्छौं भनेर लाग्दै गयौं । सालबसाली सहकारी अभियान राम्रो बन्दै गयो । जनमानसमा यसको चेतना अभिवृद्धि भयो । सदस्यहरूको संलग्नता पनि अभियानप्रति बढ्दै गयो । कालान्तरमा यसको निकै ठूलो जमात अगाडि बढ्यो । २०४८ देखि २०५३ सम्म दुई कार्यकाल निर्वाचितहुँदै अभियानमा सेवा गर्ने अवसर मिल्यो । शुरूमा पेशागत रूपमा लागेको स्वच्छ व्यक्तित्व मात्रै व्यक्तिगत रूपमा निर्वाचित हुने चलन थियो । २०५३ पछि अलिकता परिवर्तन भएको देखियो । कता कता सिण्डिकेट, ग्रुपिजम देखापरेको जस्तो लाग्यो । नजान्ने मान्छे, त्यहाँ उभिन गाह्रो पर्ने देखियो । त्यो हामीमा अत्यन्त चित्त दुखाइ भयो । संस्थापक अध्यक्ष भोजराज घिमिरेज्यू त्यो चाहानुहुन्नथ्यो । उहाँ स्वच्छ छवि होस्, बचत ऋण सहकारीमा राजनीतिक हावा नलागोस् भन्ने उहाँको धेरै ठूलो चाहना थियो । पछि उहाँले नेफ्स्कूनको नेतृत्व छोड्नुभयो । अभियान राम्रोसँग चलाउनुहोस् भन्ने उहाँको शुभेच्छा थियो । अभियानको विकास विस्तार साथै उन्नती राम्रैसँग अगाडि बढ्यो । चुनावको बेलामा भने यसको रङ रूप कताकता फरक देखिन्थ्यो । स्वच्छ र प्रतिबद्ध मान्छेको योगदान सहकारीमा रहेहुथ्यो कि भन्ने हामीलाई लाग्थ्यो ।

हिजोको र आजको दिनमा तुलना गर्दा त अभियान बृहत भइसकेको छ । तर जसरी नेपालको संविधानले तीन खम्बे अर्थनीतिभित्रको एक महत्वपूर्ण खम्बा सहकारी भनेको छ, त्यसरी राज्यले सहकारीलाई प्राथमिकतामा राखेन भन्ने लाग्छ । त्यो किन हुन सकेन ? बैंक र सहकारी प्रतिद्वन्दी त होइन । प्रत्येकको घरदैलोमा पुग्ने भनेको सहकारी हो । यसलाई हामीले 'सोसल बैंकिङ्ग' को रूपमा विकास गर्नुपर्छ भन्ने मेरो धारणा थियो । करिब ३ करोड जनसंख्या, जुन दुर्गम क्षेत्रमा पनि यसले टेवा दिन सक्ने सबल माध्यम हो । नेफ्स्कूनको नेतृत्वबाट यसमा राम्रै पहल भइरहेको छ । ७६ वटै जिल्लामा नेफ्स्कूनको सेवा पुगेको छ । सहकारी सम्बन्धी बहस पैरवी, सरकारसँगको लविङमा संघले राम्रो नेतृत्व बहन गरेको छ ।

"हिजोको र आजको दिनमा तुलना गर्दा त अभियान बृहत भइसकेको छ । तर जसरी नेपालको संविधानले तीन खम्बे अर्थनीतिभित्रको एक महत्वपूर्ण खम्बा सहकारी भनेको छ, त्यसरी राज्यले सहकारीलाई प्राथमिकतामा राखेन भन्ने लाग्छ । त्यो किन हुन सकेन ?"

तर नियम कानून बन्ने तर सहकारी मैत्री नबन्दाखेरि व्यवहारिकतामा कतिपय अप्ठ्याराहरू पनि छन् । सरकार अर्थात सहकारी विभागले संस्था जन्माउने मात्रै होइन, त्यसको संरक्षण पनि गर्नुपर्छ । हुर्काउने, बढाउने र सिकाउने दायित्व पुरा गर्नुपऱ्यो । खाली जन्माउने अनि मार्ने मात्रै काम भयो सरकारबाट । अब यसको विकल्पमा नेफ्स्कूनले जिम्मेवारी लिनुपर्छ । बचत ऋण सहकारीमा ठूलो नेटवर्क भएको हिसाबले पनि अब अभियानको संरक्षणको दायित्व नेफ्स्कूनले लिनुपर्छ । यसको विश्वास जनतामाझ पुऱ्याउन नेफ्स्कूनको धेरै ठूलो दायित्व छ । अन्तर्राष्ट्रिय क्षेत्रमा जस्तै नेपालमा पनि सहकारी क्षेत्रको योगदान ठूलो रहोस् भन्ने हाम्रो चाहना छ ।

तर यतिवेला सहकारी अलि 'क्रिटिकल फेज' मा छ । सरकारको नीति नियम एकातिर छ, जनमानसको सहकारीप्रतिको विश्वास पनि जित्नुपर्नेछ । सीमित सहकारीका गलत गतिविधिको प्रभाव सवैतिर नपरोस् भन्नका लागि कसरी बाच्नुपर्छ, त्यो सिकाउनुपर्छ, अनियमित गर्नेलाई तत्काल दण्ड सजाय पनि गर्नुपर्छ । सहकारीको मजबुद नियामक निकाय को हो त ? यसको संरक्षण कसले गर्ने हो, एउटा सिस्टम हुनुपर्छ । हिजोको सीमित परिभाषाभित्र अहिले सहकारीलाई समेट्न खोजेर पनि हुँदैन । तुलनात्मक रूपमा दायरा ठूलो भइसकेको छ । संविधानको प्रस्तावना मै पनि परिवर्तनको आवश्यकता भएको छ । ग्रामीण क्षेत्रका, गरिब, निमुखा, श्रमजीवि भनेर मात्र भएन विदेशमा सहकारीले अत्यन्तै ठूला ठूला कामहरू गरेका छन् । हाम्रो नेपालमा किन हुन सक्दैन त । त्यतापट्टि पनि हामीले सोच्नुपऱ्यो । गरिबी, निमुखा, दिनदुःखीलाई सहकारीले हेर्नुपर्ने त्यो आफ्नो पाटो त छँदैछ । त्यस बाहेक ठूला काममा पनि हामीले हात हाल्न हिच्किचाउनु पर्दैन । त्यसका लागि नियम, सम्यमता र दुरदृष्टि राखेर काम गर्नुपर्छ । अन्तर्राष्ट्रिय अभ्यास के छ, प्रविधि विकासको अवस्था के छ, त्यसलाई अँगाल्दै अगाडि बढ्नुपर्छ । गतिशिल समयमा हामीले हिजैको पुरानो परिभाषालाई लिएर हिडेर सुहाउँदैन । त्यसमा समयसापेक्ष परिस्कृत र परिमार्जित गर्दै अगाडि बढ्नुपर्ने बेला आइसकेको हो । यसमा सबैको साथ सहयोग चाहिन्छ । बैंक र सहकारी समपुरक हो, एक अर्काको सहयोगी हो । सहकारीले निर्माण गरेको पुँजी राख्ने त बैंकमा नै हो । बैंकले सहकारीलाई कहिल्यै पनि अन्यथा नठान्नुहोला । सहकारी संरक्षणका लागि अब एक स्वतन्त्र निकायको आवश्यकता भएको छ ।

मैले राष्ट्र बैंकमा जागिर खाएको बेलादेखि सहकारीका लागि छुट्टै दोम्रो तहको नियामक निकाय चाहिन्छ भनेर कुरा उठेको हो । तर आजसम्म पनि त्यही इस्यू छ, तर कार्यान्वयन छैन । सरकारले सस्तो लोकप्रियताको लागि भन्ने मात्रै होइनकी सरकार, राष्ट्र बैंक र सबै सरोकारवाला निकायहरू बसेर अब सहकारीलाई कसरी अगाडि बढाउने भन्ने बहस गर्नुपर्छ । सहकारी हेर्ने एउटा छुट्टै सशक्त नियामक निकाय हुनुपर्छ । बैंक वित्तीय क्षेत्रका समस्याहरूलाई मसिनोसँग हेर्ने राष्ट्र बैंकको दायित्व हो । तर सबै क्षेत्र राष्ट्रबैंकले हेरेर पनि हुँदैन र सहकारी क्षेत्रलाई राष्ट्र बैंकभन्दा पृथक तर सशक्त नियामक आवश्यक छ । सहकारी क्षेत्रको विकास र प्रवर्द्धनका लागि अब एकदमै सोच्नुपर्ने बेला आइसकेको छ, त्यसका लागि राष्ट्र बैंकको पहल चाहिन्छ, बैंकले प्राविधिक सहयोग साथै 'गाइडलाईन्स' दिनुपर्छ ।

सहकारीले धेरै राम्रा काम गरेको छ, आउटपुट अत्यन्त राम्रो छ । तर सीमित मान्छेले यसबाट नाजायज फाईदा लिएको पनि देखिन्छ । सञ्चालक समिति सबै खराव छन् भन्ने होइन, समितिका केही व्यक्ति र केही सहकारीका सदस्यहरू पनि खराव निस्कन सक्छन् । सञ्चालकले भित्र विगारेको खण्डमा के गर्ने ? उसलाई पदच्यूत गर्ने, दण्ड जरिवाना के गर्ने भन्ने कुरो छैन । सञ्चालक समिति भित्रै बसेर संस्था र सदस्यको अहितमा काम गर्छ भने त्यसलाई हामीले कसरी कारबाही गर्ने, त्यो अहिलेसम्म पाइएन ।

सहकारीको वास्तवमा खनखाँचो टार्ने भन्ने 'वेसिक प्रिन्सिपल' हो । खनखाँचो टार्ने बाट अगाडि बढेर अब उद्यमशीलताको कुरा गर्नुपर्छ । कुनै पनि सदस्यलाई आवश्यक परेको खाँचो टार्न सहकारी साथी बनेर सहयोग गरेको हुन्छ । बैंकले जुन किसिमले क्राइटेरिया तोकेको हुन्छ, त्यो पूर्ण पालना गरेर बैंकसम्मको पहूँचमा सबै पुग्न सक्ने अवस्था रहँदैन । सहकारीले त एउटा अपनत्व लिएर सदस्यहरूलाई सीप तथा परामर्श प्रदान गर्दछ । आज गाउँघरमा जति पनि वेरोजगार छन्, रोजगारीको खोजीमा लाखौंको संख्यामा विदेशिएका छन् । ती सबैलाई न बैंकले हेर्न सक्दछ, न सबैको बैंकसम्म पुग्ने क्षमता नै छ । त्यो समुहलाई हेर्ने क्षेत्र भनेको वास्तवमा बचत तथा ऋण सहकारी अथवा अन्य सहकारीहरू नै हो ।

यस्ता सदस्यहरूलाई सहकारीले सीप, प्रविधि, पुँजी दिएर अगाडि बढाउन सक्छ । भोलिका दिनमा विदेशिएका व्यक्तिहरू नेपाल फर्किदा उनीहरूलाई केमा आबद्ध गराउने भन्ने प्लेटफम पहिले नै तयार पारेर राख्नुपर्छ । भोलि ४०/५० लाख युवाहरू फेजआउट भएर फर्केर आएको खण्डमा उसलाई कहाँ समायोजन गर्ने, त्यो सरकारसँग पनि कुनै भिजन नै छैन । ती युवाले भोलि काम गर्ने ठाउँ नपाएको खण्डमा सरकारका मान्छेहरूको टाउको समाउनेछन् । नीति नियम भनेको भोलिको हेरेर अहिले देखिनै बनाइराख्नुपर्छ, यसको जिम्मेवार क्षेत्र एउटा सहकारी पनि हो । सहकारीको सम्भावना ठूलो छ, यसले एउटा कुशल अभिभावकीय भूमिका निभाउनुपर्छ र सरकारले पनि 'गार्जेनसीप' लिनुपर्छ । बर्षेनी कामको खोजीमा बाहिर जान खोज्ने र गएर फर्किएका युवाहरूका लागि 'स्किल बैंक' को अवधारणा ल्याउनुपर्छ । मलाई के लाग्छ भने, ती युवाहरूमा के सीप छ, उनीहरूको सबै 'डिटेल्स' सहित बैंकिङ्ग सिस्टममा राख्ने हो भने बाह्य श्रमशक्तिलाई विस्थापित गरेर हाम्रै युवा जनशक्तिलाई कामदिन सकिन्छ । त्यसका लागि अहिलेनै पुर्वाधार तयार पार्नुपर्ने स्थिति आइसकेको छ । यसमार्फत हामीले देशमा ठूलो क्रान्तिनै ल्याउन सक्छौं । देशबाट बेरोजगार भन्ने शब्दै हट्छ, त्यो गर्नुपर्छ भन्ने लाग्छ । हामीले अबको 'इन्भेष्ट स्कील म्यानपावर' विकासमा पनि लगाऔं न ।

भिजन र युवा जोस जाँगरको फ्यूजन गराएर काम गर्नुपर्छ । यसबाट वस्तुगत रूपमा समृद्ध नेपाल सुखी नेपालीको परिकल्पना साकार पार्न सकिन्छ ।

सहकारीमार्फत उत्पादनमा जान राज्यले सहजीकरण गर्नुपर्छ

कुराकानीमा आधारित



रोहिणी जोशी

पूर्व सञ्चालक, नेफ्स्कून

म नेपाल बैंक लि.को कर्मचारी । २०४८ सालमा बैंकबाट स्वेच्छिक अवकाश लिएँ । बैंकबाट अवकाश भएपनि दिनभर घरमा के गरेर बस्नु भन्ने हुन्थ्यो । अवकाश कर्मचारीहरू हामी एउटा समुह नै थियौं । त्यो बेला साझा केन्द्रको प्रिन्सिपल सुर्यरत्न शाक्य हुनुहुन्थ्यो । उहाँ पनि हाम्रो समुहलाई ओहो बैंकर्स ग्रुप भनेर मायाले बोलाउँनुहुन्थ्यो । सर्वप्रथम त प्रिन्सिपल शाक्यले नै हामीलाई सहकारी यस्तो हो, ल तालिममा बस भनेर राखिदिनुभयो । सहकारीका हरेक तालिममा हाम्रो सहभागिता रह्यो । अध्यक्ष भोजराज घिमिरेज्यूले पनि ल यस्तो ठाउँमा तालिम आएको छ, तपाईंहरू जानुहोस् भन्नुहुन्थ्यो । त्यसरी सहकारी सञ्चालनको विधि, सिद्धान्त सबै सिक्ने अवसर पायौं । सहकारी ऐन, २०४८ र नियमावली २०४९ मा भएका व्यवस्थाहरू तालिमका क्रममा हामीलाई मसिनोसँग सिकाउनुहुन्थ्यो । बैंकमा काम गरेको अनुभव र सहकारीको तालिम पाएर म त छिट्टै नै गाउँ गाउँमा गएर सहकारी सम्बन्धी तालिम दिन सक्ने भएँ । हाम्रो समुहलाई अध्यक्ष घिमिरेलेज्यूले ल तपाईंहरू सहकारी खोल्नुस् भन्नुभयो, विनियमहरू सबै बनाउन पनि उहाँहरूले नै सहयोग गर्नुभयो । रजिष्ट्रार शंकरराज जोशी पनि निकै सहयोगी हुनुहुन्थ्यो । हामी २५/२६ जना सबै नेपाल बैंकका कर्मचारी थियौं । हामीले २०४९ सालमा ललितपुरमा स्वस्तिक बचत तथा ऋण सहकारी संस्था खोल्यौं । त्यसपछि विभिन्न ठाउँमा तालिम दिँदै सहकारी संस्था खोल्न सदस्यहरूलाई प्रोत्साहन गर्ने काम गर्‍यौं ।

हामीले सिकेको सहकारी लुटेर खाने सहकारी होइन । सहकारीले जनताको लागि र आफ्ना सदस्यहरूको लागि आर्थिक तथा सामाजिक उत्थानमा काम गर्ने हो । तर अहिले सहकारीलाई लुटेर खाने ठाउँ केही सञ्चालकहरूले बनाइराखेको पाइन्छ । यसरी चल्दैन, एकदिन न एकदिन त उनीहरू सजायको भागी हुन्छन् नै । नेफ्स्कून सहकारी प्रवर्द्धन र संरक्षण गर्ने अभिभावक संघ हो । नेफ्स्कून बलियो बन्न सदस्य संस्था बलियो बन्नु अनिवार्य हुन्छ । सहकारी संस्थाहरू जवसम्म सहकारीको सिद्धान्त र सुशासनमा सञ्चालन हुँदैनन् तबसम्म दिगो बन्दैनन् । अभियानलाई बलियो बनाउन प्रारम्भिक सहकारी देखि सहकारीको सिद्धान्त अनुसरण गर्नुपर्छ, त्यसका लागि नेफ्स्कूनको भूमिकालाई पनि सुदृढ र सबल बनाउनुपर्छ ।

> नेफ्स्कून सहकारी प्रवर्द्धन र संरक्षण गर्ने अभिभावक संघ हो । नेफ्स्कून बलियो बन्न सदस्य संस्था बलियो बन्नु अनिवार्य हुन्छ । सहकारी संस्थाहरु जवसम्म सहकारीको सिद्धान्त र सुशासनमा सञ्चालन हुँदैनन तबसम्म दिगो बन्दैनन् ।









सञ्चालकहरूमा राजनीति हावी भएका कारण सहकारीमा समस्या उब्जियो भन्ने लाग्छ । सहकारीको सेवा सदस्यकेन्द्रित हुनुपर्ने तर पछिल्लो समय त्यो देखिएन । सहकारीको सेवा सञ्चालक र पदाधिकारी केन्द्रित भयो । सदस्यलाई बढीभन्दा बढी सुविधा कसरी दिने, सदस्यहरूको आर्थिक तथा सामाजिक जीवनस्तर कसरी उठाउने भन्नेमा कसैले सोचेन । २०४५ सालदेखि हालसम्म आइपुग्दा, यो ३५/३६ वर्षको अवधिमा सहकारीले के गऱ्यो भन्ने कुरा महत्वपूर्ण हो । बचत ऋणको सहकारीले सदस्यसँग खाली बचत र ऋणको मात्र कारोबार गरेर बस्ने होइन । सदस्यलाई सीप दिएर बल्ल पुँजीको परिचालन गर्ने हो । सदस्यलाई अनुत्पादक क्षेत्रमा लगानी गर्ने पुँजी सहकारीले दिएर सदस्यको उत्थान हुन सक्दैन । सदस्यलाई उत्पादनशील क्षेत्रमा लाग्नसक्ने सीप सहकारीले दिनुपर्छ । कृषि उत्पादन अभिवृद्धिका लागि ऋण लगानी गर्नुपऱ्यो । साना साना उद्यमशीलता सीप विकासका कार्यक्रममार्फत सदस्यहरूलाई आर्थिक सवलीकरण गर्नसक्नुपर्छ । जापानमा महिला समुहहरूले गरेको सुन्तला खेतीबाट म निकै प्रभावित भएकी थिएँ । लार्ज स्केलमा ५० जना महिलाहरूको समूहले सुन्तला खेती शुरू गरेका रहेछन् । उत्पादित सुन्तला टिप्न, सर्टिङ गरेर विक्रि गर्न, आफ्नै सो-रूमहरूमा राख्न, चक्लेट उद्योग र जाम जेली उद्योगमा सुन्तला पुऱ्याउन मात्रै सयौंको संख्यामा रोजगारी सृजना भएको रहेछ । यसले सुन्तला कृषि फारममा लगानी लगाउने साथै त्यसबाट रोजगारीको अवसर पाउने धेरै जनाको आर्थिक अवस्थामा ठूलो परिवर्तन ल्याएको रहेछ । हामीले नेपालमा सहकारी मार्फत यस्तो खालको सामुहिक कृषिमा लगानी किन गर्न सकिराखेका छैनौं ? यो महत्वपूर्ण प्रश्न हो । जवसम्म सहकारीमार्फत कृषि उत्पादन वृद्धि हुँदैन तवसम्म नेपाल सँधै परनिर्भर भइरहन्छ । त्यसकारण राज्यका निकायमा बस्ने र सहकारी अभियानका अगुवाहरूले पनि यो विषयमा गम्भीर भएर सोच्नु जरूरी छ । राम्रो काम गर्न कहिल्यै ढिला हुँदैन, अझै पनि केही विग्रिएको छैन, सहकारीबाट उत्पादनको क्षेत्रमा जाने सहज बातावरण तयार गर्न राज्य र अभियान एकजुट होओस् भन्न चाहन्छु ।

जवसम्म सहकारीमार्फत कृषि उत्पादन वृद्धि हुँदैन तवसम्म नेपाल सँधै परनिर्भर भइरहन्छ । त्यसकारण राज्यका निकायमा बस्ने र सहकारी अभियानका अगुवाहरूले पनि यो विषयमा गम्भीर भएर सोच्नु जरूरी छ ।

सहकारीको पुँजी सदस्यहरुको हितमा केन्द्रित हुनुपर्छ

कुराकानीमा आधारित



भेषनारायण दाहाल

पूर्व संयोजक

लेखा सुपरिवेक्षण समिति

नेफ्स्कून

सहकारी जुन उद्देश्यले खोलिएको हुन्छ, त्यसको विपरित व्यक्तिगत स्वार्थमा लागेर सामुहिक पुँजीलाई व्यक्तिगत लाभमा परिचालन गर्ने केही कामहरू जुन आज भएका छन्, त्यो अत्यन्त गलत भएको छ । मन, बचन र कर्मले सहकारीको उद्देश्य अनुरूप काम गर्ने हो भने कुनै पनि बेला सहकारीमा विचलन आउँदैन । सहकारी अभियानमा आज कुशल नेतृत्वको आवश्यकता महसुस भएको छ । सहकारीको सञ्चालक समितिमा रहेका अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र अन्य पदाधिकारीहरूबाट संस्थामा संकलित पुँजी विनाधितो, ब्याजको सुरक्षित ग्यारेन्टी विना जब जथाभावी ऋण लगानी गर्ने काम हुन्छ, त्यसकै परिणाम स्वरूप आज यो अवस्था आएको हो ।

सदस्यलाई ऋण दिनुभन्दा अगाडि धेरैपटक सोच्नुपर्छ र निक्षेपकर्ताको हितलाई ध्यानमा राखेर सहकारीको पुँजी कसरी सुरक्षित हुन्छ भन्ने कुरामा यसका नेतृत्वकर्ता र व्यवस्थापकहरूले हरहमेसा चिन्तन मनन गर्नुपर्छ । प्रारम्भिक सहकारी संस्थाहरूको प्रवर्द्धन संरक्षणमा नेफ्स्कूनको भूमिका महत्वपूर्ण छ । अझै यसले समयसमयमा तालिमका कार्यक्रमहरू तथा सहकारी शिक्षाका कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ, समय समयमा संस्थाहरूको अवस्थाका बारेमा, बचतको लगानी सुरक्षित छ कि छैन भन्ने कुराको जानकारी लिनुपर्छ । सदस्य संस्थाहरूलाई यसले ३/३ महिनामा रिपोर्ट अध्यावधिक गर्न लगाउनुपर्छ । सहकारी नीतिहरूको पालना भए नभएको अनुगमन गर्नुपर्छ र चुस्त दुरूस्त ढंगले संघले बचत हिसाब राख्ने व्यवस्था गराउनुपर्छ ।

सहकारी अभियान सुदृढीकरणका लागि राज्य पक्षको भूमिका पनि त्यतिकै महत्वपूर्ण छ । नियामक निकाय अर्थात सहकारी विभागद्वारा सहकारी संस्थामा क्रस चेकिङ गर्ने व्यवस्था हुनुपर्छ । कुनै संस्थाहरूले बदमासी गरेको अवस्था पाइएमा त्यस्ता संस्था तथा व्यक्तिलाई कठोर दण्ड सजायको व्यवस्था गर्नुपर्छ । त्यसले अन्य खराब काम गर्ने संस्थाहरूलाई पनि सजग गराउने काम गर्छ । राज्यका तीनवटै निकायहरू संघ, प्रदेश र स्थानीय निकायहरूले आफू मातहतका सहकारी संघ संस्थाहरूलाई नियमित निरीक्षण गर्ने, सजग गराउने, पत्राचार गर्ने र उनीहरूको प्रगति बुझ्ने

“प्रारम्भिक सहकारी संस्थाहरुको प्रवर्द्धन संरक्षणमा नेफ्स्कूनको भूमिका महत्वपूर्ण छ । अझै यसले समयसमयमा तालिमका कार्यक्रमहरु तथा सहकारी शिक्षाका कार्यक्रमहरु सञ्चालन गर्नुपर्छ, समय समयमा संस्थाहरुको अवस्थाका बारेमा, बचतको लगानी सुरक्षित छ कि छैन भन्ने कुराको जानकारी लिनुपर्छ ।”

काम गर्नुपर्छ ।

हाल सहकारीमा देखिएका केही वेथितिका घटनाहरूले यतिवेला सिङ्गो सहकारी संस्थाहरूप्रति जनमानसमा विश्वासको संकट पैदा भएको छ । सहकारी संस्थाहरूले आफ्ना संस्थागत गतिविधिहरूलाई पारदर्शी गरेर सकारात्मक सन्देश दिनुपर्छ र सबै सहकारी खराब छैनन् भन्ने उदाहरण प्रस्तुत गर्नसक्नुपर्छ । यसले सदस्यहरूमा विश्वास जगाउन मद्दत गर्दछ । हाल देशको परिस्थिति, अन्तर्राष्ट्रिय गतिविधि सबै कुराले सहकारी अभियान कमजोर देखिएको छ तर सबै सहकारी अभियन्ताहरूले सजग बन्दै मिलेर, हातेमाले गरेर आ आफ्ना संस्थाहरूका गतिविधिप्रति ध्यान दिएर गलत प्रविधिहरूको अन्त्य गर्दै जानुपर्छ । बचत तथा ऋण सहकारी अभियानले विगतका कमी कमजोरीहरू सुधार्दै सदस्यहरूमाझ विश्वासिलो आधार निर्माण गर्न सकोस् । नेफ्स्कूनको संस्थापक सदस्यको हैसियतले संघको ३६ औं स्थापना दिवसले सुशासित र सुदृढ सहकारी अभियान निर्माणमा महत्वपूर्ण भूमिका निर्माण गर्न सकोस् भन्दै हार्दिक शुभकामना ब्यक्त गर्न चाहन्छु ।

सहकारी अभियान सुदृढीकरणका लागि राज्य पक्षको भूमिका पनि त्यतिकै महत्वपूर्ण छ । नियामक निकाय अर्थात सहकारी विभागद्वारा सहकारी संस्थामा क्रस चेकिङ गर्ने व्यवस्था हुनुपर्छ । कुनै संस्थाहरूले बदमासी गरेको अवस्था पाइएमा त्यस्ता संस्था तथा व्यक्तिलाई कठोर दण्ड सजायको व्यवस्था गर्नुपर्छ । त्यसले अन्य खराव काम गर्ने संस्थाहरूलाई पनि सजग गराउने काम गर्छ ।





सञ्जाल साझेदारीको आवश्यकता र चुनौति

विचार

उद्धव सापकोटा

अध्यक्ष,
बागमती प्रदेश बचत संघ
पूर्व सञ्चालक, नेफ्स्कून



सञ्जाल व्यवस्थापन (Network Management) का लागि सबै संघहरू बीच पर्याप्त छलफलका लागि साधना गर्ने प्रतिबद्धता आवश्यक हुन्छ । अर्को तर्फ यसलाई सफल बनाउन सबैको जीत जीतको अवस्था रहने गरी कार्य प्रारूपको विकास गर्नु जरूरी छ ।

नेपालको संविधानको धारा ५६ को उपधारा (१) ले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था गरेको छ । हाल तीनै तहमा सहकारीका संघहरू स्थापित भई क्रियाशिल नरहेको भएतापनि जिल्ला, प्रदेश र संघीय संघहरूको संरचना कायम छ । अस्तित्वमा रहेको जुनसुकै तहको संघ भए पनि अबका दिनमा सञ्जाल सहकार्य वा साझेदारीको विकल्प छैन ।

सहकारीले जनतालाई लोकतन्त्र र समानताको साथ एकताबद्ध गर्दछ । निश्चित मूल्य र मान्यतामा आधारित जनकेन्द्रित उद्यमका रूपमा लिइएको सहकारी विश्वभरी सञ्जालिकृत छ । निष्पक्षता, समानता र सामाजिक न्यायलाई उद्यमको मुटुमा राखेर विश्वभरीमा सहकारीकर्मीहरूले सहकारीका सदस्यहरूलाई सेवा दिई रहेका हुन्छन् । सहकारीले मुनाफाको लागि काम गर्दैनन् तर काम गर्दै जाँदा मुनाफा आर्जन गर्दछन् र सदस्यहरूमा लगानीको आधारमा समान रूपमा वितरण गर्दछन् । यस्तो पवित्र उद्देश्यले सञ्चालित सहकारी संस्थाहरूले आफ्नो आवाज, अभ्यास र अनुभवलाई विश्वभरी पुऱ्याउनका लागि तहगत संरचनाको स्वरूपमा संघहरू स्थापना गरेका हुन्छन् । जुन अभ्यासले सहकारीहरूको विश्व सञ्जाल संम्भव भएको हो । यसर्थ दुई फरक प्रयोगकर्ताहरू मिलि साझा उद्देश्य प्राप्तिका लागि सूचना हस्तान्तरण गर्नु नै सञ्जाल विस्तार हुनु हो ।

त्यसै गरी एउटै र उस्तै सेवा दिने सेवा प्रदायकहरूको संयुक्त स्वामित्व रहने गरी लगानी, लाभको उपयोग र जोखिम बहनमा दीर्घकालिन जिम्मेवारी बाँडफाँड गर्ने पद्धति नै साझेदारी हो । साझेदारीका दुई पक्ष मध्ये एउटा पक्ष दिने र अर्को पक्ष लिने वा एउटा पक्ष ठूला र अर्को पक्ष सानो हुदैन् । साझेदारी सम्बन्धको विश्व अभ्यासलाई नियाल्दा साझेदारी लम्बीय साझेदार (Vertical Partners), क्षितिजीय साझेदार (Horizontal Partners) र विश्वव्यापी साझेदार (Cross Border Partners) गरी ३ किसिममा अभ्यास गर्दै आएको पाइन्छ । साझेदारी अभ्यासले पुँजी, प्रविधी, ज्ञान, सीप र अनुभवको अभावलाई पूर्ति गर्दछ ।

यी दुई भिन्न शब्दहरूको एकीकृत स्वरूप सञ्जाल साझेदारी हो । सुन्दा र बोल्दा यो सामान्य शब्द जस्तो लागे पनि वास्तवमा सञ्जाल साझेदारीले बृहत क्षेत्र ओगटेको छ । यस क्षेत्रले जति बृहत क्षेत्र ओगटेको छ त्यति नै यसको व्यवस्थापनको प्रारूप विकासमा जटिलता छ तर जटिलता भित्र नै विषयको संवेदनशिलता रहेको छ ।

नेपालको संविधानको धारा ५६ को उपधारा (१) ले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था गरेको छ । हाल तीनै तहमा सहकारीका संघहरू स्थापित भई क्रियाशिल नरहेको भए तापनि जिल्ला, प्रदेश र संघीय संघहरूको संरचना कायम छ । अस्तित्वमा रहेको जुनसुकै तहको संघ भए पनि अबका दिनमा सञ्जाल सहकार्य वा साझेदारीको विकल्प छैन । वित्तीय क्षेत्र अति जोखिम र संवेनशिल क्षेत्र हो भन्ने कुरामा कसैको दुई मत छैन । त्यसैले आज सहज अवस्थामा चलेको छ भन्दैमा सबैक्षणमा निरन्तर चल्दछ भन्ने निश्चित छैन । जब अभियानमा संकट आउँदछ त्यो संकटको समाधान सञ्जाल सहकार्य बाहेक एक्ला एक्लै समाधान गर्न सकिदैन भन्ने कुराको पुष्टी विभिन्न समयमा आएका तरलता संकटले गरिदिएको छ ।

सञ्जाल साझेदारी भन्दा पहिले सञ्जाल व्यवस्थापन (Network Management) अनिवार्य शर्त हो । आफ्नो जिम्मेवारी र भूमिकाको विषयमा स्पष्ट नभएको सञ्जालमा साझेदारी हुँदा अपेक्षित नतिजा प्राप्त

गर्न कठिन हुन्छ । सञ्जाल व्यवस्थापन (Network Management) का लागि सबै संघहरू बीच पर्याप्त छलफलका लागि साधना गर्ने प्रतिबद्धता आवश्यक हुन्छ । अर्को तर्फ यसलाई सफल बनाउन सबैको जीत जीतको अवस्था रहने गरी कार्य प्रारूपको विकास गर्नु जरूरी छ ।

सञ्जाल व्यवस्थापन (Network Management) मार्फत संघहरूको भूमिका, जिम्मेवारी र उत्तरदायित्व किटान भई सके पछि भूमिका अनुसारका विषयमा गरिएको साझेदारी दिगो र भरपर्दो हुन्छ । यसरी साझेदारी गर्दा साझेदार दुवै पक्षको समान हैसियत कायम राख्नु पर्दछ । Give and Take को रूपमा गरिएको समझदारी लामो समय टिक्दैन् । यसले अनावश्यक रूपमा दुरी बढाउने काम गर्दछ ।

सञ्जाल व्यवस्थापन (Network Management) :

हाम्रो मुलुकमा सबै कामहरू सिष्टममा नै हुन्छ भनेर ढुक्क हुने अवस्था छैन । राज्य सञ्चालनको जिम्मेवारी पाएको व्यक्तिमा सहकारी प्रति हेर्ने दृष्टिकोण कस्तो छ ? उसले सहकारी अभियानलाई कस्तो सहयोग गर्न सक्दछ ? जस्ता अनुत्तरित प्रश्नहरू विद्यमान रहेको छ । त्यस माथि ५ वर्ष सम्म निरन्तर चल्ने किसिमको स्थिर सरकारको अभावका कारण वर्षै पिच्छे फेरिने सहकारी प्रतिको दृष्टिकोण र अभियानको बहस पैरवीको प्रभावकारिताको विषय चुनौतिपूर्ण रहदै गएको छ । यो चुनौतिलाई सामना गर्नका लागि अभियानमा कुनै एउटा संघको भूमिका मात्र पर्याप्त हुन सक्दैन् र भएको छैन । यसका लागि संघहरूसँग तथ्य, तथ्याङ्क र विवरणहरूको संकलन, सम्पादन र प्रकाशन गर्ने अभ्यास हुनु पर्दछ तर हाम्रो अभियानमा ऐक्यवद्धताको अभावमा यी सबै क्षेत्र ओजेलमा परेका छन् । जसको कारण प्रभावकारी पैरवी हुन सकेको छैन । अभियानको सशक्तिकरण र सहकार्यको पहिलो अवयव नै सञ्जाल व्यवस्थापन (Network Management) हो । यसलाई सम्भव भए संघीय कानूनमा समावेश गरेर नभए पनि संघहरू बीचको लिखित समझदारी गरी कार्यान्वयन गर्न ढिला गर्नु हुदैन् ।

सञ्जाल व्यवस्थापन (Network Management) किन ?

१. सबै सहकारी संघहरूको निर्दिष्ट कामको व्याख्या नहुँदा सबै मार्फत एउटै क्षेत्रमा उस्तै सेवा प्रवाह हुनाले अभियानका सबै सहकारी संस्थाहरूले सेवा लिन नसक्ने अवस्था सृजना हुन नदिन,
२. सबैले एउटै क्षेत्रमा कार्यहरू गर्नाले संघ-संघ नै प्रतिर्धीको रूपमा स्थापित हुन नदिन,
३. सहकारी अभियानका लागि आवश्यक सबै किसिमका सेवामा सबै सहकारी संस्थाहरूको पहूँच पुऱ्याउन,
४. अभियानमा सबै संघहरूको भूमिका स्थापित गरी अस्तित्वको रक्षा गर्न,
५. अभियानमा स्थापित सबै संघहरूलाई क्रियाशिल बनाई सबै क्षेत्रमा संघको पहूँच पुऱ्याउन,
६. बहस र पैरवीमा संघहरूको ऐक्यवद्धता कायम गराई प्रभावकारिता वृद्धि गर्न,
७. अभियानको एउटै बोली र व्यवहार कायम गर्न,

सञ्जाल व्यवस्थापन (Network Management) कसले र कसरी गर्ने ?

जसरी एउटा टेलिभिजन सेवा प्रदायकले केन्द्रबाट गरेको प्रशारण विभिन्न स्थानमा राखेको टावरको माध्यमबाट विश्वभरी प्रशारण गर्न सक्दछ त्यसरी नै केन्द्रीय संघले मातहतका प्रदेश संघ र जिल्ला संघहरूलाई आफ्नो टावर वा स्टेशनको रूपमा प्रयोग गरी अभियानको आवाज प्रारम्भिक सहकारी संस्था र ती संस्थामा आबद्ध सदस्यहरूसम्म पुऱ्याउन सक्दछ । यसको लागि केन्द्रीय संघको भूमिका प्रमुख हुन्छ भने सबै संघहरूको इमान्दार प्रयास आवश्यक छ । विश्व अभ्यासलाई केन्द्रीय संघले ग्रहण गर्दै आफ्ना स्टेशनहरूको माध्यमबाट सम्प्रेषण गर्ने संस्कृति विकास गर्नु नै सञ्जाल व्यवस्थापन (Network Management) हो ।

सञ्जाल साझेदारी :

जब सञ्जाल व्यवस्थापन (Network Management) को चरण पूरा हुन्छ त्यस पछि बल्ल सञ्जाल साझेदारीले मूर्त रूप प्राप्त गर्दछ । कामको विवेकपूर्ण बाँडफाँड पश्चात तोकिएको काम अनुसार जनशक्तिको पहिचान, कार्यसम्पादन स्तरको मूल्याङ्कन आदिलाई मध्यनजर राखी सक्षमताको आधारमा साझेदारी गर्नु आवश्यक हुन्छ । यसको विभिन्न विधि र प्रकृयाहरू निर्माण गर्न सकिन्छ । यसको विधि निर्माण सामान्य काम होइन । विधि भित्र प्रारम्भ देखि निष्कर्षसम्मका कुराहरू समावेश गरी साझेदारी मार्फत प्राप्त गर्ने उपलब्धि समेतको प्रक्षेपण गर्नु पर्दछ ।

सञ्जाल साझेदारीका मुख्य आवश्यकताहरु

सञ्जाल साझेदारी कुनै एक संघको आवश्यकता होइन । आफुमा सञ्चालन सक्षमता छ, किन साझेदारी गर्नु पऱ्यो भन्ने भावनाले साझेदारी सफल हुदैन । सबै संघहरूलाई साझेदारी आवश्यकताको महशुस भए पछि बल्ल यो विषयले महत्व पाउँछ । जब विषयले महत्व प्राप्त गर्दछ उक्त विषयले कुनै न कुनै बेला सार्थकता प्राप्त गर्दछ ।

१. विश्व अभ्यास, केन्द्रीय संघहरूले गरेको असल अभ्यासको अभियानका सबै सहकारीसम्म पुऱ्याउन आवश्यक सूचनाको हस्तान्तरण गर्दै जान,
२. सबै संघहरूले सञ्चालन सक्षमता हाँसिल नगरेकोले पुँजी, प्रविधि, ज्ञान, सीप र अनुभव आदान प्रदान गर्न,
३. सञ्चालन सक्षमता हाँसिल गरेका संघ मार्फत सञ्चालन सक्षमता हाँसिल नभएका संघहरूको सञ्चालन सक्षमता हाँसिल गर्न,
४. दुरदराजमा रहेका सहकारी संस्थाहरूलाई समेत संघको सेवा पुऱ्याई संघहरूको औचित्य पुष्टी गर्न,
५. केन्द्रले प्रदान गर्ने सेवा प्रदेश वा जिल्लास्तरका संघहरूबाट नै प्राप्त गर्न,


सञ्जाल साझेदारीका चुनौतिहरु

साझेदारी सामान्य प्रकृया होइन् । आफ्नो हित अनुकुल हुँदा साझेदारी ठीक र हित प्रतिकुल हुँदा साझेदारी गलत भन्ने भावनाले साझेदारी अभ्यास सफल हुदैन । साझेदारी सफल बनाउन नदिने केही कारणहरू

हुन्छन् । नेतृत्वले ती कारणहरूको पहिचान गरी समाधानको उपायको खोजी गर्न सकेमा साझेदारी मार्फत सबैले सफलता प्राप्त गर्ने सबै भन्दा उपयुक्त विधि हो । यति हुँदाहुदै पनि सञ्जाल साझेदारी गर्न देहाएका चुनौतिहरू हुन्छन् ।

१. लाभको लागि प्रतिष्पर्धा गर्नाले ऐक्यवद्धता कायम गर्न कठिनाई,
२. सानो र ठूलो हैसियत खोज्नाले असमझदारी बढ्दै जाने अवस्था सृजना हुनु,
३. सहकारी संघहरूले गर्ने सबै क्षेत्रका साझेदारी गर्ने सबै संघहरू तयार नरहनु,
४. आफ्नो बाहेक अन्य संघको अस्तित्व स्वीकार गर्न नसक्ने एकलकाट्टे नेतृत्व
५. साझेदारी भएका कामहरूको पारदर्शिता कायम गर्न नचाहने प्रवृत्ति
६. काममा हुने ढिलासुस्ति,
७. दक्ष जनशक्ति विकासमा सहयोग गर्ने बानीको विकास नहुनु,
८. सबै ठाउँमा आफ्नो उपस्थिति अनिवार्य सोच्ने प्रवृत्ति
९. काममा हस्तक्षेप तथा अल्मल्याउने प्रवृत्ति
१०. लाभको उचित वितरण नहुनु,
११. काम प्रति विश्वास गर्न नसक्नु र थप जिम्मेवारी प्रदान गर्न नसक्नु,
१२. आफुलाई मात्र सक्षम र योग्य देख्ने प्रवृत्ति,
१३. सही सूचना प्रवाह गर्न गरिने कञ्जुस्याई,
१४. श्रोत विकास र विभाजनमा असमझदारी,
१५. नविनतम खोज अनुसन्धानमा भन्दा वैमनस्यता व्यवस्थापनमा बढी समय खर्च,
१६. काममा स्वतन्त्रता नहुँदा काम गर्ने शक्तिमा ह्रास,

हिंस्रक जंगली जनावरको बसोबास रहेको कहाली लाग्दो जंगलको बाटो एक्लै यात्रा गर्न जति कठिन छ त्यति नै सहकारी अभियानमा एक्लै यात्रा पनि कठिन छ । एकपटकको यात्रा पूरा गरिसकेको जंगल हो केही डर छैन भनेर हिम्मत देखाई पटक पटक यात्रा गर्न खोज्ने मानिस जसरी कुनै दिन हिंस्रक जनावरको सिकारको रूपमा मर्नु पर्दछ त्यसरी नै सहकारी अभियान सदैव सामान्य अवस्था र सरल रेखामा चल्दछ भन्ने भावना भएका नेतृत्वहरू एक्लै हिड्न खोज्दा जुनसुकै समस्यामा पर्दछन । त्यस्तो बेलामा एक्लै हिड्न खोज्ने नेतृत्वले न कतैबाट कुनै सुरक्षा प्राप्त गर्न नत साहनुभूति नै प्राप्त गर्न सक्दछ । त्यसैले समस्या पैदा भए पछि समाधान खोज्नु र समाधान गर्न सकें भनेर आफ्नो सक्षमता प्रर्दशन गर्न खोज्नु भन्दा संस्थामा कुनै किसिमको समस्या नै आउन नदिनु उपयुक्त विधि हो त्यसका लागि सञ्जाल साझेदारी अपरीहार्य र एक मात्र उपाय हो । साझेदारीलाई सकारात्मक रूपमा ग्रहण गर्दै बृहत छलफल, अध्ययन र समिक्षा मार्फत सबै तहका संघहरू बीच संघहरूको विशेष अधिकार क्षेत्र, साझा अधिकार क्षेत्र, अनिवार्य सञ्जालीकृत हुनु पर्ने क्षेत्रका रूपमा कार्यहरू बाँडफाँड गरी सोही अनुसारको साझेदारी गर्नु आजको आवश्यकता हो । जसले नेपालको सहकारी अभियानको कार्यक्षमतामा वृद्धि हुन गई अभियान प्रतिको विश्वास बढ्नुको साथै अभियानको आवाजले मान्यता प्राप्त गर्ने र राज्यका तीन तहका सरकारहरूलाई अभियानको उपेक्षा गरेर अगाडि बढ्न नसक्ने अवस्थाको सिर्जना गर्न सकिन्छ ।



एकपटकको यात्रा पूरा गरिसकेको जंगल हो केही डर छैन भनेर हिम्मत देखाई पटक पटक यात्रा गर्न खोज्ने मानिस जसरी कुनै दिन हिंस्रक जनावरको सिकारको रूपमा मर्नु पर्दछ त्यसरी नै सहकारी अभियान सदैव सामान्य अवस्था र सरल रेखामा चल्दछ भन्ने भावना भएका नेतृत्वहरू एक्लै हिड्न खोज्दा जुनसुकै समस्यामा पर्दछन ।

प्रकृतिको आधारमा बचत तथा ऋण सहकारीहरू सदस्यहरू माझ वित्तीय एवम् गैरवित्तीय सेवा प्रदान गर्नका लागि गठित सहकारीहरू हुन्, यिनीहरूले विश्वव्यापी मापदण्ड पुरा गरी वित्तीय संरचनाको व्यवस्थापन गर्नुपर्ने हुन्छ ।



कृष्ण नेपाल

अध्यक्ष,
लुम्बिनी प्रदेश बचत संघ
पूर्व सञ्चालक, नेफ्स्कून

नेपालको हकमा नीतिगत अभ्यास नभएपनि बचत तथा ऋण सहकारी (साकोस) अभियानमा नेपाल बचत तथा ऋण केन्द्रीय संघले एकरूपता प्रणाली मार्फत नीति, विधि र प्रविधिमा ल्याउने प्रयास गरेको छ जसले नीतिगत रूपमा स्थापित जिल्ला संघ, प्रदेश संघ र केन्द्रीय संघ बीचको सहकार्य र सञ्जाल व्यवस्थापनले अभियानमा बनाउने बुझाई र कार्यान्वयनलाई एकरूपता कायम गरेको छ ।

नेपालमा सहकारिताको विकाससँग समुदायस्तरमा व्यक्तिको वित्तीय सेवामा पहुँच र आर्थिक विकासलाई हेर्ने हो भने सहकारी क्षेत्रको अतुलनीय योगदान रहेकोछ । वि.सं. २०१३ सालबाट औपचारिक सहकारिताको शुरूवात भएको आज ६७ वर्ष पुरा भएको छ । यस अवधिमा सहकारीको संख्या आधिकारिक सहकारी विभागको तथ्यांक अनुसार २९,८८६ पुगेको छ । पछिल्ला दिनहरूमा संविधानको कार्यान्वयनले तीन तहको सरकार जसमा सञ्चालन व्यवस्थापनका तबरले अधिकार क्षेत्रानुसार यो संख्यामा केही वृद्धि भएको पाईन्छ ।

सवैभन्दा बढी सञ्जाल विस्तार भएको यस क्षेत्रमा विभिन्न प्रकृतिका प्रारम्भिक सहकारी संस्थाहरुको गठन भई ७३ लाख भन्दा बढी व्यक्तिहरुलाई संगठित गराएको परिप्रेक्ष्यमा आमसमुदायलाई वित्तीय पहुँचका साथै उत्पादन, संकलन, प्रशोधन र बजारीकरण एवं महिला तथा पिछडिएका वर्गहरुको सशक्तिकरणका लागि यस क्षेत्रको योगदान महत्वपूर्ण रहेको छ । विधिवत रूपमा सहकारी संस्थाको विषय २०१३ साल देखि समुदायमा विद्यमान हुँदा पनि २०४६ को राजनीतिक परिवर्तन पछि २०४८ को सहकारी ऐनले समुदाय केन्द्रित सहकारीको स्थापनालाई प्रवर्द्धन गरेको छ र समुदायको आफ्नो संस्थाको रूपमा सहकारी क्षेत्रलाई फैलन मद्दत गरेको छ । सहकारी ऐन, २०७४ ले सहकारीलाई अभियानको रूपमा जागरण ल्याउन र व्यवस्थित बनाउन केन्द्रीय, प्रादेशिक र जिल्ला संघहरूको समेत व्यवस्था गरेको छ । यसरी समुदायमा क्रियाशिल सामुदायिक सहकार्यको थलो सहकारीहरू मध्ये अधिकांश सहकारीहरू वित्तीय कारोबार मै केन्द्रित रहेको पाईन्छ । यस संख्यामा पनि ५०% भन्दा बढी बचत तथा ऋण सहकारीको हिस्सा रहेकोछ ।

प्रकृतिको आधारमा बचत तथा ऋण सहकारीहरू सदस्यहरू माझ वित्तीय एवम् गैरवित्तीय सेवा प्रदान गर्नका लागि गठित सहकारीहरू हुन्, यिनीहरूले विश्वव्यापी मापदण्ड पुरा गरी वित्तीय संरचनाको व्यवस्थापन गर्नुपर्ने हुन्छ । नेपालमा वि.सं २०५५ देखि पर्ल्स मापदण्डको आन्तरिकीकरण मार्फत अनुपात हेर्ने अभ्यासको शुरूवात भएको पाईन्छ । यी बाहेक नीतिहरू, कार्यविधि र प्रविधिका विषयलाई अबलम्बन गरी अघि बढेका छन् ।

पछिल्लो समय विश्वस्तरमा असल अभ्यास भईरहेको सञ्जाल व्यवस्थापन र सहकार्य विशेषगरी बचत तथा ऋण सहकारीहरूमा लागु हुन्छ, किनकी वित्तीय कारोबार गर्ने सहकारीहरू अन्य भन्दा बढी जोखिममा रहन्छन् । नियमित सुपरिवेक्षण, तत्काल पृष्ठपोषण र सदस्यहरूको बचतको प्रत्याभूति यसमा महत्वपूर्ण शर्तहरू हुन् ।

नेपालको हकमा नीतिगत अभ्यास नभएपनि बचत तथा ऋण सहकारी (साकोस) अभियानमा नेपाल बचत तथा ऋण केन्द्रीय संघले एकरूपता प्रणाली मार्फत नीति, विधि र प्रविधिमा ल्याउने प्रयास गरेको छ जसले नीतिगत रूपमा स्थापित जिल्ला संघ, प्रदेश संघ र केन्द्रीय संघ बीचको सहकार्य र सञ्जाल व्यवस्थापनले अभियानमा बनाउने बुझाई र कार्यान्वयनलाई एकरूपता कायम गरेको छ ।

सञ्जाल व्यवस्थापनमा केन्द्रीय संघले तय गरेका नीतिहरू, विधिहरू, सञ्चालन प्रक्रिया, पहिचान, स्तर कानूनी परिपालना, सुशासन, प्रशासनिक तथा लेखा व्यवस्थापन, प्रतिवेदन, वित्तीय प्रतिफल एवम् दर र प्रविधिमा स्तरीकृत गरेको हुन्छ र त्यसमा जोडिएका संघहरू, प्रारम्भिक संस्थाहरू कार्यान्वयनमा जान्छन् भने सञ्जाल सहकार्यमा यिनै विषयहरूलाई प्रवर्द्धन, विकास, बजारीकरण र स्तरीकृत नमूना कार्यान्वयनमा जोड दिने कार्य गर्नेछन् ।

यही सञ्जाल सहकार्यको विषयलाई विश्व ऋण परिषदले सन् २०१८ मा सिङ्गापुरमा भएको वार्षिक साधारणसभाबाट सञ्चालन सिद्धान्तलाई परिमार्जन गरी १० वटा सिद्धान्तमा रूपान्तरित गरेको छ । जसमा

क) सहकारी संरचना:

१) सदस्यको स्वामित्व,
२) सदस्यको नियन्त्रण,
३) प्रजातान्त्रिक नियन्त्रण

ख) सदस्यहरूलाई सेवा:

४) वित्तीय समावेशीकरण,
५) वित्तीय स्थिरता,
६) सदस्यहरूलाई आर्थिक फाइदामा बढोत्तरी

ग) सामाजिक उत्तरदायित्व:

७) वित्तीय साक्षरता,
८) सञ्जाल सहयोग,
९) सामाजिक दायित्व,
१०) विश्व दृष्टिकोण

यी मध्ये ८ नं. को सिद्धान्तले राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय स्तर सम्मका बचत तथा ऋण सहकारीका आफ्ना सञ्जालहरूमा सहकार्य गर्नुपर्ने व्यवस्थालाई प्रधानता दिएकोछ । बचत तथा ऋण सहकारीका व्यक्तिगत सदस्यहरूले संघहरूमा आबद्धता जनाउनुपर्ने र सेवा लिनुपर्ने, संघहरूले माथिल्ला संघहरूमा आबद्धता जनाउनुपर्ने, राष्ट्रिय संघहरूले अन्तर्राष्ट्रिय संघहरूमा आबद्धता जनाउनु पर्ने र विभिन्न प्रविधि तथा समाधानहरू भित्र्याउनुपर्ने अभ्यास सन् १९७१ देखि अभ्यासमा रहेकोछ ।

यसलाई अझ सरल भाषामा बुझ्दा अन्तर्राष्ट्रिय संगठनले विश्वव्यापी बचत ऋण सहकारी सञ्चालनका सिद्धान्त, मार्गदर्शन, समाधान, प्राविधिक कार्यविधि, साझेदारी, तालिम शिक्षा र सिकाईहरूको मापदण्डहरूको विकास गरी प्रदेश संघ र जिल्ला संघहरू मार्फत कार्यान्वयनका लागि सन्दर्भ पेश गर्ने, उक्त समाधानहरूलाई केन्द्रीय संघले आन्तरिकीकरण गर्ने र राष्ट्रिय साकोस अभियानको एजेण्डा वा मार्गचित्र बनाई लागु गर्ने । यसरी प्रारम्भिक संस्थालाई आन्तरिकीकरण गरी ल्याईएको विधिलाई संघहरूले आपसमा सहकार्य गरी प्रवर्द्धन र विकासमा सोही विषयलाई वकालत गर्ने, कार्यान्वयनमा सहजीकरण गर्ने र साझा बुझाई कायम गर्नु आजको आवश्यकता हो ।



सहकारीको चौंथो सिद्धान्त "स्वायत्तता र स्वतन्त्रता" मा आधारितरहि सञ्चालन हुने समुदायमा आधारित सेवामुखी व्यवसाय हो । सहकारीका आधारभूत मूल्यहरू स्वावलम्बन, स्व-उत्तरदायित्व, लोकतन्त्र, समानता, समता र ऐक्यबद्धता हुन् भने नैतिकमूल्यहरू इमान्दारी, खुलापन, सामाजिक उत्तरदायित्व र अरूको हेरचाह हुन् ।



कृष्णगोविन्द लाखाजु
अध्यक्ष,
भक्तपुर जिल्ला बचत संघ

नेपालमा २०४६ सालको जनआन्दोलनबाट पुनःस्थापित प्रजातन्त्रपछि निर्मित सहकारी ऐन, २०४८ लागु भएपछि सहकारीको संख्या ह्वात्तै बढेको हो । त्यसमा मूख्यतया स्वायत्तता, स्वतन्त्रता र सहकारी संस्थाले बचत तथा ऋणको कारोबार गर्नसक्ने कुरा थिए । यसरी सहकारीको संख्या बढेसँगै विकृतिपनि साथमा आएको हो ।

राज्यको दस्ताबेजहरूमा सहकारी क्षेत्रलाई किम्तीको रूपमा लिईएको पाइन्छ । नेपालको संविधान, २०७२ को दफा ५१ (घ) मा राज्यको आर्थिक सम्बन्धी नीतिमा "सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने" उल्लेख छ । संविधानको यस दफाले नेपालको अर्थनीति तीन खम्बे (सरकार, निजी र सहकारी) हो भन्न कठिन छैन । हुन पनि अहिलेको नेपालको अर्थतन्त्रमा सहकारी क्षेत्रले उल्लेखनीय स्थान ओगटेको छ । विशेषगरी वित्तीय सहकारीको भूमिका बढ्दोछ । सहकारीलाई व्यवस्थित नबनाई अब नेपालको अर्थतन्त्र सुदृढ हुन सक्दैन । बैंक तथा वित्तीय संस्थाको शाखाहरूको सेवाको हिसाब गणना नगर्ने हो,भने त्यसको संख्या अढाई सय भन्दा बढी छैनन् । सहकारीको प्रत्यक्षरूपमै सेवा प्रदान गर्ने संस्थाहरू तीस हजारभन्दा बढीको संख्यामा छन् । सहकारी संस्था संख्यात्मकभन्दा गुणात्मक हुनुपर्ने बहस छदैँछ तापनि बैंक तथा वित्तीय संस्थाको पहूँच नपुगेको गाँउबस्तीमा सहकारीले सेवा पुऱ्याएको वास्तविकता हो । सहकारीले खरबौंको वित्तीय कारोबार र झण्डै पौने करोड सदस्यलाई सेवा पुऱ्याएको छ । ठूला पुँजी भएका बैंक तथा वित्तीय संस्थाले भन्दा बढी जनसमूहमा सहकारीले सेवा पुऱ्याएको तथ्यछ । सायद त्यसैले होला राज्यले सहकारीलाई किमती ठानेको हो वा सहकारी अभियानले आफै मार्गकोर्दै अगाडि बढेकोले हो ।

सहकारीको चौंथो सिद्धान्त "स्वायत्तता र स्वतन्त्रता" मा आधारितरहि सञ्चालन हुने समुदायमा आधारित सेवामुखी व्यवसाय हो । सहकारीका आधारभूत मूल्यहरू स्वावलम्बन, स्व-उत्तरदायित्व, लोकतन्त्र, समानता, समता र ऐक्यबद्धता हुन् भने नैतिकमूल्यहरू इमान्दारी, खुलापन, सामाजिक उत्तरदायित्व र अरूको हेरचाह हुन् । यसरी विश्वमा प्रचलित सहकारी मूल्यमान्यतामा सञ्चालित सहकारी क्षेत्रलाई राज्यका मूलदस्ताबेजमा किम्ती ठानेपनि राज्यका केही अंगहरूले सहकारीका सिद्धान्त र मूल्यमान्यताको बर्खिलाप हुनेगरी कानूनी बन्दोवस्त र नीति निर्माण गरेको पाइएको छ ।

नेपालमा २०४६ सालको जनआन्दोलनबाट पुनःस्थापित प्रजातन्त्रपछि निर्मित सहकारी ऐन, २०४८ लागु भएपछि सहकारीको संख्या ह्वात्तै बढेको हो । त्यसमा मूख्यतया स्वायत्तता, स्वतन्त्रता र सहकारी संस्थाले बचत तथा ऋणको कारोबार गर्नसक्ने कुरा थिए । यसरी सहकारीको संख्या बढेसँगै विकृतिपनि साथमा आएको हो । त्यसलाई रोकथाम गर्न राज्यले बेलामौकामा नीतिगत संशोधन नगरेको होईन । तर त्यस्ता संशोधनले छलछाल गर्ने सहकारीलाई भन्दा इमान्दारिताकासाथ सञ्चालित सहकारीलाई असर गरेकोछ । उदाहरणको रूपमा दोहोरो सदस्यताको अन्त्य, जनसंख्या को आधारमा सदस्यता, करमा वृद्धि त्यसका ज्वलन्त उदाहरण हुन् । सहकारी संघ संस्था बीच गरिने अन्तरलगानी कारोबारमा पाउने ब्याजमा पन्ध्र प्रतिशत अग्रिमकर पनि सहकारी क्षेत्रमा देखिएका समस्या हुन् । अर्कोतर्फ संघीय कानून र प्रदेश कानून तथा प्रदेश कानून र स्थानीय कानूनमा विभेद पनि अर्को नीतिगत समस्याको रूपमा देखिएको छ, भने संघीय कानूनमा भएका सकारात्मक कुरा व्यवहारमा लागु गराउन

नसक्नु सहकारी अभियानको कमजोरीको रूपमा स्विकार्नु पर्छ ।

सहकारीको सञ्जाल

सहकारीको अन्तर्राष्ट्रिय सिद्धान्तको छैटौं सिद्धान्त "सहकारी सहकारीबीच पारम्परिक सहयोग" हो । ती सिद्धान्त बमोजिम सहकारी संस्थाहरू सञ्जालमा संलग्न हुनुपर्ने अनिवार्य विषय हो । पहिलेको सहकारी ऐन, २०४८ को दफा ३ बमोजिम २५ जना नेपाली नागरिक मिलेर प्रारम्भिक सहकारी संस्था गठन गर्न सक्ने र ती संस्थाहरू कम्तीमा पाँचवटा संस्थाहरू सदस्य भएको जिल्ला स्तरिय विषयगत संघ गठन गर्न सक्ने व्यवस्था थियो । यसरी गठन भएको विषयगत संघ वा प्रारम्भिक संस्थाहरू मध्ये पच्चीस वटा वा विषयगत पाँच वटा जिल्ला संघबाट केन्द्रीय सहकारी संघ गठन गर्न सक्ने व्यवस्था थियो । अहिले भएका विषयगत जिल्ला संघ र केन्द्रीय संघ (नेफ्स्कून) ती कानून बमोजिम नै गठन भएका संघहरू हुन् । सहकारी संस्थाहरू सञ्जालमा समेट्नको लागि एउटा प्रारम्भिक सहकारी संस्था विषयगत जिल्ला संघमा र केन्द्रीय संघमा आबद्धता जनाउन सक्ने व्यवस्था त्यस कानूनमा थियो । अर्को कुरा विषयगत संघ पनि केन्द्रीय संघमा आबद्धता हुन सक्छ । तहगत भएको भए प्रारम्भिक जिल्लामा जिल्ला केन्द्रमा हुनुपर्ने थियो । केन्द्रले बनाएको नीति जिल्ला र जिल्लाले तयार गरिएको नीति प्रारम्भिकले पालना गर्ने र तहगत रूपमै अन्तरलगानी गर्ने प्रणाली विकास गर्न सकिएको भए संघहरू बीचको अन्तरलगानी देखि सदस्यलाई दिनुपर्ने शिक्षा तालिममा अन्यौलता नहुने यस पङ्क्तिकारको राय रहेको छ । अहिले सम्म ऐनले दिएको अधिकार बमोजिम क्षमता अनुसार बचत तथा ऋण सहकारीका विषयगत जिल्ला संघहरू र केन्द्रीय संघले आ-आफ्नो क्षमताका आधारमा प्रारम्भिक सहकारी संस्थाको सुरक्षा तथा क्षमता वृद्धि देखि अन्तरलगानीका सेवाहरू प्रदान गरिदै आएका छन् ।

यस किसिमको कानूनी बन्दोबस्त सहकारी ऐन, २०७४ लागु हुँदा पनि निरन्तरता पायो । यसका अलावा थप प्रदेश विषयगत संघ पनि थपिएर आएको छ । ती प्रदेश संघहरूमा पनि प्रारम्भिक देखि जिल्लास्तरका संघ सदस्य हुनपाउने व्यवस्था गरिएको छ । विषयगत प्रदेश संघले पनि केन्द्रीय संघमा आवद्ध हुन पाउने भइहाल्यो । साविक बमोजिमै जिल्ला तथा केन्द्रीय संघहरूबाट तालिम तथा अन्तरलगानीका कार्यक्रम सञ्चालन हुँदै आएकोमा प्रदेश संघले तत् तत् गतिविधि शुरू गर्न थालेका छन् । यस अवस्थामा प्रारम्भिक संस्थाहरूमा अन्यौलता हुनु अस्वभाविक होइन । यस्ता अन्यौलता हटाई सहाकारी अभियान सकारात्मक सन्देश फैलाउनका लागि कानून परिवर्तन वा संशोधन नभएसम्म संघहरूबीच आपसी सहमतिका कार्य हुन आवश्यक छ । त्यसको तत्काल गर्न सक्ने सम्भावना भनेको साझेदारी कार्यक्रम नै हो । यसलाई सहकारी सञ्जाल साझेदारी पनि भन्न सक्छौ ।

सञ्जाल साझेदारी

सहकारीका विषयगत प्रारम्भिक देखि जिल्ला, प्रदेश र केन्द्रीय सम्मका सहकारी संघ संस्थाहरूले गर्ने काम भनेकै समुदाय र सहकारीका सदस्यहरूको जीवनस्तर उकास्नका लागि आर्थिक र सामाजिक विकासमा टेवा पुऱ्याउने नै हो । यदि उद्देश्य र लक्ष्य एउटै हो भने आपसमा प्रतिस्पर्धा किन ? केन्द्रको प्रदेश तथा जिल्लामा र प्रदेशको जिल्लामा शाखा विस्तार किन ? यसको उत्तर खोज्न अभियानबीच गम्भीर छलफल हुन आवश्यक छ । प्रारम्भिक सहकारी संस्थामा अन्यौलता न्यून गर्नका लागि संघहरू बीच सञ्जाल साझेदारी हुन आवश्यक मात्र होईन, अति आवश्यक छ । त्यसका लागि नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ (नेफ्स्कून) ले वि.सं. २०७५ साल देखि जिल्ला संघहरू सँगको साझेदारी कार्यक्रम अगाडि सारिएको थियो । त्यसका लागि 'नेफ्स्कून जिल्ला संघ व्यवसाय साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि, २०७५' नेफ्स्कूनले जारी गरेको थियो ।

त्यस कार्यविधिको प्रस्तावनामा देशमा रहेको कुल बचत तथा ऋण सहकारी मध्ये २६ प्रतिशतमात्र नेफ्स्कूनमा आबद्धता भएता पनि धेरै बचत तथा ऋण सहकारी संस्था जिल्ला बचत संघहरूका आबद्धता भएको र त्यस्ता संस्थाहरू समेतलाई संस्थागत विकास र व्यवसायिक विकास गर्ने लक्ष्य नेफ्स्कूनले लिएको व्यहोरा साझेदारी पत्रमा उल्लेख गरिएको छ । उद्देश्यहरूमा नेफ्स्कून र जिल्ला संघको व्यवसाय एकीकृत रूपमा सञ्चालन गर्ने, आबद्ध सदस्य संस्थाहरूलाई एकद्वार प्रणालीबाट सेवा सञ्चालन गर्ने, नेफ्स्कूनको पहूँच र सेवा ग्रामीणस्तरसम्म वृद्धि गर्ने, नेफ्स्कूनको सदस्यता र व्यवसाय वृद्धि गर्ने, संस्थाहरूलाई वित्तीय अनुशासनमा राख्ने र सदस्य केन्द्रित र गुणस्तरीय संस्था निर्माण गर्ने भनी लेखिएको छ ।

साझेदारीमा सहभागी हुनका लागि शर्तका रूपमा जिल्ला संघ केन्द्रीय संघमा सदस्यता भएको तीन वर्ष पुरा भएको, विगत तीन वर्ष देखि नियमित बचत गरेको र सदस्यता शुल्क भुक्तान गरेको र कम्तीमा ५० वटा प्रारम्भिक संस्था आबद्ध भएको हुनुपर्ने उल्लेख छ ।

ती साझेदारी कार्यविधिमा जिल्ला संघहरूलाई निर्देशित हुने केही बुँदाहरू पनि राखिएका छन् : जस्तै, उदाहरणको रूपमा सदस्यता सम्बन्धी : क) व्यवसाय प्रवर्द्धनमा अन्य व्यवसायिक संस्थाहरूबाट प्रवर्द्धित सोही किसिमको वस्तु तथा सेवाको व्यापार गर्नु गराउन नहुने, ख) प्रारम्भिक संस्थालाई केन्द्रीय संघको सदस्यता लिन उत्प्रेरित गर्नुपर्ने, ग) संघले गरेको बहस पैरवीमा सक्रियता देखाउनु पर्ने र घ) संघले गरेका प्रवर्द्धनात्मक कार्यक्रमहरूका सक्रिय सहभागिता जनाउने र प्रारम्भिक संस्थाहरूलाई सहभागिता जनाउन सहजीकरण र उत्प्रेरित गर्नुपर्ने शर्तहरू राखिएका छन् ।

ती काम र निर्देशन भित्र रहेमा जिल्ला संघहरूले प्रारम्भिक संस्थाबाट प्राप्त हुने सदस्य शुल्क ४० प्रतिशत पाउने । जोखिममा आधारित साकोस सुपरिवेक्षण कार्यक्रममा लिइने शुल्कमा जिल्ला संघले ५० प्रतिशत पाउने । स्टेशनरी सामान बिक्रीका लागि सहुलियत दरमा पाउने । नेफ्स्कूनको सफ्टवेयर बिक्री वितरण गरेमा १० प्रतिशत कमिसन पाउने र प्रत्येक वर्ष सफ्टवेयर नवीकरण वापत रू. एक हजार दरले पाउने, नेफ्स्कूनले आधारभूत तहका तालिमहरूमा प्राविधिक सहयोग गर्ने र त्यस्ता तालिमहरूको शुल्क नेफ्स्कूनले नै तोक्ने र तालिमबाट बचत भएको शुल्क पचास/पचास प्रतिशत बाँडफाँड गर्ने ।

माथी बुँदाहरूमा जिल्ला संघहरूले

नेफ्स्कूनको तोकिए बमोजिम सदस्यता बढाइदिनु पर्ने प्रष्ट छ । यस विषयमा साझेदारी भन्ने वित्तिकै जिल्ला संघमा भएका सदस्य नै केन्द्रीयको पनि हो भने कुरा प्रस्तावनामा स्विकारिएता पनि साझेदारीका बुँदाहरूमा स्विकार गरिएको देखिएन । स्टेशनरी सामान थोकमा खरिद गरि खुद्रामा बिक्री गर्नेलाई थोरै सस्तोमा दिने व्यवहारिक पक्ष त जहाँ पनि प्रचलन भएकै विषय हो । त्यसमा सम्झौता नै गर्नुपर्ने देख्दिन । जिल्ल्ला र केन्द्रीय दुवै ठाउँमा सदस्य भएका संस्थाहरूबाट पाउने सदस्यता शुल्क शूरूदेखि नै विनियममै उल्लेख भएबाट ४०। ६० बाँडफाँड पहिले देखिकै प्रचलन हो ।

तालिम, सफ्टवेयर र जोखिममा आधारित सुपरिवेक्षण सम्बन्धी कार्यक्रम कार्यविधिमा व्यवस्था भएबमोजिम वास्तविक रूपमै कार्यान्वयन भएमा त्यसले अभियानमा सकारात्मक प्रभाव पर्छ भन्ने यो पङ्तिकारको ठहर छ ।

सञ्जाल साझेदारीमा सुधार हुनुपर्ने कुराहरु

- जिल्ला संघलाई अन्तरलगानी कारोबारमा प्रारम्भिक संस्थालाई भन्दा निश्चित प्रतिशत डिपोजिटहरूमा बढी ब्याज प्रदान गर्ने । त्यस बापत जिल्ला संघले कम्तीमा ७५ प्रतिशत अन्तरलगानीका कारोबार केन्द्रीय संघसँग गर्नुपर्ने ।
- जिल्ला संघमा आबद्ध सदस्य संस्थाहरूलाई पनि नेफ्स्कूनको सदस्यको रूपमा लिने । दुवै संघमा सदस्य नभएका संस्थाहरूलाई सुशासन कायम गर्न लगाई सदस्यता प्रदान गर्न सक्रिय रहने ।
- केन्द्रीय संघले जिल्ला संघबाट सेवा पुऱ्याउन नसकिएको क्षेत्रलाई लक्षित गरि मात्र शाखाहरूको स्थापना गर्ने र जिल्ला संघले पनि आफ्नो सेवा सञ्चालन गर्न नसकेका क्षेत्रमा केन्द्रीय संघमा कारोबार गर्नका लागि उत्प्रेरित गर्ने ।
- अभियानमा देखा परेका विकृति निराकरणका लागि साझेदारीमा आबद्ध जिल्ला संघहरूको पदाधिकारीहरूको वार्षिकरूपमा भेलाको आयोजना गर्ने । थप आबद्धताका लागि गोष्ठीहरूको आयोजना गर्ने ।
- केन्द्रीय संघले प्रारम्भिक संस्थाहरूको विकास प्रवर्द्धन वा तालिमहरूको आयोजना गर्दा सम्बन्धित जिल्लाको जिल्ला संघलाई बोधार्थको रूपमा जानकारी गराउने परम्पराको थालनी गर्ने । जिल्ला संघहरूले पनि केन्द्रीय संघलाई जानकारी गराउने परम्परा कायम गर्ने ।

सञ्जाल सुधारका लागि दीर्घकालीन उपाय

वर्तमान सहकारी ऐनमा भएको सञ्जाल सम्बन्धी व्यवस्थालाई परिवर्तन गरि तहगत संरचनालाई जोड दिने । प्रारम्भिक संस्थाहरू अधिक तहहरू (विषयगत जिल्ला संघ, जिल्ला संघ, विषयगत प्रदेश संघ, प्रदेश संघ र केन्द्रीय संघमा सदस्य हुन पाउने व्यवस्थालाई खारेज गरि एकद्वार प्रणाली अपनाउने व्यवस्था गर्ने । त्यसका लागि तहगत संरचना एकिन गर्ने । जिल्ला, प्रदेश र केन्द्रीय संघको गठन प्रक्रिया नै संशोधन गर्ने । जस्तै उदाहरणको लागिः जिल्ला संघको गठन :- जिल्ला भित्र रहेका प्रारम्भिक संस्थाहरूको जिल्ला संघमा आवद्व हुने । उक्त संघको गठन गर्न हरेक संस्थाबाट दुई हजार सदस्यका दरले एक जना प्रतिनिधित्व हुनेगरी वा प्रति संस्थाबाट घटीमा एक जना प्रतिनिधि रहने गरि जिल्ला संघको गठन गर्ने । यसबाट बढीमा ९ जनाको समिति गठन गर्ने ।

प्रदेश संघको गठन : जिल्ला संघबाट कम्तीमा दुई जना प्रतिनिधित्व हुने गरि जिल्ला संघबाट पचास वटा संस्थाको एक जना प्रतिनिधि हुनेगरी प्रदेश संघको गठन गर्ने । यस हिसाबले प्रदेश संघमा कम्तीमा ५० जनाको प्रतिनिधित्व हुने सुनिश्चित गर्ने । त्यसबाट बढीमा ९ जनाको समिति गठन गर्ने ।

केन्द्रीय संघको गठन : जिल्ला संघबाट कम्तीमा एक जना प्रतिनिधित्व हुने गरि जिल्ला संघमा सय वटा संस्थाको एक जना प्रतिनिधि हुनेगरी र प्रत्येक प्रदेश संघबाट समितिका सम्पूर्ण पदाधिकारीहरूको प्रतिनिधिबाट केन्द्रीय संघ गठन गर्ने । यस हिसाबले केन्द्रीय संघमा बढीमा ५ सय जना सम्मको प्रतिनिधित्व हुन सक्ने व्यवस्था गर्ने । त्यसबाट बढीमा १५ जनाको समिति गठन गर्ने ।

जिल्ला तथा प्रदेश संघहरु केन्द्रीयको मातहतमा रहने

तहगत संरचना बनिसकेपछि जिल्ला संघ तथा प्रदेश संघ केन्द्रीय संघको मातहतमा रहने । नीति नियम र कार्यविधि बनाउने काम केन्द्रले गर्ने । त्यसको पालना आबद्ध जिल्ला तथा प्रदेश संघहरूको कर्तव्य हुने । अन्तर लगानी अन्तरगत सम्पूर्ण कारोबारको केन्द्रीयबाट परिचालित हुने । सेवा सुविधाका दर र कर्मचारी परिचालन केन्द्रले तोक्ने । जिल्ला वा प्रदेश संघको कर्मचारी व्यवस्थापन गर्दा जिल्ला वा प्रदेश संघको समन्वयमा गर्ने । कर्मचारी व्यवस्थापन गर्दा स्थानीयलाई प्राथमिकता दिने । जिल्लाबाट प्रदेश र जिल्ला तथा प्रदेशबाट केन्द्रीय संघ गठन हुने भएकोले जिल्ला तथा प्रदेश संङ्घ केन्द्रीयको मातहतमा रहने । प्रारम्भिक संस्थाबाट सिधै केन्द्रीयमा नेतृत्व गर्न नपाइने व्यवस्था गर्ने । सदस्य र कारोबारको आधारमा जिल्ला तथा प्रदेशसंघको सेवा सुविधा (बैठक सञ्चालन तथा अन्य प्रशासनिक खर्चको वन्दोवस्त) बारेमा कार्यविधि बनाई लागुगर्ने । जिल्ला तथा प्रदेश संघहरूको सम्पति तथा दायित्व सबै सञ्जाल अन्तर्गत केन्द्रीयकै मातहतमा रहने र त्यसको संरक्षण गर्ने जिम्मेवारी सम्बन्धित जिल्ला वा प्रदेश संघलाई प्रदान गर्ने । जिल्ला तथा प्रदेश संघको कर्मचारी ईन्चार्ज तोक्ने काम जिल्ला तथा प्रदेश संघको शिफारिसमा केन्द्रीयले तोक्ने र तालिम वा अन्य गतिविधिकोलागि सदस्यता र कारोबारको आधारमा बजेट व्यवस्था गर्ने ।

निश्कर्ष :

कानून संशोधन नभएसम्म जिल्ला, प्रदेश र केन्द्रीय संघहरूबीच 'विनविन' को सिद्धान्त बमोजिम सहकारी सञ्जालबीच साझेदारी कार्यक्रम अगाडि सार्ने र तहगत संरचनामा जोडदिई कानून संशोधनका लागि पहल गर्नु सहकारी अभियानको लागि हितकर हुन्छ ।

देशमा जिल्ला बचत संघ, प्रदेश बचत संघ र केन्द्रीय बचत संघ र यसका साथै राष्ट्रिय सहकारी बैंक पनि छन् तापनि अभियानको पैसा अभियान भित्र नभई अन्य वित्तीय बैंकमा देखिन्छ ।



सत्यन्द्र प्रसाद ठाकुर

अध्यक्ष

बारा जिल्ला बचत संघ

संस्था बलियो हुनु अभियान अर्थात सञ्जाल बलियो हुनु हो । संस्था बलियो भयो भन्ने सदस्यको विश्वास बन्छ । सदस्यको विश्वास बढ्नु नै अभियान राम्रो बन्नु हो । यसबाट सरकारले परिकल्पना गरेअनुरूप गरिबी न्यूनीकरणमा सहयोग पुग्छ ।

सहकारीमा सञ्जाल साझेदारी रणनीतिक महत्व र दीर्घकालीन व्यवस्थापनको लागि अति नै आवश्यक हुन्छ । सञ्जाल जति बलियो हुन्छ साझेदारी गर्न त्यति नै सजिलो हुन्छ । नेपालमा साकोस अभियानको सञ्जाल त छ तर जति प्रभावकारी हुनुपर्ने हो त्यति नभएको जस्तो देखिन्छ । सञ्जाल प्रभावकारी भएको भए आजको आर्थिक मन्दी र संस्थामा तरलताको अभावका कारण संस्थाहरू सदस्यको बचत फिर्ता गर्न नसकी बन्द गर्नुपर्ने अवस्था आउने थिएन । यसको एउटा कारण सञ्जाल कमजोर हुनु पनि हो । हाल वित्तीय कारोबारको लागि जिल्ला, प्रदेश र केन्द्रीय बचत संघका साथै राष्ट्रिय सहकारी बैंक पनि छ । तर पनि अभियानको पैसा अभियान भित्र नभई अन्य बैंक तथा वित्तीय संस्थामा गएको देखिन्छ । जबसम्म हामी आफ्नो अभियानको स्रोत अभियान भित्र राख्न सक्दैनौं तबसम्म न हाम्रो समस्या समाधान हुन्छ न हाम्रो सञ्जाल बालियो हुन्छ ।

साकोस सञ्जाल किन कमजोर भयो ? यसको जिम्मेवार को हो त ? हामी एक अर्कालाई दोष मात्र दिन्छौं । आफुले गर्नुपर्ने कार्यहरू कतै बिर्सेको त होइन ? हामीले कतै आफ्नो बाटो बिराएको त होइन ? यदि हामी सबै आफ्नो ठाउँबाट इमन्दारीका साथ कार्य गर्यौं भने सञ्जाल र अभियान बलियो हुन्छ । त्यसको लागि सबैले आफ्नो कार्यशैली बदल्नु पर्दछ । प्रारम्भिक संस्थाले संघ हाम्रो हो भन्ने कुरा कहिल्यै पनि बिर्सनु हुँदैन ।

संघ बलियो भयो भने हामी बलियो हुन्छौं । जसरी मान्छेको आफ्नो घर बलियो भयो भने उ घरमा सुरक्षित हुन्छ, त्यस्तै नै प्रारम्भिक संस्थाको लागि संघ पनि घर जस्तै हो । संघ जति बलियो हुन्छ, संस्था पनि त्यति नै सुरक्षित हुन्छ । संस्था र संघबीच माहुरी र घारको जस्तो सम्बन्ध हुनुपर्छ । आजको अवस्थामा पनि विश्वमा सबभन्दा ठूलो सञ्जाल सहकारीको छ । तर हाम्रो देशमा सहकारी किन पछाडि परेको छ ? सरकारबाट पनि जुन किसिमले सहयोग हुनुपर्थ्यो त्यो भएको छैन । सरकारले सहकारीको लागि कानून बनाउने तर कार्यान्वयन नगर्ने । सरकारले सहकारी ऐन नियमावलीमा भएका कुराहरूलाई पालन नगर्ने अवस्था छ । विद्यमान सहकारी ऐन र नियमावलीमा प्रारम्भिक संस्था र संघलाई जोड्ने कार्य गरेको देखिंदैन । उदाहरणको रूपमा प्रारम्भिक संस्थालाई संघको सदस्यता अनिवार्य गरेको छैन । सञ्जाल बलियो बनाउन प्रारम्भिक संस्थाले संघको सदस्यता लिन अनिवार्य गरिनुपर्छ । त्यसकारण यो ऐन र नियमावलीबाट सहकारी सञ्जालको विकासमा योगदान हुन सक्दैन । सहकारी सञ्जाल बलियो बनाउने गरी सहकारी ऐन र नियमावली संशोधन हुन जरूरी देखिन्छ ।

हाल केही जिल्लामा नेफ्स्कून-जिल्ला संघ साझेदारी कार्यक्रम सञ्चालन भएपनि सबै जिल्लामा प्रभावकारीरूपमा हुन सकेको छैन । यसको मुल कारण हालको विद्यमान कानूनी व्यवस्था र हाम्रो सोच कमजोर हुनु हो । जिल्ला संघहरूलाई आर्थिक र व्यवस्थापकीय रूपमा कसरी बलियो हुन्छ यो पनि सोच्नु पर्ने हुन्छ । सहकारीलाई बलियो बनाउनको लागि अहिलेको विद्यमान कानूनले

तीन वटै तहको सरकारलाई सहकारीको जिम्मेवारी दिएको हुँदा समन्वयको अभावको कारण हाम्रो सहकारीको सञ्जाल कमजोर छ । सहकारी साच्चिकै राम्रो सञ्चालन गर्ने सरकारको सोच हो भने राज्यको पुरानै संरचना अनुरूप डिभिजन सहकारी कार्यलयद्वारा दर्ता, अनुगमनको कार्य हुनुपर्दछ । यसको लागि राज्य पनि गम्भीर भएर कानून संशोधन गर्नुपर्‍यो । अन्यथा सहकारी अभियानमा अझै विकराल अवस्था नआउला भन्न सकिन्न । हामीले आफ्नो संघ र केन्द्रीय संघबीच साझेदारी कति गर्न सफल भयौं त ? हामी थोरै मात्र संस्थासँग किन साझेदारी गर्यौं ? सबैलाई किन समेटेनौं ? यसमा साझेदारी गर्नको लागि नीतिको पनि अभाव छ, साझेदारी सम्झौता गरेका संस्थालाई के व्यवस्थापन भयो ? नगरेकोलाई के बेफाइदा भयो ? यो कुरा स्पष्ट भएपछि साझेदारीको महत्व थप स्पष्ट हुन्थ्यो । अब नेफ्स्कूनलाई पनि भन्न चाहन्छु कि साझेदारी कार्यक्रम राम्ररी सञ्चालन गर्ने हो भने स्पष्ट व्यवस्था होस् । साच्चिकै नै संघ साझेदारी कार्यक्रम संस्थालाई राम्ररी सञ्चालनको लागि सञ्जिवनी बुटी हो । तर, संस्थालाई हामी बुझाउनमा असफल छौं । अर्को कुरा काम गर्ने जनशक्तिको पनि कमी हुनु हो । भएको जनशक्तिलाई दक्ष बनाउन पनि सकेका छैनौं । साझेदारी कार्यक्रम राम्ररी सञ्चालन भयो भने संस्था बलियो हुन्छ । संस्था बलियो हुनु अभियान अर्थात सञ्जाल बलियो हुनु हो । संस्था बलियो भयो भन्ने सदस्यको विश्वास बन्छ । सदस्यको विश्वास बढ्नु नै अभियान राम्रो बन्नु हो । यसबाट सरकारले परिकल्पना गरेअनुरूप गरिबी न्यूनीकरणमा सहयोग पुग्छ ।

यतिबेला सहकारी क्षेत्रमा देशभरिनै समस्या देखिएको छ । मधेश प्रदेशमा सहकारी अभियान झनै कमजोर छ । बहुआयामिक गरिबीमा मधेश प्रदेश पनि अग्रपंक्तिमा पर्छ । सहकारी अभियान कमजोर हुनु गरिबीको संख्यामा वृद्धि हुनु हो । सरकारले मधेश प्रदेशका लागि सहकारी मार्फत छुट्टै कार्यक्रम ल्याउन पहल गर्नुपर्छ ।

नेफ्स्कूनले शुरूवात गरेको आधारशिला कार्यक्रम मधेश प्रदेशको सहकारी अभियानलाई उकास्न सक्ने खालको देखिन्छ । यसका लागि पनि स्थानीय तह र संघ साझेदारी कार्यक्रम सबल बन्नुपर्छ । मधेश प्रदेशमा सहकारीको प्रादेशिक संघ छैन । प्रादेशिक सहकारी ऐन त आयो तर अहिलेसम्म नियमावली आएको छैन । अरू प्रदेशमा सहकारी विभाग बनेर कामहरू सुरू भैसके । यसको दोषी को त ? यस्ता यावत् समस्याहरू सहकारीमा देखिन्छन् । हामी समस्या मात्र देखेका छौं, समधान खोज्न जरूरी देखेका छैनौं । जुन दिन हामी समधान देख्न सुरू गर्छौं त्यही बेलादेखि अभियान र सञ्जाल बलियो हुन जान्छ र साझेदारी पनि सफल हुन्छ ।



हार्दिक शुभकामना

नेपालका बचत तथा ऋण सहकारीहरुको एक मात्र शीर्ष संघ
नेफ्स्कूनको गरिमामय

३६औं स्थापना दिवस

३६औं स्थापना दिवसको अवसरमा स्मारिका प्रकाशन गर्न गईरहेकोले संघको उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

सहयोगी
बचत तथा ऋण सहकारी संस्था लि.
कागेश्वरी मनोहरा नपा २, आलापोट, काठमाडौं
फोन: ०१-४१५६५२२
इमेल: ssahayogi4156522@gmail.com

ज्ञानलक्ष्मी
बचत तथा ऋण सहकारी संस्था लि.
बुढानिलकण्ठ न.पा १०, कपन, काठमाडौं
फोन: ०१-४८११२३१
इमेल: cooperative.gyanlaxmi@gmail.com

कौटिल्य
बचत तथा ऋण सहकारी संस्था लि.
का.म.न.पा.-७, चावहिल, काठमाडौं
फोन: ०१-४५६५०३३, ४५६९५७४
इमेल: kautilyasaving@gmail.com

राष्ट्रिय वाणिज्य
बचत तथा ऋण सहकारी संस्था लि.
का.म.न.पा.-३०, ज्ञानेश्वर
फोन: ०१-४५११०८०
इमेल: rbsahakari@gmail.com

जयअजिमा
बचत तथा ऋण सहकारी संस्था लि.
हाँडिगाउँ-५, काठमाडौं
फोन: ०१-४५२९२११, ४५१६१५५
इमेल: jayajima@gmail.com

प्रगती महिला उत्थान
बचत तथा ऋण सहकारी संस्था लि.
का.म.न.पा.-१६, बालाजु
फोन: ४३९०४४१
इमेल: pragatisaccos2059@gmail.com

हार्दिक शुभकामना

नेपालका बचत तथा ऋण सहकारीहरुको एक मात्र शीर्ष संघ
नेफ्स्कूनको गरिमामय



३६औं स्थापना दिवसको अवसरमा स्मारिका प्रकाशन
गर्न गईरहेकोले संघको उत्तरोत्तर प्रगतिको
हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

कस्तुरी
बचत तथा ऋण सहकारी संस्था लि
कागेश्वरी मनोहरा न.पा, गोठाटार
फोनः ०१-४९९०९८९, ४९९०९४४
इमेलः kasturisacos@gmail.com

पुरानो सिनामंगल
बचत तथा ऋण सहकारी संस्था लि.
का.म.न.पा.-३२ ,पुरानो सिनामंगल,
फोनः ०१-५१५६२७०
इमेलः puranosinamangal@gmail.com

पञ्चदेवी
बचत तथा ऋण सहकारी संस्था लि.
का.म.न.पा.-३२ पेप्सीकोला
फोनः ०१-५१५६२०६, ५३२९९५५
इमेलः panchadevisacos@gmail.com
वेवसाईडः www. panchadevi.org.np

स्वर्णलक्ष्मी
बचत तथा ऋण सहकारी संस्था लि.
दमक ६, बेलडाँगी रोड, झापा
फोनः ०२३-५८५३७५, ५८१२२९
इमेलः swornalaxmidamak@gmail.com

ग्रामीण
बचत तथा ऋण सहकारी संस्था लि.
राप्ती २ गड्यौली, चितवन
फोन ०५६-५५०४८५
इमेलः graminpiple99@gmail.com

लोककल्याणकारी
बचत तथा ऋण सहकारी संस्था लि.
भरतपुर ४, वैदिकनगर, चितवन
फोन ०५६-५९५०२५
इमेलः sahakarilok2064@gmail.com

हार्दिक शुभकामना

नेपालका बचत तथा ऋण सहकारीहरुको एक मात्र शीर्ष संघ
नेफ्स्कूनको गरिमामय

३६औं स्थापना दिवस

३६औं स्थापना दिवसको अवसरमा स्मारिका प्रकाशन गर्न गईरहेकोले संघको उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

चितवन औद्योगिक विकास
बचत तथा ऋण सहकारी संस्था लि.
भरतपुर १०, चितवन
फोन ०५६-५९६४७२
इमेल: cidsahakari@gmail.com

संचित
बचत तथा ऋण सहकारी संस्था लि.
भुलांचा ४, भक्तपुर
फोन ०१-६६२००३३, ६६१७०३३
इमेल: sanchitsaccos066@gmail.com

सबैको
बचत तथा ऋण सहकारी संस्था लि.
सूर्यविनायक, भक्तपुर
फोन ०१-६६११९६४, ६६१५३८६
इमेल: sabaiko_sahakari@yahoo.com

सक्षम
बचत तथा ऋण सहकारी संस्था लि.
मध्यपुर थिमि न.पा. ३, कौशलटार, भक्तपुर
फोन ०१-५६३९३१६,
इमेल: sakchhyamsaving@gmail.com

श्री युवा
बचत तथा ऋण सहकारी संस्था लि.
चाँगुनारायण न.पा.६, नगरकोट, भक्तपुर
फोन ०१-५०९१०४२, ५०९१०६०
इमेल: shreeyuwasaccos@gmail.com
वेबसाइट: www.yuwasaccos.com.np

ज्योतिविकास
बचत तथा ऋण सहकारी संस्था लि.
सूर्यविनायक न.पा.-८, ईटंबु चोक, भक्तपुर
फोन ०१-५०९२०४७, ६६१४५२१
इमेल: jyotibikas.saving@gmail.com
वेबसाइट: www.jyotibikas.com.np

आर्थिक समृद्धिका लागि उद्यमशीलता र महिलाहरुको आर्थिक सशक्तिकरण

लेख



ज्ञानु पौड्याल

अध्यक्ष, जनउत्थान साकोस

रूपन्देही

मुलुकको आर्थिक समुन्नति तथा जनताको जीवनस्तरमा सुधार ल्याउन औद्योगिक विकास एवं अन्य व्यवसायको समुचित प्रवर्द्धनको महत्वपूर्ण भूमिका रहन्छ । विश्वव्यापीकरण र खुला आर्थिक नीतिको अवलम्बनबाट विश्वका विभिन्न मुलुकहरूले उल्लेखनीय आर्थिक उपलब्धि हासिल गर्नुकासाथै द्रुत आर्थिक विकासका लागि अनुकरणीय उदाहरणहरु पनि देखाएका छन् । विकासोन्मुख एवं अल्पविकसित मुलुकहरूका लागि यस्ता उदाहरणहरूले सहज र सरल पनि पारेका छन् । हालैका दशकमा एशियाका विकासोन्मुख मुलुकहरु (चीन, भारत, दक्षिण कोरिया, भियतनाम, थाइल्याण्ड आदि) ले हासिल गरेका आर्थिक विकासका उपलब्धिहरु नेपालजस्ता अल्पविकसित मुलुकहरूका लागि मननयोग्य देखिएका छन् । यसरी द्रुत आर्थिक उपलब्धि हासिल गर्नुमा ती देशहरूले अवलम्बन गरेका उदार आर्थिक नीति र उपयुक्त ढङ्गबाट व्यवसायिक क्रियाकलापहरूको सञ्चालनको प्रमुख भूमिका रहेको छ ।

नेपालमा पनि औद्योगिक एवं व्यवसायिक प्रवर्द्धनका लागि प्रयत्नहरु भैरहेका छन् । नेपालजस्तो मूलतः निर्वाहमुखी कृषि प्रणालीको बाहुल्यता रहेको अर्थ व्यवस्थामा औद्योगिक विकासका लागि पुँजी, प्रविधि साथसाथै उद्यमशीलता प्रवर्द्धन पनि आवश्यक हुन्छ । यसका लागि सरकारी स्तरबाट सम्भाव्य उद्यमी एवं व्यवसायीहरूलाई औद्योगिक व्यवसाय स्थापनातर्फ उत्प्रेरित गर्नुपर्ने आवश्यकता देखिन्छ ।

देशमा भएका विभिन्न ऐतिहासिक र राजनीतिक परिवर्तनपछि नागरिकहरूमा उत्साहको सँगसँगै महत्वकांक्षा तथा चाहानाहरूको पनि विकास भएको छ । स्थानीय शासन र विकास निमार्णमा हामी प्रत्येक नागरिक आफै संलग्न हुने अवसर मिलेको छ । सुखी नेपाली समृद नेपालको लक्ष्यगत नारा सहित देश आर्थिक समृद्धिको अभियानमा अगाडि बढिरहेको छ । खुसी जनता समृद्ध प्रदेशको प्रादेशिक नारा सहित हामी पनि आर्थिक विकासका लागि प्रयत्नशिल छौं । प्रदेश योजना अयोगबाट प्रथम पञ्चवर्षीय योजना तयार पारी योजनाबद्ध तरिकाबाट अगाडि बढ्न मार्गदर्शन तयार भएको छ । साथै प्रादेशिक औद्योगिक व्यवसाय ऐन समेत पारित

“देशमा भएका विभिन्न ऐतिहासिक र राजनीतिक परिवर्तनपछि नागरिकहरुमा उत्साहको सँगसँगै महत्वकांक्षा तथा चाहानाहरुको पनि विकास भएको छ । स्थानीय शासन र विकास निमार्णमा हामी प्रत्येक नागरिक आफै संलग्न हुने अवसर मिलेको छ । सुखी नेपाली समृद नेपालको लक्ष्यगत नारा सहित देश आर्थिक समृद्धिको अभियानमा अगाडि बढिरहेको छ ।”



भैसकेको छ । हाम्रो आर्थिक समृद्धिको मुल आधार भनेको कृषि, पर्यटन, उद्योग एवं प्राकृतिक स्रोतको समुचित व्यवस्थापन नै हो भन्ने कुरामा हामी अब प्रष्ट छौं । अव अन्तरनिर्भर र आत्मनिर्भरतालाई जोड दिदै आयात प्रतिस्थापनको लागि स्वदेशी बस्तुहरूको उत्पादनमा लाग्नु पर्ने आवश्यकता खड्किएको छ ।

उद्यम व्यवसाय सृजनामा उद्यमशीलताको भूमिका

मानव विकासको क्रमसँगै मानवीय आवश्यकताहरू वृद्धि हुदै जाँदा ती आवश्यकताहरू पुर्ति गर्नका निम्ति मानिसले गरेका प्रयासहरू नै वास्तवमा उद्यमशीलताको शुरूवात हो भन्न सकिन्छ ।

उद्यमशीलता व्यक्तिमा निहित क्षमता, दक्षता र कला हो जसले अवसरहरूको पहिचान गरी नयाँ विचार, नयाँ बस्तु, बजार तथा उपयुक्त प्रविधिको खोजी गरी व्यवसाय सृजनागर्न प्रेरित गर्दछ । वतावरणमा देखिएका व्यवसायिक अवसरहरूलाई पहिचान गर्ने, सृजनशिल विचारलाई प्रयोग गरी त्यसबाट फाइदा लिने, आफ्नो सीप प्रयोग गरी उपलब्ध श्रोत साधनलाई परिचालन गर्ने, फाइदा बेफाइदा मूल्यांकन गरी फाइदा हुने खालको जोखिम लिने र उच्च आकांक्षा, परिश्रमी तथा सम्बन्ध विस्तार मार्फत अगाडि बढ्न चाहने व्यक्तिलाई नै हामी उद्यमशील व्यक्ति भन्न सक्दछौ ।

उद्यमीहरूमा केही अन्तरनिहित विशेषताहरू हुन्छन् जसले उनीहरूलाई उत्कृष्ट कार्य सम्पादन गर्न लगाउँदछ । उद्यमी उच्च आवश्यकता उपलब्धि भएका साहसी, दुरदर्शी, आत्मविश्वासी, धैर्यवान तथा जोखिम बहन गर्ने हिम्मत भएका हुन्छन् । तर यी सबै गुणहरू जन्मजात लिएर आएका हुदैनन् । यि गुणहरूको विकास गर्नको लागि उपयुक्त वातावरण, शिक्षा तथा प्रशिक्षणले भूमिका खेलेको हुन्छ । उद्यमीहरू परिवर्तनका संवाहक हुन जसले समाजलाई केही नयाँ कुरा दिइरहेका हुन्छन् । त्यसैले राष्ट्रको आर्थिक सामाजिक विकासको लागि पनि उद्यम व्यवसायको सृजना र उद्यमीको विकास अनिवार्य छ । विभिन्न अध्ययन अनुसन्धानबाट प्राप्त उपयुक्त तालिमले संभाव्य उद्यमीहरूलाई व्यवसाय सृजनाको लागि उत्प्रेरणा प्रदान गर्दछ भन्ने कुराको ज्ञानले गर्दा हाल सरकारी तथा विभिन्न गैर सरकारी संघ संस्थामार्फत उद्यमशीलता विकासमा विभिन्न प्रयासहरू भै रहेका छन् । उद्यमशीलताको विकासबाट नै हामी उद्यम व्यवसाय सृजना र विकास गर्न सक्छौ ।

संभाव्य उद्यमीले उद्यमशीलता क्षमताको पहिचान र आफ्नो क्षमता अनुसारको व्यवसायिक परियोजना छनौट गर्न सक्नु नै व्यवसायिक सफलताको कडी हो । त्यसको लागि सर्वप्रथम व्यक्तिले आफु भित्र निहित उद्यमशील क्षमताको उजागर गर्नु जरूरी छ ।

आत्मविश्लेषण तथा स्वमूल्याङ्कन भनेको आफ्नो बारेमा आफैले विश्लेषण गर्ने वा

आफूले सम्पादन गरेका कार्य तथा व्यक्तिगत खुबी तथा कमजोरीको आधारमा गरिने मूल्याङ्कन हो । व्यक्तिगत विकासका लागि कुनै पनि व्यक्तिले आफ्नो वास्तविक अवस्था थाहा पाउनु र आवश्यकताअनुसार त्यसमा सुधार गर्दै लैजानु पर्दछ । यसको अर्थ, व्यक्तिले आफूमा भएका राम्रा र नराम्रा कुराहरु थाहा पाउनु र त्यसमा नराम्रा कुराहरूलाई हटाउनु वा घटाउनु तथा आवश्यकता अनुसार राम्रा कुराहरूको विकास गर्नु हो । यसको लागि आफूले आफैलाई मूल्याङ्कन गर्नुपर्ने हुन्छ । सामान्यत मानिसहरूले पेशा वा कामको छनोट गर्दा आफूमा भएका ज्ञान, सीप, स्रोत साधनको आधारमा भन्दा पनि अरूले गरेका कामबाट प्रभावित भएर गरेको पाइन्छ । विना अनुभव र सीपको आधारमा गरिएका त्यस्ता कार्य असफल भएमा अन्य बाह्य तत्व तथा भाग्यलाई दोष दिने गर्दछन् । तर, आफ्नो कारणले असफल भएको बारेमा मूल्याङ्कन गर्दैनन् । त्यसैले सर्वप्रथम व्यक्तिले जबसम्म आफूलाई पहिचान गर्न सक्दैन तबसम्म उसले आफ्नो विकास कुन पक्षमा कसरी गर्न सकिन्छ भन्ने थाहा पाउन सक्दैन र साथै म को हुँ र के गर्न सक्छु भन्ने पनि यकिन गर्न सक्दैन । तसर्थ आफू वास्तवमा म को हुँ, मैले के गर्न सक्छु र मैले जीवनमा कसरी अगाडि बढ्नुपर्छ भत्रे कुराको जानकारी प्राप्त गर्न आत्मविश्लेषण तथा मूल्याङ्कनको निकै महत्व हुन्छ ।

आफुले आफ्नो निहित खुबी कमजोरी थाहा पाईसकेपछिको महत्वपूर्ण कार्य भनेको क्षमता अनुसारको व्यवसायिक अवसरको पहिचान गर्नु हो । हामी चुनौति र समस्याहरू त प्रशस्त देख्छौं, तर त्यहाँभित्रको अवसरलाई देख्न सक्दैनौ । जहाँ चुनौति एवं समस्याहरू छ त्यहाँ पक्कै पनि व्यवसायिक अवसरहरू हुन्छ र त्यो देख्नसक्ने व्यक्तिमात्र उद्यमी बन्न सक्छ । त्यसैले अव समस्या देखाएर युवाहरू पन्छिन पाउने अवस्था छैन । नेपालमा धेरै चुनौतिहरू छन् व्यापारघाटा चुलिँदो छ । हरेक सामान आयात भै रहेका छन् । हामी परनिर्भरताको पराकाष्ठमा पुगिसकेका छौं । त्यसैले चुनौतिको विचमा अवसरहरू पनि खोज्यौ । म त विशेष गरी यी अवसरहरू छन् त्यसलाई मनन गरौ भन्न चाहन्छु ।

- प्राकृतिक स्रोत साधनहरूको पर्याप्त उपलब्धता छ । (कृषि, जडिबुटी जलस्रोत, पर्यटन बन जस्ता क्षेत्रबाट तुलनात्मक लाभ हुने बस्तुहरू) उत्पादन गर्नसक्ने अवसर छ ।

- आर्थिक स्रोतसम्मको पहूँच (सहकारी, बैकिङ्ग, तथा लघुबित्त संस्थाहरूको सञ्जालमा व्यापक विस्तार) अव आर्थिक अभावमा उद्यम व्यवसाय शुरू गर्न नसकेको भनेर बस्नुपर्ने अवस्था छैन, तर योजना, व्यवस्थापन र लगानी सही र उपयुक्त भएमा आर्थिक पहूँचको विस्तार सम्भव भएका छन् । सरकारले युवा विद्यार्थी बैदेशिक रोजगारबाट फर्केकाहरूलाई आर्थिक पहूँचमा सहयोग गरिरहेको पनि छ ।



- आन्तरिक रोजगार सृजना (बैदेशिक रोजगारबाट फर्किएका युवाहरूको समुचित व्यवस्थापन गरी पुँजी तथा सीपको सदुपयोग गर्नसक्ने ।

- नेपाल सरकार, निजी क्षेत्र तथा गैरसरकारी संस्थाहरू समेत उद्यमशीलतामा सक्रिय भै रहेको हुँदा धेरै युवाहरूलाई अवसर सृजना भैरहेको छ ।

त्यसैले अवसर छैन भन्नु पर्दैन । हामी परम्परागत व्यवसायिक संस्कारमा छौ । यसको रूपान्तरण हुदैछ त्यसैले युवा नविनतम सोचकासाथ लागीपरेमा अवसर छ ।

आर्थिक विकासले समृद्धि ल्याउने र समृद्धि मार्फत दीर्घकालमा आर्थिक स्वाधिनता हासिल गर्न सकिने हुँदा आर्थिक विकासको लागि सहकारी उद्यमशीलताको भूमिका महत्वपूर्ण रहेको छ । सहकारी शिक्षा, तालिम र अनुसन्धानमूलक क्रियाकलापहरूलाई आधुनिक एवं वैज्ञानिक बनाउँदै सहकारी क्षेत्रमा आबद्ध जनशक्तिको व्यवस्थापकीय क्षमतामा गुणस्तरीय परिवर्तनको सुनिश्चितता ल्याउनु अति आवश्यक छ । सहकारीको व्यवस्थापनलाई विधि र प्रक्रियामा आधारित बनाई सहभागिता, पारदर्शिता र जवाफदेहितालाई व्यवहारमा सूनिश्चित गर्दै सहकारीले सदस्यहरूको विश्वास जित्न सक्नु पर्दछ ।

सहकारी संस्थाहरुको आन्तरिक नियन्त्रण पद्धति र लेखापरीक्षणलाई व्यवस्थित गरी स्व-नियमनको अभ्यासलाई अझ प्रभावकारी बनाउँदै सहकारीको व्यवस्थापनमा सञ्चालक समिति र व्यवस्थापन बीचको कार्य विभाजन र सम्बन्धलाई परिभाषित गरी संस्थागत संस्कृतिको विकास गरिनु जरूरी देखिन्छ । सहकारी सक्षम र बलियो भए भने मात्र स्वाधिन अर्थतन्त्र निर्माण गर्न सम्भव हुन्छ । त्यसैले "मुलुकको दिगो र समतामूलक आर्थिक विकास तथा अग्रगामी सामाजिक रूपान्तरणका लागि सवल र सक्षम सहकारी प्रणाली" को विकास गरौं ।

महिलाहरूको आर्थिक सशक्तिकरणमा परिवार, समुदाय तथा मुलुकको समग्र सामाजिक एवम् आर्थिक परिवर्तनमा महिलाहरूको योगदानलाई अलग राखिएमा कुनैपनि मुलुकले पूर्ण विकास हासिल गर्न सक्दैन, विगतमा समाज तथा मुलुकको सामाजिक एवं आर्थिक रूपान्तरणमा महिलाहरूको योगदानलाई झिनो रूपमा मानिए तापनि समुदाय तथा मुलुकको आर्थिक सवलीकरणमा महिलाहरूको

योगदानलाई घरहरूको पर्खालभित्र सीमित राखी सामुदायिक तवरमा त्यति महत्व दिएको पाइदैन थियो ।

विगतमा महिलाहरूले उद्यम गर्नुपर्छ वा उद्यमी हुनुपर्छ भन्ने महत्वको महसुस गरिएको थिएन । महिलाले व्यवसाय किन गर्नुपऱ्यो भन्ने मान्यता समाजमा थियो । अझै सम्पन्न परिवारका महिला छन् भने तपाइको बुबाको सम्पत्ति छ वा लोग्नेको कमाई छ, किन दुःख गर्नुपऱ्यो ? वा छोरीलाई आयआर्जनको आवश्यकता नै छैन भन्ने चलन थियो । कालान्तरमा यो सोचमा परिवर्तन आएको विषय सबैले महसुस गरेका छन् । अहिले समाजमा महिलाहरू पनि आर्थिक कार्यमा सक्रिय रहेर आत्मनिर्भर हुनुपर्छ भन्ने सोच आएको छ । तर, अझै यतिले मात्रै पुग्दैन ।

सुरूदेखि नै महिला सीमित क्षेत्रमा मात्रै उद्यमीका रूपमा कार्यरत थिए । हस्तकला, घर मै बसेर गर्न सकिने सानातिना कामहरु, कृषि क्षेत्र, परिकार बनाउने जस्ता कामबाट महिला उद्यमशीलता विकास हुँदै आएको हो । पछि यसलाई व्यवसायिक बनाउनुपर्छ भन्ने सोच पनि आउन थालेको छ । बैंक र पर्यटन जस्ता सेवा क्षेत्रमा महिला थोरै थिए । अहिले उद्यम तिरपनि महिलाहरूको संख्या बढ्दैछ । अवसर पाए सबै क्षेत्रमा महिलाले सफलता हासिल गरेका छन् । ईच्छा र आवश्यकता अनुसार क्षमता अभिवृद्धि गर्दै सीप, सूचना, प्रविधि र लगानी गर्न सकियो भने आर्थिक रूपमा उनीहरूपनि आत्मनिर्भर हुन सक्छन ।

महिलाहरू सहकारी मार्फत बचत ऋण लगानी गर्दै सामाजिक कार्यमा पनि धेरै नै क्रियाशील छन् । शहरी क्षेत्रमा, सञ्चारमा, होटेल व्यवसाय, पर्यटन क्षेत्रमा धेरै महिला उद्यमीहरू छन् । केही महिलाले व्यक्तिगत र सामुहिक रूपमा माछापालन, सामुहिक कुखुरापालन, पशुपालन र खुद्रा व्यापार, बुटिकमा राम्रो आम्दानी गरेका छन् । महिलाहरूमा प्रगतिशील सोच आइसकेको हुनाले विगतको जस्तो स्थिति रहेन र समय विस्तारै परिवर्तन हुदै गयो ।

आत्मविश्वासको कमी र सहयोगी हातहरूको कमी भएकोले नै होला, महिलाहरू सानो लगानी गर्ने सोचभन्दा माथि उक्लिन सकेका छैनन् । त्यसैले घरमा रही सुपो बनाउने, सिलाईकटाई, सानो स्तरको हाँस - कुखुरा, बाख्रा, गाई - भैसी पालन जस्ता काममा सीमित रहेका कारणवश मझौला उद्योग स्थापना गर्नतर्फ सोच अगाडि बढ्न नसकेको देखिन्छ । अनौपचारिक क्षेत्रको श्रममा महिलाको ८० प्रतिशत संलग्नता छ, विशेष गरेर कृषिमा । यति ठूलो योगदान छ उनीहरूको । तर, उनीहरूलाई सधैंभरि यहि स्तरमा राखेर भएन, अब यिनलाई व्यवसायिक बनाउनु पऱ्यो, नीति बनाएर सहुलियत दिनुपर्छ उनीहरूलाई । पुरानो सीपलाई आधुनिक बनाउनेतर्फ लाग्नु पर्छ ।

समग्रमा, सामूहिक लगानी र समूहमा लगानी गरेर व्यवसायिक बनाउन सकियो भने महिलाहरूको कामलाई औपचारिक अर्थतन्त्रमा गणना हुने काममा प्रवेश गराउन सकिन्छ ।



भुटान र श्रीलंकाका महिला यसतर्फ अघि छन् । यसो हुनुको कारण छ, किनभने, सामाजिक संस्कारले पनि धेरै फरक पार्छ । श्रीलंकामा ९८ प्रतिशत साक्षरता छ । सबै शिक्षित छन् । यसले गर्दा आत्मविश्वास बढ्दो रैछ । यस्तै भुटानमा पनि शिक्षा निःशुल्क छ । भुटानी पर्यटन क्षेत्रमा महिलाहरू पुरूषभन्दा निकै अगाडि छन् । उनीहरु एकदमै सक्षम छन्, पढेलेखेका छन् र व्यवसायमा लगानी गर्न हिच्किचाउँदैनन् । परिवारले पनि उनीहरूलाई सहयोग गर्ने रहेछन् । त्यसैले त्यो देशको सामाजिक संस्कार र शिक्षाको अवसरले पनि धेरै फरक पार्दो रहेछ ।

आर्थिक क्षेत्रको तुलना गर्ने हो भने, श्रीलंका र भुटानभन्दा हामी पछाडि नै छौ । बङ्गलादेश, पाकिस्तान, भारतका तुलनामा नेपालका नीतिहरु भने लैङ्गिकमैत्री छन् । तसर्थ, यी नीतिहरूको सफल कार्यान्वयनका लागि राज्यले गरिबीमा पिल्सिएका महिलाहरूमा उद्यमशीलताको विकास गर्नका लागि महिला उद्यमशीलता विकास कोष स्थापना गर्नुपर्दछ र सीपमुलक तालिम, कच्चा मालको पहिचान र जोहो, उत्पादन, बजारको पहिचान, बजारीकरण जस्ता महत्वपूर्ण आर्थिक क्रियाकलापहरूमा दक्ष बनाउने तर्फ अग्रसर गर्दै लानु पर्दछ ।

मेरो ३० वर्षको सामाजिक र सहकारी क्षेत्रमा कार्यरत रहदाँको अनुभवमा पनि महिलाहरूलाई आर्थिकरूपमा अगाडि बढाउन सामाजिक मूल्य, मान्यता, सोच र धारणाले निर्णय गर्ने कुरामा प्रभाव पार्नुकासाथै महिलालाई अगाडि बढ्न बाधा पारिरहेको छ । अर्कोतिर लैङ्गिक हिंसा, महिलाका स्वास्थ्य समस्या, पाठेघर खस्ने, गर्भको दौरानमा र सुत्केरी अवस्थामा आउने जटिलताले पनि आर्थिक कार्यमा बाधा पुगेको छ ।

आर्थिक क्षेत्रको तुलना गर्ने हो भने, श्रीलंका र भुटानभन्दा हामी पछाडि नै छौ । बङ्गलादेश, पाकिस्तान, भारतका तुलनामा नेपालका नीतिहरू भने लैङ्गिकमैत्री छन् ।

तसर्थ, महिला मैत्री शिक्षा, स्वास्थ्य र उपचार जस्ता क्षेत्रहरूमा सरकारी लगानी बढाउने र आवश्यकता अनुसारका अन्य क्षेत्रमा महिलाहरूलाई उपयुक्त हुने सेवामा सुधार गरी एकीकृत सेवाको अवधारणा अनुसार काम गर्नुपर्ने आवश्यकता छ । स्वास्थ्य, शिक्षा, आर्थिक, सामाजिक, राजनैतिक रूपमा सशक्तिकरण गर्न सकेमा मात्र समाजमा महिलाको हैसियत बद्छ । यसका लागि महिलाहरू आर्थिक रूपमा सशक्त भएर आत्मनिर्भर नभएसम्म उनीहरूमाथि हिंसा कम हुँदैन । हाम्रो आवाज नै यहि हो कि महिलाले आयआर्जन गर्नसक्ने वातावरण बनाउँ, उनीहरूलाई सक्षम बनाउँ । यसो भएमा घरभित्रका समस्याहरू आधा घट्छन् ।

लगानी गर्नुको साटो किन काम गर्नुपऱ्यो ? दुःख पाएको छैन, भन्ने कुरा धेरै हुन्छ । दुःख पाएर मात्र जिन्दगीमा आत्मनिर्भर बन्ने होइन रहेछ । महिला पुरूष दुबै व्यवसायी भएमा परिवार, समाज र देशलाई नै फाइदा हुने हो, अर्थतन्त्र दह्रो हुने हो । आवश्यकता वा परिस्थितिले मात्र मान्छेलाई आत्मनिर्भर बन्नुपर्छ भन्ने सोच राख्ने हो भने, महिलाहरूको आर्थिक क्षेत्रमा हुन् सक्ने विकास र सो सँगै क्रमशः आउने सकारात्मक परिवर्तन कहिल्यै सम्भव हुँदैन ।

आर्थिक क्षेत्रमा महिलाको ठूलो भूमिका छ भनेर सोचमा परिवर्तन ल्याउन एकदम चुनौति छ । धेरै महिलाहरूले उद्यमशीलता तालिम लिएपछि उत्पादन त गरे तर ती उत्पादनहरूको बजारीकरण हुनसकेको छैन । हाम्रो देशमा कृषि राम्रो सम्भावना भएको क्षेत्र हो । जग्गा जमिनको प्रयोग गरी परिवार मै वसेर पुरानो शैलीलाई परिवर्तन गरेर अलिक आधुनिक प्रविधिमार्फत व्यवसायिक हुन कृषिक्षेत्र जस्तो सुरक्षित कुनैपनि क्षेत्र छैन । तर, दुर्भाग्य हामीसँग कृषिका लागि उपयुक्त वातावरण हुँदाहुदै पनि हामीले केही गर्न सकिरहेका छैनौं । नेपालका महिला तथा युवाहरु विदेशमा कष्टपूर्ण काम गर्न जनशक्ति पलायन भैराखेका छ । आफ्नो देशमा कर्म गर्न नपाउने निराशाजनक स्थिति छ र यो सोचमा कमी आएको अवस्था पनि छैन ।

अहिले सहकारीमा आबद्ध महिलाहरूले बचत गरी आवश्यक सीप ज्ञान लिदै उत्पादनमुलक क्षेत्रमा लगानी गर्दै आत्मनिर्भर कार्यमा अगाडि बढेका थुप्रै सफल उदारणहरू छन् । त्यसैगरी, गैरसरकारी क्षेत्रमा र स्वयंसेवी भै कार्य गरिरहेका महिलाहरूमा 'म पनि जोखिम र चुनौति लिन सक्छु' भन्ने आत्मविश्वास आइरहेको छ । तर, अझैपनि उनीहरूमा परिवार, समाज र राज्यले विश्वास गर्न सकिरहेको छैन । सानो कार्य गर्न खोजेको अवस्थामा पनि 'यिनले पनि व्यवसाय गर्न सक्छन् र' ? आफूले दुःख गरेर कमाएको सम्पत्ति डुब्ने पो हो की,' भन्ने खालको सोचाइ छ । पुरूषप्रति जति निर्धक्क भएर परिवारका सदस्यले लगानी गर्छन्, त्यति नै लगानी छोरी, बहिनीहरूमा गर्नु परेमा धेरैपटक सोच्छन् ।

अहिले महिला लक्षित कार्यक्रमहरू राज्यका स्थानीय तहबाट एकीकृतरूपमा सञ्चालित भैरहेको अवस्थामा पाउने सेवाबारेमा जानकारी लिने गर्न सकेमा सम्भावनाहरू पनि धेरै छन् । अब यी सबै कार्यक्रम स्थानीय तहबाट सञ्चालित कार्यक्रमका लागि पनि योजनाको माग कसरी गर्ने, कहाँ योजना राख्ने भन्ने बारेमा महिला, लक्षितवर्ग जनता सवैलाई समेट्न सकेमा बल्ल उनीहरूको मागलाई सम्बोधन गर्न सकिन्छ र श्रोतको सही सदुपयोग हुन्छ । जबसम्म आर्थिकरूपले सशक्तिकरण गर्न महिलालाई लक्षित गरी उनीहरूको जीवनस्तरमा सुधार गर्ने मनसायले हाम्रा योजना, अवधारणाहरू तथा कार्यनीतिहरू लैङ्गिक मैत्री र महिलाहरूले उपाभोग गर्नसक्ने वातावरण बनाउन सकिदैन, तबसम्म सामाजिक र आर्थिक रूपान्तरण सम्भव छैन । एक महिलाले 'घरका साथै व्यवसाय पनि गर्न सक्छिन् र?' भन्ने हाम्रो नेपाली सर्वव्याप्त मानसिकता र सोचमा पनि सकारात्मक परिवर्तनको अपेक्षा छ ।

अन्त्यमा, आर्थिक सवलीकरणले महिलाहरूमा आत्मविश्वासकासाथ निर्णय लिने क्षमताको विकास हुने कारणवश उनीहरूको सामाजिक प्रतिष्ठामा वृद्धि हुने नै छ भने, यस आर्थिक सशक्तिकरणवापत राजनीतिक क्षेत्रमा पनि महिलाहरूको निकै अग्रसरता वृद्धिभएको छ । हाम्रो पटक पटकको संघर्ष पश्चात् प्राप्त संघीय लोकतान्त्रिक गणतान्त्रिक संविधानमा उल्लेखित प्रावधानहरूको प्रभावकारी कार्यान्वयन र यसलाई संस्थागत गर्न जरूरी छ । हाम्रो काम गर्ने सोच, प्रतिबद्धता, इच्छाशक्ति र सबैको सहयोग भएमा पक्कैपनि महिलाहरूको आर्थिक रूपमा सशक्तिकरण र सामाजिक क्षेत्रमा जागरण भइ समग्र जीवनस्तरमा रूपान्तरण गर्न सकिन्छ । त्यसैले, अबको हाम्रो लगानी उद्यमशीलता र आर्थिक सशक्तिकरणमा जरूरी छ ।



हार्दिक शुभकामना

नेपालका बचत तथा ऋण सहकारीहरुको एक मात्र शीर्ष संघ
नेफ्स्कूनको गरिमामय

३६औं स्थापना दिवस

३६औं स्थापना दिवसको अवसरमा स्मारिका प्रकाशन गर्न गईरहेकोले संघको उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

राधा स्वामी
बचत तथा ऋण सहकारी संस्था लि.
टोखा न.पा. ११, काठमाडौं
फोनः ०१-४९८६९०८
इमेलः info.radhaswamisaving@gmail.com

ठेचो महिला जागरण
बचत तथा ऋण सहकारी संस्था लि.
गोदावरी न.पा. १२, ठेचो, ललितपुर
फोनः ०१-५५७१६२९
इमेलः thechomahilajagaran629@gmail.com

पुष्पाञ्जली
बचत तथा ऋण सहकारी संस्था लि.
गोदावरी ११, चापागाउँ, ललितपुर
फोनः ०१-५२६५३३३
इमेलः pushpanjalisaccos2065@gmail.com

नवदुर्गा
बचत तथा ऋण सहकारी संस्था लि.
गोदावरी न.पा. १२, ठेचो, ललितपुर
फोनः ०१-५५७१४०१
इमेलः navadurgacoop@gmail.com

डाँफे सामुदायिक
बचत तथा ऋण सहकारी संस्था लि.
दमक-५, झापा
फोनः ०२३-५७०९२८/५७०८९४
इमेलः danphecooperative@gmail.com
वेबसाइटः www.danfeysaccos.com.np

मनकामना
बचत तथा ऋण सहकारी संस्था लि.
पथरीशनिश्चरे-१, मोरङ
फोनः ०२१-५५५२२४
इमेलः manakamanasaccos@gmail.com
वेबसाइटः www.manakamanasaccos.coop.np

कर्णालीको समृद्धिमा सहकारीको साझेदारी

लेख



बमबहादुर बि.सी.

अध्यक्ष, वीरेन्द्रनगर साकोस सुर्खेत

कर्णालीको परिचय

कर्णाली प्रदेश नेपालको कान्छो र राज्यको नजरमा पिछडिएको प्रदेश हो । यहाँको कूल क्षेत्रफल ३०२११ वर्ग कि.मी. छ ।१ २०७८ को जनगणना अनुसार १६ लाख ९४ हजार, ८ सय ८९ यहाँको जनसंख्या छ । यो प्रदेश जनसंख्याको दृष्टिले सबैभन्दा सानो प्रदेश हो । यहाँको जनघनत्व ६१ रहेको छ । नेपालको कूल २१.६ प्रतिशत भूभाग ओगटेको यो प्रदेश क्षेत्रफलका दृष्टिले सबैभन्दा ठूलो प्रदेश हो । कर्णाली नेपाली भाषा र संस्कृतिको उद्गम थलो हो ।

कर्णाली प्रदेश १० वटा जिल्ला, २५ वटा नगरपालिका र ५४ वटा गाउँपालिका गरी ७९ स्थानीय तह र त्यस अन्तरगत ७१८ वडामा राजनीतिक विभाजनको सयुक्त रूप हो । सबैभन्दा ठूलो रारा ताल र सबैभन्दा गहिरो शे-फोक्सुण्डो ताल यही प्रदेशका गहना हुन् ।

यस प्रदेशको सामाजिक अवस्था अन्तर्गत साक्षरता दर ६६.१७ प्रतिशत र अपेक्षित आयु ६६.८ वर्ष रहेको छ । मानव विकास सूचकाङ्क ०.४२७, आर्थिक रूपमा अति पछाडि रहेको जनसंख्या ४४.२ प्रतिशत, निरपेक्ष गरिबीको रेखामुनी रहेको जनसंख्या २८.९ प्रतिशत छ । त्यसै गरी आधारभूत खानेपानी सुविधा ६६.३ प्रतिशतमा मात्र पुगेको छ भने बहुआयामिक गरिबीको दर ५१.२२ प्रतिशत रहेको छ । जबकी बहुआयामिक गरिबीको राष्ट्रिय दर २८.६ रहेको छ ।२

कर्णालीमा सहकारीको अवस्था

यस प्रदेशमा जम्मा सहकारी संस्थाहरूको संख्या १ हजार ९ सय ६७ छ । महिला २,७२,०३३ र पुरुष १,३२,९२३ गरी जम्मा सदस्य संख्या ४ लाख ४ हजार ९५६ रहेको छ । बचत रकम रु ८,८६,८१,७८,७९२।-, शेयर रकम रु १,९१,८०,७३,५००।- र ऋण लगानी रु ७,९२,५२,४८,४८५।- परिचालन गरेको छ भने ४५३४ जना मानिसहरूलाई प्रत्यक्ष रोजगारी दिएको अवस्था छ ।३

गत वर्षमात्र उक्त तथ्याङ्कको तुलनामा ३३.८७ प्रतिशतले पुँजी वृद्धि भएको देखिएको छ । त्यसमा १३.९ प्रतिशतले बचत र २७ प्रतिशतले ऋण प्रवाह बढेको अवस्था छ । सहकारी संस्थाको संख्या यथावत नै रहेको देखिए पनि सदस्य संख्या बढेको देखिएको छ । रोजगारी ११.११ प्रतिशतले बढेको छ ।४ उक्त प्रतिवेदनले सहकारी संस्थाहरूमा बचतको तुलनामा ऋण प्रवाह धेरै भएको विषय औल्याएको छ । यद्यपी यी सबै तथ्याङ्कहरु पूराना हुन् । वर्तमानसम्म कैयौं संस्थाहरु एकीकरण भएका छन् । स्थानीय तहमा धेरै संस्थाहरु नयाँ दर्ता भएका छन् । यस अवधिसम्म संस्था, सदस्य र पुँजीको वृद्धि भएको छ ।

“गत वर्षमात्र उक्त तथ्याङ्कको तुलनामा ३३.८७ प्रतिशतले पूँजी वृद्धि भएको देखिएको छ । त्यसमा १३.९ प्रतिशतले बचत र २७ प्रतिशतले ऋण प्रवाह बढेको अवस्था छ । सहकारी संस्थाको संख्या यथावत नै रहेको देखिए पनि सदस्य संख्या बढेको देखिएको छ ।”

यहाँका धेरै जसो सहकारीहरूले उद्देश्य जे भएपनि बचत तथा ऋणको काम गरिरहेका छन् । यहाँ बचत तथा ऋण सहकारीहरु तुलनात्मक रूपमा धेरै छन् । अपितु अन्य उद्देश्यका सहकारीहरूले पनि बचत तथा ऋणको काम मात्र गरिरहेको अवस्था कायमै छ । कृषि, दुग्ध, उपभोक्तालगायतका सहकारीहरूको कारोबार उत्साहजनक छैन । श्रमिक सहकारीहरु नगन्य मात्रामा रहेका छन् ।

कर्णालीको मात्र होइन नेपालकै सहकारीको पछिल्लो र वास्तविक विवरण कही कतै उपलब्ध हुन सकिरहेको छैन । यसले र कर्णालीको साहित्यमा पनि यसले स्थान पाएको देखिदैन ।

जबकी, कर्णालीको आर्थिक, सामाजिक, साँस्कृतिक र वातावरणीय समुच्चा विकासका लागि सहकारी वैकल्पिक तर उपयुक्त बाटो हुन सक्दछ । किनभने सहकारी सामाजिक, आर्थिक र मानवीय पुँजी निर्माणको सरल र स्थायी माध्यम हो । श्रम, सीप, पुँजी र समयको उपयुक्त परिचालन गर्ने माध्यम पनि हो । सहकारी व्यक्तिले आफ्नो क्षमता अनुसारको उद्यमको चयन आफैले गर्ने क्षेत्र पनि हो । जसले व्यक्तिको उद्यमशीलता, क्षमता र चाहनाको एकमुष्ट



वास्तविक तथ्याङ्कको प्रस्तुती र त्यसका आधारमा धारणा बनाउन र योजना निर्माण गर्न सकिने अवस्था छैन । तर के भन्न सकिन्छ भने कर्णाली प्रदेशमा अन्य प्रदेशको तुलनामा बैंक तथा सहकारीको पहूँच तथा सुविधा प्रतिहजार जनसंख्यामा कमजोर छ । सहकारी क्षेत्र कर्णालीको विकासको मत्वपूर्ण क्षेत्र हुँदाहुदै पनि कर्णालीका योजनाहरुमा प्रस्फुटित गराउँछ । यो मानिसले आफ्ना आवश्यकताहरु पूरा गर्न आफै परिचालन हुने प्रक्रिया भएको हुनाले गरिबी घटाउन र स्वरोजगारी सिर्जना गर्न सहज हुन्छ । सहकारी जनस्तरको आर्थिक तथा सामाजिक अभियान भएको हुनाले कर्णालीको विकासका लागि सहकारी उपयुक्त माध्यम हुनसक्ने देखिन्छ ।

बडो सोचनीय विषय के छ भने किन सहकारी क्षेत्रलाई राज्यले आफ्नो समृद्धिको यात्रामा साझेदार मान्न सकिरहेको छैन ? राज्यले त बरू सहकारी क्षेत्रलाई कहिले करको नाममा त कहिले बचतको समेत सीमा तोकेर अनि कहिले भएका विद्यामान कानूनलाई लागु गर्न नदिएर बेला बखत डण्डा प्रहार गरिरहेकै छ । राज्य किन यसरी सहकारीप्रति अनुदार हुन खोज्दैछ ? सहकारी अभियानले यसको गम्भीर समीक्षा गर्नुपर्ने वेला भएको छ ।

त्यसैको सिको गरेर हो कि, गरिबी र बहुआयामिक गरिबीको दर उच्च हुँदाहुदै पनि कर्णाली प्रदेश सरकारले आफ्नो यो जनामा सहकारी क्षेत्रलाई सामेल गरिरहेको देखिदैन । गरेकोमा पनि प्रभावकारी छैन । सहकारीले नै कर्णालीवासीहरूकाबीच आर्थिक, सामाजिक र साँस्कृतिक सम्बन्धलाई क्रियाशील बनाएको विषय ख्यालै गरिएको छैन । गरिबी घटाउन र सामाजिक न्याय स्थापित गर्ने विधि सहकारी हो भन्ने तिर सोचाइ नै पुगिरहेको छैन । त्यसै गरी बैंक नपुगेको स्थानमा पनि स-सानो श्रम तथा सीपमार्फत सामूहिक हितका लागि उद्यमशीलता प्रवर्द्धनको आधार बनाउने सहकारी हो । चाहे त्यो द्वन्दकालमा होस्, चाहे त्यो बन्दाबन्दीका वेलामा होस् अनि चाहे हालको आर्थिक मन्दीका वेला होस् । सहकारी मानिसहरूको आर्थिक, सामाजिक सारथी बन्दै आएको छ । मानिसहरूले विगतदेखि गर्दै आएको अभ्यासका आधारमा सहकारी विपत्ति, गरिबी र अभावको स्थान परिवर्तन गर्न उपयोग गरिने अस्त्र भएकोले जहाँ गरिबी व्याप्त हुन्छ, अभाव हुन्छ त्यहाँ सहकारी कवज बनेर उभिन पुगेको विषय कर्णालीले पनि जान्नु पर्ने हो ।

एक अध्ययनले सहकारीमा आबद्धता र गरिबी निवारणबीच सहसम्बन्ध रहेको देखाएको छ । उक्त अध्ययनले सहकारीमा आबद्ध भएका मानिसहरुमा गरिबी २२.५ प्रतिशत रहेको र सहकारीमा आबद्ध नभएका मानिसहरुमा गरिबी ३४.३ प्रतिशत रहेको तथ्याङ्क देखाएको छ ।[५]

खासमा सहकारीको सघन उपस्थिति रहेको क्षेत्रमा गरिबी बहुसूचकांकहरुको स्तर राम्रो देखिएको छ । मानव जीवनसंग सम्बन्धित शिक्षा, स्वास्थ्य, खाद्यान्न लगायतका

विभिन्न सूचकलाई आधार मानेर हेर्दा सहकारी संस्था कम भएको कर्णाली प्रदेशमा बहुआयामिक गरिबी ५१.२२ प्रतिशत रहेको छ । जबकी नेपालको राष्ट्रिय बहुआयामिक गरिबी २८.६२ प्रतिशत हो । त्यस पछाडिको कम सहकारी संस्था भएको जनकपूर प्रदेशमा बहुआयामिक गरिबी ४७.८९ प्रतिशत छ भने सबैभन्दा बढी सहकारी संस्था भएको बागमती प्रदेशमा १२.२४ प्रतिशत र गण्डकी प्रदेशमा १४.१९ प्रतिशत मात्र बहुआयामिक गरिबी छ ।[६] यस तथ्याङ्कले के देखाउछ भने सहकारीलाई कर्णाली क्षेत्रको सामाजिक न्याय, साँस्कृतिक समावेशीता, आर्थिक समृद्धि, नागरिक सशक्तिकरण, नेतृत्व विकासलगायतका क्षेत्रमा सहयोगी क्षेत्रका रूपमा उपयोग गर्दा नै हितकर हुन्छ । सहकारीले नै कर्णालीको विपन्नताबाट मुक्ति दिन सक्छ । अविकासलाई विकासमा रूपान्तरण गर्न सक्छ ।

सहकारी मुलुकको अर्थतन्त्रको बलियो आधार खम्बा हो । युवा तथा घरेलु बेरोजगार हरूका लागि रोजगारीको माध्यम सहकारी बन्दै गएको र यसलाई राज्यले उपयोग गर्न नसकेको सत्य हो । कर्णाली प्रदेश सरकारले नारामा कृषि तथा लघुउद्यमलाई गरिबी न्यूनीकरणको माध्यम बनाउन भनेर कार्यक्रम ल्याएको सुनिन्छ तर त्यसको परिणाम राम्रो आउन सकेको छैन । सहकारी कर्णालीको गरिबी घटाउन मुख्य अस्त्र हुन सक्छ ।

कर्णालीका सम्भावनाहरु

कर्णालीको सम्भावनायुक्त परिचय चाँही कमजोर छैन । कर्णाली नेपालकै अनुपम प्रदेश हो । कर्णालीलाई सकारात्मक र सम्भावनायुक्त प्रदेशका रूपमा हेर्ने चलन चलिनसकेको मात्र हो । कर्णाली विकट क्षेत्र हो । राज्यको नजर कम पुगेको क्षेत्र हो । बाटोघाटोको अभावमा अविकासले छोड्न नमानेको क्षेत्र हो । भएका प्राकृतिक स्रोतहरुको उपयोग हुन नसक्दा सम्भावनाहरु सम्भावनामै सिमित रहेको क्षेत्र हो । जल, जङ्गल र ६० प्रकारका महत्वपूर्ण जडीबुटीको खानी क्षेत्र हो ।

यहाँका प्राकृतिक स्रोतहरुको उपयोग गरियो भने यो कर्णाली प्रदेश मात्र होइन सिङ्गो मुलुक नै आर्थिक रूपमा समृद्ध हुन सक्ने स्रोतहरु भएको प्रदेश हो । रोग, भोक, अशिक्षा, अविकास र अभाव भए पनि सम्भावनाहरुको संयोजन हुन सक्यो भने सबैभन्दा धनी प्रदेश हुन सक्ने अवस्था छ । लामो

यस प्रदेशमा जम्मा सहकारी संस्थाहरूको संख्या १ हजार ९ सय ६७ छ । महिला २,७२,०३३ र पुरूष १,३२,९२३ गरी जम्मा सदस्य संख्या ४ लाख ४ हजार ९५६ रहेको छ र ४५३४ जना मानिसहरूलाई प्रत्यक्ष रोजगारी दिएको अवस्था छ ।



समयदेखि कर्णालीले अविकास र अभाव भोग्दै आयो । अब यहाँका सम्भावनाहरूको खोजीमा लाग्नु पर्ने र तिनीहरूको वकालत गर्नुपर्ने ठाउँमा पुगेको छ । अब कर्णालीमा दुखका विलौना मात्र गर्ने होइन, सुख र समृद्धिका सपना देख्नुपर्ने अवस्थामा पुगेको छ । तर विडम्बना राज्यको नजर काठमाडौंबाट हेर्दा कर्णाली धमिलो गरी मात्र देखिदो रहेछ । यस्तो परम्परा बनाइएको छ ।

कर्णालीको अर्गानिकता जोगाउदै कृषिमा आधुनिकीकरण, बजारीकरण, औद्योगिकरण र त्यसका माध्यमबाट आर्थिक उन्नयन जस्ता विषयहरु यहाँका सम्भावना हुन् । नेतृत्व विकास, समावेशी विकास, महिला सशक्तिकरण, स्वरोगारीमा युवा सहभागिता, व्यवसायिक क्षमता विकास, बचत तथा ऋण परिचालनका माध्यमबाट वित्तीय आवश्यकताको पूर्ति र सामाजिक सुरक्षालगायतका विषयमा सशक्त सामुदायिक अभियानको संयोजनकर्ता हुने हो भने कर्णालीलाई सुखी प्रदेश बनाउन सकिन्छ । सारमा कृषि, उद्योग, पर्यटन र सेवा आर्थिक विकासका प्रमुख पक्षहरु कर्णाली प्रदेशका सम्भावना हुन् ।

कर्णालीका सम्भावनाहरुमा सहकारीको सहकार्य

सहकारी माथि उल्लिखित विभिन्न पक्षहरूको समुच्चा समाधानको माध्यम हो । सहकारी सबै प्रकारका गरिबीको अन्त्य, भोकमरी र कुपोषणको अन्त्य, सहज स्वास्थ्य सेवाको सुविधा, गुणस्तरीय शिक्षा, जीवनोपयोगी सीप, लैङ्गिक समानता र महिला सशक्तिकरण, खानेपानी तथा सरसफाइ, दिगो उत्पादन र उपभोग जस्ता विषयमा महत्वपूर्ण पक्ष हो । सहकारीले दिगो विकासको आधार तयार गर्ने हुँदा कर्णालीको विकासका लागि सहकारी उपयुक्त माध्यम हुन्छ । सरकारको काममा सहकारी सहयोगी क्षेत्र वा सहयात्री हो । कर्णालीको आर्थिक, सामाजिक, साँस्कृतिक र जैविक विविधतायुक्त सम्भावनाहरु सफल बनाउन सहकारी भरपर्दो माध्यम हो । किनकी, सहकारी सामुदायिक संस्था हो । सामुदायिक अभियान हो । यसले दिगो विकासको लक्ष्य प्राप्तिका लागि जन-जनलाई सामुदायीकरण गर्न सक्छ । सम्भावना र सवालहरूलाई स्थानीयकरण गरी आपसिकता, पारस्परिकता, ऐक्यबद्धतालाई बलियो बनाउदै लैजानु पर्दछ । अनि स्वपरिचालन, स्वअनुशासन, स्वउत्तरदायित्व, स्वाबलम्वन र न्याय जस्ता मूल्यहरूलाई स्थापित गर्दै सम्भावनाहरूलाई यथार्थमा रूपान्तरण गर्ने बाटो अबलम्वन गर्नुपर्ने हुन्छ ।

साधन स्रोतको अधिकतम प्रयोग गरी समृद्ध अर्थतन्त्रको निर्माण र आर्थिक सामाजिक न्याय मार्फत समाजवाद उन्मुख, स्वतन्त्र र समृद्ध अर्थतन्त्र निर्माणको लक्ष्य पूरा गर्ने माध्यम सहकारीलाई बनाउने परिकल्पना नेपालको संविधानले नै गरेको छ । विभिन्न आवधिक योजनाहरुमा पनि यसले स्थान पाएकै छ । भलै यो पर्याप्त छैन । यसलाई कर्णालीले किन अंगिकार नगर्ने ? जो कर्णालीको लागि आवश्यक मात्र होइन, अनिवार्य छ ।

तसर्थ, कर्णाली क्षेत्रमा विद्यमान विपन्नता, गरिबी, पछौटेपन, सामाजिक विकृति, अविकास र अशिक्षालाई समाप्त पार्न सहकारी उपयुक्त माध्यम हो र बनाउनु पर्दछ । कर्णालीमा अहिले पनि धेरै कुराहरु परम्परागत छन् । मौलिक छन् । उत्पादन, संगठन, सामाजिक र साँस्कृतिक संरचना, रितिरिवाज, चालचलन सबै परम्परागत नै छन् । मौलिक नै छन् । आपसी सरसहयोग पनि परमपरागत नै छ । मौलिक नै छ । आधुनिकताको नाममा मानवीयता नै धरापमा परेको अवस्था यहाँ छैन । आय आर्जन तथा व्यवसायका तरिका र सम्भावनाहरु पनि परम्परागत र मौलिक नै छन् ।

कर्णालीमा भाईचारा र विश्वासमा आधारित सहकार्य जोगिएको हुनाले यहाँको सामाजिक पुँजी निर्माणमा समस्या आएको छैन । यहाँ पारस्परिकता, सामाजिक सहभाव, जोखिम व्यवस्थापन, रोजगारी सिर्जना, समावेशी संस्कारको निर्माण गर्न सकिने सम्भावनाहरु जिवितै छन् । सहकारी यी विषयमा सहयात्रीको भूमिकामा सामेल हुन्छ र हुनु पर्दछ । राज्यले मात्र सबै कुरा गर्न सक्दैन । नीजि क्षेत्र र सहकारी सरकारका परिपूरकका रूपमा उभिनु पर्दछ । उभिन्छ पनि ।

निश्कर्ष

सहकारी कमजोर वर्गको लागि समानता र पारस्परिकताका आधारमा आर्थिक समृद्धि हासिल गर्ने विधि हो । त्यसैले नै सहकारी सदस्यहरूको सुखदुखको स्थायी सहयोगी हो । यसको उपयोग कर्णालीले बढी गर्नुपर्ने हो । यसैको जगमा रहेर आर्थिक समृद्धि र सामाजिक रूपान्तरणका साथै यहाँको मौलिक संस्कृतिको जगेर्नाका कामहरु सुझाउन पर्ने हो । जो कर्णालीका लागि मात्र होइन की आजका सबै मानिसका लागि अति आवश्यक विषयको रूपमा अगाडि आएको छ । सहकारी विधिबाट नै दिगो आर्थिक विकास, सामाजिक न्याय र लोकतन्त्रलाई संस्थागत गर्न सकिन्छ । यसले नै यहाँको विकासलाई संस्थागत गर्छ ।

कर्णालीलाई देश निर्माणमा उपयोग गरेर कर्णाली नै मुलुक समृद्धिको मुहान बनाउनु पर्नेछ । सहकारी हाम्रो जस्तो क्षेत्रमा धेरै आवश्यकता छ । अझ कर्णाली जस्ता क्षेत्रमा धेरै आवश्यकता छ । त्यसैले सहकारी क्षेत्रलाई पुँजी निर्माणमा लगाउने र निर्माण भएको पुँजी राज्यले नीति बनाएर उत्पादनका क्षेत्रमा प्रयोग गर्नु पर्दछ । कर्णाली समृद्धिको यात्रामा सहकारी सरकारको सहयात्री र जनताको स्थायी सहयोगी बनेरसँगै जानु पर्दछ । यसले कर्णालीमा रहेको अहिलेको बहुआयामिक गरिबीको दर कम गर्न सहयोग गर्छ ।

सन्दर्भ सामग्रीको सूची

१. कर्णाली प्रदेशसभा परिचय, २०७५ प्रदेश सभा सचिवालय

२. कर्णाली पार्श्वचित्र, २०७७, प्रदेश योजना आयोग, कर्णाली प्रदेश

३. सहकारी झलक, २०७७, राष्ट्रिय सहकारी विभाग

४. प्रादेशिक आर्थिक गतिविधि सम्बन्धी अध्ययन प्रतिवेदन, नेपाल राष्ट्र बैंकको सुर्खेत कार्यालय

५. गरिब घरपरिवार पहिचान सर्वेक्षण, २०७७) तत्कालिन सहकारी तथा गरिबी निवारण मन्त्रालय

६. ऐ ऐ

वित्तीय सहकारीमा स्मार्ट व्यवस्थापन

लेख



डा. शिवजी सापकोटा

पूर्व प्रमुख कार्यकारी अधिकृत

नेफ्स्कून

सहकारी व्यवस्थापन विज्ञ

नेपालको आर्थिक विकासका लागि सार्वजनिक, निजी र सहकारी एक आपसमा सहकार्य गरी अघि वढ्नुको कुनै विकल्प नभएको प्रष्ट पार्दै राज्यका नीति, कार्यक्रम एवम् आवधिक योजनाहरूले अंगिकार गरेको विषय सहकारी जसमा समुदायका सबै तह र तप्काका व्यक्तिहरू आबद्ध हुन्छन र आफ्ना आवश्यकताहरू परिपूर्ति गर्छन ।

नेपालमा वि.सं. २००७ सालको राज्य व्यवस्थामा ल्याइएको परिवर्तन पछि सहकारीलाई विभिन्न विधा र विषय सँग अघि बढाउँदै लैजादा वास्तविक सरोकारवालाहरूको पहूँच र सहभागिताको हिसाबले जनमैत्री बन्न नसकी रहेको अवस्थामा अन्य मूलुकहरूमा ख्याती कमाएको क्षेत्र सहकारीले सिद्धान्त र मर्मअनुरूप वि स २०४६ को प्रजातन्त्र पछि जारी गरिएको सहकारी ऐन २०४८ को अभ्यासबाट सहकारिता र यसका मान्यताहरूको वास्तविक अनुभूत गर्न पाए ।

सहकारी ऐन २०४८ को जगमा टेकेर, सदस्य आबद्धता व्यापक बनाउनु, संस्थागत र दिगो सञ्चालनमा सहकारीहरू केन्द्रित रहनु, सदस्य सेवालाई प्राथमिकतामा राख्नु, सञ्चालनमा नीति निर्देशित रहनु र वित्तीय एवम् गैरवित्तीय सेवाहरूले समुदायको पहिलो रोजाई बन्न सक्षम रहनु, संख्याका हिसाबले करिब ३५ हजार सहकारी, राष्ट्रिय अन्तर्राष्ट्रिय विधि र प्रविधिको आन्तरिकीकरण एवम् नमूना सहकारी सञ्चालनको अभ्यास पेश गर्नुलाई उपलब्धिको रूपमा लिन सकिन्छ ।

विशेषगरी वि.सं २०५० पछि सहकारी संस्था सञ्चालनमा स्वयमसेवीहरूको भूमिका भन्दा व्यवस्थापनमा कर्मचारीहरू मार्फत दिगो सञ्चालनमा लैजान विभिन्न किसिमका नीतिहरू, मानवश्रोत र व्यवस्थापन लक्षित शिक्षा तथा क्षमता विकासलाई अवलम्बन गरी आजको दिन सम्म अविछिन्न सेवामा सहकारीहरू लागेकाछन् । यद्यपी समय सापेक्ष जनशक्ति व्यवस्थापनमा र प्रभावकारी सञ्चालनलाई अद्यावधिक र उद्देश्य केन्द्रित बनाउने चुनौती थपिएको छ ।

समुदायका व्यक्तिहरूले आयको रूपमा वा जीवनयापनका लागि कुनै न कुनै माध्यमबाट प्राप्त गर्ने वस्तु मुद्रा हो । सहकारी संस्थाहरूले कारोबार गर्ने मुद्रा र बैंकहरूले कारोबार गर्ने मुद्रा एउटै हो । यसको सही लेनदेन, व्यवस्थापन, वित्तीय व्यवस्थापन, दैनिक हिसाब मिलान, प्राप्ति भुक्तानीको व्यवस्था र खाताबन्दी विश्वव्यापी स्तरीय पद्धती बमोजिम गर्नु पर्छ । त्यसका लागि दक्ष जनशक्तिको आवश्यक पर्छ ।

“विशेषगरी वि.सं २०५० पछि सहकारी संस्था सञ्चालनमा स्वयमसेवीहरुको भूमिका भन्दा व्यवस्थापनमा कर्मचारीहरु मार्फत दिगो सञ्चालनमा लैजान विभिन्न किसिमका नीतिहरु, मानवश्रोत र व्यवस्थापन लक्षित शिक्षा तथा क्षमता विकासलाई अवलम्बन गरी आजको दिन सम्म अविछिन्न सेवामा सहकारीहरु लागेकाछन् ।”

नेपालमा सहकारी सञ्चालनका अवस्था देखि संस्थाको आकार अनुसारको सेवासुविधा र सोही कर्मचारीलाई थप्दै लैजाने मालारूपी पद र तहहरूले आजको प्राविधिक युगमा आवश्यक दक्ष जनशक्तिको खाँचो पुरा नगर्न सक्छ ।

यसक्षेत्रमा शुरूका दिनहरूमा लेखांकन, अभिलेख व्यवस्थापन, कारोबार, विश्वव्यापी मान्यता अनुरूपका लेखाप्रविष्टी र प्रतिवेदनहरू, स्तरीय लेखामान अनुरूपका प्रतिवेदनहरू, समयसापेक्ष तालिम तथा अध्ययनको अवसर उपलब्ध गराईरहनु पर्ने भयो किनकी यो क्षेत्र अत्यन्त व्यवसायिक र प्रतिस्पर्धी भईसकेको छ, बजारमा पाईने अपरिपक्क मानवश्रोत भन्दा प्रतिस्पर्धी प्राविधिक श्रोत र जनशक्तिको खोजी गर्न जरूरी भइसक्यो । सहकारी संस्थाहरूको अवस्था, सदस्यहरूको मागमा आधारित चुस्त, दुरूस्त र द्रुत सेवा, प्रविधि मार्फत सदस्यहरूमा पहूँच र सम्बन्ध स्थापनाका विषयमा नयाँ र अद्यावधिक कर्मचारी संस्थाका सम्पत्ति हुन् ।

कार्यकारी तह, व्यवस्थापकीय तह र सहायक तह गरी कर्मचारीहरूको काम र जिम्मेवारीका हिसाबले तीन तहमा वर्गीकरण गर्न सकिन्छ । कर्मचारीलाई उत्प्रेरणाको विषयले बढीमा दुई वर्षमा पदोन्नती गरिएको हुनुपर्दछ । कार्यप्रकृतिको विविधिकरण, चक्रीय जिम्मेवारी र जवाफदेहिताका साथै वृत्तिविकास लगायतका विषयहरूमा ध्यान दिनु पर्दछ । सहकारी संस्थामा कार्यकारी तहमा सकेसम्म सञ्चालक समितिले प्रत्यक्ष काम लगाउने, लक्ष्य प्रदान गर्ने, समिक्षा गर्ने र सरसल्लाह दिने कार्य गरिन्छ । व्यवस्थापकीय तहका कर्मचारीहरूको प्रत्यक्ष सुपरिवेक्षण कार्यकारी तहका कर्मचारीले गर्नेछन् । यस तहका कर्मचारीहरूलाई काम लगाउने, लक्ष्य निर्धारण गर्ने, समिक्षा गर्ने र सरसल्लाह दिने कार्य प्रमुखको हुनेछ अर्थात कार्यकारी तहका कर्मचारीको हुनेछ । सहायक तहका कर्मचारीहरू व्यवस्थापन तहका कर्मचारीको आदेश बमोजिम आफ्ना दैनिक क्रियाकलापहरूमा व्यस्त रहन्छन् ।

सहकारीको विश्वव्यापी मान्यता अनुसार सञ्चालक समितिको एकमात्र कर्मचारी भनेको कार्यकारी प्रमुख वा व्यवस्थापक हुन भने बाँकी सबै कर्मचारीहरू कार्यकारी प्रमुख वा व्यवस्थापकका हुन्छन् । योजना कार्यान्वयनका लागि लक्ष्य निर्धारण, लक्ष्यको बाँडफाँड, प्रतिवेदन, सुपरिवेक्षण र जवाफदेहिताका विषयलाई विभागीय व्यवस्थापन मार्फत व्यवस्थापकीय संरचनामा निर्दिष्ट गरिएको हुन्छ ।



सहकारी संस्थाहरूको अवस्था, सदस्यहरूको मागमा आधारित चुस्त, दुरूस्त र द्रुत सेवा, प्रविधि मार्फत सदस्यहरूमा पहुँच र सम्बन्ध स्थापनाका विषयमा नयाँ र अद्यावधिक कर्मचारी संस्थाका सम्पत्ती हुन् ।

सामान्यतया मानव संशाधन व्यवस्थापन कार्यविधिमा समावेश गरिए बमोजिमका प्रक्रियाहरू मार्फत पूर्ति गरिएका पदहरू, श्रेणी र तह बमोजिमका कर्मचारीहरूको व्यवस्थापनमा कार्यकारी प्रमुख र प्रशासन प्रमुखले विशेष ध्यान दिनुपर्दछ । कर्मचारीहरूको उच्च मनोबल कायम गर्नका लागि समय समयमा उत्प्रेरणा, सम्मान, पुरस्कार, पदोन्नती, ग्रेडवृद्धि र चक्रीय जिम्मेवारी प्रदान गर्न सकिन्छ । एसियाली ऋण महासंघको प्राविधिक सहयोग, सहकार्य र नमूना कार्यक्रमहरूको आन्तरिकीकरण पश्चात नेपालमा कर्मचारीहरू राखी संस्थागत सहकारी स्थापना वि. सं. २०५० भन्दा पछि शुरू भएको पाईन्छ । यसरी सञ्चालन गर्दा व्यवस्थापक र सहायक कर्मचारीहरूको मात्र अवधारणामा अघि बढेकोमा पछि नेपालमा विश्व अभ्यासको सन्दर्भ स्वरूप सहकारीहरूको संस्थागत विकास कार्यक्रम वि.स.२०५४ ले सहकारी संस्थाहरूमा मानव संशाधन विकास नीति प्रवर्धन गरी पदहरूको सृजना र पदसोपानको व्यवस्थालाई अभ्यासमा ल्याउन थालियो । त्यसपछि वि. सं. २०६४ पछि भने व्यवस्थापकलाई प्रमुख कार्यकारी अधिकृत जसलाई अंकमा लक्ष्य तोकी उपलब्धि मापन गर्न थालियो सो को नामबाट नै सञ्चालक समितिको एक मात्र कर्मचारीको रूपमा स्थापित गराउने अभ्यासको थालनी भएको पाईन्छ ।

नेपालमा सन् २०६४ बाट शुरूवात भएको वित्तीय सहकारीको स्तरीकरण कार्यक्रमबाट कर्मचारी प्रशासन नीति, कर्मचारीको संस्थागत संरचना, लक्ष्यमा आधारित वा सम्झौतामा आधारित जिम्मेवारी, कार्यविवरण, पदोन्नती र सदस्य संख्या वा सेवामा आधारित कर्मचारी संख्यालाई संस्थागत गर्दै लगेको छ । सामान्यतया ४०० सदस्य बराबर एक कर्मचारी वा ६०० खाताहरू बराबर एक कर्मचारीका हिसाबले कर्मचारीहरूको प्रभावकारी परिचालनको सूचक मापन गरिने सन्दर्भ पनि यसै समय देखि आएको हो ।

वित्तीय सहकारी संस्था सञ्चालनमा स्तरीयता कायम गर्ने क्रममा संस्थाको मेरूदण्ड वा प्राविधिक पक्ष व्यवस्थापनलाई सदस्य सेवा, वित्तीय व्यवस्थापन, आन्तरिक सञ्चालन प्रक्रिया र सिकाई एवम् वृद्धि गरी यी चार क्षेत्रमा कर्मचारीहरूको भूमिका, जिम्मेवारी र जवाफदेहीतालाई प्रधानता दिन थालियो । यसैका आधारमा प्रमाणिकरण गर्ने गरी नेपालमा वि.सं. २०६४ सालमा शुरूवात गरिएको रणनीतिले वि.सं २०६९ सालमा उपलब्धि हासिल गऱ्यो । यसैको सिकाई स्वरूप नेपालका सहकारीहरूमा अब स्मार्ट व्यवस्थापनको रणनीति मार्फत सदस्य सेवा, वित्तीय व्यवस्थापन, आन्तरिक सञ्चालन प्रक्रिया र सिकाई एवम् वृद्धिलाई संस्थागत र दिगो बनाउनु असल अभ्यास हुनेछ । जसका लागि व्यवस्थापनलाई यी विषयहरूका नतिजा क्षेत्र समावेश गरी कार्यजिम्मेवारी उपलब्ध गराई सम्पादन मूल्याङ्कनको संयन्त्र निर्माण गर्नु उचित हुन्छ ।

क) विशिष्टीकृत कार्यजिम्मेवारी : उपलब्ध जनशक्तिको परिचालन गर्दा वा जिम्मेवारी प्रदान गर्दा सुपरिवेक्षणमा दुविधा हुने वा जिम्मेवारी र प्रतिवेदनमा द्विविधा आउने संयन्त्र नबनाई कार्यजिम्मेवारीमा विशिष्टता कायम गराउनु पर्दछ जसले गर्दा जसअपजसको जिम्मेवारी निश्चित कर्मचारीले खुलेर तर्कसंगत ढंगले लिने व्यवस्था मिलाउनु पर्दछ ।

ख) मापनयोग्य : व्यवस्थापनको असल अभ्यासले अव कार्यालय हाजिर भन्दा कति काम, कति समयमा र त्यसको नतिजा अंकमा कति आयो भन्ने विषय महत्वपूर्ण ठानेको छ । यही अनुरूप सूचकका क्षेत्रहरू निर्धारण गरी कार्यजिम्मेवारी उपलब्ध गराउनु पर्ने हुन्छ साथै आवश्यक उपकरण, पूर्वाधार र प्रविधिको व्यवस्थापन गर्नुपर्ने हुन्छ ।

ग) हासिलयोग्य : व्यवस्थापनलाई उपलब्ध गराईने सूचक वा तोकिएको जिम्मेवारी हचुवा वा आंकलन गर्न नसकिने हुनुहुँदैन । रणनीतिक लक्ष्यले निर्धारण गरेका क्षेत्र र उपलब्धिको सूचक मेलखाने र हासिलयोग्य हुनुपर्दछ । यसका लागि पहूँच विस्तार, आबद्धता, कारोबार, प्रतिफल, सञ्चालन र प्राविधिक प्रयोजनका नतिजाहरू सूचकमा आउने हुनुपर्दछ ।

घ) समयसापेक्ष : यसमा सर्वप्रथम संस्थाको दुरदर्शिता समय सापेक्ष हुनु पर्दछ भने त्यसलाई हासिल गर्न लिईने रणनीतिहरू समय सापेक्ष हुनु जरूरी छ । सोही अनुरूप व्यवस्थापनको चिन्तन र समयको लगानी आशातित् उपलब्धि केन्द्रित रहनुपर्दछ । दिन प्रतिदिनका संलग्नता र व्यस्ततामा अग्रगामी हुनुपर्दछ ।

ङ) निश्चित समयसीमा : नेपालको हकमा सहकारी क्षेत्र अत्यन्त प्रतिस्पर्धाको क्षेत्र बनिसकेको छ । विभिन्न नामका वा उद्देश्यका सहकारीहरूले समुदायमा सेवा दिईरहेकाछन् । यसरी उपलब्ध गराइने सेवाको स्तरवृद्धि गरी प्रतिस्पर्धी र सुरक्षित बनाउनु सहकारी संस्थाको मुख्य नीति हुनुपर्दछ । यसका लागि संस्थाले प्रवाह गर्ने सबै सेवाहरूलाई निश्चित समयसिमा भित्र राखी परिणामको लेखाजोखा गरिने गरी कार्यजिम्मेवारी प्रदान गर्नु पर्दछ ।

संस्थामा विद्यमान जनशक्तिको क्रियाशिलता, प्रभावकारी कार्यसम्पादन, प्राविधिक क्षमताका साथै यी पाँचवटा विषयलाई सूचकको रूपमा निर्धारण गरी स्मार्ट व्यवस्थापन परिचालन गर्न सकिएमा संस्थाको बृहत परिकल्पनालाई साकार पार्न निश्चिन्त रहन सकिन्छ ।

हार्दिक शुभकामना

नेपालका बचत तथा ऋण सहकारीहरुको एक मात्र शीर्ष संघ
नेफ्स्कूनको गरिमामय

३६औं स्थापना दिवस

३६औं स्थापना दिवसको अवसरमा स्मारिका प्रकाशन
गर्न गईरहेकोले संघको उत्तरोत्तर प्रगतिको
हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

बिन्धवासिनी
बचत तथा ऋण सहकारी संस्था लि.
BINDHAVASINI SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD. (BISCOL)

पनौती-१०, खोपासी, काभ्रेपलाञ्चोक,
फोन : ०११-६६०९६५, ६६५६३३,
ईमेल : info@biscol.org.np,
managerbiscol@gmail.com

परिकल्पना: सवल, सुरक्षित र दिगो वित्तीय सहकारी संस्था

बचतका प्रकारहरू:

नियमित बचत, साधारण बचत, शैक्षिक बाल बचत, मुद्दति बचत, दैनिक बचत, ज्येष्ठ सदस्य बचत, बिन्धवासिनी बचत, पर्व बचत, विमा बचत, विशेष बचत

ऋणका प्रकारहरू:

कृषि तथा पशुपालन ऋण, व्यवसायिक कृषि ऋण, व्यापार ऋण, उद्योग ऋण, सेवा ऋण, घर जग्गा खरिद ऋण, घर निर्माण तथा मर्मत ऋण, शैक्षिक ऋण, बैदेशिक रोजगार ऋण, स्वास्थोपचार ऋण, हायर पर्चेज ऋण, विद्युतीय सवारी साधन ऋण, लघुवित्त ऋण, सामाजिक कार्य ऋण

कूल सदस्य संख्या: ४९,९४६

www.biscol.org.np

Our Digital Services

बिन्धवासिनी
बचत तथा ऋण सहकारी संस्था लि.
BINDHAVASINI SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD. (BISCOL)
SMART मा
Mobile Banking



ATM
सेवा



नेफ्स्कून साकोस म्यानेजर्स क्लबः परिचय

लेख



के.बी. लामा स्याङ्तान

संयोजक

नेफ्स्कून साकोस म्यानेजर्स क्लब

पृष्ठभूमि:

नेफ्स्कून साकोस म्यानेजर्स क्लब २०७० सालमा एक्सेस ब्राण्डिङ कार्यक्रममा सहभागी व्यवस्थापकहरूको भेलाद्वारा गठित विशुद्ध व्यवसायिक थलो हो । यसको नाम सुरूमा एक्सेस साकोस म्यानेजर्स क्लब राखिएको थियो । पछि यसलाई नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि (नेफ्स्कून) भित्र थिङ्क ट्यांकको रूपमा स्थान दिनु पर्दछ भन्ने उद्देश्यले यसको नाम नेफ्स्कून साकोस म्यानेजर्स क्लबमा परिणत गरियो । एक्सेस ब्राण्डिङ कार्यक्रममा सहभागी देशका विभिन्न भागका साकोसहरूका व्यवस्थापकहरूमध्ये ७ जना यसको कार्यसमितिमा रहने गरी काठमाण्डौमा रहेको नयाँपाटी बचत तथा ऋण सहकारी संस्थामा यसको गठन भएको हो ।

म्यानेजर्स क्लबको उद्देश्य

सहकारी क्षेत्रमा कार्यरत मानव संसोधनको व्यवसायिकताको स्तर अन्य बैंक वित्तीय संस्थामा कार्यरत मानव संशाधनको भन्दा कमजोर रहेको महसुस गरिन्छ । यहाँको मानव संशाधनको क्षमता, राष्ट्रिय अन्तर्राष्ट्रिय परिवेश सँग यसले गर्न पाउने साक्षात्कारको अनुपात तुलनात्मक रूपमा कम छ । सहकारी क्षेत्रमा कार्यरत मानव संशाधनलाई हेर्ने आम मानिसहरूको दृष्टिकोण कम गरिमामय छ । पछिल्लो समयमा सहकारी अभियानमा पनि व्यवसायिक, क्षमतावान, दूरदृष्टिवान कार्यकारी प्रमुखहरू कार्यरत छन् । तर अनुपातको हिसाबले थोरै छ । तसर्थ साकोसमा कार्यरत व्यवस्थापक र व्यवस्थापक मार्फत सिङ्गो व्यवस्थापनको क्षमतास्तर, कार्यसम्पादनस्तर, योगदानको स्तरलाई अभिवृद्धि गर्ने म्यानेजर्स क्लबको उद्देश्य हो । परिणामस्वरूप सहकारी अभियान भित्रको व्यवस्थापनमा स्तरीय व्यवसायिकता, पेशागत प्रतिष्ठा, सहकारी संस्थाको सफलता निर्धारण हुने विश्वास गरिएको हो ।

म्यानेजर्स क्लबको कार्यहरु

म्यानेजर्स क्लबले यसको उद्देश्य पुरा गर्नको लागि क्षेत्रीय तथा राष्ट्रिय स्तरको कार्यशाला गोष्ठीहरूको आयोजना गर्ने, नेफ्स्कूनको थिङ्क ट्यांकको रूपमा यसका योजना तथा नीतिगत कार्यहरूमा आवश्यक सहयोग गर्ने, सहकारी अभियानलाई व्यवसायिक, मर्यादित र सदस्यमुखी बनाउनको लागि आवश्यक अवधारणाहरू तयार पार्ने, सहकारी अभियानको राष्ट्रिय अन्तर्राष्ट्रिय असल

“पछिल्लो समयमा सहकारी अभियानमा पनि व्यवसायिक, क्षमतावान, दूरदृष्टिवान कार्यकारी प्रमुखहरु कार्यरत छन् । तर अनुपातको हिसाबले थोरै छ । तसर्थ साकोसमा कार्यरत व्यवस्थापक र व्यवस्थापक मार्फत सिँगो व्यवस्थापनको क्षमतास्तर, कार्यसम्पादनस्तर, योगदानको स्तरलाई अभिवृद्धि गर्ने म्यानेजर्स क्लबको उद्देश्य हो ।”

अभ्यासहरू लागु गर्नको लागि उत्प्रेरकको भूमिका निर्वाह गर्ने, नेपाल सरकार तथा अन्य सरोकारवाला निकायहरूका लागि विषय विज्ञ समूहको रूपमा कार्य गर्ने यसका मुख्य कार्यहरू हुन् ।

म्यानेजर्स क्लबले हाल सम्म गरेका कार्यहरु

म्यानेजर्स क्लबले सन् २०७० साल जेष्ठमा "Enabling HR to enhance professionalism." भन्ने मुल नाराका साथ **HR Conference 2013** को आयोजना गऱ्यो । जसमा देशभरीमा १ सय भन्दा बढि सहकारी संस्थाका व्यवस्थापकहरूको सहभागिता रहेको थियो । त्यसै गरी नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. नेफ्स्कूनले २०७२ सालमा आयोजना गरेको CEO workshop को व्यवस्थापन गर्ने कार्य गऱ्यो । साथै सोही कार्यशाला गोष्ठिमा म्यानेजर्स क्लबको तर्फबाट कार्यपत्र प्रस्तुत भएको थियो । बीचका केही वर्ष कोभिड प्रभावका कारण भौतिक कार्यक्रमहरू सम्भव नहुँदा पनि नेफ्स्कून साकोस म्यानेजर्स क्लबको व्यवस्थापन र नेफ्स्कूनको आयोजनामा चरणबद्ध भर्चुअल कार्यक्रमहरू सम्पन्न भए । कोभिडको समयमा आयोजित भर्चुअल अन्तरक्रियाले संकटको समयमा सहकारी संस्था सञ्चालनमा महत्वपूर्ण योगदान पुग्यो ।

नेफ्स्कूनको अयोजना र नेफ्स्कून साकोस म्यानेजर्स क्लबको व्यवस्थापनमा २०७९ फागुन २४ र २५ गते साकोसका व्यवस्थापन प्रमुखहरूको तेस्रो राष्ट्रिय गोष्ठी (SACCOS CEOs' NATIONAL WORKSHOP–2023) आयोजना भयो । क्लबको वर्तमान अध्यक्षको हैसियले मानव संशाधन व्यवस्थापनका सामयिक/समवर्ती सवालहरू र नेपालमा सफल साकोसका अनुभवहरू विषयक अन्तरक्रियाको सहजीकरण गर्ने अवसर प्राप्त भएको थियो । टिप्पणीकारको रूपमा नेफ्स्कूनका पूर्व प्रमुख कार्यकारी अधिकृत शिवजी सापकोटा, प्यानलिष्टमा सफल साकोसका व्यवस्थापन प्रमुखहरूले मानव संशाधन व्यवस्थापनका संस्थागत सफल अभ्यासहरू प्रस्तुत गर्नुभएको थियो ।



म्यानेजर्स क्लब गठन र सञ्चालन प्रकृया

म्यानेजर्स क्लब गठनको समय देखिनै यसको गठन र सञ्चालन प्रकृया कसरी हुने भन्ने बिषयमा छलफल र बहस सुरू भएको थियो । यो एक विशुद्ध व्यवसायिक समूह हुँदा हुँदै पनि क्लब सञ्चालन र यसको नेतृत्व चयन प्रकृया कस्तो रहने भन्ने विषय महत्वपूर्ण सवालको रूपमा रह्यो । एकातिर यो नेफ्स्कूनको आफ्नै विङ्सको



रूपमा अपनत्व स्विकार गरी यसलाई नेफ्स्कूनकै कार्ययोजना र बजेटद्वारा सञ्चालन गर्ने र अर्कोतिर यो एउटा पेशागत हकहितको संस्थाको रूपमा स्थापित गरी सञ्चालन गर्ने भन्ने विषय टुङ्गोमा पुऱ्याउन आवश्यक थियो । नेफ्स्कून साकोस म्यानेजर्स क्लबको गठन र खासगरी वि.स. २०७० सालमा मानव संशाधन सम्मेलन आयोजना पश्चात यस प्रकारका क्लबको आवश्यकता महसुस गर्दै क्षेत्रीय स्तरमा म्यानेजर्स क्लबहरू गठन भएर सञ्चालनमा पनि आए । तर यो थलोलाई विशुद्ध व्यवसायिक र गैर राजनीतिक विशेषज्ञ समूहको रूपमा

पछिल्लो समयमा सहकारी अभियानमा पनि व्यवसायिक, क्षमतावान, दूरदृष्टिवान कार्यकारी प्रमुखहरू कार्यरत छन् । तर अनुपातको हिसाबले थोरै छ । तसर्थ साकोसमा कार्यरत व्यवस्थापक र व्यवस्थापक मार्फत सिङ्गो व्यवस्थापनको क्षमतास्तर, कार्यसम्पादनस्तर, योगदानको स्तरलाई अभिवृद्धि गर्ने म्यानेजर्स क्लबको उद्देश्य हो ।

स्थापित गर्नको लागि यसको गठन र सञ्चालन प्रकृया पनि तदनुरूपकै हुन आवश्यक थियो । तसर्थ नेफ्स्कूनको उच्च व्यवस्थापन तह र नेफ्स्कून सञ्चालकहरूको राय सल्लाह बमोजिम यसलाई एउटा निश्चित विधि र प्रकृयाबाट सञ्चालन गर्ने उपायको खोजी भयो । नेफ्स्कूनको सञ्चालक समितिको बैठकबाट यस विषयमा आवश्यक विधि तयार पार्न प्रमुख कार्यकारी अधिकृतलाई अख्तियारी प्रदान गरियो र प्रमुख कार्यकारी अधिकृत सहित उच्च व्यवस्थापन समूह सँग बसी यसलाई सञ्चालन गर्ने विधि तय गरिएको छ ।

- **गठन व्यवस्था**

देश संघीय संरचनामा गईसकेको परिप्रेक्ष्यमा सोही अनुरूप क्लबको गठन गर्ने हेतुले यसको अवधारणलाई नवीकरण गरियो । नेफ्स्कूनले हरेक वर्ष उत्कृष्ट व्यवस्थापकको रूपमा पुरस्कृत गरेको व्यवस्थापक यस क्लबको संयोजक रहने, निर्वतमान संयोजक पदेन सदस्य, ७ वटा प्रदेशका उत्कृष्ट संस्थाका व्यवस्थापकहरू, महिलाहरूको उत्कृष्ट संस्थाको व्यवस्थापक र उत्कृष्ट जिल्ला संघको व्यवस्थापक सदस्य रहने गरी जम्मा १२ सदस्यीय क्लबको गठन हुने प्रावधान राखियो । ७ प्रदेशबाट क्लबमा सदस्य रहने व्यवस्थापकहरू संयोजक रहने गरी निश्चित मापदण्डको आधारमा प्रदेश स्तरीय म्यानेजर्स क्लबहरू गठन हुन सक्ने व्यवस्था कार्यविधिमा राखियो । क्लबका पदाधिकारीहरूको कार्यअवधि १ वर्षको रहने बनाइयो ।

- **सञ्चालन प्रक्रिया**

म्यानेजर्स क्लब सहकारी अभियानको थिङ्क ट्याङ्कको रूपमा सञ्चालनमा रहेको छ । यसले आफ्नो कार्यकालमा कम्तिमा १ वटा राष्ट्रिय स्तरको कार्यशाला गोष्ठी वा सम्मेलनको आयोजना गर्ने, सरोकारवालाहरूको आवश्यकता अनुसार विषय विज्ञको रूपमा काम गर्ने, नेफ्स्कूनका योजना तथा नीति निर्माणमा आवश्यकता अनुसार सहभागिता जनाउने र सहयोग गर्ने, राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा स्थापित सहकारी अभ्यास, मूल्य मान्यताहरूलाई प्रदेश स्तरसम्म प्रचार प्रसार गर्ने, सहकारी संस्थाहरूलाई सवल, सुरक्षित र समुदायमुखी बनाउने, सहकारी संस्थाभित्रको मानव संशाधनको क्षमता विकासका कार्यहरू गर्ने लगायत रहेकोछ ।

म्यानेजर्स क्लबको बैधानिकता

साकोस म्यानेजर्स क्लब नेफ्स्कूनको विङ्सको रूपमा रहेको छ । यसलाई वैधानिकता प्रदान गर्नको लागि नेफ्स्कूनले यस सम्बन्धी नीति तथा कार्यविधि तयार पारेको छ । यसले आफ्ना गतिविधिहरू सञ्चालन गर्दा नेफ्स्कूनकै स्रोत साधनहरूको उपयोग गर्दछ भने हरेक वर्ष क्लब अन्तर्गतका कार्यक्रममा संघले नै आवश्यक बजेटको व्यवस्था गर्दछ ।

नेफ्स्कून साकोस म्यानेजर्स क्लबको स्थायी विज्ञ सल्लाहकार समूहको रूपमा एक म्यानेजर्स क्युरी रहने व्यवस्था कार्यविधिले गरेको छ । म्यानेजर्स क्युरीको गठन गर्दा सबै भन्दा पछिल्लो क्लबको संयोजक संयोजक रहने र पूर्व संयोजकहरू मध्येवाट पछिल्ला ५ जना सदस्य र संघको प्रमुख कार्यकारी अधिकृतले तोकेको संघ व्यवस्थापनको एक जना सदस्य रहने व्यवस्था कार्यविधिले गरेको छ ।

वर्तमान नेफ्स्कून साकोस म्यानेजर्स क्लबका सदस्यहरू

संरक्षक : प्रमुख कार्यकारी अधिकृत, नेफ्स्कून

१: संयोजकः के.बी. लामा (प्रमुख कार्यकारी अधिकृत, विन्धबासिनी साकोस, काभ्रे)

२: सदस्यः दीपक बस्नेत (प्रमुख कार्यकारी अधिकृत, हाम्रो जनकल्याण साकोस, दोलखा)

३: सदस्यः अनन्त पाण्डे (व्यवस्थापक, ग्रामीण साकोस, पश्चिम नवलपरासी)

४: सदस्यः शारदा विडारी (व्यवस्थापक, बछौली नारी चेतना साकोस, चितवन)

५. सदस्यः सोम अर्याल (व्यवस्थापक, दाम्राभिट्टा साकोस, मोरङ)

६. सदस्यः विनोद कुमार थापा (व्यवस्थापक, स्वस्तिक साकोस, सर्लाही)

७: सदस्य : कविन्द्र धौवन्जार (तत्कालिन व्यवस्थापक, सामूहिक साकोस, भक्तपुर)

८. सदस्यः नरभूपाल भूसाल (व्यवस्थापक, मध्यनेपाल साकोस, पाल्पा)

९. सदस्यः हरिहर पौडेल (तत्कालिन व्यवस्थापक, सिको साकोस, बर्दिया)

१०. सदस्यः खुमलाल न्यौपाने (व्यवस्थापक, जनकल्याण साकोस, सुर्खेत)

११. सदस्य : छविलाल जैशी (व्यवस्थापक, जनकल्याण साकोस, कैलाली)

१२. सदस्य : मुकेश कुमार शाह (व्यवस्थापक, सर्लाही जिल्ला बचत संघ)

देश संघीय संरचनामा गईसकेको परिप्रेक्ष्यमा सोही अनुरूप क्लबको गठन गर्ने हेतुले यसको अवधारणलाई नवीकरण गरियो । नेफ्स्कूनले हरेक वर्ष उत्कृष्ट व्यवस्थापकको रूपमा पुरस्कृत गरेको व्यवस्थापक यस क्लबको संयोजक रहने, निर्वतमान संयोजक पदेन सदस्य, ७ वटा प्रदेशका उत्कृष्ट संस्थाका व्यवस्थापकहरू, महिलाहरूको उत्कृष्ट संस्थाको व्यवस्थापक र उत्कृष्ट जिल्ला संघको व्यवस्थापक सदस्य रहने गरी जम्मा १२ सदस्यीय क्लबको गठन हुने प्रावधान राखियो ।

हार्दिक शुभकामना

नेपालका बचत तथा ऋण सहकारीहरुको एक मात्र शीर्ष संघ
नेफ्स्कूनको गरिमामय

३६औं स्थापना दिवस

३६औं स्थापना दिवसको अवसरमा स्मारिका प्रकाशन गर्न गईरहेकोले संघको उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

सुरक्षित
बचत तथा ऋण सहकारी संस्था लि.

कालिका ६, खोलेसिमल, चितवन, फोनः ०५६-४१३०५९
इमेलः surakshit001@gmail.com
वेबसाइटः www.surakshit.coop.np

परिकल्पना: सुरक्षित साकोसको साथमा समृद्ध भविष्य

ध्येय: बचत तथा ऋणको समुचित परिचालन एवं प्रविधियुक्त उत्कृष्ठ वित्तीय सेवाको माध्यमबाट सदस्यहरूलाई व्यवसायिक रूपमा सफल, आर्थिक रूपमा सबल, सक्षम र आत्मनिर्भर तथा सामाजिक रूपमा प्रतिष्ठित बनाई जीवन स्तरमा सकारात्मक परिवर्तन ल्याउने ।

सदस्य सेवा केन्द्र : ४

वित्तीय अवस्था	
शेयर सदस्य संख्या	४९०२
शेयर पुँजी	१०,५४,०४,४०००
जगेडा कोष	१०,६१,८१,५३७
संस्थागत पुँजी	१०,८८,०८,९९८
बचत	५८,९६,१६,६६१
ऋण लगानी	७२,४९,९८,५४८
तरलता प्रतिशत	२४.७० प्रतिशत
कुल सम्पत्ति	८८,६३,१५,९८८

ॐ शिवपुरी
बचत तथा ऋण सहकारी संस्था लि.

तारकेश्वर–२, काप्रेस्थली, काठमाडौं
फोनः ०१–५१०६००४
ईमेलः omspsacco@gmail.com

शिवशक्ति
बचत तथा ऋण सहकारी संस्था लि.

हरिपुर न.पा.-२, सर्लाही
फोनः ०४६-४११०९९
इमेलः shivashaktisahakari@gmail.com

पैयाँटार आकाशदेवी
बचत तथ ऋण सहकारी संस्था लि.

बुढानिलकण्ठ न.पा. ११, कपन पैयाटार
फोनः ०१-४८२०४६८, ४८१३५७८
इमेलः paiyataraakasdevi2065@gmail.com

साकोसको वस्तु तथा सेवा विकास

लेख



भीम गुरूङ
प्रमुख कार्यकारी अधिकृत
पोखरा रोयल साकोस

विषय प्रवेश :

हामी यो वर्ष ७५औं अन्तर्राष्ट्रिय क्रेडिट यूनियन डे मनाईरहेका छौं । विश्व ऋण परिषद्को अगुवाईमा हरेक वर्षको अक्टोबर महिनाको तेस्रो विहिबारका दिन विश्वभरका बचत तथा ऋण सहकारी अभियन्ताहरूले यो दिवसलाई विविध गतिविधिका साथ मनाउने गर्दछ । यो समयमा हामी एकातिर बचत ऋण अभियानको विश्वव्यापी प्रभाव र असल अभ्यासहरूको सन्दर्भमा चर्चा परिचर्चा गरिरहेका छौं भने अर्कोतर्फ केही बचत तथा ऋण सहकारीका गलत नियतका कारण साकोस अभियानमा लागेको कालो दाग हटाउने प्रयासमा समेत छौं । आखिर हामी कहाँ चुक्यौ त ? हामीले सोंचेको परिकल्पना, लिएका उद्देश्य, गरेका कृयाकलाप र यसले ल्याएका नतिजाले समग्र साकोस अभियानलाई कतातिर पुऱ्याउदैछ ? बाटो बिराएका केही साकोसका कारण सहकारीको साख, सान र परिभाषा नै परिवर्तन हुन लागेको हो ? के हामीले आफ्नो योजना तथा कार्यक्रम सदस्य केन्द्रित बनाएका थिएनौं ? हामीले निर्माण गरेका वस्तु तथा सेवा सदस्यमुखी थिएन ? अथवा हाम्रा वित्तीय प्रडक्टहरू समय सापेक्ष परिवर्तन हुन सकेको छैन, जसका कारण हाम्रो वस्तु तथा सेवा प्रति सदस्यहरूको आकर्षण घट्दै गईरहेको छ वा हामीले प्रभावकारी ढंगले सेवा दिन सकिरहेका छैनौ ? साहु महाजनको चर्को ब्याजबाट पिल्सिएका किसानहरूलाई सरल र सहुलियतपूर्ण वित्तीय सेवा प्रदान गर्ने महान उद्देश्यका साथ जर्मनीबाट शुरू भएको साकोस अभियान माथि किन यो खालको धावा बोलिरहेको छ ? हामीले दिईरहेको वित्तीय तथा गैह्र वित्तीय सेवाका सन्दर्भमा पुनरावलोकन गर्नुपर्ने बेला भएकै हो ? यो अभियानलाई एकपटक पुर्नजागरण गर्नुपर्ने हो कि, र हामीले दिदै आएको सेवा सुविधा माथि एकपटक पुर्नविचार गर्ने हो कि, भन्ने ठानेर यो आलेखमा हामीले प्रदान गर्दै आएको प्रडक्ट माथिको संक्षिप्त रूपमा समिक्षा गर्दै वस्तु तथा सेवा निर्माणको प्रकृयालाई कसरी सदस्य हित अनुकूल बनाउन सकिन्छ भन्ने कोणबाट विषय प्रवेश गराएको छु ।

के हो वस्तु तथा सेवा :

सर्वप्रथम साकोसले के र कस्तो खालको वस्तु कसको लागि उत्पादन गर्दैछ वा निर्माण गर्दैछ भन्ने विषयमा स्पष्ट हुन जरूरी छ । वस्तु जो, छुन र देख्न

> पछिल्लो समयमा सहकारी अभियानमा पनि व्यवसायिक, क्षमतावान, दूरदृष्टिवान कार्यकारी प्रमुखहरु कार्यरत छन् । तर अनुपातको हिसाबले थोरै छ । तसर्थ साकोसमा कार्यरत व्यवस्थापक र व्यवस्थापक मार्फत सिँगो व्यवस्थापनको क्षमतास्तर, कार्यसम्पादनस्तर, योगदानको स्तरलाई अभिवृद्धि गर्ने म्यानेजर्स क्लबको उद्देश्य हो ।

सकिन्छ, र सेवा जो छुन सकिदैन आभास मात्र गर्न सकिन्छ । अर्थात वस्तु मूर्त चिज हो भने सेवा अर्मूत । खासगरि साकोसले आफ्ना सदस्यहरूलाई वित्तीय सेवाहरू प्रदान गरिरहेको हुन्छ । मूलत सदस्यहरूबाट विभिन्न शिर्षकबाट बचत संकलन गर्ने र उनीहरूलाई नै विभिन्न शिर्षकमा ऋण प्रदान गर्नु साकोसको मूख्य काम हो । वित्तीय सेवा भन्नाले पैसासँग सम्बन्धित सेवाहरूलाई बुझ्न सकिन्छ । बचत, ऋण, रेमिटान्स र वीमा जस्ता सेवाहरू यसको क्षेत्रभित्र पर्दछन् । यसका अलवा साकोसले गैह्र वित्तीय सेवा अर्थात सामाजिक तथा साँस्कृतिक कृयाकलापसँग सम्बन्धित सेवाहरू समेत उपलब्ध गराउदै आईरहेको छ । सदस्यहरूको क्षमता अभिवृद्धि गर्ने, विभिन्न विषयहरूमा सचेतना अभियान सञ्चालन गर्ने, सशक्तिकरण गर्ने, वित्तीय समावेशीकरण र वित्तीय पहूँच पुऱ्याउने जस्ता विषयहरू समेत यसको बृहत सेवाभित्र पर्ने हुँदा सहकारीलाई 'मोर द्यान' बैक पनि भन्ने गरिएको हो ।

वस्तु तथा सेवा विकास प्रकृया :

साकोसमा वस्तु तथा सेवा निर्माण गर्न यसको सामान्य प्रकृया बुझ्न र चरणहरू पार गर्न जरूरी छ । धेरै सहकारी संस्थाहरूले प्रतिस्पर्धी संस्थाहरूको ब्रोसर र प्रतिवेदनलाई कपी एण्ड पेष्ट गरेको भरमा संस्था स्थापना गर्ने र त्यहि आधारमा कर्मचारीहरू नियुक्ती गरि बढी ब्याज र कमिसनको आधारमा पैसा संकलन गर्ने र विना धितो विना योजना ऋण लगानी गरेका कारण संस्था नै धरापमा पर्ने गरेको सयौं उदाहरण हाम्रो अगाडि देखिदै आएको छ । तसर्थ वस्तु तथा सेवा विकास गर्ने सिलसिलामा यसको न्यूनतम प्रकृयाहरू पुरा गर्नुपर्ने भएकोले सामान्य चर्चा गरिएको छ ।

जब हाम्रो पुरानो वस्तु तथा सेवाको प्रभावकारिता घट्दै जान्छ वा नयाँ संस्थाको लागि वस्तु तथा सेवाको लागि छलफलमा बस्छौं, **सर्वप्रथम** हामीले पुरानो अवस्थाको बारेमा विश्लेषण गर्न जरूरी हुन्छ । त्यस पश्चात नयाँ विचारको अवधारणा विकास गर्नुपर्ने हुन्छ । यसरी नयाँ विचारको थालनी गर्दैगर्दा प्रतिस्पर्धीहरूको अवस्था, सदस्यहरूको चाहना, बजारको आकार, कार्यक्षेत्र, स्रोतको विश्लेषण, विद्यमान कर्मचारी र सदस्यहरूको अवस्था र क्षमता आदिको विश्लेषण तथा अनुसन्धान गरि वस्तु तथा सेवा निर्माणको चरणमा प्रवेश गर्नुपर्दछ ।

दोस्रोमा अवधारणाहरूको टेष्ट गर्न जरूरी हुन्छ । छलफलबाट प्राप्त विकल्पहरू मध्ये सबैभन्दा उपयुक्त विकल्प छनौट गर्दै प्रडक्ट निर्माण गर्नुपर्ने हुन्छ । यसरी निर्माण गरिएको प्रडक्ट वा वस्तु केही लक्षित समूहमा पाइलट टेष्टको रूपमा टेष्ट गर्ने र एकपछि अर्को गर्दै अगाडि बढाउनु पर्दछ ।

तेस्रोमा बजार रणनीतिलाई ध्यान दिन जरूरी हुन्छ । यसमा खासगरि कस्तो बजार वा समूहलाई लक्षित गर्ने हो, कसरि बेच्ने, कतिमा बिक्री गर्ने, कति मार्जिन राख्ने, बजारीकरणको लागि खर्च कति व्यवस्था गर्ने जस्ता विषयमा स्पष्ट लक्ष्य र योजना बनाउन जरूरी हुन्छ ।



चौंथो चरणमा हामीले व्यवसायिक विश्लेषण गर्नुपर्दछ । तयार पारिएको वस्तु तथा सेवाको बिक्री, खर्च, मुनाफा प्रक्षेपण गर्ने, यसबाट संस्थाको वास्तविक लक्ष्य र उद्देश्य हासिल हुन्छ वा हुँदैन भन्ने निर्क्यौल गर्नुपर्दछ । यसरी तयार भएका प्रडक्टहरूलाई प्रारम्भिक चरणमा सञ्चालक वा समिति उपसमितिको सानो समुहमा टेष्ट गरि हेर्न सकिन्छ । विश्लेषण गर्दा नतिजा सकारात्मक आएको अवस्थामा मात्रै अगाडि बढ्नु पर्ने हुन्छ । यसरी यी चरणहरूबाट सकारात्मक नतिजा र सुझाव प्राप्त भए पश्चात ठूलो समूह वा बजारमा जानको लागि वस्तु तथा सेवाको विस्तार गर्दै जाँदा उपयुक्त हुन्छ ।

खासगरी वस्तु तथा सेवाको विकास भए पश्चात यसको जीवनचक्रको चरणहरूको समेत विश्लेषण गर्नु पर्दछ । यसमा वस्तु तथा सेवाको विकासको चरण, वृद्धिको चरण, परिपक्व चरण र घट्दो चरणलाई ध्यान दिदै प्रभावकारिता र सदस्य सन्तुष्टिको ग्राफ मूल्यांकन गरिनु पर्दछ । यसो गर्न सकिएमा मात्रै निर्माण भएका प्रडक्टहरू सदस्य मुखी, समय सापेक्ष र आकर्षण दिईरहने खालको बन्न सक्छ ।

सदस्यमुखी वस्तु तथा सेवाको नमूना :

गत आर्थिक वर्षको शुरूवातीसँगै वित्तीय क्षेत्रमा तरलताको संकट देखिन थालिसकेको थियो । ठूला बैक तथा वित्तीय संस्थाले निक्षेपको ब्याजदर एकल अंकबाट बढाएर करिब १३ देखि १४ प्रतिशतको हाराहारीमा पु¥यायो भने कर्जा प्रवाह लगभग बन्द नै गरेको थियो । यस्तो अवस्थामा सहकारी क्षेत्रलाई नछुने कुरै भएन । हामीले समेत परिस्थितिको विश्लेषण गर्दै नयाँ प्रडक्ट लञ्च गर्ने मनस्थितिमा पुग्यौं । संस्थामा तरलता संकट हुन नदिन र लगानी योग्य रकमको जोहो गर्न केही समयको अनुसन्धान, छलफल र विश्लेषण पश्चात छोटो अवधिको आवधिक बचतको प्रडक्ट निर्माण गर्ने निर्णयमा पुग्यौं । हामीले मिसन १०० अवधारणा बमोजिम १०० दिने आवधिक योजना तयार गऱ्यौं । यो अभियानलाई १०० दिनसम्म सञ्चालन गर्ने, कमसेकम पनि १०० व्यक्तिलाई आबद्ध गराउने, उच्चतम प्रतिफल प्रदान गर्ने, व्यवस्थापन र समिति सबैले जिम्मेवारी लिने, १०० दिन सम्म सञ्चालन हुने अभियानबाट १० करोड नयाँ पैसा संकलन गर्ने योजना बन्यो । १०० दिने अभियान सकियो, नयाँ र पुरानो गरि यो प्रडक्ट अर्न्तगत करिब १६ करोड पैसा संकलन भयो भने २३२ जना सदस्य यस अभियानमा सहभागी भए । हामी यो अभियानबाट उत्साहित भयौं, धेरै सदस्यहरूको साथ र सहयोग रह्यो, नयाँ सदस्यहरू पनि थपिए, तरलता प्रतिशत १७ बाट २५ मा पुग्यो । अहिले पनि हाम्रो साकोसले २७ प्रतिशतको तरलता व्यवस्थापन गर्न सफल भएको छ । हाल सम्म निर्माण भएका प्रडक्ट मध्ये १०० दिने आवधिक योजना निकै रूचाईएका प्रडक्ट बन्न सफल भयो । यसको चर्चा देश भित्र र बाहिर सम्म पुग्यो । अहिले यो १०० दिने आवधिक बचत प्रडक्टलाई सदस्य माझ बेचिरहेका छौं, एउटा हट केक प्रडक्टको रूपमा ।

यो एउटा नमूना उदाहरण थियो । उसो भए साकोसले सञ्चालन गर्न सक्ने कस्ता प्रडक्टहरू हुन सक्छन् त ? हाल प्रचलनमा रहेका र केही नयाँ वस्तु तथा सेवाको उदाहरणहरू के छन् त ?

वित्तीय सेवा तर्फको प्रडक्टहरु :

बचत तर्फ : भर्खर जन्मेको बच्चादेखि १२ वर्ष उमेर सम्मका बच्चाहरूको लागि अभिभावकको संरक्षकत्वमा बाल बचत, छुनुमुनु बचत, खुत्रुके बचत, कोपिला बचत, सानो बचत, किड्स बचत आदि नामले खाता सञ्चालन गर्न सकिन्छ । यसको लागि बाबु नानीलाई खुत्रुके बक्स उपलब्ध गराउन सकिन्छ । १३ वर्षदेखि १९ वर्षसम्मका किशोर किशोरीहरूको लागि किशोरी अर्थात टिन सेभिङको नामबाट खाता सञ्चालन गर्न सकिन्छ । नाइन्टिन अर्था १९ वर्ष पश्चात यो खाता अर्को शिर्षकमा रकमान्तर गर्न सकिन्छ । युवाहरूलाई आकर्षण गर्नका लागि १८ देखि ४० वर्ष उमेर समूहका व्यक्तिहरूको लागि युवा बचत, महिलाहरूको लागि मात्रै महिला बचत, नारी बचत, पेवा बचत, एकल महिला बचत, गृहिणी बचत, कर्मचारीहरूको लागि कर्मचारी बचत, दम्पत्तिको लागि दाम्पत्य बचत वा जोडी बचत, बृद्ध बृद्धाहरूको लागि



ज्येष्ठ नागरिक बचत वा सम्मान बचत, भूपू सैनिकहरूको लागि गोर्खा बचत, लाहुरे बचत, भ्रमण गर्ने कार्यका लागि भ्रमण बचत, धार्मिक कार्यमा खर्च गर्नका लागि धर्मकर्म बचत, तीर्थाटन बचत, गर गहना खरिद गर्नका लागि गहना बचत, कुनै चाडपर्वमा खर्च गर्नका लागि जम्मा गरिने रकमलाई चाडपर्व बचत, कुनै निश्चित समय पश्चात भुक्तानी लिने कार्यका लागि पेन्सन बचत, मासिक रूपमा अनिवार्य बचत गर्नका लागि मासिक बचत, ऐच्छिक बचत, आवधिक बचत, मुद्धती बचत, धन सिर्जना बचत, करोडपति, लखपति बचत, रेमिट्यान्स बचत, बीमा बचत, सवारी साधन खरिद गर्ने प्रयोजनका लागि जम्मा गरिने सवारी बचत, आकस्मिक कामको लागि गरिने आकस्मिक बचत, दैनिक बचत, साप्ताहिक बचत, मासिक बचत, जीवन सुरक्षा बचत, शैक्षिक बचत, सामाजिक संस्थाहरूको लागि संघ संस्था बचत, शेयर लगानीबाट प्राप्त लाभ र संरक्षित पुँजी फिर्ताबाट प्राप्त रकम जम्मा गर्न लाभांश बचत आदि नामबाट बचतको प्रडक्टहरू निर्माण गर्न सकिन्छ । यस्ताखाले प्रडक्टहरूमा शिर्षक अनुसार ब्याजदर र अन्य सुविधाहरू थप गर्न सकिन्छ । साथै समय अवधि बमोजिम ब्याजदरहरू फरक गर्दा समेत आकर्षण बढ्न सक्छ । खासगरि बचत निक्षेप तर्फको प्रडक्ट निर्माण गर्दा आवधिक बचत कम र दीर्घकालिन बचत बढी हुने तर्फ बढी ध्यान केन्द्रित गर्ने साथ साथै बैकिङ्ग पहुँचबाट टाढा भएका नागरिकहरूले समेत बचत गर्न सक्ने खालका प्रडक्ट डिजाईन गर्दा वित्तीय समावेशीकरणको मुद्दालाई समेत समेट्ने देखिन्छ ।

ऋण सेवा तर्फ : बचत निक्षेपमा जस्तै ऋण सेवामा समेत विविध प्रकारका प्रडक्टहरू निर्माण गरि लगानीलाई प्रोत्साहन गर्न सकिन्छ । खासगरि ऋण सेवामा सदस्यहरूको आवश्यकता र आयस्रोत पहिचान गरि व्यापार व्यवसाय ऋण, कृषि ऋण, घर जग्गा खरिद ऋण, घर निर्माण ऋण, शैक्षिक ऋण, बैदेशिक रोजगार ऋण, समुह जमानी ऋण, सामाजिक ऋण, स्वास्थ्य उपचार ऋण, सवारी साधन खरिद ऋण, औद्योगिक ऋण, आपतकालिन ऋण, लघु उद्यम ऋण, पशुपालन ऋण, पंक्षीपालन ऋण, घरायसी सामग्री खरिद ऋण, विभिन्न पेशामा आबद्ध सदस्यहरूलाई लक्षित गरि प्रोफेसनल ऋण, बचत धितो ऋण आदिको नामबाट ऋण प्रवाह गर्न सकिन्छ । ऋण सेवाहरूमा समेत शीर्षक र अवधिका आधारमा ब्याजदर तोक्नु पर्दछ । अर्को महत्वपूर्ण विषय भनेको ऋणमा असल, शंकास्पद र खराब ऋणको आधारमा वर्गीकरण गरिए जस्तै सदस्यहरूको कारोबारको आधारमा छुट सुविधा र हर्जानाको समेत व्यवस्था प्रडक्ट डिजाईको दौरानमा समेट्नु पर्दछ । खासगरि कृषि क्षेत्रको प्रडक्ट डिजाई गर्दा मौसमी बालीहरू, पशुपालनको लागि मौसम र स्थान विशेष छनौट गर्ने विषय र वीमा र सहुलियत सेवाहरूसँग समन्वय गरेर समेत ऋण सेवालाई सदस्यहरूको लागि आकर्षणको प्रडक्ट बनाउन सकिन्छ । ऋण तर्फ सेवा प्रवाह गरिरहँदा कूल ऋणको ७० देखि ८० प्रतिशत उत्पादनमूलक ऋण प्रवाह हुने गरि प्रडक्टहरू डिजाई गर्न सक्नुपर्दछ ।

गैह्र वित्तीय सेवा तर्फको प्रडक्टहरु :

साकोसको मुख्य काम बचत तथा ऋणको भएता पनि सदस्यसँग सम्बन्धित अन्य वस्तु तथा सेवा निर्माण गर्नु अत्यन्तै जरूरी छ । सदस्यहरूको बचत, ऋण, सम्पत्ति र स्वास्थ्य सुरक्षाको लागि वीमाको प्रडक्ट, पैसा रकमान्तरण गर्ने कार्यका लागि रेमिटान्स प्रडक्ट, सदस्यहरूको दुख सुखमा साथ दिन सामाजिक तथा आर्थिक सहयोगको प्याकेज निर्माण गरि बचत तथा ऋण सेवा प्रदान गर्नु पर्ने हुन्छ । यसका लागि प्रडक्ट क्याटलगहरू, ब्रोसर, भित्तेपात्रो, सदस्य हाते पुस्तिका, आवधिक प्रतिवेदन, मासिक बुलेटिन, स साना भिडियो क्लिपहरू र संस्थाको वृत्तचित्रहरू बनाउन सकिन्छ ।

त्यसरी नै धेरै सदस्य तथा कार्यालय भएको संस्थामा सदस्य सेवा तर्फ उत्कृष्ठ सदस्य सम्मान, उत्कृष्ठ समूह तथा शाखा सम्मान, उत्कृष्ठ कर्मचारी, उत्कृष्ठ सुझावकर्ता, असल समन्वयकर्ता, उत्कृष्ठ समिति सदस्य, उत्कृष्ठ व्यवसायी सदस्य, नमुना किसान सदस्य, उत्कृष्ठ बाल बचतकर्ता, सहकारी पुरस्कार, पत्रकारिता पुरस्कार, सामाजिक व्यक्तित्व, उत्कृष्ठ महिला उद्यमी जस्ता विधाहरू मार्फत साकोसको सेवालाई थप प्रभावकारी र सदस्यमुखी बनाउन सकिन्छ । त्यसरी नै सदस्यहरूको क्षमता अभिवृद्धि गर्न विभिन्न तालिम कार्यक्रम, वित्तीय साक्षरता, प्रविधि साक्षरता र सशक्तिकरण जस्ता विषयसँग सम्बन्धित सेवाहरूलाई सदस्य बीच पुऱ्याउन सक्नुपर्दछ ।

उपसंहार :

समग्रतामा साकोसको वस्तु तथा सेवा विकास समय समयमा गरिरहनु पर्दछ । हरेक नयाँ परिस्थिति र घटनाक्रमसँगै सदस्यहरूको चाहना र आवश्यकता परिवर्तन भईरहेको हुन्छ । कोभिड कालमा हामीले महामारीमा सेवा सञ्चालन कार्यविधि मार्फत नयाँ प्रडक्ट निर्माण गर्दै सदस्यहरूलाई विविध राहत र छुट प्याकेज निर्माण गऱ्यौं । आर्थिक मन्दीको समयमा अर्को प्याकेज र सहुलियत दिनुपर्ने होला । वस्तु तथा सेवा विकासको सन्दर्भमा सदस्यहरूको प्रत्यक्ष निगरानी र उनीहरूको अनुभव समेटेर नयाँ नयाँ प्रडक्ट डिजाईन गर्न सकेमा मात्र सदस्यहरू बाहिरिने सम्भावना कम हुन्छ । मानिसको जन्मैदेखि मृत्युपर्यन्त सम्मको हरेक चरण र घटनाक्रमलाई आधार मानेर वस्तु तथा सेवा तयार गर्न सके सहकारीको वास्तविक मर्म सदस्यहरू सम्म पुऱ्याउन सकिन्थ्यो । खासगरि हामीले निर्माण गरेको वस्तु तथा सेवाले सदस्यहरूको आवश्यकता पुरा गर्नसक्ने खालको र बहुसंख्यक सदस्यहरूलाई काम लाग्ने र लामो समय सम्म प्रयोग गर्न मिल्ने वा प्रयोग गर्न सक्ने खालको दर रेटमा निर्माण गरिनु पर्दछ । तसर्थ साकोसमा वस्तु तथा सेवा विकास र निर्माण गर्नु निकै चुनौतिपूर्ण र प्राविधिक काम समेत हो । त्यसैले यसको लागि व्यवस्थापन समूह र सञ्चालहरूको अध्ययन, अनुसन्धान र समय सापेक्ष निर्णय नै साकोसलाई दिगो र सदस्य केन्द्रित बनाउने मुल कसी हो ।

दिगो विकास लक्ष्य प्राप्तिमा सहकारी

लेख



माधव पौड्याल
प्रमुख कार्यकारी अधिकृत
विकू साकोस, नवलपरासी

पृष्ठभूमि :

दिगो विकासका लक्ष्यहरूको बारेमा व्यापक वहस र छलफलहरु भैरहेका छन् । विशेषत अन्तर्राष्ट्रिय संस्थाहरु, राज्य, नागरिक समाजहरूले र नीजि क्षेत्रले यसलाई प्रमुख मुद्धाको रूपमा अगाडि सारे पनि सहकारी संस्थाहरु केही पछि सक्रियताका साथ लागि परेका छन् । सहस्राब्दी विकासका लक्ष्य (सन् २००० देखि २०१५) प्राप्ति गर्न सहकारीहरूको भूमिकालाई नजरअन्दाज गरिए पनि दिगो विकासका लक्ष्यहरु (सन् २०१५ देखि २०३०) को तर्जुमा, निर्माण र कार्यान्वयनमा सहकारीहरु संलग्न भई काम गरिरहेका छन् ।

सहकारीहरु मूल्य, मान्यता र सिद्धान्तमा आधारित सहकारी व्यवसाय हो । प्राकृतिक रूपमा सहभागितात्मक र दिगो प्रतिष्पर्धी सुविधा, राम्रो काम गर्ने वातावरण र स्थल, नाफा र लाभांश वितरण मार्फत थप आम्दानी वृद्धि र सदस्यहरूलाई थप सुविधा मार्फत आर्थिक सामाजिक एवम् वातावरणीय उद्देश्यहरूमा काम गरिरहेका छन् । सहकारीहरूले व्यवसायका वैकल्पिक नमूनाहरु सदस्य मार्फत कार्यान्वयन गरी सदस्यहरूको प्रगति र आर्थिक विकासमा सहयोग गरिरहेका छन् । धेरै देशहरूमा सहकारीहरूले कुल गार्हस्थ उत्पादनमा ठूलो योगदान पुऱ्याउन नसकेता पनि सहकारीको विकास र विस्तारले दिगो विकास लक्ष्यहरु प्राप्त गर्नका लागि भूमिका निर्वाह गर्न सक्दछन् ।

संसारभरी ३० लाख भन्दा बढी सहकारी मार्फत १ अरब भन्दा बढी व्यक्तिहरु सहकारीमा आबद्ध छन् जस मार्फत २.१ ट्रिलियन अमेरिकी डलर भन्दा बढीको कारोबार गर्दछन् । यसैगरी संसारको कुल रोजगारीमा १० प्रतिशतभन्दा बढी प्रत्यक्ष योगदान सहकारी क्षेत्रको रहेको छ ।

नेपालमा सहकारीको जन्मको हिसाबले लामो इतिहास भएपनि आर्थिक-सामाजिक विकासमा व्यवस्थित र सिद्धान्तमा आधारित सेवाहरूको शुरूवात २०४९ सालबाट भएको छ । सन् २००० मा शुरू भएर २०१५ सम्म सहस्राब्दी विकासका लक्ष्यहरु प्राप्तिका लागि सहकारीको भूमिकालाई नगन्य रूपमा लिइए पनि दिगो विकासका लक्ष्यहरु २०३० मा सहकारीको भूमिका र योगदान विशिष्ट रहने देखिन्छ ।

“सहकारीहरु मूल्य, मान्यता र सिद्धान्तमा आधारित सहकारी व्यवसाय हो । प्राकृतिक रूपमा सहभागितात्मक र दिगो प्रतिष्पर्धी सुविधा, राम्रो काम गर्ने वातावरण र स्थल, नाफा र लाभांश वितरण मार्फत थप आम्दानी वृद्धि र सदस्यहरूलाई थप सुविधा मार्फत आर्थिक सामाजिक एवम् वातावरणीय उद्देश्यहरूमा काम गरिरहेका छन् ।”

दिगो विकासका लक्ष्यहरू

दिगो विकासका लक्ष्य-२०३० को कार्य योजनाले मानव, पृथ्वी र समृद्धिलाई केन्द्रित गरी १७ वटा लक्ष्यहरु र १६९ वटा सूचकहरूलाई आधार मानि सन् २०१५ देखि २०३० सम्मको कार्यान्वयन अवधि तय गरेको छ । सन् १९५० देखि २००० सम्म चरणबद्ध विकासका अवधारणाहरु लागु गरिएको थियो । सन् २००० देखि २०१५ सम्म सहस्राब्दी विकासका लक्ष्यहरु प्राप्तिका लागि अन्तर्राष्ट्रियरूपमा कार्यक्रमहरू सञ्चालित भए । उक्त कार्यक्रमको कार्यान्वयनमा देखिएका कमी कमजोरीहरूलाई समेटेर एजेण्डा २०३० तय गरिएको हो । २०३० ले "कसैलाई पनि पछि नछोडौं" (No one leave behind) भन्ने नाराका साथ संसारभरी कार्यक्रमहरू भइरहेका छन् (UNDP, 2018) ।



सहकारीको दृष्टिकोण

सहकारी र दिगो विकासलाई सहकारीहरूको दृष्टिकोणबाट हेर्दा एक अर्कामा निर्भर छन् । जहाँ सहकारीहरु बलियो र दिगो छन्, तत् स्थानमा भएका सामाजिक, आर्थिक र साँस्कृतिक विकासका पक्षहरु अझ बढी सशक्त र दिगो भएका छन् । उदाहरणको रूपमा हेर्दा क्यानडा, अमेरिका, युरोप, भारत-खासगरी (अमुल आन्दोलन) नेपालका बचत तथा ऋण सहकारी संस्थाले विकासमा पुऱ्याएको योगदान विशिष्ट नै रहेको छ । "सदस्यहरूले, सदस्यहरूका लागि र सदस्यहरूद्वारा" सञ्चालित हुनाले भविष्यको बारेमा सोच राखी शोषण मुक्त र विभिन्न प्रकारका विभेद कम गर्न योगदान पुऱ्याईरहेका छन् ।

वर्तमान अवस्थामा नेपालको सामाजिक र आर्थिक विकासमा वित्तीय र गैर वित्तीय सेवाहरु, कृषि, कृषिजन्य पदार्थ प्रशोधन, बजारीकरण, पशु सहकारी जस्ता क्षेत्रमा विशेष योगदान रहेको छ । संस्थाहरु सवल र सक्षम रूपमा स्पष्ट दृष्टिकोण र खाका सहित अगाडि बढिरहेका छन् । तापनि दक्ष जनशक्तिको अभाव, अस्वस्थ प्रतिष्पर्धा, अस्पष्ट नीति नियम र कानूनी प्रावधानले गर्दा आफ्नो गन्तव्य भन्दा अलिकति बाहिर जान लागेको आभास हुन्छ । जसले गर्दा सदस्य सेवामा नकारात्मक प्रभाव पर्न सक्ने सम्भावना छ ।

वित्तीय सेवा प्रदायकलाई वर्गीकरण गरेर हेर्दा नेपालमा औपचारिक वित्तीय क्षेत्र (क,ख,ग,घ वर्गका बैक तथा वित्तीय संस्था) हरु पर्दछन् । अर्ध-औपचारिक वित्तीय क्षेत्र भन्नाले विशेषत सहकारी निकायमा दर्ता भएका वित्तीय सेवा प्रदान गर्ने निकायलाई सम्झिनु पर्दछ । यस अन्तर्गत बचत तथा ऋण सहकारी संस्था र अन्य वित्तीय कारोबार गर्ने संस्थाहरूको दह्रो उपस्थिति रहेको छ । यसै गरी सरकारी निकायमा दर्ता नभै सामाजिक रूपमा आर्थिक कारोबार गर्ने निकाय/व्यक्तिलाई अनौपचारिक वित्तीय क्षेत्र सम्झिनु पर्दछ । विशेषत साहु महाजन, व्यापारी, समूहहरु यस अन्तर्गत पर्दछन् ।

नेपालको १० वर्षे सशस्त्र क्रान्तिको समयमा वित्तीय सेवा प्रदायकको अवस्थालाई थोरै विश्लेषण गर्दा निरन्तर सेवा कुन कुन क्षेत्रले दिन सक्यो सकेन हेर्न अत्यन्त महत्वपूर्ण हुन्छ । द्वन्दको समयमा अधिकांश बैक/वित्तीय संस्थाहरु सदरमुकाम एवम् सुरक्षित क्षेत्रमा केन्द्रित भए त्यसैगरी अनौपचारिक क्षेत्रको प्रतिनिधित्व गर्नेहरु पनि सुरक्षित गन्तव्यको खोजीमा लागे तर बचत तथा ऋण सहकारीहरु आफ्नै कार्यक्षेत्रमा

वर्तमान अवस्थामा नेपालको सामाजिक र आर्थिक विकासमा वित्तीय र गैर वित्तीय सेवाहरू, कृषि, कृषिजन्य पदार्थ प्रशोधन, बजारीकरण, पशु सहकारी जस्ता क्षेत्रमा विशेष योगदान रहेको छ ।



रही निरन्तर सेवा प्रदान गरिरहे । यसले स्पष्ट पार्दछ कि सहज वा असहज परिस्थितिमा पनि निरन्तर सेवा प्रदान गरी दिगो विकासमा सहकारी क्रियाशिल रुपमा काम गरिरहेका छन् ।

दिगो विकासका लक्ष्य प्राप्तिका लागि सहकारीहरुको भूमिका :

सहकारी स्वतन्त्र रुपमा सञ्चालित जसले सदस्यहरुको आर्थिक, सामाजिक र साँस्कृतिक आवश्यकता पूरा गर्नका लागि प्रजातान्त्रिक नियन्त्रण पद्धतिद्वारा सञ्चालित व्यवसाय हो । दिगो विकासका ७१ वटा आर्थिक सूचकमध्ये ४१ वटा सूचक पूरा गर्न सहकारीको प्रत्यक्ष भूमिका रहन्छ । विशेषत गरिबी घटाउने लक्ष्यमा आफ्ना सदस्यहरुको आर्थिक वृद्धि गर्ने अवसर पहिचान गरी जीवनस्तर उठाउन महत्वपूर्ण अवसरहरु सिर्जना गरेका छन् । नेपालमा जुन प्रदेशमा सहकारीहरुको सशक्त उपस्थिति छ तत् प्रदेशमा गरिबी प्रतिशत कम देखिएको छ । यस विषयलाई राष्ट्रिय योजना आयोग र अक्सफोर्ड विश्वविद्यालयले बहुआयामिक गरिबी मापन विधिबाट गरिएको अध्ययनले स्पष्ट पारेको छ । विकू साकोसले सदस्यहरुको बहुआयामिक गरिबी पहिचानका लागि सर्वे गरी सोही अनुरुप कार्यक्रम तर्जुमा गरिरहेको छ ।

सहकारी र दिगो विकासका लक्ष्य बीचको सम्बन्ध

दिगो विकासका १७ वटा लक्ष्यहरुमध्ये नेपालको सन्दर्भमा १२ वटा लक्ष्यहरुमा सहकारीले योगदान पुऱ्याइरहेका छन् । जसलाई तलको तालिकामा संक्षेपमा प्रस्तुत गरिएको छ ।

दिगो विकासका लक्ष्यहरू	वर्तमान अवस्थामा सहकारीको संलग्नता
१. **गरिबीको अन्त्य** (सबै प्रकारका गरिबीलाई सबै ठाउँबाट अन्त्य गर्ने)	• २,४७,८२७ स्वयं सेवी परिचालन • ७३ लाख सदस्यहरुको सामाजिक र आर्थिक विकासमा योगदान • ९३,७७१ जना प्रत्यक्ष रोजगार • ५ खर्व पुँजी परिचालन • विभिन्न तालिम प्रदान गरी स्व-रोजगारका अवसर सिर्जना • सदस्यहरूको गरिबी मापन गरी कार्यक्रम तय
२. **शुन्य भोकमरी** (भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण हासिल गर्ने र दिगो कृषिको प्रवर्द्धन गर्ने)	• साना किसानहरुलाई सहयोग • १०,९२१ कृषि सहकारी र १,६५८ दुग्ध सहकारी मार्फत कार्यान्वयन • १९३ तरकारी तथा फलफूल सहकारी • अन्य विषयगत सहकारी • संसारभर ३२% खाद्यान्न उत्पादन र प्रशोधनमा लगानी
३. **आरोग्यता तथा कल्याण** (स्वस्थ जीवन सुनिश्चित गर्ने र सबै उमेरका मानिसको कल्याणको प्रवर्द्धन गर्ने)	• १२८ वटा स्वास्थ्य सहकारीहरुको प्रत्यक्ष संलग्नता • स्वास्थ्य बीमाको सुरूवात • प्रजनन् स्वास्थ्यका कार्यक्रमहरुको कार्यान्वयन • नवजात शिशुका लागि भोटो, टोपी र घ्यू जस्ता कार्यक्रम सञ्चालन
४. **गुणस्तरीय शिक्षा** (सबैका लागि समावेशी तथा गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने तथा आजीवन सिकाइलाई प्रवर्द्धन गर्ने)	• जीवन उपयोगी सीप प्रदान • शिक्षा सहकारी मार्फत शिक्षा प्रदान • दीर्घकालीन र अल्पकालीन छात्रवृत्ति प्रदान • सदस्य शिक्षा मार्फत शिक्षा प्रदान • ज्ञान वृद्धिका लागि औपचारिक र अनौपचारिक शिक्षा प्रदान • स्कूल-स्कूलमा सहकारी कार्यक्रम • युवासँग सहकारी कार्यक्रम
५. **लैङ्गिक समानता** (लैङ्गिक समानता हासिल गर्ने र सबै महिला तथा किशोरीहरुको सशक्तिकरण गर्ने)	• महिलामात्रको सहकारीहरुको स्थापना • महिला सशक्तिकरणका कार्यक्रम • महिलाहरुका लागि मात्र विभिन्न प्रकारका बचत तथा ऋणका सेवाहरु प्रदान • नेतृत्व विकासका अवसरहरु प्रदान
६. **सफा पानी तथा सरसफाई** (सबैका लागि सफा पानी तथा सरसफाइमा पहूँच सुनिश्चित गर्ने)	• सफा पानीका बारेमा सचेतना अभियान • खुल्ला दिशा मुक्त अभियानमा आर्थिक एवम् प्राविधिक सहयोग • स-साना खानेपानी योजनाहरुमा साझेदारी • फोहरमैला व्यवस्थापनमा सहयोग

७. खर्च धान्न सक्ने स्वच्छ ऊर्जा (सबैका लागि खर्चले धान्न सक्ने, भरपर्दो, दिगो र आधुनिक ऊर्जामा पहुँच)	• ४६३ वटा विद्युत् सहकारीमार्फत प्रत्यक्ष कार्य गरिरहेका • नवीकरणीय ऊर्जामा लगानी • हाइड्रोपावर, गोबर ग्याँस, सोलार जडानमा लगानी
८. मर्यादित काम तथा आर्थिक वृद्धि (सबैका लागि समावेशी तथा दिगो आर्थिक वृद्धि, रोजगारी तथा मर्यादित कामको प्रवर्द्धन गर्ने)	• ४२३८० महिला र ४५९२९ पुरूष प्रत्यक्ष संलग्नता • समान कार्यका लागि समान ज्याला प्रदान • महिला ऋणिलाई तुलनात्मक रूपमा ब्याजदर सस्तो • रोजगारीका अवसर सिर्जना • आर्थिक मन्दिमा पनि सहकारीको लगानीमा कम प्रभाव • नेपालमा द्वन्द अवधिमा ग्रामीण तहमा निरन्तर सेवा प्रदान ।
९. उद्योग, नवीन खोज र पूर्वाधार (बलियो पूर्वाधार निर्माण गर्ने, औद्योगिकीकरणलाई दिगो बनाउने तथा नवीन खोजलाई प्रोत्साहन गर्ने)	• नयाँ नयाँ प्रविधिहरुको प्रयोग • साना उद्योग, साना पूर्वाधारमा लगानी • स्थिरीकरण कोषको सुरूवात • संयुक्त लगानीका अवसरहरुको खोजी • लगानीका नयाँ संभावनाहरुको असंगठित रूपमा खोजी
१०. न्यून असमानता (देश भित्रै वा देशहरु बीच रहेको असमानतालाई न्यून गर्ने)	
११. दिगो शहर र समुदायहरू (शहरहरूलाई समावेशी, सुरक्षित, सबल र दिगो बनाउने)	• ग्रामीण र शहरी क्षेत्रमा सुरक्षित बसोबासका लागि बढ्दो लगानी • घर निर्माणमा सहयोग
१२. जिम्मेवारपूर्ण उपभोग र उत्पादन (दिगो उपभोग तथा उत्पादनको ढाँचा सुनिश्चित गर्ने)	
१३. जलवायु सम्बन्धी कारवाही (जलवायु परिवर्तन तथा यसका प्रभावहरु विरूद्ध लड्न तत्काल कारवाही थाल्ने)	
१४. जलमुनिको जीवन (समुन्द्र, महासागर र समुद्री स्रोतहरुको संरक्षण तथा दिगो प्रयोग)	
१५. जमिनमाथिको जीवन (वनको दिगो व्यवस्थापन गर्ने, मरूभूमिकरण विरूद्ध लड्ने, भूक्षयीकरण रोकेर त्यस्तो प्रकृयालाई उल्टाउने तथा जैविक विविधताको क्षतिलाई रोक्ने)	
१६. शान्ति, न्याय र सशक्त संस्थाहरू (न्यायपूर्ण, शान्तिपूर्ण र समावेशी समाजहरुको प्रवर्द्धन गर्ने)	• द्वन्दकालमा पनि सहकारीहरुले आफ्नो सेवाहरुलाई सशक्त रूपमा प्रदान • सदस्य सहभागिता • एक व्यक्ति एक भोट • प्रजातान्त्रिक नियन्त्रण • सामाजिक पुँजीको प्रयोग गरी सशक्तिकरण र समावेशी समुदाय निर्माणमा योगदान • सहकारी सञ्चार माध्यमहरु सञ्चालन • शान्ति, सद्भाव प्रवर्द्धन गर्नु
१७. साझेदारी (दिगो विकासका लागि विश्वव्यापी साझेदारीहरूलाई पुनर्जीवन दिने)	• सरकारले आर्थिक विकासको तीन खम्बे नीतिमा सहकारी क्षेत्रलाई लिनु • आधारभूत सिद्धान्त-सहकारी बीच सहकार्य-हुनु • Shared Economy अवधारणालाई प्रवर्द्धन गर्नु

दिगो विकास लक्ष्य प्राप्तिमा सहकारीका चुनौतिहरु :

सैद्धान्तिक

सहकारी व्यवसाय सबै प्रकारका राजनैतिक प्रणालीहरुले प्रयोगमा ल्याइरहेका छन् चाहे त्यो पुँजीवादी, समाजवादी वा साम्यवादी । नेपालको सन्दर्भमा ठूला राजनैतिक पार्टीहरु सहकारीको प्रवर्द्धन र विकासमा एकै स्थानमा छन् । त्यसैले तीन खम्बे अर्थनीतिमा सहकारी क्षेत्रलाई समावेश गरिएको छ । नीजि क्षेत्रले सहज रुपमा स्वीकार नगरेको अवस्थामा सहकारी अभियान्ताहरु राजनैतिक विचार भन्दा माथि उठी सदस्यहरुको सन्तुष्टिको तह वृद्धि गरी दिगो विकासका लक्ष्यका आधारमा कार्यक्रम गरी स्पष्ट दिशा निर्देश गर्नु पर्नेछ (Khatiwada, 2014) ।

नीतिगत

नेपालको वर्तमान कानून तुलनात्मक रुपमा सहकारी मैत्री भएपनि नीति नियम नियमावली आउन ढिलाइले केही अन्यौल सिर्जना गरेको छ । करको बारेमा सहकारी ऐनमा स्पष्ट हुँदा हुँदै आर्थिक अध्यादेशले स्पष्ट नपारिदिंदा सहकारीहरुको खुद नाफा घट्ने जस्ले गर्दा दिगो विकासको लक्ष्यहरुमा लगानी घट्न सक्ने चुनौति देखा परेको छ ।

सहकारीको आकार

"Small is beautiful but big is necessary" भन्ने वाक्याशं अत्यन्तै महत्वपूर्ण छ । एकीकरणका प्रयास केही रुपमा सार्थक बनेको छ । तैपनि पर्याप्त देखिदैन । सानो कार्यक्षेत्र, थोरै पुँजी, थोरै सदस्यमा काम गर्दा ठूलो उपलब्धि प्राप्त गर्न सकिदैन । राज्य Pre take off बाट Take off को अवस्थामा रहेकाले लगानी ठूलो मात्रामा पुँजी लगानी गर्नुपर्ने अवस्थामा छ ।

त्यसैले ठूला सहकारी ठूला लगानी हुनुपर्नेमा साना सहकारी र थोरै पुँजीले पार्ने प्रभाव चुनौतिको रुपमा छ ।

संस्था सञ्चालन क्षमता

सहकारीहरु प्राय स-सानो पुँजी भएका, ग्रामीण क्षेत्रमा सञ्चालित भएकोले नवीन विचार, प्रभावकारी सेवा, सहज सेवा प्रदान गर्नुपर्ने छ । नवीन कार्यका लागि नवीन सोच र विचार हुनुपर्छ । दक्ष मानवीय स्रोतको अभावले एकातर्फ तुलनात्मक रुपमा कमजोर मानवीय स्रोतले संस्था व्यवस्थापन गर्नु परिरहेको छ भने क्षमता वृद्धि भएका



कर्मचारीहरुको पलायन बढ्दो छ । दक्ष मानवीय स्रोत Retaintion चुनौतिको अर्को रुपमा देखा परेको छ ।

सृजना र नयाँपन

२१औं शताब्दी स्वस्थ प्रतिष्पर्धाबाट अगाडि बढाउने उद्घोषहरु अन्तर्राष्ट्रिय जगतबाट भइरहेको छ । प्रतिष्पर्धा प्रविधिसँग जोडिएको अवस्थामा प्रविधिको खोजी, व्यवस्थापन र कार्यान्वयन गर्न सक्ने क्षमता चुनौतिको रुपमा देखा परेको छ । चुस्त र प्रभावकारी सेवा कम मूल्यमा प्रदान गर्नु पर्दछ । एकातर्फ भौतिक पूर्वाधारको विशेषत इन्टरनेटमा आधारित प्रविधिहरुको प्रयोग गरी सेवा दिन नसक्दा प्रतिष्पर्धी सँगको दौडमा पछि परेको अवस्था छ (Mohamad 2016) ।

दोहोरो सदस्यता

एक व्यक्ति धेरै सहकारीमा भएकाले (विशेषत समुदायका टाठाबाठाहरु) आबद्ध भएकोले सेवा र सुविधामा पहुँच उनीहरुको बढी नै छ । कमजोर वर्गमा पुग्न र सेवा दिन नसक्ने अवस्थामा दिगो विकासका लक्ष्यहरु प्राप्त गर्न फरक सोच, विचार र कार्यक्रम जरुरी रहेको छ ।

आगामी कार्यदिशा

सहकारीहरुले वार्षिक कार्यक्रम र बजेट बनाउदा दिगो विकासका लक्ष्यहरुमा आधारित रही बनाउनु पर्दछ । सदस्य सचेतना, शिक्षा र क्षमता वृद्धि गर्दा लक्ष्यहरुमा नतिजामा आधारित प्रतिवेदन प्रणाली विकास गर्नु पर्दछ । चुनौतिहरुलाई आत्मसात गरी चुनौति न्यूनीकरण गरेर आन्तरिक र बाह्य रुपमा सक्षम र सवल संस्था निर्माण गर्नुपर्ने अवस्था छ । बहुआयामिक गरिबी मापन गरी तत् सूचकहरु पूरा हुने गरी कार्यक्रम निर्माण गरी कार्यान्वयन गर्नुपर्ने अर्को पाटोको रुपमा देखा परेको छ ।

सहकारीहरू प्राय स-सानो पुँजी भएका, ग्रामीण क्षेत्रमा सञ्चालित भएकोले नवीन विचार, प्रभावकारी सेवा, सहज सेवा प्रदान गर्नुपर्ने छ । नवीन कार्यका लागि नवीन सोच र विचार हुनुपर्छ ।

हार्दिक शुभकामना

नेपालका बचत तथा ऋण सहकारीहरुको एक मात्र शीर्ष संघ
नेफ्स्कूनको गरिमामय

३६औं स्थापना दिवस

३६औं स्थापना दिवसको अवसरमा स्मारिका प्रकाशन गर्न गईरहेकोले संघको उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

नमूना प्रगति
बचत तथा ऋण सहकारी संस्था लि.
हेटौडा–२, मकवानपुर
फोन: ०५७-५२४५७१, ०५७-५३०५७१, ०५७–५२४३५५
इमेल: namuna.pragati@gmail.com

हेटौडा
बचत तथा ऋण सहकारी संस्था लि.
हेटौडा-७, मकवानपुर
फोन: ०५७-५३०४३६, ०५७-५३०५३६
इमेल: hetauda.saving@gmail.com
वेबसाइट: www.hetaudasaving.com.np

श्री बागेश्वरी महिला
बचत तथा ऋण सहकारी संस्था लि.
हेटौडा-११, मकवानपुर
फोन: ०५७-५२३९४५
इमेल: bageshworisahakari@gmail.com

श्री मितेरी
बचत तथा ऋण सहकारी संस्था लि.
इन्द्रसरोवर गा.पा.-५, फाखेल, मकवानपुर
फोन: ०१-६२२००६४
इमेल: mitereesahakari@gmail.com

महिला मिलन
बचत तथा ऋण सहकारी संस्था लि.
पदमपोखरी हेटौडा, १३, मकवानपुर
फोन: ०५७-४१५०४१
इमेल: mahilamilanco@gmail.com
वेबसाइट: www.mahilamilan.com.np

सहयोगी
बचत तथ ऋण सहकारी संस्था लि.
नगदेश, भक्तपुर
फोन: ०१-६६३६६७६
इमेल: sahayogibachat@mail.com

Credit Union Principles and the Importance of Good Board Governance

By Elissa LaBorde and Andrew Price



Elissa McCarter LaBorde
President and CEO
World Council of Credit Unions



Andrew Price
Senior Vice President of
Advocacy/General Counsel
World Council of Credit Unions

The World Council of Credit Unions (WOCCU) endorses the International Operating Principles for Credit Unions. It is the foundation of how a credit union is formed, operates, and ultimately shapes how it serves its members These principles are tried and true and when implemented properly allow a credit union to maximize the benefits of its operations for its members. It is particularly well suited to serve those who are underserved and marginalized. The core principles are as follows:

Cooperative Structure:
- Member Owned
- Member Controlled
- Democratic Control

Service to Members
- Financial Inclusion
- Financial Sustainability
- Maximizing Member Economic Benefit

Social Responsibility
- Financial Literacy
- Network Cooperation
- Community Responsibility
- Global Vision

Credit union industry professionals know and live by these principles, but alas, implementing them in today's world of constant change can present a challenge. Technological advancements have revolutionized how we deliver financial services and manage risk; climate change is redefining how we think about sustainability and serving the more vulnerable communities; and the interconnectedness of markets and dependency on data platforms, introduction of digital currencies, and onslaught of new or changing regulations are all major trends that affect credit union operations and sound oversight of them. This is particularly true for board governance.

The principle of member controlled, and democratically controlled means that the membership gets to select who will sit on the board of directors. This is critically important so that the members get to decide who will shape the policies of the credit unions thus ensuring that the institutions will continue to serve the best interests of collective membership.

“Technological advancements have revolutionized how we deliver financial services and manage risk; climate change is redefining how we think about sustainability and serving the more vulnerable communities; and the interconnectedness of markets and dependency on data platforms, introduction of digital currencies, and onslaught of new or changing regulations are all major trends that affect credit union operations and sound oversight of them.”

The challenge for credit unions is that credit unions have field of membership requirements and often serve a particular industry or trade or even perhaps a small community. This inherently limits the pool of people who are available or willing to serve on the board. Board service is typically done on a volunteer basis and requires a commitment of time. Therefore, it can be challenging to form a board comprised of people that bring the necessary experience, talent, and diversity of viewpoints that an ideal board composition should have.

At a minimum, a director should be able to examine the credit union's balance sheet, income statement. They should be able to understand the specific activities and products in which the credit union engages, and understand the market dynamics, competitive pressure, and ultimate value they create for members. They should have a basic understanding of how those generate revenue. Importantly, they should understand the risks associated with those activities.

At a more general level, an understanding of credit, liquidity, interest rate, compliance, strategic, transaction and reputation risk is fundamental to being able to guide the credit union in a safe and sound manner. On the product side, credit union boards must be aware of best-in-class practices on listening to the customer (member) and customer (human) centered design, which increasingly means a sound data strategy to achieve a more segmented approach to serving members and understanding their needs. Finally, board members must understand the controls (internal and external) that need to be in place to account for these risks.

These requirements may sound daunting and present a challenge for those who want to serve on the board. Many times, the available candidates for a position are highly skilled, educated and capable, just not at running a credit union. The challenge for credit unions is to not discourage candidates from applying but to have available the necessary investment needed to allow them to acquire these skills within a reasonable amount of time.

As such, there are a few strategies to deal with this. First, have staggered board terms so that the entire board does not turn over in one year. This allows for a continuation of knowledge while giving new members time to gain the necessary knowledge. Second, allow six months after an election to obtain the necessary training to obtain the requisite skills. Several jurisdictions around the world allow for this time by virtue of their regulations. Third, consider allowing potential board members to serve in an advisory role or on a board-appointed committee prior to running for an election. This can help train them and gain familiarity before they are ever elected to the board. Consider an advisory committee to the management, comprised of external experts that round out any gaps in expertise and can also enhance the board's understanding of strategic issues the credit union is facing, for example, around change management requirements and capital investment in digital transformation. Finally, consider ways to invest in young leaders, women, and those from less represented or minority member groups in order to actively promote and cultivate candidates who could run for board seats in the future. The business case of diverse voices and perspectives on the board is well proven; the execution of how to cultivate a diverse board drawn from its membership requires an intentional focus, awareness raising, and targeted investment.

These are several initiatives that we see around the world that will help to strengthen your board. Having a talented board with diverse viewpoints and evolving with the changing times helps us to implement those cooperative principles that have been the key to credit unions' success for a long time. Let's keep it going.



Integrated SACCOS Movement:
Challenges and Opportunities



Elenita V. San Roque
Chief Executive Director
ACCU

The cooperative movement in the financial sector fosters financial inclusion, promotes savings, and supports community development. While credit unions exist worldwide, the National Credit Union Federation of Korea (NACUFOK) stands out as an exemplar of an integrated system in Asia. Other examples of integrated networks include Desjardins in Quebec, Canada, and the Sicredi in Brazil.

In contrast, many countries in Asia have a fragmented or atomized credit union landscape. This article explores the integrated system that highlights its benefits compared to the atomized structures found in other countries, and with the learning from integrated networks, ACCU, and its members chartered our vision as Integrated and Sustainable Credit Union Networks in Asia.

By examining the strengths of an integrated approach, we can glean valuable insights for the cooperative movement.

The federation in an integrated network operates as an apex organization that unifies and supports credit unions throughout the system. This integrated system brings together credit unions under a centralized umbrella, promoting collaboration, shared resources, and collective representation. In contrast, atomized credit union systems consist of individual, autonomous entities that operate independently, often needing more cohesion and joint strength.

Benefits of an Integrated System:

Strength in Unity: The integrated structure fosters unity and collective action among credit unions. The unified voice of the federation carries significant weight in shaping the financial sector and ensuring the well-being of credit unions and their members. By pooling resources and expertise, credit unions can tackle common challenges more effectively, advocate for favorable policies, and negotiate better terms with external partners, particularly regulatory bodies.

Economies of Scale: The integrated system enables credit unions to benefit from economies of scale. Credit unions can access cost-effective technologies, shared back-office services, and enhanced risk management tools by consolidating resources. An integrated system allows credit unions to operate more efficiently, lower operational costs,

“The federation in an integrated network operates as an apex organization that unifies and supports credit unions throughout the system. credit unions under a centralized umbrella, promoting collaboration, shared resources, and collective representation.”

and offer their members competitive financial products and services.

Enhanced Risk Management: Integrated systems like NACUFOK can establish robust risk management frameworks that help credit unions navigate potential challenges. The in-house supervision of NACUFOK can monitor risks before causing severe damage to the system. Credit unions can collectively strengthen their resilience and mitigate risks by sharing



risk assessment methodologies, developing common standards, conducting joint monitoring and supervision, ensuring the safety of members' deposits, and contributing to the cooperative sector's overall stability. For example, the Stabilization Fund or the national reserve fund for credit unions is paramount as it safeguards depositor confidence, mitigates systemic risks, enhances financial resilience, promotes regulatory compliance, supports member assistance, and preserves cooperative values. By establishing and maintaining such a fund, credit unions demonstrate their commitment to maintaining a stable and secure financial environment for their members, contributing to the overall strength and sustainability of the cooperative sector.

Collective Learning and Innovation: An integrated system encourages the exchange of knowledge, best practices, and innovative ideas among credit unions. NACUFOK facilitates networking opportunities, organizes training programs, and fosters a culture of collaboration. This promotes continuous learning, encourages the adoption of technological advancements, and stimulates innovation within the cooperative sector. Credit unions can leverage their peers' collective wisdom and experiences to improve their operations and member services. The NACUFOK Training Institute serves as the center to develop competent and value-oriented leaders and employees of credit unions.

Unified Branding and Marketing: An integrated system allows for unified branding and marketing efforts. Credit unions operating under NACUFOK can collectively promote the benefits of cooperative membership, strengthen their market presence, and build a recognized and trusted brand. Unified marketing campaigns and coordinated outreach activities enhance the visibility of credit unions, attract new members, and reinforce the cooperative values of financial democracy and member empowerment.

Credit unions operate independently in many countries without a centralized federation or integrated structure. This atomized approach poses challenges in coordination, resource sharing, and collective representation. Atomized systems often result in fragmented operations, varying service standards, and limited bargaining power, hindering the growth and influence of individual credit unions and the cooperative movement. Based on our studies of credit union systems, the atomized system works well in the presence of an enabling regulatory environment that sets financial disciplines, governance standards, and operational controls.

Nepal's Savings and Credit Cooperative Societies (SACCOS) movement is crucial in providing financial services, promoting savings, and supporting economic empowerment at the grassroots level. As the SACCOS movement continues to evolve, integration has gained prominence, aiming to enhance collaboration, efficiency, and member benefits. By examining the potential obstacles and highlighting the benefits, we can better understand how integration can shape the future of SACCOS, empower members, and contribute to sustainable community development.

Challenges of Integration:

1. **Organizational Culture and Governance:** Integrating diverse SACCOS with varying corporate cultures and governance

structures can be a significant challenge. Differences in decision-making processes, risk appetite, and member representation need to be reconciled to establish a unified approach. Building a solid governance framework that respects the autonomy of individual SACCOS while promoting integration is crucial for successful consolidation. Standardization of operations is essential for integration.

2. **Regulatory Compliance:** The regulatory environment governing SACCOS may vary across jurisdictions, especially now that Nepal has become a federal government. SACCOS under different regulatory jurisdictions varies from province to province or district to district. Ensuring compliance with regulatory requirements, licensing, and reporting standards can be complex. Harmonizing legal and regulatory frameworks is essential to facilitate integration while maintaining compliance and protecting member interests.

3. **Information Technology and Infrastructure:** SACCOS often needs to improve technological infrastructure and information management systems. Unified technology requires substantial investment in IT infrastructure, training, and capacity building. Integration necessitates upgrading and streamlining technology platforms to enable seamless operations, efficient data management, and enhanced member services. The big question is whether SACCOS are willing to share the cost of technology for the good of all. If not, SACCOS would always be behind in technological development.

4. **Human Resources and Skill Gaps:** Integration may involve workforce realignment, skill gaps, and the need for retraining and capacity building. Balancing personnel requirements, identifying redundancies, and providing adequate training and development opportunities are crucial for a successful transition. Managing potential resistance to change and fostering a culture of collaboration and adaptability is critical.

5. **The disconnect between primary credit unions and national federations:** The disconnect can manifest in various forms, including communication gaps, misalignment of priorities, and inadequate representation. Primary credit unions, as grassroots entities, are often deeply connected to their local communities, while national federations represent the broader interests of the cooperative movement. This disparity can result in challenges that must be addressed for seamless collaboration and collective success.

- **Limited Communication Channels:** There must be more channels for effective communication between primary credit unions and national federations to ensure the flow of information, shared knowledge, and best practices. This disconnect can lead to missed opportunities for collaboration, limited understanding of everyday challenges, ineffective policy advocacy, and a sense of belonging.

- **Misalignment of Priorities:** Primary credit unions may prioritize local concerns and community-specific initiatives, while national federations focus on broader policy issues and advocacy efforts. The resulting misalignment can impede coordinated efforts and prevent the leveraging of collective strengths for the benefit of all credit unions



and their members. Leaders and employees must have a network mindset. Even though they are legally independent, they are responsible for the network because they use the same "cooperative" brand.

- **Inadequate Representation:** The disconnect between primary credit unions and national federations may result in insufficient representation and meaningful participation in decision-making processes. When primary credit unions' voices are not adequately heard and their perspectives are not fully considered, the cooperative movement may miss valuable insights and innovative ideas.

- **Varied Capacity and Resources:** Primary credit unions operate on different scales, with varying capacities, resources, and levels of expertise. National federations have the potential to provide essential support, training, and technical assistance. However, when a disconnect exists, access to these resources may be limited, hindering the growth and development of primary credit unions.

Opportunities for Integration:

1. **Enhanced Financial Stability:** Integrated SACCOS benefit from a larger capital base, increased liquidity, and improved risk management capabilities. This stability strengthens their ability to provide loans, support entrepreneurial initiatives, and withstand economic shocks. Integrated SACCOS can access financial markets more effectively, diversify investment portfolios, and offer members competitive interest rates and terms. SACCOS Movement has the capacity to manage the liquidity of the system. They should earn the trust of SACCOS to pool the system's financial resources for the benefit of all.

2. **Improved Product and Service Offerings:** Integration enables SACCOS to offer competitive products and services tailored to the evolving needs of its diverse membership. With professionally designed financial products carefully studied and developed by the federation, members receive the same quality of service across the network. Integrated SACCOS can provide a broader suite of savings accounts, loan products, insurance offerings, and digital banking solutions. By leveraging economies of scale, they can negotiate better rates with service providers, offer cost-effective remittance services, and invest in innovative technology platforms.

3. **Risk Diversification:** Integration allows risk diversification across a more extensive member base and geographical reach. Integrated SACCOS can allocate resources efficiently, reduce non-performing loans, and enhance risk management practices to ensure the long-term sustainability of their operations. By operating in diverse regions and industries, SACCOS can minimize exposure to localized economic downturns and sector-specific risks.

4. **Increased Member Benefits:** Integrated SACCOS can offer members access to a broader network of branches and service points, ensuring convenience and accessibility. Integration facilitates the pooling of resources for member welfare, such as scholarships, healthcare schemes, and community development projects. Members can benefit from shared knowledge and expertise, improved financial literacy programs, and enhanced social initiatives.

5. **Advocacy and Influence:** Integrated SACCOS movement has a stronger collective voice and can advocate for policy reforms, favorable regulations, and financial inclusion initiatives. They can actively engage with government agencies, international organizations, and other stakeholders to shape the cooperative movement's agenda. Integration amplifies the impact of SACCOS in influencing public discourse, social responsibility, and sustainable development.

The Integrated SACCOS Movement presents both challenges and opportunities for the cooperative sector. While navigating through obstacles related to organizational culture, governance, compliance, technology, and human resources, the potential benefits are significant. Enhanced financial stability, improved product offerings, risk diversification, increased member benefits, and amplified advocacy and influence are just a few of the advantages that integration can bring to SACCOS.

By embracing the spirit of collaboration and seizing the opportunities offered by integration, SACCOS can achieve sustainable growth, empower its members, and contribute to the socioeconomic development of the communities they serve.

हार्दिक शुभकामना

नेपालका बचत तथा ऋण सहकारीहरुको एक मात्र शीर्ष संघ
नेफ्स्कूनको गरिमामय



३६औं स्थापना दिवसको अवसरमा स्मारिका प्रकाशन गर्न गईरहेकोले संघको उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

श्री शुभ लक्ष्मी
बचत तथा ऋण सहकारी संस्था लि.
सुनवल न.पा.-५, बनकट्टी, नवलपरासी
फोन नं. ९८५७०४७३६१
ईमेल : shreesubhalaxmicooperative@gmail.com

रामनगर आय आर्जन
बचत तथा ऋण सहकारी संस्था लि.
सुनवल न.पा.-१२, भुमही परासीरोड, नवलपरासी
फोन नं. ०७८-४१५२९९
ईमेलः ramnagarsahakari2062@gmail.com

श्री महर्षी
बचत तथा ऋण सहकारी संस्था लि.
सुस्ता गा.पा.-२, महलबारी,नवलपरासी
फोन नं. ९८४७०२८८४५
ईमेल : maharshisakos066@gmail.com

श्री भूतपूर्व सैनिक
बचत तथा ऋण सहकारी संस्था लि.
बे.न.पा.-०८ न्यूरोड
फोन नं. : ०६९-५२०४००,९८५७६-४०२१७, ९८६७९-७२१००
इमेलः bhupusainikbeni@gmail.com

बेनी
बचत तथा ऋण सहकारी संस्था लि.
बे.न.पा.-०७ भिमसेन टोल
फोन नं. : ०६९-५२०४११, ९८५७६-४००५६, ९८५७६-२३४०९
इमेलः benisaving2058@gmail.com

न्यू धौलागिरी
बचत तथा ऋण सहकारी संस्था लि.
बे.न.पा.-०८ न्यूरोड
फोन नं. : ०६९-५२०५३५
इमेलः ndsaccos@gmail.com

हार्दिक शुभकामना

नेपालका बचत तथा ऋण सहकारीहरुको एक मात्र शीर्ष संघ
नेफ्स्कूनको गरिमामय

३६औं स्थापना दिवस

३६औं स्थापना दिवसको अवसरमा स्मारिका प्रकाशन गर्न गईरहेकोले संघको उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

सामुहिक विकास
बचत तथा ऋण सहकारी संस्था लि.
तिलोत्तमा न.पा.-३, शंकरनगर, रूपन्देही
फोनः ०७१४१४३११, ४१४२८४
इमेलः samuhiksaccos@gmail.com
वेवसाइटः www.samuhiksaccos.com

जागरूक
बचत तथा ऋण सहकारी संस्था लि.
बुटवल उपमहानगरपालिका-८, रूपन्देही
फोनः ०७१ ५०३०४९
इमेलः jagarukbtl@gmail.com

नवजागरण
बचत तथा ऋण सहकारी संस्था लि.
मन्थली नगरपालिका १, रामेछाप
फोनः ०४८५४०३८०
इमेलः nawajagaransaccos@gmail.com
वेवसाइटः www.nawajagaran.coop.np

लेटाङ
बचत तथा ऋण सहकारी संस्था लि.
लेटाङ नगरपालिका ४ ,मोरङ
फोन नं.०२१५६०१६४, ०२१५६०२६४
ईमेल : letangsaccos2050@gmail.com

मोरङ
बचत तथा ऋण सहकारी संस्था लि.
लेटाङ नगरपालिका ४ ,मोरङ
फोनः ०२१५६०२०७, ०२१५६०३०७
ईमेलः morangsaving2055@gmail.com

रमाईलो जनएकता
बचत तथा ऋण सहकारी संस्था लि.
कानेपोखरी गाउपालिका ६ ,मोरङ
फोनः ०२१५८५०८५, ०२१५८५००२
ईमेलः ramailojanaekata10@gmail.com

नेफ्स्कूनद्वारा हालसम्म सम्मानित एवं पुरस्कृत संघ/संस्था, अग्रजहरू र कर्मचारीहरू

२०६५ साल

अभियानका अग्रजहरुको तर्फबाट :

संस्थापक अध्यक्ष : भोजराज घिमिरे,नेफ्स्कून

उत्कृष्ट साकोस : बेताली साकोस,रामेछाप

उत्कृष्ट कर्मचारी : मोहन कुमार श्रेष्ठ, नेफ्स्कून

२०६६ साल

अभियानका अग्रजहरुको तर्फबाट :

पूर्वअध्यक्ष : कैलाशभक्त प्रधानाङ्ग, नेफ्स्कून

पूर्व महासचिव : पम्फा राई , नेफ्स्कून

उत्कृष्ट साकोस : विन्दबासिनी साकोस, बनेपा काभ्रे

उत्कृष्ट जिल्ला संघ : मोरङ जिल्ला बचत तथा ऋण सहकारी संघ लि.

विकास क्षेत्रबाट उत्कृष्ट संस्था :

पूर्वाञ्चल विकास क्षेत्र : मोरङ साकोस, लेटाङ, मोरङ

मध्यमाञ्चल विकास क्षेत्र : सिद्धिगणेश साकोस, चोर्चा, भक्तपुर

पश्चिमाञ्चल विकास क्षेत्र : विकू साकोस,गैडाकोट, नवलपरासी

मध्यपश्चिमाञ्चल विकास क्षेत्र : ग्रामीण साकोस, खलंगा, सल्यान

सुदुर पश्चिमाञ्चल विकास क्षेत्र : शिवस्थान साकोस, अछाम

अन्तरलगानीमा विशेष योगदान पुऱ्याएको साकोस : बुडोल सामुदायिक साकोस, बनेपा काभ्रे

नेफ्स्कून सफ्टवेयरमा राम्रो परिणाम दिने साकोसहरु :

१) सामुदायिक साकोस, पनौती काभ्रे

२) जनसचेतन साकोस, मैनापोखरी, दोलखा

३) मोरङ साकोस, लेटाङ, मोरङ

४) लेटाङ साकोस, लेटाङ, मोरङ

५) मनकामना साकोस, पथरी मोरङ

सहकारी आन्तरिक व्यवस्थापन र सीप साथै पल्र्स अनुगमन प्रणाली एक विश्लेषण पुस्तक प्रकाशन गरेवापत : इटहरा साकोस,मोरङका अध्यक्ष केशव प्रसाद पोखरेल सम्मानित

उत्कृष्ट कर्मचारी : शिव अधिकारी, वरिष्ठ कार्यक्रम अधिकृत, नेफ्स्कून

२०६७ साल

अभियानका अग्रजहरुको तर्फबाट :

पूर्व उपाध्यक्ष : सावित्री थापा, नेफ्स्कून

पूर्व उपाध्यक्ष : नेत्र प्रसाद अधिकारी नेफ्स्कून

उत्कृष्ट साकोस : जनसचेतन साकोस, काभ्रे, दोलखा

उत्कृष्ट महिला साकोस: महिला मिलन साकोस, पदम पोखरी, मकवानपुर

उत्कृष्ट जिल्ला संघ : काभ्रे जिल्ला बचत तथा ऋण सहकारी संघ लि.

विकास क्षेत्रबाट उत्कृष्ट संस्था

पूर्वाञ्चल विकास क्षेत्र : रमाइलो साकोस, वयरवन मोरङ

मध्यमाञ्चल विकास क्षेत्र : बुडोल सामुदायिक साकोस, बनेपा काभ्रे

पश्चिमाञ्चल विकास क्षेत्र : किसान साकोस, गैडाकोट, नवलपरासी

मध्यपश्चिमाञ्चल विकास क्षेत्र : महिला सेवा साकोस, कोहलपुर, बाँके

सुदूरपश्चिमाञ्चल विकास क्षेत्र : लक्ष्मी साकोस, बाजुरा

उत्कृष्ट कर्मचारी : देवनारायण चौलागाई, वरिष्ठ अन्तरलगानी सहायक

आबद्ध संघ/संस्थाका कर्मचारी : माधव पौडेल, प्रबन्धक, विकू साकोस, गैडाकोट, नवलपरासी

२०६८ साल

अभियानका अग्रजहरुको तर्फबाट :

१) पूर्व सञ्चालक : निर्मला पोखरेल ,नेफ्स्कून

२) संस्थापक सल्लाहकार : विष्णु प्रसाद श्रेष्ठ, नेफ्स्कून

उत्कृष्ट साकोस : सामुदायिक साकोस, पनौती काभ्रे

उत्कृष्ट महिला साकोस : महिला साकोस,इटहरी सुनसरी

उत्कृष्ट जिल्ला संघ : भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.

क्षेत्रीयस्तरका उत्कृष्ट साकोस

पूर्वाञ्चल विकास क्षेत्र : इटहरा साकोस इटहरा मोरङ

मध्यमाञ्चल विकास क्षेत्र : उपकार साकोस ,ठिमी भक्तपुर

पश्चिमाञ्चल विकास क्षेत्र : लेकाली स्वावलम्बन साकोस, तम्घास, गुल्मी

मध्यपश्चिमाञ्चल विकास क्षेत्र : फूलबारी साकोस, खैरा, प्युठान

सुदूरपश्चिमाञ्चल विकास क्षेत्र : हातेमालो साकोस, विनायक, अछाम

सहकारी सुरक्षा योजनामा सक्रिय सहभागी भएवापत प्रशंसापत्र प्रदान :

ज्ञानज्योति महिला साकोस, शंखमूल काठमाडौं

संघको अन्तरलगानी कार्यक्रममा सक्रिय सहभागी भएवापत प्रशंसापत्र प्रदान:

१) हातेमालो महिला साकोस, महाराजगञ्ज, काठमाडौं

२) हितकारी साकोस, केराबारी, मोरङ

३) मिलिजुली साकोस, चरिकोट, दोलखा

४) किसान साकोस, गैडाकोट, नवलपरासी

५) होलिका साकोस, नेपालगञ्ज, बाँके

उत्कृष्ट कर्मचारी : निर्मला कार्की नेफ्स्कून

आबद्ध संघ/संस्थाका उत्कृष्ट कर्मचारी : कृष्ण कुमार श्रेष्ठ, प्रमुख कार्यकारी अधिकृत, सामुदायिक साकोस, पनौती,काभ्रे

२०६९ साल

अभियान अग्रजको तर्फबाट

१) पूर्व कोषाध्यक्ष : होमनाथ शर्मा, नेफ्स्कून

२) पूर्व सदस्य : रोहणी जोशी, नेफ्स्कून

उत्कृष्ट साकोस :

१) विकु साकोस, गैडाकोट, नवलपरासी

२) सिद्धिगणेश साकोस, चोर्चा, भक्तपुर

महिलाद्वारा सञ्चालित उत्कृष्ट साकोस : महिला जागृति साकोस, भिमफेदी, मकवानपुर

उत्कृष्ट जिल्ला संघ : ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.

क्षेत्रीयस्तरका उत्कृष्ट साकोस

पूर्वाञ्चल विकास क्षेत्र : किसान कल्याण साकोस, एकम्बा, सुनसरी

मध्यमाञ्चल विकास क्षेत्र : नयाँपाटी साकोस, नयाँपाटी, काठमाडौं

मध्यपश्चिमाञ्चल विकास क्षेत्रः गंगामाला साकोस, छिन्चु सुर्खेत

पश्चिमाञ्चल विकास क्षेत्र : सृजनात्मक साकोस, भोटेवडार, लमजुङ

सुदूरपश्चिमाञ्चल विकास क्षेत्र : सगरमाथा साकोस, दोधारा, कञ्चनपुर ।

सहकारी सुरक्षा योजनामा सक्रिय सहभागी भइ वापत प्रशंसा पत्र :

शिखर साकोस, छिन्चु, सुर्खेत

लघुवित्त कार्यक्रममा सक्रिय सहभागी भइ वापत प्रशंसा पत्र :

१) नवप्रतिभा साकोस, नयाँ वेलहानी, अरूणखोला, नवलपरासी

२) हिमाली साकोस, लाटीकोइली, सुर्खेत

नेकोस प्लस सफ्टवेयरमा सहभागिता वापत प्रशंसा पत्र :

१) सहयोगी साकोस, तुलसीपुर, दाङ

२) जनसचेतन साकोस, काब्रे, दोलखा

अन्तरलगानी कार्यक्रममा सहभागिता जनाइवापत प्रशंसा पत्र :

जनमुखी साकोस, मैनापोखरी दोलखा

संस्थापक अध्यक्ष पुरस्कारबाट सम्मानित :

१) ताराबहादुर काफ्ले, पूर्वसञ्चालक सदस्य, नेफ्स्कून

२) मञ्जु थिङ, अध्यक्ष, महिला जनचेतना साकोस, चुरियामाई, मकवानपुर

एसियाली ऋण महासंघ (ACCU) थाइल्याण्डद्वारा नेफ्स्कूनमा आबद्ध तपसिल बमोजिमका ५ वटा साकोसहरुलाई सन् १०१२ मा फिलिपिन्समा सम्पन्न ACCU Forum मा ब्रोज -काँस्य) स्तरको ब्राण्ड प्रदान गरिएको थियो ।

१. सामुदायिक साकोस, पनौती, काभ्रे

२. जनसचेतन साकोस, काब्रे, दोलखा

३. विन्धवासिनी साकोस, खोपासी, काभ्रे

४. बुडोल सामुदायिक साकोस, बनेपा, काभ्रे

५. सिद्धिगणेश साकोस, चोर्चा, भक्तपुर

यसैगरी एसियाली ऋण महासंघ ACCU थाइल्याण्डद्वारा नेफ्स्कूनमा आबद्ध तपसिल बमोजिमका २ साकोसहरुलाई लघुवित्त क्षेत्रमा उल्लेखनीय कार्य गरेबापत Credit Union Microfinance (CUMI) अवार्डद्वारा सम्मानित गरिएको थियो ।

१. विन्धवासिनी साकोस, खोपासी, काभ्रे (सन् २०१०)

२. सहारा नेपाल साकोस, चारपाने, झापा (२०१२)

२०७० साल

अभियानका अग्रजहरुको तर्फबाट

१) संस्थापक उपाध्यक्ष : नारायण शर्मा गजुरेल, नेफ्स्कून

२) पूर्व सञ्चालक सदस्य : मैया घिमिरे, नेफ्स्कून

नेफ्स्कून संस्थापक अध्यक्ष पुरस्कार :

१) तिर्थमाया प्रधान, काभ्रे

२) राजेशबाबु पण्डित, पर्सा

नेपालको सर्वोत्कृष्ट साकोस पुरस्कार : फडानी साकोस, मोरङ

नेपालको सर्वोत्कृष्ट महिला साकोस पुरस्कार : प्रभात महिला साकोस, चितवन

नेपालको सर्वोत्कृष्ट जिल्ला संघ पुरस्कार : जिल्ला बचत तथा ऋण सहकारी संघ लि. दोलखा

क्षेत्रीयस्तरका उत्कृष्ट साकोसहरु

पूर्वाञ्चल विकास क्षेत्र : मनकामना साकोस, इटहरा, मोरङ

मध्यमाञ्चल विकास क्षेत्र : जनकल्याण साकोस, धादिङ

पश्चिमाञ्चल विकास क्षेत्र : रामपुर साकोस, पाल्पा

मध्यपश्चिमाञ्चल विकास क्षेत्र : जनहितकारी साकोस, सुर्खेत

सुदुर पश्चिमाञ्चल विकास क्षेत्र : मोहना लालझाडी क्षेत्र साकोस, कञ्चनपुर

नेफ्स्कून उत्कृष्ट कर्मचारी पुरस्कार :

राम बहादुर आचार्य, वरिष्ठ तालिम तथा प्रवर्द्धन अधिकृत नेफ्स्कून

नेपालको साकोस अभियानका उत्कृष्ट कर्मचारी पुरस्कार

खिल बहादुर लामा स्याङ्तान, प्रवन्धक, विन्धवासिनी साकोस, काभ्रे ।

उत्कृष्ट सेवा सञ्चालन प्रशंसा :

१. अन्तरलागानी : फ्रेण्डसिप साकोस, दोलखा

२. सदस्य सुरक्षा योजना : शिव साकोस, बर्दिया ।

३. नेकोस प्लस सफ्टवयर : रामध्वनी साकोस, सुनसरी

४. लघुवित्त (CUMI) : इन्द्रग्राम पुनरमिलन साकोस, चितवन

२०७१ साल

क. नेफ्स्कून सर्वोत्कृष्ट संस्था पुरस्कार

नेफ्स्कून सर्वोत्कृष्ट संस्था पुरस्कार	मिलिजुली साकोस, दोलखा
नेफ्स्कून सर्वोच्कृष्ट संस्था पुरस्कार (महिलाहरुबाट मात्र सञ्चालित)	नारी कल्याण साकोस , भक्तपुर

ख. नेफ्स्कून सर्वोत्कृष्ट जिल्ला संघ पुरस्कार

जिल्ला बचत तथा ऋण सहकारी संघ लि. मकवानपुर	

ग. नेफ्स्कून उत्कृष्ट क्षेत्रीय पुरस्कार

१. पूर्वाञ्चल	दाम्राभिट्टा साकोस, मोरङ
२. मध्यमाञ्चल	स्कोप साकोस, ललितपुर
३. पश्चिमाञ्चल	जनउत्थान साकोस, रूपन्देही
४. मध्यपश्चिमाञ्चल	राप्ती विश्वासिलो साकोस, दाङ
५. सुदूरपश्चिमाञ्चल	ग्रामीण जनविकास साकोस, बझाङ

घ. संस्थापक अध्यक्ष पुरस्कार

१. महिला	संगीता घिमिरे, गैडाकोट, नवलपरासी
२. पुरूष	शिवजी राउत, चरिकोट, दोलखा

ङ. नेफ्स्कून सम्मान पुरस्कार

१. महिला	साधना सिंह शाही, काठमाडौं
२. पुरूष	श्यामलाल चित्रकार, काठमाडौं

च. नेफ्स्कून उत्कृष्ट कर्मचारी पुरस्कार

१. नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) उत्कृष्ट कर्मचारी	शिवजी सापकोटा नेफ्स्कून, नयाँ बानेश्वर, काठमाडौं
२. नेपालको साकोस अभियानका उत्कृष्ट व्यवस्थापक	राजेन्द्र दुमरू सिद्धिगणेश साकोस, भक्तपुर

छ. नेफ्स्कून प्रशंशा पुरस्कार

लघुवित्त कार्यक्रम	कृषक जागरण साकोस, लमजुङ
नेकोस प्लस सफ्टवयर	लेकाली साकोस, गुल्मी
अन्तरलगानी	सगुन साकोस, सर्लाही
सहकारी सदस्य सुरक्षा योजना	हिमाली साकोस, सुर्खेत
साकोस एकीकरण कार्यक्रम	ज्योति मिर्मिरे सामुदायिक साकोस, काभ्रे

ज. नेफ्स्कून राईफाईसन क्रेडिट युनियन पुरस्कार

नेफ्स्कून राईफाईसन क्रेडिट युनियन पुरस्कार	सि.सि.य. क्यानाडा, क्यानाडा

झ. नेफ्स्कून विद्वता पुरस्कार

नेफ्स्कून विद्वता पुरस्कार	डा. विश्वमोहन आचार्य, काठमाडौं

२०७२ साल

नेफ्स्कून सर्वोत्कृष्ट संस्था पुरस्कार	किसान साकोस, गैडाकोट-८, नवलपरासी
नेफ्स्कून सर्वोच्कृष्ट संस्था पुरस्कार (महिलाहरूबाट मात्र सञ्चालित)	महिला जनचेतना साकोस चुरियामाई, मकवानपुर

ख. नेफ्स्कून सर्वोत्कृष्ट जिल्ला संघ पुरस्कार

नेफ्स्कून सर्वोत्कृष्ट जिल्ला संघ पुरस्कार	जिल्ला बचत तथा ऋण सहकारी संघ लि. चितवन, चितवन

ग. नेफ्स्कून उत्कृष्ट क्षेत्रीय पुरस्कार

पूर्वाञ्चल	हाम्रो साकोस, उर्लावारी -२ मोरङ
मध्यमाञ्चल	स्रोत परिचालन साकोस, निलकण्ठ-१३, धादिङ
पश्चिमाञ्चल	गैडाकोट साकोस, गैडाकोट, नवलपरासी
मध्यपश्चिमाञ्चल	विश्वासीलो साकोस, बर्दिया
सुदूरपश्चिमाञ्चल	जनज्योती साकोस, कञ्चनपुर

घ. संस्थापक अध्यक्ष पुरस्कार

महिला	पार्वती बराल, मोरङ
पुरूष	केशवबहादुर कार्की, दोलखा

ङ. नेफ्स्कून सम्मान (अग्रज) पुरस्कार

महिला	मेनका दाहाल, मोरङ
पुरूष	देबेन्द्र अर्याल, काठमाडौं

च. नेफ्स्कून उत्कृष्ट कर्मचारी पुरस्कार

नेपालको साकोस अभियानका उत्कृष्ट व्यवस्थापक	बिवेकराज ठकुरी, ब्यवस्थापक, बुडोल सामुदायिक साकोस, काभ्रे
नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) उत्कृष्ट कर्मचारी	थलप्रसाद चौलागाई, ब. सवारी चालक नेफ्स्कून

छ. नेफ्स्कून प्रसंशा पुरस्कार

लघुवित्त कार्यक्रम	सप्तकोशी साकोस, गोरखा
नेकोस प्लस सफ्टवयर	ज्योति मिर्मिरे साकोस, काभ्रे
अन्तरलगानी	लालीगुराँस साकोस, मोरङ
सहकारी सदस्य सुरक्षा योजना	सहयोगी साकोस, सुनसरी

ज. नेफ्स्कून राईफाईसन क्रेडिट युनियन पुरस्कार

नेफ्स्कून राईफाईसन क्रेडिट युनियन पुरस्कार	आईरिस लिग अफ क्रेडिट युनियन, आयरल्याण्ड

झ. नेफ्स्कून विद्वता पुरस्कार

नेफ्स्कून विद्वता पुरस्कार	डा. खगराज शर्मा, रूपन्देही

२०७३ साल

क. अभियान अग्रजको तर्फबाट

१) पूर्व कोषाध्यक्ष : अनिरूद्र प्रधान, नेफ्स्कून
२) पूर्व सञ्चालक सदस्य : देवकी नेपाल, नेफ्स्कून

ख. नेफ्स्कून संस्थापक अध्यक्ष पुरस्कार :

१) चन्द्र गौतम, फडानी साकोस, मोरङ
२) कृष्णकुमारी बस्नेत, भविष्य निर्माण साकोस, दोलखा

ग. नेफ्स्कून विद्वता सम्मान :

केशव प्रसाद वडाल, अध्यक्ष, राष्ट्रिय सहकारी संघ लि., काठमाडौं ।

घ. नेफ्स्कून राईफाईसन क्रेडिट युनियन सम्मान :

एग्रिटेरा, नेदरल्याण्ड

ङ. नेफ्स्कून उत्कृष्ट कर्मचारी पुरस्कार :

१. रन बहादुर थापा, व्यवस्थापक, जनउत्थान साकोस, रूपन्देही
२. कोमलराज अधिकारी, सहायक अधिकृत, नेफ्स्कून फिल्ड कार्यालय नेपालगञ्ज

च. उत्कृष्ट सेवा सञ्चालन प्रशंसा :

१. अन्तरलाग्गानी : संकल्प साकोस, चन्द्रनिगाहपुर, रौतहट
२. सदस्य सुरक्षा योजना : ईटहरा साकोस, इटहरा, मोरङ
३. नेकोस प्लस सफ्टवेयर : जनकल्याण साकोस, मकवानपुर
४. लघुवित्त (CUMI) : कोलमतेश्वर साकोस, काठमाडौं

छ. नेफ्स्कून उत्कृष्ट क्षेत्रीय (प्रादेशिक) सदस्य संस्था सम्मान :

प्रदेश नं. १	महिला साकोस, ईटहरी, सुनसरी
प्रदेश नं. २	हातेमालो साकोस, सिमरा, बारा
प्रदेश नं. ३	चित्रवन साकोस, भरतपुर, चितवन
प्रदेश नं. ४	सिवाईसि साकोस, बागलुङ बजार, बागलुङ
प्रदेश नं. ५	सिर्जना साकोस, बबई, बर्दिया
प्रदेश नं. ६	पिपलबोट साकोस, वीरेन्द्रनगर, सुर्खेत
प्रदेश नं. ७	सिर्जना साकोस, दोधारा, कञ्चनपुर

ज. नेफ्स्कून उत्कृष्ट जिल्ला संघ सम्मान :

१. जिल्ला बचत तथा ऋण सहकारी संघ लि. रूपन्देही

झ. नेफ्स्कून सर्वोकृष्ट संस्था सम्मान :

१. स्कोप साकोस, ललितपुर
२. सहारा महिला साकोस, धादिङवेसी, धादिङ

२०७४ साल

क.संस्थापक अध्यक्ष पुरस्कार

महिला	सावित्री धौबडेल, भक्तपुर
पुरूष	भरत प्रसाद शर्मा, काभ्रे

ख.नेफ्स्कून सर्वोत्कृष्ट संस्था पुरस्कार

नेफ्स्कून सर्वोत्कृष्ट संस्था सम्मान	बुडोल सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि., काभ्रे
नेफ्स्कून सर्वोत्कृष्ट संस्था सम्मान (महिलाहरूबाट मात्र सञ्चालित)	नमुना महिला साकोस बचत तथा ऋण सहकारी संस्था लि., रूपन्देही

ग. नेफ्स्कून सर्वोत्कृष्ट जिल्ला संघ पुरस्कार

जिल्ला बचत संघ बाग्लुङ, बाग्लुङ

घ. नेफ्स्कून प्रदेशस्तरीय उत्कृष्ट सदस्य संस्था सम्मान

प्रदेश नं १	सुनपकुवा साकोस, मोरङ
प्रदेश नं २	सगरमाथा साकोस, बारा
प्रदेश नं ३	शुभकामना साकोस, भक्तपुर
प्रदेश नं ४	नव प्रगती साकोस, नवलपरासी
प्रदेश नं ५	ग्रामीण साकोस, नवलपरासी
प्रदेश नं ६	जनहितकारी साकोस, सुर्खेत
प्रदेश नं ७	जीवन ज्योती साकोस, बैतडी

ङ. नेफ्स्कून सम्मान(अ.ग्रज)व्यक्तित्व सम्मान

महिला	अमृता सुब्बा, सुनसरी
पुरूष	भेष नारायण दाहाल, काठमाडौं

च. नेफ्स्कून विद्वता सम्मान

ज्ञानेन्द्र प्रसाद पौडेल पी एच डी, बाग्लुङ

छ. नेफ्स्कून राइफाइसन क्रेडिट युनियन पुरस्कार

एसियाली ऋण महासंघ, थाइल्याण्ड

ज. उत्कृष्ट व्यवस्थापक पुरस्कार

उत्कृष्ट व्यवस्थापक पुरस्कार	कुमार खत्री, कल्याणकारी साकोस, ललितपुर
नेफ्स्कून उत्कृष्ट कर्मचारी	गणेश प्रसाद तिमल्सिना, का.मु विभागीय प्रमुख, नेफ्स्कून

झ. नेफ्स्कून प्रशंसा पुरस्कार

नेकोस प्लस सफ्टवेयर	हाम्रो जनकल्याण साकोस, दोलखा
अन्तरलगानी	किसान कल्याण साकोस, सुनसरी
सदस्य सुरक्षा योजना	रमाईलो साकोस, मोरङ
लघुवित्त	सिद्धार्थ साकोस, कपिलवस्तु

२०७५ साल

क. संस्थापक अध्यक्ष पुरस्कार

महिला	मिना सिग्देल, बाँके
पुरूष	यज्ञराज ढकेल, दोलखा

ख. नेफ्स्कून सर्वोत्कृष्ट संस्था पुरस्कार

नेफ्स्कून सर्वोत्कृष्ट संस्था सम्मान	हाम्रो जनकल्याण साकोस, दोलखा
नेफ्स्कून सर्वोत्कृष्ट संस्था सम्मान (महिलाहरूवाट मात्र सञ्चालित)	महिला जागरण साकोस, मकवानपुर

ग. नेफ्स्कून सर्वोत्कृष्ट जिल्ला संघ पुरस्कार

जिल्ला बचत संघ सुनसरी, सुनसरी

घ. नेफ्स्कून प्रदेशस्तरीय उत्कृष्ट सदस्य संस्था सम्मान

प्रदेश नं १	जनचाहना साकोस, मोरङ
प्रदेश नं २	नवविकास साकोस, रौतहट
प्रदेश नं ३	मिलिजुली साकोस, सिन्धुली
प्रदेश नं ४	परोपकार साकोस, नवलपरासी (सुस्तापुर्व)
प्रदेश नं ५	कोलिय साकोस, रूपन्देही
प्रदेश नं ६	शिखर साकोस, सुर्खेत

प्रदेश नं ७	सृजनशिल साकोस, कञ्चनपुर

ङ. नेफ्स्कून सम्मान (अ.ग्रज) व्यक्तित्व सम्मान

महिला	रिना आचार्य, काठमाडौं
पुरूष	खेमराज सापकोटा, नवलपरासी

च. नेफ्स्कून विद्वता सम्मान

गोबिन्दराज जोशी, कैलाली

छ. नेफ्स्कून राइफाइसन क्रेडिट युनियन पुरस्कार

सि.सि.यू.एल.बी, बंगलादेश

ज. नेफ्स्कून उत्प्रेरणा अभिनन्दन पुरस्कार

विष्णु कुमार श्रेष्ठ, काठमाडौं

झ. नेफ्स्कून पत्रकारिता पुरस्कार

तुलसीराम सुवेदी	अन्नपूर्ण पोष्ट

ञ. नेफ्स्कून उत्कृष्ठ कर्मचारी पुरष्कार

नेपालको साकोस अभियानका उत्कृष्ट व्यावस्थापक	मदन बस्नेत सामुदायिक साकोस, पनौती
नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि (नेफ्स्कून) उत्कृष्ट कर्मचारी	राजन सुवेदी केन्द्रीय कार्यालय, नेफ्स्कून

ट. नेफ्स्कून प्रशंसा पुरस्कार

नेकोस प्लस सफ्टवेयर	जनमुखी साकोस, दोलखा
अन्तर लगानी	पाँचतारा साकोस, काठमाडौं
लघु वित्त कार्यक्रम	ज्ञानज्योती महिला साकोस काठमाडौं

ठ. नेफ्स्कून उत्कृष्ठ साकोस एकीकरण पुरस्कार

किसान साकोस

२०७६ साल

क. संस्थापक अध्यक्ष पुरस्कार

महिला	ज्ञानु पौडेल, रूपन्देही
पुरूष	रामहरी के.सी., काभ्रे

ख. नेफ्स्कून सर्वोत्कृष्ट संस्था पुरस्कार

नेफ्स्कून सर्वोत्कृष्ट संस्था सम्मान	कल्याणकारी साकोस, ललितपुर
नेफ्स्कून सर्वोत्कृष्ट संस्था सम्मान (महिलाहरूबाट मात्र सञ्चालित)	सक्रिय महिला साकोस मकवानपुर

ग. नेफ्स्कून सर्वोत्कृष्ट जिल्ला संघ पुरस्कार

बारा जिल्ला बचत संघ, बारा

घ. नेफ्स्कून प्रदेशस्तरीय उत्कृष्ठ सदस्य संस्था सम्मान

प्रदेश नं १	सुन्दरपुर साकोस, मोरङ
मधेश प्रदेश	नन्देश्वर महिला साकोस, सर्लाही
बागमती प्रदेश	नवजागरण साकोस, मन्थली
गण्डकी प्रदेश	पोखरा रोयल साकोस, कास्की
लुम्बिनी प्रदेश	सामुहिक विकास साकोस, रूपन्देही
कर्णाली प्रदेश	विरेन्द्रनगर साकोस, सुर्खेत
सुदूरपश्चिम प्रदेश	जिवनज्योति साकोस, वैतडी

ङ. नेफ्स्कून सम्मान (अ.ग्रज) व्यक्तित्व सम्मान

महिला	हुमा डी.सी., दाङ
पुरूष	सुवर्ण कुमार कर्माचार्य, काठमाडौं

च. नेफ्स्कून विद्वता सम्मान

नेफ्स्कून विद्वता पुरस्कार	लिलाधर तिवारी, पि.एच.डी, सुर्खेत

छ. नेफ्स्कून राइफाइसन क्रेडिट युनियन पुरस्कार

सिक्ट्याब, भारत Centre for International Cooperation and Training In Agricultural Banking CICTAB, भारत

ज. नेफ्स्कून उत्प्रेरणा अभिनन्दन पुरस्कार

विष्णु कुमार श्रेष्ठ, काठमाडौं

झ. नेफ्स्कून पत्रकारिता पुरस्कार

कृष्णचन्द्र बस्नेत, क्लासिक एफ.एम

ञ. नेफ्स्कून उत्कृष्ठ कर्मचारी पुरष्कार

नेपालको साकोस अभियानका उत्कृष्ट व्यावस्थापक	विनोद पराजुली कोलिय देवदह साकोस
नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि (नेफ्स्कून) उत्कृष्ठ कर्मचारी	मनोज कार्की केन्द्रीय कार्यालय, नेफ्स्कून

ट. नेफ्स्कून प्रशंसा पुरस्कार

नेकोस प्लस सफ्टवेयर	लालीगुराँस साकोस, मोरङ
उत्कृष्ट बचतकर्ता	जनकल्याण साकोस, लमजुङ
उत्कृष्ठ शेयर खरिदकर्ता	सामूदायिक साकोस, काभ्रेपलाञ्चोक
लघु वित्त कार्यक्रम	ज्योति मिर्मिरे साकोस, काठमाडौं

ठ. नेफ्स्कून उत्कृष्ठ साकोस एकीकरण पुरस्कार

मिलिजुली साकोस, दोलखा

ड. अनुकरणीय उच्चस्तरको प्रविधि प्रयोग गर्नेमा

उत्कृष्ठ प्रविधि प्रयोग पुरस्कार	विकु साकोस, नवलपरासी

२०७७ साल

क. संस्थापक अध्यक्ष पुरस्कार

महिला	राधा सिंतान, मकवानपुर
पुरूष	घनश्याम खतिवडा, मोरङ

ख. नेफ्स्कून सर्वोत्कृष्ठ साकोस

सर्वोत्कृष्ट साकोस (महिला)	निलकण्ठ महिला, धादिङ
सर्वोत्कृष्ट साकोस	किसान कल्याण, सुनसरी

ग. नेफ्स्कून प्रदेशस्तरीय उत्कृष्ठ साकोस

प्रदेश नं. १	डाँफे साकोस, दमक
प्रदेश नं. २	सगुन साकोस, सर्लाही
वागमती	ज्योती मिर्मिरे सामूहिक साकोस, काभ्रे

गण्डकी	भिमकुल साकोस, गोरखा
प्रदेश नं. ५	हाम्रो मध्यवर्ती साकोस, बर्दिया
कर्णाली	जनकल्याण साकोस, सुर्खेत
सुदुरपश्चिम	जनज्योती साकोस, कञ्चनपुर

घ. नेफ्स्कून अग्रज व्यक्तित्व सम्मान

महिला	पार्वती खाँड राई, धादिङ
पुरूष	स्याम बहादुर श्रेष्ठ, काठमाडौं

ङ. उत्कृष्ट जिल्ला बचत तथा ऋण सहकारी संघ

काठमाडौं बचत तथा ऋण सहकारी संघ लि. (कास्कून)

च. नेफ्स्कून विद्वता पुरस्कार

नवराज सिंखडा, पि.एच.डि, काठमाडौं

छ. नेफ्स्कून राइफाईसन क्रेडिट युनियन पुरस्कार

नेफ्स्कून राइफाईसन क्रेडिट युनियन पुरस्कार International Labor Organization (ILO), Country Office Nepal	नेपाल

ज. नेफ्स्कून पत्रकारिता पुरस्कार

काजी श्रेष्ठ, सहकारीखबर डट कम, काठमाडौं

झ. नेफ्स्कून उत्कृष्ट कर्मचारी पुरस्कार

नेपालको साकोस अभियानको उत्कृष्ट व्यवस्थापक	श्री इश्वर न्यौपाने मिलिजुली कालीञ्चोक साकोस, दोलखा
नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) उत्कृष्ट कर्मचारी	मनोज बुढाथोकी, व्यवसाय अधिकृत, केन्द्रीय कार्यालय

ञ. नेफ्स्कून प्रशंसा पुरस्कार

नेकोस प्लस सफ्टवेयर	स्वस्तिक साकोस, सर्लाही
उत्कृष्ट बचतकर्ता	पोखरा रोयल साकोस, पोखरा
उत्कृष्ट सेयर खरिकर्ता	लुम्बिनी साकोस, रूपन्देही (बुटवल)
साकोस लघुवित्त	छाँयानाथ साकोस, मुगु

ट. सामाजिक उत्तरदायित्व वहन प्रशंसा पुरस्कार

साहारा साकोस, झापा

ठ. महामारीमा उत्कृष्ट सेवा प्रदान गरेबापतको सम्मान

जनउत्थान साकोस, रूपन्देही

ड. साकोस एकिकरण अभियानमा उत्कृष्ट

सिवाईसि साकोस, बाग्लुङ

ढ. नेफ्स्कून उत्कृष्ट फिल्ड अफिस

चाबहिल फिल्ड कार्यालय, काठमाडौं

२०७८ साल

क. संस्थापक अध्यक्ष पुरस्कार

महिला	लिलादेवी लामिछाने खनाल पूर्व अध्यक्ष, निजगढ महिला साकोस
पुरूष	रामदास श्रेष्ठ सस्थापक अध्यक्ष, मिलिजुली साकोस, दोलखा एवम् पूर्व सञ्चालक, नेफ्स्कून

ख. नेफ्स्कून सर्वोत्कृष्ट साकोस

जनउत्थान साकोस, तिलोत्तमा १५, रूपन्देही

ग. नेफ्स्कून सर्वोत्कृष्ट महिला संस्था सम्मान

बागेश्वरी महिला साकोस, मकवानपुर

घ. नेफ्स्कून उत्कृष्ट व्यवस्थापक पुरस्कार

दीपक बस्नेत, हाम्रो जनकल्याण साकोस, दोलखा

ङ. नेफ्स्कूनको उत्कृष्ट कर्मचारी

मनकेशरी महर्जन, लेखा अधिकृत, नेफ्स्कून
चिरन खत्री, कर्मचारी, नेफ्स्कून

च. नेफ्स्कून प्रदेशस्तरीय उत्कृष्ट साकोस

प्रदेश नं. १	प्रगति साकोस, सुनसरी
प्रदेश नं. २	स्वस्तिक साकोस, सर्लाही
बागमती प्रदेश	शिक्षक कल्याण साकोस, दोलखा
गण्डकी प्रदेश	जनसेवा साकोस, पोखरा
लुम्विनी प्रदेश	सयपत्री साकोस, नवलपरासी (वर्दघाट सुस्ता पश्चिम)
कर्णाली प्रदेश	स्वावलम्बी साकोस, सुर्खेत
सुदूरपश्चिम प्रदेश	जनकल्याण साकोस, कैलाली

छ. नेफ्स्कून प्रदेशस्तरीय उत्कृष्ट व्यवस्थापक

प्रदेश नं. १	मनोज कुमार सुतियार, श्री जनकल्याण साकोस, सुनसरी
प्रदेश नं. २	यज्ञ प्रसाद प्रसाई, नवविकास साकोस, चन्द्रपुर, रौतहट
बागमती प्रदेश	कृष्णकान्त मिश्र, जनकल्याण साकोस, धादिङ
गण्डकी प्रदेश	रामचन्द्र सुवेदी, गैडाकोट स्वाभिमान साकोस, नवलपरासी (वर्दघाट सु.पू)
लुम्विनी प्रदेश	अनन्त पाण्डेय, ग्रामीण साकोस, नवलपरासी (वर्दघाट सुस्ता पश्चिम)
कर्णाली प्रदेश	रमेश जैशी, पिपलबोट साकोस, सुर्खेत
सुदूरपश्चिम प्रदेश	टेकराज लेखक, जिवनज्योती साकोस, बैतडी

ज. नेफ्स्कून अग्रज व्यक्तित्व सम्मान

महिला	चन्द्रा कुमारी खड्का, झापा
पुरूष	नारायण घिमिरे, काठमाडौं

झ. उत्कृष्ट जिल्ला बचत तथा ऋण सहकारी संघ

कञ्चनपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि., कञ्चनपुर

ञ. नेफ्स्कून विद्वता पुरस्कार

डा. रमेश चौलागाईं, (Ph.D), नेपाल राष्ट्र बैंक

ट. नेफ्स्कून राइफाईसन क्रेडिट युनियन पुरस्कार

नाकूफोक, दक्षिण कोरिया

ठ. नेफ्स्कून पत्रकारिता पुरस्कार

लक्ष्मण दर्नाल, गोरखापत्र दैनिक

ड. नेफ्स्कून प्रशंसा पुरस्कार

नेकोस प्लस सफ्टवेयर	एकीकृत फ्रेण्डसिप साकोस, दोलखा
उत्कृष्ट वचतकर्ता	विकू साकोस, नवलपुर
उत्कृष्ट शेयर खरिकर्ता	प्राइम साकोस, पोखरा
साकोस लघुवित्त	अन्धकारमुक्ती साकोस, पाल्पा

ढ. सामाजिक उत्तरदायित्व वहन प्रशंसा पुरस्कार

विन्धबासिनी साकोस, काभ्रे

ण. महामारीमा उत्कृष्ट सेवा प्रदान गरेबापतको सम्मान

चन्द्रागिरी साकोस, चन्द्रागिरी नगरपालिका, काठमाडौं

त. साकोस एकीकरण अभियानमा उत्कृष्ट

सबैको साकोस, रूपन्देही

थ. नेफ्स्कून उत्कृष्ट फिल्ड अफिस

जनकपुर फिल्ड कार्यालय (जनकपुरधाम)
बनेपा फिल्ड कार्यालय (काभ्रे)
सुनसरी फिल्ड कार्यालय (इटहरी)

२०७९ साल

क. संस्थापक अध्यक्ष पुरस्कार

महिला	श्री सहना पसखल, अध्यक्ष नारी सेवा साकोस, भक्तपुर
पुरूष	श्री धनप्रसाद श्रेष्ठ, चितवन • इन्द्रग्राम पुनरमिलन साकोस, पूर्व अध्यक्ष • चितवन जिल्ला बचत तथा ऋण सहकारी संघ लि., पूर्व अध्यक्ष

ख. नेफ्स्कून सर्वोत्कृष्ट साकोस

ख.१ नेफ्स्कून सर्वोत्कृष्ट संस्था सम्मान

ग्रामीण साकोस, वर्दघाट सुस्ता पश्चिम, नवलपरासी

ख.२ नेफ्स्कून सर्वोत्कृष्ट महिला संस्था सम्मान

बछ्यौली नारी चेतना साकोस, चितवन

ग. नेफ्स्कून उत्कृष्ट व्यवस्थापक पुरस्कार

श्री खिल बहादुर लामा स्याङ्तान (के.बी. लामा) बिन्धवासिनी साकोस, काभ्रे

ग.२ : नेफ्स्कूनको उत्कृष्ट कर्मचारी

श्री प्रेमनाथ वाग्ले, बरिष्ठ अधिकृत, नेफ्स्कून
श्री छत्रप्रसाद जैशी (धमला), बरिष्ठ सहायक, फिल्ड कार्यालय इन्चार्ज, रूपन्देही फिल्ड कार्यालय, नेफ्स्कून

घ. नेफ्स्कून प्रदेशस्तरीय उत्कृष्ट साकोस

प्रदेश नं. १	लेटाङ साकोस, मोरङ
मधेस प्रदेश	संकल्प साकोस, रौतहट
बाग्मती प्रदेश	चण्डेश्वरी साकोस, काभ्रे
गण्डकी प्रदेश	सप्तकोशी साकोस, गोरखा
लुम्विनी प्रदेश	अन्धकार मुक्ती साकोस, पाल्पा
कर्णाली प्रदेश	समाज कल्याण साकोस, सुर्खेत
सुदूरपश्चिम प्रदेश	श्री एकता प्रगतीशिल साकोस, कैलाली

ङ. नेफ्स्कून प्रदेशस्तरीय उत्कृष्ट व्यवस्थापक

प्रदेश नं. १	श्री सोमनाथ अर्याल, दाम्रा भिट्टा साकोस, मोरङ
मधेस प्रदेश	श्री विनोदकुमार थापा, स्वस्तिक साकोस, सर्लाही
बागमती प्रदेश	श्री कविन्द्र धौबन्जार, सामुहिक साकोस, भक्तपुर
गण्डकी प्रदेश	श्री नरभुपाल भुसाल, मध्य नेपाल साकोस, नवलपुर
लुम्विनी प्रदेश	श्री हरिहर पौडेल, सिको साकोस, बर्दिया
कर्णाली प्रदेश	श्री खुमलाल न्यौपाने, जनकल्याण साकोस, सुर्खेत
सु.प. प्रदेश	श्री छविलाल जैशी, जनकल्याण साकोस, कैलाली

च. नेफ्स्कून अग्रज व्यक्तित्व सम्मान

महिला	श्री सीता भट्टराई, ईलाम
पुरूष	श्री महेन्द्र प्रसाद ढकाल, सिन्धुली

छ. उत्कृष्ट जिल्ला बचत तथा ऋण सहकारी संघ

सर्लाही जिल्ला बचत तथा ऋण सहकारी संघ लि.

ज. नेफ्स्कून विद्वता पुरस्कार

श्री देशमर्दन बस्न्यात (Ph.D), तारकेश्वर न.पा. ६, काठमाडौं

झ. नेफ्स्कून राइफाईसन क्रेडिट युनियन पुरस्कार

यस वर्ष सिफारिस नगरिएको ।

ञ. नेफ्स्कून पत्रकारिता पुरस्कार

श्री माधव कुमार खड्का, सम्पादक, नेपालपत्र न्यूज डटकम

ट. नेफ्स्कून प्रशंसा पुरस्कार

नेकोस प्लस सफ्टवेयर	शुभ साकोस, सुर्खेत
उत्कृष्ट बचतकर्ता	आस्था साकोस धनुषा
उत्कृष्ट शेयर खरिकर्ता	जय गणेश साकोस, कास्की
साकोस लघुवित्त	जनकल्याण साकोस, लमजुङ

ड. नेफ्स्कून प्रतिभा पुरस्कार

श्री प्रकाश भुर्तेल, बनेपा, काभ्रे

ढ. साकोस एकीकरण अभियानमा उत्कृष्ट

हाम्रो मध्यवर्ती साकोस ,वर्दिया

ण. नेफ्स्कून उत्कृष्ट फिल्ड अफिस

पोखरा फिल्ड कार्यालय

हार्दिक शुभकामना

नेपालका बचत तथा ऋण सहकारीहरुको एक मात्र शीर्ष संघ
नेफ्स्कूनको गरिमामय

३६औं स्थापना दिवस

३६औं स्थापना दिवसको अवसरमा स्मारिका प्रकाशन गर्न गईरहेकोले संघको उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

महिला
बचत तथा ऋण सहकारी संस्था लि.

इटहरी-४, सुनसरी
फोनः ०२५-५८१२१७, ५८२२१७
इमेलः info@mahilasaccos.coop.np
वेबसाइटः www.mahilasaccos.coop.np

परिकल्पना: समृद्ध समुदाय, दिगो विकास

ध्येय : सदस्यहरूलाई नविनतम प्रविधिको प्रयोगद्वारा प्रभावकारी वित्तीय सेवा प्रदान गरी दिगो र समृद्ध समुदाय निर्माणमा योगदान गर्ने ।

सदस्य संख्या : ९७०९

वित्तीय अवस्था	
शेयर पुँजी	७,४५,३९,०००
जगेडा कोष	५,०३,६६,१३३.२६
कुल सम्पत्ति	७१,९८,८६,६६४.८३
कुल बचत	५४१,३०२,५७५
लगानीमा रहिरहेको ऋण	५२९,९२३,७५३.०३

श्रीयन्त्र
बचत तथा ऋण सहकारी संस्था लि.

काठमाडौं ९, पिंगलस्थान
फोनः ०१४५८३२४५, ४५८३२४५
इमेलः shreeyantrasaccos@gmail.com

पञ्चतारा महिला
बचत तथा ऋण सहकारी संस्था लि.

रत्ननगर न.पा. -७, मालपुर, चितवन
फोन ०५६-५८०४७०
इमेलः panchataracooperative@gmail.com
वेबसाइटः www.panchatara.com.np

बछौली नारी चेतना
बचत तथा ऋण सहकारी संस्था लि.

रत्ननगर न.पा. -६, बछौली, चितवन
फोन ०५६-५८०१०५
इमेलः bachhaulinarichetana@gmail.com
वेबसाइटः www.bnc.coop.np

नेफ्स्कून स्थापनाकालदेखि हालसम्मको सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको विवरण

प्रथम पटक बचत समूह राष्ट्रिय संघ तदर्थ समिति गठन

२०४५ श्रावण ३२

१.	भोजराज घिमिरे, अध्यक्ष
२.	सावित्री थापा
३	नारायण शर्मा गजुरेल
४.	चन्द्रशेखर शर्मा
५.	शिवसुन्दर श्रेष्ठ
६.	नारायणी लोहनी
७.	पम्फा राई
८.	तेज बहादुर राई
९.	नेत्र प्रसाद अधिकारी
१०.	हरिबहादुर नेपाल
११.	विजय लाल श्रेष्ठ
१२.	महेश कुमार पौडेल
१३.	हेमन्त ज्ञावाली
१४.	मणिधर नेपाल
१५.	गोपाल शर्मा न्यौपाने
१६.	चिमकाजी श्रेष्ठ
१७.	बासुदेव वराल
१८.	दीपक भण्डारी
१९.	रत्न प्रसाद रेग्मी
२०.	नारदमणि पौडेल
२१.	शैलेन्द्र साकार

बचत समूह राष्ट्रिय संघ तदर्थ समिति नेपाल

२०४५ श्रावण ३२

विधान मस्यौदा समिति गठन :

१.	**अध्यक्ष भोजराज घिमिरे**
२.	नेत्रप्रसाद अधिकारी
३.	तेजबहादुर राई
४.	हेमन्त ज्ञवाली

सल्लाहकार :

१.	विष्णुप्रसाद श्रेष्ठ

बचत समूह राष्ट्रिय संघ तदर्थ समिति नेपाल

२०४५।८।२

१.	अध्यक्ष, भोजराज घिमिरे
२.	सदस्य, नेत्रप्रसाद अधिकारी
३.	सदस्य, विजयलाल श्रेष्ठ
४.	सदस्य, होमनाथ शर्मा
५.	कोषाध्यक्ष, हरिबहादुर नेपाल
६.	सदस्य, मधुसुदन ढकाल (पछि नरहेको)
७.	सदस्य, रामकिशोर डंगोल (पछि नरहेको)
८.	सदस्य, नारायण शर्मा गजुरेल
९.	महासचिव, पम्फा राई
१०.	सदस्य, मननराज पोखरेल, साझा भण्डार

२०४५।८।२ मा गठित बचत समूह राष्ट्रिय संघ तदर्थ समिति नेपाल

(पद विभाजन तथा थप गरिएको)

२०४५।८।२२

उपाध्यक्ष, सावित्री थापा
उपाध्यक्ष, नारायण शर्मा गजुरेल
सहायक सचिव, हेमन्त ज्ञावली (सहायक महासचिव)
सदस्य, तेजबहादुर राई
सञ्चालक सदस्य – हरि गुरूङ्ग (२०४६।३।१६ मा थप) – निर्मला पोखरेल २०४६।४।३ मा थप – अनिरूद्र प्रधान (हरि गुरूङ्गको सट्टा) २०४७।३।२८ सञ्चालक समितिमा थप
सल्लाहकार, डा. फ्रान्सिस जेभियर (२०४६।११।१८) मा

राष्ट्रिय बचत तथा ऋण संघ

प्रथम साधारण सभाबाट निर्वाचित

२०४८।१०।११

सञ्चालक समिति :

१.	अध्यक्ष, भोजराज घिमिर	निर्वाचित
२.	उपाध्यक्ष, श्यामलाल चित्रकार	निर्वाचित
३.	महासचिव, देवेन्द्र अर्याल	निर्वाचित
४.	कोषाध्यक्ष, अनिरूद्र प्रधान	निर्वाचित
५.	सदस्य, निर्मला पोखरेल	निर्वाचित
६.	सदस्य, नेत्रप्रसाद अधिकारी	निर्वाचित

७.	सदस्य, होमनाथ शर्मा	निर्वाचित
८.	सदस्य, गोविन्दबहादुर अधिकारी	निर्वाचित
९.	सदस्य, गोपालप्रसाद बासकोटा	निर्वाचित
१०.	सदस्य, नारायणप्रसाद घिमिरे	निर्वाचित
११.	सदस्य, श्यामबहादुर श्रेष्ठ	निर्वाचित

सुपरिवेक्षण समिति :

१.	अध्यक्ष, भेषनारायण दाहाल	निर्वाचित
२.	सचिव, विश्वमोहन आचार्य	निर्वाचित
३.	सदस्य, कैलाशभक्त प्रधानाङ्ग	निर्वाचित
४.	सदस्य, ऋषिराज घिमिरे	निर्वाचित
५.	सदस्य, दीपककुमार दाहाल	निर्वाचित

नेपाल बचत तथा ऋण सहकारी संघ लि. तदर्थ समिति (गठन)

२०५०।५।२९ मा दर्ता

१.	संयोजक, भोजराज घिमिरे
२.	सदस्य, श्यामलाल चित्रकार
३.	सदस्य, देवेन्द्रकुमार अर्याल
४.	सदस्य, बासुदेव न्यौपाने
५.	सदस्य, डम्बरप्रसाद ढुंगेल
६.	सदस्य, खेमराज सापकोटा
७.	सदस्य, रविकिरण ढकाल

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) को पूर्व सञ्चालकहरुको विवरण

प्रारम्भिक साधारण सभा

मिति २०५०।११।३

सञ्चालक समिति :

१.	अध्यक्ष, कैलाशभक्त प्रधानाङ्ग	निर्वाचित
२.	उपाध्यक्ष, नेत्रप्रसाद अधिकारी	निर्वाचित
३.	महासचिव, श्रीराम श्रेष्ठ	निर्वाचित
४.	कोषाध्यक्ष, होमनाथ शर्मा	निर्वाचित
५.	सदस्य, डी.बी. बस्नेत	निर्वाचित
६.	सदस्य, भेषनारायण दाहाल	निर्वाचित
७.	सदस्य, ऋषिराज घिमिरे	निर्वाचित
८.	सदस्य, विश्वमोहन आचार्य	निर्वाचित
९.	सदस्य, सुवर्णकुमार आचार्य	निर्वाचित
१०.	सदस्य, हरिकुमार शर्मा	निर्वाचित
११.	सदस्य, भरतबहादुर थापा	निर्वाचित
१२.	सदस्य, नारायणप्रसाद घिमिरे	निर्वाचित
१३.	सदस्य, मधुसुदन गुरागाईं	निर्वाचित
१४.	सदस्य, श्यामबहादुर श्रेष्ठ	निर्वाचित
१५.	सदस्य, रोहीणी जोशी	निर्वाचित

लेखा सुपरिवेक्षण समिति :

१.	अध्यक्ष, पम्फा राई	निर्वाचित
२.	सचिव, बासु बराल	निर्वाचित
३.	सदस्य, गोकुलध्वज कार्की	निर्वाचित
४.	सदस्य, लक्ष्मीप्रसाद पराजुली	निर्वाचित
५.	सदस्य, शशिलाल प्रधान	निर्वाचित

पाँचौ साधारण सभाद्वारा निर्वाचित

मिति: २०५३।११।११

रोटरी क्लब थापाथली

सञ्चालक समिति :

१.	अध्यक्ष, कैलाशभक्त प्रधानाङ्ग	निर्वाचित
२.	उपाध्यक्ष, डि.बी. बस्नेत	निर्वाचित
३.	महासचिव, ऋषिराज घिमिरे	निर्वाचित
४.	कोषाध्यक्ष, होमनाथ शर्मा	निर्वाचित
५.	सदस्य (महिला), मैया घिमिरे	निर्वाचित
६.	सदस्य, घनश्याम खतिवडा	निर्वाचित
७.	सदस्य, गोकुलध्वज कार्की	निर्वाचित
८.	सदस्य, निर्मला पोखरेल	निर्वाचित
९.	सदस्य, ध्रुवमान सिंह ढकाल	निर्वाचित
१०.	सदस्य, महेन्द्रप्रसाद ढकाल	निर्वाचित
११.	सदस्य, जगदिशचन्द्र बाग्ले	निर्वाचित

लेखा सुपरिवेक्षण समिति :

१.	संयोजक, अर्जुनकुमार पुडासैनी	निर्वाचित
२.	सदस्य, गिता खरेल	निर्वाचित
३.	सदस्य, मधुसुदन गुरागाँई	निर्वाचित

नवौं साधारण सभाद्वारा निर्वाचित

मिति २०५६।१२।१९

रोटरी क्लब थापाथली

सञ्चालक समिति :

१.	अध्यक्ष, कैलाशभक्त प्रधानाङ्ग	निर्विरोध (२ वर्ष)
२.	उपाध्यक्ष, डि.बी. बस्नेत	निर्वाचित (३ वर्ष)
३.	महासचिव, रामहरी दवाडी	निर्वाचित (१ वर्ष)
४.	कोषाध्यक्ष, होमनाथ शर्मा	निर्वाचित (३ वर्ष)
५.	सदस्य, देवकी नेपाल	निर्वाचित (३ वर्ष)
६.	सदस्य, घनश्याम खतिवडा	निर्वाचित (२ वर्ष)
७.	सदस्य, चुडामणी शर्मा कट्टेल	निर्वाचित (१ वर्ष)
८.	सदस्य, ज्योती प्रसाद कडेल	निर्वाचित (२ वर्ष)
९.	सदस्य, रामप्रसाद पौडेल	निर्वाचित (१ वर्ष)
१०.	सदस्य, श्रीराम श्रेष्ठ	मनोनित
११.	सदस्य, नेत्र प्रसाद अधिकारी	मनोनित

लेखा सुपरिवेक्षण समिति :

१.	संयोजक, अनिरूद्र प्रधान	निर्विरोध (१ वर्ष)
२.	सदस्य, चन्द्रप्रसाद ढकाल	निर्वाचित (३ वर्ष)
३.	सदस्य, लक्ष्मी सापकोटा	निर्वाचित (२ वर्ष)

दशौं साधारण सभाद्वारा निर्वाचित

मिति: २०५७।१०।१८ गोरखा

सञ्चालक समिति :

१.	महासचिव, रामहरी दवाडी	निर्विरोध
२.	सदस्य, चुडामणी शर्मा कट्टेल	निर्वाचित
३.	सदस्य, गोकुलध्वज कार्की	निर्वाचित

लेखा सुपरिवेक्षण समिति :

१.	संयोजक, अनिरूद्र प्रधान	निर्विरोध

एघारौ सभाद्वारा निर्वाचित

मिति २०५२।३।२

रोटरी क्लव थापाथली, काठमाण्डौ

सञ्चालक समिति :

१.	अध्यक्ष, कैलाश भक्त प्रधानाङ्ग	निर्वाचित
२.	उपाध्यक्ष, मिनराज कंडेल	निर्वाचित
३.	महासचिव, घनश्याम खतिवडा	निर्वाचित
४.	सदस्य, दीपक थापा	निर्वाचित
५.	सदस्य, नारायण प्रसाद गैरे	निर्वाचित

लेखा सुपरिवेक्षण समिति :

१.	सदस्य, राजकुमार बराल	निर्वाचित

बाह्रौ साधारण सभाद्वारा निर्वाचित

मिति २०६०।२।३१

स्टाफ कलेज जावलाखेल

सञ्चालक समिति :

१.	अध्यक्ष, कैलाशभक्त प्रधानाङ्ग	निर्वाचित
२.	उपाध्यक्ष, मिनराज कंडेल	निर्वाचित
३.	कोषाध्यक्ष, अनिरूद्र प्रधान	निर्वाचित
४.	सञ्चालक (महिला) सदस्य, साधना सिंह शाही	निर्वाचित
५.	सञ्चालक सदस्य, रामदास श्रेष्ठ	निर्वाचित

लेखा सुपरिवेक्षण समिति :

१.	संयोजक, चन्द्रप्रसाद ढकाल	निर्विरोध
२.	सदस्य, भोजराज कोइराला	निर्वाचित

तेह्रौ साधारण सभाद्वारा निर्वाचित

मिति २०६१।३।४ र ५

विराटनगर, मोरङ

सञ्चालक समिति :

१.	अध्यक्ष, कैलाशभक्त प्रधानाङ्ग	निर्विरोध
२.	उपाध्यक्ष, मिनराज कंडेल	निर्विरोध
३.	महासचिव, घनश्याम खतिवडा	निर्विरोध
४.	कोषाध्यक्ष, अनिरूद्र प्रधान	निर्विरोध
५.	सदस्य (महिला), साधना सिंह शाही	निर्विरोध
६.	सदस्य, दिपक थापा	निर्वाचित
७.	सदस्य, नारायणप्रसाद शर्मा गैरे	निर्वाचित
८.	सदस्य, अमृता सुब्बा	निर्वाचित
९.	सदस्य, यज्ञराज ढुंगेल	निर्वाचित
१०.	सदस्य, कृष्णबहादुर घंजु	निर्वाचित
११.	सदस्य, सोमराज खनिया	निर्वाचित

लेखा सुपरिवेक्षण समिति :

१.	संयोजक, चन्द्रप्रसाद ढकाल	निर्विरोध
२.	सदस्य, राजकुमार बराल	निर्विरोध
३.	सदस्य, नानीबाबु बुढाथोकी	निर्विरोध

२०६४ मंसिर १५ गते निर्वाचित

मेरी प्राविधिक शिक्षालय, नेपालगञ्ज बाँके

सञ्चालक समिति :

१	अध्यक्ष, मिन राज कडेल	निर्वाचित
२	उपाध्यक्ष, ऋषि राज घिमिरे	निर्वाचित
३	महासचिव, घनश्याम खतिवडा	निर्वाचित
४	कोषाध्यक्ष, दीपक थापा	निर्वाचित
५	सञ्चालक, गोकुलध्वज कार्की	निर्वाचित
६	सञ्चालक, साधना सिंह शाही	निर्वाचित
७	सञ्चालक, अमृता सुब्बा	निर्वाचित
८	सञ्चालक, पार्वती खाँड	निर्वाचित
९	सञ्चालक, ताराबहादुर काफ्ले	निर्वाचित
१०	सञ्चालक, मेनुका दाहाल	निर्वाचित
११	सञ्चालक, विनोदकुमार शाह	निर्वाचित

लेखा सुपरिवेक्षण समिति :

१	संयोजक, चन्द्रप्रसाद ढकाल	निर्विरोध
२	सदस्य, राजकुमार बराल	निर्वाचित
३	सदस्य, नानीबाबु बुढाथोकी	निर्वाचित

२०६७ पौष ३ गते निर्वाचित

सञ्चालक समिति

१	अध्यक्ष, मिन राज कडेल	निर्वाचित
२	उपाध्यक्ष, ऋषि राज घिमिरे	निर्वाचित
३	उपाध्यक्ष, अमृता सुब्बा	निर्वाचित
४	महासचिव, डि.बी. बस्नेत	निर्वाचित
५	कोषाध्यक्ष, दीपक थापा	निर्वाचित
६	सञ्चालक, मेनुका दाहाल	निर्वाचित
७	सञ्चालक, पार्वती खाँड राई	निर्वाचित
८	सञ्चालक, नानीबाबु बुढाथोकी	निर्वाचित
९	सञ्चालक, ईन्द्रराज ज्योती पौडेल	निर्वाचित
१०	सञ्चालक, केशव प्रसाद पोखरेल	निर्वाचित
११	सञ्चालक, तारा लामा तामाङ	निर्वाचित
१२	सञ्चालक, दामोदर अधिकारी	निर्वाचित
१३	सञ्चालक, नानीकाजी शाक्य	निर्वाचित
१४	सञ्चालक, परितोष पौड्याल	निर्वाचित
१५	सञ्चालक, शान्ति अधिकारी	निर्वाचित

लेखा सुपरिवेक्षण समिति :

१	संयोजक, राजकुमार वराल	निर्वाचित
२	सदस्य, सीता भटराई	निर्वाचित
३	सदस्य, उद्धव सापकोटा	निर्वाचित

२०७० पौष ६ गते निर्वाचित

सञ्चालक समिति

१.	अध्यक्ष, ऋषिराज घिमिरे	निर्वाचित
२.	उपाध्यक्ष, डी.बी. बस्नेत	निर्वाचित
३.	उपाध्यक्ष, अमृता सुब्बा	निर्वाचित
४.	महासचिव, परितोष पौड्याल	निर्वाचित
५.	कोषाध्यक्ष, नानीबाबु बुढाथोकी	निर्वाचित
६.	सञ्चालक, ताराबहादुर काफ्ले	निर्वाचित
७.	सञ्चालक, पार्वती खाँड राई	निर्वाचित
८.	सञ्चालक, दामोदर अधिकारी	निर्वाचित
९.	सञ्चालक, केशवप्रसाद पोखरेल	निर्वाचित
१०.	सञ्चालक, इन्द्रराज ज्योती पौडेल	निर्वाचित
११.	सञ्चालक, तारा लामा तामाङ	निर्वाचित
१२.	सञ्चालक, शान्ति अधिकारी	निर्वाचित
१३.	सञ्चालक, नानीकाजी शाक्य	निर्वाचित
१४.	सञ्चालक, उद्धव सापकोटा	निर्वाचित
१५.	सञ्चालक, कृष्णप्रसाद पौडेल	निर्वाचित
१६.	सञ्चालक, कृष्णप्रसाद नेपाल	निर्वाचित
१७.	सञ्चालक, नवराज सापकोटा	निर्वाचित
१८.	सञ्चालक, दीपक पनेरू	निर्वाचित
१९.	सञ्चालक, रीना आचार्य	निर्वाचित

लेखा सुपरिवेक्षण समिति

१.	संयोजक, दीपक थापा	निर्वाचित
२.	सदस्य, हुमा डी.सी.	निर्वाचित
३.	सदस्य, न्हुछे नारायण श्रेष्ठ	निर्वाचित

२०७३ पौष ३ गते निर्वाचित

सञ्चालक समिति

१	अध्यक्ष, डी.बी. बस्नेत	निर्वाचित
२	बरिष्ठ उपाध्यक्ष, परितोष पौड्याल	निर्वाचित
३	उपाध्यक्ष, पार्वती खाँड राई	निर्वाचित
४	महासचिव, चन्द्र प्रसाद ढकाल	निर्वाचित
५	कोषाध्यक्ष, केशव प्रसाद पोखरेल	निर्वाचित
६	सञ्चालक, शान्ति अधिकारी	निर्वाचित
७	सञ्चालक, उद्धव सापकोटा	निर्वाचित
८	सञ्चालक, नानीकाजी शाक्य	निर्वाचित
९	सञ्चालक, कृष्ण प्रसाद नेपाल	निर्वाचित
१०	सञ्चालक, डा. कृष्ण पौडेल	निर्वाचित
११	सञ्चालक, दिपक पनेरू	निर्वाचित
१२	सञ्चालक, यज्ञ प्रसाद ढकाल	निर्वाचित
१३	सञ्चालक, गोमा नेपाल	निर्वाचित
१४	सञ्चालक, माधव प्रसाद जोशी	निर्वाचित
१५	सञ्चालक, भीम बहादुर गुरूङ	निर्वाचित
१६	सञ्चालक, घनश्याम अधिकारी	
१७	सञ्चालक, चण्डी प्रसाद शर्मा पौडेल	
१८	सञ्चालक, चन्द्र कुमारी खड्का	
१९	सञ्चालक, भरत प्रसाद दवाडी	

लेखा सुपरिवेक्षण समिति :

१	संयोजक, दामोदर अधिकारी	निर्वाचित
२	सदस्य, शुभद्रा देवी महतो	निर्वाचित
३	सदस्य, विपिन शर्मा	निर्वाचित

हार्दिक शुभकामना

नेपालका बचत तथा ऋण सहकारीहरुको एक मात्र शीर्ष संघ
नेफ्स्कूनको गरिमामय

३६औं स्थापना दिवस

३६औं स्थापना दिवसको अवसरमा स्मारिका प्रकाशन गर्न गईरहेकोले संघको उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

किसान
बचत तथा ऋण सहकारी संस्था लि.
गैंडाकोट न.पा. ८, विजयनगर नवलपरासी
फोन: ०७८५०१६२२, ५०३२०५
इमेल: info@kisan.org.np
वेबसाइट: www.kisan.org.np

भरतपुर जनसेवा
बचत तथा ऋण सहकारी संस्था लि.
भरतपुर महानगरपालिका १२, चितवन
फोन: ०५६-४९०३२८, ४९०८४६
इमेल: bhpssaccos2055@gmail.com

हातेमालो
बचत तथा ऋण सहकारी संस्था लि.
हेटौडा–२, मकवानपुर,
फोन: ०५७–५२६५२१
इमेल: hatemalo2063@gmail.com

साईराम
बचत तथा ऋण सहकारी संस्था लि.
हेटौडा–२, मकवानपुर
फोन: ०५७-५२१२९६, ०५७-५२४६३४
इमेल: sairamcooperative2065@gmail.com

प्यासिफिक
बचत तथा ऋण सहकारी संस्था लि.
थाहा -६, मकवानपुर
फोन: ९८५५०६७३०६
इमेल: Pacificsaving306@gmail.com

सक्रिय महिला
बचत तथा ऋण सहकारी संस्था लि.
इन्द्रसरोवर-४, मकवानपुर
फोन: ९८४३४१५५६१
इमेल: sakriyamahila2057@gmail.com

हार्दिक शुभकामना

नेपालका बचत तथा ऋण सहकारीहरुको एक मात्र शीर्ष संघ
नेफ्स्कूनको गरिमामय

३६औं स्थापना दिवस

३६औं स्थापना दिवसको अवसरमा स्मारिका प्रकाशन
गर्न गईरहेकोले संघको उत्तरोत्तर प्रगतिको
हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

किसान कल्याण
बचत तथ ऋण सहकारी संस्था लि.
इटहरी-१६, सुनसरी
फोन: ०२५-५८७१६०
इमेल: kisansunsari@gmail.com
वेबसाइट: www.kishankalyan.org.np

पूर्वाञ्चल
बचत तथा ऋण सहकारी संस्था लि.
इटहरी उ.म.न.पा.-६, नयाँबजार सुनसरी
फोन: ०२५५८२१६२ र ०२५५८०२२८
इमेल: sahakari.purwanchal111@gmail.com

पन्चतारा महिला
बचत तथा ऋण सहकारी सस्थां लि.
रत्नगर न.पा-७, मालपुर चितवन
फोन: ०५६-५८०४७०
ईमेल: panchataracooperative@gmail.com


जिल्ला बचत तथा ऋण सहकारी संघ लि. मकवानपुर
हेटौंडा उपमहानगरपालिका-२, शान्तिपथ,
फोन: ०५७-५२११७२
इमेल: info@mafscun.coop.np,
mdsccu@yahoo.com
वेबसाइट: www.mafscun.coop.np

विराटेश्वर
बचत तथा ऋण सहकारी संस्था लि.
विराटनगर १२, मोरङ
फोन: ०२१-४५०१२०
इमेल: birateshwor123@gmail.com


आदर्श महिला
बचत तथा ऋण सहकारी संस्था लि.
गोडैता नगरपालिका ६, बगदह, सर्लाही
फोन: ९८४४३१८६७६
इमेल: adarshmahilasaccos@gmail.com

Financial Growth of NEFSCUN


Membership




Total Assets (NRs. in 000)




Savings (NRs. in 000)



Loan Outstanding (NRs. in 000)




Share Capital (NRs. in 000)



एक्सेस (A1 Competitive Choice for Excellence in Service and Soundness-ACCESS)


ACCESS
A-one Competitive Choice for Excellence in Service and Soundness

- एसियाली ऋण महासंघले विकास गरेको गुणस्तर मापन प्रणाली,
- विभिन्न दृष्टिकोणबाट संस्थाको गुणस्तर परीक्षण गरी एसियाली ऋण महासंघले एसियाली स्तरको गुणस्तर प्रमाणिकरण गर्ने,
- नेपालमा नेफ्स्कूनले वि.सं. २०६५ सालदेखि सदस्य संस्थाहरुको गुणस्तर विकासको लागि प्रयोग ।




पूर्ण तथा व्यवसायिक साकोस विकास कार्यक्रम प्रोवेसन (Program for Building Absolute and Professionalization – PROBATION)

"प्रोवेसन" साकोसहरुको गुणात्मक वृद्धिका लागि नेफ्स्कूनले आफ्नो २१ औं साधारण सभाबाट विकास गरी सहकारी विभागसँगको सहकार्यमा सुरु गरिएको साकोसहरुको राष्ट्रिय गुणस्तर प्रमाणीकरण कार्यक्रम हो । २०६९ साल देखि सञ्चालनमा आएको यस कार्यक्रम मार्फत अनुगमन तथा सुपरिवेक्षण मार्फत गुणस्तर विकासमा साकोसहरुको आकर्षण दिनप्रतिदिन बढ्दो छ । यसको लागि देहायका क्षेत्रबाट परिक्षण गरी प्रमाणीकरण गरिन्छ ।



जोखिममा आधारित साकोस सुपरिवेक्षण (Credit Union Risk Based Supervision – CURBS)

साकोसमा आवद्ध सदस्यहरुको वित्तीय एवम् सामाजिक सुरक्षाको प्रत्याभूतिका लागि साकोस सञ्चालनमा विद्यमान वित्तीय एवम् गैर वित्तीय जोखिमको पूर्वानुमान र व्यवस्थापन गर्नको लागि जोखिममा आधारित साकोस सुपरिवेक्षण कार्यक्रम विकास गरेको हो । सहकारी विभाग समेतको सहभागितामा विकास गरिएको सुपरिवेक्षण औजारमा वित्तीय र सुशासन व्यवस्थापन गरी ७५ वटा सूचकहरु मार्फत विभिन्न क्षेत्रमा परिक्षण गरिन्छ :



नेफ्स्कून तालिम तथा श्रोत केन्द्र

ध्येय: साकोसमा दक्ष जनशक्ति विकास गरी गुणस्तरीय सेवामा सहजीकरण गर्ने ।

उपलब्ध तालिमहरु :

- संस्थागत (In house) र सहभागितात्मक तालिमहरु,
- नवप्रवर्तनात्मक विषयमा अभिमुखीकरण तथा जानकारीहरु,
- साकोसको आवश्यकताको आधारमा तालिम पाठ्यक्रम विकास एवम् सहजीकरण,
- राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय तालिम, गोष्ठी र अध्ययन भ्रमणहरु,
- स-शुल्क एवम् नि:शुल्क तालिमहरु,
- सहकारी क्षेत्रको अनुसन्धान तथा पाठ्यक्रम विकासको लागि विश्वविद्यालयहरुसँग सहकार्य ।

विश्व ऋण परिषद् (WOCCU) र एसियाली ऋण महासंघ (ACCU) ले विकास गरेका तालिमहरु

CTEVT बाट सम्बन्धन प्राप्त प्रमाणिकरण कोर्षहरु सञ्चालन

साकोस अभियानमा समान बुझाई विकास र अभिलेखिकरणमा एकरुपताका लागि

स्टेशनरी तथा आपूर्ति सेवा



साकोस आवाज

सहकारी सँगै सञ्चार


saccosaawaj@gmail.com
SaccosAawaj
@saccosaawaj
@saccosaawaj
NEFSCUN TV
www.saccosaawaj.coop.np
01-4791963

मिरा

Connecting Co-operatives

सदस्य तथा
शेयर व्यवस्थापन

लेखा व्यवस्थापन



बैंकिङ प्रणाली
व्यवस्थापन

मौज्दात व्यवस्थापन

मोबाइल बैंकिङ तथा
ई–बैंकिङ व्यवस्थापन

Upcoming Modules

- Quality assurance, supervision & monitoring
- Business intelligence & reporting
- HR, training & capacity management
- Business process management
- Compliance management
- Document management
- Fixed assets management

- अभियानको साझा प्रविधि
- सुरक्षित प्रणाली र सहज तथ्यांक भण्डारण
- Software as a Service (SaaS) को रुपमा प्रयोग गर्न सकिने
- स्वचालित अनुपालना तथा प्रतिवेदन दाखिला (COPOMIS, goAML)
- सहजै सञ्चालन गर्न सकिने
- अन्तर सहकारी सञ्जाल
- अंग्रेजी र नेपाली भाषामा प्रयोग गर्न सकिने
- २४ सै घण्टा प्राविधिक सहयोग उपलब्ध
- बैज्ञानिक मूल्य निर्धारण

थप जानकारीको लागि
www.myraerp.com

सम्पर्क:
info@myraerp.com
Manbhawan, Lalitpur

संघका विविध गतिविधिका झलकहरु



२०७६ पौष ५ गते सम्पन्न २८औं वार्षिक साधारणसभाबाट निर्वाचित समिति





संघको ३५ औं स्थापना दिवसको अवसरमा सहभागी प्रमुख अतिथि, अतिथि एवम् सदस्यहरु



संघको ३७औं वार्षिक साधारणसभामा उपस्थित प्रमुख अतिथि एवं अतिथिहरु



वार्षिक साधारणसभाका सहभागीहरु



बचत तथा ऋण सहकारी संस्था सम्बन्धी स्थिरीकरण कोषको पहिलो स्थापना दिवस समारोह



संघको ३०औं वार्षिक साधारणसभाका अवसरमा पुरस्कृत उत्कृष्ठ प्रदेशस्तरीय साकोस व्यवथापकहरु



साकोस शिखर गोष्ठी २०७९ मा सहभागी संघको उच्च व्यवस्थापन लगायत कर्मचारीहरु





साकोस शिखर गोष्ठीमा सहजीकरण गर्दै आकूका प्रमुख प्राविधिक अधिकृत रञ्जित हिताराची



स्थापना दिवसका अवसरमा जनकपुरधामको बृद्धाश्रममा पानी निर्मलीकरण यन्त्र (चुरो गाई) हस्तान्तरण



स्थिरीकरण कोषको औपचारिक शुभारम्भ घोषणा कार्यक्रम



व्यवस्थापन प्रमुखहरुको नेतृत्व विकास कार्यक्रम



आ.व. २०७८/७९ को वार्षिक योजना तथ समीक्षा कार्यक्रममा नेफ्स्कून व्यवस्थापन




नेफ्स्कून उच्च व्यवस्थापन



व्यवसाय विकास सहजीकरण गर्दै नेफ्स्कून सहजकर्ता



आ.व.२०७५/७६ को वार्षिक समीक्षा एवं योजना तर्जुमा गोष्ठीमा संघका कर्मचारीहरु



कोपोमिस अभिमुखीकरण कार्यक्रम



सहकारी मार्फत उद्यमशिलता विकास कार्यक्रममा साकोस सदस्यहरु





नेतृत्व विकासका लागि बन्द प्रशिक्षण (Bootcamp)



चितवनमा आयोजित साकोस व्यवस्थापकहरुको सम्मेलन-२०७८



नेपालको आयोजनामा आफू फोरम सञ्चालन सम्बन्धमा सम्झौता



जिल्ला बचत संघ रौतहटसँग सञ्जाल साझेदारी सम्झौता



वार्षिक योजना तथ समीक्षा कार्यक्रममा उत्साह भर्दै बाग्मती प्रदेश सचिव



जिल्ला बचत संघ ललितपुरको नवनिर्वाचित समितिलाई बधाई ज्ञापन



सन्दर्भ ब्याजदर निर्धारण सम्बन्धी छलफलमा नेफ्स्कून



कोभिड १९ महामारीको अवस्थामा नेफ्स्कून व्यवस्थापन बैठक



प्रभावकारी नीति निर्माणमा अन्तर्राष्ट्रिय साझेदार निकायसँगको छलफल



अभियानका अग्रजहरुसँगको अन्तरक्रियात्मक कार्यक्रम



सहकारी विभागका नवनियुक्त रजिष्ट्रारलाई स्वागत तथा बधाई



सहकारी ऐन, नियमावली कार्यान्वयका सन्दर्भमा बहस पैरवी



बंगलादेशको सीसीयूएलबी समूह नेपालको सहकारी भ्रमणमा



नियामक निकायलाई अभियानको दस्तावेज हस्तान्तरण



प्रविधि आन्तरिकीकरणमा अभियान (MYRA ERP Soft Launch)

www.igiprudential.com

निर्जीवन बीमा सँग सम्बन्धित
हरेक प्रकारको जोखिम वहन गर्ने
जिम्मेवारीका साथ अगाडी बढ्दै



- Property Insurance सम्पत्ति बीमा
- Motor Insurance मोटर बीमा
- Marine Insurance सामुद्रिक बीमा
- Miscellaneous Insurance विविध बीमा
- CAR/Engineering Insurance इन्जिनियरिङ बीमा
- Agriculture Insurance कृषि बीमा
- Aviation Insurance हवाई बीमा
- Micro Insurance लघु बीमा

IGI PRUDENTIAL INSURANCE LIMITED

सुरक्षाको पूर्वाधार, भविष्यको आधार

GI PRUDENTIAL INSURANCE LIMITED

Corporate Office : Narayanchaur, Naxal, Kathmandu, Nepal

Phone (Hunting) : +977 1 4511510 | Fax : +977 1 4511736 | Email : info@igiprudential.com

Toll Free
16600 179353

Shared **Technology**

Single and sameness of the technology used by the SACCOS movement. Regular supervision, data update, professional management through technology and facilitation for immediate improvements. Includes four sectoral objectives of digitization, digitalization, digital transformation and digital inclusion, etc.

for

Integrated **SACCOS Network**

Uniformity in policy, procedure and technology. Member ownership in the product and service developed by the federation, cost sharing partnership programs, use of workforce in member SACCOS through human resource bank, provision of solidarity fund, standardized accounting system developed by the federation, adoption of model policy, use of trainers from the federation, etc.

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.

नयाँ बानेश्वर, काठमाडौं, नेपाल

पो.ब.नं. : ९१६९, फोन नं. : +९७७-१-४७९१९६३, ४७९०२०१, ४७९३०७१

इमेल : **nefscun@nefscun.org.np**, वेभसाइट : **www.nefscun.org.np**